# डायस्पोरा सिद्धान्तः

*रचना र समालोचना*

- रक्ष राई र मिजास तेम्बे

## बाँकी भनाई

कुनै पनि बीज अङ्कुरित हुनु र फलिभूत हुन प्रतिकुलता संगको संघर्ष र अनुकुल वातावरण र मौसमको पर्खाइमा लामो समय भएर गुज्रिन पर्दोरहेछ । यो प्रकृतिगत साश्वत नियम यस पुस्तक तयार हुनका लागि पनि लागू भएरै छाड्यो । सन् २००७ मा २ आर.जी.आर. ब्रुनाईबाट बेलायत स्थानान्तर भएपछि मिजाश र मेरो भेट र सम्पर्क बाक्लिदै गयो,कहिले प्रत्यक्ष भेट र कहिले परोक्ष फोन र इमेल सम्पर्कबाट । हामीले डायस्पोरा (प्रबास) बाट सिर्जना गरिने साहित्यको संख्यात्मक बृद्दीलाई प्रत्यक्ष अनुभब गरिरहेका थियौं र त्यसको गुणात्मक रुपान्तरणको आबश्यकतालाई बोध पनि गरिरहेका थियौं । तर त्यसको नयाँ उपाय या विकल्प के हुनसक्छ ? हामी  दुवै उपायबिहिन र अनभिज्ञ नै थियौं । हामीले निरन्तर संवाद र बहस गर्दै गयौं र हामीलाई परोक्षबोध हुँदै गयो, एउटा सृजना सवल हुनका लागि सृजना कर्मका प्रमुख तीन अङ्गका भूमिका र सशक्तता महत्वपूर्ण हुँदोरहेछ । ती सृजन कर्मका तीन प्रमुख अङ्ग हुन -अध्यायन, चिन्तन र साधना । यी सृजन कर्मका अङ्गहरु सामना रुपले सकृय, सशक्त र संगसंगै हुन अत्यावश्यक हुने रहेछ र यी मध्ये कुनै दुर्वल हुनाले या छुट्नाले रचना अपाङ्ग  हुनपुग्दोरहेछ । डायास्पोरिक रचना कर्ममा यी तीनवटा अङ्ग सामना रुपमा संगसंगै र सवल नहुनु दुख लाग्दो बिषय थियो । कारण अध्यायन र साधना त एलक सम्भब हुन्छ, तर चिन्तनका लागि बौदिक समूह या बौदिक वर्गसंगको सतसंसर्ग आबश्य हुन्छ, जो स्रष्टाका लागि अघोषित महाविश्वबिद्यालय पनि हो ।

सन् २००८ मा नेपाली प्रतिभा प्रतिष्ठान बेलायतको स्थापनापछि संस्थालाई अरुले जस्तो स्रष्टाहरुको झुण्डका रुपमा मात्र बिकसित नगरेर बेग्लै बैचारिक चिन्तनको थलोको रुपमा बिकास गर्ने सोंच बनायौं र हामी निरन्तर संबाद र बहसमा लागिरह्यौं । अघिका बादहरुमा बिबाद गर्यौं . पुराना चिन्तनहरुको सक्दो दोहन गर्यौं र वर्तमान परिस्थितिको विश्लेषण र विमर्श गर्यौं .  लगातार तीनबर्षको संवाद र बहसले सन् २०१० तिर आफूले थेग्नै गाह्रो हुनेगरि हाम्रो विचारमा एकैचोटी भल बढी आयो । एउटा चिन्तनका लागि बहस गर्दा एकैचोटी तीनवटा चिन्तनको जन्म हुनपुग्यो, नवचेतनाग्रह, डायस्पोरिक सृजना सिद्दान्त र सैन्य तथा युद्द साहित्य सिद्दान्त । यी तीनवटै बिषयलाई एउटै चिन्तनभित्र समावेश गराएर सैदान्तिकरण गरिन सम्भब नहुने भयो, कारण यी आ-आफ्नै प्रकृतिले जन्म लिएर आएका थिए । नवचेतनाग्रह हाम्रा पूर्व ज्ञानहरुको दोहन थियो । प्रा.डा. गोविन्दराज भट्टराईद्वारा लगातार उत्तरआधुनिक ऐना हुँदै उत्तरआधुनिक विमर्शमा अझ गहन र बिस्तारित रुपमा आफ्नो बौदिक क्षमताले डायस्पोरिक सृजनालाई बोधगम्य बनाउन सफल हुँदै आएका थिए । यधपि त्यो प्रा.डा. भट्टराईद्वारा विश्व डायस्पोराका अतीत र इतिहासको अध्यायन र वर्तमानका सृजना र

लिखित दस्तावेज सहितको विमर्शको बोधगम्यता थियो भने स्वयम् डायस्पोराका भोक्ताका तर्फबाट त्यहाँको जीवन र जगत प्रतिबिम्बित हुने गरि डायस्पोरिक सृजनालाई सैद्दान्तिकृत गरिन पनि अत्याबश्यक थियो । अनि हामी दुवै सैन्य जीवन भोगेका र भोगिरहेका सिपाही थियौं । युद्द अनुभब लिएका र अनुभब गरिरहेका सिपाही थियौं । हामीले के जान्यौं भने मानब सभ्यताको हरेक चरण युद्दमय छ । इतिहासको हरेक काल खण्ड युद्दले गुज्रिएका छन् । अघि बैदिक युगदेखि आजतक मान्छेले युद्द भोगेर आएको छ । द्वन्दात्मक भौतिकबादको दृष्टान्तले हेर्दा पनि पुरानो युगको अन्त्य र नयाँ युगको आरम्भ युद्दबाट नै भएको छ । यो एउटा छुट्टै लेखनको क्षेत्र भएर सैन्य तथा युद्द साहित्य सिद्दान्त हाम्रो निम्ति टड्कारो बिषय भएर अघि उभिरहेको थियो । यी तीनवटै चिन्तनको ब्याख्या र प्रतिपादन मिजाश र मबाट मात्र समयको अभाबले सम्भब थिएन । अब के गर्ने ? हामी बेस्सरी आतियौँ । ती तीनवटै बिषयमा संस्थामा घोषित-अघोषित, प्रत्यक्ष-परोक्ष संवाद र बहस चलाउन थाल्यौं । युद्द साहित्यका लागि जोशिला युवाद्वय कंगमांग नरेश र अप्जशे कान्छा निस्किए । त्यसपछि उनीहरुले “युद्दमा हराएको प्रेम“ युद्द कविता सम्पादित पुस्तकमा युद्द साहित्य अवधारणा “नेपाली साहित्यमा युद्द चेतनाको उपस्थिति “ सन् २०११ मा प्रकाशन गरे । यधपि त्यो अवधारणा पूर्ण गृहकार्य र तयारीबिहिन हतारको उपज थियो, जसले लामो समय सन्हाटा मात्र ल्यायो ।(हेः युद्दमा हराएको प्रेम-सन् २०११) फेरि अर्को भेला बोलाइयो र युद्द साहित्य बहस गरियो र गणेश राईको पनि सहभागितामा अर्को अवधारणा पत्रको पूनर्लेखन गरियो र सन् २०१४ मा युद्द साहित्य सिद्दान्तले एउटा आकार प्राप्त गर्यो ।(हेः युद्दसाहित्य,सिद्दान्त र सिर्जनाहरु-सन् २०१४) भबिष्यमा त्यसको युद्द दर्शन पनि आउला नै ।

सन् २०११ मा बेलायतमा सम्पन्न अन्तराष्ट्रिय साहित्य समाजको दोस्रो सम्मेलनमा डायस्पोरिक सृजनाको प्रस्तावना पत्र प्रस्तुत गरियो । बेलायतमा पत्र पत्रिका, नेपालीपत्र-साप्ताहिक, नेपाली संदेश-साप्ताहिक, नयाँ संदेश-साप्ताहिक र अनलाइन पत्रिका अजम्बरी.कम, बेलायत र बगैंचा.कम. हंग कंग बाट प्रकाशित गर्यौं । हामीलाई अझै पनि अर्को समुहको साथ चाहिएको थियो डायस्पोरिक साहित्य लेखनका लागि । हामीले निरन्तर प्रत्यक्ष-परोक्ष डायस्पोराको बिषयलाई संस्थाका साथीहरु माझ संवाद चलाई रह्यौं । लामो संवाद र बहसपछि केही साथीहरुको डायस्पोरिक सृजनाका लागि अर्को समुह तयार बनायौं, कारण नवचेतनाग्रह मिजाश र मेरो लागि ज्यादै बोझिलो बिषय थियो जसलाई हामीले लामो गृहकार्यपछि सन् २०१२ मा “नवचेतनाग्रह“ सैदान्तिक चिन्तन,दर्शन र रचनाहरु सहितको प्रथम प्रस्तावना पत्र सहितको पुस्तक प्रकाशन गर्यौं । तर यही बिचमा डायस्पोराको सम्बन्धि अचानक खलबली र कुतर्कहरु आए । कहाँबाट आए ? किन र कसरी आए ? त्यो अकास्मात थियो कि नियोजित ? थाहा भएन । डायस्पोरिक सिर्जना सिद्दान्त लामो समय सुस्तायो । त्यो अघि बढ्न सकेन, उत्साहित साथीहरु केही समयमै लत्रिए र सुस्ताए । लामो समयसम्म डायस्पोरिक सृजनाको प्रस्तावना बेबारिसे, टुहुरो, अपाङ्ग र बेसाहरा भयो र अन्तमा मिजाश र मेरो हात नै समात्न आइपुग्यो । हाम्रो अघि चुनौती नै थपियो । गतसाल यसको सिद्दान्तलाई ब्यापक परिमार्जन र परिस्कार गर्ने काम गरियो र यसलाई प्रकाशन ल्याउन पूर्व दाजु गोविन्दराज भट्टराईसंग परामर्शका लागि लैजान हाम्रो सल्लाह भयो । त्यही सल्लाह अनुशर

गतसाल नेपाल जाँदा डायस्पोराको सृजनाको सिद्दान्त खण्ड बोकेर म दाजु गोविन्दराज भट्टराई कहाँ पुगेँ । वहाँले सुझाब र परामर्श मात्र दिनु भएन अझ सुन्दर अवशर पनि दिनु भयो । त्यो समय नेपाल प्रज्ञा प्रतिष्ठानले आफ्नै भवन परिसरमा पुस्तक प्रदर्शनी मेला लगाएको थियो । सो पुस्तक मेलाको एक अपरान्हको भेलामा सम्पन्न हुने डायस्पोरा सम्बन्धि बहसको कार्यक्रममा मलाई पनि सहभागी गराउनु भयो । जगदीश सम्शेर राणाको प्रमुख आतिथ्यमा दाजु गोविन्दराज भट्टराई र म प्रस्तोता र बक्ता थियौं । कार्यक्रम संचालन डा. कुमार कोइरालाले गर्नु भएको थियो । कार्यक्रम आरम्भ पूर्व म निक्कै गम्भीर र नर्भस पनि थिएँ, कारण यहाँ निक्कै गहन, बौदिक र तार्किक बहस होला र मरो बेहाल होला । तर जब कार्यक्रम आरम्भ भयो पत्रकार र साहित्यकारहरुद्वारा प्रश्नहरुको ओइरो लाग्यो दाजु भट्टराई माथि । मेरो भर्खरैको गम्भीरपन र नर्भसपन स्वात्तै हरायो, कारण त्यहाँ यति निम्न स्तरका प्रश्नहरु आए कि बौदिक उत्तरको स्थान नै हरायो । एक डेढ घण्टा भट्टराई दाजुलाई प्रश्नको जबाफ दिन भ्याई नभई भयो । म डायस्पोराको सिद्दान्त खण्डको मुठो हातमा बोकेर चुपचाप शान्त र हाइसन्चोमा थिएँ । मैले त्यहाँका मानिसको मनोविज्ञानलाई राम्ररी अध्यायन गरिरहे, उनीहरुका लागि मेरो उपस्थिति डा.भट्टराईले ल्याएर राखीदिएको बुख्याँचा भन्दा अरु केही होइन । कार्यक्रमको अन्त्यतिर प्रश्नको उत्तर दिन भ्याई नभ्याई भइरहेका भट्टराई दाजुले घाँटी भिजाउन थुक निल्नु भएको मौका छोपेर मैले आफ्नो कुरोलाई प्रवेश गराएँ । बल्ल उनीहरुलाई म बुख्याँचा मात्र होइन कि भन्ने लाग्यो होला र दुई तीन प्रश्नहरु मतिर पनि आए । मैले बदलिदो विश्व परिस्थितिको स्वभाब र डायस्पोराको भोक्ताको अनुभबका आधरमा उत्तरदिने प्रयास गरेँ । त्यतिमै उद्घोषकले समयको अभावको गुनासो राख्दै त्यस दिनको समय सिद्दिएको घोषणा गरे ।

नेपाली डायस्पोराको बिषय जो कोहीको मुखबाट उच्चारण भएर आएको होस् त्यो आफ्नो ठाउँमा होला, तर नेपाली डायस्पोरालाई गहन अध्यायन,शोध र खोजको बिषय बनाएर आफ्नो बौदिक क्षमताले बोधगम्य बनाउने व्यक्तित्व प्रा.डा.गोविन्दराज भट्टराई नैं हुन् । तर त्यहाँ मैले डायस्पोराप्रति दुई प्रकारको प्रवृति हाबी हुँदै आएको अनुभब गरेँ । पहिलो प्रवृति-नेपाली डायस्पोराको कुमारी भूमिको खनजोत गरेर बाली लगाउने र बेर्ना सार्ने । दोस्रो प्रवृति-नेपाली डायस्पोराको बाली आफ्नो भागमा फलिभूत भएको हेर्न चाहने । यो दोस्रो प्रवृतिका मान्छेहरु नेपाली डायस्पोराको बिषय आफ्नो भागमा नपर्ने निश्चित भइसकेपछि डायस्पोरा बिषयलाई नै बिषयान्तर गर्ने, अपभ्रंश गराउने र कुतर्कको बलले भ्रम फैलाउने गर्दा रहेछन र त्यसका लागि तल्लो स्तरका कुतर्कका बलले आक्रमणमा उत्रिदा रहेछन । त्यसदिन डायस्पोरा गोष्टिको बहसमा पनि त्यही भयो ।

नेपाली डायस्पोराको बिषयमा हाम्रा साथीहरु किन यति चांडै काण्ड या डांठबिनाको हिउदको साग झैं लत्रिएर पराण खाए ? बल्ल पो मलाई थाहा भयो । यी दोस्रा प्रवृतिका बौदिक एवं प्राज्ञिक व्यक्तित्वहरुको बेलायत भ्रमणपछि हाम्रा मित्रहरुको दिमाग खलास र मष्तिस्क भुटिएका रहेछन । यी दुवै कारणले लंगडो भइसकेको नेपाली डायस्पोरा चिन्तनलाई बैशाखी टेकाउदै माथि उठाउन मिजाश र मलाई अझ शक्ति प्रदान गर्यो । फलतः यसको सिद्दान्त

खण्ड अझ बिस्तृत हुन पुग्यो र डायस्पोराको मुलप्रवृति, डायस्पोराको मनोविज्ञान, उत्तरआधुनिक डायस्पोराको ब्याख्या या तर्कको आबश्यकता र नेपाली डायस्पोराको समालोचना सिद्दान्तको मान्यतासम्म पुगेर यो पुस्तक तयार भयो। यधपि बेलायती डायस्पोराको अनुशन्धान खण्ड र साइवर डायस्पोरा खण्ड समयको अभाबले यस पुस्तकबाट छुट्न गयो र अर्को अंकसम्मका लागि पाठकहरुलाई पर्खाउन पर्यो।

अन्तमा यस पुस्तक तयार हुनमा हाम्रो लागि प्रत्यक्ष-परोक्ष साथ, सहयोग, परामर्श र प्रेरणा प्रा.डा. गोविन्दराज भट्टराई दाजुको अतुलनिय रह्यो। त्यसका लागि वहाँलाई धन्यवादले मात्र पुग्दैन र यो पुस्तक नै गुरु दक्षिणा अर्पण गर्दै हामी क्रितध्न हुनबाट जोगिदै छौं। यस पुस्तक तयार हुनमा प्रत्यक्ष-परोक्ष, सकारात्मक एवं नकारात्मक भूमिका खेलेर हाम्रो सिर्जना शक्तिमा उर्जा प्रदान गर्नु हुने पात्रपात्रा र चरित्रहरुमा विशेष धन्यवाद भन्दै अर्को अंकसम्मका लागि बिदा चाहन्छौं।

प्रस्तोताद्वय

रमि

**विषय क्रमः**

क. भूमिका

ख. बाँकी भनाई

## खण्ड-१

सिद्दान्त/प्रारम्भ

१. डायस्पोराको ऐतिहासिक अर्थ र वर्तमान

२. डायस्पोरा निर्माणका कारणहरु

*(क) स्वेच्छाले (ख) बाध्यताले (ग) बाध्यतात्मक स्वेच्छाले*

३. डायस्पोरा निर्माणका कारण हिजो र आज

*(क) पश्चिमा भौतिकबादी संरचना (ख) पूर्वीय चिन्तन परम्पराको स्खलन*

४. डायस्पोराका कारणहरु

*(क) फरक भूगोल (ख) फरक व्यवस्था र भौतिक संरचना (ग) द्वैध इतिहास र अभ्यास*

५. डायस्पोराको दुख

*(५.१) भौतिक दुख*

*(क) मुलभूमिसंगको विच्छेद (ख) नयाँ मुलुकमा स्थापनाका लागि संघर्ष*

(५.२) मानसिक दुख

*(क) गृहबिरह/अतीतमोह (ख) परदेश आफ्नो नहुनु र घरदेश पराय हुँदै जानु (ग) सतित्व विलयको भयः (अ) धर्म संस्कृतिमा (आ) भाषामा (इ) वंशाणु क्रममा*

६.डायस्पोराको सुख

*(क) भौतिक सुखः (अ) भौतिक सम्पन्नताको उपभोग (आ) फरक जीवन शैली या पद्दति*

*(ख) मानसिक सुखः (अ) स्वतन्त्रता र स्वच्छन्दताको अनुभूति (आ) अनुभब, क्षमता र ज्ञानमा बिकास*

७. होष्ट मुलुकको समस्या र अवशर

८. नेपाली डायस्पोराको चरण

*(क) प्रारम्भिक चरणः (किरातवंशको शासनदेखि पृथ्वीनारायण शाहको एकीकरणसम्म)*

*(ख) दोस्रो चरणः (नेपालको एकीकरण देखि सन् १९४७ सम्म)*

*(ग) तेस्रो चरणः (सन् १९४८ देखि १९८९ (बि.सं.२०४६ सम्म)*

*(घ) चौथो चरणः (सन् १९९० देखि हालसम्म) उत्तरआधुनिक डायस्पोरा*

९.डायस्पोराको मनोविज्ञान (डायस्पोराको मुलप्रवृति) को खोज

१०. डायस्पोराको प्रवृति

*(क) अन्तर संघर्ष (ख) अन्तर मिश्रण (ग) दोधार (घ) द्वैचर भाजन (ङ) उभयता*

११. डायस्पोराको योगदान र अवशरहरु

*(क) भाषा,संस्कृति र धर्मको बिस्तार (ख) होष्ट मुलुकसंगको सम्बन्धमा सेतु (ग) पुर्ख्यौली भूमि वा राष्ट्रको बिषयलाई अन्तर्राष्ट्रियकारण गरिने क्षेत्र (घ) अनेकन नयाँ सम्भावनाको क्षेत्र (ङ) मुल राष्ट्रको उन्नति र बिकासमा सहयोग ।*

१२. डायास्पोरिक सृजनाको बिशेषता

१३. डायास्पोरिक सृजनाको महत्व

१५. हाम्रा मान्यताहरु

*(क) भौगोलिक व्यापकता (ख) ऐतिहासिक विविधता (ग) सांस्कृतिक मिश्रण ( रासायनिकता) (घ) ठिमाहा संस्कृति (हाइब्रिट कल्चर) (ङ) नोष्टाल्जियार गृहबिरह र अतीतमोह (च) डायस्पोरा जीवन दर्शन ।*

निष्कर्ष र सन्दर्भ सूचि

# खण्ड-२

**सृजनाहरु**

**१.कथा खण्ड**

**५. कथाहरु**

१. ज्याक्सन हाइट -अमेरिका (महेशबिक्रम शाह)

२. उम नूर -इराक (टंक वनेम)

३. क्रिसमस डे -बेलायत (जया राई)

४. एउटा मृत्युको बयान -हंग कंग (लारा राई)

५. अष्ट्रियाकी फूल -बेलायत (रक्ष राई)

**२. संस्मरण खण्ड**

**५. यात्रासंस्मरणहरु**

१. भ्यान गगको चिहान -फ्रान्स (लैनसिङ्ग वाङ्गदेल)

२. भृकुटीको घरमा केहीक्षण -तिब्बत (हरि थापा)

३. कामको खोजि र आफूले गरेको काम -जापान (दयाकृष्ण राई)

४. एथेन्सको झरी -ग्रिस (केदार संकेत)

५. टावर ध्वस्त पार्न जाँदा -अफ़गानिस्तान (भूमिराज राई)

**३. कविता खण्ड**

**५. कविताहरु**

१. सेरा भन्छिन, कहाँ हराए आधुनिक दासहरु -अमेरिका (शैलेन्द्र साकार)

२. बिगबेन र समय -बेलायत (रुपक श्रेष्ठ)

३. बेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा -बेलायत (भगवान चाम्लिङ्ग)

४. हंग कंग, सपना र हाम ी-हंग कंग (टंक सम्बाहाम्फे)

५. लाहुरे फूल -बेलायत (टंक वमेन)

## खण्ड-३

**समालोचना-१**

**५. कथाहरु**

१. ज्याक्सन हाइट - कथाको सारः

२. उम नूर - कथाको सारः

३. क्रिसमस डे - कथाको सारः

४. एउटा मृत्युको बयान - कथाको सारः

५. अष्ट्रियाकी फूल - कथाको सारः

*डायास्पोरिक कथाको रुप,सौन्दर्य र प्रयोग*

*इतिहास/ऐतिहासिक घटनाहरु/दोधारको मनस्थिति/ पछुतो र हिनताबोध/ नोष्टाल्जिया,प्राकृतिक सादृश्यता र तुलनात्मकबोध/सांस्कृतिक मिश्रण उभयभाव/ र प्रयोग*

**समालोचना-२**

**५. यात्रासंस्मरणहरु**

१. भ्यान गगको चिहान-संस्मरणको सारः

२. भृकुटीको घरमा केहीक्षण -संस्मरणको सारः

३. कामको खोजी र आफूले गरेको काम -संस्मरणको सारः

४. एथेन्सको झरी - संस्मरणको सारः

५. टावर ध्वस्त पार्न जाँदा - संस्मरणको सारः

*इतिहास र ऐतिहासिकता/फरक भूगोल र प्रकृति/नोष्टाल्जिया हिनताबोध/प्राकृतिक सादृश्यता र तुलनात्मकबोध/वैश्विक पात्र पात्रा, अन्तर्राष्ट्रिय नागरिक/विश्वज्ञान/*

**नविन प्रयोगः**

*सयात्राबारे आफ्नो कुरा*

*-हरि थापा/अमेरिका*

*बेलायतमा वि निर्माण "यात्रा स्पर्श" र यसको अवधारणा*

*-केदार संकेत/बेलायत*

*यात्रास्पर्शको परिभाषा/यात्रा साहित्य बिषयगत परिभाषा/लेखन शैलीको आधार/यात्रा स्पर्शाका केही बुँदागत अवधारणा/ निष्कर्ष .*

**समालोचना-३**

**५. कविताहरु**

१. सेरा भन्छिन, कहाँ गए आधुनिक दासहरु - कविताको सारः

२. बिगबेन र समय - कविताको सारः

३. बेलायतको समुन्द्रमा गाउँका तिरतिरे धारा - कविताको सारः

४. हंग कंग, सपना र हामी - कविताको सारः

५. लाहुरे फूल - कविताको सारः

*इतिहास/ऐतिहासिक पात्र,विश्व नागरिक/विश्व ज्ञान र मिश्रित भाषा/मौलिक रुप र सौन्दर्य ।*

**कवितामा नयाँ चिन्तनको प्रस्तावनाः**

*कविताको कथ्य कायकल्प*

*-शैलेन्द्र साकार/अमेरिका*

**डायस्पोरिक सृजनाको मौलिक रुप,सौन्दर्य र समालोचनासिद्दान्त**

.

## खण्ड-४ (आगामी अंकमा)

**डायस्पोराको इतिहास**

(क) बेलायतका अन्य डायस्पोरा

१.चाइनिज डायस्पोरा

२. अफ्रिकी डायस्पोरा

३.इण्डियन डायस्पोरा

४. नेपाली डायस्पोरा

(ख) अन्तर्वार्ताहरु

( टिप्पणीहरु

( तुलानात्मक अध्यायन

( अनुशन्धान पद्दति

(ग) साइबर डायस्पोरा

साइबर डायस्पोराको इतिहास

साइबर डायस्पोराको प्रकृति

साइबर डायस्पोराको भविष्य

उपसंहार

सन्दर्भ सूचि

# खण्ड : १

# डायस्पोरिक सिर्जनासिद्धान्त

### प्रारम्भ

नेपाली साहित्यमा डायस्पोरा शब्दले ढिलै भए पनि नयाँ चासो र जिज्ञासाको बिषय बनेर केही सयम अघिदेखि द्रुतगतिमा यौटा भिन्नै पदको निर्माण र स्थापना गर्न गइरहेको अवस्था छ ।

पछिल्लो समय नेपाली साहित्यमा नयाँ नयाँ बिचार, चिन्तन र दर्शनको जन्म र बिकाश भईरहेको समयमा डायस्पोरिक चिन्तनलाई पनि नेपाली साहित्यका चिन्तक, विद्वान विदुषीका उदार हृदय र चेतनाले स्वागत गरिरहेको छ । यसले नेपाली साहित्यको विकास, व्यापकता र विविधताका निम्ति महत्वपूर्ण भूमिका खेलिरहेको छ । भाषाका कारणले साहित्य सिर्जना हुँदा कुनै खास जातिको वा मुलुकको जस्तो प्रतीत भए पनि प्रभावका कारणले त्यो सारा जीवन र जगतको हुन्छ । साहित्य,सङ्गीत र कलाले सारा जीवन र जगतलाई साझा भूगोल बनाइरहेको हुन्छ ।

विश्वका अन्य डायस्पोरा झैं नेपाली डायस्पोरा पनि निक्कै अघिको भए तापनि नेपाली डायास्पोरिक सृजनाको बारेमा चर्चा, चासो र जिज्ञासा निक्कै पछिबाट मात्र हुनथालेको हो । विश्वको नयाँ परिस्थिति,बिज्ञान र प्रबिधिको बिकासले बदलिदो समाज र संस्कृति बुझ्ने उत्तर आधुनिक चिन्तनले नेपाली डायास्पोरिक सृजनाको बिषयको उठान गरेपछि चर्चा र जिज्ञासा को बिषय बन्न थालेको हो । विश्व राजनीतिक भूमण्डलीकरण, विश्व बहुराष्ट्रिय व्यापारिक केन्द्रहरुको स्थापना, उच्च आधुनिक प्रविधिको विकाससँगसँगै यातायात, सूचना र सञ्चारको एकछत्र प्रभावबाट उत्पन्न वैश्विक परिवेशको विश्वचेतनाले विशेष भूमिका खेल्दा नेपाली साहित्यमा आएको अर्को नयाँ आयाम हो । अघिको जस्तो मानिसहरु आफ्नो देशको भौगोलिक सीमाभित्र मात्र बाँधिएर रहदैनन । अघिका युद्द पीडा,राजनैतिक द्वन्द पीडा र प्राकृतिक प्रकोपलाई छाडिकन अहिले विज्ञानले गरेरको चमत्कारपूर्ण प्रविधिको बिकाससंगसंगै संसारको बदलिदो विचार,राजनीतिक ग्लोबलाइजेशन, विश्व व्यापारिक बहुराष्ट्रिय कम्पनीहरुको स्थापना, विश्व ज्ञान,बिज्ञान अध्ययन केन्द्रहरु तथा विश्वबिद्यालयहरुको स्थापना,बैदेशिक रोजगार र बैकल्पिक उत्तम अवशरहरुको खोजमा देशको सीमा नांघेर मानिसहरु बाहिर निस्किन थाले र ति संसारभरि फैलिन थालेपछि विश्वमा ट्राभल कल्चरको निर्माण हुन पुग्यो । जसले मानिसलाई एउटा सीमा नाँघेर अर्को सीमासम्म पुर्यायो । त्यसबाट नेपाल मात्र अलग रहेन । अझ अविकसित र अल्पविकसित देशहरुका नागरिकहरु देश छाडेर विदेशिने परम्पराबाट अछुत रहन सम्भब नै रहेन । तसर्थ विश्वमा हरेक राष्ट्रको डायास्पोरिक समाज भएको लिखित दस्ताबेज विश्व डायास्पोरिक अध्ययनले देखाइसकेको छ । डायस्पोरालाई एक नौलो बिशेष प्रकृतिको समाज मानेर त्यसको अध्यायन र सृजनाको एक मानक समालोचकीय पद्दतिको निर्माण गरिसकेको अबस्था छ । तर भाषाको कारणले ठगिएर वा सभ्यताको कारणले पछाडिपरेर नेपाली डायस्पोरा विश्व डायस्पोराको अध्ययन र लिखित दस्ताबेजमा छुट्न गएको अबस्था छ ।

तर केही दशक अघिदेखि नेपाली डायस्पोराबाट भिन्न मौलिकता सहित प्रभावकारी साहित्य, सङ्गीत र कलाको सिर्जना भइरहेको छ । त्यसको छुट्टै विशेषता, मौलिकता र सुन्दरतालाई नयाँ पद दिनुपर्ने आवश्यकतालाई नेपाली साहित्यका चिन्तकहरुद्वारा बोध गरिएको बिषय हो । यसले नेपाली साहित्यलाई अझ विकसित, व्यापक र विविधतामय बनाउँदै लगिरहेको छ । यसप्रति नेपाली साहित्यका विद्वानहरुको चासो, विचार, विमर्श, शोध अनुसन्धान र

समालोचना कार्य तीव्र गतिमा बढिरहेको छ।यसको गहन अध्ययन,अनुसन्धानले भबिष्यमा नेपाली डायस्पोरिक सिर्जना विश्व सृजनामा गर्विलो र दर्बिलो बिषय बन्ने छ भन्ने बिश्वास पनि बढिरहेको छ।

## १.डायस्पोराको ऐतिहासिक अर्थ र वर्तमान

डायस्पोरा (Diaspora) ग्रीक भाषा diaspeirein बाट अंग्रेजीमा diaspora हुँदै नेपाली साहित्यमा आएको आयतित शब्द हो। dia र spora को संयुक्त शब्द नै डायस्पोरा हो। प्राचिन ग्रीक भाषामा प्रचलित यो शब्द यहुदीहरुको जीवनको नियतिद्वारा निर्मित ऐतिहासिक अर्थ बोकेर आएको शब्द Diaspora को रुप ग्रहण गर्न अघि diaspeirein थियो, जसको अर्थ dai को अर्थ कुनै ठाउँबाट बाहिरिनु, पठाउनु, छुट्टिनु र speirein को अर्थ विकीर्ण हुनु, छरिनु, तितरवितर हुनु, फैलिनु हुन्छ। ग्रिसेली dia र speirein लाई अंग्रेजीमा संयुक्त पद diaspora भनिन्छ[1]। प्राचीन ग्रीसमा प्रचलित डायस्पोरा शब्दको अर्थ विभिन्न कारणवश यहुदीहरू आफ्नो मातृभूमि, समाज वा समुदायबाट बिच्छेद भएर किनारा लाग्नु, भाग्नु भनेर लाग्दथ्यो। त्यसबेला प्यालेष्टाइनमा यहुदीलाई ईशापूर्व ५८६ देखि ५३८ सम्म लगभग ४० वर्ष बन्दी बनायो। वेविलोनियालीहरुले जुडाहा अधिराज्यमा विजयपछि लामो समय बन्दी जीवन बिताएर मुक्त भएका यहुदी समुदायको ठूलो सङ्ख्या तत्काल बेबिलोनिया, पर्सिया, स्पेन, फ्रान्स, जर्मनी, पोल्याण्ड, अमेरिका हुँदै विभिन्न देशहरुमा छरिन पुगे। डायस्पोरा शब्दको अर्थ तिनै यहुदीहरुको प्यालेस्टाइन बाहिर छरिनु, तितरवितर हुनु, फैलिएर जानु भन्ने हुन्छ। तर, वर्तमान सन्दर्भमा डायस्पोराको अर्थ प्राचिन ग्रीस भाषामा प्रचलित अर्थमा मात्रै सीमित रहेको छैन।

पश्चिमा साहित्यमा डायस्पोराको अर्थ र सृजनाको क्षेत्र र इतिहास निकै पुरानो र व्यापक छ। त्यो नेपाली साहित्यका लागि निकै ठूलो अनुशन्धान र शोधको विषय हुनेछ। कारण डायस्पोरा बहुअर्थबोधक द्वेदेशिक फरक सामाजिक चरित्रको संलग्नता वा संमिश्रणले निर्माण हुने भएकाले यसको अर्थ, व्याख्या र परिभाषा फरक र ब्यापक हुने गर्दछ। बेबिलोनिया समय अथवा यहुदीहरुले व्यतीत गरेको निर्वासित जीवनदेखि अगाडी बढेर विश्व समाजका डायस्पोराले थुप्रै चरण र कालखण्डहरु पारगर्दै जाँदा डायस्पोराको अर्थ पनि विस्तार हुँदै आएको छ। कारण शब्दले समय र परिस्थितिको सीमासम्म मात्रै अर्थ दिन सक्दछ र शब्दको अर्थले समयानुकुल विस्तारित हुँदै जान्छ। अहिलेको डायस्पोरा सूचना र सञ्चारको विकासले मानसिक रुपमा अर्ध डायस्पोरा जस्तो देखिए पनि भौतिक रुपमा फरक भूगोलका कारणले उस्तै छ।

[1] भट्टराई, गोविन्दराज (२०६४) उत्तरआधुनिक विमर्श, मोर्डन बुक्स, काठमाडौं, पृ.११७

हिजोदेखि आजको वर्तमान अवस्थामा आइपुग्दा डायस्पोराको अर्को नयाँ विस्तारित अर्थ बसाइँ सरेजस्तो पनि हुन पुगेको छ, तर त्यो बसाइँसराई देशभित्रै नभएर परदेश तर्फ हुन्छ । नेपाली अर्थमा गैरआवासीय नेपाली वा प्रवासी नेपाली समाज र नेपाली डायस्पोराको अर्थमा निकटता छ । नेपाली भाषामा प्रबासी, आप्रबासी, परदेशी वा गैरआवाशी नेपाली जे भनिए पनि ती जातीको समाजबिज्ञान, मनोविज्ञान, धर्म, इतिहास र भूगोलले त्यो डायस्पोरा अर्थात् मूलभूमिबाट अलग्गिएर परभूमिमा पुगेका जाती बन्दछ । यद्यपि नेपाली शब्दमा प्रबासी,परदेशी, गैरआवासीय नेपाली वा प्रवासी नेपाली भन्दा डायस्पोरा शब्दको ध्वनिशक्ति धेरै परसम्म पुग्न सक्ने सामर्थ्य राख्ने हुँदा विश्व साहित्यमा प्रचलित डायस्पोरा शब्द नै नेपाली साहित्यले पनि भाषिक निधिका रुपमा स्वीकार गरेको हो । नेपाली साहित्यका बिद्वान बिदुषी एबम भाषा बिज्ञहरुको गहन छलफल बिचार बिमर्शपछि डायस्पोरा शब्दको मूल अर्थ र मर्म सहितको नेपाली शब्दानुबाद अपूर्ण हुने भएकोले सोझै बिश्व भाषाकै रुपमा नेपाली साहित्यमा स्वीकारिएको हो । डायस्पोरा शब्दको प्राचिन अर्थ त्यस समयमा घटित घटनाहरुको प्रक्रियाबाट लगाइए पनि आज त्यसको अर्थको नेपाली रुपान्तरण मुलुक बाहिर बसाइँ सरेको समाज, देश छाडेर विदेशिएको समाज, परदेशिएको वा प्रवासिएको समाज भनेर बुझिन्छ ।

डायस्पोरा समाज निर्माणको प्रकृतिलाई अध्ययन गर्दा स्वेच्छाले होस् या बाध्यताले आफ्नो मातृभूमि र आफ्नो वंशको उद्गम थलो त्यागेर स्वजनहरुबाट बिच्छेद भएर सिमाङ्कृत र किनाराकृत भई नयाँ भुमिमा बस्न पुगेका अल्पसङ्ख्यक समुदाय नै डायस्पोरिक समाज हो । यसरी कुनै न कुनै वाध्यताले बिदेशिन वाध्य भएर आफन्तजनसँग अलगिएको सानो समूहले डायस्पोरा निर्माण भएको हुन्छ । प्रवासमा हुने एकांकिपन, मातृभूमिको प्रेम,आफन्तको मोह, धर्म, भाषा, संस्कृतिको प्रेमले एकतृत र संगठित भएर रहने गर्दछ ।

मानव सभ्यताको प्राचीनकालदेखि नै डायस्पोरा समाजको निर्माण हुँदै आएको इतिहासले बोलेको पाइन्छ । यस जगतमा बारम्बार भइरहने भौतिक परिवर्तन, मानव सभ्यतासँगसँगै भौतिक तथा प्राविधिक विकासमा विज्ञानको चमत्कार, राज्यलाई सञ्चालन र व्यवस्थापन गर्ने राजनीतिक परिवर्तन, नीति-नियम र कानुनको निर्माण, संशोधन र परिवर्तनसँगै डायस्पोरा निर्माणको प्रकृति पनि परिवर्तित र विकसित हुँदै आएको पाइन्छ । हिजो सम्राट सिकन्दरकै राज्य बिस्तारको अभियानताका पश्चिम एशिया हुँदै ग्रीससम्म पुगेका यहुदीहरुलाई प्यालेष्टाइनको भूमिमा ईशापूर्व ५८६ देखि ५३८ सम्म बन्दी बनाइयो । लगभग ४० वर्षको बन्दी जीवन व्यतीत गरेर मुक्त हुँदा ती यहुदीहरुलाई तिनका आफन्तजन र राष्ट्रले समेत भुलिसकेको थियो[२] । तसर्थ,जेल मुक्त ती यहुदी समुदायहरु आफ्नो अनुकुलताका लागि अन्यत्र छरिएर निर्वासित जीवन व्यतीत गर्न बाध्य भए । तत्पश्चात ग्रीक भाषाले डायस्पोरा शब्दको अर्थ प्राप्त गऱ्यो । आज विश्व परिस्थिति बदलिएर डायस्पोरा शब्द संसारको साझा भाषिक सम्पति हुन पुगेको छ । नेपाली साहित्यमा डायस्पोरा शब्द सर्वप्रथम बेलाययतका नागरिक नेपाली भाषा तथा साहित्यका विज्ञ प्रा.डा.माइकल हटले प्रयोग गरे र त्यसलाई

[2] राई, पुरण (२०७०), **ब्रिटिश गोर्खा सैनिक साहित्यको ईतिहास**, शमी प्रकाशन गृह, काठमण्डौ, पृ.५६

स्थापित गराउने कार्यमा प्रा.डा. गोविन्दराज भट्टराई, प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेल र नेत्र एटमजस्ता अग्रजहरु र त्यसपछिका नयाँ पुस्ताहरु लागिपरेका छन् ।

## २.डायस्पोरा निर्माणका कारणहरु:

डायस्पोरा निर्माणका खास निश्चित कारणहरु बताउन त्यति सजिलो छैन, कारण यो तत्काल परिस्थिति भौगोलिक परिवर्तन, सभ्यताको बिकास क्रमको ऐतिहासिक काल खण्डमा घटने घटना-परिघटना र राजनैतिक परिवर्तनहरु र मान्छेका आबश्यकता र चेतनाले प्रेरित हुने गर्दछ । तथापि मानिस उत्पतिकालदेखि नै एकै स्थानमा जड वा स्थिर रहने प्राणी होइन । ऊसँग प्रतिकूलतासँग सङ्घर्ष गर्ने र अनुकूलताको खोजी गर्ने प्रकृतिगत स्वभावका कारणले मानव सभ्यताका प्रारम्भिककालदेखि नै मानिसले घुमन्ते-फिरन्ते अथवा भ्रमणरुपी संस्कृतिलाई जीवन विकासको पद्धति बनाएर आएको पाइन्छ । तसर्थ, आदिम युगको घुमन्ते-फिरन्तेकाल र आधुनिककालको यात्रीक संस्कृतिलाई डायस्पोरिक समाज निर्माणको कारण मानियो भने अत्युक्ति नहोला । यद्यपि हिजो र आज डायस्पोरिक समाज निर्माणका कारणहरु फरक छन् । आजको मानिस फरक भूगोल, देश, महादेश, राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति, जाति, राजनीति, नीति-नियम र कानुनको बन्धनमा छ ।यधपि यी तमाम बन्धनहरुलाई विधिवत ढंगबाट तोडेर आजका मानिस एकल राष्ट्रियता र राष्ट्रबादको सीमा नाघ्दै बाहिरिएका हुन्छन । हिजो ज्ञानका भोकाहरुलाई ज्ञान बाँड्न बुद्ध संसार हिँडे । हिजो इन्डिया खोज्दै हिँडेका कोलम्बसले अमेरिका पत्ता लगाए । सम्राट अलेक्जेण्डर भारतको पन्जाबसम्म आइपुगेका थिए । पश्चिमका ठूला ठूला महापुरुषहरुले पूर्व यात्रा गरेको इतिहासको खोजले बताएको छ । पन्ध्रौं शताब्दी भन्दा अघिको समय पश्चिमको लागि अन्धकारको युग मानिन्छ । त्यो भन्दा अघिको समय आध्यात्मिक ज्ञानको प्रकाश पूर्वीय सभ्यतामा थियो । हिजो ज्ञानको भोक मेट्न पश्चिमाहरु पूर्वतिर यात्रा गर्दथे अर्थात् पूर्वको ज्ञानमाथि अध्यायन र अनुशन्धान गर्दथे । आज उच्च प्रविधिको विकास र विज्ञानको प्रकाश पश्चिमतिर छ । आज ज्ञानको भोक र ज्यानको भोक मेट्न पूर्वीयाहरु पश्चिमतिर यात्रा गरिरहेका छन् । हिजो पूर्वीय चिन्तन परम्परा आध्यात्मिक ज्ञानले सम्पन्न थियो । आज पश्चिम विज्ञानले वैभवशाली छ । यसरी ज्ञानको भोक र ज्यानको भोकले मानिसलाई पश्चिमदेखि पूर्व र पूर्वदेखि  पश्चिमको निरन्तर यात्रा गराइरहेको छ ।

यसरी हिजो र आजको परिस्थिति र विश्व परिवेशलाई अध्ययन गरिसकेपछि डायस्पोरा निर्माणका कारणहरु स्पष्ट हुन्छन् । ती कारणहरु हुन्-

(क) स्वेच्छाले

(ख) बाध्यताले

(ग) बाध्यतात्मक-स्वेच्छाले

**(क) स्वेच्छाले :** हिजोका मानिसहरु ज्ञानका भोकले ज्ञानको खोजीमा देशबाट बाहिर निस्किएको इतिहासमा पाइन्छ । बिशेषगरिकन अघि पश्चिमले पूर्वीय ज्ञान र जमिनको लालसामा पूर्व यात्राको संस्कार बनाएको देखिन्छ । राजसत्ताको लोभ र पारिवारिक मोह त्यागेर धर्म प्रचार-प्रसारका लागि यात्रामा निस्किएको पाइन्छ । आफ्नो देशको कला विस्तारका लागि देशबाट बाहिरिन्थे वा उसको कलाको महत्वलाई बुझ्रेर विदेशले निमन्त्रणा दिन्थे वा प्रलोभनमा पारेर लगिन्थे । व्यापारिक उद्देश्यले पनि विदेशिन्थे र वैवाहिक सम्बन्धका कारणले पनि । ती पुराना युगका डायस्पोरा प्रायः स्वेच्छाले निर्माण भएको पाइन्छ भने आधुनिक युगमा बिकशीत मुलुकका धनाढ्य व्यक्तिहरुको बैयक्तिक स्वतन्त्रता र बिलासी जीवन यापनको उदेश्यले अन्य देशको नागरिकता ग्रहण गर्ने वा बसाई सर्न प्रेरित गरेका पनि पाइन्छन् ।

**(ख)बाध्यताले :** इतिहासको विभिन्न कालखण्डमा ठूलाठूला राजा, महाराजा र सम्राटहरुको उदय र पतन भयो । युद्ध स्वेच्छा र बाध्यता दुवै बन्यो । संसारको आफू मात्रै सम्राट बनिने प्रतिस्पर्धा चल्यो । सम्राटहरु राज्य विस्तार र उपनिवेश निर्माणका दुर्व्यसनीका रोगी बने । त्यही दुर्व्यसनीको रोगले प्रथम र दोस्रो विश्वयुद्धको महासमर निम्त्यायो । तसर्थ, युद्ध बन्दी, युद्धकालमा हराएका वा छाडिएका सेना, उपनिवेश स्वतन्त्रतापछि त्यही छाडिएका नागरिक, युद्द पराजयपछि धपाईएका नागरिक, प्रकृतिक प्रकोप, बिभिन्न महामारी, दासहरुको बेचबिखन, राजनीतिक द्वन्द्व, पीडा र शरणार्थी समस्या, धर्म र राजनितिक कारणले देश निकाला गरिएका जस्ता बाध्यात्मक परिस्थितिले डायस्पोरा निर्माण भएको पाइन्छ । अघि सन् १८१६ को सुगौली सन्धिले नेपालले गुमाउनु परेको भूभागसँगै छाडिएका भारतीय नेपाली, प्रथम र दोस्रो विश्वयुद्धमा हराएर छाडिएका गोर्खा सेनाका बर्मेली नेपाली, पापुवान्युगेनिया, फिजी, मलेसीया र रोजगारका निम्ति भुटान पुगेका भुटानी नेपाली र भुटानबाट लखेटिएका तिनै भुटानी नेपाली शरणार्थीको अमेरिका बसाइँसराई बाध्यताले निर्माण भएका डायस्पोरा हुन् ।

**(ग)बाध्यतात्मक स्वेच्छा :** आरम्भमा बाध्यताको निरन्तरता नै कालान्तरमा परम्पराको रुपमा विकसित भइसकेपछि परिवर्तित समय र परिस्थितिअनुरुप त्यो बाध्यताले नै बाध्यतात्मक स्वेच्छाको रुप धारण गर्दछ । नेपाली डायस्पोरा निर्माणमा यस्तो बाध्यतात्मक स्वेच्छा गोर्खा भर्ती परम्पराबाट आरम्भ भएको हो । आरम्भमा आफ्नो राज्यको षडयन्त्रमा परेर बाध्यता र कालान्तरमा त्यसले परम्पराको रुप धारण गरेपछि बाध्यतात्मक स्वेच्छाले बन्न पुगेको पहिलो डायस्पोरिक समुदाय लाहुरे समाज हो । ब्रिटिश साम्राज्य विस्तारका निम्ति गोर्खा भर्ती परम्परा नेपाली युवाका लागि बाध्यता थियो । सन् १८१४-१६ नेपाल-अङ्ग्रेज युद्धमा नेपालको पराजयपछि थुप्रै नेपाली सेनालाई अङ्ग्रेजले युद्धबन्दी बनाए र सैन्य दासका रुपमा उपयोग गरे । अङ्ग्रेजविरुद्धको युद्धमा नेपालको पराजय भए पनि अङ्ग्रेज नेपाली सेनाको रणकौशलता र वीरतासँग प्रभावित थियो । उनीहरु ती युद्धबन्दी नेपाली सेना र नेपाली युवाहरुलाई अङ्ग्रेज सेनामा भर्ती गराएर ब्रिटिश साम्राज्य विस्तारमा उपयोग गर्ने योजनामा थिए । सन् १८५६ मा तत्काल कम्पनी सरकारको विरुद्धमा राष्ट्रवादी भारतीय सैनिक विद्रोहलाई दमन गर्न युद्धबन्दी

नेपाली सेनालाई उपयोग गर्न सफल भएपछि अक्टरलोनीको योजना मुताबिक भारतमा गोर्खा सेनाको स्थापना भयो[3] ।

इतिहासका पछिल्लाकालमा जनजाति मूलका नेपाली युवाहरुलाई अङ्ग्रेज सेनामा भर्ती हुन उर्दीजारी गरिन्थ्यो । तिनलाई विभिन्न प्रपञ्चमा पारेर भर्ती हुन बाध्य पारिन्थ्यो । उनीहरु भागेर पनि धर पाउँदैनथे । गाउँ-गाउँ गल्लावल पुगेर नेपाली युवाहरुलाई विभिन्न प्रलोभनमा फसाएर, धम्क्याएर र ढाँटेर अङ्ग्रेज सेनामा भर्ती गराउँदथे । सन् १८१६ देखि नेपाली युवालाई विभिन्न प्रपञ्चमा परेर १८८० सम्ममा अङ्ग्रेजले ८ वटा गोर्खा पल्टन गठन गरिसक्दा पनि नेपाली शासकलाई पत्तै थिएन[4] । अङ्ग्रेजसँग गोर्खा भर्तीको आधिकारिक सम्झौता सन् १८८५ मा वीर समशेरका पालामा एउटा सौदाका रुपमा भएको थियो, कारण सन् १८१६ देखि सुरु भएको गोर्खा भर्ती १३२ वर्षपछि अङ्ग्रेजले भारत छोड्ने बेलामा ९ नोभेम्बर १९४७ मा त्रिपक्षीय सन्धिपछि मात्रै अङ्ग्रेजले गोर्खा सेनालाई बेलायती सेनाको अंगको रुपमा स्वीकारेको थियो । यसर्थ आरम्भमा गोर्खा भर्ती नेपाली युवाका लागि बाध्यता थियो । त्यो बाध्यताले लामो समयसम्म निरन्तरता पाएर त्यसले परम्पराको रुप लिएपछि त्यसलाई नेपाली युवाले बाध्यतात्मक स्वेच्छाका रुपमा स्वीकारेर आएका छन् । गोर्खा भर्ती प्रथाले युद्धमा हराएका र छाडिएका गोर्खा सेनाका समुदायले बनेको बाध्यतात्मक डायस्पोरा र हालसालै तिनका परिवार र नाता र आफन्तहरुले प्राप्त गरेको हङकङ आई.डी र बेलायतमा आवासीय भिसाको अधिकारले गोर्खा भर्ती प्रथाद्वारा बाध्यतात्मक स्वेच्छाले नेपाली डायस्पोरा बनेको छ । त्यस्तै डीभी चिट्ठा परेर अमेरिका पुगेका, उच्चप्रविधि विज्ञहरुलाई अष्ट्रेलिया जस्ता विकसित मुलुकहरुले आमन्त्रण दिनु, वैदेशिक रोजगार, विश्वव्यापारिक केन्द्रको स्थापना, राजनीतिक भूमण्डलीकरणको प्रभावले निर्माण गरेको प्रत्यक्ष-परोक्ष वातावरण नै डायस्पोरा निर्माणको बाध्यतात्मक स्वेच्छा बन्न पुगेको हो । यसको अतिरिक्त हिजोको मानव तस्करी जस्ता अबैध कर्महरुलाई रोक लागायनको बदला बिकसित र धनाढ्य मुलुकहरुद्वारा बहुराष्ट्रिय ब्यापारिक केन्द्रहरुको स्थापना र बिस्तार संगै बैश्विक संस्कृतिले यसलाई झन् मलजल पुर्‍याउदै ल्याएको छ । उत्तम अवशरको खोजमा युवा जमातको बिदेशतर्फको आकर्षण तीब्रगतिमा बढेर जानुका साथै त्यसका लागि राज्यसंग आन्दोलन नै गरिरहेको अबस्था पनि हाम्रो देशले भोगिरहेको छ । विश्वले तीब्रगतिमा  बिकाश गर्दै गइरहेको भौतिक तथा प्रविधिका साथै ग्लोबल संस्कृतिको चरम अतिक्रमणको प्रभावले अविकसित तथा अल्पबिकसित देशका नागरिकको त्यता तर्फको आकर्षण र छटपटी ह्वात्तै बढेर गएको छ । यसरी आज धनी र सम्पन्न मुलुकप्रति अविकसित र अल्पविकसित देशका नागरिकहरुको आकर्षण र बसाइँसराई बाध्यतात्मक स्वेच्छाले बनेको हो ।

[3] चाम्लीङ, बलदिप प्रभाश्वर , यूरोपको नेपाली पत्र, १४-१९ असोज २०६६, बेलायत

[4] हेब्या, कृष्णकुमार (२०६८) नयाँ सन्देश, साप्ताहिक,बिहिबार १५ भाद्र २०६८, बेलायत

## ३.डायस्पोरा निर्माणका कारण हिजो र आज

यहुदीहरुले बन्दी जीवन व्यतीत गरेर मुक्त भएपछि तिनको निर्वासित जीवनले ग्रीक भाषामा अर्थ प्राप्त गरेर डायस्पोरा शब्दको जन्म भए पनि त्योभन्दा अघिदेखि नै थुप्रै युद्धहरु भएका थिए । प्राचिनकालदेखि नै मानव सभ्यता असङ्ख्य युद्धका चरणहरु पार गर्दै यहाँसम्म आइपुगेको हो । वैदिक युगदेखि मानव सभ्यताका सम्पूर्ण चरणहरु युद्धमय छन् । वैदिक युगमा धर्म स्थापनाका लागि युद्ध भएका थिए । आधुनिक युगमा जमिन -राष्ट्रका लागि, धन-सम्पतिका लागि, स्त्रीका लागि, मान र शक्तिका लागि ठूलाठूला महासमरहरु मानव सभ्यताले भोगेर आएको छ । पूर्वका वैदिक युगको धर्म युद्ध, रामायण, महाभारत र विभिन्न पुराणहरु र पश्चिमको इलियड र ओडिसी सारा युद्ध गाथाका प्रमाण हुन् । युद्ध डायस्पोरा निर्माणका कारणहरुमध्ये प्रमुख भएर हिजोदेखि आजतक आएको छ । हिजो डायस्पोरा निर्माणका अस्थायी कारण धर्म प्रसार, कला विस्तार र व्यापार ब्यबसाय भए पनि आजसम्मको स्थायी कारण युद्ध नै भएको छ ।

सन् १८१६ को सुगौली सन्धिपछि बेलायतका लागि गोर्खालीले पहिलो र दोस्रो विश्वयुद्ध हुँदै मलाया, फोकल्याण्ड, बोस्निया, कोशोभो, सेरालियन, इराक र अफगानिस्तानसम्म युद्ध लड्दै यहाँसम्म आइपुगेको छ । उता भारतीय गोर्खा सेनाले चीन र कर्गिल युद्ध लडेका छन् । यसरी गोर्खा सैन्य सङ्गठन र युद्दका कारणले स्थापना हुन गएको प्रवासी नेपाली समाज नै नेपाली डायस्पोराको ठूलो र स्थायी समुदाय हुन गएको छ ।

डायस्पोरा निर्माणमा हिजो र आजका भिन्नताहरुः

| **हिजो** | **आज** |
|---|---|
| १. धर्म प्रचार | १. अध्ययन |
| २. कला विस्तार | २. श्रम बिक्री |
| ३. ज्ञानको भोक | ३. ज्यानको भोक |
| ४. व्यापार व्यवसाय | ४. बहुराष्ट्रिय कम्पनिहरुको स्थापना |
| ५. दासहरुको व्यापार | ५.वैदेशिक रोजगार |
| ६. युद्ध र युद्ध बन्दी | ६.सैन्य कर्म र सैन्य संगठनको निरन्तरता |
| ७ वैवाहिक सम्बन्ध | ७.आश्रित भिसाको अधिकार |
| ८. प्रकृतिक प्रकोप | ८.राजनीतिक हिंसा, द्वन्द पीडा र प्रकृतिक प्रकोप |
| ९. युद्ध पराजय | ९. पलायन |
| १०. राज्य विस्तार, उपनिवेश | १०. राजनीतिक भूमण्डलीकरण |

हिजोदेखि आजसम्मको डायस्पोरा निर्माणका कारणहरु समयसँगसँगै बदलिँदै र विस्तारित हुँदै आएको छ । हिजो र आजको डायस्पोराको प्रवृत्तिहरु फरक छन् । डायस्पोरा निर्माणका बाह्य कारण अनेक देखिए पनि त्यसको आन्तरिक कारण २ बाट हुन आउँदछ । ती हुन्- मानसिक

(ज्ञानको) सुख-शान्ति र भौतिक सुख-शयलको प्राप्ति । यही प्राप्तिका लागि अविकसित र अल्पविकसित राष्ट्रका नागरिकहरुको विकसित राष्ट्रप्रतिको आकर्षण बढ्न गएको हो । मूलतः यो नेपाली डायसपोराको सन्दर्भमा पूर्वका अविकसित राष्ट्रहरुको पश्चिमा बिकसित र धनाढ्य राष्ट्रप्रतिको आकर्षणले बढेको हो । ती आकर्षणका कारण हुन् -

(क) पश्चिमा भौतिकवादी संरचना

(ख) पूर्वीय चिन्तन परम्परामा स्खलन

**(क)पश्चिमा भौतिकवादी संरचनाः** पश्चिमाहरू एकैचोटि अत्याधुनिक सभ्यताले छोपेर ल्याएका मुलुक होइनन् । मध्ययुग पश्चिम ज्ञान संसारको अन्धकार युग मानिन्छ । इतिहासमा मध्यकालिन युग क्रिश्चियन धर्मद्वारा निर्देशित भएको पाइन्छ । तर यिनले आध्यात्मिक युगको अन्त्य भएको निक्कै अघिनै बोध गरे र भौतिक युगको आरम्भमा अघि परे । यिनले अध्यात्मिक युगको आत्माको शक्तिबाट मुक्त गरेर शरीरको शक्तिमा ल्याए र बुद्दिबादको शक्तिले भौतिकतालाई बोधगम्य बनाए । बिज्ञान, प्रविधि र प्रयोगबादमा बिश्वास बढाए । फेरि सारा भौतिकता अर्को रुपमा जगमगाएर उठ्यो ।

तिनले आज बिज्ञान र प्रविधिमा जुन लौकिक चमत्कार गरे ती भौतिक बिकासका पूर्वाधारहरुका ज्ञान पूर्वसंग पनि जोडिएर आएको छ । इतिहासले के स्पष्ट पारेको छ भने आजको सभ्यताको प्रारम्भिक कालदेखिनै पूर्वको ज्ञानलाई हेर्ने र अनुशन्धानगर्ने पश्चिमा दृष्टिकोण बनेको पाइन्छ । पश्चिमा दृष्टान्तमा प्राच्याबाद भनेको पूर्वको ज्ञान, जीवन दर्शनलाई हेर्ने विचार, मान्यता र सिद्दान्त भनेर बुझिन्छ । इतिहासमा निक्कै अघिदेखि नै पश्चिमामा प्राच्यबाद स्थापित हुनु भनेको त्यतिखेर नै पूर्वको ज्ञानशास्त्र र तत्वशास्त्रमाथि अध्यायन र अनुशन्धान गर्ने सिद्दान्तको बिकास भएको थियो भनेर स्पष्ट हुन्छ । पश्चिम ज्ञान र बिज्ञानको शक्तिले जागेर माथि उठेको पन्ध्रौं शताब्दि देखि मानिन्छ । त्यो अघि पश्चिम भन्दा बुद्दिको शक्ति र ज्ञानको उज्यालो पूर्वमा भएको मानिन्छ । पश्चिमको प्राच्यबादले पूर्वको प्राच्य सभ्यताको ज्ञान र विज्ञानलाई पचाएर आफ्नो मौलिक बनाउन सफल भए । पूर्वको प्राच्य ज्ञानलाई पश्चिमले बिज्ञान बनाए र त्यसैलाई शक्ति, साधान स्रोत बनाएर नयाँ नयाँ आविष्कार गर्दै आफूलाई माथि पुर्याए ।

सभ्यताको उषाकाल देखिनै पश्चिमाको आँखा पूर्वमा गढ़नु भनेको भौगोलिक रुपमा र ज्ञानको क्षेत्रमा पूर्व उर्बर भूमि थियो भन्ने हो । ज्ञानका लागि पश्चिमा पूर्वको शरण मात्र परेन, बरु भौगोलिक रुपमै पूर्वलाई सिध्याउन तिनले युद्द गरेको इतिहास पनि प्रष्ट छ । तसर्थ यो प्रमाणित हुन्छ, पहिले अर्थात् वैदिकयुग आध्यात्मिक चेतनाको उज्यालो पूर्वीय जगतमा थियो । पूर्वीय जगत अर्थात् विशेषगरी भारतवर्ष बौद्धिकताले उन्नत र ज्ञानले सम्पन्न थियो । त्यतिखेर पश्चिमाहरु ज्ञानको भोकले पूर्वतिर बसाइँ सर्दथे । इतिहासले भन्छ गणित, खगोलशास्त्र, अध्यात्म विज्ञान सबै कुराको खोजीमा ग्रिसेलीहरु भारत वर्षको यात्रा गर्दथे । ती पूर्वको ज्ञानको उज्यालो लिएर पश्चिम फर्किन्थे । तिनले पूर्वबाट लिएर गएको आध्यात्मिक

ज्ञानको उज्यालोलाई भौतिक रुप दिन वा रुपान्तरण गर्न सफल भए अर्थात् पूर्वको ज्ञानलाई बिज्ञान बनाउन सफल भए । तसर्थ,पश्चिमको भौतिक युग झल्मलाउनमा पूर्वको ज्ञानको प्रकाश पनि जोडिएको देखिन्छ । यी केही उदाहरण हुन्, यदि पूर्वीय दर्शन वेदाङ्गका रुपमा रहेको ज्योतिषशास्त्रमा ब्रह्माण्डमा अवस्थित नक्षत्रहरुको गणना गर्ने गणितको विकास हुँदैनथ्यो भने आइन्सटाइनको सापेक्षवाद सम्भव हुँदैनथ्यो । यसप्रति आइन्सटाइन स्वयम्ले पूर्वीय ज्ञानप्रति वंशीभूत भएर मुक्त कण्ठले बोलेका छन् । त्यस्तै पूर्वीय आध्यात्मवादमा आत्मचिन्तनको विशद ज्ञान र पश्चिमको फ्रायडको मनोवैज्ञानिक सिद्धान्त, गीतामा कर्मयोगको विशद व्याख्या र मार्क्सको साम्यवादको र पूर्वको रामायण र महाभारत ग्रन्थ र पश्चिमको होमरको इलियड र ओडिसीको रचनाकालमा पनि समानता पाइनु र ती ज्ञानका रुपायित रुप देखिनु संयोग मात्र हो कि यसको प्रभाव पनि हो भन्ने खोजको विषय हुनसक्दछ । आज पश्चिमाले जुन भौतिक बिकास गरे, त्यो भौतिक ज्ञानको पूर्वाधार पूर्वीय ज्ञानशास्त्र पनि हो भन्ने आधारहरु प्रसस्त छन् । त्यसका लागि पश्चिमका ठूलाठूला बैज्ञानिक र दार्शनिकहरु पूर्वतिर फर्केर मुक्त कण्ठले प्रसंशा गरेको पाइन्छ ।आज आफ्नै अतीतको ज्ञानको खोजमा पूर्वले पश्चिमतिर दगुर्नपर्ने दिन आउनु अर्थात् संसारका सम्पूर्ण ज्ञानकोश पश्चिमका लाइब्रेरीहरुमा प्राप्त हुनु भनेको पूर्वको ज्ञान भण्डार पश्चिम ओसारिन्थे भन्ने नै हो । फलतः आज पूर्वमा घाम उदाएर पश्चिम उज्यालिने बिडम्बना भोगिरहेको छ पूर्व ।

**(ख)पूर्वीय चिन्तन परम्परामा स्खलन** : पूर्वको आध्यात्मिक ज्ञानको उज्यालो लगेर पश्चिमले त्यसलाई भौतिकरुप दिन कसरतमा जुटे र सफल पनि हुँदै गए । उता तिनले आफ्नो भौतिक र मानसिकरुपलाई भौतिकवादी संरचनामा ढाले । यता पूर्व आध्यात्मिक चिन्तनको बिराट जगतबाट बाहिर आउन सकेन । यता पूर्वले पश्चिमको ज्ञानबाट केही लिन त सकेन नै, आफ्नो प्राच्य ज्ञानलाई समयानुकुल आधुनिकीकरण गर्न पनि जानेन ।त्यसको ज्वलन्त उदाहरण आजतक नेपालको शैक्षिक पद्दतिलाई मान्दा फरक पर्दैन,जो वेदीय परम्पराको सोझो अनुकरण मात्र हुनसकेको छ, बैज्ञानिक र आधुनिकीकरण हुन सकेको छैन । पश्चिम भौतिक जागरण सहित माथि उठेको पन्ध्रौं शताब्दीलाई मान्ने हो भने त्यसलाई वा त्यो भन्दा निक्कै अघिको समयलाई पूर्वको बैदिक युगको अन्त्य मान्नु पर्दछ । सम्भवतः त्यही समयावधिभित्र पश्चिमले पूर्वको प्राच्य ज्ञानलाई आधुनिकीकरण गरे, तर पूर्व बैदिक युगमै निदाएको मान्नु पर्दछ । पश्चिमले गरेको भौतिक प्रगतिले सारा जीवन र जगतलाई तीव्र गतिमा छोप्दै लग्यो । बिज्ञानले लगातार नयाँनयाँ चमत्कार गर्दै ल्यायो र त्यसको सुखभोगबाट कहिल्यै मुक्ति नपाउने गरी मानिसलाई बन्दी बनाउँदै लग्यो । पश्चिमाले गरेको भौतिक विकासका सामु झस्किएर पूर्वीय जगत ब्युँझिदा तिनलाई आफ्ना प्राच्य ज्ञान अर्थात् आध्यात्मिक चिन्तन, दर्शन र आदर्श समय प्रतिकूल काम नै नलाग्ने खोक्रो आडम्बरझैं प्रतीत भयो । तिनले ती दर्शनका बोझिलो भारी बोकिरहन नसक्ने भए । तिनलाई आफ्नो चिन्तन, दर्शन र आदर्श बोझिलो भारी मात्र लाग्न थाल्यो । आफ्ना पुर्खाहरुको हजारौं वर्षको साधना, चिन्तन, त्याग र तपस्याद्वारा प्राप्त ज्ञान र दर्शनलाई झोड़ीमा फालेर ती पश्चिमतिर भड्किन थाले ।

आफ्ना पुर्खाले दिएको आध्यात्मिक ज्ञानको उज्यालोलाई भौतिकरुप दिने तिनमा समय बाँकी रहेन । यसको अर्थ पूर्वीय परम्परामा ज्ञानलाई बिज्ञान बनाउने र बिज्ञानलाई ज्ञानमा रुपान्तरण गर्ने ज्ञान पद्दतिको बिकास हुन सकेन । पश्चिम हरेक ज्ञानलाई बिज्ञान बनाउन उद्दत रहे । बिज्ञान माथि बिश्वास गर्ने परम्पराको बिकास गरे र प्रयोगधर्मी र साधनमा तल्लिन रहे । फलत तिनले बिज्ञानमा सफलता प्राप्तगर्दै गए र संसारलाई आधुनिक युगमा पुर्याए । पूर्वले आफ्नो ज्ञानलाई बिज्ञान बनाउन नसक्दा तिनका ज्ञान वास्तबमा ज्ञान नभएर ज्ञानको नक्कल वा ढोंग मात्र बन्न पुग्यो ।

ति जो कोही आध्यात्मिक चिन्तन र दर्शनलाई आफ्नो ज्ञान भण्डार मान्दथे तिनले धर्मलाई शुद्ध बनाइरहन कर्म पवित्र हुनु पर्छ भनेर गीतामा वर्णित कर्मयोगको विशद व्याख्यालाई जीवनको साधना बनाइरहन नसक्ने भए । ती सबै हतार र हतास मानसिकताले तितरबितर भएर चारैतिर छरिए । कोही आफ्नोपनबाट भड्किएर बाहिर निस्किए र पश्चिमाको भौतिकताको अन्धभक्त भए । कोही जो आफ्नोपनसँग जोडिएर रहेजस्तो गरे, तर सारा जगत कल्याणका निम्ति आफ्ना पुर्खाले छाडेर गएको आध्यात्मिक चिन्तन, ज्ञान र दर्शनको शास्त्रलाई तिनले स्वार्थसिद्धिका अस्त्र बनाए । स्वार्थले कर्मलाई दुषित तुल्याउँछ र दुषित कर्मले धर्मलाई दोषी वा कलङ्कित बनाउँछ । ती त्यही दूषित धर्मका लागि लड्ने,भिड्ने र टुक्रिने हुँदै गए । यसरी कहिल्यै माथि उठ्न नसक्ने गरी तीव्र गतिमा पूर्वीय चिन्तन परम्पराको स्खलन हुँदै गयो ।

विश्वको सनातन धर्म, हिन्दुधर्म पतनको कारण यही भयो । अब हिन्दु धर्मलाई कुनै धर्माभिरु वा राजनैतिक शक्तिले मात्र बचाउन र सुरक्षा दिन सक्दैन भनेर भर्खरै नेपालमा आएको राजनैतिक परिवर्तनले स्पष्ट पारिसकेको छ । हिन्दु धर्मको वा बैदिक ग्रन्थहरुको औचित्य अझैसम्म पनि अन्त्य भइसकेको छैन, त्यसका कैयन अंगहरु काम नलाग्ने र समय प्रतिकुल पनि भइसकेका छन् र थुप्रै अंगहरुका औचित्य अझै पनि समप्त भएको छैन । ती ज्ञान अझैसम्म पनि उपयोगी छन्, तर ती सबै केही बिकारहरुका साथसाथै झोडीमा जाने अवस्था निश्चित भइसक्यो । तसर्थ हिन्दुधर्म र त्यसको ज्ञानलाई बचाउने एउटा मात्र विकल्प हो- हिन्दुधर्म सुधार आन्दोलनको आबश्यकता । कारण हिजो बैदिक युगमा धर्मले समाज सुधारको कार्य गर्यो र समाजकै कारण धर्म दुषित र बिकाराले युक्त बन्यो । अब समाजले धर्मको सुधार गर्ने बेला आएको प्रतीत हुँदैछ, जसले धर्मभित्रको विकारको परिशोधन गरोस र त्यसको परिष्कृत रुप समयानुकुल होस् । धर्म सुधार आन्दोलनका लागि हिन्दु धर्मले आफूलाई हिन्दुबादबाट स्वतन्त्र र मुक्त गराउनु पर्छ र त्यो अवशर भर्खरै नपालको राजनीतिले दिएको छ ।

यसरी धर्म पतन हुँदा पूर्वीय चिन्तन परम्पराको स्खलन हुनपुग्यो । आज भौतिक ज्ञान र धन दुवैका लागि पश्चिम भड्किन पर्ने अवस्था आयो भन्दा हुन्छ । आज अधिकांस मान्छेहरु भौतिक सम्पन्नताको खाजमा आफ्नोपनवाट भड्किने परम्पराले पूर्वको डायस्पोरा अन्यत्र छरिन पुग्नका सहायक कारणहरु बने ।

## ४.डायस्पोराका कारणहरु

हरेक डायस्पोराको निर्माण आफ्नो पुर्ख्यौली भूमि अथवा राष्ट्र र आफ्ना जाती र वंशजहरु त्यागेर पराय मुलुकमा पुगी स्थापना हुने अल्पसंख्यक समुदायबाट बनेको हुन्छ । डायस्पोरा पराय मुलुकमा पुगेर स्थापना हुने भएकोले त्यो फरक भूगोल र प्रकृतिको वस्तुस्थितिले निर्माण भएको हुन्छ ।

(क) फरक भूगोल र प्रकृति
(ख) फरक ब्याबस्था र भौतिक संरचना
(ग) फरक इतिहास र अभ्यास

**(क) फरक भूगोल र प्रकृति :** डायस्पोरा आफ्नो मूलराष्ट्र वा उद्गम थलोभन्दा पर पराय भूमि वा राष्ट्रको नामले मात्र फरक हुँदैन । डायस्पोराको फरक भूगोल भनेको त्यहाँको भूअवस्था र बनोट पनि हो । त्यो राष्ट्रको भौगोलिक अवस्थिति वा त्यहाँको भूगोलको अवस्थिति, देश, देशान्तर, महादेश, सागर, महासागरजस्ता भौगोलिक सीमा हुन्छन् । त्यो होष्ट मुलुकले आफ्नो राष्ट्रमा गरेको भौतिक प्रगति, सभ्यता, उच्चप्रविधिद्वारा निर्मित सम्पन्न सहर, नगरहरु, विद्यालय, सुविधायुक्त गाउँ, सडक, राजमार्ग, पूल, बिजुली र पानीको व्यवस्था, व्यवस्थित र कलात्मक घर र महलहरु, उधोगधन्दा, कलकारखाना, व्यापारिक केन्द्र, दैनिक उपभोग्य बस्तुहरुको बजार व्यवस्था सबै भौतिक विकासका आधारहरु हुन् । त्यो होष्ट मुलुकले गरेको भौतिक उन्नति र सभ्यताले त्यहाँको जीवन दैनिकी बनेको हुन्छ । त्यो डायस्पोराको फरक भूगोल हो । भूगोलसँग प्रकृति सम्बद्ध हुन्छ र फरक भूगोलको भू-वनोट र वस्तुस्थितिले प्रकृतिलाई प्रभावित तुल्याइरहन्छ । धर्ती, ढुङ्गो, माटो, जल, वायु, वनस्पति, जीवप्राणी, सूर्य, चन्द्र र नक्षत्र उस्तै उस्तै लागे पनि फरक भूस्थितिले प्रकृतिमा वातावरण र मौसम चलायमान, गतिशील र परिवर्तन भइरहन्छ । मरुभूमि, सदावहार र पतझडको मौसम एकनास हुँदैन । मरुभूमिमा गर्मी अधिक र वृष्टि कम हुने, सदावहारको मौसममा गर्मी र अधिक वर्षा हुने, कुनै ठाउँ गृष्मयाममा सुख्खा हुने र हिउँदमा अधिक वर्षा हुने र कुनै ठाउँमा गृष्मयाममा बढी वर्षा हुने र हिउँदमा सुख्खा हुने गर्दछ । पृथ्वीमा सूर्य, जल र वायुको गतिले फरक भूगोलअनुसार प्रकृतिलाई असर पारिरहन्छ । तसर्थ, फरक भूगोलअनुसारको प्रकृतिको स्वभाव भिन्न हुन्छ । फरक प्रकृतिअनुसारको मानिसले आफ्नो जीवनपद्धति बनाएको हुन्छ । प्रकृतिअनुसारको उसले बासस्थान, घर, सहर, नगर, खानपान, वस्त्र, आभूषण बनाएको हुन्छ । जसले उसको पहिचान र मौलिकताले प्रतिष्ठा निर्माण भएको हुन्छ ।

**(ख) फरक ब्याबस्था र भौतिक संरचनाः**

होष्ट मुलुकको आफ्नै प्रकारको सामाजिक संरचना हुन्छ र धर्म संस्कृति र संस्कार हुन्छ । धर्म, पूजाआजा, तीर्थ, व्रत, भगवान, उपासना र जनविश्वास, चाड, पर्व, जन्मदेखि

मृत्युसम्मका लोकरीतिहरु हुन्छन्, जसले त्यहाँको जनजीवन र जीवन पद्धति विकास भएको हुन्छ । जनताको जीवन र राज्यलाई व्यवस्थित गर्ने र सञ्चालन गर्ने राजनीतिक व्यवस्था हुन्छ । हरेक राष्ट्रको राजनीतिक पद्धतिअनुसारको विधिविधान, ऐन, नियम, कानुन हुन्छ र त्यसको पालना अनिवार्य हुन्छ । यी सारा विषयहरुको सम्मिलन भएर राष्ट्रको राष्ट्रियता निर्माण भएको हुन्छ, त्यसले डायस्पोरालाई प्रत्यक्ष प्रभाव पार्दछ ।

**(ग)द्वैध इतिहास र अभ्यास** : इतिहास कुनै पनि जातिको गौरव र राष्ट्रको प्रतिष्ठाको विषय हो । इतिहासले त्यो जातिलाई वर्तमान दिइरहेको हुन्छ र वर्तमानले भविष्यलाई निर्देशन गरिरहेको हुन्छ । यी तीन कालखण्डको चक्रमा मानिस परिक्रमा गरिरहन्छ । मानिसले गरेको प्रगति र अधोगति इतिहासले बताइरहन्छ । यही कारणले इतिहास मानिसका लागि गर्व र राष्ट्रको प्रतिष्ठाको बिषय हुन्छ । डायस्पोरा आफ्नो मातृभूमि त्यागेर पराय भूमिमा स्थापना हुन पुगेको अल्पसंख्यक समुदाय हुने हुनाले यो द्वैध ऐतिहासिकताले बनेको हुन्छ ।

मानिस आफ्नो संस्कारलाई प्रेम गर्ने र अरुको संस्कारलाई सम्मान गर्ने जाति हो । नयाँ भूमिमा रहँदा आफ्नोपनप्रतिको प्रेम भावना अधिक जाग्ने र आफ्नो राष्ट्र र राष्ट्रियताको गौरव र भक्तिभाव हुने भएता पनि उसको मनमा होष्ट मुलुकको इतिहासप्रति पनि सम्मान भाव रहनु पर्ने हुन्छ । नेपाल-अङ्ग्रेज युद्ध र सन् १८१६ मा सम्पन्न सुगौली सन्धिपछि स्थापना भएको गोर्खा भर्ती परम्पराले निर्माण भएको लाहुरे डायस्पोराले भिन्न ऐतिहासिकता बोकेको छ । सुगौली सन्धिका कारण नेपालले गुमाउन परेको भूभागबाट बन्न गएको भारतीय नेपाली डायस्पोरा, भारतीय गोर्खा सेना र बेलायती सेनामा गोर्खा भर्ति परम्पराले बन्न गएको लाहुरे डायस्पोरा संसारका थुप्रै देशहरुमा निर्माण भएको छ । सन् १९९७ पछि गोर्खा सैन्य र तिनका आफन्त, परिवारजन र नाता सम्बन्धले निर्माण भएको हङकङ नेपाली डायस्पोरा र गोर्खा सैन्य सङ्गठनको निरन्तरताले बनेको, सिङ्गापुर, ब्रुनाई र बेलायती डायस्पोराको भिन्नै ऐतिहासिक मान्यता छ । प्रथम र दोस्रो विश्वयुद्धमा घाइते, बिरामी र हराएर बर्मा, फिजी, मलेसीया र पपुआन्युगेनियासम्म निर्माण हुन पुगेको नेपाली डायस्पोरा गोर्खा सैन्यसँग सम्बन्ध राख्दछ । गोर्खा सेनाले युद्धमा देखाएको बहादुरीता तथा इमान्दारिताप्रति विश्वले तिनलाई दिएको मान-प्रतिष्ठा अन्य डायस्पोरासँग त्यसको तुलना छैन ।

यसरी पुख्यौली भूमिबाट बिच्छेद भइ किनाराकृत भएको समुदाय होष्ट मुलुकमा पुगेर त्यहाँको फरक भौगोलिकता,राज्य व्यवस्था,नीति नियम,कानुन,धर्म,संस्कृति, संस्कार र जीवनको अभ्यास आरम्भ गर्दछ । पुर्ख्यौली भूमि र होष्ट मुलुकगरी दुइ फरक जीवनको अभ्यासले डायस्पोरिक समुदायको समाजशास्त्र, इतिहास, तिनको मनोविज्ञान, संस्कृति र साहित्य कलालाई अर्कै बनाई दिन्छ ।

**५. डायस्पोराको दुःख**

आफ्नो देश वा जन्मथलोबाट विच्छेद भएर पराय भूमिको फरक सामाजिक संरचनामा प्रवेश हुँदा त्यहाँ जीवनमा कल्पनासमेत नगरिएको दुःखहरुको पनि सामना गर्नु पर्दछ । तसर्थ, डायस्पोराका दुःखहरु भौतिक र मानसिकगरि दुई प्रकारका हुन्छन् ।

**(५.१) भौतिक दुःख**

भौतिक दुःख पनि मूलभूमिसँगको विच्छेद र नयाँ मुलुकमा अस्तित्व स्थापनाका लागि सङ्घर्ष गरि दुई प्रकारका हुन्छन्-

**(क) मूलभूमिसँगको विच्छेद :** डायस्पोरा पैतृक भूमिबाट बिच्छेद भएर नवभूमिमा पुग्दछ, जसले प्रवासपीडा दिन थल्दछ । नयाँ जीवन, समाज, संस्कार र संस्कृति उसको लागि नयाँ चुनौति भएर उभिन्छ । नवभूमिमा अर्को जीवन शून्यबाट आरम्भ गर्नु पर्दा घरदेश जस्तो परदेश नहुदोरहेछ भन्ने पीडाबोध हुन थाल्दछ । आरम्भमा नयाँ उत्साह, उमङ्ग र ठूला मनोकांक्षा लिएर मानिस परदेशिए पनि परदेश सोचेजस्तो सुखमय हुँदैन र कालान्तरमा उसलाई आफ्नो मूलभूमिसँगको विछोडले पीडाबोध हुन थाल्दछ । परदेश जति सम्पन्न भए पनि आफ्नो मूलराष्ट्र जस्तो सहज र अपनत्वको भावनाले परिपूर्ण हुँदैन । परदेशमा प्राप्त जतिसुकै उत्तम अवसरले उन्नति र प्रगति गरेर जीवनलाई सुखसयलमा राख्न सफल भए पनि मातृभूमिविहीन समाजमा अप्रतिष्ठित जीवन व्यर्थ लाग्न थाल्दछ । मूलभूमिसँगको विच्छेदले मनमा पश्चाताप, हिनतावोध र लघुताभासले छोपिरहन्छ ।

**(ख) नयाँ मुलुकमा स्थापनाका लागि सङ्घर्ष :** एउटा देशको सामाजिक संरचना, धर्म, संस्कृति, संस्कारद्वारा निर्मित जाति अर्को देशको भिन्न परिवेशमा प्रवेश हुँदा उसको जीवनको दैनिकीमा परिवर्तन आउँछ । उसको स्वभाव, बाँच्ने शैली र जीवन प्रणालीमा विचलन वा विघटन हुन स्वभाविक हुन्छ । अविकसित वा अल्पविकसित देशका मान्छे अप्रत्यासित अर्काको देशको अत्याधुनिक सहर र सभ्यतामा प्रवेश हुँदा त्यहाँको स्थिति उसले सोचेको र कल्पना गरेको भन्दा परको विषय हुन्छ । अचानक त्यो यथार्थको उसले सामना गर्न पर्दछ । बाहिरबाट हेर्दा अति सुविधा सम्पन्न अत्याधुनिक सहरभित्रको भोगाइको विकटता अर्कै भेटिन्छ । कतिपय अल्पविकसित देशबाट आएका मनिसहरुलाई अतिविकसित देशका अत्याधुनिकताले कल्पना गर्न नभ्याइएका विपत्ति र मानसिक यातना थोपरिदिन्छ । अल्पविकसित देशको शैक्षिक योग्यतालाई मान्यता प्राप्त नहुँदा योग्यताको अभावमा नोकरीको समस्या, भाषाको समस्या, फरक देशको राज्यव्यवस्था, नीति-नियम, कानुनको अज्ञानता र अल्पज्ञानले उत्पन्न अन्योलता, असफलता, धोका, ठगी, तिरस्कार र अवहेलनाको शिकार बन्नु पर्दछ । फरक समाजमा स्थापित हुन विभिन्न समस्याहरुसँग लड्नुपर्ने हुँदा जीवन अझ सङ्घर्षमय बन्दछ ।

**(५.२) मानसिक दुःख**

परदेशमा भौतिक दुःखभन्दा अधिक मानसिक दुःख हुने गर्दछ ।

(क) गृहविरह (अतीत मोह)

(ख) परदेश आफ्नो नहुनु र घरदेश पराय हुँदै जानु

(ग) अस्तित्व विलयको भय

**(क) गृहविरह :** प्रबासमा पुगेर अनुभूत हुने एक्लोपन, एकान्तिकता, बिरानोपन, वेसाहराको उदासीले व्यक्तिलाई आफ्नो अतीततिर फर्काएर लैजान्छ, जसले व्यक्तिलाई गृहरोगी,गृहबिराम, अतीतमोही बनाउछ र एकप्रकारको अर्धमनोरोगी जस्तै हुन पुग्दछ । आफ्नो मूलभूमिबाट बिस्थापित भएर नविन मूलुकमा स्थापित समाजलाई जन्मभूमि स्वर्गभन्दा प्यारो लाग्दछ । यो वाक्यको मर्मलाई वास्तविकतामा मानिसले प्रवासमा पुगेर वा रहेर मात्र अनुभूत गर्दछ । विभिन्न कारण वा बाध्यताले आफ्नो राष्ट्र, जन्मभूमि र स्वजन त्यागेर बाहिरिँदा ठूलो पीडाबोध हुन थाल्दछ । आफन्त, छिमेकी, नातागोतासँगको विछोड वा पृथकीकारण, स्थानान्तर र बिस्थापनको भयले प्रवासमा सताइरहन्छ । छुटेको समाजको याद, मातृभूमिको प्रेम, देशभक्तिको भावना मनमा प्रगाढ भइरहन्छ । आफ्नोपन, धर्म संस्कृति, संस्कार भाषा, साहित्य र कलासंगको बिच्छेद र एक्लो बिरानोपनको कारण पूर्वस्मृतिले दुखी बनाईरहन्छ र अतीत मोहले सताइरहन्छ । सम्झनाहरुले मानसपटल छोपिरहन्छ । परदेशमा प्राप्त हुने सुख, दुःख, प्रेम, घृणा, भैतिक एवं मानसिक स्थितिले मातृभूमि सम्झाइरहन्छ । त्यहाँको भूगोल, प्रकृतिछटा र वस्तुस्थितिका दृश्यहरुले मातृभूमिको सादृश्य स्मृतिचित्रको झल्को दिइरहन्छ । डायस्पोरा त्यहाँको भौगोलिक स्थितिसंग आफ्नो मातृभूमिको झझल्कोलाई सत्य मानेर बाँच्न पर्ने एक प्रकारको भावनात्मक पागलपन त्यहाँ हुन्छ ।

**(ख) परदेश आफ्नो नहुनु र घरदेश पराय हुँदै जानु :** आफ्नो उद्गम थलो वा राष्ट्र र आफन्तहरुबाट छुटेर गएपछि समय द्रूतगतिमा बितेर जान्छ । यही क्रममा ऊ आफन्तहरुको मानसपटलबाट धुमिल हुँदै जान्छ । आफू छुटेकै पुस्तामा उसको चलअचल सम्पति अर्काको अधिनमा पुगिसकेको हुन्छ । दोस्रो पुस्तामा ऊ कुनै अतीत वा इतिहासजस्तो भइसकेको हुन्छ । एकातिर ऊ आफ्ना आफन्त, छिमेकी र गाउँबाट तीव्र गतिमा पराय बन्दै जान्छ भने अर्कोतिर राज्यको तर्फबाट पनि ऐन, कानुन, नीति नियम र विधिविधानगत नै अनागरिक बन्दै जान्छ । उसको लागि घरदेश छिट्टै परदेश बन्ने र परदेश कहिल्यै घरदेश नबन्ने क्रम रहिरहन्छ । नेपालको सन्दर्भमा हिजो बर्मेली नेपाली स्वदेश फर्किदा देशले आफ्नो नागरिक स्विकार गरेन । भारतबाट असाम र मेघालयका नेपालीलाई बिस्थापित गराईए, तिनलाई देशले केहि दशक अधिको नागरिकलाई अनागरिक भन्यो । वास्तवमा ती केही पुस्ताअघि मात्रै नेपालका शासकले आफ्नो स्वार्थसिद्धिका निम्ति भारतका अङ्ग्रेजलाई खुशी तुल्याउन कोइला खानीमा नेपाली मजदुर पठाएका थिए । भुटानी नेपाली भुटानबाट लखेटिए, तिनलाई आफ्नै मातृभूमिले बीसौं वर्ष शरणार्थी बनायो । वास्तवमा ती भुटानी नेपालीलाई कामदारका रुपमा भुटानले नै आमन्त्रण गरेको थियो । यसरी डायस्पोरा आफ्नो घरदेश र परदेश बिचको अनिश्चितता गुज्रेको हुन्छ ।

**(ग) अस्तित्व विलयको भय** : परदेशमा सधैँ अपरिचय, असुरक्षा र अस्तित्व विलयको भयले सताइरहन्छ । जीवनमा कहिल्यै नभोगेको, नसोचेको र कल्पना नगरेको विसङ्गत परिस्थितिको

सामना गर्नु पर्दछ । दु:ख, हण्डर र ठक्कर खानु पर्दछ । परदेशमा प्राप्त आंशिक सफलतालाई अधिकतम असफलताको पहाडले थिच्दै जान्छ । जसले गर्दा मनमा घोर निरासा, असन्तोष, उदासी र वेचैनी बढ्दै जान्छ । त्यहाँ जतिसुकै भौतिक सुखसयल प्राप्त भए पनि मनमा भयले समातिरहन्छ । सधैं अपरिचय आत्महीनता, असुरक्षा, अस्थिरता, अशान्ति, दुश्चिन्ता र विस्थापनको पीडाले सताइरहन्छ । आत्मपहिचानको सङ्कटले घेर्दछ । आफ्ना सन्तानका भविष्यप्रति त्रास र दुश्चिन्ताले पिरोलिरहन्छ । मानिसको मौलिकता भनेको उसको समाज र राष्ट्रले दिएको धर्म, संस्कृति, संस्कार र लोकरीतिथिति हो । त्यो प्रवासमा प्रभावित हुँदै जान्छ र अस्तित्व विलयको सङ्कटमा पर्दछ ।यी जाती दुई फरक भूगोललाई टेकेर आफ्नो अस्तित्व निर्माणका लागि उभिएका हुन्छन । यी समुदाय आफ्नी पहिचान र अस्तित्वको लागि दोहोरो संकटमा फसिरहन्छ । आफ्नो पुर्ख्यौली राष्ट्रले नागरिकको स्तरबाट पाखा लगाउने र होष्ट मुलुकले आफ्नो नगरिकको रुपमा हृदयले नस्वीकार्ने जस्ता अवहेलना र तिरस्कारको शिकार भइरहन पर्ने हुन्छ । मूलराष्ट्र र होष्टराष्ट्रको बिचको अवहेलनाको दोहोरो शिकार भैरहनपर्ने र आफ्नो पहिचानको लागि दोहोरोर संघर्ष गरिरहनपर्ने बाध्यता हुन्छ । जस्तो भर्खरै निर्माण भएको नेपालको २०६२/६३ को नयाँ सबिधानमा दुई देशबिचको सम्बन्ध वा सम्झौताबिहिन गैरआवाशीय नेपाली समाजले दोहोरो नागरिकताको अधिकारप्राप्त गर्नु र सन् ३ मार्च १८१६ को नेपाल र वेलायतबिचको सुगौली सन्धिको धारा ७ बमोजिम द्वैदेशको सम्झौता अनुशार निरन्तरता पाउदै आएको आफ्नो देशको नागरिक ब्रिटिश गोर्खा,जसलाई वेलायती सेनामा पठाए बापत राज्यले बर्षेनी रोयल्टी खाने गर्दछ,तिनलाई अनागरिक बनाउनु ज्वलन्त उदाहरण हुन् । यसरी द्वयदेशबाट नै सिमाङ्कृत डायस्पोरिक समुदायलाई अपरिचयको संकटमा पारिने कार्य भइरहन्छ ।

कुनै राष्ट्रको भाषा, संकृति, संस्कार र धर्मले बनेको मानिस अर्कै राष्ट्रको सभ्यतालाई अँगाल्न पुग्नु डायस्पोराको बाध्यता हो । आफ्नोपनलाई बचाउँदै र अर्काकोपनलाई अपनाउँदै दुई संकृतिको बीचमा जोडिएर रहनु अत्यन्तै जोखिम कार्य हो । बहुसङ्ख्यकले अल्पसङ्ख्यकलाई आकर्षण गर्दै लानु र कालान्तरमा अल्पसङ्ख्यकलाई प्रभावित पार्दै लैजानु स्वाभाविक हुन्छ । जसले अल्पसङ्ख्यक समुदायको संवेदनशील अङ्गहरुमा प्रहार गर्दै जान्छ ।

(अ) धर्म र संस्कृतिमा

(आ) भाषामा

(ई) वंशानुक्रममा

**(अ) धर्म र संस्कृतिमा :** कुनै पनि मानिसलाई जन्म देखि मृत्युतक उसको हर कृयाकलापलाई निर्देशीत गर्ने भनेकै उसको मान्दै आएको धर्मले हो । धर्मले नै मानिसलाई सधैं नैतिक बन्धनमा बाँधेर राखेको हुन्छ । मानिसको परिचयको सबैभन्दा अधिक र सबैभन्दा महत्वपूर्ण पाटो नै उसले अवलम्बन गरेको धार्मिक दर्शनले निर्माण भएको हुन्छ र धर्मले नै ती जातीलाई एकताबद्ध गर्ने सुत्रको रुपमा दिर्घकालीन समाजिक सन्जालको काम गर्दछ ।

धर्मद्वारा नै मानिसले अनुशरण गर्ने संस्कार र संस्कृति निर्देशीत भएको हुन्छ ।

धर्म परिवर्तनले मानिसको संस्कार र संस्कृति पनि स्वतः प्रभावित हुने हुदा उसको पहिचान संकटमा पर्दछ । मानिसबाट संस्कृति हटाइ दियो भने उसको परिचय रहँदैन कारण संस्कृति मानिसको जीवन पद्धतिसंग गाँसिएर जीवन निर्वाहको लामो श्रृङखलाबद्ध कर्मकाण्ड र संस्कारको परिस्कृत रुप हो । उसको संस्कृति (धार्मिक पर्व, राष्ट्रिय चाड, पर्व, उत्सवहरु, जन्म, विवाह र मृत्युसम्मको लोक र रीतिथिति सहित स्वतस्फूर्त सामाजिक सञ्जालले बनेको हुन्छ । उसको मौलिक जीवन, सामाजिक रहन-सहनको सन्तुलनमा विचलन, खानपिन, पहिरन र आभूषणमा परिवर्तन हुन्छ । डायस्पोरा आफ्नोपन र परायपनको बीचमा जोडिएर रहेको हुन्छ । यो स्थितिमा उसले आफ्नोपन बँचाउन र परायपन स्वीकार्नुपर्ने बाध्यता हुन्छ । त्यहाँ अल्पसङ्ख्यक समुदाय बहुसङख्यकको चपेटामा परिरहने हुँदा उसको आफ्नोपन पातलिने र परायपन बाक्लिदै जाने क्रम बढिरहन्छ । त्यहाँ पूर्णरुपमा आफ्नोपन त्याग्न र अर्काकोपन अँगााल्न नसकिने अवस्थाले दुई फरक संस्कृतिको सम्मिश्रण हुन पुग्दछ र त्यो सांस्कृतिक रासायानिकताले तेस्रो ठिमाहा (हाइब्रिट) संस्कृतिको जन्म हुन पुग्दछ । त्यो तेस्रो ठिमाहा संस्कृति डायस्पोरिक संस्कृति बन्दछ ।

**(आ) भाषामा :** कुनै पनि जातिको मौलिक पहिचान उसको भाषा, धर्म, संस्कृति र संस्कार हो । उसको संस्कृति र संस्कार भाषाको प्राणले बाँचेको हुन्छ र पहिचान निर्माण भएको हुन्छ । परदेशमा ती अल्पसङ्ख्यक समुदायको भाषा क्षयीकरणको सङ्कटमा पर्दछ । कुनै पनि मुलुकको आफ्नो राष्ट्रिय भाषा हुन्छ, जसले राज्यव्यवस्था सञ्चालनमा आधिकारिक माध्यमको रुपमा कार्य गर्दछ । ती बसाइँ सरेका अल्पसङ्ख्यक समुदायले त्यो मुलुकको भाषालाई स्वीकार्न अनिवार्य हुन्छ । त्यहाँको समाजसँग पनि उसले त्यही भाषाको साहराले सम्पर्क बनाउनु पर्दछ । यी कारणहरुले ती अल्पसङ्ख्यक समुदायका लागि त्यहाँको भाषा अनिवार्य हुन्छ र आफ्नो भाषा गौण बन्दै जान्छ ।

त्यहाँको भौगोलिकता, भौतिक संरचना, भौतिक सामग्री, खानपिन, पहिरन, आभूषणहरुमा प्रयुक्त हुने त्यहाँको राष्ट्रिय भाषा र भाषिकाका कारण ती अल्पसंख्यक समुदायको बोलिने भाषा मात्र होइन लेखिने भाषासमेत प्रत्यक्ष प्रभावित र अतिक्रमित हुँदै जान्छ । सर्बप्रथमतः ती द्वैभाषी वा बहुभाषी बन्न पुग्दछन् र पुस्तान्तर पछि परभाषामा बिलयन हुन पुग्दछन् । आज अधिकांश युरोपको अङ्ग्रेजी भाषी मुलुकमा स्थापित नेपाली डायस्पोरामा बोलिने र लेखिने नेपाली भाषामा अधिकतम अङ्ग्रेजी शब्दको मिश्रण तथा अपभ्रम्शीत भाषाको प्रयोग उनीहरुको बाध्यता हो । नेपाली भाषामा अधिकतम अङ्ग्रेजी शब्दको सम्मिश्रण र अपभ्रम्शीत नविन शब्दहरुको प्रयोगले नेपाली डायस्पोराको भाषीक रुप अर्कै बन्दैछ । यसरी डायस्पोरामा आफ्नो मौलिक भाषा जीवित रहँदासम्म पनि परभाषासंग मिश्रण हुन पुग्दछ । तसर्थ प्रवासमा आफ्नो भाषा क्षयीकरण र परभाषामा बिलयन हुने सम्भावना अधिक रहन्छ ।

**(इ)वंशानुक्रममा :** मानिस अन्य प्राणीझैं आफूसँगसँगै आफ्नो वंशानुक्रमलाई निरन्तरता दिने प्राणी हो । यसले उसको परिवार र समाज निर्माण भएको हुन्छ । त्यसका निम्ति उसले प्रेम-

वैवाहिक सम्बन्धबाट परिवारको स्थापन गर्न आफ्नो संस्कारगत विधिविधान र नियमको पालना गर्नु पर्दछ र त्यो जाति विशेष हुने गर्दछ । तर प्रवासमा अल्पसङ्ख्यकका रुप रहेका समुदायमा मात्रै वैवाहिक सम्बन्ध टिकाइरहन सकिँदैन । तिनले आफ्नै जातिसँग मात्रै सम्बन्ध बनाइरहन सम्भव हुँदैन । अन्ततः त्यो प्रेम, वैवाहिक सम्बन्ध त्यहाँका बहुसङ्ख्यक समुदायमा सर्दै जान्छ र वंशानुक्रम पनि अतिक्रमित हुने सम्भावना बढी रहन्छ । दुई फरक जातीको मिश्रण अर्थात् बैबाहिक सम्बन्धबाट जन्मिएका सन्तानहरुको शारीरिक र मानसिक रुप तेस्रो रंगमा गोचर हुनपुग्दछ । बेलायती डायस्पोराबाट आफ्नै जाति वा समुदायमा वंशानुक्रम टिकाइरहन भारत, पाकिस्तान र बंगलादेशले ईण्डीयन मेट्रिमनी डट कम, पाकिस्तान मेट्रिमनी डट कम र बङगलादेश मेट्रिमनी डट कम जस्ता वैवाहिक वेबसाइटहरुको सञ्चालन गरेर आधुनिक प्रबिधिहरुको उपयोग गरि यसको यथासक्य रोकथामका लागि नयाँ नयाँ बैकल्पिक मार्गहरु अपनाइएका देखिन्छन् ।

### ६.**डायस्पोराको सुख :**

डायस्पोरामा दुःख मात्र हुँदैन । त्यहाँ भौतिक एवं मानसिक दुःख र सुखको सम्मिश्रण हुन्छ । त्यहाँ मानसिक दुःख अधिक रहे पनि त्यही अनुपातमा भौतिक सुख पनि हुन्छ । त्यहाँको मानसिक दुखले उसलाई स्वदेश फर्काइरहन्छ भने भौतिक सुखले अल्झाइरहन्छ । ऊ सधैं मनले स्वदेश फर्किरहन्छ र शरीरले त्यहाँ बन्दी बनिरहन्छ । यसरी ऊ सधैँ अनिर्णयको बन्दी, द्वैध मानसिकताको रोगी र शिकार भइरहन्छ ।

(क) भौतिक सुख
(अ) भौतिक सम्पन्नताको उपभोग
(आ) फरक जीवन शैली वा पद्धति

**(अ)भौतिक सम्पन्नताको उपभोग** : धनी राष्ट्रहरु भौतिक विकाशले सुसम्पन्न हुन्छन् । तिनले गरेको भौतिक प्रगतिले आफ्ना नागरिकलाई सुख, सुविधा, सुव्यवस्था र सुरक्षा प्रदान गरेको हुन्छ । अत्याधुनिक सहर, घर, सडक, यातायात, थलमार्ग, जलमार्ग, आकाशमार्ग, सूचना र सञ्चार सबै सुगम सर्वसुलभ हुन्छन् । पानी, बिजुली, प्रविधिद्वारा व्यवस्थित हुन्छ । विद्यालय, अस्पताल र हुलाक सेवाको ब्यबस्था र जीवनको दैनिकीका आवश्यकताहरु किनमेल, सौदापातको बजार व्यवस्था व्यवस्थित हुन्छ । डायस्पोराका समुदायले ती सम्पन्न राष्ट्रको भौतिक सुखसयलको उपभोग गर्ने अवसर प्राप्त गर्दछ । यही नै उनीहरुको प्रलोभन र आकर्षणको विषय पनि बन्दछ ।

**(आ) फरक जीवनशैली वा पद्धति** : डायस्पोरा समुदायमा त्यहाँको समुदायको प्रभाव वा वातावरणले जीवनचर्यामा परिवर्तन ल्याउँदछ । उसले त्यहाँको समाजमा स्थापित हुनपर्ने हुँदा त्यहाँको वातावरणको अनुकरण गर्नुपर्ने वाध्यता हुन्छ । जागीर अनुसारको आयस्रोत बृद्दिहुँदै जाँदा दिनप्रतिदिन जीवन सुख भोगी बन्दै जान्छ । फरक प्रकृति र मौसमको कारणले पहिरन,

भेषभुषा, आभूषण र खानपिनमा परिवर्तन हुन्छ । नोकरी, व्यापार व्यबसायबाट आर्जित सम्पतिले सम्पन्न जीवन उच्चकोटिको प्रतीत हुन थाल्दछ । जीवन विलासितामा अल्मलिन पुग्दछ ।

**(ख) मानसिक सुख**

(अ) स्वतन्त्रता र स्वच्छन्दताको अनुभूति

(आ) अनुभव, क्षमता र ज्ञानमा बिकाश

**(अ) स्वतन्त्रता र स्वच्छन्दताको अनुभूति :** भौतिक सम्पन्नता,स्वतन्त्र र स्वच्छन्द वातावरण र अर्कै मुलुकको समाजको रहन सहनको बेग्लै अनुभूतिमा जीवन रमाउन थाल्दछ, अभ्यस्त हुँदैजान्छ । कारण स्वतन्त्रता मानिसको अन्तिम चाहना हुन्छ । तर स्वतन्त्रता कुनै पनि देशको

आफ्नो नीतिनियम, कानुन र धर्म, संस्कृति र संस्कारको बन्धन वा नियन्त्रणअनुसार हुने गर्दछ । पिछडिएको संकीर्ण समाजमा त्यहीअनुसारको बन्धन हुन्छ भने बिकसित र उदार समाजमा स्वतन्त्रताको सही उपभोग हुन्छ । स्वतन्त्रता मानिसको चेतनास्तर र सभ्यताद्वारा नर्धारित हुन्छ । त्यसको अनुभब र उपभोग डायस्पोराका समुदायलाई प्राप्त हुन्छ ।

**(आ) अनुभव, क्षमता र ज्ञानमा विकाश** : अध्ययन, अनुभव र अनुकरणद्वारा ज्ञान आर्जन गर्ने क्रममै मानिसले सारा जीवन व्यतीत गरिरहेको हुन्छ । अनुभव ज्ञान आर्जनको मूल स्रोत हो । अनुभवद्वारा नै योग्यता र क्षमताको विकास हुन्छ । नयाँ ठाउँ अथवा अर्कै मुलुकको नियम, कानुन, भाषा, धर्म, संस्कृति र संस्कार वा सामाजिक वातावरण र सभ्यतामा स्थापित हुने क्रममा जीवन धेरै सङ्घर्षमय बने तापनि नयाँ कुरा सिक्ने र अनुभव गर्दै जाँदा क्षमताको विकाससँगसँगै ज्ञान वृद्दि भएर जान्छ र त्यो अवसर डायस्पोरालाई प्राप्त हुन्छ ।

डायस्पोराले हाम्रो पूर्वीय चिन्तन परमपराको सनातन मान्यतालाई बदल्नपर्ने मोडमा ल्याइपुर्याएको छ । हिजोको पूर्वीय चिन्तन अत्यन्त एकलबाद बस्तुगत भन्दा मनोगत चिन्तनमा बढी रमाएर आयो । यसले समाज बिज्ञान र सामाजिक संरचनाले पनि बहुलता र स्वतन्त्रता भन्दा एकलबाद र सामुहिक प्रथा रोज्यो । तत्कालको समयमा एकलबाद र सामुहिक प्रथा बाह्य शक्तिबाट सुरक्षित रहनपर्ने अबस्थासम्मका लागि यो उचित रह्यो होला, तर आफ्नो भौतिक तथा बौदिक शक्तिको प्रभाबलाई विस्तारित गर्ने अवशरबाट चुक्यो । पश्चिमले एकलबाद र मनोगत चिन्तन भन्दा बहुलता र बस्तुबादी चिन्तन र स्वतन्त्रतालाई रोज्यो र आफूलाई पनि बिस्तारित गरे र विश्वज्ञानलाई पनि आफ्नो ज्ञान भण्डार बनाए । फलतस् आज पूर्वाले धन र ज्ञानको खोजमा पश्चिम भड्किन पर्ने अवस्था आयो ।

**७.होष्ट मुलुक उसको समस्या र अवसर**

आफ्नो मूलभूमिबाट विच्छेद भएर स्थापित हुनपुगेको डायस्पोराको देश उसको होष्ट मुलुक हो । हिजो जस्तो आजको संसार सूचना र सञ्चार जगत एकान्त र अनकन्टार छैन । अहिलेको डायस्पोरा मूलभूमि वा स्वदेशसँग सूचना र सञ्चारको मध्यमबाट निरन्तर जोडिरहने भएकाले होष्ट मुलुकलाई विभिन्न चिन्ता र समस्याहरु परिरहने गर्दछ ।

**(क) होष्ट मुलुकको समस्या :** आगन्तुक समुदायकालागि होष्ट मुलुकलाई शान्ति र सुरक्षा चिन्ताको बिषय हुन्छ । आफ्नो राज्य नियम, कानुन अथवा अन्तर्राष्ट्रिय कानुन बमोजिम उनीहरुप्रति समान व्यवहार, आफ्ना नागरिक सरह हक र अधिकारमा समान व्यवहार हुनबाट चुकिने सम्भावना रहन्छ । जसका कारण मित्र राष्ट्रसँग सम्बन्ध बिग्रिन जाने र अन्तर्राष्ट्रिय रुपमा बेइज्जत खेप्नुपर्ने हुन्छ । आफ्ना नगरिकसँग आगन्तुक समुदायको स्थापनामा समस्या पर्न सक्दछ । फरक सभ्यता, संस्कृति, संस्कार र धर्म सम्प्रदायबाट आएका आगन्तुक समुदायले आफ्नो मुलुकको सभ्यता, संस्कृति, संस्कार र सामाजिक संरचनामा विचलन र विघटन ल्याउने सम्भावना अधिक रहन्छ । उदाहरणार्थः अङ्ग्रेजले २०० वर्षदेखि गोर्खालीहरुमाथि अपनाउँदै आएको विभेदपूर्ण नीति र असमान व्यवहारका बिरुद्ध भूतपूर्व गोर्खालीहरुको समान अधिकारको आन्दोलनले वेलायत विभिन्न समस्या र सङ्कटमा फस्दै आएको छ । कानुनी न्यायका निम्ति मानव अधिकारका अदालतमा मुद्दा-मामिलादेखि सडक आन्दोलन, नारा, जुलुस, भोकहड्ताल र आमरण अनशनसम्मको समस्या बेलायतले बेहोरिरहेको छ । ती भूतपूर्व गोर्खालीलाई आफ्नो समाजमा स्थापनाका लागि भाषाको समस्या, सभ्यताको समस्या परिरहेको छ भने फरक संस्कारका कारण सामाजिक बेमेल, लडाइँ, झगडा, आपराधिक घटना र फौजदारी मुद्दा मामिला परिरहेको छ । अपहेलना, तुच्छ व्यवहार र अपशब्दका कारण बेलायतका सांसद जस्ता जिम्मेवार व्यक्तित्व समेत विवादमा मुछिएका छन् । यस्ता गतिविधिहरुलाई रोक्न बेलायतले पटकपटक आफ्नो नयाँनयाँ नीति, नियम र कानुनहरु बनाउन र पुरानोलाई संशोधन गर्न परिरहेको छ । यी होष्ट मुलुकका समस्याहरु हुन् । बेलायती नेपाली डायस्पोरा झैं अन्य डायस्पोरामा पनि आफ्नै प्रकारका होष्ट मुलुकका समस्याहरु हुन सक्तछन् ।

**(ख) होष्ट मुलकको अवसर :** आजको सूचना र सञ्चारको तीव्र विकासले विश्वलाई एक विश्वग्राम्य परिवेशमा हुर्काउँदै ल्याएको अवस्थामा डायस्पोरा समाज प्रवासमा पुगेर विलय हुने नभएर त्यहाँ स्थापित हुने समाजका रुपमा रुपान्तरित हुन पुगेको छ । त्यसका उदाहरणका निम्ति बेलायती नेपाली डायस्पोरिक समुदायले आफ्नो भाषा, संस्कृतिको अधिकारको हक दावी गर्न थालिसकेको अबस्था छ । आफ्नो भाषाको अध्ययनका लागि विद्यालयमा पठनपाठनको व्यवस्था र नेपाली संस्कृतिको संरक्षणका निम्ति नगर तथा स्थानीय ग्रामपरिसदहरुमा बजेटको माग र खोजि हुन थालेको छ ।

बिगत लामो समय देखि वेलायतमा बढ्दो आप्रबासीहरुको संख्याले उत्पन्न हुने बिबिध समस्याहरुको समाधानका निम्ति इन्टरनेशनल मल्टीकल्चरल सोसाइटीको स्थापना गरेर काम गरिरहेको छ । जसले आप्रबासीहरुमा पर्ने भाषाको समस्या,घर भाडा र घरको

व्यवस्था,स्वास्थ्य,नोकरी,तलब र भताको समस्या,नियम र कानुनको समस्याको समाधान गर्दै बहुसंस्कृतिक समझदारीलाई बढाउदै लगेर तिनलाई नयाँ समाजमा सरल र सहज ढंगले स्थापित गराउने कार्य गरिरहेको छ । यसले होष्ट मुलुक भाषा, संस्कृति र संस्कारको विविधताले समृद्धशाली बन्ने छ भने ती समुदायबाट आएका क्षमतावान व्यक्तित्वहरुको क्षमता पनि होष्ट मुलुकले उपयोग गर्ने अवशर प्राप्त गर्दछ । ती समुदायबाट आएका प्रतिभाशाली व्यक्तित्व, कवि, साहित्यकार, कलाकार, खेलाडी, समाजसेवी, राजनेता, व्यापारी, उधोग व्यवसायी होष्ट मुलुकको निधि हुनेछ ।

**८. नेपाली डायस्पोराका चरण** :

नेपाली डायस्पोरा निर्माणको कालखण्डलाई चरणमा बिभाजन गरेर बुझ्न सकिन्छ ।

(क) प्रारम्भिक चरण (किराँतबंशको शासनदेखि पृथ्वीनारायण शाहको एकिकरण सम्म)

(ख) दोस्रो चरण (नेपाल राज्यको एकिकरण देखि सन् १९४७ सम्म)

(ग) तेस्रो चरण (१९४८ देखि १९८९, बिसं २०४६)

(घ) चौथो चरण ( सन् १९९० देखि हाल सम्म)

**क) प्रारम्भिक चरण (किराँतबंशको शासनदेखि पृथ्वीनारायण शाहको एकिकरण सम्म):**

डायस्पोरा निर्माणका विभिन्न कारण हुन्छन् । नेपालको इतिहासमा नेपाली डायस्पोरा प्राचिनकालदेखि नै आरम्भ भएको तथ्य प्रमाणित हुन्छ । किरातकालीन युगमा किराती राजाहरु बाह्य देशससँग सम्बन्ध बनाउन उनीहरुको व्यापार व्यावसायको विस्तारको महत्वपूर्ण योगदान मानिन्छ । नेपालमा किरातहरुको शासनणकालमा भारतमा मगध साम्राज्यको युग थियो । नेपालको किरातकालमा भारतको मगध राज्यमा बिम्बसारको अतिरिक्त नन्दवंशी राजा र मौर्यहरुले शासन गरेका थिए । कौटिल्यको शास्त्रानुसार किरातकालमा नेपालको व्यापार मगधको राजधानी पाटलीपुत्रसम्म चलेको थियो । (नेपालको इतिहास र संस्कृति पृ. २५) ।

नेपालको लिच्छवि बंशका बहुप्रतिभाशाली र पराक्रमी राजा अंशु बर्माका छोरा उदय देवलाई आफ्नै भाइ ध्रुव देवले गद्दीबाट हटाएपछि उनी तिब्बत राज्यमा राजनीतिक शरण लिन पुगेका थिए । (ने.इ. र सं. पृ. ४१) तिब्बतसँग आफ्नो राजनीतिक सम्बन्ध बलियो बनाउन अंशु बर्माले आफ्नी छोरी भृकुटीलाई तिब्बतका राजा श्रङचङ गम्पोसँग विवाह गराइदिएका थिए । (ने.इ.सं. पृ.३१) ई.सं. १२६० मा चीनका वादशाह कुब्लाखाँका निमन्त्रणामा नेपालका ८० जना कालिगढ़को नेतृत्वसहित अरनिको चीन गएका थिए । बुद्ध धर्म प्रचारका लागि बुद्धले आफ्ना प्रिय भक्तहरुलाई संसार भ्रमणको आदेश दिएका थिए । उनी स्वयं पनि बाहिर निस्किएका थिए । यसरी हेर्दा राजनीतिक शरण, धर्म प्रचार, व्यापार व्यवसाय विस्तार,

वैवाहिक सम्बन्ध र कलाकारिताका लागि नेपालीहरुको मातृभूमि छाडेर प्रवासिने प्रचलन थियो भन्न सकिन्छ । यद्यपि आफ्नो पुर्ख्यौली भूमि त्यागेर प्रवासमा रहने अल्पसङ्ख्यक समुदायलाई डायस्पोरा भनिए तापनि नेपाल एकीकरणपूर्व एकल वा नगन्यरुपमा प्रवासिने परम्परालाई नेपाली डायस्पोराको प्रारम्भिक चरणका रुपमा मान्न सकिन्छ ।

**(ख) दोस्रो चरण (नेपाल राज्यको एकिकरण देखि सन् १९४७ सम्म)**

नेपाली डायस्पोरा निर्माणको दोस्रो चरणको रुपमा नेपाल एकीकरणपश्चात्को समयकाललाई लिन सकिन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानपश्चात् राजेन्द्र लक्ष्मी, बहादुर शाह, रणबहादुर शाहले राज्य विस्तार गर्दै विशाल नेपालको निर्माण गरे । इष्टइन्डिया कम्पनीको स्थापना गरेर भारत कब्जा गरिसकेपछि अङ्ग्रेजको आँखा नेपालमा परेको थियो । अङ्ग्रेजले आफ्नो व्यापार विस्तारका निम्ति तत्काल नेपालको कुमाउ, गढवाल र दार्जिलिङलाई आफ्नो आकर्षणको केन्द्र बनाएको थियो । यही क्रममा अङ्ग्रेजले नेपालको बुटवल स्युराज भन्ने ठाउँमा सीमा विवाद उत्पन्न गऱ्यो र नेपालसँग युद्ध गर्ने अनुकुल वातावरण बनायो । त्यसपछि नेपालले अङ्ग्रेजविरुद्ध सन् १८१४-१८१६ दुई वर्ष युद्ध गऱ्यो । सन् ३ मार्च १८१६ मा नेपालले अङ्ग्रेजसँग सुगौली सन्धि गरेपछि पूर्वमा मेचीदेखि टिष्टा र पश्चिममा महाकालीदेखि काँगडासम्मको विशाल नेपालले एकतिहाई भूभाग गुमाउन पऱ्यो । (ने.इ.सं.पृ. १४७-४९) सुगौली सन्धिले गुमाउन परेको भूभागबाट भौगोलिकताले ती नेपालीहरु भारतीय नेपाली हुन पुगे । ती भारतीय नेपाली नेपालले युद्ध पराजयपछि बन्न पुगेको पहिलो नेपाली अर्ध-डायस्पोरा हो । ती भौतिकरुपमा भारतीय हुन्, तर भाषा, संस्कृति, संस्कार, मन, भावना र मानसिकताले आजसम्म पनि नेपाली नै छन् । भारतको उत्तर बङ्गाल राज्यको दार्जिलिङले वर्षौंदेखि स्वतन्त्र गोर्खा राज्यको मागसहित आन्दोलन गरिरहनु आफ्नो पुर्ख्यौली भूमिप्रतिको प्रेम, भक्ति, आत्मसम्मान र अभिमानले हो ।

सुगौली सन्धिको धारा ७ ले नेपाली युवाहरु अङ्ग्रेज सेनामा भर्ति हुनपर्ने गोर्खा भर्तिको बाध्यात्मक परम्पराको थालनी गऱ्यो । (ने.इ. र सं. पृ. १५०) गोर्खा भर्ति परम्पराबाट निर्माण भएको गोर्खाली सेनालाई अङ्ग्रेजले भारतमा सिपाही विद्रोहको दमन गर्नेदेखि लिएर पहिलो र दोस्रो विश्वयुद्ध, मलाय युद्ध, फल्क्ल्याण्ड, बोस्निया, कोशोभो युद्धमा उपयोग गरे । हाल इराक र अफगानिस्तान युद्धमा समेत गोर्खाली सेना बेलायतको तर्फबाट युद्ध लडिरहेका छन् । दुई सय वर्षसम्मको गोर्खा भर्ति र युद्धले निकै ठूलो लाहुरे समाज निर्माण गरेको छ । बर्मा, पपुवान्युगेनिया, फिजी, भारत, हङकङ, सिङ्गापुर, ब्रुनाइ, बेलायतसम्म नेपाली डायस्पोरा गोर्खा भर्तिको निरन्तरता र युद्धको कारणले निर्माण भएको छ । नेपाल र बेलायतबीच भएको ऐतिहासिक सन्धिबाट गोर्खा भर्ती परम्पराले स्थापना भएको लाहुरेको गरिमामय इतिहास छ । आरम्भमा बेलायतले आफ्नो स्वार्थ सिद्धिका निम्ति उपयोग गर्न चाहेका गोर्खालीले आफ्नो मेहेनत, ईमानदारिता, बहादुरी र बलिदानले दुवै देशको गौरव बढायो । गोर्खालीको बहादुरिता विश्वको सैनिक इतिहासमा प्रतिष्ठित छ । २०० वर्षसम्म त्यो प्रतिष्ठित इतिहास बनाउँदा गोर्खाली अर्थात् लाहुरे समाजमा त्यस्ता असङ्ख्य आँशु, हाँसो, दुख, पीडा, वीरता र धीरताका

कथा व्यथाहरु छन् । त्यहाँ थुप्रै विछोड, परिवार विच्छेद वा विघटन र सामाजिक विचलनका दु:ख-पीडाहरु छन् । भयानक युद्ध भय, आतंक र सन्त्राससँग बाँच्दै आउँदा अभिघात चेतनाले पीडित छन् । तिनले असङ्ख्य मृत्यु भोगेका छन्, बेहिसाब अङ्गभङ्ग र विकलाङ्तालाई सहेका छन् । विशेषगरीकन लाहुरे समाजको मानस सैन्य अनुभव र युद्ध अनुभूतिले बनेको हुन्छ । त्यसका अतिरिक्त आफ्नै देशले गर्ने बेवास्ता र अवहेलना र बेलायतले गर्दै आएको असमान व्यवहारको तिक्तानुभूति पनि अधिक छ । यति हुँदाहुँदै पनि प्रतिष्ठित इतिहास सहित लाहुरे समाज मौलिक पहिचान भएको डायस्पोरा हो । उनीहरुको आफ्नै दैनिकी, जीवन शैली र पद्धति हुन्छ । आफ्नै प्रकारको रहनसहन, भाषा, शब्द र बोलीचालीका लय भिन्नै प्रकारका हुन्छन् । लाहुरे समाज मौलिक पहिचानसहितको नेपाली डायस्पोरा हो ।

नेपाली डायस्पोरा निर्माणको अर्को कारण हो- कामदार वा मजदुरको सौदा व्यापार । त्यतिखेर इष्टइन्डिया कम्पनी अर्थात् अङ्ग्रेजलाई खुशी परेर आफ्नो जहानिँया शासन टिकाइरहन राणाहरुले नेपाली कामदार भारतको कोइलाखानीमा पठाए । तिनको स्वार्थ पूर्ति भएपछि भारतले ती नेपालीलाई असम र मेघालयबाट लखेट्ने काम गर्‍यो । विगतमा भुटानले धेरै सङ्ख्यामा नेपाली कामदार भुटानले लग्यो । तिनको प्रगति भुटानलाई सह्य नभएर लखेट्ने काम गर्‍यो । केही पुस्ताअघिको नेपाली आफ्नै भूमिमा बीसौं वर्ष शरणार्थी जीवन व्यतीत गरेपश्चात् अमेरिकाले नागरिक बनाएर लगे । यसरि हेर्दा मुलथलोबाट पलायन र होष्ट मुलुकबाट बिस्थापित गराइएर तेस्रो मुलुकमा पुगेर पनि नेपाली डायस्पोरा बनेको पाइन्छ ।

### (ग) तेस्रो चरण (१९४८ देखि १९९९ सम्म)

यो चरणमा नेपालीहरु सबैभन्दा बढि संख्यामा भारततिरै प्रवेश गरेको देखिन्छ । बिशेष गरेर फौजदारी मुद्दा खेपिरहेका, राजनीतिक अभियोग लगाईएका, सामाजिक बहिस्कृतहरु र रोजगारीका अवशर खोज्नेहरु पलायन भएका पाईन्छन् । भारत स्वतन्त्रतापछि बेलायतले ठूलो संख्यामा गोर्खाली सेनालाई हंग कंग, सिंगापुर, ब्रुनाई र बेलायत स्थानान्तरण गर्‌यो । जसका कारणले सामुहिक रुपमा बिदेश तर्फ उन्मुख हुने प्रबृत्तिको बिकाश हुन गयो । अन्ततः गोर्खा भर्ति परम्पराले नेपाली डायस्पोरा निर्माणको जग बसाल्ने काममा मुख्य भूमिका खेल्ने कार्य गर्‌यो । त्यसैगरि अमेरिका, क्यानडा र युरोपमा बिभिन्न मुलुकहरुमा नेपालबाट छात्रबृत्ति प्राप्त उच्चशिक्षा अध्यनका निम्ति गएकाहरु, नेपालबाट पठाईएका कुतनीतिक तथा साँस्कृतिक दुतहरु, उत्तम अवसरको खोजमा निस्किएका बौद्धिक तथा दक्ष जनशक्तिको बहिर्गमन, वैदेशिक रोजगारका निम्ति जापान, कोरिया, मलेसिया र खाडी मुलुकतर्फ लस्कर लागेका नेपाली युवा शक्ति तथा नेपाली गीत सङ्गीत र चलचित्रका कलाकारहरुको बिदेश पलायनले संसारका बिभिन्न मुलुकमा नेपालीहरु छरिन पुगे । *वैदेशिक रोजगार अस्थायी रहे पनि त्यहाँ पुगेर गरिने साहित्य, सङ्गीत र कलाको सिर्जना डायस्पोराको रुप, रङ्ग, सुवास आउने हुँदा ती स्वतः डायस्पोरिक सिर्जना सिद्धान्तगत हुने छन्)* ।

### (घ) चौथो चरण ( सन् २००० देखि हाल सम्म) -उत्तरआधुनिक डायस्पोरा

समय यस चरणमा आइपुग्दा विश्वले गरेको भौतिक उपलब्धि,बिज्ञान र प्रविधिको द्रुततर बिकास र बिधुतिय संचारका संजालहरुले विश्वलाई यौटा नयाँ वैश्विक संस्कृतिको जन्म दिन पुग्यो । यसले धनि होस् वा गरिब राष्ट्र सबैले उतिकै सामना रुपले यो संस्कृतिको अनुकरण र अबलम्बन गर्नपर्ने अबस्था ल्यायो । यो एक प्रकारको ट्राभल कल्चरजस्तो हुन पुग्यो । यो संस्कारले विश्वको सबै नागरिकलाई आफ्नो देशको भौगोलिक सीमाभित्र मात्र बाँधीरहन नसक्ने भयो । विश्वका सबै नागरिकले आ आफ्नो स्तरको आबश्यकता र बाध्यता अनुशार देशको सीमा नाघेर बाहिरिनपर्ने संस्कार बनाउन पुग्यो । यसले द्रुतगतिमा सबभन्दा बढी अविकसित र अल्पबिकसित मुलुकको नागरिकहरुलाई प्रभावित तुल्यायो । बिशेषगरिकन अल्पबिकसित देश नेपालका नगरिक प्रभावित हुन पुगे । यस चारणमा डिभी-चिट्ठा परेर अमेरिका पुगेका नेपालीहरु, योग्य र दक्ष नेपालीको बहिर्गमनको निरन्तरता, उच्च शिक्षा अध्यनका नाममा बिदेश पलायन, बैदेशिक रोजगारको अवशरमा बृद्धि, विश्व व्यापारिक केन्द्रको स्थापना, नेपालबाट भुटानी शरणार्थीहरुको अमेरिका स्थानान्तरण र गोर्खा आन्दोलनबाट प्राप्त बेलायतमा आवाशीय अधिकार आदिका कारणले नेपाली डायस्पोरा संसारभर बिस्तरित हुन पुगेको छ ।

आज संसारलाई विश्व राजनीतिक भूमण्डलीकरण,उच्चप्राविधिक विकास, सूचना र सञ्चारले एक ग्रामिण क्षेत्र बनाइसकेको अवस्थामा अझ शक्तिशाली राष्ट्रहरुले यसको लाभ उठाउँदै विश्व बहुराष्ट्रिय व्यापारिक केन्द्रहरुको स्थापना गरेर धनि र शक्तिशाली राष्ट्रहरु झन् शक्तिशाली र धनाड्य बन्ने र बिस्तारित भएर जाने उत्तरआधुनिक औपनिवेशबादमा आफूलाई पुर्याएका छन् । यसले कुनै पनि राष्ट्रको समाज र सामाजिक ब्याबस्थाको स्थिरतालाई ध्वस्त बनाइदियो र त्यसमा बिचलन,अस्थिरता र चलायामनाता ल्याइदियो,जसले पुरानो समाजबिज्ञान ध्वस्त हुन पुग्यो । यो चलायमान समाजको आफ्नै प्रकारको प्रकृति,प्रवृति, स्वाभाब,आचारविचार,चरित्र र मनोविज्ञान हुन्छ । द्वैध नागरिकताको ब्याबस्था, बहुलराष्ट्रिय नागरिक,बहुलराष्ट्रिय या अन्तराष्ट्रिय समाज, बहुल धर्मी,बहुल भाषा,बहुल जाती, बहुल संस्कृति र अन्तराष्ट्रिय व्यवस्थाको अर्को स्वभाब बोकेर पछिल्लो समयको विचलनले बन्न गएको नयाँ समाज उत्तरआधुनिक डायस्पोरा बन्न पुगेको छ र यो उत्तरआधुनिक औपनिवेशबादको उपज बन्दै आएको छ । आज विश्व नागरिकको चलायमान अबस्थाले अघिको भन्दा आजको डायस्पोरा अझ ब्यापक बन्दै गएको छ र यसका स्वभाब पनि बदलिदै आएको छ । आजका डायस्पोराबाट विभिन्न रचनात्मक क्रियाकालापहरु पनि हुँदै आएका छन् । भाषा, साहित्य,सङ्गीत र कलाका अन्तराष्ट्रिय गोष्टी,सेमिनारहरु सम्पन्न हुनु, मूलराष्ट्रका गायक कलाकारहरुलाई निमन्त्रण गरेर सांस्कृति कार्यक्रम संम्पन्न गरिनु र स्रष्टा सम्मान तथा पुरस्कार, साहित्यका प्राज्ञ एवं बौद्धिक व्यक्तित्वहरुलाई आमन्त्रण गरेर विभिन्न बिचार गोष्टी र बिचार आदान प्रदान कार्य भइरहनु भनेको उत्तरआधुनिक डायस्पोराको प्रवृति हो ।

विश्व समाजको बिचलन र नागरिकहरुको गतिशीलताले डायस्पोरा अझ ब्यापक बन्दै आज गैरआवाशीय नेपाली संघको तथ्याङ्क संकलनमा विश्वको ६६ देशहरुमा नेपाली डायस्पोरा बन्न

पुगेको प्रमाण प्राप्त हुन आएको छ । यसले नेपाली डायस्पोराको बढ्दो निर्माण र विस्तारलाई स्पष्ट संकेत गरेको छ । अब डायस्पोराविहीन कुनै राष्ट्र हुने छैन ।

## ९.डायस्पोरा मनोविज्ञानको खोज

यति हुँदाहुँदै पनि नेपाली साहित्यमा नेपाली डायस्पोराको बिषयको उठान प्रारम्भिक चरणमै भएको प्रतीत हुन्छ, किन भने यसको उठान अलिक सतही ढंगबाट मात्र हुन गएको छ, जो एक प्रकारले भाषिक खेलजस्तो मात्र देखिन आएको छ । डायस्पोरा जीवनको अत्यन्तै भाबुक, नाजुक, सबेदनशील गहिरो र शक्तिशाली प्रवृति भनेको उसको मनोविज्ञान हो । नेपाली साहित्यमा डायास्पोरिक प्रकृति,प्रवृति र मनोविज्ञानको गहन अध्यायन,अनुशन्धान,खोज, विवेचना र बिरेचन हुन बाँकीनै रहेको अवस्था छ । भर्खर केही समय यतादेखि डायस्पोरा प्रवृतिलाई नश्टाल्जिक या अतीतामोही र गृहबिरहीको मनस्तापी र अर्धमनोरोगीका रुपमा मात्र चित्रण गरिने प्रयास भएको छ । डायस्पोरामा उसले कस्तो जीवन भोग्छ र नश्टाल्जियाको मनोग्रन्थीको बिकास गर्दछ र त्येसले डायस्पोरिक मनोविज्ञानको रुप ग्रहण गर्दछ ?उत्तरआधुनिककालको डायस्पोरा र डायस्पोराको प्रवृति के हो ? डायस्पोरिक मनोविज्ञानले समाजमा, संस्कृतिमा, धर्ममा,राजनीतिमा, अर्थनीतिमा, राष्ट्रियतामा, भाषामा, साहित्यमा र कलामा कस्तो प्रभाब उत्पन्न गर्दछ ? डायस्पोरिक मनोविज्ञानमा नश्टाल्जिया मनोग्रन्थी कसरि सकृय रहन्छ ? त्यसका प्रकार्य, कृया-प्रतिकृया र चरित्रमा प्रकटीकरणलाई जान्न या यसको बिज्ञान बन्न पनि अत्यावश्यक देखिएको छ ।

१. नश्टाल्जिया या अतीत मोहमा- गृहबिरह,आत्मप्रेम हुन्छ, २. गृहबिरहमा- आफ्ना-आफन्त, गाउँ घर,थातथलो यादले ब्याकुल बनाउनु, विच्छेदको भावना बढ्नु, ३. आत्मप्रेममा- एकान्तिकता बढ्नु, आफ्नो भौतिक अभौतिक, चल-अचल सम्पतिप्रतिको मोह जाग्नु, धर्म,संस्कृति, भाषा, राष्ट्र र राष्ट्रियताप्रति प्रेम बढ्नु, ४. एकान्तिकताले- उदासी, पछुतो र हिनताबोध जाग्नु ५. उदासी र पछुतोले- मनस्तापी,मनोरोगी,भय,त्रास,पश्चगामी बन्नु ६. हीनताबोधले- पलायनता,निरिहताको जन्म दिनु र त्यसको विपरित विद्रोहीको जन्म हुनु, ८. पलायनता र निरीहताले- आत्मसमर्पण र बिलयन हुनु र ९. विद्रोहीको जन्म हुनुले- संघर्षशीलता र पौरखको भावना जाग्नु, हिनताबोधलाई स्वाभिमानमा बदल्नु, नयाँ चेतना र विश्व ज्ञानले आफ्नो जातीलाई माथि उठाउनु जस्ता डायस्पोराका मनोविज्ञानको सकारात्मक र नकारात्मक असरको अनुशन्धान र विवेचना र समाजमा, धर्ममा, संस्कृतिमा, राजनीतिकमा,अर्थनीतिमा, राष्ट्रियतामा,भाषा, साहित्य, संगीत र कलामा खेल्ने भूमिका र पार्ने नकारात्मक प्रभावको विरेचन हुन आबश्यक देखिन्छ ।

## १०.डायस्पोराको प्रबृत्ति :

डायस्पोरा फरक भूगोल,प्रकृति र समाजमा पुगेर निर्माण हुने भएकाले डायस्पोराको भिन्न प्रवृतिको बिकास हुन पुग्दछ, (क) अन्तर संघर्ष (ख) अन्तर मिश्रण (ग) दोधार (घ) दवैचर भाजन (ङ) उभयता ।

**(क) अन्तर संघर्ष:** डायस्पोरा समुदाय फरक प्रकृति र संस्कृतिले निर्माण भएको मानिस भिन्न समाज र संस्कृतिमा समावेश हुँदाको संक्रमणकालीन अबस्थामा द्वैध मानसिकताको अन्तरद्वन्द र संघर्षमा फसिरहन्छ र त्यो पुस्तान्तरणपछि पनि सीमान्कृत जातीका रुपमा अपरिचयको मानसिक पीडा रहिरहन्छ।स्थानतरपछिको स्थापनाकालमा फरक भूगोल र समाजमा नयाँ चुनौतीहरु आइलाग्दछन। नयाँ नयाँ अभाब,आबश्यकता, ज्ञान र शिपको अभाबले समस्याको सामना गर्न संघर्षको लागि तयार हुन पर्दछ। नयाँ ठाउँमा नयाँ चुनौतीको सामनाका लागि शारीरिक तथा मानसिक अन्तर संघर्षमा फस्दछ र त्यो पछिसम्म पछुतो,हिनताबोध,अवहेलना र अपरिचयको पीडासंगै स्थायी रहन्छ।

**(ख) अन्तर मिश्रण:** आरम्भको स्थानान्तरण कालमा ति जातीले आफ्नो भाषा,संस्कृति,संस्कार र धर्म पनि संगै लिएर आएका हुन्छन र तिनका जस्ताको तस्तै अनुकरणको अभ्यासमा जुट्दछन। तर प्रवासको वातावरणले त्यो टिकाइरहन सम्भब हुँदैन,कारण मानिस नयाँ कुरामा आकर्षित हुने जाती भएकाले दोस्रो पुस्ता त्यहाँको नयाँ वातावरणको प्रभावमा घुलमिल हुन पुग्दा आफ्नोपनको बेवास्ता र उपेक्षित भएर ति पहिचानको संकटमा पुग्दछ। स्थानान्तरकाल देखि नै मुलराष्ट्र र होष्टराष्ट्रबिचको धर्म, संस्कृति, संस्कार र भाषाको अन्तरमिश्रणको प्रक्रिया तीब्रगतिमा आरम्भ हुन्छ र त्यो पुस्तान्तरपछि दुई फरक जातीको मिश्रण अर्थात् बैबाहिक सम्बन्धबाट आएको सन्तान र परिवारले तेस्रो समाजको निर्माण हुनपुदछ।यी जातीको धर्म,संस्कृति,संस्कार,भाषा, साहित्य,संगीत र कला सबैमा द्वैदेशीय रंगको अन्तर मिश्रण हुन पुग्दछ। डायस्पोरा समुदाय अल्पसंख्याक समुदाय हुनाले ति त्यहाँ सधैं आफ्नो अस्तित्व निर्माण गर्ने क्रम जारी रहन्छ, तर स्थानान्तरकाल देखि नै ती जातीमा दुई भिन्न धर्म, भाषा र संस्कृतिको अन्तर मिश्रण आरम्भ भइ हाल्दछ र ति दुई फरक धर्म,भाषा, संस्कृतिको अन्तर मिश्रणका कारणले कहिल्यै पूर्ण हुन सम्भब हुँदैन। समाज विज्ञानमा ती समुदायको जनसंख्याको हिसाबले ठूलो महत्व राख्ने कारणले अल्पसंख्यक समुदाय सधैं अर्ध र अपूर्ण नै रहने गर्दछ। फलतस् पुस्तान्तरणसंगै भाषाको कारणले गल्दै जान्छ र तेस्रो संस्कृति र समाजशास्त्रको निर्माण हुन पुग्दछ।

**(ग) दोधार:** ति जाती भौतिकरुपमा पैतृक भूमि र नवभूमिमा र मन र मस्तिष्कले दुईतिर विभाजित हुने भएकाले सँधै दोधार, दुविधा र अनिर्णयको बन्दी भइरहन्छ। मनले त्याग गर्न खोज्दछ, तर दिमागको स्वभावले लाभ लिन चाहन्छ। डायस्पोराको मन पैतृक भूमितिर हुन्छ, तर बुद्दि नवभूमिमा प्राप्त हुने अवशर र लाभतिर हुन्छ। तसर्थ यी जाती मा मन र मस्तिष्कको मनोबैज्ञानिक बिभाजनले सँधै दोधार रहिरहन्छ।यही कारणले यी जातीमा गहिरो मनोबैज्ञानिक अशर परिरहने हुँदा त्यो पछि हीनताबोध, पछुतो र आत्मग्लानिमा रुपान्तरण भएर रहिरहन्छ। ती जाती शरीर र मनले विभाजित भएर बाँचेका हुन्छन, जसका कारणले तिनको अनौंठो चरित्र हुन्छ।

**(घ) दवैभाजन:** डायस्पोरा मुलराष्ट्रबाट भौतिकरुपले बिच्छेद भएको र मानसिकरुपले मूलराष्ट्रसंगै जोडिएर रहेको जाती वा समुदाय हुन्छ। वर्तमान अवस्थाको बदलिदो

परिस्थितिमा डायस्पोराको प्रवृति अनौंठो हुन्छ । उ भौगोलिक स्थिति र शारीरिक एबम मानसिकरुपले द्वैदेशीय अर्थात् होष्टराष्ट्र र मुलराष्ट्रको बिचमा जोडिएर रहेको हुन्छ । ऊ शरीरले होष्टराष्ट्रको हुन्छ र मनले मूलराष्ट्रकै रहिरहन्छ । ऊ स्वेच्छाले होस् या बाध्यताले बिदेशीए पनि मन सँधै मूलराष्ट्रमै छाडिराख्दछ । उनीहरु जन्मभूमि र कर्मभूमिको भावनाले विभाजित हुन्छन । यसको प्रभावले उसलाई सँधै द्वैध मानसिकता र द्वैध चरित्रको बनाइरहन्छ ।

उनीहरु कर्मभूमिमा गरेको कर्मको प्रतिफलले त्यहाँ उन्नति गरिरहेका हुन्छन भने त्यो उन्नति र प्रगतिले जन्मभूमि पोषित र लाभान्वित गराउन पनि चाहन्छन । उ आफू मात्र उता हुन्छ, तर उसका आफ्ना नातागोता, छिमेकी इष्टमित्र यता छुट्दछन । उसले आर्जन गरेको धन सम्पति, ज्ञान र शिप यता हुन्छ र उसको आफ्नो पैत्रिक सम्पति परिचय,मान,स्वाभिमान उता रहन्छ ।यसको अर्थ एउटा जाती दिईतिर विभाजित भएर बाँच्नु अर्थात् एउटा मान्छे दुईटा डुंगामा यात्रा गर्नु जस्तै हो । उ मन र शरीरले दुईटा भूमिमा टेकेर परिचय बनाइरहेको हुन्छ । सूचना र प्रविधिको विकासले डायस्पोरा अघिको जस्तो एकान्त र अनकन्टार छैन । संसार अघिबाट साम्राज्यबाद, औपनिवेशबाद, अर्धऔपनिवेशबाद उत्तरऔपनिवेशबादसम्म आइपुगेको छ । अघि साम्राज्यबादको काल देखि नै धनि राष्ट्रहरु धनि हुँदै जाने र शक्तिशाली राष्ट्रहरु अझ शक्तिशाली बन्दै जाने र कमजोर र गरिब राष्ट्रहरु माथि दमन र शासन गर्ने नीतिले अधावाधि निरन्तरता पाइरहेको अबस्था छ । अहिले बहुराष्ट्रिय ब्यापारिक केन्द्रहरुको स्थापना र राजनैतिक भूमण्डलीकरण उत्तरऔपनिवेशवादको छद्मभेषी र मायावी रुप नै हो । यसले कुनै देशको नगरिकलाई उसको देशमै सिमित हर्ने परम्परालाई हटाई दियो र तिनलाई स्थानातरण र चलायमानको स्थितिमा पुर्याई दियो । यसले सबै देशका नागरिक सबै देश पुग्ने र पाइनेगरि इन्टर नेशनल मल्टीसोशियल सोसाइटीको निर्माण गरि दियो । यसले धनि राष्ट्रहरुले डायस्पोराका आफ्ना नागरिकहरुलाई द्वैध नागरिकता व्यवस्था मिलाई दिएर अझ सुगम बनायो । यसले झन् डायस्पोराको मनोविज्ञान र प्रवृतिमा द्वैभाजन गरिदियो ।

यसरि दुईतिर विभाजित भएर बाँच्नपर्ने बाध्यता भएका कारणले उनीहरु प्रबासमा आफू मात्र सुखशयल र सम्पन्न जीवन बाँच्न चाहदैनन् । तसर्थ आफ्नो मूलराष्ट्रको बिकासका लागि सदैब सहयोगी भूमिकामा रहने र समय कालखण्डमा आफ्नो मूलराष्ट्रमा भइपरी आउने प्राकृतिक विपत्ति, राजनैतिक, सामाजिक र आर्थिक संकटका अबस्थामा यी जातीमा स्वतस्फुर्त जाग्ने राष्ट्रिय भावना, सहयोगी हातहरु अगाडी बढ्ने तिनमा जुझारुपन हुन्छ । यी जाती जो जहाँ रहे पनि आफूले हासिल गरेको अनुभब, शिप र ज्ञान वा आर्थिक उपलब्धिहरु मूलराष्ट्रसंग जोड्न चाहन्छन । तिनले त्यहाँ पुगेर गर्ने साहित्य, संगीत र कला सृजनाको प्रवृत्ति पनि त्यही हुन्छ । तिनले त्यहाँ पुगेर गर्ने साहित्य, संगीत र कला सृजनाका भंगालाहरुको बगाइको अन्तिम गन्तब्य मूलराष्टको वाङ्मय नै दोभान हुन पुग्दछ । तसर्थ वर्तमान अबस्थामा डायस्पोराले मूलराष्ट्रको हरेक क्षेत्रलाई सम्पन्न बनाउने कार्य गरिरहेको हुन्छ र डायस्पोराको दवैचर भाजित मनोबिज्ञानले मुलराष्ट्रलाई लाभ पुर्याईरहेको हुन्छ ।

(ङ) **उभयता :** आफ्नोपनप्रति प्रगाढ प्रेम त्याज्य बिषय हुदैन र परायपन परिस्थितिजन्य अवस्थाले अपनाउनपर्ने बाधता पनि संगै हुन्छ । यसले दुईटै पनलाई संगै लिएर हिंड्नपर्ने बाध्यता डायस्पोरामा हुन्छ । यी जातीमा धर्म, भाषा, संस्कृति, संस्कार, रितिरिवाज,जन्म, मृत्यु, बिबाह, खानपिन पकवान, सरसमाना, पहिरन, आभूषण र सृंगार दुवै मुलुकको हुने गर्दछ । तिनले पनि यी सम्पूर्ण चिजहरु मुलराष्ट्रबाट लिएर त्यहाँ पुग्दछन र तिनलाई त्यहाँ स्थापित गराउने कार्य गर्दछन । विशेषगरिकन सरसामान र बस्तु कला, खानपिन र पकवान,पहिरन, आभूषण र राष्ट्रिय पहिचानका चिन्हहरु, आफ्ना प्रकृति, पहाड, हिमाल, नदी, खोला, धर्म, तिर्थस्थल, मन्दिर,पाटीपौवा,बाटो,गाउँ, सहर, मान्छे, इतिहासका वीरपात्र र राष्ट्रिय बिभुतिहरुको नाम लिएर जाने र आफ्नो अतीत स्मरण र पैतृक भूमिको यादलाई स्थायी बनाउन ति सबै नाम त्यहाँ राख्ने कार्य पनि हुन्छ । यसरि त्यहाँ पुगेर उत्पन्न हुने मनोविज्ञानको उभयभावले दुई राष्ट्रको भावनालाई जोड्ने काम र आफ्नोपनको परिचय बनाउने र अरुकोपनलाई सम्मान गर्ने भावनाको बिकास गर्दछ । यसले परोक्ष अर्को साझा संस्कृतिको पनि बिकास गरिरहेको हुन्छ ।

## ११.डायस्पोराका योगदान र अवसरहरु

आजको विज्ञानको युगमा उच्च प्रविधिको विकाससँगसँगै डायस्पोरा भूगोलले टाढा रहे पनि सूचना र सञ्चारले नजिक बनाइदिएको छ । रेडियो, टिभी, मोबाइल फोन, आइफोन, आइप्याड, कम्प्युटर, ल्याबटप, इमेल, इन्टरनेट, च्याट, फेसबुक, भाइबर र वेब सञ्चारले विश्वलाई साँघुरो बनाइसक्यो । यी सबै कारणले पहिले जस्तो डायस्पोरा र मुलभूमि, परदेशी र आफन्तको वीचको दूरत्वको भावनालाई मेट्दै लगिसक्यो ।

धेरै विकसित राष्ट्रहरुले विभिन्न कारणबस प्रवासिएको आफ्ना नगरिकहरुसँगको सम्बन्ध जोडिरहन दोहोरो नागरिकताको व्यवस्था मिलाई दिएर सुगमता प्रदान गरेको छ । यसले डायस्पोराको महत्वलाई अझ बढाएर लगेको छ । पछिल्लो समय नेपाली चलचित्र, गीत-सङ्गीतका गायक, हास्यकलाकार र कवि तथा साहित्यकारहरुले प्राप्त गर्दै आएको विश्वभ्रमणको अवसर र नेपाली सङ्गीत र कलाले विश्वभरि प्रसारित हुन पाइरहेको अबस्था नेपाली डायस्पोराको महत्वपूर्ण योगदान हो । यसले नेपाली कलाकार र साहित्यकारहरुलाई आर्थिकरुपमा सबल बनाउन अवसर प्रदान गरिरहेको छ । नेपाली सङ्गीत र चलचित्रका कलाकारहरुलाई विदेशमा कार्यक्रम आयोजना गरेर सम्मान र पुरस्कृत गरिने कार्य पनि नेपाली डायस्पोरिक समाजद्वारा नै सम्भव हुँदै आएको छ । अहिले नेपालका राजनीतिक पार्टीका नेताहरुको विदेश भ्रमण र देश वा डायस्पोरामा रहेका नेपालीहरुसँगको भेटघाट र पार्टीहरुको विदेश शाखा वा भातृ सङ्गठनहरुको निर्माण र सञ्चालन गरिरहेका छन् । मूलराष्ट्रको जातीय तथा क्षेत्रीय सङ्घ-सङ्गठनको शाखा-उपशाखा गठन गरेर आफ्नो भाषा, संस्कृति, संस्कार र धर्मको संरक्षण र विस्तार गर्दै मुलुक र राष्ट्रसँगको सम्बन्धलाई जोडिरहेका छन् । डायस्पोरिक नेपालीहरुको साझा अन्तर्राष्ट्रिय सङ्गठनका रुपमा गैरआवासीय नेपाली सङ्घको विश्व सङ्गठनले देश विदेशमा विभिन्न रचनात्मक कार्यहरु

गरिरहेको छ । अन्तर्राष्ट्रिय गैरआवासीय नेपाली सङ्घले जल, विद्युत्‌लगायत थुप्रै विषयमा आर्थिक लगानी गरेर आफ्नो मूलराष्ट्रको विकास र उन्नतिमा बिशेष भूमिका निर्वाह गरिरहेको छ । डायस्पोराबाट नेपाली साहित्य, सङ्गीत र कलाको श्रीवृद्धिका निम्ति विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय साहित्यिक सङ्घ-सङ्गठनको स्थापनालगायत थुप्रै वेब तथा छापा पत्रपत्रिका, रेडियो र टेलिभिजनहरु सञ्चालन र प्रसारण भइरहेका छन्  । विभिन्न देशमा स्थापना गरिएका साहित्यिक सङ्घ-सङ्गठनले अन्तर्राष्ट्रिय साहित्यिक प्रतियोगिताको कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । विभिन्न साहित्यिक पुरस्कार कोषको स्थापना गरेर नेपाली साहित्यका स्रष्टा एवं सेवकहरुलाई पुरस्कृत र सम्मान गर्दै आएको छ । यिनै साहित्य, सङ्गीत, कला र सञ्चारमाध्यमले डायस्पोरा र मूलराष्ट्रलाई निरन्तर जोडेर ल्याएको छ । डायस्पोरिक समाजका यिनै सत्कर्मले डायस्पोरा र मूलराष्ट्रबीचको दूराभाष मेटिँदै गएको छ र डायस्पोराले राष्ट्रभन्दा राष्ट्रियतालाई व्यापक बनाउँदै लागेको छ । हिजो राष्ट्रियता राष्ट्रको भौगोलिकतासँग सीमावद्ध  थियो । आज डायस्पोराका कारणले राष्ट्रको भौगोलिकताको सीमावद्धतालाई तोडेर राष्ट्रियता सीमान्त बन्दै गएको छ ।

डायस्पोराले प्राप्त यो अवसरले आफ्ना पुर्ख्यौली राष्ट्रलाई दिन सक्ने योगदानहरु पनि छन् ।

(क) भाषा,संस्कृति र धर्मको विस्तार
(ख) होष्ट मुलुकसँगको सम्बन्ध विकासमा सेतु
(ग) पुर्ख्यौली भूमि वा राष्ट्रको विषयलाई अन्तर्राष्ट्रियकरण गरिने क्षेत्र
(घ) अनेकन नयाँ सम्भावनाहरुको क्षेत्र
(ङ) मूलराष्ट्रको उन्नति र विकासमा सहयोग

**(क) भाषा, संस्कृति र धर्मको विस्तार :** मानिस बसाइँ सर्दा ऊ सँगसँगै भाषा, संस्कृति, संस्कार र धर्म पनि लिएर गएको हुन्छ । ती जाति प्रवासमा पुगेर त्यहाँको प्रतिकूल वातावरणसँग जीवन सङ्घर्ष गर्ने क्रमको आरम्भ हुन्छ । प्रवासको प्रतिकूलताले ती जातिको भाषामा क्षति र संस्कृति, संस्कार र धर्ममा प्रभाव पार्दै जान्छ । ती जातिको भाषा, संस्कृति र संस्कारको संरक्षण र विस्तार वा क्षय र विलय तिनको जनसङ्ख्या र चेतनाको स्तरमा निर्भर गर्दछ । प्रवासमा स्थापनाकालको प्रारम्भिक चरणमा आफ्नो पहिचान र अस्तित्व सुरक्षाका निम्ति भाषा, संस्कृति, संस्कार र धर्म बचाउको सङ्घर्ष सुरु हुन्छ । भाषा संरक्षणको सङ्घर्ष सँगसँगै त्यहाँ साहित्य, सङ्गीत र कला सिर्जनाको कार्य पनि सम्पन्न हुँदै जान्छ । समाज विभिन्न जात, जाति, धर्म, संस्कृति, संस्कार, लोक रीतिथिति, नियम र कानुनसहितको स्वतस्फूर्त सञ्चालित सामूहिक सञ्जाल हो । प्रवासमा रहेर पनि यही स्वतस्फूर्त सामाजिक कार्य सम्पादन सम्पन्न हुँदै जाँदा ती जाति वा समुदाय त्यहाँ स्थापित हुन पुग्दछ । यसरी मानिस छरिएर जाँदा ती जातिको भाषा, संस्कृति, संस्कार पनि विस्तारित हुन पुग्दछ ।

अङ्ग्रेजसँगको युद्ध पराजयले विशाल नेपालले गुमाउन पुगेको एकतिहाइ भूभागबाट नेपाली अर्ध-डायस्पोरा बन्न पुगेको भारतीय नेपालीले भाषा साहित्यलाई भारतको उत्तर बङ्गाल,

सिक्किम, असाम, मेघालय, मणिपुर, नागाल्याण्ड, मिजोरम, उत्तर प्रदेश, उत्तराञ्चल र हिमालय प्रदेशसम्म फैलाएर लागेका छन् । सन् १९६१ मा भारतको उत्तर बङ्गाल राज्यको दार्जिलिङ जिल्लाले सरकारी भाषाका रुपमा नेपाली भाषाले मान्यता प्राप्त गऱ्यो । सन् १९७४मा सिक्किम राज्यले नेपाली भाषालाई राज्य भाषाको मान्यता दियो । भारतीय नेपालीको लामो सङ्घर्षले २० अगस्ट १९९२ मा नेपाली भाषाले भारतको संविधानको आठौँ अनुसूचीमा समावेश पायो । यी अर्ध नेपाली डायस्पोराको नेपाली भाषाको आन्दोलन र सङ्घर्षको इतिहास अतुलनीय छ, जसका कारण नेपालीहरुको जनघनत्व रहेको भारतका थुप्रै प्रान्तहरुमा विश्वविद्यालयको स्तरमा नेपाली भाषा र साहित्यको अध्ययन हुन्छ । म्यानमार, हङकङ, बेलायत, बेल्जियम, अमेरिका, रुस लगायत थुप्रै नेपाली डायस्पोराहरुमा नेपाली भाषको पठनपाठनको व्यवस्था नेपाली भाषा र साहित्यको विस्तारमा नेपाली डायस्पोराको उल्लेखनीय उदाहरण हुन् । गोर्खा भर्ती परम्पराले भारत, म्यानमार, ब्रुनाइ, फ्रान्स, सिङ्गापुर र बेलायतसम्म पनि नेपाली भाषा पुगेको छ । त्यहाँबाट नेपाली भाषा, साहित्य, सङ्गीत र कला सिर्जनाको कार्य सम्पन्न हुँदै आएको छ ।

**(ख) होष्ट मुलुकसँगको सम्बन्ध विकासमा सेतु :** आजको डायस्पोरो द्वैदेशीय दूतको रुपमा रहेको हुन्छ, जसले मुलराष्ट्र र अतिथि मुलुकको सम्बन्धलाई जोडेर राख्दछ । आजको वैश्विक परिस्थिति र राजनीतिक भूमण्डलीकरणले कुनै एकल राष्ट्रवाद टिक्न नसक्ने वातावरणको सिर्जना भएको छ । अबका सम्पूर्ण राष्ट्रहरुमा मैत्रीपूर्ण सम्बन्ध अपरिहार्य भएको छ । त्यस्तो मैत्रीपूर्ण वातावरणका लागि डायस्पोराको महत्वपूर्ण योगदान रहन्छ । लगभग २०० वर्षदेखिको गोर्खा भर्ति परम्पराबाट नेपालको अखण्ड सम्बन्ध भारत, ब्रुरुनाई, सिङ्गापुर, हङकङ र बेलायतसँग रहँदै आएको छ । अन्य कारणबाट स्थापना भएको नेपाली डायस्पोराको पनि अतिथि मुलुकसँगको सम्बन्धमा यही भूमिका रहन्छ ।

**(ग)मूलराष्ट्रको विषयलाई अन्तर्राष्ट्रियकारण गरिने क्षेत्र :** आफ्नो भाषा, संस्कृति र धर्मलगायत साहित्य, सङ्गीत र कलाको विस्तारलाई अन्तर्राष्ट्रियकरण गरिने क्षेत्र डायस्पोरा हो । तीभन्दा महत्वपूर्ण कुरा मूलराष्ट्रको आन्तरिक कठिनाइ, जटिल विषयहरु, व्यवस्था परिवर्तनका लागि हुने आन्दोलन, अन्याय र उत्पीडनमा परेका जातिले गर्ने विद्रोहलाई अन्तर्राष्ट्रियकरण गरिने क्षेत्र पनि डायस्पोरा नै हो । किनभने विद्रोहमा हुने हत्या, हिंसा, द्वन्द्व, आतङ्क र आततायी आतङ्ककारी गतिविधिलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय नियम, कानुन र मान्यताहरु हुन्छन् । यदि त्यहाँ हुने विद्रोह व्यवस्था परिवर्तन अर्थात् प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारका लागि हो भने त्यसलाई अन्तर्राष्ट्रिय समर्थन जुटाउने र आततायी आतङ्कवादी हुन् भने दबाब सिर्जना गर्ने सुगम क्षेत्र डायस्पोरा हो ।

नेपालको सन्दर्भमा नेपाली राजनीतिक परिवर्तनका निम्ति माओवादीको १० वर्षे जनविद्रोह र १९ दिने जनान्दोलन सफल बनाउनका लागि विदेशमा रहेका नेपाली अर्थात् डायस्पोराका समाजको पनि ठूलो योगदान रहेको छ । २०५८ सालदेखि केही ठूला पार्टीहरु

काठमाडौँको सडकमा चक्कर मारिरहेका थिए र ती नगण्य थिए । त्यसलाई अन्तर्राष्ट्रले दलगत स्वार्थको खेलका रुपमा हेरिरहेका थिए । जब दिल्ली सम्झौतापछि नेपाली जनता जागे र विदेश वा डायस्पोराका नेपाली सडकमा निस्किए, धर्ना, जुलुस र राजदुतावासमा ज्ञापनपत्र बुझाउने र विरोध हुन थाल्यो । तब १९ दिने आन्दोलन अन्तर्राष्ट्रियकरण हुन पुग्यो र जनताको पक्षमा निर्णय गर्न अन्तर्राष्ट्रिय दवाव पुग्यो र आन्दोलन सफल भयो ।

**(घ)अनेकन नयाँ सम्भावनाहरुको क्षेत्र :** त्यो नयाँ मलुकमा पुगेर गरिने अनेक अनुभवहरु जसले क्षमतावान् तथा प्रतिभावान् व्यक्तित्वका निम्ति डायस्पोरा अनेकन शोध, खोज र नयाँनयाँ सम्भावनाको क्षेत्रको रुपमा रहेको छ । डायस्पोराका जीवनको दैनिकीको आवश्यकताले पनि तिनलाई नयाँ सम्भावनाको खोजतर्फ उत्प्रेरित गरिरहेको हुन्छ । नेपालको सन्दर्भमा अघि युद्द पराजय र सुगौली सन्धिले गुमाउनपरेको भूभागबाट बन्न पुगेको अर्ध डायस्पोरा ,डार्जिलिङ्ग,सिक्किम,आसाम र देहरादून, जहाँबाट नेपाली साहित्य,संगीत र कलामा नयाँ आयाम, नविन बिचार, चिन्तन र सिद्दान्तको बिकास भएर नेपाल भित्रिएको पाइन्छ । जसले नेपाली वांगमय पोषित भएको इतिहास र वर्तमान हामी माझ बिधमान छ । यसको कारण डायास्पोरिक चेतना विश्व चेतनाले जागृत र ज्ञानले तिनको मानसिकता उद्‌बोधित हुने गर्दछ र जसद्वारा मुलधारको वांगमय पोषित हुने गर्दछ ।

आज सम्पूर्ण डायस्पोरामा रहेका डायस्पोरिक समुदायको छाता सङ्गठनका रुपमा गैरआवासीय नेपाली सङ्घले काम गरिरहेको छ । त्यस्तै, आआफ्ना जातीय तथा क्षेत्रीय सङ्घ-सङ्गठनले पनि काम गरिरहेका छन् । साहित्य, सङ्गीत र कलाका तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय साहित्यिक सङ्घ-सङ्गठनहरु निर्माण भएर कर्म गरिरहेका छन् । विभिन्न छापा तथा बेव पत्रपत्रिकाहरुको प्रकाशन, रेडियो र टेलिभिजन प्रशारणमा हङकङ, बेलायत, अमेरिका र रुसका डायस्पोरिक नेपाली अग्रपङ्क्तिमा रहेका छन् । नेपाली साहित्यमा नयाँ चिन्तन, विचार, दर्शन र सिद्धान्तको निर्माण र विकासमा बेलायत र हङकङ अग्रपङ्क्तिमा छ । बेलायतबाट नवचेतानाग्रह, डायस्पोरिक सिर्जना सिद्धान्त, युद्ध साहित्य सिद्धान्त र पर्यावरण लेखनजस्ता नयाँ चिन्तनहरुको विकास हुँदै आएका छन् भने हङकङबाट भयवाद र रेखा साहित्य लेखनका चिन्तनहरु आइरहेका छन् ।

हिजोदेखिको इतिहासले नै प्रष्ट बोलिरहेको छ, नेपाली वांगमयको आधुनिककालको आरम्भदेखि नै नयाँनयाँ प्रयोग र चिन्तनको बिकासमा भारतीय नेपाली डायस्पोरा एकछत्र प्रभाव आजसम्म पनि रही आएको छ । नेपाली आधुनिक कविता आरम्भका कवि भूपीकै समकालिन रहेर भरत असामबाट हरिभक्त कटुवाल, दार्जिलिंगबाट पारशमणि प्रधान,अगमसिङ्ग गिरीको हस्तक्षेपकारी भूमिका थियो । आधुनिक नेपाली सङ्गीतमा अरुणा लामा, गोपाल योञ्जन र अम्बर गुरुङको ऊंचाई कसैले छुन सकेका छैनन् । कला र लेखनमा लैनसिङ्ग वाङ्देल विश्व स्तरका कलाकार र लेखक हुन् । चिन्तनको सन्दर्भमा इन्द्रबहादुर राई विश्व स्तरका चिन्तक हुन् । उनीद्वारा नै दार्जिलिंगमा अध्ययनको क्रममा रहेका बैरांगी काइलासंग मिलेर प्रतिपादन

गरिएको तेस्रो आयाम लेखन नेपाली साहित्य चिन्तनको कोशेढुंगा साबित भएको छ । त्यसैको जरामा लिला लेखनले पनि उम्रिने अवशर पायो । नेपाली पप गीतको सुत्रपात दार्जिलिंगकै नोर्देन तेञ्जिङ्ग भुटियाद्वारा सन् १९७० को दशकबाट आरम्भ भयो, तर त्यसले नेपाली माटो र भूमि नपाएर त्यो भन्दा अर्कै संसार ब्रिटिस गोर्खा लाहुरेको समाज र तिनको रेडियो संचार बि. एफ.बि.एस. हंग कंगको स्थान पायो । त्यही पप गीत बि सं.२०५० को दशकमा नेपाली सङ्गीतमा मौलाउन पुग्यो । अहिले सङ्गीत र कलाको क्षेत्रमा बेलायतका कलाकारहरुद्वारा पूर्वीय चिन्तन र पश्चिम चिन्तन अर्थात् पूर्वीय कला र पश्चिम कलाको सम्मिश्रण गरेर नयाँनयाँ प्रगोगसहित तेस्रो सौन्दर्यको निर्माण गरिरहेका छन् । भर्खरै बेलायती गोर्खा सेनामा कार्यरत मेजर हेमकुमार तामाङ र बेलायती नागरिक क्याप्टेन जेयार्स वग्लीसँगको संयुक्त शब्द, स्वर र छायाङ्कन सहितको गीत- 'गहिरो छ मित्रता हाम्रो ...' मा पश्चिमा सङ्गीत र पूर्वीया नेपाली सङ्गीतलाई फ्युजन गरिएर निर्माण गरिएको छ । बेलायतमा स्थापित नेपाली ब्याण्ड र गोरखा सेनामा कार्यरत गोर्खा ब्रिगेड ब्याण्डले पश्चिमा सभ्यता, सङ्गीत, कलालाई पूर्वीय सङ्गीत र कलासँग सम्मिश्रण गरेर नयाँ सौन्दर्यको निर्माण गरिरहेका छन् । त्यस्तै युरोप, अमेरिका र अफ्रिका पुगेका नेपाली कलाकारले नयाँनयाँ प्रयोग गरिरहेका छन् ।

अब काठमाण्डौको खाल्टोबाट बाहिर निस्किन नसकेको नेपाली साहित्यलाई पश्चिमा साहित्यको जगतमा र विश्व बजारमा पुर्याउने सुगम मार्ग भनेको नेपाली डायस्पोरा नै हो । आफ्नो साहित्यलाई आफैले अंग्रेजीमा अनुवाद गर्ने र आफैले पठन गरेर आत्मरतिमा रमाउनपर्ने बिडम्बना भोगिरहेको नपाली साहित्यलाई विश्व बजारमा लैजाने शुभ कार्यको थालनी वेलायती र अमेरिका डायस्पोराबाट भइरहेको छ । यसको अर्थ केन्द्रीयवादको आत्मरतिमा मुलधारमा रमाईरहेको नेपाली साहित्यले विश्व बजारमा पुग्ने डायस्पोराको सुगम मार्गलाई कसरि उपयोग गर्दछ भन्ने गहिरो चिन्ता पनि हो । तसर्थ समष्टिमा डायस्पोरा क्षमतावान् र प्रतिभाशाली व्यक्तित्वका निम्ति अनेकन नयाँ सम्भावनाको क्षेत्रको रुपमा रहेको हुन्छ ।

**(ङ)मूल राष्ट्रको विकास र उन्नतिमा सहयोग :** अबको डायस्पोरा मूल राष्ट्रसँग विच्छेद भएर नवभूमिमा विलय हुन पुग्ने समुदायको रुपमा रहेन । मानिसले गरेको भौतिक प्रगति सँगसँगै द्रूतगतिमा यातायात, सूचना र सञ्चारको विकासले पुर्ख्यौली भूमि र डायस्पोराबीचको दूरताभाष मेटिँदै गएको छ । विश्वका धेरै विकसित मुलुकहरुले द्वैध नागरिकताको प्रावधान व्यवस्थित गरिदिएर मूलराष्ट्रले डायस्पोराबाट लाभ उठाउन सफल भएको छ । यसो गरिँदा डायस्पोराका समुदाय कानुनी मान्यताअनुसार अतिथि मुलुकको नागरिक हुन्छ । तर, मन, भावना र कर्मले मूलराष्ट्रकै निधि हुन पुग्दछ । डायस्पोरिक समुदायले आर्जन गरेका अर्थ, ज्ञान, सीप र दक्षता मूलराष्ट्रको सम्पति भएर जोडिन पुग्दछ । अविकसित तथा अल्पविकसित देशका निम्ति डायस्पोरा अथवा वैदेशिक रोजगार अर्थ आर्जनको प्रमुख स्रोतको रुपमा रहन्छ । तसर्थ मूलराष्ट्रको विपन्नतामा राहत र उन्नति तथा विकासमा डायस्पोराको प्रत्यक्षपरोक्ष सहयोगी भूमिका रहेको हुन्छ ।

नेपाली डायस्पोराको सन्दर्भमा विश्वका विभिन्न मुलुकमा पुगेर विश्वकै धनाढ्य व्यक्तित्वका रुपमा गनिने व्यक्तित्वहरुद्वारा स्वदेशमा उद्योग व्यवसाय खोल्ने, जलस्रोत, विद्युत् उत्पादन र सडक निर्माण जस्ता राष्ट्र निर्माणमा लगानी गर्ने कार्य भैरहेको छ भने सामान्य वर्गहरुबाट अर्थ उपार्जन गरेर मूलराष्ट्रलाई आर्थिक रुपमा सवल बनाउन सहयोगी भूमिका खेलिरहेको छ ।

## १२.डायस्पोरिक सिर्जनाको विशेषता :

मानिस जहाँ पुगे पनि समाजसँगै रहन्छ । समाजमा रहने मानिस उसको प्रकृतिगत आन्तरिक उत्प्रेरणाले सदैव कर्ममा उत्प्रेरित रहन्छ । उसको कर्मले जीवन पद्धति बन्दछ र जीवन पद्धति उसको संस्कृति हुन्छ । धर्म, संस्कृति र संस्कारद्वारा निर्मित भौतिक तथा मानसिक संसार नै उसको जीवन र जगत हुन्छ । तसर्थ मानिसले गर्ने साहित्य, सङ्गीत र कलाको सिर्जना उसको भौतिक तथा मानसिक जीवन र जगतको अनुकरणात्मक कार्य हो । त्यसो हुँदा मूलराष्ट्रको भन्दा डायस्पोराको सिर्जना भिन्न भएर आउँदछ । डायस्पोरिक सिर्जनाका विषयवस्तु र लेखकीय सन्दर्भहरु अनेक भएर आउँछन् । विषयगत विविधता, वैश्विक परिवेश, अन्तर्राष्ट्रिय पात्र पात्रा, नौलो चरित्रचित्रण, फरक भौगोलिकता, फरक ऐतिहासिकता, फरक जीवनपद्धति र अनुभूतिले रङ्गिएर डायस्पोरिक सिर्जना मन, भावना, समवेदना र गहिरो अतीतमोहले मूलराष्ट्रसँग जोडिएर आउँदछ । यही नै डायस्पोरिक सिर्जनाको मौलिकता र विशेषता हो । डायस्पोरा जीवनलाई फरक ढङ्गले भोग्न र अनुभूत गर्न पाइने स्थान भएकोले डायस्पोरिक सिर्जनाको क्षेत्र व्यापक हुन्छ ।

## १३.डायस्पोरिक सिर्जनाको महत्व :

डायस्पोरिक सिर्जनाले मूलराष्ट्रको वाङ्मयमा नयाँ आयाम भर्ने कार्य गर्दछ । मूलराष्ट्रको वाङ्गमयको श्रीवृद्धि र विस्तारका निम्ति डायस्पोरिक सिर्जनाको महत्वपूर्ण भूमिका रहन्छ । डायस्पोराले मूलराष्ट्रको सृजनालाई विश्वमा लैजाने र विस्तार गर्ने र विश्वको सिर्जना वा बिश्व ज्ञान सहितको सिर्जनात्मक सन्दर्भहरुलाई मूलराष्ट्रमा ल्याउने दोहोरो राजमार्गको कार्य गर्दछ । मूलराष्ट्रको लागि मात्र नभएर होष्ट राष्ट्रको निम्ति पनि डायस्पोरिक सिर्जनाले महत्वपूर्ण प्रभाव पारिरहेकै हुन्छ । विगत केही समयदेखि नेपालका अग्रज साहित्यकार तथा प्राज्ञ एवं प्रवुद्ध वर्गलाई विदेशमा आमन्त्रण गरेर विभिन्न साहित्यिक गोष्ठी, सेमिनार र रचनात्मक कार्यक्रमहरु डायस्पोराका स्रष्टाहरुबाट हुँदै आएको छ । यसले आफ्नो उद्गम थलो वा मूलराष्ट्रको ज्ञान र संज्ञानलाई डायस्पोराले लिने र डायस्पोराको जीवनको अनुभव र विश्वको बाहिरीय ज्ञान आफ्नो मूलराष्ट्रको सिर्जनाको मूलप्रवाहमा जोड्ने कार्य डायस्पोराबाट हुँदै आएको छ । कुनै पनि मानिस वा जातिको मानस अथवा स्वभाव, आचरण वा चरित्र र अन्तरात्माको निर्वाह उसको धर्म, संस्कृति र संस्कारले बनेको हुन्छ । तसर्थ, एउटै विषयमाथि फरक अनुभव र अनुभूतिले विचरण, चिन्तन र मनन गर्नु प्रकृतिगत स्वभाव हुन्छ । यति हुँदाहुँदै पनि प्रवासमा आइसकेपछि ती जाति वा मानिसमा हुने दैहिक परिवर्तन र

मानसिक विचलनले उसलाई द्वैधचरित्रको बनाइदिन्छ । डायस्पोराको फरक जीवनको भोगाइ, अनुभव र अनुभूतिहरु सिर्जनामा प्रतिविम्बित हुने हुँदा त्यो मूलराष्ट्रको सिर्जनामा नौलो र आयामिक हुन पुग्दछ । डायस्पोरिक सिर्जनाले मुलराष्ट्रको वाङ्मयलाई व्यापक र बहुआयामिक बनाउन ठूलो भूमिका निर्वाह गर्दछ ।

## १४.डायस्पोराको जीवनः

डायस्पोरा जीवन फरक भौगोलिकता, भौतिक भूगोल र मानसिक भूगोलले बनेको हुन्छ र त्यहाँ फरक भौतिक प्रकृति र मानसिक प्रकृति पनि रहन्छ । त्यहाँको फरक इतिहास, ऐतिहासिकता, सभ्यता, समाजबिज्ञान, भौतिक बिज्ञान, राजनीतिबिज्ञानले उसलाई प्रत्यक्ष-परोक्ष प्रभाब पारेको हुन्छ । यो एक प्रकारले विश्व ज्ञान प्राप्त गर्ने क्षेत्र पनि हो । तसर्थ यी तमाम बेग्लै अनुभब र ज्ञानहरुको आर्जनद्वारा उच्चचेतना र बौद्दिक सबलाताले बन्न पुगेको अर्कै जिन्दगी डायस्पोराको जीवन हो । यी जातीले मूलराष्ट्रको भौगोलिक सीमा र सामाजिक बन्धनबाट स्वतन्त्र र उन्मुक्त रहेर विश्वलाई अध्यायन, अनुभब र ज्ञान आर्जन गर्ने अवशरप्राप्त गरेको हुन्छ । संसारका धेरै विद्वानहरु जो महान लेखक, साहित्यकार, कलाकार, चिन्तक, दार्शनिक र बैज्ञानिकहरु बने, ती अनुभब र ज्ञान आर्जनका लागि साहसिक यात्रामा निस्किएको इतिहास पाइन्छ । यसले आफ्नो ज्ञानलाई विश्वमा बिस्तारित गर्दछ र बिश्व ज्ञानलाई आफ्नो बनाउदछ । वर्तमान अबस्थामा मुलराष्ट्र र विश्व ज्ञानको संयोजनले डायस्पोराको चेतनामा गुणात्मक बिकास हुन पुग्दछ । डार्बिनको बिकासबादको सिद्दान्तले जुन जीव, प्राणी र बनस्पति संघर्षशील रहन्छ, त्यही संघर्षले उसको रुप र अस्तित्वको बिकास गर्दछ भने झैं डायस्पोराको जीवनको संघर्षशीलताका कारण तिनको अन्तरचेतनाको जागरणले अस्तित्वको गुणात्मक बिकास गर्दछ ।

नेपाली साहित्य,सङ्गीत र कलाको क्षेत्रमा नयाँ सोंच,चिन्तन र सिद्दान्तसहित विश्वज्ञानको प्रभावलाई नेपाली वाङ्गमयको मूलधारमा ल्याउने कार्य भारतीय डायस्पोराका स्रष्ट र कलाकारहरुद्वारा भएको सत्य र इतिहासलाई हामीले आँखा चिम्लिनु हुँदैन । हाल हंग कंगबाट भयबाद र रेखा साहित्य लेखन, वेलायतबाट नवचेतनाग्रह, डायास्पोरिक सिर्जना सिद्दान्त र युद्द साहित्य सिद्दान्तको नेपाली साहित्यमा आगमन बादहरुका नक्कलका रुपमा मात्र हेरिनु हुँदैन । कारण डायस्पोरा बाहिरीय अनुभब र विश्वज्ञानले सम्पन्न हुन्छ ।सामन्य उदाहरण हेरौं, कुनै सामान्य मान्छे जो केही हप्ताका लागि विदेश भ्रमणमा निस्किन्छ र देश फर्किदा उ कति नयाँ अनुभब र विश्व ज्ञान लिएर फर्किन्छ ? भने डायास्पोरिक समाज नयाँ अनुभब र विश्व ज्ञानले संम्पन्न मुलुकमा हुन्छ । हिजोका महामानवहरु विश्वज्ञान प्राप्तिका लागि साहसिक यात्रामा निस्किएका थिए, तर आजको बदलिदो परिस्थितिमा डायस्पोरालाई त्यही अवशर प्राप्त हुन्छ । हुन त आज उच्चप्रविधिको बिकासले द्रुतगतिमा स्थापित हुन पुगेको साइबर जगतमा विश्वज्ञान एक ठाउँ बसेर पनि लिन सकिने अबस्था छ, ता पनि फरक भूगोलमा पुगेर प्राप्त गरिने ज्ञानको महत्व विशेष र उच्चकोटीको हुन्छ । डायस्पोराको समाज दुई फरक देशको सभ्यता र संस्कृतिको मिश्रित अनुभबले हाइब्रिड चेतनाले बिकसित हुन्छ । विश्व नागरिकहरुसंगको सम्बन्ध र ब्याबहराले संकीर्ण सोंच र विचारहरुबाट बाहिर निस्किएर

फराकिलो हुँदै यी जाती उदात भावनाले बनिएका हुन्छन । यी अत्यन्त उच्चमनोभावनाले माथि उठेका राष्ट्र भक्ति, देश प्रेम र आफ्नोपनमा गौरब गर्ने जातीका रुपमा पनि चिनिन्छन । प्रबासमा पनि यी जातीले आफ्नो भाषा, संस्कृति, संस्कार र धर्म बचाएर राख्ने र त्यसलाई संसरामा बिस्तार गर्ने समुदाय हुन् । दुई फरक जीवनको मिश्रित अनुभवले डायस्पोराको जीवनलाई भिन्न बनाइदिएको हुन्छ ।यो समुदाय मुलराष्ट्रमा झैं शान्त र स्थायीत्वप्राप्त समाज नभएर डायस्पोरा अत्यन्त अस्थिर, चलायमान, परिवर्तनशील र संघर्षशील समुदाय हुन्छ । तिनले त्यहाँको अनुकुलता र प्रतिकुलतासंग जीवन संघर्ष गर्दै स्थापित गर्ने इतिहास,मनोविज्ञान,संस्कृति र समाजशास्त्रको परिभाषा नै मुलराष्ट्रको भन्दा बेग्लै हुन पुग्दछ ।

## १५. हाम्रा मान्यताहरु:

क. भौगोलिक ब्यापकता

ख. ऐतिहासिक विविधता

ग. सांस्कृतिक संमिश्रण (रसायानिकता)

घ. ठिमाह संस्कृति (हाईब्रिड कल्चर)

ङ. नोस्टाल्जिया (गृहबिरह,अतीतमोह)

च. डायस्पोरिक जीवन दर्शन

## निष्कर्ष:

डायस्पोरा र सिर्जना नेपाली साहित्यमा नयाँ विषय र सन्दर्भ भएकोले यसको अध्ययन केन्द्रहरुको स्थापना, अनुसन्धान, खोज र व्यापक शोध हुनपर्ने आवश्यकता छ । केही प्राज्ञिक व्यक्तित्वहरुको वैयक्तिक चासो सँगसँगै नेपालमा राज्यस्तरको प्राज्ञिक निकाय वा सङ्घ-संस्थाहरुको डायस्पोरिक सिर्जनातर्फको ध्यानाकर्षण बढ्दै जानु नेपाली वाङ्मयको श्रीवृद्धिमा नयाँ सम्भावनाको अर्को ढोका खोलिँदैछ । यस्ता प्राज्ञिक निकायहरुले सानो चित्तले होइन, उदार हृदयले बहुलतालाई स्वागत गर्न सक्नु नेपाली वाङ्मयको श्रीवृद्धिमा हितकर हुनेछ । केही दशकदेखि आकल झुक्कल फुटकर रचनाको रुपमा आउन थालेको डायस्पोराको सन्दर्भलाई विशेषरुपमा सर्वप्रथम डा. गोविन्दराज भट्टराईद्वारा उत्तर आधुनिक ऐना (२०६२)मा चर्चा गरिएको छ । त्यस विषयलाई अझ व्यापक व्याख्यासहित विस्तृत गरिने कार्य उत्तर आधुनिक विमर्श (२०६४) मा भएको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय नेपाली विभागले डायस्पोरा अध्ययनको कार्य आरम्भ गरेर ऐतिहासिक कर्म गरेको छ । त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी विभागमा एमफिल र पिएचडीसम्मको अध्ययन हुन थालेको छ । नेपाल प्रज्ञाप्रतिष्ठानले पनि डायस्पोराको अध्ययन र सिर्जनाहरुको अभिलेख सङ्कलन र

संरक्षण कार्यको थालनी गरेको छ । यसको अर्थ अबको डायस्पोरा खाना खोज्ने नाना जोहो गर्न पलायन हुने समुदायको रुपमा मात्र रहेन । यहाँबाट प्राप्त हुने ज्ञान, खोज र अनुशन्धानको क्षेत्रलाई जान्न यसलाई हेर्ने र अध्ययन गर्ने दृष्टान्त परिवर्तन हुन पर्दछ भन्ने आग्रह हो ।

डायस्पोरा प्रत्यक्ष-परोक्ष विश्व अनुभब र ज्ञानले सम्पन्न हुन्छ । त्यसको सानो नेपाली उदाहरण हेरौं, तेस्रो आयाम लेखन दार्जिलिंगबाट इन्द्रबहादुर राई, बैरांगी काइला र इश्वर बल्लभद्वारा प्रतिपादन भएर नेपाल भित्रिएको चिन्तन हो । तेस्रो आयाम लेखन तत्काल विश्वमा चलेको र चलिरहेको चिन्तनद्वारा उद्‌बोधित नेपाली चिन्तन थियो । तर आयामिक लेखन विश्वजनिन बिषय र विश्व विचारका अंश बोकेर आएको चिन्तन भए पनि तत्काल साशकको निरंकुशताले गर्दा त्यसले अभिव्यक्त हुने विधा अभिधात्मक नभएर प्रतीकात्मक हुन पुगेको भान हुन्छ । अनि आयामिकताको व्याख्याका लागि “बस्तुता“ को परिभाषामा विश्व लेखनमा चलिरहेको भाषाको खेललाई आयामिकहरुले अपनाउदा भाषाको जन्जालमा फसेर दुर्बोध्य हुन पुगेझै प्रतीत हुन्छ । त्यसका लागि काइलाका कविता र इन्द्रबहादुर राईको आयामिक चिन्तनको व्याख्याको भाषालाई अध्यान गर्दा स्पष्ट हुन्छ । तापनि आयामिक चिन्तनको दाँजोमा अरु चिन्तन पुग्न सकेको छैन । यसले भाषाको खेलले नै उच्चस्थान प्राप्त गरिरहेको छ । इन्द्रबहादुरबाट नै ब्याख्या भएर धराबासीले नेपाल भित्र्याएको लिला लेखन हिन्दू पुराणको कृष्ण चरित्रबाट प्रभावित चिन्तन थियो । त्यसको प्रयोगका लागि धराबासीद्वारा लेखित राधा उपन्यासले हिन्दु ग्रन्थमा छुटेको या उपेक्षा गरिएको नारीपात्र राधालाई आधुनिक साहित्यमा पूनर्लेखन त गरियो, तर यसले हिन्दूबादीहरुलाई मात्र खुसी बनायो, गैरहिन्दूलाई निरास बनायो । कारण राधालाई लिला लेखनको सिद्दान्तको भारीले थिच्यो, त्यो आधुनिक राधा या संघर्शील नारीपात्रको रुपमा रुपायन हुन पाएन । राजन मुकरुंगद्वारा लेखित किरात मिथकका नायक हेत्छाकुप्पा झैं आधुनिक पात्रमा प्रत्यारोपण गरेर संघर्षशील र प्रगतिशील बनाउन नसक्नु राधा उपन्यासको असफलता थियो । सिर्जनाशील अराजकता हिन्दूबादको एकलबादको बिरोधमा बहुलता र अनेकताको पक्षमा पिछडिएका बर्गका हितमा आएको लेखन हो र उसले उठान गरेको नश्लीयचेत अहिलेको राजनीतिक गतिविधिले पहिचानबाद तर्फ मोडिएको या रुपायन हुने पुगेको छ । यो बिषय नेपालको लागि मात्र नयाँ हो र विश्वको लागि पुरानो । रंगबाद विश्वजनिन बिषयलाई चिन्तनमा लिएर आएको बाद हो । हिजो ठूला राष्ट्रले बिशेषगरिकन वेलायतले आफ्नो साम्राज्यबाद र औपनिबेशबाद लाद्न रंगभेदको नीति अपनायो र त्यसको शिकार अफ्रिकी राष्ट्रहरुले पछिसम्म भैरहन पर्यो । जसले नेल्सन मण्डेला र रबर्ट मुगाबे जस्ता राष्ट्रबादी नेताहरु जन्मायो । त्यही रंगभेद साम्राज्यबाद, एकलबाद, अधिनाकबाद अर्थात् रंगबादको मान्यतालाई नेपालका रंगबादी लेखनले उल्ट्याइ दिए, जुन रंगबाद नेपालमा पनि बाहुनवादको रुपमा लादिएकै थियो । यो स्वत्व, पहिचान, बहुलता, स्वतन्त्रता र मानबअधिकार सहित ब्याख्या हुन पुगेको नेपाली रंगबाद चिन्तन पश्चिमको लागि एक पाठ हुनसक्ने सम्भावना छ, यदि यिनले चिन्तनलाई बिस्तार गर्न सके भने ।

डायस्पोराबाट आइरहेका चिन्तनहरुमा भयबाद दर्शन फ्रयडको मनोविज्ञान अर्थात् मनको सिद्दान्तसंग सम्बन्धित हुने र मानबको स्वभाब र चरित्रमा प्रकट हुने र संचालित हुने भएकाले यो सर्वजनीन र सर्वकालीन बिषय हुनसक्ने सम्भावना छ ।

वेलायतबाट आइरहेको तीनवटा चिन्तन छन, नवचेतनाग्रह, डायास्पोरिक सिर्जना सिद्दान्त र युद्द साहित्य सिद्दान्त । नवचेतनाग्रह समस्त जीवन र जगतको अर्थ के ?भौतिक अभौतिक के हो ? हाम्रो ज्ञानको साररुप के हो ? ज्ञानले सुख दिन्छ कि दुख ? ज्ञानले सुख दिन्छ भने संसारमा दुखि प्राणीको संख्या किन बढ्दो छ ? यदि ज्ञानले दुख दिन्छ भने ज्ञान प्राप्त गर्ने लालसा र ज्ञानी बन्ने ढोंग किन गर्ने ? कि हामीले प्राप्त गरेको ज्ञान नै मिथ्य हो, भ्रम हो ? भ्रान्ति र यथार्थ के हो ? सत्यको स्थायीत्व छैन भने त्यो सत्य के हो ?यो बिषय र क्षेत्रनै ब्यापक भएकोले यसको अरु चिन्तन भैँ तत्कालै ब्याख्या र परिभाषित हुने चिन्तन होइन । यसले पुस्त जन्माउनपर्ने देखिन्छ । डायास्पोरिक सृजना सिद्दान्त विश्वको लागि नयाँ होइन, तर नेपाली साहित्य लेखनका लागि नयाँ हो । मूलराष्ट्रको मूलधारमा डायस्पोरा र डायस्पोरिक लेखनको जतिसुकै चिन्तन र ब्याख्या भए पनि डायस्पोराको संलग्नता र सक्रियताबिना त्यो अपुरो रहन्छ । डायस्पोरामा नेपाली डायस्पोराको पहिचान र विश्व रेकर्डमा लेखित दस्ताबेज दर्ताका लागि डायस्पोराकै सक्रियतालाई यसले महत्व दिन्छ । अब युद्द साहित्य लेखन, युद्द मानबको प्रवृति होइन प्रकृति हो । त्यसैले यो विश्व लेखन हो । पश्चिमले पनि धेरै युद्द लड्यो । उसले पनि इलियड र ओडिसी जस्ता महाकाव्यहरु लेख्यो, तर पूर्वको बैदिक युगको युद्द दर्शन गीताको सामु पछि पर्यो, तिनका चर्चा नगण्य छ । पश्चिमको इलियड र ओडिसी र पूर्वको रामायण र महाभारत युद्द गाथा थियो, तर पूर्वको गीता अकाट्य बैदिक युद्द दर्शन थियो । अब गीताको रुपान्तरित रुप उत्तरआधुनिककालसम्मको युद्दलाई भौतिक युद्द दर्शन बनाउन सकिने सम्भावना युद्द साहित्य लेखनमा छ, तर त्यो प्रवर्दकहरुको होश र ज्ञानमा निर्भर हुन्छ । यसरि हेरिसकेपछि के स्पष्ट हुन्छ भने डायस्पोरा विश्व ज्ञान र चेतनाले माथि उठेको हुन्छ ।तसर्थ अहिलेसम्मका व्यक्तिगत चासो, स्वअध्ययन, अनुसन्धान शोधका स्रोतहरु र डायस्पोरा जीवनको निजी भोगाइ, अनुभव र अनुभूति, डायस्पोराका सिर्जनाहरुको प्रकृति र प्रवृत्तिको पहिचान र त्यसको सौन्दर्यले माथिका मान्यताहरु बनेका छन् ।

डायस्पोरिक लेखनले नेपाली सिर्जनाको क्षेत्रलाई अफ व्यापक बनाउँदै संसारभरि छरिएका डायस्पोरिक सिर्जनाका भँगालाहरुलाई नेपाली वाङ्मयको मूलधारमा जोड्ने कार्य गर्दछ। अहिले डायस्पोरामा डायस्पोरिक सिर्जना तीव्र गतिमा अघि बढिरहेको छ। यतिखेर डायस्पोराका सिर्जनाहरुको प्रकाशनको सङ्ख्यात्मक रुप आशालाग्दो छ। डायस्पोरिक लेखनको स्तरीयता र गुणात्मक विकास हुन नसकिरहेको यथार्थ केही हदसम्म सत्य हो, तर यसो हुनमा त्यहाँका अन्तर्यमा लुकेको अदेखा समस्य समय र परिस्थितिको गहन अध्यायनपछि डायस्पोराका रचना कम्जोर,स्तरहिन र हतारको सिर्जना हुन स्वभाबिक ठहर्दछ। डायस्पोराका सिर्जना कर्मीहरुका लागि ठूलो समस्य, समयको अभाब हो र प्रतिकुल परिस्थिति। कारण स्थानान्तरकालका ति समुदायका अधिकांस मानिसहरु मजदुर वर्गभित्र पर्दछन र त्यही मजदुर वर्गभित्र पर्दछन डायस्पोराका लेखक कलाकारहरु। बिकसित मुलुकको

राज्यब्यबस्थाको सिष्टमले मान्छेको प्रतिभा र क्षमता अनुशारको वर्ग विभाजन गरिदिएको हुन्छ। मजदुर, लेखक कलाकार, खेलाडी, राजनीति सबैका वर्ग हुन्छन र ति एक अर्कासंगको अन्तरसम्बन्ध हुँदैन। ति आआफ्ना क्षेत्रका पूर्णकालीन पेशेवर हुन्। मजदुर हप्तामा सातै दिन मजदुरी गर्छ। लेखक हप्तामा सातै दिन अध्यायन, चिन्तन र साधना गर्छ, त्यस्तै अरु पनि। मजदुर बर्गको मान्छे वा मजदुर भनेको लामो समयदेखिको मनोबैज्ञानिक ग्रान्ड डिजायनले बनाएको मानबिय भावना र समबेदनाबिहन मानब औजार मात्र हो। आश्चर्य यो हो कि डायस्पोराका लेखकहरु मजदुर बर्गमा बसेर लेखक बर्गका काम गरिरहेका हुन्छन, जसको त्यहाँका लेखकहरुसंग सम्बन्ध पनि हुँदैन। ति रात रातभरि नसुती लेख्छन। उठेर आधा पेट खाएर साहित्यका लागि दगुर्छन, किन कि ति कर्मले मजदुर भए पनि सिर्जना र प्रतिभाको चेतनाले पूर्णकालिन सर्जक नै हुन्। अनि तिनका लेखनमा अध्ययन, चिन्तन र साधना छुट्छ र आउछ भावनाका भलबाढी मात्रै। यी सबै समस्यालाई नबुझीकन राज्यको कुनै सिष्टम नबसिसकेको नोकरी र रोजगारबिहिन नेपालका लेखकहरु स्वतः पूर्णकालिन हुन्। तिनका रचनाको दाजो राखेर डायस्पोराका सृजनालाई कम्जोर,स्तरहिन र हतारको सिर्जना भनेर प्रतिक्रिया गर्नु प्राज्ञ एबम बिज्ञहरुको डायस्पोराप्रति अर्धअध्यायन, अर्धज्ञान र हतारको मानसिकताको उपज ठहर्दछ।

तसर्थ डायास्पोरिक रचनाको स्तरीयता र गुणात्मक बिकासका लागि त्यहाँका लेखकहरुलाई लेखकीय जिम्मेवार बोध गराउन डायास्पोरिक चिन्तनलाई ल्याइएको छ र त्यसो गर्न डायस्पोरिक सिर्जनाको स्वत्व, मौलिक पहिचान, अध्ययन, बहस, चिन्तन, मनन र विमर्शबाट मात्रै सम्भव हुन्छ। डायस्पोरा चिन्तनले डायस्पोराको सृजनशील व्यापकता र विश्वज्ञान क्षेत्रलाई प्रकाशमा ल्याउदै डायस्पोरा जीवनलाई बोधगम्य बनाउनु पर्ने आबश्यकता देखिएको छ। अतः डायस्पोराका विषय सन्दर्भलाई एकीकृत गरेर मूलप्रवाहबाट सिर्जनात्मक ऊर्जाशक्ति निर्माण गर्न यी मान्यताहरुद्वारा डायस्पोराका सिर्जनालाई सैद्धान्तिकरण गरिने प्रयत्न गरिएको छ। डायस्पोरिक सिर्जनालाई सैद्धान्तिकरण, व्यवहारिकरण र सरलीकरण गर्न तथा यसलाई नयाँ ढङ्गबाट बिचार,बहस, विवेचना र विमर्श होस् भन्ने डायस्पोरिक सिर्जना सिद्धान्त आग्रह गर्दछ।

# खण्ड : २

# सिर्जनाहरु

# १.कथा-खण्ड

## ५. कथाहरु

## ज्याक्सन हाइट

महेशबिक्रम शाह

### उत्तरआधुनिक ज्याक्सन हाइट

विश्वको प्रसिद्द सहर न्यु योर्क । अमेरिकाको व्यापारिक राजधानी । न्युयोर्कको एक कुनामा छ ज्याक्सन हाइट । ज्याक्सन हाइटको वरिपरि मौरीले रानुलाई घेरेर बसेझैं बसेका छन् । नेपाली,भारती, बङ्गाली, पाकिस्तानी, श्रीलंकालीर केही तिब्बतीहरु । उनीहरु ज्याक्सन हाइटमा आफ्नो परिचय स्थापित गर्न पाएकोमा प्रफुल्ल छन । ज्याक्सन हाइटमा नेपाली भेटिन्छन,ज्याक्सन हाइटमा भारतीय भेटिन्छन । ज्याक्सन हाइटमा नेपाली खाना पाइन्छ,ज्यासन हाइटमा भारतको सब्जी मण्डीमा झैं चौबिसै घण्टा चहलपहल देखिन्छ । ज्याक्सन हाइटको बतासमा नेपाली गुन्द्रुक र तामाको सुगन्ध भेटिन्छ । ज्याक्सन हाइटको गल्लीगल्छेडाहरुमा चानाचटपटे, पानीपुरी र पानपरागको स्वाद चाख्न पाइन्छ । पाकिस्तानी कबाब पनि कम चर्चित छैन ज्याक्सन हाइटमा । ज्याक्सन हाइटका साँघुरा गल्लीहरुमा चर्को स्वरमा बलिउडका लेटेस्ट आइटम गीतहरु घन्कीरहन्छन ।

अत्याधुनिक अमेरिकामा उत्तरआधुनिक बन्दै छ-ज्याक्सन हाइट । अमेरिकाको पुनर्लेखन गर्दै छ ज्याक्सन हाइट । अमेरिकाको प्राचीन सभ्यतालाई उत्खनन गर्दै छ-ज्याक्सन हाइट ।

म एक दिन उत्तरआधुनिक ज्याक्सन हाइटमा वर्तमान नेपाल र प्राचीन सभ्यताको एक प्रतिनिधि पात्र भएर छिरें । त्यहाँ गोरा र कालाभन्दा एसियाली गहुँगोरा र श्यामल अनुहारहरु दृष्टिगोचर भए । मलाई काठमाण्डौको ठमेल र दिल्लीको करोलबाग पुगेको अनुभब भयो । मनमा एकतमासको खुशी छायो ।

म एउटा रेस्टुराँभित्र छिरें-थकाली रेस्टुराँ । पोखराको थकाली रेस्टुराँमा पुगेझैं लाग्यो मलाई । ढोकानिर उभिएका साहुजीले जोडले हात मिलाए । चारैतिर नेपालीपन । भान्छामाथि भित्तामा सुकेको दाउरा र चुल्होमाथि रयाकमा टिलिक्क टल्किएका काँसका भाँडाकुँडा सजाइएर राखिएका । सिलिङ्गमा तुन्द्रुङ्ग चौंरीको पुच्छर झुन्डिएको । भित्तामा थरिथरिका थाङ्का,हिमालका

तस्विर र झ्यालढोकामाथि गणेश, कुमार,भैरब र लाखे नाचका मुखौटाहरु टाँगिएका । काउन्टरको दाँयातिर टेबलमाथि तामाको बुद्दमुर्ति ध्यानमग्न मुद्रामा रहेको । अमेरिकाको रेस्टुराँभित्र पस्दा नेपालमै पुगेको अनुभूति हुने ।

"अमेरिकाको उत्तरआधुनिक रेस्टुराँ !" मेरो दिमागमा यस्तै सोंच आयो ।

थकली खानाको नाममा विशुद्द नेपाली खाना खाइरहेका ग्राहकहरुलाई हेर्दै म कुनामा रहेको एउटा टेबल ओगटेर बसें ।

**रोसन**

"मेरो नाम रोसन हो सर ! विदेशीहरु "राउसन" भन्छन मलाई !" मैले सोधेपछि मात्र भन्यो उसले । उसको नामले पनि ज्याक्सन हाइटको उत्तरआधुनिकतालाई आत्मसात गरिरहेको बुझिन्थ्यो । आफ्नो नाम मात्र उसले भन्यो, थर भनेन । २५/२६ बर्षको त्यो युवकको जिउडाल झट्ट हेर्दा राम्रै देखिन्थ्यो ।

"घर कहाँ हो?"

"त्यतै पूर्वतिर हो सर !" अनिच्छा प्रकट गर्दै बोल्यो ऊ ।

"पूर्व कतातिर हो भाइ?" मैले सोधें ।

"ओखलढुङ्गा ।"

अचानक मेरो मस्तिष्कमा झड्का हान्यो यस नामले । मैले धेरै पटक सुनेको नाम थियो त्यो ।

"मेरो प्यारो ओखलढुङ्गा !" म बुँदबुँदाएं । ऊ हाँस्यो ।

"थाहा छ यो कविता ?" मैले उसलाई हेरें ।

"यो कविता पढेरै हुर्केको हुँ सर ! यो कविता सिद्दिचरणको होइन? ऊ बोल्यो " नारायण गोपालले क्या दामी गाइदियो नि ! हिट भो ।"

"रामेश रायनले पनि गाएका छन् "मेरो प्यारो ओखलढुङ्गा !"

"को रामेश रायन सर ? उसले पक्क परेर मतिर हेरयो ।

"यिनीहरु पनि उम्दा कलाकार हुन् भाइ ! मौका मिले यिनीहरुका गीत सुन्नू, शरीरभरि तरंग पैदा गर्छन ।" मैले भनें ।

"गायक गायिकाहरुलाई चिन्दिन सर, कतिलाई नामले मात्र चिन्छु । रामेश र रायन अमेरिका आएका भए चिन्थें हुँला ।"

"तर एउटा कुरा नि सर...!" भाबुक हुँदै ऊ बोल्यो ।

"के रोसन ?"

"यो गीत त मेरै लागि लेखे जस्तो लाग्छ सर ! अमेरिकामा बसेर यो गीत सुन्दा नेपालको सम्झनाले सताउछ हजुर । " ऊ अहिले नै रोला जस्तो देखियो । मेरो छातीभित्र चसक्क दुख्यो ।

"ए रोसन,के गफ चुटिरहेको हँ ?सरको अर्डर लियो ?"उताबाट साहुजी करायो ।

"लिदै छु हजुर !" हतारिएर बोल्यो ऊ ।

"अमेरिकामा पनि जी-हजुर भन्नुपर्छ ?"

बेलाकुबेला "फायर" गरिदेलान भन्ने पीरले पनि भन्नुपर्छ सर !" उसले आफ्नो पीडा पोख्यो ।

"हजुरलाई के ल्याउँ सर ? त्यसअगि ड्रिङ्क्स र स्न्याक्स लिनु हुन्छ कि ?" उसले खाना अर्डर लिन खोज्यो ।

"हुन्छ भाइ, एक ग्लास जुस र एक प्लेट भीज मस्मस्ल्याऊ न है !"मैले मेनु हेर्दै भनें ।

"सर भेज हो ?"

"हो भाइ, म भेज हुँ !"

"साह्रै दुस्ख पाउनुभयो होला हगि ? यहाँ त मासु नहालेको कुनै खाने कुरा हुँदैन । त्यही सद्दे पाउरोटीमा मात्र मासु हाल्दैन ।"

"आखिर जीवन जसरी पनि चल्दोरहे छ भाइ, चलाउनै पर्यो ।"

"हुन त हो सर ! म हजुरको अर्डर लिएर जान्छु ।" ऊ जान खोज्यो, फेरि फर्केर भन्यो " सर पानी ल्याउँ ?"

"हुन्छ ।"

"आइस हालेको ल्याउँ कि सादा ?"

"सादा ल्याऊ भाइ !"

"हुन्छ सर !" रोसन स्लिप लिएर किचनभित्र छिर्यो ।

## रेस्टुराँभित्र र रेस्टुराँबाहिर

रोसन पानी लिएर आउन्जेल मैले आफ्नो वरिपरिको वातावरण सरसर्ती नियालीसकेको थिएँ। मेरो पछाडीको टेबलमा एउटी नेपाली युवतीसंग कालो वर्णको विदेशी बसिरहेको थियो । अगाडि परको काउन्टर नजिक एक जोडी नेपाली दाम्पति म म खाँदै थिए । पल्लो छेउको एउटा टेबलवरिपरि चारजना नेपाली केटाहरु नेपाली खाना(दाल,भात,तरकारी ) दाबिरहेका थिए । अर्को टेबलमा दुई जना गोरा दुईटी नेपाली केटीसंग गफिँदै थिए र सबैभन्दा परको कुनाको टेबलमा एउटी केटी गालामा हात लाएर झोक्राइरहेकी थिई । उसको अगाडि टेबलमा आधा बोतल बियर र बियर भरिएको ग्लास थियो । रेस्टुराँका ग्राहक यिनै थिए । झट्ट हेर्दा साहुजीले जेनतेन रेस्टुराँ धानिरहेझैं लाग्यो मलाई ।

रोसन सादा पानी लिएर आयो ।

"सर, जुस मात्र लिने ? बियरसियर केही लिनु हुन्न ?लिनु हुन्छ भने म ल्याईदिन्छु "

"होइन भाइ, मलाई जुस मात्र ल्याऊ " मैले भनें ।

"ऊ फेरि भित्र गयो र तुरुन्त हातमा जुस लिएर आयो ।

"यहाँ काम गर्न थालेको कति भयो भाइ ?"

"तीन बर्ष भयो सर !"

"अमेरिका आएको कति भयो नि ?"

"त्यसतै पाँचबर्स्ढ जति भयो !"

"डिभी परेर आएको होला, होइन ?"

"हो सर! तर अहिलेसम्म केही प्रगति गर्न सकेको छैन । नेपाल सम्झदाकेही त गरे जस्तो लाग्छ । तर जब दिमागमा "रियल लाइफ" घुमन थाल्छ, तब आफूलाई जहाँको तहीं उभिएको पाउँछु"।

"हो र ?"

"हो सर ! हुन त मेरी श्रीमती पनि यहीं छे । दुईटा बच्चा पनि छन् । श्रीमती पनि काममा जान्छे, तर हामीले सोंचेको कुरा अझै पाउन सकिएन, देख्न सकिएन सर !"

म बिचार मग्न भएँ । रोसनले पाउन खोजेको त्यो "कुरा" के होला? कुन "कुरा"को प्राप्तिका लागि ऊ यसरि लत्तो छाडेर लागिरहेको छ ?

"रोसन, ऊ त्यो टेबलको अर्डर लेऊ त !" साहुजी करायो ।

"हवस् हजुर !" ऊ परतिर लाग्यो ।

काँचको पारादेर्शी बारबाट मैले बाहिर चियाएँ । बिजुलीको चकाचौंधमा ज्याक्सन हाइटका भवनहरु बलिरहेका थिए । सडकमा अन्यत्रभ्कैं यहाँ पनि गाडी गुडिरहेका थिए, तर सडकका पेटीहरुमा उभिएर घन्टौं बात मार्ने मान्छेहरुका दृश्य अन्यत्र नदेखिए पनि यहाँ सामान्य थियो । झुण्डझुण्ड बनाएर बसेका ती अनुहारहरु सबै आफ्नै अनुहार जस्ता लागिरहेका थिए मलाई ।

कोही बेस्सरी खोक्तै पेटीमा थुक्तै गए, कोही गला साफ गैर मुखबाट खकार हुत्याउदै थिए । दुई जना कुर्तापाइजामा लगाएका मान्छे चोकको दक्षिणपूर्वी कुनामा रहेको सानो पान पसलमा गए । तिनीहरुले एकएकवटा गतिलाई पानको बिडा मुखभित्र हाले र सडकको पेटीमा पिच्च थुक्दै अगाडि बढे ।

चोकको पल्लापट्टि तीन(चार जना मान्छे सिनेमाघरको टिकट काट्ने झ्यालवरपर घुमिरहेका टिकट दलालहरुभ्कैं पेटीमा हिंडिरहेका हरेक मान्छेका अनुहार सुंघिरहेका थिए ।

मेरो आखा अगाडीबाट पुलमाथि मेट्रो रेल बेतोडले कुद्यो । शिरमाथि रेल कुदेको देख्दा दिल्लीको चाँदनीचोकको किनारमा बसिरहेभ्कैं लाग्यो मलाई ।

“बाहिरको सिन हेरेर रमाउनु भएछ सर त !“ रोसन बोल्यो ।

“अँ !“

“सबै हाम्रै जस्तो छ । यी घर, सडक, कार र रेल मात्र अमेरिकाका हुन् । बाँकी सबै हाम्रै जस्तो । उस् त्यो चोकनिर उभिएको पुलिस छ नि सर, त्यो बङ्गलादेशी हो । हुन त कागजमा अमेरिकी भइसक्यो । यहाँ ड्युटी पर्यो भने ऊ खुब रमाउछ । कहिलेकही नेपाली खाना खान आउँछ ।“

“हो रोसन,यो ज्याक्सन हाइटलाई समग्रमा हेर्दा हाम्रो कुनै सहर जस्ती पो लाग्छ यार !“( मैले ज्याक्सन हाइट देखेर आफू पनि आश्चर्यचकित भएको कुरा बताएँ ।

“खोइ सर, हामीले अमेरिकालाई उल्लु बनाएका हौं कि अमेरिकाले हामीलाई मुर्ख बनाएको हो, भन्न गाह्रो छ । झट्ट हेर्दा यहाँको जस्तो स्वतन्त्रता कहीं नभए जस्तो तर यो स्वतन्त्रता हाम्रा लागि बन्धन हो कि भन्ने आभास हुन्छ सर ! अदृश्य बन्धन ! छोडुंछोडुं लाग्ने तर छोड्न नसकिने, भागुंभागुं लाग्ने तर भाग्न नसकिने !झन्झन् भासिदै जाने दलदलमा भासिएभ्कैं ।“ रोसनको अनुहार उदास देखियो ।

“किन र भाइ ? बहुसंख्यक नेपालीहरु अमेरिका आउनका लागि आफ्नो टाउको फोर्न र जायजेथा सब बेच्न पनि तयार हुन्छन । भाइ त झन् झन् अमेरिकामै बसेर यस्तो भन्ने !“

“हो सर, मैले यसो नभन्नुपर्ने हो । यो अमेरिका आउन मैले पनि कम पापड बेल्नु परेन, तर जुन सपना बोकेर आइएको थियो, त्यो पोको त यो ज्याक्सन हाइटको पेटीमा बज्रेर

छाताछुल्ल भइसक्यो सर ! ठमेलको कुनै चल्तीको रेस्टुराँमा काम गर्नु र अमेरिकाको ज्याक्सन हाइटको यस नेपाली रेस्टुराँमा काम गर्नु के फरक भयो र ? यति हो, यहाँ डलरमा तलब पाइन्छ, त्यो पनि नेपालका उच्च पदस्थ अधिकारीले नपाउने रकम । तर त्यो रकम महिना नकट्दै सप्पै रितिन्छ । थाहै नपाई डलरहरु हराउछन एकएक गरी "( रोसन आफै बर्बराइरहेको थियो । उसलाई साहुले बोलाया । ऊ कुदै छेउतिर गयो ।

मैले फेरि काँचको पर्दाबाट बाहिर आँखा घुमाएँ । मेरो आँखा एउटा बिल्डिंगको पर्खालमा झुण्ड्याइएको होर्डिंग बोर्डमा ठोकिए,जसमा भारतीय अभिनेता अभिषेक वच्चन नाडीमा बाँधेको "ओमेगा" घडी देखाउदै मुस्कुराउदै थिए । अभिषेकको यो बिज्ञापन पूरै अमेरिकाका लागि हो वा मात्र ज्याक्सन हाइटका लागि,मैले अनुमान गर्न सकिनँ । हुन त त्यसमुनिको "अग्रवाल शो रुममा इब्रोइड गरिएका सारीमा अभिनेत्रीहरु ऐश्वर्य राय र क्याट्रिना कैफले मोडालिंग गरेका तस्विरहरु पनि नराखिएका होइनन् । यी होर्डिङ्ग बोर्ड र मोडेलका रेप्लिकाहरु मलाई कल्चर फ्युजनका बाइप्रोडोक्ट लागिरहेका थिए ।

म आज दिउँसो मात्र न्यु योर्कको टाइम स्क्वायर घुमेर आएको । त्यहाँ गोरा अनुहारहरुको भीडमा म बिलाएको थिएँ । सबै तीब्र गतिमा दौडिरहेका थिए फ्लोरिडाको जोन अफ केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको रकेटभैंं । सबै समयको गतिमा जीवनको गति मिलाइरहेका थिए । त्यहाँ सत्य र सौन्दर्यको प्रदर्शन भइरहेको थियो । तर सत्य र सौन्दर्यसंग हुनपर्ने "शिव" त्यहाँ थिएन । सम्भवतसशिव मेरो आँखाको कुनै कुनामा लुकेर बसेको थियो । बाहिर निस्कन लाज मानेर ।  मैले जबर्जस्ति बाहिर निकालें शिवलाई । टाइम स्क्वायर यदि ऊ हराउथ्यो त म पनि हराउथें मान्छेहरुको अथाह सागरमा । हामीभित्र शिव रहिरहनुको कारण नै यो स्वप्ननगरी वा अत्याधुनिक सहर न्यु योर्कमा उत्तरआधुनिक ज्याक्सन हाइट जन्मेको हुनपछ ।

"ज्याक्सन हाइट जानु नि, नेपाल र भारतको कुनै सहरमा गए जस्तो लाग्छ, हा हा हा !" बाटामा ठोक्किएका एक नेपाली मित्रले मलाई सल्लाह दिएका थिए । उनको सल्लाहमा सुझाब कम र व्यंग्य बढी थियो । तर मान्छेहरु यहाँ जुनसुकै उदेश्य लिएर आएका हुन्, सबैका अनुहारमा एक प्रकारको खुसि र सन्तुष्टि पाएँ ।

"के सोंच्दै हुनुहुन्छ सर ?" रोसनले तातातो मस्मस् ल्याएर टेबलमा राख्यो ।

"ज्याक्सन हाइटमा मान्छेहरु किन आउछन रोसन ?"

"को सर? नेपाली, इण्डियन, बङ्गाली,पाकिस्तानी ?"

"हो!"

"रहर पूरा गर्न आउछन । बङ्गाली हुँ भन्ने सम्झनाका लागि पनि आउछन । " रोसनले हाँस्दै भन्यो ।

त्यसै बखत तीन जना नेपाली हस्याङ्गफस्यांग गर्दै रेस्टुराँभित्र छिरे र काउन्टर नजिकको टेबल वरिपरि बसे र गफ चुट्न थाले । रेस्टुराँको मालिक पनि तिनीहरुसंग बात मार्न थाले ।

"सरलाई थाहा छ ? तिनीहरु जुवाडे हुन्," रोसनले भन्यो ।

"जुवाडे !"

"हो सर, यो रेस्टुराँको पल्लोपट्टि एउटा बिल्डिंग छ । एउटा फ्ल्याट भाडामा लिएर अबैध रुपमा जुवा खेलाउछन । कति पटक यिनीहरुलाई पुलिसले पक्राउ गरिसक्यो । छुट्ने बितिक्कै फेरि अर्को ठाउँमा खेलाउन सुरु गरिहाल्छन ।

"कसरी थाहा पायौ नि ?" मैले सोधें ।

"हाम्रो साहुजी पनि खेल्न जान्छ सर । एक पटक उसलाई पनि पुलिसले झन्डै पक्रेको थियो, यही बङ्गलादेशी पुलिसले बचाइदियो । त्यस दिनदेखि उसलाई यहाँ खाएबापत पैसा तिर्नु पर्दैन सर ।" उसको अनुहारमा व्यंग्यात्मक मुस्कान नाच्यो । म पनि हाँसें ।

"हाम्रो सङ्गतले यहाँको गोरा पुलिस पनि बिग्रिसके सर ! फोकटमा खान पाए रमाउँछन् । ठ्याक्कै नेपाली जस्तै !" ऊ खित्खितायो ।

म मस्मस खान थालें ।

"मासु खाने भए छोइला, कचिला, भुटान, उसिनेको गिदी,टाउकाको सुप र साँधेको सुकुटीको स्वाद पनि लिन पाउनु हुन्थ्या । अमेरिकामा नेपाली पाराले पकाएको मासुको स्वादको आनन्दै अर्को !" रोसन मतिर हेर्दै मुस्कुराउदा मेरो साकाहारीतामाथि व्यंग्य कसेझैं लाग्यो ।

मैले आफू वरिपरि हेरें । सबै आआफ्नै तरिकाले मस्त भइरहेका थिए । अगि आएका तीनजना जुवाडेहरु बियर र स्न्याक्स खाँदै थिए । उनीहरुसंग बसेर रेस्टुराँको साहुजी पनि हु..हु..गरिरहेको थियो । मलाई विदेशी युवकसंग बसिरहेकी नेपाली युवतीको ब्याबहार अनौठो लागिरहेको थियो । ऊ लगातार बोलिरहेकी थिई,मुस्कुराईरहेकी थिई र आफ्नो साथीलाई विभिन्न परिकारहरु पसिकिरहेकी थिई । तर त्यो वेदेशी युवक भने बीचबिचमा घुरेर हेर्दै नमीठो गाली गर्दै कपाकप खाना हसुरिरहेको थियो । नेपाली दाम्पतिहरु लामो दाम्पत्य जीवनबाट वाक्क भएर थाकेझैं देखिन्थे । बीचबिचमा दुवै दुईतिर मुन्टो फर्काएर टोलाउथे र फेरि केही बोले जस्तो गर्थे । पल्लो छेउमा झोक्राइरहेकी नेपाली युवती बियरको चुस्की लिदै सेलफोनमा कुरा गरिरहेकी थिई । अर्को टेबलमा बसेका दुई गोरा युवक र दुई नेपाली केटी अहिले जोडी मिलाएर बसेका थिए ( नेपाली खानाको स्वाद लिदै । मेरो ध्यान ती चार जना नेपाली युवकमा गयो, जो खाना खाने कम र गफ बढी गरिरहेका थिए ।

"साला, नेपालको त्यति राम्रो जागिर छोडेर यहाँ चपरासी बन्न आइपुगियो यार !" एउटा बोल्यो ।

"चपरासी नै सहि, तलब भने नेपालको प्रधानमन्त्रीको भन्दा पनि बढी खाएको छस् " दोस्रो बोल्यो ।

"त्यही सोंच्दै मक्ख पर न बजिया ! त्यति पैसा कमाउन हात र खुट्टाको छाला दर्फाएको थाहा छैन ।" अर्काले आफ्नो अनुभब बतायो ।

."ढाडै बाङ्गियोस न यार, के फरक पर्छ ? अमेरिकामा छौं, मोटर चढेका छौं,सन्तोष मान्नुपर्यो । " बसेकामध्ये सबैभन्दा चौथो केटो बोल्यो ।

"पढ्न भनेर आएको, पढाइ गर्न सकिएन । मलाई त्यही पिरलो छ ।" उसले फेरि चिन्ता प्रकट गर्यो । ऊ अलिक बुज्रुक पनि देखिन्थ्यो ।

"हो यार, तिम्रो पो भिसामा आएका छौ । आफू त यहाँ जसरितसरी छिरेर लुकिरहेको मान्छे,एक किलोमिटर पुलिस देख्यो भने पनि सात्तो जान्छ । कुनबेला कहाँ पुलिसको फन्दामा परिने हो र सिधै एयरपोर्ट लगेर घर पठाइदिने हो, ठेगान छैन ।" पहिलो युवक सबैभन्दा बढी चिन्तित देखिन्थ्यो ।

"छिटोछिटो दाब न यार !डेरा फर्किनु परेन ?भोलि बिहानै काममा जानु छ ।" तेस्रो युवक सबैलाई झक्झकाउदै थियो । म सोचमग्न थिएँ । मेरो मनमा थुप्रै विचारहरु आइरहेका थिए । पल्लो टेबलमा बसेका यी युवाहरुको मुखबाट निस्किएका हरेक शब्द धारिलो छुरा बनेर मेरो हृदयमा रोपिएका थिए । प्रबासी वा आप्रबासी नेपालीहरुका पीडा यी चार जना नेपाली युवाले भर्खर ब्यक्त गरेका अनुभबहरु प्रतिबिम्बित थिए । म तिनीहरुसनग आफ्नो परिचय साटासाट गर्न चाहन्थें । तिनेहरुका दुखसंग भावनात्मक सहचर्य गर्न चाहन्थें । तर तिनेहरु कुर्सीबाट उठिसकेका थिए । रोसन तिनीहरुले चुक्ता गरेको बिलको रकम लिईरहेको थियो ।

"रोसन, यिनीहरु ठक्कर मात्र खाइरहेका नेपाली जस्ता देखिन्छन नि ?" मैले सोध ।

"यहाँ सबै ठक्कर खाएकै हुन्छन सर! कमसेकम एक पटक ठक्कर नखाएको कोही हुँदैन । नेपालमा जस्तो सजिलो छैन यहाँको जीवन । आज काम नभए भरै माम पाइदैन । यी केटाहरु कहीलेकही यहाँ झुलकिन्छान । नेपाली खाना खान्छन, नेपालीमा कुरा गर्छन,नेपाललाई यिनीहरुको कुनै चिन्ता नभए पनि यिनीहरु नेपालको खुब चिन्ता गर्छन र अन्तमा "रेस्टुराँको खानाको भाउ महँगो भयो" भन्दै बाहिरिन्छन ।" उसको अनुहारमा फेरि चिरपरिचित मुस्कान देखियो ।

सरले उ त्यो काले केटो र नेपाली केटीलाई देख्नुभयो ? त्यो केटीको नाम रसिला हो । यहाँको पीआर पाउने आशामा अमेरिकी काले केटासंग कोर्टमा बिहे गरि । बिहे भएको केहि महिनापछि रसिलाले पीआर पाई । अब यिनीहरु बीच भएको आपसी सम्झौता अनुसार उ त्यो काले केटालाई केही हजार डलर दिएर डिभोर्स गर्न चाहन्छे । तर उ मानिरहेको छैन । काम नगरी मोज गर्न पाएकोछ, किन डिभोर्स दिन्छ उ ? रसिला उसलाई डिभोर्सका लाही फकाई रहन्छे, मनाइ रहन्छे तर उ भने उसलाई गाली गरि रहन्छ, मौका पाए भकुर्छ र भएभरको

पैसा क्यासिनोमा गइ रित्याएर आउछ । यो बिचरी डिभोर्स देला भन्ने आशामा आफ्नो पोइ भनाउदाको हरेक अत्याचार सहन्छे, हेर्नोस न, त्यो बिचरी बाघको अगाडी म्याँम्याँ गर्ने बखी जस्ती देखिएकोछे । " रोशन गएर तिनीहरुको टेबल सामुन्ने उभियो र केटीसंग कुरा गर्न थाल्यो ।

बिचरी ! नेपालको कुनै पाखा पखेरामा जन्मेर हुर्किएकी यो कलिली सोझी सिधी ठिटि अमेरिकामा जन्मेर हुर्केको यो काले केटोसँग कसरि आफ्ना दिनहरु व्यतीत गरि रहेकी होलि ? सम्झदा पनि मेरो मन ढक्क भएर आयो ।

"पिच्च !" कसैले भित्तामा पान चबाएर निस्केको अतिरिक्त रस थुक्यो । सम्भवतस् उसले ज्याक्सन हाइट अर्थात् न्यु योर्कको एक सहरको भित्तामा थुकेको छ । जोगबनीको रेल स्टेसन वा बीरगंजको सिनेमा टाकिजको भित्तामा थुक्नु र यहाँका टलल्ल टल्किने भित्तामा ठुक्नुमा फरकछ । म बल्ल बुझीरहेको थिएँ, ज्याक्सन हाइटमा त्यत्तिकै नेपाली, भारतीय, बङ्गलादेशी र पाकिस्तानी अनुहारका ताँती लाग्दा रहेनछन । अमेरिकामा धेरै स्वतन्त्रता छ तर ज्याक्सन हाइटमा अमेरिकामा नभएको स्वतन्त्रता पनि रहेछ ।

टेलिफोनको कार्ड किन्नु थियो । म एकछिनका लागि बाहिर निस्कें । एकजना सायर जस्तो देखिने मान्छे झन्डै मसंग ठोक्किएको ! ऊ उर्दूमा कुनै गजल गुनगुनाउदै हिडीरहेको थियो । कार्ड पसलको पसलमा फोन कार्ड मात्र होइन, पान पनि थियो । मलाई पनि पानको तलतल लाग्यो । मैले मिठा पान भनें । उसले मोबाइलको रिचार्ज कार्डसहित पान दियो । पसलको भितामा एक जमानाको हिट फिल्म " कुछ कुछ होता हैं " को पोस्टर टाँसिएको थियो ।

मैले मुख आँ गर्दै पान भित्र धकेले र दाँतले च्याप्प पारें । मैले पान खाएको देखेर पसले मुसु मुसु हाँस्यो । उसको अनुहारमा व्यंग्यपूर्ण भावहरु सल्बलाए ।

मेरा आँखा एक जवानाका बलिउडक हिट जोडी शाहरुख खान र काजोलको पोस्टरमा स्थिर भए ।

"सिनेमा देख्ना हैं ? हिन्दी सिनेमा ?" पानवाला मै संग बोलिरहेको थियो ।

मैले उसलाई हेरें ।

"इस गलीके पिछ्वाड़े एक बिल्डिंग है, उसीमे हिन्दी सिनेमा चल्ता हे । इस टाकिज मे हमारी हिन्दुस्तानकी खुशबू आती है " ऊ मख्ख परेर हाँस्यो । उसका राता गिजा टिलिक्क टल्के ।

"नेपाल से हो ?" ऊ बोल्यो ।

"हाँ ! " मैले भने ।

"पान खाना कबसे सिखा ?" उसले अर्को प्रश्न तेर्स्यायो ।

उसको प्रश्नले म अत्तालिएँ र कुनै जवाफै नदिई त्यहाँबाट हिडें ।

"ए भाइ, कति बज्यो होला ? "

मेरो पछाडिबाट अपरिचित आवाज आयो । मैले फर्केर हेरें ।

एउटा जंड्याहा झैं लाग्ने करिब ५५/ ५६ बर्षको मान्छे मलाई क्वारक्वारती हेरिरहेको थियो । भन्नु परोइन, ऊ नेपाली दाजु थियो ।

मलाई अचम्म लग्यो, अमेरिकामा पनि कुनै मान्छेले अरुलाई "टाइम " सोध्छ ? अचम्म मान्नु स्वाभाविक थियो ।

तर मैले सम्झें-यो ज्याक्सन हाइट हो । मैले हत्तपत्त घडीको सुईको चालमा ध्यान दिएँ र यति बज्यो भन्ने ज्ञान भएपछि मैले त्यो मान्छेलाई हेरे ।

ऊ मेरो अगाडी थिएन । मैले वरपर आँखा घुमाएँ । त्यो मान्छे अलिक पर एक जना गोराको अगाडि झुकेर कुरा गरिरहेको थियो । सायद मलाई पत्याएन र ऊ गोरासंग टाइम सोध्न गयो ।

मलाई सेभिंग क्रिम किन्नु थियो । केही दिनदेखि यसको अभावमा मैले दाह्रीजुंगा सफाचट गर्न सकिरहेको थिइनँ । म एउटा डिपार्टमेन्टल स्टोरमा छिरे । काउन्टरमा कालो फेटा बाँधेका सर्दारजी बसेको यस स्टोरमा नुनदेखि सुनसम्म सबै वस्तु थिए । प्राय स सामानहरु भारतीय र पाकिस्तानी थिए । मैले नेपाल मेड एउटै समान देखिनं तर त्यहाँ भित्र काम गर्ने सेल्समेन भने प्राय स्सबै नेपाली ठिटाहरु थिए । मैले जिलेटको सेभिंग क्रिम किने । पिंधमा हेरे मेड इन इंडियाको छाप थियो । म फिस्स हाँसे ।,समान लिएर पैसा तिर्न काउन्टरमा लाइनको पुछारमा उभिएँ । मलाई देखेपछि एउटा केटो दौडन्दै मछेउ आयो ।

"यसरि लाइनमा बस्ने हो भने आधा डलर तिर्न पनि कम्तिमा आधा घण्टा लाग्छ " उसले नेपालीमै भन्यो । उसले मलाई नेपाली भनेर चिनीसकेको थियो ।

"के गरौं त भाइ ?बाध्यता । " मैले भने ।

"मसंग आउनोस । " भन्दाभन्दै लाइन छिचोलेर ऊ अगाडी लम्क्यो ?

"हमारे मेहमान है नेपाल से । " उसले काउन्टरमा बसेकी केटीलाई भन्यो ।

पन्जाबीझैं देखिने त्यो केटी मुस्कुराई । उसले सेतो सालले कपाल ढाकेकी थिई । करिब दस सेकेन्ड उसका औंलाहरु किबोर्डमाथि चले । उसले मतिर बिल बढाई । मैले तीन डलर तिरे र आफु अगाडिको लाइनलाई जस्ताको तस्तै छोडेर बाहिर आएँ ।

"यो ज्याक्सन हाइट हो ! हाम्रो पनि पावर चल्छ दाइ !" ऊ मुस्कुरायो । म उसलाई धन्याबाद दिंदै रेस्टुराँतिरै फर्के ।

पान चपाउदै म कुर्सीमा बसे । मेरो छेउमा आएको रोसन मैले पान चपाएको देखेर जिल्ल परयो ।

"होइन सर, पान त खान खाइसकेपछि खानु पर्ने होइन ?"

"अमेरिकामा कुन कुरा पहिले खाने र कुन पछि खाने भन्ने कुराको कुनै सहिंता हुँदैन्र जे गर्न मन लाग्छ गर, जे खान मन लाग्छ खाऊ, जे लगाउन मन लाग्छ लगाऊ, नो अब्जेक्सन ।" मैले भने ।

रोसनले मेरो भनाइप्रति सहमति जनाउदै टाउको हल्लायो ।

"खान ल्याऊ, अब म पान थुकीदिन्छु ।" मैले लिटरमा पान थुके ।

रोसन हाँस्दै खान ल्याउन किचनतिर छिरयो ।

**साहुजी**

मेरो पान खानुले साहुजीको ध्यानाकर्षण गरेको रहेछ । उनी म छेउ टुप्लुक्क आइपुगे ।

"तपाई ज्याक्सन हाइटतिर काम गर्नु हुन्छ ?" उनले मलाई सोधे । उनको बोलाइ रुखो थियो ।

"होइन, म नेपालतिरै काम गर्छु । यहाँ घुम्न आएको । "

"ए हो ?" साहुजीको स्वर मधुर भन्यो "तपाइलाई भेट्दा खुसि लाग्यो । मेरो रेस्टुराँमा आइदिनुभयो । " साहुजीले हात मिलाउन खोजे । मैले पनि हात मिलाएँ ।

"मेरो नाम कुलबहादुर हो । पुर्ख्यौली घर पूर्व भोजपुरमा पर्छ । अमेरिका आएको १० बर्ष भयो । यो रेस्टुराँ चलाउन थालेको पनि पाँच बर्ष भयो । "

साहुजी आफ्नो परिचय दिनमा 'इण्ट्रेस्टेड' प्रतित भैरहेका थिए "सुरुमा रेस्टुराँ बेयरा भएर काम गरे, त्यसपछि होटलमा ' कुक ' को जागिर खाएँ । 'कुक ' बाट 'हेड कुक ' सम्म बन्दा अलिकति पैसा कमाउन सके । त्यसपछि लोन लिएर यो रेस्टुराँ किने । पहिले यो रेस्टुराँ पन्जाबी कवाब रेस्टुराँ थियो । मैले किनेपछि नेपाली थकाली रेस्टुराँ बनाएँ । पाँच वर्षदेखि यसैमा जीवन धानिरहेको छु । नेपाली केटाहरुलाई रोजगारी दिरहेको छु ।"

"राम्रो काम गर्नुभएको रहेछ । संघर्ष गरेर सफलता प्राप्त गरेकोले खुसि लाग्यो । " मैले साहुजीलाई प्रशंसाको दृष्टिले हेर्दै भने ।

"जति पैसा कमाए पनि, जति सफल भए पनि हात लग्यो शुन्य ।" साहुजीले सुस्केरा छोडे ।

"किन र ?" म आश्चर्यचकित भएँ ।

"उ त्यो अगाडिको २५ तलाको बिल्डिंग देखनु भो ? त्यो बिल्डिंगको मालिक महिनाको एक लाख डलर भाडा मात्र उठाउँछ । उसले पनि मेरो जस्तै सानो रेस्टुराँबाट बिजनेस सुरु गरेको हो । म जब जब त्यो बिल्डिंगलाइ हेर्छु, हतास र निराश हुन्छु । मैले कहिले बनाउने त्यस्तो बिल्डिंग ! मैले कहिले बिजनेसमा फड्को मार्ने ? सायद,उनी एकैछिन रोकिएर फेरि भन्न थाले, "सायद नेपालमा भएको भए यो रेस्टुराँ बेचेको पैसाले मात्र पनि योभन्दा ठुलो बिल्डिंग ठड्याउन सकिन्थ्यो होला । मिस्टर कुलबहादुरलाई धेरैले चिन्थे होलान ।" साहुजीले लामो सास ताने । मैले उनका आँखामा धूमिल भएका सपनाहरु घोप्टिएको नाउझैं डुब्दै-उत्रदै गरिरहेको देखे ।

"धन्न यो ज्याक्सन हाइटमा छु र नेपाललाई त्यति 'मिस' गर्दिनँ ।" यस पटक भने उनी मुस्कुराए ।

उनको मुस्कुराहटमा मैले पनि साथ दिएँ ।

"ए सुन्नोस त !" एउटा नारी आवाजले हाम्रो ध्यान खिच्यो ।

उ त्यो मेरी बुढी हो । " साहुले भने । उनी होचों कदकी अलि मोटी र साहु भन्दा सात -आठ बर्ष कान्छी देखिन्थिन ।

"म आज छिटै घर जान्छु । साथीहरुले तिजको दर खान बोलाएका छन् ।" उनले भनिन ।

"ल जाऊ " श्रीमतीतर्फ हेर्दै साहुले थप सोधे, "अनि छोराको के छ खबर ? कहाँ गएको छ ऊ? "

"ऊ त वासिंगटन डीसी गएको छ कन्सर्ट प्रोग्राममा । आज त्यतै गर्लफ्रेन्डको घरमा बस्छु भन्दै थियो । छोरी भने घरमै होलि ।" सहनीले भनिन । उनी बाहिर जान ढोकासम्म पुगीसकेकी थिइन् ।

"ए हो !" साहुले भर्खर मात्र थाहा पाएझैं गरे ।"नेपालमा एउटै पार्टीभित्र धेरै पार्टी भएझैं हाम्रो एउटा परिवारमा धेरै ' कल्चर ' बिकसित हुन थालिसके । हामी नेपाली 'कल्चर ' छोड्न सकिरहेका छैनौ भने छोराछोरीहरु अमेरिकी 'कल्चर ' मा अव्यस्त भईसके । कहिलेकाहीं हामीबीच बहस पनि हुन्छ । धन्न यो ज्याक्सन हाइटले हाम्रो इज्जत जोगाइदिएको छ ।" साहुजी खित्का छोडेर हाँसे । उनीसंगसंगै म पनि हाँसे ।

## बियर पिइरहेको युवती

रोसनले खाना लिएर आएपछि साहुजी, ल त हजुर, थकाली खानाको स्वाद लिनोस भन्दै काउन्टरतिर लागे । म खाना खान थाले ।

रोसन छेउमै उभिरह्यो ।

"खाना कस्तो लाग्यो सर ?" ऊ मेरो प्रतिक्रिया बुझ्न इच्छुक देखिन्थ्यो ।

"सोचे जस्तै छ, मिठो लाग्यो भाइ !" मैले भने ।

हामीले एक्कासी कोही सुँक्कसुँक्क रोएको आवाज सुन्यौ ।

मैले चारैतिर हेरे । बियरको चुस्की लिएर परको कुनाको टेबलमा बसिरहेकी नेपाली युवती सेलफोनमा बोल्दै रोइरहेकी थिई ।

"सुरुमा यहाँ आउँदा त्यो केटी आफ्नो लोग्नेसँग आउँथी । पछि यो अर्कै केटोसँग देखिन थाली । बिस्तारै थाहा भयो, यसले आफ्नो लोग्नेलाई छोडिछ । उसको लोग्ने सोझो थियो बिचार ! ग्यास स्टेसनमा काम गर्थ्यो । यो केटी अलि बढी नै महत्वाकांक्षी परिछे । चाइनिज सामानको बिजनेस गर्ने नेपाली व्यापारीलाई ब्वाईफ्रेन्ड बनाएकी थिई, भर्खरै नेपालबाट त्यो ब्यापारिकी स्वास्नी यहाँ आइपुगेकी छ । यो महिला ब्वाईफ्रेन्डकै बिजनेसमा हात बटाउथि, तर उसको स्वास्नी आएपछि यसलाई त्यहाँबाट निकाल्दिछ । बिचरी बेरोजगार छे । अहिले यसको बिचल्नी भएको छ । सायद आफ्नो ब्वाईफ्रेन्डको बाटो हेर्दै कुरेर बसिरहेकी छ । त्यो नआउने भयो होला, त्यसैले रोएकी होलि ⁄" रोसनको कुरा मैले पत्याउनै पर्थ्यो ।

"मसंग कहिलेकाहीं खुलेर कुरा गर्छे सर !" रोसनले त्यो केटीको बारेमा थाहा हुनुको कारण बतायो ।

हामी कुरा गर्दागर्दै आधा पिएको बियरको गिलास त्यत्तिकै छोडेर त्यो केटी उठी र काउन्टरमा गएर पैसा तिरी । ऊ रोइरहेकी थिई, कतै नहेरी रेस्टुराँको ढोका खोली र बाहिरिई ।

"कति दुस्खी देखिन्छे हगि सर !" रोसनले मेरो अनुहार ताक्यो ।

"हो रोसन, मलाई पनि त्यो स्त्री विक्षिप्त भएझैं लग्यो ।⁄" मैले ढोकातिर हेर्दै भने ।

"सरलाइ एउटा कुरा त भन्ने भुलेको । नेपालमा उसका दुइटा बच्चा छन् रे, भिसा नपाएर त्यतै छुटेका । बिचरा बच्चाहरुको कस्तो बिजोग होला⁄"बिचार !" मेरो मन उद्वेलित बन्यो ।

"लोग्ने पनि त कम विक्षिप्त छैन होला सर !" रोसनले यस घटनालाई अर्को ढंगबाट सोच्ने प्रयास गरय्रो ।

"तिमीले भनेको ठिक हो रोसन !" मैले सहमति जनाएँ । पक्कै पनि यो स्त्रीभन्दा उसको लोग्ने झन् विक्षिप्त हुन पर्छ, जसलाई यो स्त्रीले नै अमेरिकामा खुट्टा टेक्नेबित्तिकै

छोडेकी थिई । उसले श्रीमतीलाई अमेरिका बोलाएर के के गर्छु भन्ने सोचेको थियो होला । कति सपनाहरु सजाएको थियो होला उसले, तर अमेरिकाले उसका सबै कुरा लुट्यो ।

"त्यसपछि यो ज्याक्सन हाइटमा सम्भवत त्यो स्त्रीको लोग्ने देखापरेको छैन," रोसनले आफ्नो याद ताजा गर्दै थप्यो, "यस्तै हो भने यो केटि पनि बिग्रिन बेर लाग्दैन ,"

"किन ?" मैले रोसनतिर हेरे ।

"केही महिनाभित्र काम पाइन भने मीरा बाइको कोठीमा पुग्छे ऊ ।,"

"हो र !"आश्चर्यले मेरा आँखा चौडा भए ।

"हो सर ! कलकत्ताकी मीरा बाईको कोठीमा थुप्रै नेपाली केटीहरु आफ्नो शरीर बेच्छन । यहाँ नेपाली केटीहरुको डिमाण्ड हाइ छ"

"कसरि थाहा पायौ ?" मेरो जिज्ञासा थियो ।

उसले मुसुमुसु हाँस्दै भन्यो "म ज्याक्सन हाइटमा बसेको पाँच बर्ष भयो सर ! यी केटीहरु प्राय यो रेस्टुराँमा खान आइरहन्छन । हाम्रो साहुजी पनि कम रंगिन छैनन्,"

मैले छक्क परेर उसलाई हेरे । उसले कर्के आँखाले मलाई हेर्दै टेबलका प्लेट उठायो ।

**म**

"तर म भने देखा पर्नेछु यो ज्याक्सन हाइटमा," मैले खानाको बिल तिर्दै भने ।

"हो र सर ? फेरि आउनुहुन्छ ?" रोसनको अनुहारमा खुसि छाएको देखे मैले । उसलाई पनि कामको एकाकीपनबाट मुक्त हुन म जस्तो गफमा रमाउने मान्छेको खाँचो पर्दो होला ।

"आउंछु नि, किन नआउनु ? आउन दिए जरुर आउंछु ।" मैले ओठमा कुटिल मुस्कान खेलाउदै भने ।

आच्या, हजुरले के भन्नु भएको ? हामीले किन आउनु नदिनु नि ? सधै स्वागत छ ।" रोसनले हात जोड्दै भन्यो । "सर नेपाल कहिले फर्किनुहुन्छ नि ?" ऊ फेरि बोल्यो ।

"थाहा छैन ।" मैले भने ।

"किन नि ?"

"म पनि यतै भासिउं कि भनेको ।" मैले रोसनको आँखामा हेरें । उसले आश्चर्यचकित भएर मलाई हेरयों ।

"साहुजी !" म रेस्टुराँको साहु मिस्टर कुलबहादुरका अगाडी उभिएँ ।

"हजुर !" उनी बाले ।

"म पनि अब यतै हराउँ भनेको । हाम्रा ठुलठुला मान्छेहरु त आफू खुसी यहाँ हराइरहेका छन् भने म किन नहराउनू ? नेपाल फर्किन मन लागेन मलाई । त्यो गरिब, अशान्त र अझसम्म पनि द्वन्द्वमा फसिरहेको देशमा के जानू ?" मैले गम्भीर भएर भने ।

"होइन, तपाई साँच्चै बोल्दै हुनुहुन्छ ?" साहुजीले पनि वाल्ल परेर मलाई हेरे ।

"म साँच्चै बोलिरहेको छु । अमेरिका आएदेखिकै बेरोजगार म कामको खोजीमा छु । मलाई आशा छ, यो ज्याक्सन हाइटले मलाई भोको मर्न दिने छैन । तपाई यो रेस्टुराँमा मलाई काम दिन सक्नुहुन्छ ?" मैले अनुनयविनयको स्वरमा भनें । साहुले एकछिन ट्वाल्ल परेर मलाई हेरे । उनको अनुहार कठोर हुँदै गयो । अब त्यहाँ चिरपरिचित नेपाली भावहरु थिएनन् ।

"के काम गर्छौ तिमी?"

"यही रोसनले गरिरहेको काम गर्न सक्छु म । अर्डर लिने, खाना सर्भ गर्ने, भाँडा माझ्ने र भुइँ सफा गर्ने," मैले लाज मान्दै साहुको अनुहार हेरें । साहुको अनुहारमा ज्याक्सन हाइटको अमेरिकी साहुको अभिमान प्रकट भइसकेको थियो । रोसन भने हतप्रभ र विस्मित हुँदै मलाई क्वारक्वारती हेरिरहेको थियो ।

(ज्याक्सन हाइट (कथा संग्रह बाट)

# उम नूर

-टंक वनेम

पाल्म रुखका पातहरुमा बसेर बथानमा उड्ने चराहरु चिरबिराइरहेका थिए । सन् १९८० को सेप्टेम्बर महिना हुनुपर्छ । एक बिहान खबर पत्रिका पढेर हुक्काको सर्को गुडगुडाउँदै मेरो बाबा सादकारी साद कड्कनु भयो । दाजु भाइ र एउटै धर्ममा सदाशयता नहुने हामी मान्छेहरु ।

बाबा के भन्दै हुनुहुन्छ मलाई केही थाहा थिएन । सात वर्षको उमेरमा लडाइँ बारे वास्ता पनि हुँदैनथ्यो । केहीबेरपछि आमाले भन्नुभएको थियो । इराक-इरान बीचको युद्ध चर्किने भएको छ । धेरै टाढा-टाढा बम विस्फोट र तोप गोलाका आवाजहरु सुनिए पनि बग्दादको अमिल क्षेत्रमा लडाइँको अनुभव गर्नु परेन ।

बग्दादका कुनै कुनै क्षेत्रबाहेक दुई देसवीचको सीमानामा भएको ८ वर्षको लडाइँ उतै साम्य भएको थियो । समय बित्न पो कति लाग्दोरहेछ र ! अब्दुल जारा मेरो पछि लाग्न थालेपछि झसङ्ग भएकी थिएँ । मेरो माध्यमिक स्तरको पढाइ सकिएको थियो । अब्दुल जारा मेरै टोलको ठिटो थियो । मेरो सहपाठी अब्दुल जारा मौका पायो कि कुनै न कुनै निहुँ बनाएर बोलाउने गर्दथ्यो । कसो कसो मेरो मन जित्न सफल भयो । एक दिन उसले हिम्मत बटुलेर भन्यो,फतिमा म सिया हुँ भन्ने कुरा त थाहा होला नि ? मैले भने", किन नहुनु तिमीले मलाई गरेको चोखो प्रेम नै सबै थोक हो ।

अब्दुल जारा र मेरो सम्बन्ध गाढा हुँदै गयो । मेरो बाबाले पनि त्यो सम्बन्धमा कुनै भाँजो हाल्नु भएन । हाम्रो विवाह पनि भयो। अब्दुल जाराको बाबुले इराकी फ्ल्याट रोटी, खबुस र केकको कुटिर उद्योग चलाउने गरेका रहेछन् ।

अब्दुल जारा कलेज जान छाडेर त्यही रोटी बनाउने उद्योगमा काम गर्न थाल्यो । हामी बाबुकै घरको तलामाथि बस्न थाल्यौ । त्यही बसाइमा हाम्रा तीन छोरा र दुई छोरीहरु जन्मिए । सन् १९९०/१९९१ को दोस्रो गल्फ युद्धको कारण हाम्रो व्यापार खस्कँदै गएको थियो । जे भए पनि जीवन धान्ने बाटो त्यही कुटिर उद्योग थियो । अमिल क्षेत्रमा इराकी फ्ल्याट रोटी,खबुस र केक बिक्री गर्न अब्दुल जारा दिनभरि खटिरहन्थे । मलाई पाँचजना छोराछोरीको हेरचाह गर्दै दिन बित्ने गर्दथ्यो ।

दुःखसुःखले जीवनको रथ गुडाइरहेका थियौ" । शुक्रवार मस्जिदबाट फर्केपछि अब्दुल जारा,मेरो बाबु सादकारी साद र रइद काका देसको बारेमा प्रायः छलफल गरिरहन्थे । मेरो बाबा सुन्नी थिए । अब्दुल जारा र रइद काका सिया । कहिलेकाही" उनीहरु बीच भनाभन नै चल्ने गर्दथ्यो । मेरो बाबा सद्दाम हुसेनको पक्ष लिन्थे । अब्दुल जारा र रइद काका सद्दाम हुसेनको विरुद्धमा तर्क पेस गर्दथे । एक दिन चर्काचर्की नै परेको थियो ।

मेरो बाबा भन्दै हुनुहुन्थ्यो,गधाले दाइँ गर्छ तर उसले मौका पायो भने टोक्छ । त्यो सेप्टिक भयो भने मान्छे नै मरिन्छ । गधा नभए घोडाले पनि दाइँ गर्न सकिन्छ । तर घोडाको रिस उठ्यो भने लात्ती हान्छ । घोडाको लात्ती लागेर घुँडा फुस्के पनि मरि“दैन । तिमीहरुले मर्ने कुरा गर्दै छौ । इराकको आत्मा नै सद्दाम हुसेन हुन् ।

यो देसमा सद्दाम हुसेन भएनन् भने बोकाजस्ता गधाहरुको दाइँ हुनेछ । बोकाजस्ता गधाहरुले यो देसको दाइँ गर्न सक्दैनन् । रइद काका तुरुन्त प्रश्न गर्थे,अल्लाहको नाममा नर्भ ग्यास प्रयोग गरेर जनता मार्ने शासकले हामीलाई न्याय गर्न सक्छन् त ? अब्दुल जारा एक कदम अघि बढेर सद्दामको विरुद्धमा बोल्थे । कुर्दिसहरुलाई त मारे मारे तर कुवेत जस्तो स्वतन्त्र राष्ट्रमाथि जाइलाग्नु आफ्नो दुर्दिन निम्त्याउनु हो । उनीहरु घन्टौ“ यस्तै वादविवाद गरेर समय कटाउँथे ।

जब सन् दुई हजार साल लाग्न सुरु भयो । सहरभरि लडाइँको त्रास फैलिएको थियो । सन् २००३ मार्चको दोस्रो हप्ताको एक बिहान पत्रिका पढेर बाबा मुर्मुरिनु भयो । पत्रिका पढिसकेर हामीलाई पनि पढ्न दिनुभयो । पत्रिकामा लेखिएको थियो । इराकले अत्यधिक मात्रामा अबैधानिक अस्त्र भण्डार गरेको छ अरे । सन्धि विपरीत अस्त्र भण्डार गरिएका क्षेत्रहरुमा सद्दाम सरकारले लचकता नअपनाएको हुनाले सद्दाम सरकार विरुद्ध पश्चिमा शक्तिहरुले आक्रमण गर्ने भएका छन् ।

मार्चको तेस्रो हप्ताको एक बिहान रइद काका हस्याङफस्याङ गर्दै आइपुगे । उनको मुखबाट फुस्केको अशुभ समाचारले शरीर नै सिरिङ्ग बनायो । ल, बर्बाद हुने भयो ।

बाबाले नाकको डाँडीमा अडिएको चस्मा अलि माथि उचालेर प्रश्न गर्नुभयो,रइद काका तिमी ठीकै त छौ ? श्वास रोक्न खोज्दै रइद काका भन्दै थिए । अस्त्र भण्डार निरीक्षण गरिए पनि अमेरिकाको शंकाहरण भएन रे । त्यसको अर्थ लडाइँ हुने भयो ।

बाबाको मुहार सपाट थियो र उनका मुलायम हात लयबद्ध ढङ्गले जुँगा मुर्सान व्यस्त थिए । उनले नम्र तर दिक्दारलाग्दो छोटो उत्तर दिए । रइद काका तिमी नडराऊ अल्लाहको मेहरबानी जे हुन्छ त्यही भोग्नु पर्दछ । रइद काका भन्दै थिए, दुई देस बीचको लडाइँ त ठीकै थियो तर हामी सिया र सुन्नी बीचको सौहार्दता पो भड्किने हो कि ? बाबा अवाक् भएर आँगनबाट घरभित्र पस्नुभयो । रइद काका अँध्यारो मुख लगाएर आफ्नो घरतिर लागे ।

खबर पत्रिका, टेलिभिजन जताततै लडाइँकै होहल्ला चल्न थाल्यो । आतङ्कित र भयावहको स्थितिमा दिन बित्न लाग्यो । रोटीको व्यापार नचलेर चौपट भए पनि अब्दुल जाराले आफ्नो कामछाडेका थिएनन् । लडाइँ सुरु हुनु अघिल्लो दिन सबै परिवार भेला भयौ“ । रइद काका हाम्रो पाहुना बनेर आएका थिए । उनी रसिक त थिए नै,अब यो देसमा के हुँदै छ भन्ने राम्रा जानकार पनि । उनी भन्दै थिए,भोलिदेखि हामीलाई ओताउने आकास माथिको बगै“चा

भत्किनेछ । मोहम्मद पैगम्बरले सुन्नुभयो भने त्यो बगैचा भत्काउने मानवहरुप्रति सजाय मिलोस् ।

बाबाको जवाफ थियो । रइद काका,तिमीले अल्लाहसँग अनुरोध गरेनौ,मोहम्मद पैगम्बरले त्यो समाचार अल्लाह कहाँ पुऱ्याउँदा ढिलो भइसक्नेछ । अब्दुल जारा थप्थे, सिया र सुन्नी बीचको यो अनमेल देखेर सत्रुहरु हाँसेका छन् । जसको परिणाम हामी सबैले भोग्नु पर्नेछ । रातभर निन्द्रा लाग्दैनथ्यो । टाढा-टाढा तोप गोला र बन्दुक पड्किन थालेको थियो । हामी 'विस्मिल्लाहिर्रहमानिर्रहीम'

'ला इला ह इल्लल्लाह मुहम्मदुर्रुसुल्लाह' भन्दै निदाउने प्रयत्न गर्दथ्यौं'' ।

अर्को साँझ करिब सात बजेतिर बग्दादको कुनै ठाउँमा विशाल बम विस्फोट भएको आवाजले सहर थर्काएको थियो । रोटी बनाउने कामलाई सुचारु राख्न जाऊँ कि नजाऊँ भन्ने दोधार मन लिएर अब्दुल जारा आफ्नो काममा लाग्नुअघि भन्दै थिए,महमुदलाई जिम्मा लगाएर आउँछु होला ।

साँझपख घर फर्केका अब्दुल जाराको अनुहार सधैं जस्तो उज्यालो थिएन । उनको अनुहार अँध्यारो र अन्योलको रङले पोतिएको थियो । उनले अलि मसिनो स्वरमा भने 'उम नूर परिस्थिति भयङ्कर डरलाग्दो होला जस्तो छ । मेरो छोटकरी प्रश्न थियो, किन ? उनले भने 'सियाहरुलाई हातहतियार उपलब्ध गरिएको छ भन्ने खबर छ । सुन्नीको बीउ नराख्ने भन्दै छन् । उनीहरुको योजनामा साथ नदि''दा चिढिएर गएका छन् । रइद काकाले पनि बेस्सरी सम्झाएर पठाएका छन् ।

विशेष गरेर रातभरि धर्तीलाई कम्पन गर्दै बम विस्फोट भइरहन्थ्यो । अप्रिल दसपछि बम वर्षक विमानहरुको आक्रमण त कम भयो । तर साम्प्रदायिक दंगा भड्किएकोले कतै हि''ड्न ज्यानको बाजी थाप्नु जस्तै भएको थियो । लडाइँ सुरु भएको करिब एक वर्षपछि एक दिन रोटी बनाउने उद्योग बन्द गरेर आउँछु भनेर हिडेका अब्दुल जारा फेरि फर्केर आएनन् । रइद काकाको भनाइअनुसार उनी कार बम विस्फोटमा मारिए । उनको शरीरका अङ्गहरु क्षतविक्षत भएको हुनाले मृत लासको चिहान बनाइएन ।

मेरो श्रीमान्को मृत्यु भएपछि मेरो समाजले सहयोग गर्छ होला भन्ने झिनो आशा थियो । किनभने छरछिमेकमा सिया र सुन्नी असाध्यै मिलेर बसेका थियौ । तर अमिल नगर र सारा देसमा साम्प्रदायिक दंगा यसरी भड्किएको थियो कि दुवै पक्ष घृणाको सन्निपातले बहुलाउन थालेका थिए । सिया र सुन्नी एक अर्कालाई फुटेको आँखाले हेर्न चाहँदैनथे । बरु एक अर्कालाई समाप्त गर्न तम्सेका देखिन्थे । अमिल सिया बहुल सहर थियो तर म सुन्नीको छोरी थिएँ ।

मेरो श्रीमान्को हत्या भएको केही महिनापछि सियाहरुको एक समूहले मेरो भाइको हत्या गरे । उसलाई घरबाट कठालोमा समातेर निकालिएको थियो । त्यसपछि सडकैसडक लखेटेर एक

छिमेकीको घरमा पुऱ्याएपछि गोली ठोकिएको थियो । मेरो भाइका हत्याराहरु घाइते बाघझै देखिन्थे ।

भाइका हत्याराहरुले मेरो जेठो छोरो हाम्दीलाई पनि घरबाट निकालेर घिसार्न थाले । मेरै आँखा सामुन्ने गोली बर्साएर उनको प्राण लिए । उनीहरु कतिसम्म बर्बर थिए भने मेरो सात वर्षको भतिज मजिदलाई समेत बाँकी राखेनन् । मेरो छोरो र भतिजको अपराध यति थियो कि उनीहरुका आमा र बाबु सुन्नीका सन्तान थिए ।

अब मेरा सन्तानहरुलाई बचाउनको लागि सुन्नी क्षेत्रमा बसाइँ सर्नु बाहेक मसँग अर्को विकल्प थिएन । यही कुरा सोचिरहेको थिएँ । अमिल नगरका जावीर दलबलसहित घरभित्र छिऱ्यो । मेरा आमा बाबुहरुलाई जबरजस्ती भ्यानमा लगाएर लगे ।

उनीहरुलाई कहाँ लगियो ? किन लगिएको हो ? कुनै खोज खबर पाउने सम्भावना रहेन । बाँच्नु थियो म सुन्नी क्षेत्रको आबु गराइवमा बस्न थाले । तर सुन्नीहरुले पनि मेरो दुःखको अन्त्य हुने नाम लिइरहेका थिएनन् । म सुन्नी भए पनि मेरो श्रीमान् अब्दुल जारा सिया थिए । म र मेरा सन्तानको दुर्भाग्य सिया क्षेत्रमा उनीहरु सुन्नीहुन्थे । किनभने म उनीहरुकी आमा सुन्नी थिएँ र सुन्नी क्षेत्रमा उनीहरु सिया हुन्थे किन भने उनीहरुका बाबु अब्दुल जारा सिया थिए ।

तिनै कठिनाइहरुका बाबजुत सुन्नी क्षेत्रको आबु गराइवमा बस्न थाल्यौ । बम बार्डले भत्काएको भूताहा घर नजिकैको जन्नाह अलखार्कमा मलामीहरुको लागि पानीको धारा जोडिएको थियो । त्यही“बाट पानीको जोहो गर्दथ्यौ । गाउँ, टोल र जन्नाहतिर प्लास्टिक र टिनका क्यानहरु बटुल्थ्यौ । कुनै बेला सादत भन्ने थोत्रा टिन व्यापारी कहाँ टिन र अन्य धातुहरु छुट्याउने काम गरेर पाएको पैसाले खबुस किनेर ल्याउँथ्यौ“ । छोराछोरीहरु बन्दी झै भत्केको घरभित्र थुनिएका थिए ।

मलाई राम्ररी थाहाछ । दस पन्द्र वर्षअघि सिया र सुन्नीबीच यस्तो कुनै असहिसुष्णता थिएन । मेरो श्रीमान् अब्दुल जारा सिया थिए र म सुन्नी । तर बिना कुनै रोकटोक हाम्रो विवाह सम्पन्न भएको थियो । धेरै मान्छेहरुले सोचेका थिए । सद्दाम हुसेनको पतन हुँदा खासै फरक पर्ने छैन । तर सद्दाम हुसेनको पतन हुन लाग्दै बम विस्फोट र गोली हानाहानको भयानक सिलसिला सुरु भएको थियो ।

मेरो श्रीमान्को हत्या भएकै वर्ष अमिल जिल्लामा सुन्नी सम्प्रदायका हजारौ जनावी जनजातिका मानिसहरु मारिए । धेरै जनावी परिवारहरु अमिल नगर छाडेर अन्त कतै जाँदै थिए । तर मेरो शरण लिन जाने ठाउँ कतै थिएन ।

त्यसैले मैले आफ्नो जन्मघर नछाड्ने निर्णय गरेकी थिएँ । तर दिनहरु बित्दै जाँदा अमिल क्षेत्रमा मेरा सन्तानसहित मेरो ज्यानको सुरक्षा हुने छैन भन्ने महसुस भयो । जीवनभरि जसलाई मैले आफ्नो जन र ठाउँ ठानेकी थिएँ; उनीहरुबाटै अलग गरिएपछि त्यो ठाउँमा

बसिरहनुको औचित्य देखिनँ । एक बिहान ढोकामा जे देखियो, त्यो दृश्यले मुटुमा तीर हाने जस्तै भयो । लेखिएको थियो, 'तुरुन्त यो घर छोड् नत्र राम्रो हुने छैन ।'

त्यसको एक हप्तापछि खाजा बनाइरहेको बेला एक हुल बच्चाहरु रइद काकालाई मारे,रइद काकालाई मारे भनेर चिच्याउँदै मेरो भान्सा कोठामा पसे । पुरानो सम्बन्ध भएका छिमेकी रइद काका आफ्नै बाबु जस्तै थिए । रइद काका मारिएको खबर सुनेर पैतालामुनिको जमिनभासिए जस्तै भयो । जसोतसो हिम्मत बटुलेर बच्चाहरुलाई पछ्याउँदै रइद काका मारिएको ठाउँसम्म पुगे ।

बच्चाहरु नजिकैको घरमा छिरे । त्यस घरका मानिसहरु थर्रथरी कामिरहेका थिए । महिलाहरु रोइरहेका थिए । रइद काकाको शरीर रगतले लतपतिएको थियो । उनको टाउकोमा एक गोली र छातीमा दुई गोली हानिएको रहेछ । मैले त्यो दृश्य राम्ररी हेर्न सकिनँ ।

पछि सुने" रइद काका भाग्दाभाग्दै त्यस घरमा छिरेका रहेछन् । त्यस घरका दयालु मानिसहरुले रइद काकालाई लुक्न दिए पनि मादी सेनाका लडाकुहरुले मारी छाडेछन् । रइद काका सिया भएर पनि मादी सेनाको पछि नलाग्ने भएपछि मारिएको रहेछ । आश्रय दिएको अपराधमा त्यस घरका मानिसहरु एकै चिहान हुन सक्थे । धन्न अल्लाहको कृपाले उनीहरुको ज्यान जोगियो ।

मेरा बच्चाहरु र मेरो भाइको परिवारको ज्यान जोगाउन अमिल जिल्ला छाड्नैपर्ने भएको थियो । तर घरका सामान त्यसै छाडेर भाग्न सकिनँ । सामान ओसार्न लाग्ने भ्यान नभएकोले म टि.भि. र फ्रिज छिमेकीहरुलाई बेच्नतिर लागे । त्यही नै मेरो ठूलो गल्ती भयो ।

रइद काका मारिएको भोलिपल्ट टि.भि.र फ्रिज बेच्न खोज्दाखोज्दै दिन बित्यो । अर्को दिन ती सामानहरु बेचेपछि मैले एकजनालाई सामान ओसार्न भ्यान बोलाउन पठाएँ । हामी भ्यान पर्खन लाग्यौ" भने मेरो माइला छोरा अली अहमदलाई लिएर आफ्ना साथीहरुसँग बिदा माग्न गयो ।

ऊ गएको एकैछिनपछि मेरो घरमा एक हुल मानिसहरु पसे । उनीहरुको अनुहार कालो कपडाले ढाकिएको थियो । उनीहरुले बन्दुक बोकेका थिए । उनीहरु घरको चोटा कोठा चहार्दै जथाभावी गोली बर्साइरहेका थिए ।

उनीहरु मध्ये एउटाले सोध्यो,तेरो छोरो भनाउँदो कहाँ छ ? कहाँ छन् तेरा भाइका छोराहरु ? ती विषालु सर्पका बच्चाहरु कहाँ छन् ? विषालु सर्पलाई मारेर त्यसका बच्चाहरुलाई त्यसै छाड्नु हुँदैन भन्ने उखान त तँलाई थाहा नै होला ? म उनीहरुको पाउ परे,रोएँ, कराएँ, चच्याएँ । अल्लाहको नाममा मेरो छोरा र मेरा भाइकाबच्चाहरुको जीवन बक्स देऊ भने । तर ढुङ्गाको मुटु भएका ती निर्दयीहरुको मुटु पग्लेन ।

साथीहरुसँग खुदाहापिस बोल्न गएको मेरो माइलो छोरो घरमा बित्याँस आइपरेको थाहा पाएपछि मेरो भाइको सानो छोरो अहमदलाई लिएर हस्याङ फस्याङ गर्दै घर आइपुग्यो ।

आफ्नी आमा अर्थात् मेरो ज्यान बचाउन चाहन्थ्यो । उसको बाबु र दाजुको मृत्यु भएपछि घर सम्हाल्ने त्यही छोरा थियो । हत्याराहरुले अलि र अहमदलाई उनीहरुको गाडीमा राखेर लगे । कोही भने मेरो भाइको अर्को छोरो अब्दुल्लाहलाई खोज्दै थिए । हाम्रो अनुनय विनय र अलाप विलापले उनीहरुलाई एक रत्ति पनि छोइरहेको थिएन । तर पनि म चिच्याइरहेकी थिएँ । छाती पिटिरहेकी थिएँ । कपाल लुछिरहेकी थिएँ । केहीबेरपछि बन्दुक पड्केको आवाज सुनियो ढ्याङ ढ्याङ ढ्याङ । मेरो मुटुलाई एउटा ठूलो पहाड भत्केर थिचे जस्तो भयो । म रुन सकिरहेको थिइनँ । मेरो मुखबाट कुनै वाक्यहरु निकाल्न सकिरहेको थिइनँ । म भुइँमा थचक्क बसेकी थिएँ । चारैतिर अँध्यारो भएको महसुस गरे ।

कतिखेर मेरा छोरीहरुले तानेर घरभित्र लगेछन् । मलाई केही होस् थिएन । केही घन्टापछि जब सामान ओसार्ने भ्यान आइपुग्यो, म झल्याँस्स ब्यूँझिएँ । रइद काकालाई लुक्न दिने दयालु छिमेकीहरु भनिरहेका थिए । फतिमा तिमी यसरी बसिरह्यौ भने तिम्रा बाँकी सन्तानहरुलाई पनि बचाउन सक्ने छैनौ । आफूलाई सम्हाल र यहाँबाट भागिहाल । मेरा छिमेकीहरुले बचेखुचेका सामानहरु भ्यानमा लगाइदिए । मेरा छोरो र भतिजोको पार्थिव शरीर म गएको ठाउँमा पु¥याइदिने वचन दिए ।

मेरा बाँकी परिवारसहित भाइ बुहारीका दुईजना बच्चाबच्ची लिएर हामी आबु गराइव भन्ने सुन्नी नगरमा आइपुग्यौ । म छोराहरुको मृत्युमा यति शोकविह्ल थिएँ कि तीन दिनसम्म चुपचाप बसिरहे । न रुन्थे, न बोल्थे“,न खान्थे“ । मेरा छिमेकीहरुले मेरो छोरो र भतिजोको लास पठाइदिए । जन्नाहमा लगेर सदगद गर्ने हुती थिएन । बम बार्डले भत्काएको घर नजिक कसैले छाडेर गएको घरको बगै“चामा लगेर पुरिदियौ“ । आधा रातपछि निन्द्रा खुल्थ्यो वा निन्द्रै लाग्दैनथ्यो । नजिकै रहेको अलकार्ख जन्नाहमा बुलबुल चरोको सुरिलो स्वर सुनिरहन्थे“ । अमिल नगरमा हुँदा पनि नगरको बगैचामा त्यसरी नै बुलबुल चरो गाउने गर्दथ्यो । तर ती सुखमय दिनहरु र मेरा वर्तमान रात दिनहरुमा आकास पातालको फरक थियो ।

मेरो सानो छोरो युसुफ आधारातमा ब्यूँझेर आमा भोक लाग्यो भन्थ्यो । हाम्रा बाजे,बज्यै,बाबु र दाजुहरु कहाँ गएका हुन् ? उनीहरु कहिले फर्केर आउँछन् भनेर प्रश्न गर्दथ्यो । मसँग न छोराको भोक शान्त गर्ने रोटी हुन्थ्यो । न बाजे,बज्यै,उसका बाबु र दाजुहरु फर्केर आउँछन् भनेर सान्त्वना दिने उत्तर थियो । उसलाई के थाहा उनीहरु अब कहिल्यै पनि फर्केर आउने छैनन् भन्ने कुरा ।

त्यस्तो दु:ख पाएको सम्झँदा बग्दादमा रहेको महिला शरणार्थी शिविरतिर जाऊँ कि जस्तो पनि लाग्थ्यो । तर इराकी विधवा शरणार्थी शिविरमा सामान्य नागरिक र अमेरिका विरोधी विधवाहरु एउटै शरणार्थी शिविरमा राखिएका थिए । अमेरिका विरोधी र अमेरिकी सैनिक दुवै पक्षलाई लाग्दो रहेछ । त्यहाँभित्र बसेर इराकी विधवाहरु भयङ्कर योजना बनाइरहेका हुन्छन् । हुन पनि शरणार्थी शिविरका कुनै कुनै विधवाले शरीरभरि आत्माघाती बम बेरेर अमेरिकी सैनिक क्यापभित्र छिर्दै बम विस्फोट गराउँथे ।

त्यसपछि अमेरिकी सैनिकले इराकी विधवा शिविरमा बम प्रहार गर्दथ्यो । सयौ" इराकी विधवा मारिन्थे र सयौ घाइते हुन्थे । यस्तो घटना थाहा पाई-पाई शरणार्थी शिविरमा जान आँट आएन । बरु त्यही बम बार्डले भत्काएको भूताहा घर नै सुरक्षित थियो । विध्वंस सहरको कथा गिदीबाट निकालेर सधैको लागि फालूँ झैं लाग्थ्यो । तर जीवनले भोगेको आतंकको अबिर त्यति सजिलै नमेटिँदो रहेछ ।

आहा ! अब्दुल जारासँग बिताएका ती रमाइला दिनहरु । टाइग्रिस र युफ्रेटस नदीमा बोटिङ गर्दै माछा मारेका समर साँझहरु । हुक्का बारमा सोनाबाथ लिँदै अब्दुल जारा भन्ने गर्दथ्यो, 'उम नूर म तिमीलाई कहिले पनि दुःख हुन दिन्नँ ।' हुन पनि ऊ बाचुन्जेल मलाई कुनै दुःख थिएन । भाइको सानो छोरो तालिव ब्यूँझेर उसकी आमालाई पिरोल्थ्यो । रुँदै भन्थ्यो आमा भोक लाग्यो । हामीसँग केही खाने कुरा हुँदैनथ्यो । हुन पनि किन भोक नलागोस्, दुई टुक्रा इराकी फ्ल्याट रोटी र पानी ख्वाएर सुताएका हुन्थ्यौ" । भतिजो तालिवलाई हौसला दिन्थे", बाबु अहिले चुप लागेर सुत । उज्यालो भएपछि खबुस किनेर ल्याउनेछु ।

हाम्रो चित्त बुझाउने ठाउँ यति मात्र थियो । इराक र संसारभरि हामीजस्ता लाखौ" विधवाहरु छन् । मेरी बुहारी र मैले जे जस्तो दुःख भोगिरहेका छौ", उनीहरुले पनि त्यही दुःख भोगिरहेका छन् । हामीले दुःख मान्नु हुन्न । अल्लाहको कृपा भए हामीले फेरि पनि सुखमय जीवन बिताउन पाउनेछौ" ।

अलकार्ख जन्नाहमा बुलबुल चरो चिर्बिराउन छाडेपछि पूर्वी क्षितिजमा उज्यालो रङ पोतिन्थ्यो । त्यहीबेला कतै टाढाको मस्जिदबाट 'अल्लाह-हो-अकबर' को सुमधुर आवाज गुन्जिरहेको हुन्थ्यो । भत्किएका झ्याल ढोकाहरुबाट उज्यालो किरण छिरेपछि उठेर पानी तताउथ्यौ" र अघाउन्जेल पिउथ्यौ" ।

अलकार्ख जन्नाहमा मान्छे पुरिने कार्य बिहानदेखि साँझसम्म टुट्दैनथ्यो । आइमाईका समूहहरु छाती पिटीपिटी रोइरहेका हुन्थे । विध्वंस सहरका विधुवा मध्ये हामी पनि थियौ" । तर न हामीले हाम्रा श्रीमानहरुको लास देख्न पायौ" न उनीहरुलाई जन्नाहमा लगेर सदगद गरी गाड्ने मौका नै मिल्यो । हाम्रो आँसु उनीहरुको अन्तिम बिदाइको लागि बिदाको फूल हुन सकेन । तिनै आँसुका फूलहरु मुटुमा काँडा भएर उम्रिरहेकै छन् । थाहा छैन टाइग्रिस र युफ्रेटस नदी किनारमा काँस फुलेर हावाले उडाए जस्तो हाम्रो मन पनि कहिलेसम्म उडिरहने हो ?

यसो भन्दै बडो कस्ट साथ जीवन बिताइरहेका थियौ" । मैले सुनेको थिएँ । मानिसहरुको रक्षाको लागि अल्लाहले आफ्ना फरिस्ताहरुलाई पठाउने गर्दछन् । ती फरिस्ताहरुले जुनसुकै रुपधारण गर्न सक्छन् ।

सम्भवतः त्यही आस्थाको स्तम्भ नडगमगाएको हुनाले म बेलायत आइपुगे" । तर जीवनमा हजारौ" दुःख भोग्न परे पनि आखिर मलाई जन्नत जानु छ । त्यही इबादतगाह फर्किने

यात्राको तयारीमा तिमीसँग भेट भयो । तर अर्को दुई महिनापछि मेरो कथा सुन्न पाउने छैनौ । न इराकी वाइट्रेसको हातबाट तातो तातो चिया पिउन पाउनेछौ ।

फतिमाको आत्मा कथा टुङ्गिएको एक हप्ता भइसकेको थियो । एक दिनको लन्चब्रेकमा फेरि उनको आत्मकथाकै प्रसङ्ग अघि बढ्यो । मेरो मुखबाट अचानक यी शब्दहरु फुस्किए । 'फतिमा तिम्रो जीवनका भोगाइहरु त एउटा कथा बनिसकेको रहेछ ।' फतिमाले मुस्कुराउँदै भनिन् । 'युद्धका पीडाहरु हुन् ती त । बेलायतमा कसरी आइपुगें'',अझ अर्को चाखलाग्दो कहानी छ ।'

मेरो नाम फतिमा भए पनि मेरा पतिले माया गरेर बोलाउने नाम उम नूर हो, जो मलाई औधी मन पर्छ । फतिमाले आफू बेलायतमा शरणार्थी जीवन बिताउनु परेको कथा बीचैमा रोकेर भन्दै थिइन् । कहीं'' कतै मेरो याद आएछ भने मलाई यही उम नूर नामले स्मरण गर्नु होला ।

# कृष्टमस डे

जया राई

क्रिष्टमसको छुट्टी छ ।

त्यसदिन घाम लागेर सारा बेलायत उज्यालो भयो । दुई दिन अगाडिसम्म धुम्मिएर उराठिलो वातावरण थियो । पसलमा जताततै सेल-सेल SALE -SALE लेखेर ग्राहकलाई झुक्याउने भन्ने या आकर्षण गर्ने चर्को नारा जस्तै रातो कागजमा सेतो अक्षरले लेखिएको SALE 20%, SALE 50%, Clearance Sale आदि इत्यादि हुन्छ ।

चाडवाड जहाँ पनि त्यस्तै घचारो हुने । सपिङ्ग सेन्टर जाऊँ सामान छान्ने त्यस्तै भीड छ । छानेर बोकेको सामानको पेमेन्ट गर्न लामो लाइनमा बस्नुं पर्दा लाग्छ सामान त्यतै कतै फालौं र निस्केर भागौं यो सेल बजारबाट ! अर्को मनले भन्छ– त्यसो गर्नु किन ? सामान चाहिएकै हो, किन्नु नै छ, चाड मनाउनु नै छ । नत्र भए पनि क्रिसमसको सेलमा नकिने अघि पछिको दाम चर्को छ, किन्न गोजीको बजेटले अलि मान्दैन क्या ! पौण्ड गह्रौ छ ।

म यस्तै घच्यारोहरूमा सेलका सामानहरू किन्नका लागि सानोतिनो तयारी गरिसकेको छु । तर एउटा मुख्य कुरा छुटेको छ, वास्तवमा छुटेको होइन जानी-जानी छुटाएको– त्यो हो, टर्की ।

क्रिसमसको महत्वपूर्ण परिकारहरू मध्ये रोस्टेट टर्की एक हो । तर जब मलाई टर्कीको खाइनसक्ने यामानको मासु कल्पना हुन्छ, त्यसै-त्यसै वाक्वाक्क लाग्छ । खै किन हो ! टर्कीको सम्झना हुनासाथ,गिद्धको सम्झना आउँछ, खेतमा मरेका गाईवस्तुको सिनोलाई झगडा गर्दै लुछेको झलझली सम्झना आउँछ ।

हो, त्यसैले महत्वपूर्ण टर्की मेरो क्रिसमस सपिङ्ग लिस्टमा पर्दैन ।

मेरो साथी जो मलाई उसकै घरमा बिदा मनाउन बोलाउँछ । म उसलाई त्यस्तो विशेष केही छ ? सोध्छु । ऊ उत्साहित हुँदै भन्छ, अँ यसपालि ठूलो टर्की तयार पर्दैछु । क्रिसमसमा हामी मज्जाले वाइनसँग टर्की खाँदै बिदा मनाउनु पर्छ ।

म उसको भनाइ भुइँमा खस्न नपाउँदै मेरो मनको टर्की उडेर गिद्धमा परिणत भइसकेको जानकारी गराउँछु । ऊ रीसले रन्थनिन्छ ।

उसको त्यो मीठो कल्पनालाई मेरो कोरा कल्पनाले पछारी दिएकोले उसको अरु भन्नुपर्ने कुराहरू त्यतिकै रोकियो । उसले कफीको अन्तिम सीप लियो र ल त बिदा होऔं है भन्दै गालमा बिदाईको न्यानो चुम्बन दियो ।

छुट्ने बेलामा उसलाई भन्छु,"ल श्रीमान् मेन्सा, यसपालिको क्रिस्टमस तपाईको होइन, मेरोमा मानौंला । कृपया म कहाँ बक्सिङ्ग डेको दिन बिहान पाल्नुभयो भने मलाई उचित समय हुनेछ ।

उसले खुशी हुँदै मेरो निम्तालाई स्वीकाऱ्यो र आइपुग्ने समय दियो साढे नौ बजे बिहान ।

वास्तवमा विशेष तयारी केही पनि छैन । रेड वाइनको बोत्तलहरू, स्न्याक्सको लागि स्टीम प्राउन र केही क्रिप्स र सलादहरू । बक्सिङ्ग डेको बिहान उसको फोनको घण्टीले म ब्यूझिएँ । बिहानको ठीक साढे नौ बजेको छ । म तल मूलढोका खोल्न पाइजामामै झर्छु । ऊ तर्सेझैं भन्छ, "मिस रीना के तपाईको निद्रालाई खलबल पारिनं ?"

"मलाई माफ गर्नुहोला श्रीमान् मेन्सा, हिजो घडीमा आल्राम लगाउनै भुलेछु । तपाईको फोनको रीङ्गले मलाई ब्यूझायो । केही छैन, भित्र पाल्नुहोला ।"

उसले हातमा ल्याएको रातो गुलाफको गुच्चा मलाई टक्रचायो र गालामा उही न्यानो चुम्बन दियो । एउटा मधुरो वाक्य हावामा बिस्तारै सुनियो, "आइ लभ यु ।"मलाई यो वाक्य उसले भनेको हो-होइन, वा कोही अरु नै व्यक्तिले अरु कसैलाई नै भनिरहेको होला र त्यो मेरो कानमा मात्रै परेको होला भन्ने भ्रम भइरह्यो । वास्तवमा त्यो वाक्य फुस्केकै हो मैले सुनेकै हो । अनि मैले उत्तर नदिएकै हो, "आइ लभ यु टु ।"

तर यो सामिप्यता किन ?

ऊ जाडोले लगलग कामिरहेको छ । उसको टोपी र कुममा अड्किएको हिउँ अझै उसमाथि नै छ । उसले कोठामा पुगेर कोट खोलेर स्टचान्टमा राख्दै गर्दा मैले उसको आँखा पढें । बासनाले युक्त छन् ।

म बाथरुममा पसेर रातीको कपडा उतारे फर्किए । ऊ झ्यालबाट हिउँ बर्सेको अनुपम दृश्य हेरेर मन्त्रमुग्ध थियो ।

पछाडिको मेरो कोठा, जहाँबाट करेसाबारीको डिलमा भएको धुपी, चेरीको बूढो बोट र चीस्नटको बोट जिङग्रिङ उभिएको छ । बीचमा गोरेटो बाटो,बाटो पारी विशाल सार्वजनिक खुल्ला खेल्ने चौर ।

हिमपात,त्यो कक्रिएको हाँगामा अभिल्दै मानो भरे झैं चुलिँदै जान्छ र फ्यास्स झर्छ । झ्यालको सानो खापोमा पनि अडिदै जाँदै-पग्लदै जान्छ । फुस-फुस पर्दा-पर्दा बाक्लै हिऊँ जम्छ । चेरीको बोटमा बसेको जोडी ढुकुर जीउमा थुप्रिएको हिउँलाई पटक-पटक पखेटा हल्लाउँदै झार्छन् ।

ऊ त्यो वातावरणले एकतमासले मातेको छ । म उसलाई रेड वाइन अगाडि राखिदिन्छु । ऊ मेरो कपसँग नजिकै ल्याएर चेयर्स गर्दै ठोक्काउँछ ।

हामी दुवै एकै पटक रेड वाइनको पहिलो सीप लिन्छौं ।

ऊ 'इम्म .... लभ्ली ! इट्स नाइस !' भन्दै मलाई त्यही वासनायुक्त आँखाले हेरिरहन्छ ।

ऊ प्राउनको पारखी, स्टीम प्राउनलाई टाउको भाँच्दै बोक्रा छोडाउँदै पुच्छरमा समातेर सोयासस्मा चोब्दै खान्छ ।

रेड वाइनको बोतलहरू रित्तिदै जान्छ । स्न्याक थपिंदै, रित्तिदै जान्छ । हामीमा गफको मात्रा पनि थपिँदै अगाडि बढ्दै जान्छ । ऊ मज्जाले मातिसकेको छ ।

मलाई थाहा भइसक्यो,ऊ धाराप्रवाहमा बोलिरहेछ ।

"मैले जीवनमा दुःखका धेरै कुराहरू देखेको छु, भोगेको छु ।"

म झन् उसको कुरालाई चाख मान्दै सोध्छु, "श्रीमान् मेन्सा कस्तो-कस्तो हँ ?"

ऊ आँखा छोपेर भन्छ, "म कल्पना नै गर्न सक्दिनं,जुन घटना मेरै आँखाले देखेको हो त !"

"त्यस्ता घटना के के हुन् त श्रीमान् मेन्सा ?"

ऊ भन्न थाल्छ, "म करिब सात वर्षको थिएँ, त्यो बेला गाउँमा स्कूल नजिक थिएन । मलाई र मेरी दिदीलाई स्कूल नजिक पर्ने सानीमाको घरमा राखिएको थियो । बिहान स्कूल गयो, स्कूलबाट फर्के पछिको हाम्रो काम हुन्थ्यो एक माईल टाढाको खोलामा गएर पानी ल्याउने । हाम्रो यो काम दैनिक हुन्थ्यो । एक दिन दिदी,म हाम्रो बाबाको साथीको छोरा,मेरै दौंतेरी साथीसँग खोलामा पानी भर्न गयौं । दिदी र मैले पानी भरिसक्यौं तर साथी अझै बगरका ढुंगासँग खेल्दै छ ।

हामी उसलाई भन्छौं "छिटो गर, रात पर्न आँटिसक्यो ।"

ऊ बल्ल भाँडोमा पानी भर्न थाल्यो । पानी भर्दै थियो, दिदी र म वर बगरमा खेल्दै गर्दा चर्को आवाजले तर्सियौं । त्यहाँ साथी थिएन । ऊ त गोहीको पुच्छरको लपटाले पानीमा पछारी सकेको थियो । उसको रगत खोलाको पानीमा रातै बग्न थाल्यो । हामी दुई दिदीभाइ रुँदै कराउँदै सहायता माग्न थाल्यौं । खोलाको आवाज बाहेक अर्को कसैको उपस्थिति थिएन ।

खोला भित्र पसेर हाम्रो साथीलाई गोहीको मुखबाट खोसी ल्याउने दैव नै रहेन । हामी एक माइल टाढाको बस्तीमा फर्कियौं र त्यो दुःखद समाचार सुनायौं ।

मेरो साथीको बाबा सहयोगीसँग खोलामा गएर गोहीसँग बदला लिन थाल्यो । हराएको छोरा खोज्न गोहीको भुँडी चिर्न थाल्यो । उसले एउटा ककुरलाई घाँटीमा बाँधेर खोलाको किनारामा झुन्ड्यायो । त्यो झुन्डिएको ककुर खान आउने गोहीलाई उसले बन्दुकले हान्दै मार्दै भुँडी

चिर्दै उसको छोराको अवशेष खोज्यो । एकपछि अर्को गर्दै चारवटा गोही मारियो । तर कुनै गोहीको भुँडीमा अवशेष फेला परेन । त्यो बेला खोलामा पानी होइन, रगतै बगेको थियो । मेरो साथीको बाबाले छोराको बद्ला गोही मारेर अन्त्यमा सन्तुष्ट पायो क्यार ! ज्यानको बदला ज्यान ।"

यो घटना सुनाइसकेर एक प्याक वाइन स्वाट्ट पिउँछ । उसमा सेता दाँत कालो अफ्रिकन छालामा टल्ल टल्केको छ । म पनि ऊसँगै फेरि स्वाट्ट पिउँछु र अर्को बोतल फोरेर उसलाई र आफूलाई खनाउँछु ।

म उसलाई फेरि सोध्छु, "श्रीमान् मेन्सा, त्यो घटना त्यस्तै दुःखलाग्दो र डरलाग्दो लाग्यो । के अरु पनि त्यस्तै घटना कतै स्मृतिमा बाँकी छन् कि ?"

ऊ भन्छ, "धेरै छन् । तर एउटा मात्रै अबचाहिं बताउँछु ।"

"ल, कृपया भन्नुहोला ।" म, उसको र मेरो गिलासमा फेरि रेड वाइन थप्दै भन्दैछु ।

ऊ भन्छ, "मेरो प्राइमरी स्कूल सकिएर म टाढा सेकेन्डरी स्कूलमा जान थालिसकेको थिएँ । त्यो सहरको स्कूल थियो । मेरो,बाबाले उनले चिनेका मानिसकहाँ बस्ने बन्दोबस्त मिलाइदिनु भएको थियो । त्यो मानिसको त्यो एरियाको सबैभन्दा ठूलो औषधी पसल थियो । म, मेरो स्कूलबाट उब्रेको समय त्यही औषधी पसलमा उनको सहयोगीको रूपमा काम पनि गर्थें ।

मेरो मालिक शिकारको अति नै सौखिन । अरु बेला जस्तै एक बेलुका ऊ, म र उस्को साथी शिकार खेल्न निस्कियौं ।

उनीहरू दुवैको हातमा बन्दुक छ र टाउकोमा हेडलाइट । मसँग न त बन्दुक छ न त हेड लाइट । हिंड्दाहिंड्दै जब जङ्गल पुगियो– मेरो मालिक र म पश्चिम लाग्यौं भने अर्को साथी पूर्व । म मालिकको पछिपछि हिंड्दैछु । मालिकको बन्दुकबाट निस्किएको गोलीले एउटा शिकार ढलिसकेको छ । हामी दुवैजना पैलाउँदै पुग्यौं । तरुणो हरिण ढलेछ । उसले फुस्रो आँखा पल्टाएको छ तर जीउ तातै छ । जमिन रगतले भिज्दैछ ।

हरिणको टाउको उठाउन मालिक निहुरिएको छ । म उठेकै छु । सुइँया आएको गोलीले मालिकको टाउको छेडेर गयो र भुइँमा भऱ्याक्क लड्यो र भुइँमा लडबडी गर्दै उफ्रन लाग्यो । उसको टाउकाको हेडलाइट त्यो उफ्रने क्रममा उछिट्टिएर अलि पर गएर आकाशतिर फर्केर बलिरहेको छ ।

त्यो बेला मैले के ठाने, मिस रीना ! अब मेरो पालो आयो त्यसरी नै भुइँमा पसारिने ! अब म निमेष भरमै भुइँमा पसारिँदै छु । मेरो मालिक जस्तै अथवा त्यो अबोध जङ्गली पशुजस्तै । मानिसलाई आफ्नो ज्यानको कत्रो माया ! हातखुट्टा लगलग कामेको छ । मनमा त्रास छ । अहिले त्यही निमेषमा म मारिँदै छु, पछारिदै छु भन्ने लाग्दा लाग्दै पनि मैले मालिकले फालेको

बन्दुक बिस्तारै जमिनमा घस्रेर ताने । अफ्रिकन जङ्गलको अँधेरी रात ! यो बेलासम्ममा मालिक भऱ्याक-भऱ्याक गर्न छाडिसकेको छ ।

मलाई जब उसको बन्दुक मिल्यो, ममा कताकता आँट पलायो । म अलिपर झाडीमा लुक्न गएँ घस्रिदै घस्रिदै । हिंस्रक पशुको डर त्यस्तै छ । त्यो मेरो मालिकको शीर उडाउने सिकारीको डर पनि त्यस्तै छ ।

मलाई मेरो स्वास प्रश्वासको चालले पनि त्यसै-त्यसै तर्साउँछ । कति छिटो र ठूलो आवाजमा चलेको मेरो मुटुको चाल ! मलाइ मेरो स्वास-प्रस्वास र मुटुको चालले जीउँदो नरहने परें भन्ने ठान्छु । जति कन्ट्रोल गर्न चाहन्छु त्यति बढी धड्किन्छ मुटुको चाल ।

अँधेरी रात छ । आकाशमा असंख्य ताराहरू टिलपिल टिलपिल गरिरहेछन् । मैले निशाना लगाएको ताराले ओरालो बाटो लिइसकेको छ । त्यही बेला झाडीमा सऱ्याक-सुरुक पदचापको अर्को आवाज आयो ।

त्यो बेला के ठानें मैले मिस् रीना, अब ढंले भुइँमा रगतको पोखरीसँगै । मेरो लास जङ्गलमा ।

म अझै झाडीमा चल्दै गरेको साससलाई रोकेर हेरें, त्यो सऱ्याक-सऱ्याक आवाज त मेरो मालिकको लाश नजिकै आएर निरीक्षण गऱ्यो । हात टाउको यताउता पल्टायो । खै किन उसले त्यो बेला बन्दुक हातबाट भुइँमा राखेको थियो ।

उसको हातको बन्दुक जब भुइँमा भएको देखें, ममा एकप्रकारको बल आयो । कहिले नभएको आँट आयो । म झाडीबाट बुरुक्क उफ्रेर एकैपटक त्यो बन्दुक समाउन पुगें । त्यो मान्छे यस्तरी तर्सियो कि... ।

अब मेरो दुवै हातमा शक्तिशाली बन्दुक छन् । म चिच्याएर कराउँछु, "तिमीले मेरो मालिकलाई किन मारी दियौ ? किन मारिदियौ ? किन ? किन ?? छिटो जाऊँ गाउँमा र त्यसको खबर उसका घरपरिवार र प्रहरीमा जानकारी गराउँ ।"

खै के शक्तिले हो, मेरो त्यो भनाइमा के थियो ऊ केही नबोली फर्कियो । मैले उसको हेडलाइट हातमा हल्लाउँदै परसम्म गएको झाडी छेउछाउबाट निक्कै बेर हेरिरहें ।

धेरै पछि मलाई पूर्व दिशा उज्यालो हुन लागेको आभास हुन थाल्यो । म एउटा विशाल रूखको मुनि आड लिएर बसेको छु । हिंस्रक पशु आए अब त बन्दुकको गोलीले उडाउँला भन्ने आँट आइसकेको छ । ओंठतालु सुकेको छ । भोक प्यास भन्ने त आपतविपतमा थाहै नहुने रहेछ ।

बिस्तारै पूर्व दिशा उज्यालो भयो । बिहान भयो । म अझै झाडीको ठूलो रुखको आडमा छु । हिंस्रक पशु त्यो सिकार र सिकारीको सिनो लुच्छन आउँदा मेरो चिरहरण गर्न बेर छैन ।

समय कस्तरी ढिलो दगुर्दो रहेछ, त्यो बेला थाहा भयो । पलपल पनि घण्टौं जस्तो लाग्ने । उडेको कीरा फट्याङ्ग्राले पनि त्यस्तै सताउने । म ठान्छु । बिहानको नौ बज्यो अब त दश पनि बज्यो । एघार बज्यो, बाह्र बज्यो ।

करिब एक बजेतिर टाढा कतै मान्छेको पदचाप र गुनगुन आवाज नजिक हुँदै आयो । उनीहरूले मेरो नाम लिएर बोलाएको सुने, "क्वामे मेन्सा ! तिमी बाहिर निस्क ! यो पुलिस अफिसरको आदेश हो । तिमीलाई हामी केही नोक्सानी पुऱ्याउने छैनौं ।"

म रातभरिको अनिदो, डर, त्रास र दिनभरिको भोक र तिर्खाले लखतरान थिएँ । मेरा गोडा लगलग कामेका छन् । म झाडीबाट दुवै हातमा बन्दुक बोकेर निस्केर पुलिसलाई हस्तान्तरण गर्छु । ममा भएको त्यो गरौं बोझ बिसाएर हल्का हुन्छु । पछि थाहा भयो । त्यो मार्ने व्यक्ति अरु कुनै व्यक्तिले किनेर मार्न लगाएको रहेछ ।"

म उसलाई प्रश्न सोध्छु, "किन रहेछ श्रीमान् मेन्सा ?"

"कुनै व्यक्तिलाई मेरो मालिकले सापटमा पैसा दिएको रहेछ । त्यो व्यक्तिले आफ्नो तिर्ने अवधि आएर नतिरेकोले मेरो मालिकले तिर्नका लागि ताकेता गर्न थाल्दा, तिर्नको बदला कसैलाई किनेर उसको हत्या नै गरिदिएको पोल खुल्यो । गर्ने र गराउने दुवैपछि आजीवन कारावास परे । यो बेलासम्म तिनीहरूको जेलमै मृत्यु भइसक्यो होला ।"

आफ्नो कथाको टुँगो लगाउँदै स्न्याकसँगसँगै वाइन स्वाट्ट पार्छ । म पनि ऊसँग स्वाट्ट पार्दै बोतलबाट फेरि गिलासमा खन्याउँदै बाहिरको दृश्य हेर्दैछु ।

बाहिरको खुल्ला चौर, करेसाबारीमा हिउँको स्वच्छ र कञ्चन थुप्रो लागिसकेको छ । त्यो हिमपातको आनन्द लिंदै हिंड्ने एकादुई जाडोको परवाह नगरी त्यो गोरेटोलाई नाप्दैछन् । मनमा उमङ्ग आउँछ ।

"श्रीमान् मेन्सा के हामी त्यो हिमपातमा नुहाउन जाने कि ?"

ऊ भन्छ, "मिस् रीना ! मलाई आज यो झ्यालबाट देखिने आनन्दभन्दा अर्को आनन्द संसारमा छैन होला झैं लाग्छ । तर मेरो भनाइले तपाईको विचारमा त घात पर्न गएन मिस रीना ?"

"होइन ! ठिकै छ । मैले तपाईको चाहना बुझेकी मात्रै हो । यस्तो जाडोमा बाहिर गएर व्यर्थमा किन दुःख पाउने ।"

"आज हाम्रो छुट्टी । बिदाको दिनमा यसरी नै बसेर, वाइन खाएर रन्केर बस्नु नै मज्जा लागेको छ मिस रीना ।"

रेडिएटरले कोठा रन्केको त छँदैछ । रित्तिएका वाइनका बोतलहरूले हामी दुवैलाई रन्काएको छ । गाला तात्तिएको छ, रात्तिएको छ ।

ऊ सोफामा छ,म पलङ्गको एका छेउमा छु । बीचमा टी-टेबुल जो हाम्रो बाउन्ड्री ! उसले र मैले सीमारेखा तोडेका छैनौं ।

ऊ घोरिएर बस्छ । म उसलाई सोध्छु, “श्रीमान् मेन्सा के सोच्दै हुनुहुन्छ ? वातावरणसँग दिक्क लागेर चुप रहनुभयो नि !”

मलाई प्रश्नमाथि प्रश्न आइरहन्छ ।

“मिस रीना म किन यहाँ छु । वास्तवमा म त मेरो देशमै रहनुपर्ने मान्छे । मैले देशलाई अगाडि बढाउने सुन्दर सपना बोकेर हिंडेको मान्छे । अहिले बिमारीलाई स्टेचरमा ठेलेर एक्सीडेन्ट एन्ड इमर्जेन्सी शाखाबाट मेडिकल असिस्टेन्ट युनिट त कहिले एक्स-रे शाखा त कहिले विभिन्न वार्डहरूमा, कहिले मुर्दाघरबाट शबहरू निकाल्दै आफन्तहरूलाई देखाइदिन नर्सहरूको सहयोगी । ऐ ! यो पनि जीवन हो र मिस रीना ?”

ऊ आफ्नो हात मुठ्ठी कस्तै टेबुलमा बिस्तारै धक्का लगाउँदै मुठ्ठी बजार्छ । म उसको त्यो स्थितिसँग तर्सिन्छु । उसलाई नियालेर हेर्छु । ऊ पीडा र वाइन दुवैले मातेको छ ।

म उसलाई झ्यालबाट घटिरहेको दृश्यतिर इंगीत गर्दै भन्छु, “श्रीमान् मेनसा कसरी हिउँ परेको हगि अविरल !”

ऊ मेरो कुरालाई वास्तै गर्दैन ।

“मिस रिना मैले पोलिटिकल साइन्समा मास्टर्स गरेर यो उमेरमा म यी कामहरू किन गरिरहेछु थाहा छ ? म त्यहाँ रहेर ती नीचहरूको अगाडि नीच भएर रहनुभन्दा यो अन्जान ठाउँमा मलाई कसैको पर्वाह नगरी आफ्नो काम पूरा गर्नु नै उचित लाग्छ ।

जीवनको डुंगा चलाउन कति गाह्रो हगि ! यो पारिवारिक डुंगा गाह्रो, कति गरुङ्गो !”ऊ विरक्तिन्छ ।

म फेरि रित्तिएको गिलासमा वाइन थपिदिन्छु र आफ्नोमा थप्छु ।

ऊ भन्छ, “मिस रीना, हामी गरिब-महागरिब ।”

म उसलाई प्रश्नसुचक आँखाले हेर्दै भन्छु, “किन ? कसरी ?”

“ल म भन्छु, लौ सुन्नुस् मेरा बाबाका दुई श्रीमती । जेठी श्रीमतीबाट दशवटा सन्तान, मेरी आमाबाट छवटा जम्माजम्मी सोह्रवटा सन्तान । यतिका सन्तानलाई लालनपालन गर्न कतिले पो पुग्छ । दिएर बाँडिने माया पनि बीचैमा सकिन्छ । मेरा बाबालाई यतिका सन्तान तह लगाउँदा धेरै दुःख भयो । उनी अति मेहनती थिए र आशावादी । उनको विशाल खेत, जहाँ कोको उत्पादन गर्थे । उनी कोको उत्पादन गर्ने किसानहरूमा एक नम्बरमा गनिन्थे । जब उनी सहरबाट गाउँमा जान्थे, उनको कोको फाममा कोको टिप्ने बेलामा गएका हुन्थे । जब फर्किआउँथे उनी धनी बाबा भएर, गोजी गरम भरेर फर्किन्थे ।

हाम्रो त्यतिका परिवारलाई लालन पालन र शिक्षाको व्यवस्था गर्थे । हाम्रो परिवारका सदस्यहरू, विशाल घाँसे मैदानमा चरिरहेका भेडाहरू जस्तै फैलिँदै मौलाउँदै गएको थियो । कुनै बखत बाबालाई पछ्याउँदै हामी उनको कोको बाली भित्र्याउन गाऊँ जान्थ्यौं । खेतमा गएर कोकोको फेदमा खेल्थ्यो । कोकोको दानाहरू टिप्दाका आनन्द ! आहा ! त्यो अद्वितीय आनन्द हुन्छ ।

आजसम्म बाल्यकालको सम्झना ताजासँग सम्हाली राखेको छु मुटुभित्र । कोकोको अग्लो सुरिलो रुख,जसमा चारैतिर फैलिएका हाँगा, हाँगामा आँख्लै पिच्छे लटरम्म झुन्डिएको कोको फल । रहरलाग्दा फल, जसलाई लामो घारोमा हँसियाको अंकुशे बाँधेर झारिन्छ । कुनै भुइँमा पछारिन्छ, रन्केका दाना छताछुल्ल भएर पोख्छ । हामी ती दानाहरूलाई बटुल्दै चुस्छौं ।

आहा ! बाल्यकाल, जसैगर्दा पनि स्वादिलो मीठो ।

बाबा कोको उत्पादनमा गाउँमा तीन महिनासम्म रहन्छन् । तीन छिमलसम्म पाक्ने कोको अनौठोसँग लटसम्मै पाक्छ, फेददेखि टुप्पोसम्म । वर्षमा दुईचोटि बाली उत्पादन गर्ने कोको खेतीमा बाबा प्राय व्यस्त हुन्थे । जब उनी गाउँबाट सहर आउँथे, त्यतिका परिवारको आवश्यकता मागलाई पूरा गर्थे । बाल्यकाल पुग अपुग ढलपल ढलपल गर्दै अगाडि बढ्दै गयो । सबै छोराछोरीका पखेटामा प्वाँख पलाउँदै कोही उड्न थाल्दै थिए, कोहीमा भने पखेटामा काइँयो पलाउँदै थियो । कोही भने भर्खर बचेरा कोरलिएका थिए ।

नोभेम्बरदेखि सुरु हुने अफ्रिकी ड्राइसिजन मार्चसम्म हुन्छ । यी दिनहरूमा जब सहारा मरुभूमिबाट तातो हावाको उत्पादन हुन्छ, पश्चिमी अफ्रिका तातो हावाको रापले रन्किन्छ । जनजीवन अस्तव्यस्त हुन्छ । यी यस्ता दिनहरूमा कसैको सानो गल्तीले सयौं बस्ती क्षणभरमा आगोको लपेटाले निलिदिन्छ ।

मिस रीना ! यस्तो दुर्भाग्य भयो । कतै लागेको सामान्य आगलागी, तातो रापको लप्कासँगै हाम्रो सयौं एकडको कोको खेती नष्ट पार्‍यो । हाम्रा बाबा जस्तै कैयौं कोको उत्पादन गर्ने किसानहरू आफ्नो खेती खरानीमा परिणत भएको हेर्नु सिवाय अर्को उपाय थिएन । त्यो आगो निभाउन कुनै शक्तिशाली यन्त्रले समुन्द्रै उठाए पनि असम्भव ! यो समय सहारा मरुभूमिमा आगोको नै खेती भएको हुन्छ... ।"

मिस्टर मेन्सा विगतको पीडा ओकल्दै, सायद शीतल खोजिरहेछन् ।

रित्तिएको गिलासमा रेड वाइन फेरि भरिदिन्छु । ऊ त्यो भरिएको गिलासमा हेर्दै नहेरी पीडा आकेली रहन्छ, "मिस् रीना ! त्यो आगोले हाम्रो सब सत्यानाश पार्‍यो । हाम्रो खुशी खोसेर लग्यो । हाम्रो परिवारको उठीबास लगायो । हाम्रो परिवारको उठ्दै गरेको पखेटा काटियो । स्कुल पढ्दै गरेका हामी सबै एकदामाले छोराछोरीको एकैपटक स्कुल जान बन्द गर्नुपर्‍यो । बल्दै गरेको चुलोको आगो निभ्यो । बिस्तारै बिस्तारै ! हाम्रो कपडाहरू आङको आङमै फाट्न थाले । नयाँ कपडाको कल्पना मात्रै हुन थाल्यो ।

गरिबीको बाढी हाम्रो परिवारमा समुद्रको शक्तिशाली छालझैं उर्लिएर आयो । आगलागीको पीडा खप्न नसकेर बाबाबाट आत्महत्याको असफल प्रयोग भयो ।

जीवनमा धेरै सम्भावनाहरूको सपना आफ्ना सन्तानमा हेर्ने हाम्रा बाबाको आँखामा पर्दा लाग्यो,सदा-सदाको लागि । हाम्रो विशाल परिवारको हाँचलाई एउटा अँध्यारो खाल्टोमा शक्तिशाली आँधिले जबरजस्त धकेलेर फ्याल्यो ।

सुन्दर-सुन्दर सपनाहरू सुक्क-सुक्क भए । सम्भावनाहरू जताततै पहिरो गयो । त्यसपछि हाम्रो परिवारको दर्दनाक कहाली ! सुन्ने हो मिस रिना ?"

ऊ बहुलायो, जंगिएर उठ्यो । भित्तामा टाउको ठोक्काउँदै कपाल लुछ्न थाल्यो । गिलासमा भरिराखेको रेड वाइन स्वाट्ट पार्दै सोफामा फेरि थ्याच्च बस्यो ।

वातावरण जस्ताको तस्तै छ, "श्रीमान् मेन्सा... !" सहारा मरुभूमिको तातोले रन्किएको विगत, वर्तमानमा ओकल्दै जान्छ ।

झ्यालबाट देखिने दृश्य अविरल रूपमा हिऊँ परेर जताततै सेताम्मै भएको छ । करेसाबारीको धुपीको बोट भार खप्न नसकेर केही ढल्किसकेको छ । तामेढुकुरमा जोडी, अन्तै उडिसके । सायद कुनै घरको छानामुनि सुरक्षित स्थलमा होलान् । पल्लो सार्वजनिक पार्कमा जमेको हिउँको पवित्र सेतो थुप्रोमा थपिने क्रम भइरहेछ ।

म मेरो साथीलाई झ्यालपट्टि संकेत गर्दै भन्छु, "श्रीमान् मेन्सा, यस्तो हिउँ परेर सेताम्मै भएको मैदानमा हामी केही समयको लागि निक्लौं ?"

ऊ भन्छ, "मिस् रीना, आज यो मेरो जीवनको दुःखको भारी बिसाई म हलुंगो हुन चाहान्छु । मलाई यो दुःखले थिचेको बर्षौं भयो । मलाई आज तपाईलाई भनेर मेरो मनबाट सबै दुःख निकाल्नु छ । कृपया मेरो अनुरोधलाई अन्यथा नठान्नु होला, मिस रीना ।"

म पनि ऊ जस्तै रेड वाइनले अस्तब्यस्त छु । उसको दुःखको वेदना सुन्ने धैर्यता कताकता टुटिसकेको छ । वाइनका खाली बोत्तलहरु भित्ताको कुनामा लहरै ठडिएका छन् । स्न्याक्स्का थालीहरू रितिएर एकातिर थन्किएका छन् । भरी बोतलहरू प्यालामा खनिदै रित्तिने क्षणलाई व्यग्रताका साथ पर्खिरहेछन् ।

"मैले मेरो बाल्यकालमा के-के पो गरिनं । मेरो किशोर अवस्थामा के के गरिएन ? मैले मेरो स्कुलको अध्ययन पूरा त गरें मुस्किलले तर मेरो युनिभर्सिटी अध्ययनका दूर्दिनहरू तपाईलाई भनौं ल कुनै दिन ।

हामी दिनभर एकप्रकारले रेड वाइनले नुहाइरह्यौं । बाहिरी वातावरण भने एकदमै चिसिएको छ । हिऊँ अविरल रूपमा बर्सिरहेको छ । तर हामी सेन्ट्रल हिटिङ्ग र वाइनको रन्कोले तातिरह्यौं । लमतन्न तन्किएको पलङ्गमा म लम्पसार परेकी छु । खै कति बेलादेखि हो श्रीमान् मेन्सा पनि मेरो समीपमा पल्टिरहेको पाएँ ।ऊ अस्तव्यस्त छ म जस्तै ।

म भित्र अन्तर्मनमा भयंकर सन्त्रासको आँधी चलिरहेको छ । म सुदूर भविष्यको आतंकले आतंकित छु । तर ऊ भने एउटा सन्तुष्टिको खास्टो ओढेजस्तै देखिन्छ ।

मभित्र एउटा जीवन सल्बलाएको भान् हुन्छ । म भित्र एउटा मानव बिजारोपण भएको निश्चय नै छ । नौलो असाध्यै नौलो,सुदूर पूर्वको मेरो ओरियन्टल गर्भाशयमा सुदूर पश्चिम संसारको,एउटा अफ्रिकन भ्रुणको बिजारोपण सुरुवात भएको छ ।

मैले निकट भविष्यमै श्रीमान् मेन्सालाई यसको खबर दिँदैछु । तर संसारमा अरु जो कोही पुरुष जस्तै श्रीमान् मेन्सा पनि त्यो खबरले अतालिनेछ र उसले त्यो भ्रुणको कारण ऊ भन्ने अस्तित्व स्वीकार्ने छैन । उसले मलाई शंकाको आँखाले हेर्नेछ र दोष सम्पूर्ण मलाई लगाउनेछ ।

ऊ जस्तै अरु नै कोही स्वार्थी पुरुषमाथि त्यो दोष थोपार्न चाहनेछ । त्यसैले त्यो आरोप प्रत्यारोपको भूमरीमा म मडारिन चाहन्न । म भित्रको मेरो अफ्रिकन भ्रुणलाई म सगर्व भन्नेछु– मेरो हो र म सिंगल मदर हुँ !

यो मेरो चाहना हो । एकाकी जिन्दगीको दह्रो साथ हो यो मेरो आवश्यकता हो र यो स्वार्थी संसारका कामुक पुरुषहरूको नालायकताको लागि चुनौती हो । जो आफ्नो अपराध अरुलाई थोपर्न चाहन्छन् ।

म पलङ्गबाट ओर्लेर, झ्यालको त्यही रमाइलो दृश्य हेरिरहन्छु । तर श्रीमान् मान्सा उनको ओभरकोट लगाएर हिंड्न तयार भैरहे छन् ।

म झटपट उठेर तयार हुन्छु बिदाईका लागि । वाइनको रोगन जाने बेला अझै भएको छैन । कारण बिहानदेखि यो अविरल उपयोग भएको छ ।

धरमराउँदै श्रीमान् मेन्सा तलको सिंढी ओर्लदै छन् । म उनलाई मूल ढोकासम्म बिदाई गर्न जान्छु । पछाडिको करेसाबारी जस्तै आँगन पनि हिउँले छोपेको छ ।

बिदाईको न्यानो चुम्बनसँगै बिदा भएको श्रीमान् मेन्सा बाँकटे हाल्दै घर लागे । मचाहिं कोठामै फर्के । टेबलमा बिहान आउँदा ल्याइदिएको क्रिसमस कार्ड खोलेर हेर्छु ।

## एउटा मृत्युको बयान

लारा राई

शोकसभा हलमा मिश्रित प्रतिक्रियाहरू आइरहेछन् । भिडमा मान्छेहरू भनिरहछन - "रक्सी ज्यादा पिएर मरेकी रे ।"

"अल्काहलिक पो रहिछे ।" एउटी मोटी महिलाले लामो सास तान्दै भनिन् ।

"त्यस्ति जवान केटी पनि?" सँगै उभिएकी अर्की मझौली महिलाले थप आश्चर्य मिश्रित प्रश्न गरिन् ।

"नीट' पिउँथ्यो रे !" भिडमा अर्केको जवाफ थपियो ।

"सुतेको सुतेकै मरिछे ।" कुरा जोड्न थाल्यो अर्को एकजना भलाद्मी ।

"कसरी र के भएर अथवा किन मरिन् " खुबै जान्ने भई टोपलेर उनको मृत्युप्रति प्रत्येक मान्छेहरूले 'रे' कोभरमा धेरथोर आ-आफ्नो अड्कलबाजी थप्दै गए ।

शोकसभा हलभित्र अर्को भलाद्मीले सोध्न भ्याए, "नेपाल घर कताको, के थर कि रहिछन् ?" मानौं,आफ्नो गाउँठाउँ र जातको भए मात्रै चासो दिउँला भनेजस्तो ।

उकुसमुकुस सुनिरहेकी छु, मान्छेहरूलाई । अपार असहमति छ । यो माहौल, यो शोकसभा हलभित्र छरपस्ट छरिएका मान्छेहरूसँग ।

यो भीडमा कुन्नि के सोचेर एउटी गोरी युवती मेरो नजिक आइन् । सायद मलाई अघिदेखि त्यो भीडमा चुपचाप उभिइरहेको देखेर होला । नजिकिंदै मलिन आवाजमा त्यो गोरी युवतीले मनको गाँठो फुकाइन्, "उनले नेपाल जान निक्कै कोसिस गरेकी थिइन् । भनेको बेलामा जान पाइनन् । फेरि, नेपाल जाओस् पनि कसरी ? बिचरी फर्केर नेपाल माइतीघर जाउँ जन्मघर नै हेला । लोग्नेको घर जाऊँ विद्रोह गरेर घर छोडेर हिंडेकी । लोग्ने सम्झेर जाऊँ त, हुनुपर्‍यो नि लोग्नेबाट पनि माया तथा जिम्मेवारी । नाबालक छोरो सम्झेर रुन्थी हामीसँग कहिलेकाहीं भेटघाटमा ।

मलै त्यो गोरी युवतीलाई यवतीलाइ साधे – "के उसो भए निक्कै रक्सी पिउँथिन ?"

"मन भुलाउन अलिअलि पिउँथी ।" तर रक्सीले मरेकी होइन । आयु नै त्यति होला दीदी ! संयोग मात्रै हो उसको मृत्यु । उसले जवाफ फकाई । अघिदेखि कताकता गह्रुँगो भइरहेको मेरो मन त्यो गोरी युवतीको कुरा सुनेपछि अलिकति हल्का भयो ।

एक साँझ अबेला, मेरो अफिस छुट्ने समयमा आएकी थिइन् उनी ।

भन्दै थिइन्, "दीदी म नेपाल फर्कन चाहन्छु ।" उनको आग्रह थियो म उनलाई केही सल्लाह र उपाय बताइदिऊँ ।

अफिसबाट निस्कनै लागेकोले मैले भनें, "म त हिंड्नै लागेको घर ।"

उनले बताइन्, उनी पनि म बस्ने ईलाका नजिकै बस्छिन् ।

मैले भनें, "उसो भए लौ ! बाटोमा स्टारफेरी हुँदै प्रणय दिवसको चहलपहल पनि हेर्दै कुरा गरौं हुन्न र ?"

सहमति नहुने कुरै भएन । ६ बजिसकेको हुनाले अफिसियल काम बन्ने छाँट थिएन । हामी दुवै स्टारफेरीतर्फ बाहिरियौं ।

फेब्रुअरी महिना । प्रणय दिवसको चहलपहल । झिलीमिली बत्ती र समुद्रका छालहरूसँग मन साट्नुको पनि आफ्नै नशा हुन्छ । धमिलो साँझमा मान्छेहरूको चहलपहलसँगै स्टारफेरीबाट पारी हङकङको लामबद्ध दखिएका बहुराष्ट्रीय कम्पनीका होर्डिंगबोर्डहरुका चम्किला विज्ञापन अनि फरीको आवतजावत नियाल्द हावरमा लगाइएका फोटोग्राफरका रात्री पसल छेउको बगल-बगल हामी हिंड्न थाल्यौं ।

हङकङको यो स्टारफेरी, कुरीकुरी नलागे पनि एक्लो उभिरहँदा कताकता कुतिकुति लाग्ने ठाउँ हो । रातो गुलाब बोकेर युगलजोडीहरू हात समाएर हिंडिरहेका छन् । कोही फेरीको बेन्चमा अङ्कमालमा कसिएर बसिरहेका छन् । हामी हिंडिरहेको पेटीको रेलिङसँगै अलिकति पर एउटा प्रणयजोडी अँगालोमा बाँधिएर चुम्बन साटासाट गर्दैछन् ।

मैले उनलाई आखीभौंको ईशाराले देखाउँदै भनें, “काठमाडौंमा धेरै वर्षपछि यतिबेला हिउँ परेको छरे नि ! हिउँको मौसममा मन परेको मान्छेसँग हिउँको डल्लो बनाएर हान्नु क्या रोमान्टिक हुन्छ होला हगि !” काठमाडौंमा खसेको यस पटकको हिउँले निश्चय नै कति युगल जोडीहरूलाई दामन र फूलचोकीको झल्को दिलाउँदै होला ।

कुरा जोड्दै भनें, “काठमाडौंमा फुस्फुस् खस्दै गरेको हिउँ हेरेर प्रणय दिवसका युगलजोडीहरू नेपालमा पनि पक्कै निक्कै लट्ठिएको हुनुपर्छ, यी चिनियाँहरू जस्तै, हैन त बहिनी ?”

केवल मुसुक्क हाँसिन् मात्रै उनी । हाम्रो परिचय भएको धेरै समय भएको छैन । त्यसैले पनि होला उनी अझै मसँग खुलस्त बोल्न सकिरहेकी थिइनन्, तर मेरो चाहिं आदत प्यारप्यार बोलिरहनु पर्ने ।

प्रणय दिवसको रुमानी मौसम, प्रश्न तेस्याइहालें, ‘‘क्या हो यो उमेरमा पनि यस्तो चुपचाप,ब्वाइफ्रेन्ड छैन तिम्रो ?’’

‘‘मेरो त एउटा छोरो पो छ त दीदी ‘‘, उनले भनिन ।

मैले ‘सरी’ भन्दै पुनः स्थितिलाई सहज तुल्याने कोसिस गरें,“के भो त श्रीमान्सँग पनि मनाउन सकिन्छ नि त प्रणय दिवस ।

‘‘न त हो, न त होइन’’ उनको अनुहारमा त्यस्तो कुनै भाव देखिएन । यसो भनूँ मलिन अनुहार बाहेक केही देखिएन । उनको अनुहारको भावलाई बुझेर थप कुरा अघि बढाइँन मैले । त्यसो त उनी रुखो स्वभावकी पटक्कै लाग्दिन थिइन् । यही मेसोमा मैले नजिकै स्टार हाउस भित्रको ‘स्टारबक’ क्याफेमा कफी पिउन जाऔं भन्ने आग्रह गरें । उसै पनि समुद्रको चिसो हावाले हामी दुवै काम्दै थियौं ।

कफी अडर गरिसकेपछि अफिसबाट उनले नेपाल फर्कन चाहेको प्रसङ्गबारे विस्तृत कुराहरू भए । कफीको वाफसँगै क्रमशः मनका वाफहरू पनि विस्तारै फैलन थाले क्याफेभरि ।

विगत दुई वर्षदेखि हङकङमा शरणार्थी आवेदन दिएर बस्दै आएकी रहिछिन् । काठमाडौंको सुखसयलमा हुर्किएकी र हुनेखाने घरकी छोरी-बुहारी । आमाबुवाले ठूलो सपना सजाएर कलिलै उमेरमा खान्दानी घरको छोरो भनेर बिहे गरिदिएको रे उनको । लोग्ने परेछ दुर्व्यसनी । माइतीको आडभरोसामा उनले एकदुई वर्ष जसोतसो जीवन काटिन् । छोरो जन्मिएपछि खर्च थपियो,समस्या बढ्दै गयो । कलिलै उमेरमा बिहे गरेर बुहार्तन गर्न थालेपछि पढ्न छोडेकी उनले गतिलो जागिर पाउने कुरै भएन । समाजमा धाक जमाउन छारीलाइ खान्दानी घरमा बिहे गर्ने त्यही माइती अहिले छोरीले आँगन टेक्न नभ्याउँदै अध्याँरो अनुहारले खरीखोटी सुनाउने, 'तेरो भाग्य नैखोटो' । के गर्छेस् त बाबै !

लोग्नेको कमाइ छैन । बच्चाको सानो भन्दा सानो आवश्यकताको लागि सासूको अघि हात फैलाउँदा सधैं दुत्कार सुन्नुपर्ने बाध्यता उनलाई । अन्ततःसुर कसिछन् छोराको भविष्यका लागि भए पनि विदेश लाग्न । उनको विदेश जाने निर्णय सुनेर सक्दो विरोध गरेछन् सबैले । तर माया गर्ने मामाले आर्थिक सहयोग जुटाइदिएर दलाल माफर्त उनी हङकङ छिरकी रहिछन नक्कली शरणार्थी बनेर । खान्दानी घरकी बुहारीले विदेशमा शराणार्थी बनेर घरेलु कामदार गरेको सुनेर नेपालमा माइती, घरपट्टिकाहरू सबै रिसाएका रहेछन् । कहिलेकाहीं नेपाल फोन गरेर छोरासँग मातृत्व साटिरहँदा आफ्नै आमाले फर्केर नआइज है भन्नुहुन्छ । अवैधानिक विदेश बसेर पैसा कमाउन नसकिने रहेछ, बरु नेपालमा नै सानोतिनो केही गर्छु । कमसेकम छोराको मायाबाट त वञ्चित रहन्न भन्ने मनसाय पनि आमाको कटु वचनले धरासायी भएको सुनाइन् ।

बिद्रोही त म हुँदै होइन, तर चुपचाप सहन पनि सक्दिन । कही सज्जनहरू भन्छन्, यसो गर्नाले आफ्नो व्यक्तित्वलाई आँच पुऱ्याउँछ । तर अरुले के भन्छन् भन्नेसँग मेरो सरोकार कहिले रहेन पनि । किनभने पिएर या रोएर पीडा हल्का गर्ने दुवै जमातमा म पर्दिन । विशिष्ट पनि होइन म । रहर र खसीहरूलाई बन्धकी राख्ने मान्छे म परिन । त्यसेलै सुखदुःख सायद समय अनुसार साट्नु पर्छ भन्ने मेरो मान्यता हिजो र आज पनि यथावत छ । सुखदुःख साट्नलाई कुनै निर्दिष्ट समय र आयु तोकिएका हुनु पर्छ र मान्छेका लागि ? आत्मीयता चाहिन्छ ।सायद, उनले यस्तो सोंचिन । मनमा गम्सिएका आफूभित्रका पीडाहरू सेयर गर्न तम्सन्थिन । मानसिक विद्रोहहरू पनि सायद एउटा निश्चित आयतनभित्र मात्रै अटाउँछन् । सीमित आयतनभित्र खुम्चिएका विद्रोहहरू आफैंमा युद्ध गर्दै परास्त हुन्छन्, अनि बाहिर निस्कन्छन् अन्ततःहरूवा भएर । उनी पनि ठीक त्यस्तै हरूवी बनेर मेरो अघिल्तिर क्याफेको सोफामा बसेकी थिइन् । आफ्ना सुख दुःखका केही अंश मसँग सेयर गरिन् ।

थाहा पाए, जीवनप्रतिका वितष्णा, छातिभित्रका अनगिन्ती पीडाहरू उनको मान्छेले नचाहेर पनि निर्वाह गर्नुपर्ने यो संसार । कति गाह्रो छ एउटी नारी त्यसमाथि पनि जवान युवतीलाई सुखको जिजीविषाहरूसँग संघर्ष गर्न त्यहीपनि विदेशी भूमिमा । सायद त्यसैले शिथिल बन्दै

गइरहेकी थिइन् उनीभित्रभित्रै । यतिबेला पैसा नगण्य तर बिमारी छोराको समाचार अनि लाचार आमा हुनुको अपराध बोधले भित्रभित्रै गाँजिरहेको थियो उनलाई ।

कति ढोंगी छ हाम्रो समाज । घरमा दुर्व्यसनी निकम्मा छोरा पाल्न सरम लाग्दैन । बुहारीलाई इज्जत र स्नेह दिएर राख्न सक्दैनन्, तर खान्दानी घरकी बुहारी वैदेशिक रोजगार बनेकोमा आपत्ति छ परिवारलाई । काम सानो ठूलो हुँदैन । पेशा वर्गीकरण गर्नुभन्दा पनि पसिनाको कमाइले इज्जत र आत्मस्वाभिमान बढाउँछ भन्ने मानसिकता पटक्कै छैन हाम्रो समाजमा ।

बाँचिरहेको वर्तमानभन्दा पर विगतले हमेशा मान्छेलाई चिमोटिरहेको हुन्छ । त्यही दुखाइ बिसेक गर्नका लागि सुखसयल र सम्पन्नता भन्दा पर जीवनमा मान्छेलाई प्रशस्त शान्ति चाहिन्छ, प्रेम चाहिन्छ, आत्मीयता चाहिन्छ । मलाई लाग्छ पैसा कमाउन अथवा कर्तव्य भन्दा पनि बढी नैराश्यताबाट भाग्न भौतारिँदै उनी यहाँ आइपुगेकी छिन् । जहाँ पुगे पनि आखिर मान्छेलाई कुनै न कुनै दुःखले सधैं चिमोटिरहेको हुन्छ । उनलाई पनि मन भित्रभित्रै धेरै समस्याहरूले चिमोटिरहेको थियो । उनको अनुहारको भावले प्रस्ट बताउँथ्यो । अवैधानिक बसेर यो विदेशी भूमिमा शान्ति नै कहाँ पाएकी थिइन् र उनले ।

क्याफेको बडेमाको सिसाको झ्यालबाट प्रस्ट देखिन्छ स्टारफेरीको घण्टाघर । समयहरू कस्तरी चिप्लिएछन आहो ! आठ बजिसके छ । क्याफे बाहिर विद्युतीय उज्यालो फैलिएको छ । समयलाई लोभ्याउन सक्दैनन् तरै पनि उज्यालोले । साँझ छिप्पिँदै गइरहेको छ । कफीका कपहरू रित्तिइसकेकाछन् । कफीका कपहरू भोलि बिहान भरिने छन् तर के उनको शनिबार नै नेपाल फर्कने प्रयास सहज होला त ? मनमनै सोच्दै गर्दा अनायासै ओठबाट निस्किए, बहिनी, 'होप फर दि बेस्ट !' अरु केही बोल्न सक्ने स्थितिमा हामी दुवै छैनौं । अतः क्याफेबाट बाहिरियौं ।

दुवै आ-आफ्नो बाटो लाग्यौं । स्टारफेरी ओसियन टर्मिनलको मुख्य गेट छिचोलेर, क्यान्टोन रोड हुँदै उकालो घरतर्फ हानिएँ म ।

नियमबद्धतामा बाँधिएको दैनिकी । पछिल्ला दिनहरूमा हाम्रो भेट हुन सकेन । उनी नेपाल गइन् या गइनन् त्यो पनि मलाई थाहा हुन सकेन । पक्कै जाने नै हो भने, औपचारिक सल्लाहको लागि फर्केर उनले भोलि बिहान अफिसमा मलाइ भेट्न आउन पर्थ्यो । तर उनी आइनन । प्रणय दिवसको त्यो साँझ क्याफेबाट छुटिएपछि खै ! उनी कहाँ हराइन् । थाहा भएन उनी यस्तरी कहाँ बिलाइन् ।

अचानक सुनैँ, उनी मरिन । उनले मृत्यु वरण गरिन । मान्छे मर्ने संसारमा ंविल्कुलै नौलो घटना होइन । हरेकदिन यहाँ लाखौं मरिरहेका हुन्छन् । यस्तरी कोही मरिदिन्छन् कल्पना विपरीत, योचाहिं नौलो घटना हो क्यार ! उनको मृत्युले मलाई निक्कै असहज तुल्यायो । अझै पनि तुल्याइरहेको छ । शून्य र मूल्यहीन रहेछ यो जिन्दगी यस मानेमा । कति सस्तो मृत्यु । थाहै नपाइ सुकाई दिई काठमा सुतेको मृत्यु । मृत्युको कारण जेसुकै होस, तर उन्मक्तिका सजिलो उपाय विरुद्ध छु म सधैं । उनले मृत्युको सजिलो उपाय अपनाइन् या मृत्युले सजिलै

उनलाई अपनायो ? यदि काल र उमेरको भ्रममा नपर्ने हो भने पनि त्यो निश्चय नै दु:खदायी मृत्यु थियो । उनी मरिन् । कसको के लाग्छ ! बाँकी रह्यो केवल भयङ्कर शून्यता । यही शून्यताको विन्दुमा उभिएर उनलाई सम्झिरहेछु यतिबेला । थाहा छैन, उनको मृत्युको असर कस्तो पऱ्यो उनको परिवारलाई । उनको नाबालक छोराले कुनै दिन सही अर्थमा 'आमा' शब्दको महत्वलाई बुझ्ने छ अनि प्रश्न गर्नेछ, मातृत्वबाट वञ्चित हुनुको कारण । मलाई लाग्छ, त्यो क्षण उनको मृत्युको क्षणभन्दा धेरै गुणा मार्मिक एवं पीडादायी क्षण हुनेछ ।

हो,उनी गईन । निरुत्तरित सवालहरू छाडेर । उनको लाश नेपाल पठाउन सम्भव भएन । भटाभट सहयागी मन र हातहरू एकजुट भए । अन्ततः उनको दाहसंस्कार विधिपूर्वक सम्पन्न गर्न शोकसभा हलमा सबै भेला भएका छन् आज । तर यहाँ शोकसभा कम, कुरौटे सभा धेर भइरहेको छ । मिश्रित प्रतिक्रियाहरू अझै आइरहेका छन् । नाबालक छोरो सम्झेर पनि जीवनप्रति अलिकति मोह हुनुपर्ने होइन र ? कस्ती पागल केटी यति चाँडै हरेस खान हुँदैनथ्यो । भीडमा कसैले सुनायो र घरपरिवारसंगको सम्बन्धबारे फुसफुस बोल्यो कोही, "यस्तो कलिली युवती अर्को घरजम गरेर बसेकी भए पनि हुने थियो ।" जति मान्छे उति नै टिप्पणीहरू आइरहे ।

मलाई लाग्छ, संभवतः बुझाइभन्दा भोगाइ बढी भो होला । थाहै नपाई मान्छेलाई धमिराले खाएजस्तो भित्रभित्रै खोक्रो रित्याउँदै लैजाँदो रहेछ, अन्ततःगर्ल्याम्म ढली ऊ पनि । थाहै नपाई सुतेको सुत्यै । उमेरले थेग्ने हो र मान्छेभित्रका पीडाहरूलाई ?

**कथाभित्रको कथा यस्तो छः**

आफैंभित्र आफूसँग परिचय मागेर विदेशी भूमिमा भौंतारिरहेका शरणार्थीहरूको आगमन हङकङमा कहिलेदेखि भयो, यकिन साथ भन्न सक्दिन । मैले जानेसम्म करिब डेढ शताब्दी बेलायतको उपनिवेश रहीआएका हङकङको भूमिमा सभवतः १९७५ सालमा भियतनामदेखि डुङ्गाबाट धरै अबैध शरणार्थीहरु हङकङ भित्रिएका हुन् । ती भियतनामीहरूजस्ता केही समयदेखि अवैध ढङ्गले दलालमार्फत् नेपालीहरू पनि चिनियाँ भूमि हुँदै राताराात माछा मार्ने हिलाम्य डुङ्गाभित्र कोचिएर लुक्दै हङकङ छिरेका हुन् ।

शरणार्थीको परिभाषादेखि अनभिज्ञ उनी पनि अबैध ढङ्गले दलालमार्फत् चिनियाँ भूमि हुँदै राताराात माछा मार्ने हिलोसरीको डुङ्गाभित्र कोचिएर हङकङ छिरेकी थिइन् । तथाकथित ठूला मुलुकहरूमा केवल ओत लाग्न जाने सपनालाई लहैलहैमा पछ्याएर ज्यान जोखिममा पार्दै कैयन् नेपाली जीवनहरूको हङकङ छिर्ने प्रक्रिया अद्यावधि टुङ्गिएको छैन । तथाकथित शरणार्थीहरूको सिको गरेर हङकङमा वैधानिक भिसा लिएर काम गर्दै गरेका कतिपय नेपाली घरेलु कामदारहरू पनि हुँदाछँदाको वैधानिक करारनामा तोड्दै चिनियाँ तथा भारतीय मालिकको कचकचबाट मुक्तिको यो वहानामा आफैंलाई पासो थाप्दै शरणार्थी दर्ता गर्न पुगेकाहरूको पनि संख्या निक्कै छ, हङकङमा । अवैध बसोबाससँगै उनीहरू अवैध रूपले काम गर्न बाध्य हुनुपर्छ ।

यस्ता बाध्यताभित्र अनगन्ती कथाहरू छन् । त्यही कथाभित्रकी एउटी पात्रा थिइन् उनी पनि । अवैध प्रवेशका कारण अध्यागमन विभागले तोकेको प्रक्रिया पूरा नगरी आजका भोलि सजिलै उनी नेपाल जान सक्दिन थिइन् । अध्यागमन विभागमा आफूलाई आत्मसमर्पण गरेको हप्ताभित्र या कसैको प्रतिक्रिया हेरी सबै केस रफादफा एवं फैसला पश्चात् मात्रै उनी नेपाल जान सक्थिन् । मैले उनलाई त्यो यथार्थ बताएकी थिएँ ।

मेरो जवाफ सुनेपछि उनले गहभरि आँसु पार्दै एकै सासमा भनेकी थिईन्, "दीदी म के गरुँ ! मेरो छोरो बिमारी छ रे !" जसको लागि कमाउन आएँ, त्यही छोरो बिमारी भएको सुन्दा कुन आमाको मन यहाँ अडिन्छ दिदी, भन्नुस् त ? सासु अझै रिसाएकी छिन् । फोनमा बिमारी छोरोसँग राम्ररी पनि बोल्न दिन्नन् ।' भएसम्म यो शनिबारको फ्लाईटमा नेपाल फर्कन पाए हुन्थ्यो । तर यति छोटो समयमा उनी फर्कन सक्ने अवस्था थिएन ।

उनको अवस्थाप्रति मेरो निजी चासो रहनु हुँदैन । कोही पनि सोधपुछ र सहयोगका लागि आउँछन् भने निश्चित दायराभित्र रहेर सहयोग र सल्लाह दिने मात्रै हो मेरो काम । तर त्यतिबेला म संस्थाको कामदार नभएर नेपाली हुनुको आत्मीयताले केही हौसला दिइरहेकी थिएँ । एउटा निष्कर्ष निकाल्दै भनें, बहिनी तिमीले पक्का नेपाल फर्कने ठोस निर्णय लिएपछि नै बाँकी प्रक्रिया सम्बन्धी कुरा गरौंला हुन्न ? मैले यसो भनिरहँदा भर्खरै चौबीस वर्ष टेकेकी त्यो भर्भराउँदी उमरेकी एउटी असहाय आमाको अनुहारमा मातृत्वका वेदनाले भरिएका पीडाहरू प्रस्ट झल्किरहेका थिए । चसक्क नराम्रोसँग दुख्यो मेरो मन । एउटी नारीको अर्की नारीप्रतिको सहानुभूति दर्साएँ, बाजे बज्यैको माया पाइरहेको छ तिम्रो छोराले । भएन,तिम्रो लोग्नेले पनि हेर्ला नि ! छोरालाई । धेरै चिन्ता नलेऊ । मेरो कुराले उस्तो आश्वस्त पार्न सकेन सायद । न त बाजे बज्यैको प्रसङ्गमा सहमति जनाइन् तिनले न त लोग्नेको प्रसङ्गमा नै विमति प्रकट गरिन् । आफैं शून्य भएर हराइरहेकी विचरीले लोग्नेको शून्य अस्तित्वलाई जोडिरहनुको कुनै तुक देखिन होली ।

अन्ततः सबै समाप्त भयो । एउटा सुन्दर जिन्दगीको यात्रा छोटो दुरीमा नै समाप्त भयो । जीवनको प्रारम्भसँगै मृत्यु निश्चित छँदैछ । उनी साह्रै निडर एवं साहसी केटी नलागे पनि जिन्दगीबाट यति चाँडै भाग्लिन्, कल्पना गरेकी थिइँन मैले । उनको मृत्यु साँच्चै न अकल्पनीय रह्यो। जिन्दगी भन्नै पर्दा आफैंमा एउटा नदेखिने घाउ रहेछ । लाग्छ, प्रत्येक मान्छे आफूभित्र नदेखिने घाउ बोकेर आफैंभित्र माइलौं यात्रा गरिरहेको हुन्छ ।

चुपचाप । केही वर्षअघि भेटिएकी त्यो युवती यस्तरी आज मेरो कथाकी पात्र बन्नेछिन्, कल्पना पनि गरेकी थिइँन । जायज होइन बिल्कुलै । कसैको निजी जीवनका उतारचढाव अझ भनौं, मृत्युप्रति त बिल्कुलै टिकाटिप्पणी गर्नलाई । त्यो हक मलाई पनि छैन, किनकि मेरो कोही थिइनन् उनी । तर अटेर गरें लेख्नलाई उनीसँगको त्यो संयोग–भेट, अनि एउटा मृत्युको बयान । थालनीमा नै भनिहाले नि ! अपार असहमति छ । यों माहोल र शोकसभाभित्र छरपस्ट छरिएका मान्छेका मानसिकतासँग । त्यसै

# अष्ट्रियाकी फूल

रक्ष राई

आज मार्च १२ तारिख ।

घर छाडेको ४८ घण्टा भए छ । हिजो काठमाण्डौ त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थाबाट कतार बिमानद्वारा वेलायतको यात्रा तय गरेको म करिब चौध घण्टा पश्चात लन्डनको हिथ्रो अन्तर्राष्ट्रिय बिमानस्थलमा अवतरण भएको छु ।

अब वेलायत अघिको जस्तो रहेन । अघि मार्गरेट थ्याचरको वेलायत थियो । जोन मेजरको देश थियो । दोस्रो विश्वयुद्दपछि गोर्खाली बहादुरिताको इतिहास दोहोरयाउदै फ़ल्कल्याड युद्द विजयको संदेश विश्वलाई दिएर संसारमा वेलायती सर्बोच्चतालाई कायम राखेको देश थिया । तर आज त्यो इतिहासको उच्चता तिरोहित भएर इराक र अफगानिस्तानको वालुवाको भासमा भासिसकेको रहेछ । अब यो लण्डन सहर त्यो शान्त, सौम्य र स्निग्ध सहर रहेन । विदेशीहरुको जनघनत्वले वेलायतलाई अर्कै अनुहारको बनाईसकेको रहेछ । आफ्नो गन्तव्यमा पुगेको कुनै यात्रीजस्तो शान्त र तृप्त लण्डन, अब कुनै ठूलो महत्वाकांक्षा पालेर हिंडेको जुलुसजस्तो हतारमा भागदौड गरिरहेझैँ लाग्दछ । ति सडकको चौडा छाती पैदल र बाहन यात्रीहरुका चापले साँगुरिएको छ र एक अर्कासंग च्यापिदै र ठोक्किदै हिंडिरहेको छ । बेला न कुबेला सडकका बाहनाहरुले हर्न बजाएर हैरान पार्नु वेलायतको अर्को सभ्यता भइसकेको रहेछ । यो सहरको व्यस्तता र यान्त्रिकताले मानिसलाई यस्तो हतारमा सडकमा गुडाइरहेको हुन्छ, तिनलाई आफैले पिएको चुरोटको ठुट्टा र बियरको क्यान सडकको किनारा लागिरहे पत्तै हुँदैन । यतिखेर लन्डन सहरले निक्कै ठूलो कालो र मैलो मानव सागरको भेलबाढी सहित बगिरहने मेरो देशको राजधानी काठमाण्डौको नयाँ सडक, विशाल बजार र ठमेल बजारको झल्को दिदोरहेछ ।

मेरो प्रथम वेलायत यात्रा कुनै भेडा गोठालाद्वारा धपाइदै ल्याएको भेडा बाख्राको स्वतन्त्रता जस्तो थियो । ब्रिटिस सेनामा कार्यरत सिपाही म कुनै गोठालोद्वारा डोरयाईएको गाईगोरुजस्तो सैन्य परिचयपत्र देखाउदै अध्यागमनको कानुनी द्वार नाघ्दै मेरो वेलायत प्रवेश भएको थियो । आज पनि अध्यागमनद्वार नांध्दै गर्दा हेर्दछु, दृश्य उही हुन् । अध्यागमनका जाँचकी कर्मचारी मात्रै फरक छन् । देखिन्छन,यात्रीहरुको लाम र मानब सागर उही हुन्, तर यात्रीहरु मात्रै फरक छन्, अहिलेको मेरो वेलायत आगमन आवाशीय भिसा सहितको मेरो हरियो पासपोर्ट देखेर भारतीय मुलका अध्यागमनका जाँचकी कर्मचारीको आँखाले मलाई निक्कैबेर कोतर्छ ।

त्यो भारतीय मुलको अध्यागमनको जाँचकीको आँखाले दर्फ़रयाएको ठाउँ सुम्सुम्याउदै अध्यागमनको द्वारबाट अवागमनको साइनबोर्ड पछ्याउदै म बाहिरिन्छु र आफ्नो गन्तब्य यात्राको लागि २१ नम्बरको नेशनल एक्सप्रेस कोचको टिकट लिएर बस पार्कमा यात्रा समय

कुर्न थाल्दछु । बाहिरको चिसोले शरीरलाई केही न्यानो बस्तुको आबश्यकताको महशुस गराइरहेको हुन्छ । चिसोले गर्दा मेरो स्वास बाफमा परिणत भएर उडिरहेको हुन्छ । म क्याफेमा छिर्दछु र एक कप क्यापाचिनो किनेर बस स्टेन्डमा फर्किन्छु । मेरो स्वासमा उडिरहेको बाफ र कपबाट उडिरहेको क्यापाचिनोको वाफ मेरो ओंठसंग जोडिन थाल्दछ ।

क्यापचिनोको वाफ एउटा सुदूर अतीततिर उड्न थाल्दछ ।

त्यो अष्ट्रियाकी फूलसंग मेरो भेट यही लन्डनमा भएको थियो धेरै बर्ष अघि र हामी यही हिथ्रो बिमानस्थलको अध्यागमनको द्वारबाट छुट्टिएका थियौं । उनी प्रस्थानद्वारको भित्रपट्टि र म बाहिर भएर हाम्रा जोडिएका हातहरु चुडिएका थिए । निक्कै परको भीडमा नहराएसम्म पछाडी फर्केर हेर्दै गइरहेकी उनलाई मेरा आँखाले पछ्याईरहेका थिए । त्यहाँबाट फर्किदा उनको छुटेको हातको नारी कोमलता र स्पर्शको तिब्रानुभूति मेरो हत्केलामा सरेर आएको थियो र त्यसको सम्झना मेरो हृदयमा पछिसम्म रहिरह्यो ।

हाम्रो पल्टन ६ महिनाको लागि बेलिज बसाइको अवधि पूरागरेर वेलायत फर्किएको थियो । त्यसपछि पल्टनले आफ्नो परम्परानुशार छोटो बिदा मनायो । हामीलाई समुह-समुह बनाएर बिदा मनाउन ब्यारेकबाट बाहिर पठाइयो । हाम्रो लागि लण्डनमै रहेको सैन्य ब्यारेकमै खान र बस्नको लागि प्रबन्ध मिलाइएको थियो । हामी त्यही बसेर हप्ता दिनको बिदा मनाउन थाल्यौं ।

१४ फेब्रुअरी ।

म विशेषगरिकन त्यो दिनलाई सम्झिरहन्छु । त्यो प्रेम दिवसको दिन थियो ।. साँच्ची नै इमान्दारिताका साथ भन्ने हो भने त्यतिखेर हामी पूर्वीय सभ्यताका मानिसलाई प्रेम दिवसको अर्थ पनि थाहा थिएन । तथापि युवा जोशमा त्यसदिन पिकाडेली सर्कसमा गायक तथा हास्य कलाकारहरुको सांगीतिक कार्यक्रम हुने भएकाले हामी केही मित्रहरुका साथ सो कार्यक्रम हेर्न गएका थियौं । हामी हलमा टिकेट लिएर प्रवेश हुँदा कार्यक्रम भब्य प्रदर्शन हुँदै थियो । आधुनिक प्रविधिद्वारा निर्मित हलभित्र युवा युवतीहरु मद् र संगीतको नशामा झुमिरहेका थिए । आधुनिक प्रविधिद्वारा निर्मित डिस्को नृत्यवतीको झल्झलाकार प्रकाशले मन्चमा नाचिरहेका मानिसहरु कुनै नक्षेत्र मण्डलभित्र प्रवेश गरिरहेको हुन् झैं प्रतीत हुन्थ्यो ।

बारको अगाडी पेयपदार्थ किन्नेहरुको भिड उस्तै थियो । त्यो भिडलाई छिचोलेर बारबाट पेयपदार्थ किनेर फर्किदा मेरो पछाडी लाइनमा उभिरहेकी अपरिचित युवतीसंग मेरो आँखा झुधेको थियो ।

"ए, तिमीले अबैध मदपान त गरिरहेका छैनौ?" त्यो अपरिचित युवतीले मलाई गिज्याउने भावमा पहिलो संवाद यसरी बोलेकी थिईन ।

"हौ, सोल्टी राजा ! हजुरलाई छानुवाले स्वागत गरूँ कि तोङ्बा चढाउँ !" गाउँमा भाउजुकी बहिनीले मसंग यसरि ठट्टा गरिन कि गरिनन् ? मलाई थाहा भएन ।

"लु लु.. छानुवा भा छनुवै सहि, तर यो तैबुहंग किराती डबकीमा आफ्नो अनुहार देखिने जाँड चाहि खाँदैन है ! लौ तब सिन्का नढल्ने जाँड बनाउनोस, हेरी हालौं सोल्टिनी रानीको पाइन् ,"भाउजुकी बहिनीको ठट्टाको जबाफ मैले यसरि फर्काएँ कि फ़र्काइन मलाई याद भएन । यति चाहि याद थियो, गाउँकी तरुनीहरु देख्दा लाजले भाग्ने, अनुहार नै रातो र पिरो हुने र हात खुट्टै काँप्ने । थाहा थियो,भाउजुकी बहिनीले आँखा जोडेर बोलाईदिँदा अनुहार पाकेको खुर्सानी झैं हुने । सायद,पहिलो चोटी बिदेशी युवतीले ठट्टा गरिदिँदा म अर्को चोटी रातै पिरै भएँ ।

"किन लजाएर हाँस्यौ मात्रै पो त ? ए, तिम्रो चोरी पक्राउ खायो हैन त ?" उ मलाई त्यसै छोड्नेवाला थिएन । सैनिक ब्यारेकभित्र भाउजुकी बहिनीको फोटोसंग मनले मात्र सम्बाद गर्ने आदत परेको मलाई कस्तो सन्जोग जुरिरहेको थियो त्यहाँ ? प्रेम दिवसकै दिन पारेर जीवनमा पहिलो पटक बिदेशी युवातींले मलाई बोलाईरहेकी थिईन ।

यदि त्यो युवती मेरो भाउजुको बहिनी हुन्थिन भने मेरा के हाल हुन्थ्यो कुन्नि ! तर त्यहाँ म शर्माइरहेको थिएँ ।

हे भगवान ! मैले के अपराध गरिरहेको थिएँ र त्यो चोर पक्राउ खाँदै थियो । बल गरेर मैले आफ्नो दायाँ हातमा उचालिरहेको वियरको ग्लासतिर नजर दिदै आश्चर्य प्रकट गरेको थिएँ , "किन र ?"

"तिमी त वालकझैं देखिन्छौ र नि !" उनले हाँसेर भनिन ।

"हैन, म वालिक हूँ !" वेलायतमा उमेर नपुगेकालाई पदपान र धुम्रपान निषेध छ र मैले आफू उमेर पुगेको दाबीका साथ बोलेँको थिएँ ।

"त्यसो भए तिमीसंग परिचयपत्र हुन पर्दछ" उनले मलाई त्यतिकै छाड्न चाहिनन ।

"तिमीलाई मेरो परिचयपत्र सोध्ने अधिकार छैन भनेर म उनलाई भन्न सकदथें । तर त्यहाँको परिस्थिति त्यस्तो थिएन । उनी मसंग ठट्टा मात्रै गरिरहेकी थिईन । त्यतिखेरसम्ममा उनले पनि पेयपदार्थ किनेर हातमा लिईसकेकी थिइन ।

"के तिमी पुलिस हौ र ?"उनको निसंकोच बोल्ने बानीले मलाई पनि ठट्टा गर्ने बनायो ।

"हैन, तर कहिलेकही पुलिसको काम चाहि गर्छु...मन चोर्ने चोरलाई समात्छु हि...हि....हि.... !!!" उनी हाँसेकी थिइन । अहो, साँच्चिनै उनी हाँस्दा त्यहाँ भाउजुकी बहिनी देखिएकी थिईन । उही रुप,उही रंग, उही बैश, तर मान्छे मात्रै फरक । उही नारी आवाज, उही मृदुल वाणी, तर भाषा मात्र फरक ।

"अरे, यो त सैन्य परिचयपत्र जस्तो छ...हैन र ?" मेरो परिचयपत्र हेरेर उनले आश्चर्य प्रकट गरेकी थिईन ।

मैले उनलाई आफू ब्रिटिस गोर्खासेना भएको बताएको थिएँ र त्यो युवती साल्भिया थिईन ।

साल्भिया अष्ट्रियाकी युवती थिईन । आफ्ना कलेजबाट केही साथीहरुसंग शैक्षिक भ्रमणमा वेलायत आएकी थिईन । शैक्षिक भ्रमण सिध्याएर उनी केहीदिन बिदामा थिईन । संयोगले हाम्रो त्यो दिन भेट भएको थियो ।

दोस्रो दिन पनि हाम्रो पून भेट भएको थियो ।

कारण हामी बिदा मनाउने क्रममा थियौं । उनी आफ्नो समुहबाट छुट्टीसकेकी थिईन । मैले पनि आफ्नो समूह छोडीसकेको थिएँ । मलाई चर्च क्रुकहम ब्यारेकको कम्पाउण्ड भन्दा बाहिर आएको पहिलो अनुभवका साथ लण्डन सहरसंगको साक्षात्कार झन् अनौठो र अदभूत लागिरहेको थियो । वेलायतको सभ्यता, शिष्टता र सौम्यता मेरो लागि अचम्मको विषय थियो । हावाझैँ उन्मुक्त वातावरण र चराझैँ स्वतन्त्र युवा युवतीका जोडीहरु । ति सडक पेटी र बगैचाहरुमा शयर गरिरहेका निर्वन्धन मानिसहरु मानौं कि स्वतन्त्र आकाशमा विचरण गरिरहेका पंक्षीझैँ प्रतीत हुन्थे । हामीले आफूलाई पनि लण्डनको स्वतन्त्र आकाशमा विचरण गर्ने उन्मुक्त पंक्षी बनाई दियौं ।

त्यसपछि हाम्रा स्वतन्त्र पाइलाहरुले लण्डनका चौडा सडकका पेटी र साँगुरा गल्लिहरु नाप्न थालेका थिए । दोस्रो दिनमा नै हामी आफूले आफैलाई नै चिन्न नसक्नेगरि बदि्लएका थियौं । अनायशै सडकपेटीमा हिंड्दा हिंड्दै हाम्रा कुमहरु जोडिएका थिए । हिंड्दा-हिंड्दै हाम्रा कदमहरु लयबद्द भएका थिए । हेर्दा-हेर्दै हाम्रा आँखाहरुमा एकअर्काका तस्वीर देखिने भएका थिए । हाम्रा मुस्कानका सम्मिश्रणले अनौठो रंग बदलेको थियो । अनायशै हामी एकअर्कालाई पछ्याईरहेका छौं जस्तै भान भएको थियो ।

'हामीले लण्डनको भूमिगत रेलमा यात्रा गरयौं । रेलभित्रको डन्डी समात्न खोज्दा रेलको गतिको झड्काले अनियन्त्रित हाम्रा हातहरु अनायशै जोडिएका थिए । अचानक हृदयको सुरुङ्गभित्र यौवनको भूमिगत रेल कुदेझैँ भएको थियो । त्यसदिन हामी टावर अफ लण्डनब्रिज पुगेका थियौं । लण्डन ब्रिजको लम्बाई आफ्नै खुट्टाले नापेका थियौं । विधुतिय भर्याङ्ग चढेर लण्डन ब्रिजको माथिल्लो तला पुगेका थियौं ।

भर्खरै नुहाएर बाथरुमबाट निस्किएकी युवती झैँ टेम्सनदी स्निग्ध र शान्त थिई ।,सायद, हाम्रो हृदयको ढुकढुकीको लय समातेर त्यो टेम्स नदीको पानीको लहर लहरिदै पल्लो किनार पुग्यो र हाम्रो भेटको संयोगको कथा सुनाएर फर्कियो । तल टेम्स नदीको किनारै किनार बहेर आएको ग्रिष्मयामको मन्द हावाले हामीलाई लन्डन ब्रिजको टावर माथिनै छोएर गयो र हाम्रो सुवास लन्डन सहरभरि फैलायो । केही तल पानीको सतहमा पानी जहाज र डुङ्गाहरु तैरिरहेका थिए । सायद, ति हाम्रो बारेमा मुख जोडेर कानेखुसी गरिरहेका थिए ।

सायद मैले सम्झिएको हुँला, नेपालमा मेरी भाउजुकी बहिनी पनि आफ्नो हृदयको ढुकढुकीको लय समातेर बग्दै गएको सप्तकोशीको पानीको लहर हेरेर दिन बिताउदै होलिन् र त्यो पारीको किनारलाई छुन पुगेको पानीको लहर फर्किएर वारि आइपुग्ने क्षण पर्खिएर बसेकी होलिन् ।

"फोटो भविष्यको यादगार चिनो हो ,"  साल्भियाले धमाधम हाम्रा फोटाहरु क्यामेरामा कैद गरिरहेकी थिइन, तर थाहा थिएन ति हृदयमा कैद हुने छन् वा छैनन् । हामी त्यो फोटोमा अर्कै मान्छे भएका थियौं ।

"यादहरु दुख्ने घाउ पनि त हुन सक्छ..." मलाई यसै भन्न मन लागेको थियो, तर म आफैभित्रको कोलाहलमा हराएको थिएँ ।

साल्भिया आफू झैं सुन्दर टेम्स नदी हेरेर रमाएकी थिई । म उनको आँखाको निलो टेम्स नदी हेरेर पहिलो पटक भावुक भएको थिएँ । त्यो रात कुनै रेष्टुरेन्टमा खाना खाएर हल्का पेयपदार्थ पिएर त्यो रमाइलो दिनलाई आफ्नो बनाएर हामी आ-आफ्नो बासस्थान तर्फ लागेका थियौं ।

तेस्रो दिन ।

हामीलाई म्याडम ट्युशटले तानेर लागेको थियो । त्यहाँ संसारका इतिहास पुरुष र महान व्यक्तित्वहरुका प्रतीमालाई अझ इतिहासले सम्झन लायक बानाएर राखिएका थिए । हामीले पनि त्यो दिनलाई सम्झन लायक बनाएका थियौं । साल्भिया चन्चला थिईन । सबै इतिहास पुरुषको प्रतीमासंग फोटो क्यामेरामा कैद गरिरहेकी थिईन ।

यहाँ गान्धीसंग...। उनले महात्मागान्धीको प्रतीमासंग मेरो फोटो खिचेकी थिईन । सायद, उनले गान्धीलाई इन्डियाका महाननेता र पूर्व एशियाका महामानब भनेर पढेकी थिईन ।  मैले पनि त गान्धीलाई त्यो भन्दा धेरै जानेको थिईन । हाम्रा पूर्वका महामानबद्वय गान्धी र बुद्द नै त हुन् नि ! बुद्द त इश्वरमा रुपान्तरित भइसकेका थिए ।

लन्डन आफैमा ऐतिहासिक सहर हो । संसारका सबै थोक प्राप्त र उपलब्ध हुने सहर । संसारका सम्पूर्ण भोक, प्यास र जिज्ञासाहरु मेट्न सक्ने सहर । बौदिक वा अबौदिक,ज्ञानी वा अज्ञानी सबैको उतिकै इच्छाहरु पूर्ण गरिदिने सहर । हामी पनि आ-आफ्नो स्तरबाट लन्डनलाई पढ्छौं,भोग्छौं, भोक,प्यास र जिज्ञासाहरु मेट्दछौं । अनि लण्डनलाई आँखाभरि हेर्छौं, त्यो भन्दा बढी मन र मस्तिष्कभरि हेर्छौं ।

हामी भूमिगत रेलको टिकेट काटेर ट्युबभित्र छिर्दछौं । ट्युबभित्र बहेको चिसो हावाले हाम्रो गला हिर्काउदै गर्दा रेल आइपुग्दछ । हामी भूमिगत रेलको यात्रा गरेर सेन्ट जेम्स पार्क स्टेशनमा उत्रिन्छौं । अनि यौटा पुस्तक पसलमा किनेको सडक म्यापको साहयताले पैदल हिंड्न थाल्दछौं । अगाडी हिड्दै जाँदा महारानी भिक्टोरिया मेमोरिअलको सालिकले हामीलाई स्वगत गरिरहेको हुन्छ, जो बकिङ्घम दरवारको अगाडीपट्टि करिब २५ मिटर उचाइ र २,३०० टन बराबरको तौल भएको सिङ्गमर्मरको ढुङ्गाद्वारा निर्मित पछाडीपट्टि पृष्ठभूमिमा पंख जडित

सुनौलो रंगमा महारानी भिक्टोरियाको सालिक वेलायतको गौरबमय इतिहासलाई माथि उठाएर उभिरहेको थियो । वेलायतको इतिहासमा लगभग ६४ बर्ष अर्थात् सबार्धिक लामो समय शाषण गरेकी महारानी भिक्टोरियाको स्मृतिमा सन् १९०१ अथवा विशौं सताब्दीको सुरुवातमा त्यो सालिक निर्माण गरिएको थियो र त्यसको डिजाइन सर आस्टन वेब्बले गरेका थिए ।

"अहो, कत्रो महान इतिहास रहेछ नि !" सालिकको मुनि सानो प्लेटमा वर्णित छोटो इतिहास सहितको सूचना पाटी पढिसकेर साल्भियाले भनिन् ।

"हो, इतिहासबिहिन त कुनै पनि राष्ट्र महान हुन सक्दैन," मैले भनेको थिएँ ।

हामी बकिङ्घम दरवार क्षेत्रको रातो कार्पेट बिछ्याइएजस्तो नरम अलकतरको भूइ टेक्दै हिड्छौं । भिक्टोरियाको सालिक वरिपरि कहिल्यै नमुर्झाउनेगरि फूलहरु फुलिरहेको थिए । अगाडी महारानी एलिजाबेथ द्वीतीयको बकिङ्घम दरवार वेलायतको छाती चौडा बनाएर स्वतन्त्र र खुल्ला प्रांगणमा उभिरहेको थियो,जो मेरो देशको शाहबंशको नारायणहिटी दरवार जस्तो अग्ला अग्ला फलामका डन्डीका बारहरुले छेकिएर र त्यसमाथि इस्कुसका लहराझैं काँडेतारहरुका फन्काले बेह्रिएर शाही सेनाका सुरक्षाभित्र कैद थिएन । कारण बकिङ्घम दरवार महारानी एलिजाबेथको भन्दा वेलायतका नागरिकको स्वाभिमानको दरवार हो,जो काँडेतार र अग्ला अग्ला फलामे बारहरुले भन्दा वेलायतका नागरिकको राष्ट्र प्रेम र राष्ट्रिय भावनाको शक्तिले सुरक्षित थियो । म वेलायती भावनाको त्यो दरवारलाई मनमनै सल्यूट गर्दछु । यही बकिङ्घम दरवारको गौरबमय इतिहास बनाउन मेरा पिता पुर्खाले रगत बगाएका थिए र यसको अहम बँचाउन मैले पनि पसिना बगाउदै आएको थिएँ ।

दरवारको ढोका अघि ड्युटीमा खटिएको सिपाहीसंग सल्भिया फोटो खिचाउछे । त्यसो त महारानीको गार्ड दिने ब्रिटिस सेनाको सैन्य आभूषण संसारमै अद्भूत छ ।

"ओ मिष्टर, तिमी पनि आफूलाई ब्रिटिस गोर्खा सिपाही भन्छौ... के तिमीले पनि यहाँ महारानीको गार्ड दिएका छौ ?" साल्भियाले जिज्ञासाको नजर मतिर फालेकी थिईन । लाग्दथ्यो, उनी मलाई पनि त्यही आभूषणमा पहिरिएको अबस्थामा मसंग फोटो खिच्न चाहन्थिन ।

"अँ, यो नोभेम्बरमा हाम्रो रेजिमेन्टको पालो छ । तर हाम्रो आभूषण यो भन्दा फरक छ,"

"सायद, यो भन्दा विशेष पनि होला नि त !"

हामी फेरि जोर्ज स्ट्रिट हुँदै हाउस अफ पार्लियामेन्टतिर लाग्दछौं । अहो, वेस्टमिनिष्टर हाउस अफ पार्लियामेन्ट संसारकै उत्कृष्ट प्रजातन्त्रको जननीको प्रतीक हो । म राष्ट्रियताको भावनाले अलिक भावुक हुँदै थिएँ । ०४७ सालको प्रजातन्त्रपछि मेरो देशले पनि यही वेस्टमिनिष्टर

प्रजातान्त्रिक पद्दतिको नक्कल गरयो र दश बर्षको अभ्यासमा संसारकै उत्कृष्ट वेस्टमिनिष्टर पद्दतिलाई नेपालीले संसारकै निकृष्ट पद्दति बनाइदिए ।

"के भो? तिमी त भावुक भयौ नि!" पार्लियामेन्ट हाउसतिर सोझिरहेको मेरो अनुहारलाई आफूतिर बटारेर उनले सोधिन ।

"थाहा छ? यो वेस्टमिनिष्टर हाउस अफ पार्लियामेन्ट संसारकै उत्कृष्ट प्रजातन्त्रको जननीको प्रतीक हो."

"हो, थाहा छ ।

"मेरो देशले पनि यो वेस्टमिनिष्टर पद्दतिको नक्कल गरयो, तर .. ."

"के तर ? देशले तरक्की र जनताको विकास गरयो होला नि !"

"अँह हैन."

"तर कसरि?"

"सायद, हामीले वेस्टमिनिष्टर पद्दतिलाई त्यसको स्तरमा बुझ्न सकेनौं र परिणाम उल्टो भयो."

"यसको मतलब वेस्ट मिनिष्टर पद्दति नै असफल भयो ?"

"हो, त्यही भयो ।."

साल्भिया पनि उदास देखिईन । हामी दुवै आआफ्नै मनसंग एकोहोरो संबाद गर्दै उदास आँखा पार्लियामेन्ट हाउस र त्यसका कलात्मक भित्ताहरुतिर डुलाइरह्यौं । उतापट्टि संसारको समयको सूचक बिगबेन उभिरहेको थियो ।

म आफ्नै मनको साथीसंग बोलिरहेको थिएँ । सायद, भाउजुकी बहिनी दिदी भेनासंग काठमाण्डौ घुम्न आइन भने मक्किसकेको इतिहाससंगै उभिरहेको भिमसेना थापाको धरहरा र समय हराएको बुढो सिपाहीजस्तो झोक्राईरहेको घण्टाघर त हेर्न पाउलिन, यो त लन्डन सहर हो ।

"टंग...टंग...टंग...टंग....टं.....!!" हाम्रो आँखा विगबेनतिर पुग्दा विगबेनले साँझको पाँच बजेको घन्टी हिर्काइरहेको थियो ।

चौथो दिन ।

पून हामीले लण्डनको भूमिगत रेलको यात्रा गर्यौं । लण्डनका भूमिगत रेलहरु सुरुङ्गभित्र कुदिरहेका थिए । हामी सुरुङ्ग छिचोलेर रिजेन्ट पार्क स्टेशनमा उत्रिएका थियौं । रिजेन्ट पार्क

जनताको सार्वजनिक बगैंचामा रुपान्तरित हुन पूर्व सन् १०६६ ताका यो क्षेत्र मिडलसेक्सको घना जंगल थियो । त्यहाँ जंगली जनावरहरु प्रसस्त हुने भएकाले राजा हेनरी आठौँले जंगली जनावरको शिकार खेल्ने क्षेत्रकारुपमा प्रयोग गर्दथे । राजा एडवार्ड छैटौंसम्मले पनि शिकार खेलेर मनोरन्जन गर्दथे । आज समय बगेर यहाँसम्म आइपुगेको छ र राजा महाराजाहरुको पैत्रिक सम्पतिका रुपमा मनोरन्जन गर्ने क्षेत्र जनताको सार्वजनिक सम्पतिका रुपमा आराम र आनन्द लिने बगैंचामा रुपान्तरित भएको छ । आजको रिजेन्ट पार्क प्रेमीहरुको प्रेमउधान हो जहाँ प्रेमको झरी परिरहन्छ । चुम्बनका बिस्कुन लागिरहन्छ । स्वर्गबाट प्रेम गर्न झरेका प्रेमी प्रेमिकाहरुको यही भेट हुन्छ । त्यो प्रेमउधान नवसृंगारमा सजिएकी लण्डन बधु हो, जो मायालुहरुको स्वागत गरिरहेकी हुन्छिन । साँच्चिनै लण्डन हाँसिरहेको थियो । त्यसरी नै हाँसिरहेकी थिईन प्रेमीहरुको उधान - रिजेन्ट पार्क । हामी गलैचा झैँ दूवोको भूई टेक्दै हामीलाई पर्खेर बसेको फलैचामा बसेका थियौं । वेलायतको ग्रिष्मयामको मौसम वातावरण स्वच्छ थियो । मन्द हावाले हामीलाई स्पर्श गरेर जान्थ्यो । त्यसको भाका टिपेर फूलहरुले हामीलाई गिज्याउदथे । दूवो माथि चरिरहेका खरायो र दौडिरहेका लोखर्केले हामीलाई हेरिराखेर जान्थे । रुखका हाँगामा बसेका ढुकुर र शुगाका जोडीहरुले हामीलाई घरिघरि चिहाउथे ।

सायद,मेरी भाउजुकी बहिनी काठमाण्डौ घुम्न आइन भने बदामको खोष्टसरिको रत्न पार्क हेर्न पाउलिन । यो रिजेन्ट पार्क त स्वर्गका अप्सराहरुसंग क्रिडा गर्न पठाएको ईन्द्रको बगैंचा हो ।

"तिमीले अध्ययनलाई अगाडी नबढाएर किन सेनाको जागिर शुरु गरयौ?" मेरो गलामा आफ्नो दुवै हातको माला लगाइदिदै उनले यसो भने झैं लाग्यो ।

"हँ !" म झस्किएँ ।

"के भयो ?" उ पनि झस्किएकी जस्ती भईन ।

"हैन, केही पनि भएन..." सम्हालिदै मैले उतिर हेरें । उ फकैचाको पल्लो छेउमा बसेकी थिइन र म वल्लो छेउमा । हामी विच अलिकति दूरी बाँकी नै थियो । यदि त्यहाँ मेरी भाउजुकी बहिनी हुन्थिन भने हाम्रो दूरी अझै धेरै हुन्थ्यो होला ।

मलाई उतिर हेरिरहन असजिलो भयो र फूलबारीतिर आँखा डुलाएं । फूलहरु ग्रिष्मयामको साँझको मन्द हावामा वयली खेल्दै थिए । फूलका पत्रहरु हावामा हल्लिदै बिस्तारै सुकिलो झारमाथि खस्दै थिए । हामी बसेको फलैचा पछाडिको रुखको पातहरुमा बतास आएर साउती मार्दै थियो ।

"तिमी अलिक भावुक र अन्तर्मुखी रहेछौ...कम बोल्ने बानी रहेछ," साल्भिया मेरो गाम्भीर्यतालाई ध्यान दिन्थिन ।

अँ, म अलिक थोरै बोल्छु । म अलिकति आँखाले बोल्छु । अलिकति इशाराले बोल्छु र त्यो भन्दा धेरै मनले बोल्छु । तर मनको बोली नदेखिदोरहेछ । फेरि पनि म मनले मात्रै बोलेर आँखाले उतिर हेरिरहन्छु ।

साँच्चीनै भाउजुकी बहिनीले पनि त्यसै भन्थिन -"सोल्टी राजा, मेरो त धेरै बोल्ने बानी छ … मेरो झर्को लाग्दो बोलीले सताउला कि !"

साँच्चीनै नारीको जातलाई प्रकृतिले धेरै बोल्नपर्ने स्वभावको बनाएको हुँदोरहेछ । सायद, पुरुषलाई बदल्ने शक्ति नारीमा मात्र हुन्छ । भाउजुकी वहिनीको प्यारप्यार बोलिरहन पर्ने बानीले नै मलाई पनि बोल्न धक नलाग्ने बनाएकी हुन् । यहाँ पनि मलाई साल्भियाको बोलीले सताइरहेको थियो र उता भाउजुकी बहिनीको यादले ।

सुखदक्षण कति चांडै चिप्लिएर भाग्दोरहेछ । त्यसदिनको सूर्य पश्चिमाचलमा पुगेर हामीलाई विदा माग्दै थियो ।

त्यो चौथो दिनले पनि हामीलाई चांडै बिदा माग्यो । हाम्रा लागि लण्डनमा अन्तिम रात आकाशबाट झरयो । सडक किनारका ल्याम्पोष्टहरु रातका आँखाहरु बालेर जागे । फेरि त्यहाँ भुसुना र पुतलीहरु आत्मदाह गर्न झुम्मिए । दिनभरि व्यस्त र कोलाहलमय सडक सुनसानमा परिणत हुँदै गयो ।

सदा झैँ त्यसरात छुट्टिएर आ-आफ्नो बासस्थान जान हाम्रो मनले मानेन, कारण साल्भिया भोलिपल्ट आफ्नो शैक्षिक भ्रमण र बाँकी दिन बिताएर अष्ट्रिया फर्किदै थिईन । त्यसैले त्यो रात न त उनले मलाई बिदा गर्न सकिन, न त मैले उनलाई बिदाई गर्न सकें । हामी त्यो रातको केही प्रहर चुपचाप-चुपचाप सडकपेटीमा हिंडेर बितायौं । केही प्रहर सडक पेटीको फलैचामा बसेर ल्याम्पोष्टको वतीमा झुमिरहेका भुसुना र पुतलीका झुण्डहरु हेरेर बितायौं ।। केही प्रहर डिस्को पबबाट मातेर सडक पेटीलाई सर्प बनाउदै हिंडिरहेका मान्छेहरु हेरेर बितायौं । अनि केही प्रहर खुल्ला र सुनसान सडकमा सुइकिरहने लण्डन पुलिसको भ्यान हेरेर बितायौं ।

त्यो बिहान हामी अनिन्द्राको अनुहारसंगै कुनै क्याफेमा खाजा खान पस्यौं ।

लन्डन सहर बिस्तारै ब्युँझिन लागेको थियो । सडक पेटीमा मान्छेको चहल पहल बढ्न थकेलो थियो । सडकमा कारहरु गुड्न थालेका थिए । हाम्रो टेबलमा कपबाट कफीको वाफ़ उडिरहेको थियो र हामी ह्याम्बगर र आलु चिप्स टोकिरहेका थियौं । म त भर्खरको रिकुटे सिपाही, सैनिक ब्यारेकभन्दा बाहिरको दुनिया नदेखेको मान्छे । पहाडमा ढिदो र गुन्द्रुक खाएर एकैचोटी लन्डन टेकेको मान्छे, क्याफेको भित्ताको स्क्रिनमा सजाइएको खानाको मेनुमाथि मेरो आँखा निक्कैबेर गाडेपछि उनैले खाना अर्डर गरिन र बिल पनि चुक्ता गरेकी थिईन ।खानको अर्डर उनले गरिन र मेरो इज्जत जोगियो, तर बिल उनले चुक्ता गरेकिमा भने मेरो पुरुष

मनलाई नरमाइलो लागिरह्यो । पहिलो पटक ह्याम्बगर र आलुको चिप्सले मेरो जिब्रो बटारिएको थियो ।

“अब मलाई यसको कुनै काम छैन... तिमीले राख !“ उसै त नरमाइलो लागिरहेको मेरो पुरुष मन उनले आफ्नो वालेटमा बाँकीरहेको पाउण्ड निकालेर मलाई दिंदै झन् अमिलो बनाई दिईन ।

मलाई पहिलो चोटी महिलाको अघि हात थाप्न असजिलो लागेको थियो र मैले दुवै हात ट्राउजको गोजीमा घुसारेको थिएँ ।

“राख न राख ! तिमीलाई बिहान कफी पिउन काम लाग्छ ।" त्यसको वास्तै नगरिकन उनले मेरो गोजीभित्रको हात तानेर केही खुद्रा पैसा र नोट राखी दिईन । त्यसलाई मैले राखुँ कि फालूं भएर निक्कैबेरसम्म हत्केलाभित्र समातिरहें । तर उनले भने जस्तो त्यो पैसाले मैले बिहानको कफी पिउन सकिनँ, किन ? थाहा भएन ।

हामी खाजा खाएर लण्डन ट्याक्सी समातेर सिधै हिथ्रो विमानस्थल पुग्दा बिहानको १० बजको थियौं । विमानस्थलको अध्यमनको अघि उनका छात्र मित्रहरु उनका सामानहरु सहित पर्खिरहेका थिए । यसरी अष्ट्रियाकी फूललाई मैले यही हिथ्रो बिमनस्थलमा ल्याएर बिदा गरेको थिएँ ।

हाम्रो छुट्टी अझै पांचदिन बाँकी थियो । मलाई मेरो छुट्टी यही लन्डनमै सिद्दिए जस्तो लाग्यो । यधपि भोलिपल्ट हामी स्कटल्याण्ड जानु थियो । हाम्रो लागि भोलिबाट स्कटल्याण्ड एडिनबोरो को रेडफोर्ड ब्यारेकमा बस्ने प्रबन्ध भइसकेको थियो । भोलिपल्ट हामी वाटरलूको ट्रेन स्टेशनबाट स्कटल्याण्डतर्फ लाग्यौं ।

स्कटल्याण्डमा चारदिन बिदा मनाएर हामी चर्च क्रूकहम ब्यारेकमा फर्किदा साल्भियाको चारवटा चिठीले मलाई पर्खिरहेको थियो ।

-सैन्य जागिरमा तलब कति नै पो होला र ! छाडी देउ सेनाको जागिर र मेरो साथ अष्ट्रिया आऊ...यहाँ हामी संगसंगै राम्रो जीवन बनाउन सक्छौं ।

-यदि तिमी अष्ट्रिया आउन चाहन्नौ भने युनिभर्सिटी सिध्याएर म तिम्रो लागि वेलायत आउन सक्छु । हामीले त्यहाँ पनि उत्तम जीवन बनाउन सक्छौं,तर त्यसका निम्ति तिमीले सेनाको जागिर छाडेर अध्ययनलाई अगाडी बढाउनु पर्दछ ।

उसका पत्रहरु पढेर म झन्झन् मस्तिष्कबिहिन हुँदै थिएँ । म कुन सन्धि - सम्झौताको नीति नियम र कानुनले बाँधिएर ब्रिटिस गोर्खा सेनामा जागिर गरिरहेको थिएँ, उनलाई थाहा थिएन । बताई रहन आबश्यक पनि थिएन । यधपि उसका पत्रका हरफहरुले मलाई छोइरहेका थिए ।

चौथो पत्रमा उसले यसो भनेकी थिइन ।

-थाहा छ ? म किन यसो भनेरहेकी छु? किनभने म तिमीलाई चाहन्छु ....म तिमीलाई माया गर्छु.....साँच्चिनै म तिमीलाई हृदयबाट नै प्रेम गर्न थालेकी छु ! !

तर मलाई ति चिठीहरुले खुशी बनायो कि दुखी ? मलाई थाहा भएन ।

अहिले म सोंच्छु, "कि ति चिठीहरु मेरो लागि लेखिएकै पो होइनन कि !" अहिले म धरमर धरमर र दोधार दोधार हुन्छु, "कि ति यादहरु पनि कुसमयमा देखिएका सपना पो हुन कि !"

" सुईइ...य्या ...!!" बाहिरबाट आएको हिउँको हावाको बलियो झोक्काले मेरो गालामा थप्पड हानिराखेर जान्छ । त्यसको चोसो भित्र छिरेर मुटु काँप्दै गर्दा म हातको कपतिर आँखा पुर्याउदछु, कपभित्रको क्यापचिनो बाफ उडाउन छोडेरे चिसो भइसकेको हुन्छ ॥

# २.संस्मरणात्मक निबन्ध-खण्ड

## ५.यात्रासंस्मरणहरु

### भ्यान गगको चिहान

-लैनासिंग वाङ्देल

आफू फ्रान्समा आएदेखि ओभर-सुर-बाजको एकान्त खेतमा,जहाँ भिन्सेन्ट भ्यान गगको चिहान छ त्यहाँ जाने इच्छा भइरहेको थियो । यो मेरो धेरै दिनको इच्छा केहीदिन अघि मात्र बल्ल पूर्ण भयो ।

त्यो दिन संयोगले श्रीमान र श्रीमती रोजेनबर्गको ओभर-सुर-वाजमा जाने मलाई निम्तो आएको थियो । मेरो निम्ति सौभाग्य नै थियो, किनभने यी दुवै प्राणी भ्यान गगका प्रेमी मात्र होइन, भ्यान गगको ओभर- सुर-वाजको जीवनको विषयमा पनि उनीहरुलाई अनेक कुरा थाहा थियो । यसो हुँदा मैले आफ्नो एकान्त इच्छा पूर्णगर्ने मौका बाहेक भ्यान गगको जीवनसम्बन्धी पनि धेरै कुरा जान्ने सौभाग्य पाउने भएँ ।

रविबारको बिहानै हामी तीनै जना मोटरबाट प्यारिसबाहिर निस्क्यौं । चिसो - चिसो हावा बगिरहेथ्यो । युरोपमा यस पटकको हिउँदले ल्याएको प्रचण्ड जाडो हिउँ बिलाइसकेको कैयौं दिनपछि पनि निकै प्रखर थियो ।

ओभर-सुर-वाज प्यारिसदेखि प्राय तीस माइल टाढा पर्दछ । प्यारिस नगर छोडेर बाहिर आएपछि सुन्दर एकान्त ग्राम्यजीवनको अनुभव हुँदै जान्छ । फ्रान्सको देहातको सुन्दरताको बारेमा जुन बर्णन मैले सुनेको थिएँ, त्यसैदिन राम्रोसित त्यसको अनुभव गरें । फ्रान्सको देहातको सुन्दरता युरोपभरमा अनुपम छ । कोदजुर तथा दक्षिण फ्रान्स यस्ता मनोहर भूमिले परिपूर्ण छ तथा ऐतिहासिक घटनाहरुका निम्ति स्मरणीय छ । नगरदेखि निस्किएपछिलाई सुन्दर सडकहरु एकोहोरो सोझा गएका देखिन्छन । यस्ता सडकका दुवैपट्टि लहरै मनोहर रुखहरु छन् । कहीं हरियो दूबोले ढाकेको मैदान, कहीं सुन्दर हरियालीयुक्त खेत,नीला डांडा तथा नदीनाला र जङ्गल पनि देखिन्छन । त्यतातिर नगरको कोलाहल छैन । त्यहाँ जीवन शान्त छ, सरल छ, सुन्दर छ । कुनै विदेशीका पारखी आँखाले त्यो देखेपछि त्यसको तारिफ नगरी

सक्दैन । कलाप्रिय फ्रान्स निवासीलाई त्यसैमा गर्व छ । त्यसैमा जातीय गौरव पनि सम्भिन्छन ।

उनताका बसन्तको आगमन भइरहेको थियो, तर प्यारिसक बुलभार्डका रुखहरु उसबेलासम्म नाङ्गै थिए । परन्तु जति-जति नगरबाहिर आयो, उति-उति त्यहाँ बसन्त चांडै आइसकों देख्दा आश्चर्य पनि लाग्थ्यो । त्यहाँका रुखहरुमा कलिला पातहरु पलाउन लागेका थिए । न्यानो-न्यानो हावा पनि बग्थ्यो । खेत वरपर अथवा कोठेबारीतिर स्याउ र आरुका बोटहरु फूलैफूलले ढाकेका देखिन्थे । फेरि टाढा नीला डांडाहरु लहरजस्ता भई क्षितिजसित मिसिन गएको देख्दा कस्तो रमाइलो देखिन्थ्यो ।

ओभर सुर वाज आइपुगेपछि एउटा क्याफे रेस्तोरांनेर हामी अडियों । मेरो दृष्टि सामुन्नेको रेस्तोरांमा पर्यो । त्यस रेस्तोरांको नाम रहेछ - क्याफे आ भ्यान गगा । यो देख्नासाथ मैले मनमनै भनेँ "अहो ! यो ता त्यही ठाउं रहेछ जहाँ ६४ बर्षअगाडी ती महान कलाकार आएर बस्ने गर्थे । ती भ्यालहरु आज पनि जस्ताको तस्तै रहेछन.....।

यही क्याफे रेस्तोरांमा भिन्सेन्ट भ्यान गगले आफ्ना अन्तिम दिन बिताएका थिए । उनको दुखान्त मृत्यु पनि यहीं भएको थियो ।

यो क्याफे रेस्तोरां आज पनि उस्तै थियो । यो साधारण दुई तले छ । उस दिन रविबार हुनाले हो क्यार, त्यहाँ निक्कै चहल पहल थियो । गफी फ्रेन्चहरु कफी र भेंरुज टेबल अगाडी राखेर गफमा मग्न थिए । कोही आउजाउ पनि गर्थे । त्यहाँको जीवन प्राय उस्तै थियो जस्तो कैंयौं वर्षअघि थियो । त्यहाको वातावरण देख्दा यस्तो लाग्थ्यो,ती मनिसहरुलाई त्यस ठाउँको महत्वसित मानौं कुनै वास्ता छैन । परन्तु मलाई भने त्यस दिन मक्काकै सफर गरेजस्तो लाग्यो ।

क्याफे रेस्तोरांको अघिल्तिर सडकनेर निकैबेर चुपचाप उभिएर त्यो ठाउं हेरिरहें । सडकतिर फर्केका दुई भ्यालहरुको माभमा संगमर्मरको पत्थरमा भ्यान गगको पुण्यस्मृतिमा केही कुरा कुँदेर राखेका रहेछन, त्यो हेरेँ । मेरो मन एकतमासको थियो । आँधी र हुरीले परिपूर्ण भएको भ्यान गगको जीवनका बिषयमा जसलाई केही कुरा थाहा छ, उसलाई यो ठाउंको महत्वको अनुभव हुन्छ । कलाकारहरुको निम्ति भनूँ भने यो ठाउं तीर्थस्थल बराबर छ ।

आफू मर्नुभन्दा तीन महिना अघि भ्यान गग यहाँ आएर बसेका थिए । यसै ठाउंमा आईकन उनले अनेक स्मरणीय चित्र लेखे । यहीं उन ले धेरै चित्र बनाए जो पछि संसार प्रसिद्द हुन गए । तर उस बेलादेखि आजसम्म त्यहाँ कति कुराको परिवर्तन भएको होला ! नमुनाका निम्ति सामुन्नेको टाउन हाल लिउँ । जुलाई १४,स्वतन्त्र दिवसको दिन भ्यान गगले अनेक भन्डा भएका त्यस टाउन हलको चित्र लेखेका थिए । तर आज देखिने यो टाउन हलको अनुहार बेग्लै छ । यो बिल्कुलै ठूलो र नयाँ पनि देखिन्छ । परन्तु ओभर- सुर- वाजका अनेक कुराहरु,जस्तै ढुंगा बिछ्याइएका ओरालो-उकालो जाने सडकहरु, गाउँघरका पुराना घरहरु, कोठेबारीहरु, उदास डांडा र खेतहरु आज पनि भ्यान गगकै पालाका जस्ता छन् । विशेष गरिकन ओभरको

गिर्जाघर । मर्नुभन्दा दुईतीन दिनअगाडि उनले लेखेको यो गिर्जाघरको अनुहार आज पनि उस्तै छ । गिर्जाका पुराना ध्वाँसे भित्ता तथा रोमन र गोथिक समयका गोथिक समुदायका झ्यालहरु अझै उस्तै छन् । त्यो गिर्जाघर उतिकै निर्जकं र पुरानो देखिन्छ । त्यसै गिर्जाको अलिक मास्तिर डांडामा, एकान्त खेतको बीचमा सानो कब्रस्थान छ । त्यही उनको चिहान हो । आज त्यहीं उनी अनन्तको निन्द्रामा सुतेका छन् ...।

बायाँपट्टि अर्को एउटा चिहान छ, जहाँ उनका प्यारा भाइ थियो पनि उनैको साथ सुतेका छन् ।

त्यो डांडानेर पुग्दा मलाई अलि उराठ लाग्यो, किनभने दिन पनि उति उघ्रेको थिएन । खेतमाथि देखिने आकाश फुस्रो बादलले ढाकेको थियो । फेरि चारैतिर नाङ्गा निर्जन डांडा र खेतहरु मात्र देखिन्थे । उसमाथि कब्रस्थान प्राय निर्जन,एकान्त र उदास वातावरणले परिपूर्ण हुन्छ, जहाँ कैयौं अनन्त यात्रीहरु समाधिमा सुतेका हुन्छन तथा चिसो पृथ्वी सधैँ उनीहरुको विश्रामको निम्ति कोक्रो बनेको हुन्छ ।

भ्यान गगको चिहान बडो साधारण रहेछ तथा डम्म लहरा पातले छोपेको रहेछ । सिराननेर सेतो पत्थर उभ्याइएकोमा लेखिएको रहेछ,

ICI REPOSE VINCENT VAN GOUG

(यहीं भ्यान गग सुतेका छन् )

बायाँपट्टिको थियोको चिहानमा पनि उस्तै कुरा लेखिएको रहेछ ।

केही दिनअघि भ्यान गगका पुजारीहरू उनका चिहान हेर्न आएका होलान, अनि केही फूल चढाएर गएका हुँदा हुन् - चिहानमाथि यत्रतत्र फूलैफूल छरिएका थिए । वसन्तको आगमनमा फुलेको प्रथम फूल टिपेर मैले पनि भ्यान गगलाई श्रद्दान्जली चढाएँ ।

यो ठाउंदेखि गिर्जापट्टि फर्की अलि तलतिर आएमा गम्भीर, शान्त,सानो नदी वाज बगिरहेको देखिन्छ । अझ फेरि दाहिनेतिर बढे भ्यान गग बसेको रेस्तोरां र अझै परतिर गए डाक्टर गेसेको घर पुगिन्छ, जहाँ भ्यान गग जाने गर्थे । डाक्टर गेसे उनताका प्रगतिशील कलाकारहरुसित सम्बन्ध राख्दछ । आज उनी संसारमा छैनन, परन्तु उनले दिएका धेरै चित्रहरुको दानले जाद पोम-लुभ्र म्युजियमको एक भाग जहाँ इम्प्रेसनिस्ट स्कुलको संकलन छ ) धनी भएको छ । डाक्टर गेसेका छोरा पाउल गेसे अझै जीवित छन् । बुढेसकालमा अहिले त्यहाँ एकान्त जीवन बिताइरहेका छन् ।

त्यस ठाउँतिर हिंडीरहदा मेरो मनमा भ्यान गगको जीवनका अनेक कुराहरु स्मरण भइरहे । कहिलेकही त हिंड्दाहिंड्दै आफूलाई भ्यान गग त्यहीं परतिर सडकमा हिंडिरहेका छन् कि जस्तो पनि लाग्थ्यो । ओहो! त्यहीं ठाउँमा भ्यान गग हातमा रंग ब्रुस र क्यानभास झुन्ड्याएर कति पटक ओरालो-उकालो हिंडे होलान....।

रेम ब्रान्टजस्तै भ्यान गग पनि संसारका एक महान कलाकार हुन । संयोगले दुवैको जन्म एउटै देशमा भयो । रेम ब्रान्टजस्तै भ्यान गगको जीवन पनि गरिवीको साङ्लोमा बाँधिएको थियो । तर आश्चर्य त यस कुरामा छ कि भ्यान गगले आफ्नो त्यत्ति छोटो जीवनमा पनि संसारलाई कलाको त्यत्ति महान सम्पति दिएर गए । (उनी ३७ बर्ष मात्र बाँचे) परन्तु आज उनको चित्रको ज्यादै मोल भईरहेछ । युरोपमा आधुनिक मास्टरमध्ये भ्यान गगको चित्रले सबै भन्दा धेरै दाम पाईरहेछ । उनको एउटै असल चित्रको मोल आज दुइ लाख देखि लिएर पांच लाख रुपियाँसम्म पुग्दैछ । युरोप र अमेरिकाका म्युजियम तथा चित्र संग्रह गर्ने व्यक्ति आज जति दाम दिएर पनि भ्यान गगको चित्र किन्न तयार छन् ।

तर अपसोच, कलाको साधनामा भ्यान गगले कति आर्थिक संकट भोग्नुपर्यो । आज उनका चिठीहरुबाट सबै कुरा थाहा पाइन्छ ।

हल्याण्डको दक्षिण ब्राबन नामक स्थानमा सन् १८५३ को मार्चका दिन उनको जन्म भएथ्यो । उनको जीवन अदभुत असाधारण घटनाहरुले परिपूर्ण छ, अत्यान्त दुखपूर्ण छ । उनको सारा जीवनलाई एउटा दुखान्त खण्डकाव्य भने पनि हुन्छ । यौवनको प्रथम हुरीमा उनी जुन नारीलाई प्रेम गर्थे, त्यस नारीलाई उनले पाउन सकेनन । नियतिको ऋुर मुक्का उनको कोमल छातीमा बजारियो । त्यसपछि उनले अनेक प्रकारले जीवन बिताए । लन्डनमा हुँदा फ्रेन्च भाषा पढाउने काम पनि गरे, सफल भएन । हल्याण्ड आइ धर्मशास्त्रको गहन अध्यायनमा पनि लागे । त्यो पनि छोडी बेकार घर फर्के । पछि फेरि बेल्जियम गइ कोइला खानीका गरिब मजदूरहरुलाई धर्म प्रचारगर्ने काममा पनि नियुक्त भए, तर त्यहाँ पनि उनि सफल भएनन् । धर्म प्रचार गर्न जाने मानिस गरिब मजदुरहरुको दुख र दुर्दशा हेर्न नसकेर आफ्ना जम्मै लुगाफाटा र पैसा समेत दिएर उनीहरुलाई मद्दत गर्ने हुदा त्यस कामबाट पनि उनी निकालिए ।

यसरी जीवनका सबै खुड्किलामा फेल खाँदै गएपछि अब के गर्ने त? के जीवन निराशैनिराशाले परिपूर्ण छ ?के सत्य र इमान्दार आत्माका निम्ति संसारमा कतै ठाउँ छैन ?

तिनताका कुइस्मेमा एक जना गरिब मजदुरको घरमा उनी बसेका थिए । उनको आर्थिक अबश्था अत्यान्त खराब थियो । धेरै दिन उनले खाना खान पाएनन् । आफूसित एक कौडी पनि जेबमा थिएन । कहिलेकाहीं त्यो गरिब मजदुरले आफ्नो गाँस काटेर उनलाई दिन्थ्यो । त्यो हिउँद उनीसित न केही पैसा थियो न केही काम । तिनैताक उनले आफ्ना भाइ थियोलाई बडो करुण पत्र लेखेका छन् । उनको पत्रहरुमध्ये यही पत्र लामो र सबैभन्दा हृदयविदारक पनि छ ।

एक ठाउँमा उनी लेख्छन -

*"भाइ, अल्छे मानिसभन्दा अलिकति पनि बढ्तै ममा छ भनेर तिमीले बुझ्न सक्यौ भने पनि मलाई ठूलै सन्तोष लाग्ने थियो, किनभने दुई प्रकारका अल्छे मानिस हुन्छन तथा ती दुबैमा अनेक अन्तर छ । पहिलो चरित्रको अभाबले अथवा जाँगर नभएकाले मानिस अल्छे हुन्छ*

*। दोस्रो चरित्र र जागरको अभावले होइन तर मनभित्रको ठूलो इच्छाले,ठूलो हुरीले जसको हृदय सदा उच्चाकांक्षाले एकतमासको भईरहन्छ... तसर्थ सायद ममा पनि केही त्यस्तै होला...म पनि केही कामको मान्छेसम्म त बन्न सकुँला.... आखिर मेरो जीवनको पनि त केही लक्ष छ। मबाट पनि मानवसमाजका लागि अलिकति केही हुन सक्ला... तर म के गर्न सकुँला त ? मबाट के यस्तो काम हुन सक्ला त ?मभित्र अवश्य केही छ ...तर त्यो के होला त ....?"*

त्यो हिउँद उनले साह्रै दुख पाए। यसरी कष्टमय हिउँद बिताएपछि उनले अरु केही उपाय नदेखी चित्र कोर्ने बिषयपट्टि मन बढाए। सन् १८८० मा आफ्ना भाइ थियोको सल्लाह लिई ड्रैङ्ग सिक्न लागे। अब हरेक महिना थियोले उनलाई केही न केही खर्च पठाउन थाले। सन् १८८४ मा उनी एन्टरुप एकेडेमीमा भर्ना भए, तर प्रोफेसरहरुसित झगडा गरी त्यहाँबाट पनि उनी चांडै निस्किनुपर्यो।

त्यसपछि सन् १८८६ मा उनी हठात् प्यारिस आए। तिनताका थियो प्यारिसको गुपिल चित्रशालामा चित्र बेच्ने एक कर्मचारी थिए। अब आफ्ना भाइका साथमा बसी उनको कोरमाँ स्टुडियोमा कला अध्यायन गर्न थाले। उस बेला उनको उमेर तेतीस वर्षको भइसकेको थियो।

तिंनताका प्यारिसमा कला र साहित्यको क्षेत्रमा नयाँ-नयाँ धार बगिरहेको थियो। नयाँ विचार,नयाँ थ्यौरी तथा नयाँ दृष्टिकोण लिएर बुद्दिजीवीहरु अगाडि बढिरहेका थिए। गुंकर दुवै भाइ तथा जालो,फ्लावेयर,मोपासाँ,ददे,बदलायर,सिजन,मोने,डेगा,लुत्रेक,पिसारो रेनोआ,गोंगा आदी। उनताकाका प्रगतिशील कवि, लेखक र कलाकारहरु नयाँ-नयाँ विचार लिएर बढ्न लागेका थिए, जुन कुरा सारा संसारका निम्ति पनि बिल्कुल नयाँ थियो। भ्यान गग प्यारिस आएपछि उनलाई पनि यो वातावरणले छोयो। उनको अन्तरभित्र जुन सुप्ता प्रेरणा वा विलक्षणता थियो भनूँ, त्यो एक्कासि अन्तरभित्र ब्युँझेजस्तो भयो। यो बुद्दिजीवीहरुको संसर्गले तथा नयाँ विचारले उनलाई पनि स्पर्श गर्यो। अहिलेसम्म खोजिरहेको बाटो बल्ल पाएजस्तो भएर अथवा उनको प्यासी अचेतनले खोजिरहेको बेला शीतल पानी पाएजस्तो भएर उनी एकदम सचेत भए। अब बिस्तार-बिस्तार यी बुद्दिजीवीहरुको संसर्गमा उनले कलाको नयाँ धार बुझ्न थाले। यहीं प्रथामोप्रथम उनको जीवनमा डेगा,पिसारो,रेनेआ, लुत्रेक,सिनाक,सुरा तथा गुंगासित उनको परिचय भयो। मोने,मेने, तथा डेगाले नयाँ इप्रेसनिजमको धारमा जुन नयाँ कुरा कलामा ल्याउन खोजेका थिए त्यसको महत्व पनि उनले बुझ्न थाले। यी सबै उनका निम्ति बिल्कुल नयाँ कुरा थिए। कला के रहेछ, कलाको नयाँ धार र विचारमा के के हुँदा रहेछन। त्यो यहीं उनले राम्रोसित अनुभब गर्न थाले। यी सबै कुरा देख्दा उनी जिल्ला परे। परन्तु यी कुरा देखेपछि उनको हृदयमा नयाँ जोसको लहर आउन थाल्यो।

ड़ेलाक्रुआ, मिल्ले तथा रेम ब्रान्टलाई भगवानजस्तै मान्थे। यी तीनै जना उनको हिरो थिए तथा मिल्लेलाई त उनी पूजा गर्थे।

यसरी कलाको नयाँ रुप र क्रान्तिसित परिचय हुँदै गएपछि फेरि उनताकाको जापानी प्रिन्टले पनि उनलाई खुब प्रभाब पार्यो । जापानी तस्वीरको नमिसिएको सादा रङ्ग,उज्यालो रङ्ग र भरपर्दो बाह्य रेखाले उनलाई खुब प्रेरणा दियो ।

यसरी प्यारिसको कलाजगतको चहलपहल हेर्दाहेर्दै दुई बर्ष त्यसै बितेर गयो । अब एकान्तमा गएर काम गर्ने उनलाई इच्छा हुन थाल्यो ।

सन् १८८८ मा प्यारिसको कोलाहलमय जिन्दगी छोडेर उनी दक्षिण फ्रान्सको आर्ल्स नामक एउटा सानो पुरानो सहरमा आई काम गर्न थाले । फेब्रुअरीमा उनी त्यहाँ आईपुगेका थिए । उनी त्यहाँ आउँदा हिउँले सबै कुरा सेताम्य छोपिराखेको थियो । परन्तु त्यो बर्ष छिट्टै बसन्त आइदियो । चांडै रुखहरुमा नयाँ पालुवा पलाउन थाले । प्रकृतिले रुप फेर्दै गयो, चारैतिर हरियालीयुक्त पृथ्वी देख्दा उनको हृदयमा ठूलो प्रेरणा आउन थाल्यो । उनी अब दिनरात काम गर्न थाले । उनताका उनका चिठीहरु पढ्दा थाहा पाइन्छ कि उनी कति व्यस्त थिए । एक ठाउँमा उनी लेख्छन-

*.....भाइ,काममा दिनरात चुर्लुम्म डुबेको छ । रुखहरु फूलैफूलले ढाकेका छन्, बसन्त आइसकेको छ । यो "प्रोभाँस"को आरुका बोटहरु गुलाबी फूलहरुले ढाकेका छन्, तिनको तस्विर लेख्ने मलाई ठूलो इच्छा भइरहेछ । यो देख्दा कहीलेकाहीं आफू जापानमा छु कि जस्तो पनि लाग्छ । काम गर्ने मलाई यस्तो प्रेरणा आएको छ कि थकावटको अनुभव नै हुँदैन....। साँची भनूँ भने यहाँको प्राकृतिक सौन्दर्य देखेर म मक्ख परिरहेछु ...। नयाँ-नयाँ विचारहरु हजारौं मौरीजस्ता एकै पटक आउन थाल्छन ...। अनि म के गरूँ ?*

*अरु केही थोक सम्झने वा अनुभब गर्ने मलाई फुर्सद नै छैन ! मेरो ध्यान एकान्तमा अझ गहिरिन्छ, मेरा औंलाहरुमा झन् जोश र बल आउँछ ..।.यस्तो डरलाग्दो आनन्दको बीचमा अहिले म काम गरिरहेको छु....।*

*माथि उद्धृत गरिएको पत्रको टुक्राबाट अनुमान गर्न सकिन्छ उस बेला उनको हृदयमा कस्तो प्रेरणाको लहर चलिरहेथ्यो । उनका सबै पत्रहरु पढ्नेले अझ राम्रसित भ्यान गगको हृदयको हुरी र तुफान थाहा पाउन सक्छ । उनको एक एक पत्र उनको चित्रजस्तो मनोहर र सुन्दर छ ।*

यो बर्ष उनले धेरै चित्र निर्माण गर्नु थियो ।

आर्ल्स सहरको रोमन कलाका भग्नावशेषले, त्यहाँको रमाइलो प्रकृतिले,त्यहाँको सरक्ल प्रकृति भएका मानिसहरुको बान्की परेको अनुहारले, हुलाकी रुँलेका परिवारको संसर्गले,आर्ल्सका सुनौला खेत र नीला सफा आकाशमुनि देखिने पुराना घरहरुले, क्याफे-रेस्तोरांले तथा ग्रीष्मको ठूलो आगोको मुस्लोजस्तो फनफनी घुम्ने प्रोभाँसको घामले जीवनका सविया कष्ट, दुख र चिन्ता बिर्साएर चित्र लेख्ने ठूलो प्रेरणा दिए । भनूँ भने उनको छोटो जीवनमा यसैबेला उनले अलिकत्ति आनन्द पाए । उनका भाइ थियोले पनि आफुले कमाएको आफुलाई केही नराखी

बराबर भ्यान गगलाई पठाउने गर्थे । भिन्सेन्ट भ्यान गगका निम्ति थियोले गरेको बलिदान संसारमा अपूर्व र चिरस्मरणीय छ ।

भ्यान गग अब आर्ल्सको येले हाउसमा बसी काम गर्न थाले । उनताक गौँगा पोंताभेंमा थिए । भ्यान गग गौँगालाई खुब मान्थे तथा कलाको क्षेत्रमा आफू भन्दा अगाडी बढी सकेको सम्झन्थे । गौँगा पनि बैंकको कर्मचारी छोडी घर परिवार त्यागेर एकान्तमा गई कलाको साधना गरिरहेका थिए । उनको पनि उनताक आर्थिक अवस्था बडो सोचनीय थियो । आर्स्लमा गौँगा आइदिएदेखि संगै बसी काम गर्न हुन्थ्यो भन्ने बिचारले भ्यान गगले गोंगालाई आर्ल्समा निम्त्याए । डिसेम्बरमा गौँगा आर्ल्स आइपुगे ।

परन्तु गौँगाको आगमन नै भ्यान गगको सर्वनाशको सूत्रपात हुनगयो । गोंगाको स्वभाव शुष्क, रुष्ट र हठी पनि थियो । कलाको धारमा इम्प्रेसनिस्ट भन्दा अफू धेरै अगाडि बढेको सिम्बोलिस्ट हुँ भनी आफूलाई सम्झन्थे । भ्यान गगका चित्रहरु हेरेर उनी कटु आलोचना गर्थे तथा भ्यान गगको शैली अर्थहीन, मौलिकता नभएको र रंगको मिसोट पनि बिलकुल रद्दी भन्थे । गोंगाको यस्तो स्वभाव, कटु आलोचना, अट्टहास र अहंकारी स्वभाव दिनदिनै भ्यान गगका निम्ति असह्य हुदै गयो । हुँदा हुँदा भ्यान गगका निम्ति आफूलाई सम्हाल्न पनि मुस्किल पर्यो । यसै बेला देखि उनको मानसिक स्थिति बिग्रदै जान थाल्यो । कति सम्म भने २४ डिसेम्बरको राति त परस्परको कटु आलोचना, बहस र झगडापछि जुन स्त्रीले ठट्टै ठट्टामा भ्याग गगको कान उपहार मागेकी थिई, उसैलाई आफ्नो कान काटेर भ्याग गगले दिए । क्रिसमसको नाच बन्द भयो, हल्लाखल्ला भयो, सबै दौडेर भ्यान गगलाई हेर्न गए । उनी बेहोस भएर आफ्नो ओछ्यानमा लडिरहेका थिए ।

भोलिपल्ट गौँगा त्यहाँबाट हिडे । पेरिसबाट थियो आई कुरा बुझी भ्यान गगलाई अस्पतालमा भर्ना गरे ।

उसै बेलादेखि उनलाई मानसिक विकृतिले छोयो । डिसेम्बरको त्यो घटनापछि सबैले उनलाई बौलाहा भन्थे । केवल हुलाकी रुँले मात्र एकजना व्यक्ति थियो जो सधैँ भ्यान गग उपर बडो सहानुभूति राख्थे तथा भ्यान गगको मानसिक अवस्थाको कारण बुझ्थ्यो । आर्ल्सका निवासिहरुको आपत्तिले गर्दा छिट्टै भ्यान गगलाई सेन्ट रेमीको पागल अस्पतालमा भर्ना हुनपरयो । केही दिनपछि उनले चित्र लेख्ने तथा लेखपढको अनुमति पाए । केही दिनरात पुस्तक मात्र पढ्थे । कहीले भाइ थियोलाई लामो पत्र लेख्थे । कहीले अस्पताल बाहिर बगैंचातिर गएर पनि चित्र बनाउथे । यिनैताक उनले दिमयेर, डोलाक्रुआ, मिल्ले तथा रेम ब्रान्टका लिथोग्राफका आधारमा अनेक चित्र बनाए । धेरै कला समालोचकको भनाइमा यसैबेला उनले बनाएका चित्रमा उनको निजी शैली चरम सीमामा पुगेको छ ।

तर कहिलेकाही व्यथा फेरि बल्झेला जस्तो हुन्थ्यो र कयौं दिनसम्म आफ्नो कोठाभित्र चुपचाप बसी रहन्थे । त्यहाँ अरु मानसिक बिकृति भएका पागलहरू पनि थिए । तिनलाई देख्दा उनको

मनमा टिठ र दया आउथ्यो । परन्तु उनी सोच्थे यिनै पागल - बहुलाहाहरु मात्र उनका वास्तबमा निस्वार्थ साथी हुन् जसको मनमा अहंकार, स्वार्थ र परनिन्दा छैन । तिनै पागलहरुलाई उनी आफ्ना निस्वार्थ साथीहरु सम्झन्थे । बाहिरको सुन्दरता बिहिन दुनिया त उनका निम्ति बडो क्रुर र बडो स्वार्थी थियो ।

सन् १८९० को मार्चमा अलि निको भएपछि सेन्ट रेमी अस्पताल छोडी भाइ थियो कहाँ पेरिस आए । केही दिनपछि पिस्सारोको सल्लाह लिईकन थियोले भ्यान गगलाई ओभर- सुर- वाज ल्याई एउटा क्याफे रेस्टुराँको माथिल्लो तालामा बस्ने प्रबन्ध मिलाएपछि थियो पेरिस फर्के ।

ओभर- सुर- वाजमा भ्यान गग थोरै दिन मात्र बाँचे । तर यहि कालमा उनले अनेक चिरस्मरणीय चित्रहरु बनाएर गए । यहीं डाक्टर गेसे र ओभरको गिर्जाजस्तो जगतप्रसिद्द चित्र उनले बनाएर गए, जुन चित्र आज लुभ्र म्युजियमको गौरव छ ।

डाक्टर गेसे भ्यान गगलाई कहिलेकाही खान बोलाउथे । उनी इम्प्रेसनिस्ट कलाकारहरुको चित्र खुब मनपराउथे तथा सिजान र पिस्सारोलाई बडो आदर गर्थे । उनको घरमा पिस्सारो र सिजानका कैयौं चित्र थिए । रोगीहरु भन्दा उनलाई चित्र कलाको बढ्ता सोख थियो । यसैबेला भ्यान गगले डाक्टर गेसे तथा उनकी छोरीको पनि तस्बिर लेखेका हुन् । यस बाहेक उनले अरु धेरै चित्र बनाए । ओभर -सुर -वाजको टाउन हल, गिर्जा, खेत, मैदान तथा घरहरुको पनि अनेक चित्रण गरे । उनी चित्र लेखेको बेला मात्र आफ्नो दुख बिर्सन सक्थे । उनको हृदयमा सधैँ उदास हुरी बगिरहन्थ्यो । उनको अन्तिम चित्रमा पहेंला धानको खेत छ, त्यहाँ बतास चलि रहेको र अन्नबाली लहरिएको देखिन्छ , सामुन्नेतिर एक बथान कागहरु उड्दै आइरहेका छन् तथा पृष्ठभूमिमा कालो-नीलो बादल तुफानले एकदम रुमल्लिदै आइरहेको देखिन्छ । यही उनको अन्तिम चित्रमा सायद उनले आफ्नो दुखान्त जीवनको सूचना दिन खोजेका थिए ......।

किनभने एकान्त खेतमा चित्र बनाइरहेको बखत (२८ जुलाईमा ) उनले रिभल्भरले आफ्नो पेटमा गोली हाने । उनलाई त्यसपछि कोठामा ल्याइयो । डाक्टर गेसेले उनलाई बचाउने अनेक चेष्टा गरे । उनका भाइ थियो भोलिपल्ट प्रात कालमै आईपुगे । भाइ थियोलाई उनले बाइबल पढ्न लाए । दिनभरी प्राय आफ्ना प्रिय भाइ थियोलाई छेउमा राखे जसलाई उनी संसारमा सबै भन्दा बढ्ता प्यारो गर्थे । मर्ने बेलामा उनले भाइलाई संगालो हालेर यसो भने, " ... ओहो ! मर्नु निक्कै कठिन रहेछ .... । तर मर्नु भन्दा बाँच्नु पो मेरो निम्ति कठिन भयो" ...।

" भाइ ! हिजो मात्र तिमीलाई हेर्ने सारै इच्छा भईरहेथ्यो, दौडेर तिम्रैमा पुगूँ जतिकै लाग्यो .... तर म त तिम्रो जीवनमा भारस्वरूप मात्र भएँ ....खै, मबाट कुनै लायकको काम नहुने रहेछ .....हेर त ... गोली हान्नेसमेत ममा सीप रहेनछ .....आह, सारा जीवन यस्तै उदासीन कामहरुले बित्यो ...।"

बिहान सूर्योदय भइरहेको बेला उनले प्राणत्याग गरे ।

****

त्यसको ७ महिनापछि उनका प्यारा भाइ थियो पनि मरे । उनलाई पनि ओभर-सुर-वाजको एकान्त खेतमा भ्यान गगको देब्रेपट्टि राखियो ।

भ्यान गग, गोँगा र सिजान-यी तिनै जना पोस्ट-इम्प्रेसनिस्ट मुभमेन्टका जन्मदाता हुन । आधुनिक कलामा जति क्रान्ति आएको छ तथा जुन पेरिस स्कुल निर्माण भई त्यसले दुनियाको कलामा आज प्रभाव पारेको छ, यीनै तीन कलाकारलाई त्यसको श्रेय छ ।

आज भ्यान गगका चित्रहरु संसारका बडा-बडा आर्ट ग्यालरीमा पुगेका छन् । आज ती चित्रहरुको महत्व दुनियाले बुझ्दैछ तथा तिनको मोल पनि बढ्दै छ । तर एउटा कुरा, ती चित्रहरु जतिकै सुन्दर होउन अथवा तिनको जति नै मोल होस् भ्यान गगको जीवन नपढ़ेसम्मलाई तिनको महत्व बुझ्न कठिनै पर्छ । भ्यान गगको सम्पूर्ण जीवानकथा पढेपछि अनि उनका चित्रहरु हेर्नुपर्छ । त्यहीं उनको आत्माको सुन्दर प्रतिविम्ब खेलिरहेको देखिन्छ ......।

रोमको एउटा फूल र प्यारिसको एउटा काँडा-संग्रहबाट

# भृकुटीको घरमा केही क्षण

- हरि थापा

तिब्बतको हेर्न योग्य स्थानहरुमध्ये सबभन्दा पुरानो मानिने युङ्ग बुलाखाङ्ग दरवारब मेरो दिमागमा बसिरहेको थियो । यो सान्नान (ल्होका) प्रेफ़ेक्टचरको नेदोङ्ग काउन्टीको चेताङ्ग बजारबाट नौं किलोमिटर टाढा पर्दछ । यो कुरा थाहा पाएकै बेलादेखि मलाई त्यहाँ पुग्ने उत्सुकताले घचघच्याइरहेको थियो । त्यहाँ जाने कुरा उठाएँ । साथीहरुको समर्थन जुट्यो । समस्य सवारी साधन बन्यो । कसरी मिलाउने । स्थानीय कर्मचारी भक्त बहादुर थापा पनि जान तम्से । बस मिलाउएन जिम्मा उनैलाई दियौं ।

ल्हासा स्थित हाम्रो नेपाली नियोगको उत्तर-पश्चिममा पर्ने एउटा गाउँ छ । त्यसलाई हामी भोटेगाउँ भन्ने गर्दछौं । त्यहा एकजना तिब्बतीको मिनिबस रहेछ । दिनभरिको छस्सय युनानमा कुरा पनि मिल्यो । खाना घरमै बनाएर लाने प्रस्ताब गर्नुभयो साथीहरुले । सर्बसम्मतिका साथ सहमति बन्यो ।

२०५२ साल बैसाख १७ गते बिहान साढे छ बजे नियोगबाट प्रस्थान गर्यौं । भ्रमण दलमा म र भैरब लगायत राम खत्री,श्रीमती खत्री,सूर्य बहादुर थापा,भक्त बहादुर थापा,श्रीमती आसी र उनका छोरा छोरीका साथै चालककी आमा गरी चालकसमेत गरेर एघार जना भयौं ।

ल्हासाबाट बिमान स्थलसम्मको बाटो त म धेरैपटक हिंडिसकेको थिएँ । त्यो मेरो लागि नौलो कुरा थिएन । बिमान स्थलबाट तलतिरको यात्रा भने पहिलो हो मेरो लागि । बाटो ल्हासादेखि चेताङ्गसम्म नै सारै राम्रो छ । जाँदा नजानिँदो ओरालो छ भने फर्किदा त्यस्तै नजानिँदो उकालो चढ्नु पर्छ, तापनि उकालो ओरालोको महसुस हुन्न ।

ल्हासाबाट लगभग पैसठ्ठी किलोमिटर गएपछि ब्राम्हपुत्रको पुल भेटिन्छ । त्यो पुल तरेर विमान स्थलतिर अर्थात् बाँया लागेपछि धेरै जसो ब्रम्हपुत्रको किनारैकिनार र कतैकतै अलिकति भित्र पस्दै जाँदा चेताङ्ग पुगिन्छ । ल्हासाबाट त्रियानब्बे किलोमिटर टाढा पर्छ विमान स्थल भने त्यहाँबाट पनि चानचुन एकसय किलोमिटर टाढा पर्छ युङ्गबुलाखाङ्ग ।

कोङ्गार विमान स्थलबाट चेताङ्गतिर लागेपछि अधिकांश ब्रहमपुत्रको बगरलाई हरियालीमा परिवर्तन गरिएको रहेछ र गरिंदै पनि रहेछ । बगरमा बाँसका हाँगा गाडेर पानी हालिरहेका छन् कतै भने जङ्गलनै बनाइसकेका रहेछन । यो गणतन्त्र चीन सरकारको तिब्बतलाई हराभरा बनाउने नीतिको नमुना हो । ब्रम्हपुत्रको किनार हरियालीले ढाकेको छ भने दाँया बाँयाका त्यसमाथिका भागमा ठडिएका फुस्रा डाँडाहरुले मरुभूमिको सम्झना गराउछ । देख्दैमा बैरांग लाग्दा उजाड पाखाहरु सुतेका छन् लमतन्न परेर । रहँदाबस्दा यी खुइले पाखाहरु पनि हराभरा नहोलान भन्न चाही सकिन्न ।

हामीले जङ्गलको महत्व बुझेनौं वा बुझेर बुझाउन सकेना । त्यसैले रुखपातले भरिभराउ डाँडापाखाहरु दिन परदिन उजाड बनिरहेका छन् । उता युगौंदेखिका उजाड स्थानहरु हराभरा

भइरहेकाछन् । उनीहरु प्रकृतिमा सुन्दरता भर्दारहेछन भने हामी प्रकृतिलाई ताछ्ता रहेछौं । नग्याउदा रहेछौं ।

त्यस क्षेत्रमा पर्ने प्राकृतिक र बनावटी दृश्यहरुको अवलोकन गर्दै साढे तीनघण्टा खर्चेर दसस्बजे हामी युङ्गबुलाखाङ्गको ठिक तल फेदीमा पुगेका छौं । चेताङ्गदेखि गुम्बाको फेदीसम्मको नौ किलोमिटर बाटो भने त्यति राम्रो छैन।साँगुरो बाटो छ । खाल्डा या खुल्डी उफार्दै लग्यो मिनिबसले हामीलाई । बिहान एक कप चियाको भरमा हिंडेको हामीलाई भोकले कोतर्न थालेको थियो । अत त्यहीं तल फेदीमा बसेर अलिअलि खाजा खायौं र उकालो लाग्यौं । त्यहाँबाट त्यस्तै दुई सय मिटरजति उकालो चढ्नु पर्छ युङ्गबुलाखाङ्गलाई भेट्न ।

ल्हासा-चेताङ्ग बाटो सारै राम्रो रहेछ । भर्खर भर्खर कालोपत्र गरेको हुनाले सललल्ल चिप्लिन्थ्यो मिनिबस । विमान स्थलको धावनमार्गभन्दा कम छैन कोङ्गार विमान स्थलदेखि चेताङ्गसम्मको बाटो । विमान स्थलको धावनमार्गमा बरु विमान गुडेको थाहा होला त्यो बाटोमा मिनिबस गुडेको थाहा हुन्न । चेताङ्गभन्दा उताको बाटो भने थाहा भएन । सम्भवत त्यता पनि राम्रै होला ।

उता आफ्नो देशमा भने आज कालोपत्र गर्यो एक हप्तापछि धूलो उड्न थाल्छ । त्यति गर्दा पनि चलेकै छ । गद्दारी गर्नेहरुले प्रोत्साहन पाउँछ । सीधासाधा जनताले कष्ट भोग्नु पर्छ । यस्तै छ देशको हालत । सम्झंदा पनि दिक्क लागेर आउछ ।

साढे एघार बजे हामी युङ्गबुलाखाङ्ग पुगेका छौं । एउटा सानो नाकेडाँडाको टुप्पामा बनाइएको रहेछ यो दरवार । हाल तिब्बती जनता यस दरवारलाई गुम्बाको रुपमा मान्ने गर्दछन । तिब्बतका पहिला राजा न्यात्री साङ्पोले बनाएको तिब्बतको सबभन्दा जेठो दरवार हरेछ युङ्गबुलाखाङ्ग । इसापूर्व दोस्रो शताब्दीमा यसको निर्माण भएको रहेछ । ट्युबो राजा न्यात्रीले जुन आकारमा युङ्गबुलाखाङ्गको निर्माण गरेका थिए त्यो आज छैन । उनका उत्तराधिकारीहरुले यसलाई बढाएर ठूलो पारेका छन् । यो यार्लुङ्ग उपत्याकाको जोर्मोटासिसेरी नामको पहाडको टुप्पोमा रहेको छ । यसको पश्चिमपट्टि यार्लुङ्ग खोला बग्छ भने दक्षिणमा योभन्दा अग्लो पहाड छ । यसको सुधारको क्रममा त्यहाँका ३२ औं राजा छाम्पोले युङ्ग बुलाखाङ्गको दुवैतिर दुई तले हाल बनाएका रहेछन । यसको दक्षिण भागमा लामाहरुको बासस्थान छ भने अरु बाँकी भाग बुद्दका मुर्तिहरु लगायत तिब्बती राजाहरु न्यात्री साङ्पो,लाथोथोरीनयाछेन,त्रिराल्यातचेन,श्रंछान गम्पो र त्रिसेङ्गदेक्षेनका मुर्तिहरु राखिएका छन् ।

भृकुटीलाई बिहे गरेर लाँदा दुलहीको रुपमा त्यसै दरवारमा भित्र्याएका थिए राजा श्रंग्छान गम्पोले । त्यसैले युङ्ग बुलाखाङ्ग नेपाली चेली भृकुटीको मुलघर भन्दा पनि के फरक पर्ला र ।

सन् १९६० को दशकको चीनको सांस्कृतिक क्रान्तिबाट यो गुम्बा पनि ओजेल पर्न सकेन । फलत भुईंताला मात्र बाँकी रहने गरि ध्वस्त पारियो र पछी आएर सन् १९८३ मा यसको पुनर्निर्माण गरिएको रहेछ । यो गुम्बालाई दुई भागमा बाँडिएको छ । अगाडिको भाग तीन तले छ भने पछाडिको भागमा अग्लो टावर छ ।

युङ्गबुलाखाङ्गको पहिलो तला भनौं वा भुईंतलामा श्रांगछन गम्पो,भृकुटी र वेन्छंगका मुर्ति राखिएका छन् ।श्रांगछन गम्पो बिचमा छन् भने नेपाली राजकुमारी भृकुटी दायाँ र चिनिया राज कुमारी वेन्छंग बायाँ बसेका छन् । त्यसभन्दा माथिल्लो तला वा अन्तिम तलामा भगवान बुद्दका मुर्तिहरु राखिएका छन । चेताङ्गस्थित युङ्गबुलाखाङ्ग दरवारकै पाराले ल्हासाको पोताला दरवार बनाइएको छ । दुवै दरवार डाँडाको टुप्पामा निर्माण गरिएका छन् । फरक यतो हो, चेताङ्गको युङ्ग बुलाखाङ्ग सानो छ भने पोतलाको दरवार ठूलो र अलिक बढी कलात्मक छ । स्थानीयता र समयले पनि केही फरक त पार्छ नै ।

युङ्गबुलाखाङ्ग दरवारको अगाडि हामीले भन्ने गरेको डोलखेत जस्तै खेती योग्य जमिन छ । यसमा गहुँ एक बाली हुन्छ । साथै केराउ र बकूलला गहुँमै लगाउछन । त्यस खेती योग्य जमिनको ठीक पारिपट्टी लमतन्न सुतेको ठूलो पाखो छ । जहाँ चौरी र च्याङ्गाहरु चर्छन ।

युङ्गबुलाखाङ्ग गुम्बाको अवलोकनमा हामीले झन्डै दुई घण्टा समय खर्चेछौं,गुम्बालाई आफूसंग टाँसेर फोटो खिच्यौं र त्यहाँबाट प्रस्थान गर्यौं ।

युङ्गबुलाखाङ्ग गुम्बा र चेताङ्ग बजारको बिचमा अर्को एउटा गुम्बा रहेछ । जसलाई ठेण्डु गुम्बा भनिदोरहेछ । अलिकति समय त्यहाँ पनि खर्च गरायौं हामीले । हामीसंग जाने चालककी आमा र आसीले भने देवा (दियो) मा थप्ने घिउ पनि बोकेर आएका रहेछन । जहाँ जहाँ देव देख्थे घिउ हाल्दै हिंड्थे उनीहरु । अनि मुर्तिमा खादा चढाउथे । उनीहरुको धर्मनै बती बाल्नु,खादा चढाउनु,माला जप्नु र माने घुमाउनु हा त्यसमा पछी परेनन् उनीहरु । गुम्बाहरुमा दर्सन गर्दा पनि घोप्टो परेर सुतेर हात जोड्छन तिब्बती बुद्दमार्गीहरु । यो चलनलाई उनीहरुले पनि पालना गरे ।

गुम्बाहरुको अवलोकनपछि चेताङ्ग बजारलाई थोरै समय सुम्पियौ । ल्हासामा बस्ने हामीलाई चेताङ्ग बजारको खासै महत्व त होइन तापनि नौलो ठाउँको नयाँ अनुभूति बटुल्न किन पछि पर्ने । खासै नौलो लाग्ने खालका सामनाहरु पनि थिएनन् । त्यहाँ पाइने समानहरु ल्हासाबाट नै आएका थिए । त्येसैले त्यहाँ किनमेल गर्ने मेरो प्राथमिकतामा परेन । त्येस्तै अरु साथीहरुको पनि । अत हामी फर्किने क्रममा त्यहाँबाट प्रस्थान गर्यौं ।

चेताङ्ग बजारको अन्तिमतिर प्रहरीले ढाट लगाएर बसेको रहेछ । जाँदाखेरि ढाट लगाएको थिएन । हामीलाई वास्ता पनि भएन । वास्तबमा त्यहाँ जानको लागि बाटोको अनुमति पत्र लिनुपर्ने रहेछ । हामीलाई के थाहा ? चालकलाई नै थाहा हुनुपर्ने कुरा हो । थाहा भएन वा भुल्यो । पुलिसले हाम्रो मिनिबस नछोड्ने भयो । आफै गएर कुरा गर्नपर्यो भनेर तम्सिएं म । चालककी आमा मलाई हात जोडेर कुन्नि के के भन्दै “कुछी कुछी“ भन्न थालिन ।

“के भनेको भक्त?“ मैले सोधें ।

“तपाई नजानुहोस् रे सर ! हामी गयो भने झन् अप्ठ्यारो पर्छ रे !“ भक्तले भने ।

चालकको केही नलागेपछि बुढी आमा आफै गएर "घ्याला कुछी कुछी "साहेब बिन्ति बिन्ति  भनेर निक्कैबेर कराएपछि त्यहाँबाट उम्कने अनुमति लिएर आइन । त्यहाँबाट हिंडेपछि भक्तले तिब्बती भाषामा के के कुरा गर्दै थिए चालकसंग । मलाई वास्ता भएन ।

"सर यो बाँधेले त गाडीको रोद परमिट पनि लिएको रहेनछ । विदेशीलाई पनि बिना अनुमति यसरि ढाटको ल्याउन नपाउने रहेछ । " भक्तले भने ।

"कसो आभार पारेन । जाँदा रोकेर फर्काइदिएको भए त युङ्गबुलाखांग हेर्ने हाम्रो इच्छा अधुरै रहने रहेछ । तै फर्किदा रोकेकाले ठीकै भयो । होइन भक्त ?" मैले थापें ।

"हो सर! जाँदा रोकेको भए हामीलाई फर्काइदिन्थयो   "( उनले भने । जे होस युङ्ग बुलाखंग हेर्न हामीलाई जुरेको रहेछ ।

हाम्रो बसले पुलिसको पन्जाबाट मुक्ति पायो । चालकले लामो सास तान्दै कुदायो बस । हामीले झन्डै आधा घण्टा रोकिनुपर्यो त्यहाँ ।

समयले दुई बजेलाई ताकिसकेको छ । चेताङ्गबाट पैंतालीस किलोमिटर वर अर्थात् ल्हासाबाट एकसय चौन्न किलोमिटर पर्ने ब्रह्मपुत्र नदीको किनारमा बैसका रुखहरुको  बन रहेछ । खाना खानको लागि त्यही ठाउँ उपयुक्त लाग्यो हामीलाई । चालकलाई बस रोक्न लगायौं । बैसका रुखहरु र ब्रहमपुत्रको बहाबसंग रम्दै बोकेर लागेको खाना खायौं ।

झन्डै आधा घण्टाको विश्रामपछि हाम्रो यात्रा पुनस्सुरु भयो । बाटो सारै राम्रो छ । सबैलाई खाना लागेको छ । कोही घुरिरहेका छन् घ्वार घ्वार बसको आवाजलाई पनि जितौंलाझैं गरेर ।

मलाई भने निन्द्राले समातिसकेको छैन । चनाखै छु । चालकको दायाँपट्टिको सिट भक्तले ओगटेका छन् । उनी हाम्रा दोभाषेको पनि काम गर्ने भएकाले त्यो सिट उनलाई आबश्यक थियो पनि । म बीचतिर बसेको छु । बसको यात्रामा मलाई  बिचतिरकै सिट मनपर्छ । कथंकदाचित दुर्घटना परेमा पनि बिचमा बस्ने मानिसलाई कमनै चोट पर्छ भन्ने सोंच्छु म । त्येसैले मेरो रोजाइ सधैं बिचातिरै पर्छ ।

म बाहिरको दृश्यसंग रमाइरहेको थिएँ । कसोकसो चालकले पछाडि हेर्ने ऐनामा हेर्न पुगेछु म ⁄। चालकलाई निन्द्राले चुर बनाएको महसुस गरें । आँखा खोल्न खोज्दा चिम्लिन पुग्छ । सारै नै लट्ठ पारेको रहेछ भाते निन्द्राले चालकलाई ।

चालकको यस्तो स्थिति देखेपछि मैले चालकसंगै बसेको भक्तलाई भनें, "भक्त ! लौ अब कतातिर पुगेर ब्रह्मपुत्रमा हाम्फालिने भइयो भाई !"

"किन सर,के भयो र ?" उनले भने ।

"उता हेर त चालकको आँखा ⁄" मैले उनलाई सजग गराएँ ।

"ए मोरो त निदाउन पो लागे छ ⁄"( उनले पनि थाहा पाए ।

"कतै रोकेर एकछिन सुत भनन भाइ । आखिर घरै पुग्ने हो केको हतार छ र हामीलाई," मैले भनें ।

"हुन्छ सर ! यसलाई म ठीक पार्छु," भनेर चुरोट सल्काएर दिए उनले । चुरोट तानुन्जेल त ठिकै भयो । चुरोट पनि सकियो उ पनि निदाउन थाल्यो फेरि ।

"फेरि भक्तलाई कराएँ, "ए भक्त ! यसले आज बिताउने भयो । घर पुगिएला जस्तो छैन भाइ । यसको निन्द्रा भगाउने उपाय गर त ,"

"हुन्छ सर !" उनले भने ।

त्यसबेला हाम्रो बस एउटा बस्तीको बिचबाट नब्बे पन्चानब्बे किलोमिटर प्रतिघण्टा गतिमे गुड्दै थियो । अचानक तल्लापट्टिबाट एउटा सुङ्गुरको पाठो जोडले कुद्रे आयो बाटो काटेर माथितिर जान । चालकले ब्रेक त दाब्यो तर ढिलो भइसकेको थिया । रौँ प्राणले सुङ्गुरको पाठाले ज्यान गुमायो । दायाँबाट कुदेर आएको सुङ्गुरको पाठोलाई कट्ने कट्ने बेलामा मिनिबसको बायाँपट्टिको बम्परको छेउले छुन भ्याएछ । भित्तामा पछारिन पुग्यो सुङ्गुरको पाठो । उसले सहदात प्राप्त गर्यो हाम्रो मृत्यु टर्यो । उसलाई नभ्याएको भए हामीमध्ये कतिले जीवन दान गर्न भ्याउने थियौं । त्यो पनि राम्रै भयो, सुङ्गुरको पाठोले आफू मेरा हामीलाई बचायो । बचायो यस अर्थमा,सुङ्गुरको पाठो मरेपछि चालकको निन्द्रा हरायो । अब उ एकदम फ्रेस भएको छ । रातभरि सुतेर बिहान निन्द्राबाट ब्युँझिए जस्तै । अब उसलाई एकमात्र डर छ, कतै सुङ्गुरको धनी बसको खोजी गर्दै नआओस । त्यही डरले होला जोडले कुदाइरहेछ बस कतै नरोकी । वास्तबमा त्यसदिन सुङ्गुरकै पाठोले हामीलाई बचायो । यदि त्यो घटना नहुँदो हो त चालकको निन्द्राले कता लगेर हामीलाई खाडलमा हाल्ने थियो, न ब्रहमपुत्रमै पो पौडाउथ्यो कि माछाहरुको बथानसंगै ? भृकुटीको घर हेर्न जाँदो भएको झन्डै भइएन ब्रहमपुत्रका माछाहरुको सिकार । साँच्चै भन्ने हो भने हाम्रो काल सुङ्गुरको पाठोले टारिदियो । त्यसैले सुङ्गुरको पाठोलाई मुरीमुरी धन्यवाद दिने पर्छ हामीले ।

सुङ्गुरको पाठो बचाउन खोज्दा चालकले दाबेको ब्रेकले सबैको निन्द्रा खुल्यो । कता लगेर जाक्यो भन्ने त्रासले डस्यो साथीहरुलाई । पछि मात्र थाहा भयो सुङ्गुरको पाठोले आफ्नो ज्यान बचाएको कुरा उनीहरुलाई ।

बस एकैचोटी कोङ्गार विमान स्थल र ब्रह्मपुत्र पुलको बिचमा पुगेर रोकियो । चालकका आमा र छोरा बसबाट निस्किएर पहरातिर उक्लिन थाले । म छक्क परें । किन उनीहरु माथि चढ्दै छन् । कारण त्यहाँ उनीहरुको बिश्वास लुकेको रहेछ । आस्था मौलाएको रहेछ । त्यहाँको पहराबाट निस्किएको मुलको पानीले तालु ठोक्न र पिउनाले कुनै पनि रोग निको हुन्छ भन्ने मान्यता त्यहाँको स्थानीयतामा भिजेको रहेछ । तालुमा त्यहाँको पानी ठोकेर एक दुई घुट्का पिउन हामी पनि पछि परेनौं । रोग त कति ठीक पार्यो थाहा भएन । फर्केर आएर बसमा बस्यौं । ब्रहमपुत्रको पुललाई भेट्न पुनस्कुद्न थाल्यो बस ।

पुलको ठीक वारिपट्टि रोकियो बस । ब्रह्मपुत्रको पुललाई काखी भ्यापेर भित्रिने मन थियो क्यामेराको आँखाबाट ।,मित्र खत्रीले एक पोज त भ्याईसकेका थिए । म क्यामेरा भिकेर फुर्सदले भैरवीलाई भित्र्याउने सुरमा थिएँ । परबाट पुलको सुरक्षामा खटिएका हतियारधारी चिनिया सैनिक मित्र आएर अबरोध तेर्स्याए हातले इसारा गर्दै फोटो नखिच्न । हुनसक्छ सुरक्षाको दृष्टिकोणले पुलको फोटो खिच्न नदिएको होला भन्ने लाग्यो मलाई । हुँदैन भनेको कुरा बलजफ्ती गर्न पनि भएन । आ-आफ्ना क्यामेरा हाल्यौं भोलामा र लाग्यौं बसतिर ।

साँझ पौने सात बजे हामीलाई सकुसल लगेर भारिदियो नियोग परिसरमा बसले । दिनभरिको उबडखाबड यात्राको थकानबाट मुक्ति पायौं । समग्रमा यात्रा राम्रै भयो । सुङ्गुरको पाठोको मृत्युले भने कताकता चिसिएको थियो मन ।।

# कामको खोजी र आफूले गरेको काम

दयाकृष्ण राई

त्यसताका नेपालीहरु जापान प्रवेश गर्नुमा नै आफूलाई शौभाग्यशाली ठान्थे । त्यहाँ मैले वरिष्ठ देखि कनिष्ठ व्यक्तिहरु भेट्ने अवसर पाएँ । जापानमा नेता, विद्यार्थी, कलाकार, खेलाडी, ईञ्जिनियर, डाक्टर विभिन्न क्षेत्रका व्यक्तित्व गैरकानुनी रुपमा मजदुरी गरिरहेको भेटे । यस्ता दक्ष जनशक्ति पलायन हुनु भनेको देश विकास ओरालो लाग्नु हो भन्ने कुरा मेरो मथिङ्गलमा चक्कराइरहन्थ्यो । त्यहाँ एकजना व्यक्तिले दिनभरि परिश्रम गरेर अमेरिकन १०० डलर जति आर्जन गर्न सक्छ भने, घटीमा ५०० अमेरिकन डलर जतिको काम गर्छन । जापान पहिलो र दोस्रो विश्वयुद्धले जर्जर भएर ४० को दशकतिर ज्यादै गरिबीको रेखामुनि परेकोले नेपाल भन्दा पनि ज्यादै दयनिय अवस्था त्यहाँका जनताले झेल्नुपरेको इतिहासमा पढ्न पाइन्छ । भोकमरीले पीडित देशका जनताले केही खाना नपाएर प्राण बचाउन रुखको पात र जरा पनि खाएका रहेछन । आफ्ना चेलीबेटीलाई देहव्यापार गर्न पठाएर पनि प्राण बचाएकोबारे आइरिस च्याङले आफ्नो किताव दि 'ऱ्याप अफ नानकिङ'मा उल्लेख गरेका छन । यस्तो गरिबीको चपेटामा परेको जापानले ६ दशक अवधिभित्रै विश्वकै कुवेर राष्ट्रका रुपमा आफूलाई स्थापित गरेको छ । गरिब राष्ट्रहरुलाई सङ्कट परेको खण्डमा आर्थिक अनुदान दिने राष्ट्रहरुमध्येमा जापान नै अग्रपङ्क्तिमा आउने गर्छ ।

अति विकसित देश जापानको विकासलाई अग्रगति प्रदान गर्ने क्रममा म पनि रोजगारका लागि भौतारिन थाले । भौतिकशास्त्री महान वैज्ञानिक अबर्लट आइन्सटाइनले समय सापेक्ष हुन्छ र समय अविच्छिन्न रुपमा बगिरहन्छ भनेर सावित गरिसकेका छन् । त्यसैअनुरुप म जापानमा प्रवेश गरेपछि समयले मलाई प्रतीक्षा गरेन । निरन्तर समय बढदै गयो, म छट्पटाउन थालें । कोठामा बस्ने तीनैजना साथीहरुले आफू कार्यरत कम्पनीमा काम मिलाउने कोसिस गरे पनि ठाउँ नभएकोले काम पाउन सकिन । तर, टोकियोभित्रका कुनै पनि कम्पनीमा मलाई स्थान मिलेन ।

सिद्धि, बुद्धि र होम आफूलाई भेट्न आउने सबै मित्रहरुलाई मेरा लागि रोजगारी खेजिदिन आग्रह गर्थे । कति मित्रहरुले मेरो कम्पनीमा काम त छ, तर तपाईंलाई कतिको जापानी भाषा बोल्न आउँछ ?' भनी मलाई प्रश्न गर्थे । मैले आफूलाई जापानी भाषा नआउने बताएपछि 'तपाईंलाई जापानी भाषा नआउने रहेछ, भाषा जान्नेलाई त मेरो कम्पनीमा अहिल्यै गए पनि काम छ' भन्थे । उनीहरुले जन्मिँदैदेखि जापानी भाषा बोलेर आएका हुन् जस्तै गरेर मेरो मनोबल गिराउने काम गरेको अझै पनि मेरो मानसपटलमा आलै छ ।

साँझ भेला भएपछि साथीहरुलाई 'तपाईंहरुले जापानी भाषा कसरी सिक्नु भयो ? भाषा नजानी कामै नपाइने हो भने यो कहिल्यै नसुनेको भाषा सिकेर कहिले काम पाउने ? मचाहिँ

भाषा-सासा केही पनि सिक्दिनँ नेपाल नै पर्किन्छु' भनें । मेरो यो भनाइलाई सान्त्वना प्रदान गर्दै होमले भने, 'भाषा भनेको कहाँ तत्कालै जानिने कुरा हो र ? बिस्तारो पो सिक्नुपर्छ ।'

होम अत्यन्तै मिजासिला स्वभावका थिए । उनको ब्रिटिश सेनाको नम्बर २११६३५८६ भएकोले सबै गैरभूतपूर्व सैनिक दाजुभाईहरुले पनि ८६ दाइ भनेर नै सम्बोधन गर्थे उनलाई । ८६ दाइ भनेपछि निसिकोयामा एरियामा प्रचलित नम्बर अर्थात् उनलाई बोलाउने नाम थियो । उनी भाषा नजान्दा आफूले भोगेका तिक्त अनुभूतिहरु बताएर मलाई सम्झाउँथे । त्यसरी नै दिन बितिरहेको थियो । एकदिन सिद्धीले उनको बेलुकीको पर्चा बाँड्ने काममा एकजना मङ्गोलियन अनुहारको मान्छे चाहिएको बताए । उनले मलाई सोधे, 'दयाजी मेरो कम्पनीमा काम गर्ने हो ?' अत्यन्तै खुसीसाथ मैले स्वीकृति जनाएँ । उनले 'भोली पाँच बजे कोठामा तयारी भएर बस्नु, मेरो दिउँसोको काम सकिएपछि अर्को अफिसमा गएर हाकिमलाई भेटनुपर्छ, तिम्रो अनुहार जापानीजस्तो भएकोले सम्भवतः तिमी पास हुनेछौ' भने ।

भोलिपल्ट म पाँच बजेभन्दा पहिल्यै कोठामा तम्तयार भएर बसें । नभन्दै सिद्धी पनि निर्धारित समयमा आइपुगे र हामी उनको बेलुकीको अफिस तर्फ लाग्यौं । अफिसमा पुग्ने बितिकै सिद्धीले हाकिमलाई जापानी भाषामा 'कोङबाङवा' भनेर धनुष्टङ्कार अभिवादन टक्राए । जापानीहरुले गर्ने धनुष्टङ्कार अभिवादन गर्न अभ्यस्त नभएकोले अप्ठ्यारो लागेर मैले भने गरिनँ । उनीहरुबीच कुराकानी भयो । क्लर्क केटीले मेरो रहदानी मागिन् । निकालेर दिएँ । भिसा हेर्नेबितिकै उनी तर्सिइन । त्यो तर्सिनुको कारण के हो ? भाषा नबुझ्ने भएकोले म अनभिज्ञ नै रहें । पछि सिद्धजीबाट मैंले थाहा पाएँ, त्यो क्लर्क केटी त पर्यटक भिसा देखेर पो तर्सिएकी रहिछ । तिनै क्लर्क केटीले जापानी चिया ओचा ल्याइन । सिद्धी र मैले हतार-हतार चिया पिएर पर्चा बाँड्ने काममा लाग्नु अघि फेरी सिद्धी र हाकिमको छोटो कुराकानी भयो । त्यो कुराकानीचाहिँ म त्यहाँ स्वीकार्य भएकोबारे रहेछ ।

सिद्धीजी अलिकति आतिएका थिए । कारण, उनको काम दुई घण्टाभित्र सक्नुपर्ने र प्रत्येक ठाउँमा मलाई पुऱ्याई विस्तृत जानकारी दिने अभिप्राय थियो । हामी कुनै विलम्ब नगरी फटाफट ट्रेनस्टेसनतर्फ अघि बढ्यौं र ट्रेन चढेर पर्चा बाँड्ने क्षेत्रमा करिव आधा धण्टापछि पुग्यौं । त्यहाँ दसवटा जति पत्रमञ्जुषा थिए । पत्रमञ्जुषामा ठीक खाममात्रै छिर्ने दुलोमा विज्ञापनको पर्चा हाल्नु अप्ठ्यारो भए पनि सिद्धीजीले एक मिनटभित्र सबै पर्चा पत्रमञ्जुषामा हालिभ्याए । पर्चा हाल्ने बेला उनको हात नियालेर हेरें, त्यो उनको हात हो या मेसिन छुट्याउनै गाह्रो भयो । फेरि अर्को म्यानसनमा प्रवेश गऱ्यौं । त्यहाँ पनि ५०-६० वटा पत्रमञ्जुषा थिए । त्यहाँ पनि दुई मिनेट जतिमै ठपठपठप पर्चाहरु हालिसिद्धाए । म ट्वाल्ल परेर हेरिरहे । त्यस्तै नौ-दसवटा बिल्डिङमा सिध्याएपछि मलाई पनि अभ्यासका लागि हाल्न लगाए । तर एउटै पर्चा लगाउन मलाई दुई मिनेटजति लाग्यो मैले चार-पाँच मिनेटमा दुई-तीन वटामा मात्रै पर्चा हाल्न सकें । ढिलो भएपछि सबै सिद्धीले नै हालिदिए । आधाजति घुमिसकेको बेला एउटा ठुलो म्यानसनभित्र छिऱ्यौं । सिद्धीको मेसिन जस्तो हातले हाल्दाहाल्दै एकजना आधाबैंसे जापानी नागरिक निस्किएर केही कुरा भन्यो । मैले उसको अनुहार

रिसाएको देखेपछि त्यो जापानी नागरिकले हामीलाई गाली गरेको रहेछ भन्ने अनुमान गरें । जापानी भाषामा 'गोमेन्नासाई' भनेर सिद्धीले झुकेर माफी मागे त्यो जापानी नागरिकले आफ्नो भाषामा के-के भनेर निस्कियो मैले बुझ्न सकिनँ ।

अनि सिद्धीले भने, 'भाइ, यसभित्रका सबै पर्चा निकाल्नु रे ।' हामी दुइ जनाले ५०-६० वटा मञ्जुषाबाट कोट्याइ-कोट्याइ निकाल्यौं । त्यसपश्चात् हामी नभ्याएको क्षेत्रमा अघि बढ्यौं सिद्धीले सयजति मञ्जुषामा पाँच देखि सात मिनेटमा हालिसक्थे । सबै काम दुइ घण्टा भित्र सकेर हामी कोठा फर्कियौं ।

फर्किदा रेलभित्र सिद्धीसँग मैले कुरा गरें, 'ओहो यो काम त खतरा पो रहेछ ! म त नगर्नु पर्ला ।'

सिद्धीले हाँसेर 'किन नगर्ने ?' मलाई सोधे ।

मैले भने, 'त्यो जापानी नागरिक साह्रै रिसाएको थियो । उसले हामीलाई पर्चा निकाल्न लगाएको रहेछ । हामीले झिक्न थालेपछि मात्रै गयो, यदि मैले एक्लै गर्दा त्यही घटना दोहरियो भने त्यसले भनेको कुरा म बुझ्दिनँ । त्यतिबेला उसले प्रहरी बोलाएर मलाई जिम्मा लगाउला । त्यसैले त्यो काम खतरा ठानेर नगर्ने निर्णय गरें ।'

कोठामा पुगेपछि सिद्धीले भोलिपल्टसम्म सोचेर निर्णय गर्ने समय दिए ।

भोलिपल्ट फेरि 'काम नगर्ने हो ?' भनी प्रश्न गरे ।

मैले यो काम नगर्ने अन्तिम निर्णय गरिसके, माफ गर्नुहोला दाइ भनेर उत्तर दिएँ ।

सिद्धीले काम गरे फरक पर्दैन, तर तिम्रो विचार हो भाइ, नगर्ने नै हो भने म हाकिमलाई गएर जानकारी गराउँछु भने । भोलिपल्ट अफिसमा गएर मेरो नाम रद्द गराएछन् ।

म अर्कै कामको प्रतीक्षामा बसें । दुई हप्ता बित्न लागिसकेको थियो । एकदिन बेलुकी सिद्धीजीको टेलिफोनको घण्टी बज्यो । हामी सबै खाना खाएर सुत्न लागेका थियौं । सिद्धीले फोन उठाएर निकै लामो कुरा गरे । कुरा गर्दै जाँदा मेरो बारेमा पनि कुरा भयो । त्यो टेलिफोन गर्ने व्यक्ति चाहिँ सिद्धीको समकालीन साथी अर्थात् लाहुरे भाषामा भन्नु पर्दा उनको नम्बरी जित शेरचन रहेछन । जित शेरचन पल्टनमा हुँदा मेरै प्लाटुनमा थिए । उनी नौ/दस महिना पहिल्यै जापान पुगिसकेका रहेछन् । सिद्धीले आफ्नै प्लाटुनको मान्छे आएको छ, काम बिना बसेको छ, तपाईंको कम्पनीमा काम भने लगाइदिनू भनेर कुराकानी गरे । त्यसपछि सिद्धीले मलाई ह्याण्डसेट सुम्पिए जितसँग कुराकानी गर्नका लागि । फोनमा सामान्य कुराकानीपछि मैले जितलाई काम पाएमा जस्तै भए पनि गर्ने बताएँ ।

जितले मलाई सोधे, 'एउटा काम त छ गर्ने हो ?'

मैले भने, गर्ने ।'

उनले भने, 'बङ्गुर फार्मको हो ।'

मैले  जवाफ दिएँ, 'काम भए जे पनि गर्छु ।'

जितले 'हुन्छ त्यसो भए म साहुसँग कुरा गर्छु, त्यस पछि खबर गरौंला' भने ।

हाम्रो टेलिफोन बार्ता यत्तिकैमा टुङ्गियो । जितले तीन दिनपछि फोन गरे । उनले मलाई काम गर्ने पक्का गराउनका लागि फोन गरेका रहेछन् । 'काम पक्कै गर्ने कि नगर्ने' भनेर शपथ नै खुवाउँला जतिकै गरेपछि, मैले भनें, तपाईं विश्वास गर्नुहोस म पक्कै काम गर्छु, बरु कहिलेदेखि गर्नुपर्ने हो जतिसक्दो चाँडो भए राम्रो हुने थियो ।

जितले 'पर्सि शनिबार मेरो छुट्टी हो, तिमी त्यहिँ दिन आउनू । म बसेको ठाउँमा कसरी आइपुग्ने नोट गर्नु' भने ।

मैले आफैले बुझ्ने नोट त गरे तर जापानी भाषाको ठाउँको नाम गलत हुन सक्छ भन्ने सोचेर 'सिद्धीजी आएपछि तपाईंलाई फोन गरेर टिपाउँला' भने ।

त्यो कोठाका साथीहरुमध्येमा सिद्धी गौचन निकै राम्रो जापानी भाषा बोल्न जान्दथे । र, ठाउँका नामहरु जापानी भाषामै भएकोले उनले शुद्ध रुपमा नोट गरिदिए भने त्यो ठाउँमा म सजिलै पुग्नेछु भन्ने मलाई लाग्यो । सिद्धीजी कामबाट फर्किएपछि मैले जितजीकोमा फोन गरेर ठाउँको नाम  टिपिदिन आग्रह गरें । सिद्धीले त्यतिबेलै कापीमा सारेर दिए । जित बस्ने ठाउँको नाम चाहिँ निसियो रहेछ । निसियो पुग्नका लागि दुई ठाउँमा ट्रेन चेन्ज गर्नुपर्ने रहेछ । टोकियोबाट सिङ्कान्सेन (बुलेट ट्रेन) चढेर गएपछि तोयोहासीमा बुलेट ट्रेनलाई छाडेर लोकल ट्रेनमा चिर्युसम्म आएर चिर्युबाट मात्रै लोकल एक्सप्रेस निसियो जाँदो रहेछ  ।

अब भने म टोकियो  छाडेर जान तयारी भएँ । सन १९९६ को डिसेम्बर ७ का दिन बिहानै उठेर सुटकेस तयारी गरें, छुट्टी भएकोले तीनैजना मित्र कोठामै थिए । उनीहरुसँग बिदावारी भएँ । तीनैजनाले मैले काम पाएकोमा मलाई बधाइ दिनुका साथ सौहार्दपूर्णरुपमा बिदाइ गर्दै काममा एकदमै कोसिस गर्न सुझाव दिए । मैले बिदाइको हात उठाउँदै दुईवटा झोला समातेर निसिकोयामा स्टेसनतर्फ लागें । स्टेसनमा पुगेर तोयोहासीसम्मको टिकट काटेर सिङ्कान्सेनमा चढें । सिङ्कान्सेनभित्र म एक्लो नेपाली, जापानीहरुको बीचमा आपसि कुराकानी चलिरहेको केही पनि बुझ्न सक्दिन थिएँ । यात्रुहरुको जानकारीका लागि उद्घोषणको अन्त्यमा 'दोजाइमास' भनेको सुनें । यो शब्दले मेरो मनमस्तिष्कमा अति नै गहिरो छाप बनायो । हुन त अङ्ग्रेजीमा पनि उद्घोषण हुने गर्थ्यो, तर त्यो जापानी शब्दले भने मेरो मनमा जिज्ञासाको हलचल मच्चायो । कति अविस्मरणीय शब्द । शेर्पा समुदायले लाउने 'दोजा' जस्तै मनमा सोचे । यो शब्दलाई प्रत्येक उद्घोषणको अन्त्यमा भन्ने गरेकोले मैले धन्यवाद भनिएको रहेछ भनेर आँकलन गरें । यो मेरो अड्कल सही भए पनि उच्चारण भने मैले गलत सुनेको रहेछु । पछि जापानी भाषा सिक्दै गएपछि पो थाहा भयो गोजाइमासु भनिएको रहेछ । धेरै धेरै धन्यवाद भनेको चाहिँ अरिगत्तोउ गोजाइमासु भन्नुपर्दो रहेछ । सिङ्कान्सेन हिड्दा-हिड्दै बाटोमा सिनफुजी स्टेसन आइपुग्यो । हमामात्सु स्टेसन र सिनफुजी स्टेसनबीचबाट फुजी यामा (फुजी पर्वत) देख्ने मौका पाएँ । मौसम पनि अति सुन्दर र

घमाइलो थियो । फुजी पर्वत यति सुन्दर थियो वर्णन गरेर साध्य छैन चुचुरोतिर चाँदनीझैं स्निग्ध हिउँले ढाकेको थुन्से घोप्टाएझैं फुजी यामाको आकृति देख्नसाथ प्राकृतिक सम्मोहनले मलाई चुम्न थाल्यो । मेरो मन अत्यन्तै रमाइलो र शान्त हुन पुग्यो । मलाई माछापुछ्रे, धौलागिरि, नीलगिरि, कञ्चनजङ्गा र चोमोलुङ्माको याद आयो । यादमग्न भएर नै होला, तोयोहासी स्टेसन आइपुगेको थाहापत्तै भएन । तोयोहासी आइपुगेको पनि उद्घोषण गरेर जानकारी गराइयो । म हतारहतार सिङ्कान्सेनबाट उत्रिएर लोकल ट्रेनको प्लेटफर्म सोध्दै-खोज्दै गएँ । र, चिर्‍यु जाने लोकल ट्रेन चढें । चिर्‍यु स्टेसनमा आधाघण्टा जतिमा पुगिहालें । निसियो जाने प्लेटफर्म नम्बर ६ मा रहेछ । ट्रेनमास्टरले ६ नम्बर प्लेटफर्ममा राखेको ट्रेनलाई देखाउदै के-के कुरा गरे मैले बुझिन र अलमल्ल परें । ट्रेनमास्टरले देखाएको ट्रेन केही क्षणमै छुट्यो । फेरि पनि त्यहीँ ट्रेनमास्टरलाई गएर सोधें । उसले हातको इसाराले 'अहिले छुटेको नै हो, अब फेरि यहीँ प्लेटफर्ममा पर्खिनू आएपछि चढेर जानू' भनेपछि म त्यहीँ पर्खिबसें । फेरि आधाघण्टापछि अर्को ट्रेन आइपुग्यो र म हतारहतार चढें । चिर्‍युबाट ४५ मिनेटको यात्रापछि निसियो आइपुग्यो । निसियो स्टेसनबाट बाहिर निस्किनसाथ जित शेरचन बाहिर पर्खिरहेका रहेछन् । हात मिलायौं अनि उनले एउटा मेरो झोला बोक्न सघाए, र हामी उनी बसेको कोठातर्फ लाग्यौं । कोठा पुग्नुअगाडि 'खाना खाएको छैन होला' भनेर उनले मलाई बगर हाउसभित्र लगे । उनले मेरा लागि मात्रै अर्डर गरे ।

मैले उनलाई सोधे, 'तपाईं नखाने हो ?'

उनले भने, 'मैले खाना खाइसके तिमी खाउ ।'

मैले खुरुखुरु खाएँ । काउन्टरमा जितले पैसा तिरे । हामी कोठा तिर अघि बढ्यौं । करिब १५ मिनेट हिडेपछि कोठामा पुग्यौं । कोठामा छिर्ने बाटोमा विशाल कुकुर बाँधिएको थियो । मलाई ज्यादै डर लाग्यो । जितजी कुकुरबाट चिरपरिचित भइसकेकाले उनी कुकुरको अगाडिबाटै हिडे । म पनि डराइडराइ उनकै पाइला खेप्दै हिडें । चिनेको मान्छेसँग साथसाथै हिडेको देखेपछि कुकुरले मप्रति कुनै प्रतिक्रिया जनाएन । हामी कोठाभित्र छिर्‍यौं । कोठा मैला थियो । गन्हाइरहेको पनि थियो । त्यहाँ एउटा जापानी स्टाइलको टेबुल बीचमा थियो र चारैतिरबाट कपडा झुण्डिएर भुइँ छोएको थियो । टेबुलको भित्रपट्टि विद्युत जडान गरेर खुट्टा तातो गर्नको लागि हिटर फिट गरिएको रहेछ । सामानहरु थन्काइसकेपछि जितले त्यो टेबुलमुनि खुट्टा छिराएर भने, 'यहाँ खुट्टा हालेर बस्नु, जाडो भयो होला ।'

मैले पनि भुइँमा बसेर खुट्टा घुसारे । ज्यादै तातो रहेछ । दुई जना गफ गर्दै बस्यौं, जितसँग काम गर्ने साथीहरु र जापानी दलाल शनिबार छुट्टी भए पनि पार्टटाइम काम गर्न गएका रहेछन् । मैले गर्नुपर्ने भनिएको फार्ममा काम गर्ने मान्छे कोही नभएकोले शनिबार छुट्टीको बेला गएका रहेछन् । जितजी म आउने भएकोले छुट्टी बसेका रहेछन् । बेलुकी पाँच बजे दुइ जना नेपाली र एकजना मरन्च्याँसे बूढो आइपुगे । बूढो आइपुगेपछि जानी नजानी 'कोङबङ्वा' भनेर बेलुकीको अभिवादन टक्राएँ । उसले छोटकारीमा जवाफ फर्काएर आफ्नो कोठाभित्र पस्यो । दुई जना नेपाली कोठाभित्र छिरे, गोरे, डल्ले व्यक्ति हात मिलाउन अघि बढे । 'म

आङफुर्वा शेर्पा' भन्दै हात मिलाउन अघि बढे । हात मिलाएर परिचय साटासाटको क्रम सिद्धएपछि शेर्पा मित्रहरुपनि त्यही तातो टेबुलमुनी खुट्टा घुसारेर गफ गर्न थाले ।

डिसेम्बर महिना भएकोले छिट्टै झमक्क साँझ परिसकेको थियो । जाडो पनि चम्किन थालिसकेको थियो । जित, आङफुर्वा र पासाङ कसैले पनि खाना पकाउने सुरसार गरेनन् । जापानी बूढाले आफ्नो कोठामै एउटा विद्युतबाट तातिने भाँडाको स्वीच अन गरेर तताउन सुरु गऱ्यो । उसले अलिकति मासु, सागसब्जी, मुनाहरु तयारी गऱ्यो । हामी सबैलाई के भनिरहेको छ मैले एक शब्द पनि बुझ्न सकेको थिइनँ । साथीहरुले त्यो बूढोले तयारी गरेको ठाउँमा हामी सबै गएर सम्मिलित हुने बताए । हामी सबै वरिपरि बस्यौं । त्यहाँ एकजना ल्याटिन अमेरिकन साथी पनि आएर बसे । उनी मार्कोस भन्ने पेरुभियन रहेछन् र नेपाली साथीहरुसँगै काम गर्दा रहेछन् । मार्कोस एकदमै बोल्लकड थिए । उनी मेरो छेउमै आएर बसी काठे जापानी भाषामा बूढोसँग धाराप्रवाहले बोलिरहेका थिए ।

जापानी बूढाले भाँडामा पानी हाल्यो, सबै सब्जी, मासुहरु कऱ्याक्कुरुक् हाल्यो । अलिअलि तात्तिन सुरु गरेपछि जापानी बूढोले भाँडाबाट निकालेर कप्चेराले हसुर्न थाल्यो । दोस्रोमा मार्कोसले सुरु गरे भने तेस्रोमा आङफुर्वाले ठोक्न थाले । पासाङ, जित सबैले कप्चेराले तान्दै एउटै भाँडामा खाना थाले । धेरै वर्षपछि मात्र थाहा पाएँ त्यो जापानी खानालाई 'नाभे' भनिँदोरहेछ । मार्कोसले लापरबाही तरिकाले जिउ छाडेर खान थाल्यो । मलाई पनि नेपाली साथीहरुले 'खाऊ, आज यहिँ नै हो बेलुकीको खाना, हामीले केही पनि बनाएका छैनौं' भनी जानकारी गराए । मलाई भने कहिले नखाएको परिकार, त्यो पनि दाँत बिहीन जापानी बूढो र ढेंडु जस्तो अनुहार भएको पेरु नागरिकको जुठो पटक्कै खान मन लागेन ।

घिनलाग्दै भए पनि एक/दुई पटक तानेर खाइहेरें । कहिल्यै नखाएको खाद्यपदार्थ भएकोले होला खल्लो लाग्यो । केही क्षणपछि मार्कोसका दुईजना साथीहरु आइपुगे । मार्कोस त्यतिञ्जेल टन्न अघाइसकेको थियो । अब साथीहरुसँग बाहिर जानका लागि जापानी बूढोसँग बिदा मागी गाडी चढेर तीनैजना आफ्नो बाटो लागे । म लगायत जित, आङफुर्वा, पासाङ र म अर्को कोठामा सुत्न गयौं । जुन कोठामा जित र म तातो टेबुलमुनि खुट्टा राखेर बसेका थियौं । त्यही सुत्ने भएकोले चारैजनाले त्यही टेबुलमुनि खुट्टा राखेर सुत्यौं । उसै त भोकले निन्द्रा नलागेको, रातभरि बूढो मातेर, मार्कोस बोलाएर सुतिनसक्नु भयो । धाराप्रवाहरुपमा 'ओई मार्कोस, बगारो' भनेको सुनिन्थ्यो । 'कस्तो अर्धचेतन मान्छेको फेला परिएछ, मार्कोसले जादैछु भनेर बिदा मागेको बिर्सिएर अहिले मार्कोस खोज्ने ?' 'बाकायारो' र 'बगारो' एउटै शब्द हो, जापानीहरुले रिसाउँदा प्रयोग गर्ने एक मात्र गाली । टोकियोमा साथीहरुले केही मात्रमा जानकारी गराएका थिए, यस शब्दबारे । टोकियो छाडेर आउनसाथ आफ्नै कानले सुन्नुपर्ने, त्यो पनि रातभर सुत्नै नपाइ जागराम बसेर । डिसेम्बरको जाडोमा खुट्टा तात्तिएपछि झ्याप्प केही क्षण निदाएको मात्रै थिएँ, कराइरहेको बूढो मेरो छेउमा आएर घुस्रिएछ । अप्ठ्यारो भएर ब्युँझिएँ, रक्सीको गन्धले सुतिसक्नु भएन । कहिले बिहान हुन्छ भन्ने प्रतीक्षा गरिरहें, तर बिहान हुने बेला फेरि आफ्नो कोठामा गएर सुतेछ । भोलिपल्ट चाँडै निन्द्राले छाड्यो । तर

पनि ओछ्यानमै लडिरहे । उठेर चियापानी तताएर पिउन पनि साथीहरुको राखनधरन केही थाहा छैन । साथीहरु साढे सात बजेसम्म सुतिरहेकै थिए । त्यो दिन दलाल बूढोले घुम्न जाने बस बुक गरेको रहेछ । बूढो अत्तालिएर हामीलाई उठाउन सुरु गऱ्यो, त्यसबेला आठ बजिसकेको थियो ।

आङफुर्वालाई बूढोले- ‘यमागुची, यमागुची’ भन्दै बोलायो ।

यमागुची आङफुर्वाको जापानी नाम रहेछ । पासाङको किमुरा र जितको यामादा रहेछ । सबै उठ्यौं, तर आङफुर्वा अर्थात यमागुची ‘आतामा इताई (टाउको दुःख्यो)’भन्दै सुतिरह्यो । जितलाई बुढोले जापानी कुरामा के-के भन्यो, जितले पनि कतै अन्तै जाने काम छ भनेर हिडिहाले । पासाङ र म मात्रै कोठामा रह्यौं । बुक भएको बसपनि छुट्यो र पासाङलाई बूढोले के भन्यो मैले बुझिनँ । उसले हामीलाई आफ्नो गाडीमा चढ्न भनेको रहेछ ।

पासाङले ‘घुम्न जाने अरे, जाउँ दाइ’ भनेपछि गाडीमा चढ्यौं । अर्को तनाका भन्ने जापानी नागरिकलाई अगाडि सिटमा राख्यो । त्यो तनाका भन्ने यति घिनलाग्दो थियो, उसले एक-एक पावाजति दुवै आँखाभरि कचेरा बोकेको थियो । दाँतेगुहुले खाएर पहेँलपुर भएको माथिल्लोपट्टिका दुईवटा दाँत उछिटिएर निस्किेका थिए । हाम्रो पहाड गाउँघरमा हो भने त्यसलाई गाउँलेले देख्नेबित्तिकै छौंडा भन्ने थिए ।

दुइजना जापानी र दुइजना नेपाली कहाँ जानुपर्ने हो गन्तव्य थाहा थिएन । दाँतबिना सेताम्मे फुलेको बुढोले ड्राइभिङ गरिरहेछ, पासाङ र म पछाडि बसिरहेका छौं । ३५ मिनेटजति हाँकेपछि समुद्रछेउको एउटा होटलमा पुग्यौं । होटलको पार्किङस्थलमा बूढाले गाडी पार्किङ गऱ्यो । हामी सबै होटल प्रवेश गऱ्यौं । होटेल प्रवेश गर्नासाथ बूढोले फटाफट स्वागतकक्षमा गएर केही कुरा गऱ्यो । पछिपछि तनाकाले पछ्याइरहेको थियो पासाङ र म पनि उनीहरुलाई पछ्याएर जानुसिवाय अरु विकल्प थिएन । भऱ्याङ उक्लिएर माथिल्लो तला पुगेपछि एउटा विशाल रङ्गमञ्च आधुनिक प्रविधिले सुसज्जित थियो ।

रङ्गमञ्चमुनि खुल्ला ठाउँमा कार्पेटमाथि थच्चक बसेर पिउनका लागि टेबुलवरिपरि चकटीहरु ओछ्याएका थिए । कुर्सीबिना बस्न मलाई ज्यादै अप्ठ्यारो लाग्छ, तर के गर्ने लङ्गडोको देशमा खोच्याउनै पर्ने बाध्यता । हामी रङ्गमञ्चको ठीक अगाडिपट्टि बस्यौं । हामी त्यहाँ केका लागि बसेका छौं अनभिज्ञ थियौं पासङजी र म । कार्यक्रम आरम्भ भयो । जापानी भाषा पटकै नबुझे पनि त्यो सांस्कृतिक कार्यक्रम ज्यादै रोचक लाग्यो । जापानी एङ्का गीत ज्यादै राम्रो थियो । एङ्का गाउनका लागि राम्रो स्वर हुनुपर्ने मैले महसुस गरे । शास्त्रीय सङ्गीत र एङ्का उस्तै-उस्तै लाग्यो । एङ्का लगायत प्राचीन युगका नाटकहरु पनि प्रस्तुत गरिएको थियो । उच्च प्रविधिका साथ रङ्गमञ्चलाई यथार्थतामा परिवर्तन गर्नका लागि अत्याधुनिक उपकरणहरु प्रयोग गरिएकाले प्रत्येक दृश्यले यथार्थताको पराकाष्ठा चुमेको थियो । बिहान मुखमा एकथोपा पनि पानी पसेको थिएन, हामी खालीपेट कार्यक्रम हेरेर बसिरहेका थियौं । जापानी बूढोले एकबट्टा लन्चनमिट किनेर फुटायो । सानो काठको चम्चाले कोट्टाएर

दाँतबिनाको मुखमा क्वाप्प हालेर मुख चलायो । छौंडाजस्तो तनाकाको मुखमा पनि बूढोले हालिदियो । त्यसपछि पासाङको मुखमा कोचारि दियो । अब भने मेरो पालो आयो । बूढोले बट्टाबाट मासु कोट्टयाएर मेरो मुखतर्फ बढायो । मैले घिन मानीमानी मुख 'आँ' गरिदिएँ, बूढोले मुखमा कोचारिदियो, मैले बलैले निलें ।

वियर पनि एक बोतल किनेर सबैले बाँडेर पिएका थियौं । मेरो त सिद्धिसकेको थियो, अन्तमा रहेको अलिकति वियरले मुख पखालेर निलें । आज जिन्दगीमा पहिलोपटक घिनलाग्दा दुई जापानीहरुको जुठो खाइरहेको थिएँ । दिनभरि गुजीगुजी लागिरह्यो । कार्यक्रमको समाप्तिपश्चात् बूढो गाडी पार्किङतर्फ अघि बढ्यो । सुइरे बूढोको पछाडि तनाकाले पछ्याइरहेको थियो । उनीहरुको पछाडि उही दुई नेपाली नवआगन्तुक पासाङ र म । पार्किङमा पुगेर तनाका अगाडि सिटमा बसेको मात्रै थियो, बूढाले गाडी स्टार्ट गरेर तनाकालाई जापानी भाषामा रिसाएर के भन्यो तनाका तल झरेर गाडीको पछाडिपट्टि गएर गाडी रिभर्सको लागि इसारा गर्दै थियो । बूढोले गाडी रोकेर दुई थप्पड चड्कन लगाएर बाघ गर्जिएजस्तै गर्जियो । बिचरा छौंडाजस्तो तनाका लुरुक्क परेर पछाडि आएर हामी बसेको छेउको सिटमै बस्यो । बूढोले गाडी हुइँक्याएर ३०-३५ मिनेटपछि कोठामा ल्याइपुऱ्यायो । मैले सोंचेको थिएँ, आङफुर्वा अर्थात् यमागुची सुतिरहेकै होला । तर ऊ तन्दुरुस्त भइसकेको थियो । उसले बाहिर नजाने निहुँ मात्रै गरेको थियो कि जस्तो लाग्यो । बूढाले जापानी भाषामा 'ठीकै छस्' भनेर सोधेको अड्कल काटें, प्रत्युत्तरमा आङफुर्वा 'दाइजोबु, दाइजोबु' भनिरहेको थियो । 'दाइजोबु' भनेको जापानी भाषामा 'कुनै पनि समस्या छैन' अर्थात् अङ्ग्रेजीमा भन्ने हो भने 'नो प्रोब्लम' भनेझैं रहेछ । आङफुर्वा अलिक चाप्लुसी र चाकडी गर्ने आचारणको भएकोले बूढा आएपछि काठे जापानी भाषामा निकै बेलिविस्तार लगाइरहेका थिए । मैले भाषा नबुझे पनि उनले बूढालाई खुसी बनाउन भरमग्दुर प्रयास गरिरहेको प्रस्ट बुझें ।

जित पनि फर्किएर आए । उनले पनि बूढाको कुरामा सहि थापे । पासाङ पनि आफ्नै धुनमा लागे । म भने भोकले टाट पल्टेको थिएँ । कुनै पनि साथीले खाना पकाउने सुर गरेरनन् । फेरि त्यही बूढाले किनेर ल्याएको सुसी 'खाऊ' भन्यो । चिसो बासीभात, 'नोरी' (समुद्रभित्रको लेउ) ले बेरेको । कुनैमा काँचो मासु च्यापिएको थियो भने कुनैमा काँचो माछा । अक्टोपस र प्राउन पनि काँचै च्यापिएकोले भोक लागे पनि एक डल्लो पनि खाइसक्न गाह्रो भयो । पेटमा दालभात नपसेको पनि २४ घण्टा भइसकेको थियो । त्यो रात पनि भोकले छटपटाउँदै सुतें । भोलिपल्ट छिट्टै निद्राले छाड्ने नै भयो । त्यो दिन बिहान चियापान गरिसकेपछि आङफुर्वाले नुडल उमालेपछि अलिअलि खाइयो । त्यसले केही त्राण दियो ।

सन १९९६ डिसेम्बर ९ का सोमबारका दिन । आजैबाट बङ्गुर फार्मको काममा जाने भएकोले १० बजे तयारी भयौं । सुइरे बूढो र आङफुर्वाचाहिं मेरो दोभाषेका लागि तयार भए । गाडीमा चढेर २५ मिनेटपछि काम गर्ने फार्ममा पुग्यौं । त्यहाँ पुगेपछि फार्मको साहु र साहुनीसँग यमामोतो उर्फ सुइरेले कुराकानी गऱ्यो । आङफुर्वाले दोभाषे बनेर मेरो नाम साहु-साहुनीलाई 'दाइ' भनेर परिचय दिएपछि तिनीहरुले मलाई 'दाइचाङ' भनेर सम्बोधन गर्न थाले

। जापानी भाषामा आफूभन्दा सानो व्यक्तिलाई सम्बोधन गर्दा 'चाङ' प्रयोग गर्छन् । नेपालीहरुले घरमा काम गर्न राखेको व्यक्तिलाई कान्छा भनेजस्तै । सबैले मलाई 'दाइचाङ' भनेर सम्बोधन गर्न थाले । त्यसदिन काम मात्रै हेर्न गएको, तर साहुले 'काम आजै देखि सुरु गर्ने, भनी फार्म घुमाउन सुरु गऱ्यो । बङ्गुरलाई चारो हाल्ने मेसिन र खोर सरसफाइ गर्ने ठाउँहरु देखायो । पाँच बजेसम्म काम लगाएपछि छुट्टी दियो र साहुले नै कोठासम्म पुऱ्याइदियो । भोलिपल्टदेखि निसियो बस स्टेसनबाट काम गर्ने ठाउँसम्म जान थाले । पहिलो दिन मेरा लागि निकै कठीन भयो । माङकोकुजी भन्ने स्टेसनमा झर्नुपर्ने थियो । बस ड्राइभरलाई जानी नजानी सोधपुछ  गरेर स्टेसनमा झरें । करिब २० मिनेट हिडेपछि काम गर्ने फार्ममा पुगें । आठ बजेदेखि काम सुरु भयो । प्रारम्भमै सुँगुरको लिदी सोहोर्न लगायो । एकहजार भन्दा बढी सुँगुरको खोर सफा गर्न बिहान आठ बजेदेखि बाह्र बजेसम्म लाग्यो । १२ बजेपछि खानका लागि एक घण्टा विश्राम दिइयो । साहु-साहुनीले जे खान्छन् मलाई पनि त्यही खानेकुरा दिए । साहु र म एउटै टेबुलमा बसेर खायौं, साहुनीले किचनपट्टिको टेबुलमा बसेर खाइन् । खाना खाइसकेपछि एक बजे काम आरम्भ गर्नु पर्थ्यो । आठदेखि बाह्र बजेसम्ममा प्रायः सरसफाइ सकिन्थ्यो । दिउँसो बङ्गुरलाई चारो हाल्ने, साना पाठाहरुलाई खसी बनाउने (सुमर्ने) बङ्गुर्नीहरुलाई बिर लगाइदिने, हुर्किएका पाठाहरुलाई माउबाट छुट्टयाउने काम गर्नुपर्थ्यो । यी सबै काम साहुनी र मैले गर्थ्यौं । काम सुरुवात भएपछि यसरी नै दैनिक मेरो जापानको दुःखदायी जीवनचर्या बित्दै गयो । काम सुरु भएको एकहप्ता नबित्दै भीषण हिमपात भयो । नालाहरु सबै ब्लक भए । म काम देखि फर्केर आउँदा पानीका धाराहरु सबै सुक्खा थिए । सुँगुरको लिदी त दिनभरि मेरा लागि बोडी स्याम्पो नै बन्थ्यो । म सुँगुरझैं गन्हाइरहेको थिएँ ।

यमामोतो सुइरेकी छोरी मादोकाले 'दाइचाङ' 'क्योवा मिजोगा देनाइकरा ओफुरो दे आयुगा तमात्तेरु, सोरेगा चुकात्ते' अर्थात् 'दया आज पानी छैन, नुहाउने बोम्बामा तातोपानी छ, त्यही पानी चलाउनु' भनी । म नुहाउनका लागि बाथरुमभित्र पसें । बोम्बाभरि तातोपानी मादोकाले नै थापेकी रहिछ । त्यही पानीले नुहाएँ । धन्य मादोका ! यदि तिमीले पानी जमिनु अगावै तातोपानी नथापेको भए सुँगुरजस्तै दुर्गन्धित अवस्थामा सुत्नुपर्ने थियो मैले । उनलाई अन्तर्रात्माले धन्यवाद ज्ञापन गरे ।

भोली बिहानै उठेर नियमित समयमा निसियो बसस्टेसनमा पुगें, बस भने शून्य थियो । अत्याधिक हिमपातका कारण कुनै पनि यातायात नचलेको रहेछ । बस स्टेसनबाटै साहुलाई फोन गरें । जापानी भाषा नजाने पनि 'बासुगा नाई' बस छैन भन्नचाहिं जानेको थिएँ । अनि साहुले के-के कुरा गऱ्यो बुझ्न सकिनँ । एकछिन निसियो स्टेसनभित्र घुमें ४५ मिनेटपछि बसहरु फाटफुट चल्न सुरु गरे । सधैं बस लाग्ने स्टेसनमै बस लागिरहेको थियो । हतारहतार गएर सोधें, सही बस नै परेछ । बस चढेर सधैंझैं माङकोकुजी स्टेसनमा ओर्लिएँ । साहुले बसपार्कदेखि फार्मसम्म आउन-जानका लागि साइकल दिएको थियो । साइकल बस स्टेसनको साइकल पार्क गर्ने ठाउँमा पार्क गरेर छाड्ने गर्थे । त्यही साइकलमा चढेर स्पिडमा हाँके,

हिउँको रासमा चिप्लिएर तिनचित परें । फेरी जुरुक्क उठें, ज्यान हिउँसरि भएको थियो । सबै टकटकाएँ । भरखरै परेको आलो हिउँमा पछारिएकोले जिउमा त्यति चोट लागेन ।

फेरि साइकलमा चढेर बिस्तारै गन्तव्यतर्फ बढें । केही मिनेटपछि बङ्गुर फार्ममा पुगेर साइकल पार्क गरेर सिधै आफ्नो काममा लागें । साहु-साहुनीले आफै धन्दा गर्दै थिए । हामी तीनैजना मिलेर त्यो दिन ठीक पाँच बजे काम सक्यौं । र, म कोठा फर्किएँ ।

मेरो दिनचर्या यसरी नै चल्दै गयो । चार महिनाको कठिन परिश्रमपश्चात् मोटर कम्पनी आइसिङ ताकाओका टोयोटा गाडी कम्पनीमा काम खुल्यो । काम खुल्नुको मुख्य रहस्यचाहिं त्यही मार्कोस भन्ने पेरुभियन नागरिकले अप्रत्यासित रपमा काम छाड्ने निर्णय गरेछ । त्यो मार्कोसको स्थानमा कोही नपाइएकाले मलाई राख्नेबारे जित, आङफुर्वा र सुइरे बूढाले सल्लाह गरेछन् । मलाई उनीहरुले त्यो काममा जानुपर्ने बताए । मैले एकदमै हर्षित भएर काममा जान सहर्ष स्वीकारें, तर त्यहाँको काम पनि अति कठिनका साथै जोखिम पनि रहेछ ।

'काम गाह्रो छ सक्दैनस् होला भाइ' आङफुर्वाले मलाई भनिरह्यो ।

मैले भने, 'पहिला काम त हेरौं दाइ, त्यसपछि पो सक्ने र नसक्ने थाहा पाइन्छ ।'

आङफुर्वा चुप बस्यो ।

अब भोलि काममा त जाने तर बङ्गुर फार्मको काममा अवगत गराउनु पर्‍यो । म अर्को काममा जान्छु भन्यो भने रिसाउँछ भनेर सुइरेले जुक्ति खियायो र मेरो बङ्गुर फार्मको साहुलाई फोन गरेर 'दया तत्कालै नेपाल फर्किंदैछ' भनेर ढाँटिदियो । भोलिपल्टदेखि आइसिङ ताकाओका टोयोटा कम्पनीमा काममा जाने पक्कापक्की भयो ।

आइसिङ ताकाओकामा प्रवेश गरेपछि तीन वर्ष बित्नै लागेको थियो । हामी नेपाली ज्यादै वफादारीताका साथ काम गर्दै गइरहेका थियौं । अचानक के वानको सामान निरीक्षण गर्ने मेसिनमा दुइजना जानु पर्ने भएकोले युकी भन्ने जापानी केटा कमान्डर बनेर जाने भयो र उसले मलाई ज्यादै मन पराउँथ्यो । र, मलाई पनि लिएर गयो । तीन/चार महिनापछि युकी फेरि के टु मेसिनमै फर्किने भयो । र, मलाई उसको नेतृत्व हस्तान्तरण गरेर जाने भयो । मलाई पर्‍यो फसाद । कारण, प्रत्येक दिन असन्तुलित मानसिकता बोकेका र सुस्तमनस्थिति भएकाजस्ता कामदारहरु आउने गर्थे । म नेपालीले काठे जापानी भाषामा आदेश दिनु कति कठिन थियो भन्नेबारे मैले विवरण गरेर साध्य छैन । रातको काममा स्वचालित मेसिनबाट बगेर आएको सामान छुट्टाएर बक्समा हाल्नुपर्ने, तर मसँग कामगर्ने कामदारहरु आँखा चिम्म गरेर बुख्याँचाजस्तो उभिएपछि के हालत हुन्छ ? मैले अनेक आग्रह गरें 'म नेतृत्व गर्न सक्दीन' भनेर तर मलाई नै गर्न लगाइयो ।

कामान्डर भएको नाताले मैले मेसिन बिग्रेको, टुटेकोफुटेको सबै हेर्नुपर्थ्यो र बिग्रिएको सामान चाहिं मेसिनमा नै हालेर पठाउनु पर्थ्यो । त्यसैले बिग्रिएको सामान मेसिनमा हालेर पठाएको थिएँ, मेसिनमा अड्किएछ । अड्किएको सामान तान्ने क्रममा मेसिनको फ्रेमबार झरेर दाहिने हातको चोर औंलाको आँख्लामा च्यापिदियो । एकदम पीडा भइरहेको थियो र 'मेरो औंला

छिन्यो, अबचाहिं डुँडो भइएछ' भनेर सोचिरहेको थिएँ । दायाँबायाँ कोही थिएनन्, रोइकराई गरेको पनि मेसिनको आवाजले राम्ररी सुन्नसक्ने अवस्था थिएन । बल्लबल्ल मसँग काम गर्ने गोता भन्ने साथीले सुनेपछि त्यस मेसिनका विशेषज्ञहरु बोलाई सहयोग गर्न आए । उनीहरुले फ्रेमले च्यापिएको मेरो औंला निकालिदिए । तर, मेरो औंला भने रक्तसञ्चार बन्द भएर दुःख्न छाडिसकेको थियो । मैले सोचें 'औंला नछिनिए पनि रक्तसञ्चार बन्द भएकोले च्यापिएको भाग निस्क्रिय हुनेछ र सुकेर जानेछ । कम्पनीको मेडिकल सेन्टरमा मलाई लिएर गए । त्यहाँ सामान्य प्राथमिक उपचार गरेर अस्पताल लगियो । अस्पतालमा पुग्दासम्ममा औंला सुन्निएर चलाउन नहुने भइसकेको थियो । आकास्मिककक्षमा नाम दर्ता गरेपछि तुरुन्तै एक्स-रे गरियो । डाक्टरले एक्स-रे हेरेर औंलाको हड्डी ठीकै भएको जनाएपछि पीडाको बाबजुद पनि ज्यादै खुशी भएँ । नभन्दै केही दिनपश्चात् औंला ठीक भयो । धन्य भगवान् ! जापानको चिनोस्वरुप औंला डुँडो हुनबाट बचियो ।

अनेक समय र परिस्थितिसँग सङ्घर्ष गर्दै इमान्दारिताका साथ काम गरिरहेका हामी नेपालीलाई तीन वर्षपछि अप्रत्यासित रुपमा 'तिमीहरु भिसा नभएको मान्छेलाई हामी राख्न सक्दैनौं' भनियो । हामीले अन्तै काम खोज्नुपर्ने भयो । तर, हामी एक-एकजना गर्दै जापानीहरुलाई प्रशिक्षण दिँदै आफ्नो स्थानमा पोख्त बनाएपछि मात्रै आफूले छाडेर जान सक्ने आदेश दिए । जापानीहरुले काम गर्न नसक्ने ठाउँमा नेपालीहरुले अत्यन्तै वफादारिताका साथ तीन/तीन वर्ष काम गरिसकेपछि काम लाग्यो भाँडो, तर आखिरमा ठाँडो बनाएर हामीलाई बूढो गोरुलाई पार दिएझैं पार दिन खोजियो । हामीले 'काम छाड्ने नै हो भने हामी एकैपटक निस्किएर जान्छौं' भनेर आवाज उठायौं । हामी सबै नेपालीले एकैपटक काम छाडेमा मेसिन नै नचल्ने पक्कापक्की थियो । नयाँ जापानी बहरहरुलाई दाइसकेपछि मात्रै पार पाइने निश्चित भएपछि नतमस्तक भएर समय गन्दै काममा व्यस्त भयौं । अब चिनेजानेको मित्रहरुलाई फोन गर्दै चाँडै काम सकिने जानकारी गराउँदै उनीहरुले गर्दै गरेको कम्पनीमा काम मिलाइदिन अनुरोध गर्ने क्रम जारी रह्यो ।

हमामाचुमा दाइ धन गुरुङ्ग र नम्बरी गणेश राई काम गर्थे । उनीहरुको कम्पनीमा तत्कालै एकजना मान्छे चाहिने भएकोले मलाई 'तुरुन्तै काममा आउन' भने । मैले 'मेरो पुरानो कम्पनीमा अर्कै काम पाएकोले तीन दिनसम्ममा त्यहाँ पुगिसक्नुपर्छ' भनी जानकारी गराएँ । पुरानो कम्पनीका हाम्रो विभागको प्रमुख मिखावा सान्ले सहर्ष स्वीकृति दिए । र, त्यही दिन आइसिङ ताकाओकामा काम गर्ने नेपाली, जापानी र पेरुभियन मजदुर साथीहरुसँग मैले बिदा लिएँ । पर्सिपल्ट निसियो छाडेर हमामाचुतर्फ लागे । मेरो सामान धेरै भएकोले रेलबाट झरेर निकै कठिन परिरहेको बेला गणेशजी स्टेसनमा आइपुगे । हामी दुवै मेरो सामान बोकेर कोठातर्फ लाग्यौं । कोठामा अब तीनजना हुने भइयो । म शनिबार पुगे सोमबारदेखि काम सुरु हुने भएकोले त्यही दिन धनले साहुसँग भेट गराइदिए । त्योभन्दा पहिल्यै धन र गणेशलाई भेट्न जाँदा साहुजीसँग बोलिसकेकाले मैले बोलेको जापानी भाषा सुनेर उनी मसँग निकै प्रभावित थिए । सन् २००० मार्च ६ सोमबारदेखि काम पक्का भयो । धन र गणेशचाहिं

मारुचो मेकी कम्पनीमा काम गर्थे भने मैलेचाहिं उही साहुको निजी कम्पनी दाइएइदेन्सी कम्पनीमा काम गर्नुपर्ने रहेछ । जापानको सबैभन्दा आरामदायी काम गरेको पनि त्यही नै थियो । गर्मीमा एयरकन्डिसन र जाडोमा हिटर लगाइएको हलभित्र घुम्ने मेचमाथि बसेर कम्प्युटर, भिडियो डेक, भिडियो क्यामेराका चिप्सहरु सोल्डरिङ गर्नु पर्थ्यो । कामको समय थोरै र पारिश्रमिक पनि पहिलेको कामको भन्दा घण्टाको दुई सय येन कमी थियो । तर त्यही काममा एकजना जापानी महिला धेरै वर्ष अघिदेखि कार्यरत रहिछन् । उनी पैंतालीस वर्ष जवानीको उकाली चढ्दै गरेकी रहिछन् । तर, उनले आफ्नो सौन्दर्यलाई मुट्ठीभित्र कसेर उम्कन भने दिएकी रहिनछन् ।

त्यसैले गणेश र मैले उनको नाम बीबीसी राखेका थियौं । जस्को अर्थ ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसनचाहिँ हैन, बूढीबूढी च्वाँक भनेको हो । उनको सौन्दर्यता र भद्रता जत्ति थियो, काम पनि उत्तिनै पोख्त थिइन् । मैले एउटा सक्दा उनले चारवटा जति गर्थिन् । महिला भएकै कारण मेरोभन्दा उनको तलब थोरै थियो । उनले घण्टाको करिब दुई सय येन कमी पाउँथिन् । प्रिय  पाठकबृन्द ! कस्तो लाग्यो जापानको लैङ्गिक समानता ? अहिलेसम्म जापानको कानुनमा महिलालाई राजगद्दी गद्दिसिन हुनका लागि बन्चित गरिएको छ । युवराज्ञी मसाकोबाट राजकुमारी आइकोको जन्म २००१ मा भएपछि तत्कालीन प्रधानमन्त्री जुनइचिरो कोइजुमीले महिलाले पनि गद्दी आरोहण गर्न पाउनुपर्छ, तर तत्कालै कानुन संशोधन गरिहाल्नुपर्ने आवश्यक नभएको भनी सदनमै कुरा पनि उठाएका थिए । प्रधानमन्त्री जुनइचिरो कोइजुमीको भनाइमा उनी अझै पनि युवराज र युवराज्ञीद्वारा छोरा जन्मिने कुरामा आशावादी भएको स्पष्ट थियो । जापानका महिलाहरुचाहिँ उन्मुक्त भएर तडकभडक शृङ्गार भौतिक सुविधाको उपभोग गर्न र श्रीमान्लाई नाजायज किसिमले बढी दबाब दिनमै निर्लिप्त भएको पाइन्छ । सानो कुरामा पनि चित्त नबुझेमा पारपाचुके गर्ने धम्की दिने, धम्कीमात्रै हैन सजिलै पारपाचुके गरिहाल्ने चलन छ । आफ्नो समान अधिकार कहाँ गुमेको छ ? पोइलाई ठग्दैमा, धम्काएर आफ्नो इच्छा परिपूर्ति गर्दैमा लैङ्गिक समानता हो भन्ने ठानेका त छैनन् ? जापानका श्रीमान-श्रीमतीहरुको क्रियाकलाप हेर्दा मलाई त एउटा लोकोक्तिको याद आउने गर्थ्यो- ‘लोग्नेमान्छे काँतर भएमा पराइको पाउमा सुत्छन्, स्वास्नीमान्छेहरु काँतर भएर सौताको रिसले पोइको काखमा मुत्छन ।’ लोग्नेमान्छेहरु काँतर भएर जाइज कुरामा श्रीमतीको पाउमा सुत्नुपर्ने कुनै गुञ्जायस छैन । जापानी महिलाहरुले आफ्नो पतिलाई दबाब दिएर श्रीमान् लुचुक्क भयो भन्दैमा लैङ्गिक समानता हो भन्नु मुर्खता हो । उनीहरु सौताको रिसले पोइको काखमा मुतिरहे छन् । पोइको काखमा मुत्दैमा सौता पन्छाउन सकिँदैन भन्ने कुरा ज्ञान भएमा उनीहरु आफ्नो समान अधिकार प्राप्तिका लागि सक्षम हुनेछन् ।

त्यस्तो कठपुतलीका रुपमा सजाएर, विभिन्न भौतिक सुविधा उपभोग गराएर, शृङ्गार गराएर खोपीभित्र राखेर, भोकविलासको साधन त राणाकालमा राणाहरुले नै अपनाइसकेका थिए । जापानका नारीहरुको अवस्थालाई सूक्ष्म विश्लेषण गर्दा इमान्दारिताको अभिनय गरेका

पुरुषहरुको काखभित्र खेलौना बनेर, मस्त निदाएर दिवा सपना देखिरहेका छन् भन्नुमा कुनै अत्युक्ति नहोला ।

बीबीसी दिदीसँग एक महिना आरामसँग काम गरेपश्चात् त्यहीअनुरुपको पारिश्रमिकले गाँस, बास धान्न पनि धौ-धौ परिरहेको बेला मेरो कम्पनीको साहु साथीको कम्पनीमा काम खुलेछ । दाइएदेन्सीमा पनि कामदार महिलाहरु थपिएकोले मलाई उसको साथीको कम्पनीमा पठाउने बिचार गरेछ । साहुले मलाई बोलाएर उसको साथीको कम्पनीमा जापानी भाषा जान्ने मान्छे चाहिएको बतायो । 'तिम्रो भाषा राम्रो छ, तिमी त्यहाँ जानका लागि योग्य छौ' भनेर सम्झाएपछि म पनि त्यहाँ जानका लागि तयारी भएँ । कम्पनीको नामचाहिँ कामीइरे क्यास्तो थियो । त्यहाँ कामचाहिँ मोटरका पार्ट्स वेल्डिङ गर्नुपर्नेरहेछ । जिन्दगीमा कहिल्यै पनि वेल्डिङ नगरेको काम भएपनि सन् २००० को अप्रिल ३ मा नयाँ कम्पनी हेर्न गयौं । त्यही दिनदेखि मलाई काम गर्न बस्नुपर्ने कामीइरे क्यास्तोको साहुले जनाएपछि दाइएदेन्सीको साहु र कामीइरे क्यास्तोको साहु दुइजनाबीच, म एकजना नेपाली कामदार जिम्मा दिने र लिने काम भयो । नेपालमा गरिब परिवारको बालकलाई आफ्नो अभिभावकले पैसा लिएर नोकरका रुपमा साहुलाई जिम्मा लगाएको परिदृष्य मेरो आँखामा खेल्न थाल्यो । मलाई ज्यादै नरमाइलो लाग्यो ।

दाइएदेन्सीको साहुले मलाई फुर्काएर विज्ञापन दिन थाल्यो ।

'साचो सान् अरेने दायाच्याङ्नो आतामा ई करा सा सिगोतोगा नान्देमो देकिरु, ओसित्तरा सुगु ओबोइरु' अर्थात् 'साहुजी यो दयाको दिमाग अति तीक्ष्ण भएकोले जे काम पनि गर्न सक्छ र जे सिकाए पनि चाँडै सिक्न सक्छ ।'

अब भने दिमाग राम्रो मान्छेको के हाल हुने हो थाहा छैन । मलाई सिकाउनेचाहिँ सिमिजु नाम गरेको ५४ वर्षको व्यक्ति रहेछ ।

उसले आएर मलाई प्रश्न गऱ्यो- 'योसेत्सु यत्ताकोतो आरु ? (वेल्डिङ गर्न आउँछ ?)'

'यत्ताकोतो नाई (गर्न आउँदैन ।)' मेरो यस्तो जवाफपछि उसले त्यहाँको कामका बारेमा जानकारी गरायो । त्यो दिन सामान्य कामका बारे परिचयात्मक कार्यक्रममै समाप्त भयो । कामीइरे क्यास्तोको नयाँ साहुले कोठासम्म नै गाडीमा ल्याइदियो । साहु दैनिक मलाई मेरो कोठामै लिन आउँथ्यो र पुऱ्याइ पनि दिन्थ्यो । कहिल्यै नगरेको वेल्डिङ काम (ज्यादै मसिनो गाडीका पार्टपुर्जाहरुमा) गर्नु झनै गाह्रो थियो । एक वर्ष त प्रशिक्षणकालमै बित्यो । झन्डै डेढ वर्षदेखि चाहिँ निकै पोख्त भएँ । मेरो सेन्सेई अर्थात् गुरुजी सिमिजुचाहिँ मानसिक सन्तुलन ठीक नभएको व्यक्तिजस्तो थियो, नजानेको कुरा सोध्न जाँदा नबताउने, कहिलेकाहीं त बिहानैदेखि रिसाएर आएपछि दिनभरि काम नै बताउँदैन थियो । उसले काम यो गर्ने, त्यो गर्ने भनेन भने मेरो कामै हुँदैनथ्यो । उसले दैनिक के-के अर्डर आएको लिस्ट हेरेर मात्रै मलाई केचाहिँ बनाउनुपर्ने आदेश दिने गर्थ्यो ।

काम आरम्भ भएपछि ज्यादै कोसिस गरेर गर्न थालें । मेरो पुरानो साहुले तीक्ष्ण मस्तिष्कको धनी भनेर मेरो प्रशंसा गरेको इज्जत थाम्न ज्यादै गाह्रो भयो । काम गर्दै जाँदा थाहै नपाई दुई वर्ष बितिसकेको थियो । कहिलेकाहीं पूर्वजानकारीबिना भोलिपल्ट नै सामान चाहिने टेलिफोनमा डिमान्ड आएपछि मेरो गुरुजी सेन्सेई सिमिजु र म दुइजनाले बिहान सात बजेदेखि आरम्भ गरेर जति बजे त्यो सामान सकिन्छ, त्यसपछि मात्रै घर फर्किन्थ्यौं । कहिलेकाहीं त पहिलो दिन बिहान सात बजेदेखि भोलिपल्ट बिहान सात बजे मात्रै सामान बनाइसक्थ्यौं । यसरी अचानक सामानको डिमान्ड आएन भने प्रायःजसो बिहान आठ बजेदेखि बेलुकी सात बजेसम्म काम हुने गर्थ्यो ।

फेब्रुअरीको जाडो मौसम थियो । काम गर्दागर्दै अचानक सामानको डिमान्ड आएछ । साहुले डिमान्डपेपरहरु ल्याएर सिमिजुको टेबुलमा राखिदियो । अन्य दिनहरुभन्दा त्यो दिन व्यस्त त हुने नै भइयो । कामको टुङ्गो थिएन, त्यो काम कुन बेला सकिने भनेर । गरे पनि नगरे पनि हामी दुइजनामात्रै काम गर्ने भएकोले भोलि पठाउने सामान बनाउनमै व्यस्त थियौं । गर्दै जाँदा बिहानको एक बज्न लागेको थियो ।

उसले दिएको काम सकेपछि मैले, 'यो काम सकियो, अब अर्को कुन गर्ने ?' भनेर सोध्न गएँ, तर ऊ बोल्न मानेन । पाँच मिनेट उभिएर प्रतीक्षा गरे, तर ऊबाट केही पनि प्रत्युत्तर पाउन सकिनँ । रिसाएर मेरो सोधाइप्रति बेवास्ता गरेको बुझेपछि म आफ्नो काम गर्ने टेबुलमा फर्किएर गएँ ।

माँझकिरात बस्ने काँचो राईको छोरो, जति संयम हुन खोजे पनि रन्को छुट्यो । आवेशको भुमरी नियन्त्रण नभएपछि मेरो छेउमा भएको मैला ढ्वाँङलाई लात बर्षाउन थालें । वरिपरिका सामानहरु टिप्दैफाल्दै गर्न थालेपछि साहुले उसको टेबुलबाटै सोध्यो ।

'ए दया के गर्दैछस ? हामी काम गरेर सबै थाकेका छौं, किन रिसाएको ?' ऊ टेबुलबाट उठेर आएन ।

सिमिजु मतिर आएर मलाई धम्काउन मात्रै के खोजेको थियो । मैले छातीमा समातेर अनुहारमा बक्सिङले ताकेर जापानी भाषामा 'ओमाइ नानीगा होसी ? ओमाइनी कोरोसु बाकायारो (तैले के खोजिस्, म तँलाई नमारी छाड्दिनँ' भनी छातीमा समातेर घुमाउन थालेपछि उसले प्रतिकारको हात उठाएन ।

त्यसपश्चात् मैले त्यसको अनुहारमा प्रहार गर्न मुठ्ठी पारेको हातलाई फिर्ता गरेर ल्याएँ । जापानीहरु ठ्याक्कै जनजातिजस्तो अनुहार भएपनि हामी नेपालका जनजातिझैं आँटिलो र मूर्खचाहिं हुदैनन् ।

मेरो साहु त्रसित र मलिनो स्वरमा 'दया नानी यात्तेरुनो ? के गर्दैछस् ऐ दया ?' भन्दै टेबुलमा घोप्टिएर बसिरह्यो ।

मेरो आवेशको ज्वालामुखी विस्फोट भएर लाभाको प्रवाह रोकिएर नसेलाइन्जेलसम्म आफ्नै तालमा उफ्रिइसकेपछि कामले थाकेको, त्यसमाथि पनि उफ्रिएर लखतरान भएर टेबुलअगाडि

कुर्सीमा बसिरहेको थिएँ । साहु सिमिजुको टेबुलमा गएर १०/१५ मिनेटजति सम्झायो र कामको स्केच लिएर आयो ।

साहुले मलाई स्केच दिँदै, 'ल दया, हामी नै हो काम गर्ने, हामी मिलेर काम गर्नुपर्छ' भन्दै सम्झायो ।

मैले प्रत्युत्तरमा 'सिमिजुले यही स्केच मात्रै दिएको भए हेरेर सबै काम गर्ने थिएँ ।

उसले नदिएपछि मैले कसरी काम गर्ने आफै भन्नुहोस् साहुजी ?' प्रश्न सहित बिन्ति बिसाएँ ।

साहुले सही थप्दै, 'हो-हो मलाई थाहा छ दया, यो तिम्रो गल्ती हैन । ल-ल अब छिटो गरेर कोठा फर्किनुपर्छ' भन्यो ।

झगडाको समाप्तिपछि काम सक्नेतिर फेरि तल्लीन भएँ । सिमिजुले त्यत्ति स्केच दिन पनि कञ्जुस्याइँ गरेर मलाई काम बताउन मान्दैनथ्यो । दुई वर्षको अन्तरालमा उसले यस्ता अनगिन्ती व्यवहार गरेको थियो । त्यही भएर त्यसको तालुमा आलु फलाइदिने अन्तिम निष्कर्षमा थिएँ म ।

तीन बजे बिहानतिर काम सकिएर सिमिजु आफ्नो घरतर्फ लाग्यो साहुले मलाई कोठामा ल्याउने बेला गाडीमा- 'दया, तिमी नराम्रो मान्छे होइन । त्यही सिमिजुनै अलिक खराब छ' भनेर सम्झायो ।

मैले साहुलाई विश्वास दिलाउँदै भने- साहुजी, मैले कहिल्यै पनि आफ्ना लागि र पैसाको लागि मात्रै काम गर्दिनँ । मैले तपाईंको कम्पनीको भविष्यलाई पनि सोचेको छु । जति हामीले राम्रो काम गऱ्यो, त्यत्ति नै कम्पनीको प्रतिष्ठा पनि बढ्दै जानेछ । हाम्रो कम्पनीमा मन्दी छायो भने त्यसको प्रत्यक्ष असर तपाईंलाई मात्रै हैन मलाई पनि पर्नेछ । यदि हामीले समयमा ग्राहकलाई सेवा प्रदान गर्न सकेनौ भने कम्पनी नै ठप्प भएपछि त्यसको असरले म आफै बेरोजगार हुनुपर्छ । कम्पनी व्यस्त भएको बेला शनिबार-आइतबार काम गर्दिन भनेर कहिल्यै पनि मैले अस्वीकृति जनाएको छुइनँ ।'

यो कुरा सुनेर साहु नतमस्तक भएर भन्यो, 'हो दया, तिमीले धेरै बुझेका छौ ।' १५ मिनेटपछि कोठामा आइपुग्यो । मलाई कोठामा छाडेर साहु आफ्नो कोठातिर लाग्यो । म धेरै सोचाइमा परें । यी निम्नस्तरका जापानीहरुसँग झगडा गर्दै कति बस्ने ? मनमनै नेपाल फर्किने योजना पनि त्यही दिनदेखि बनाउन थालें । चाँडै नेपाल फर्किने योजना भए पनि पुरा हुन भने एक वर्षजति लाग्यो ।

मैले साहुलाई सन् २००३ को अक्टोबर ३१ देखि काम छाड्ने जानकारी गराएँ । मैले अत्यन्तै विश्वसिलो काम गरेकोले साहुले मलाई नेपाल गएर तीन महिना जतिमा फर्किने हो भने मेरो रिक्त स्थानमा कोही पनि नराख्ने बताएको थियो । तर मैले नेपाल फर्किएपछि जापान फर्किन लामो समय लाग्ने कुरा जानकारी गराएँ । उसलाई मेरो रिक्तस्थानमा अर्के मान्छे राख्ने आग्रह

गरें । साढे तीन वर्ष कामीइरे क्यास्तोमा र अन्य ठाउँ गरेर जम्मा सात वर्ष जापानको कठिन परिश्रमपछि बिदा लिएर कारागारबाट छुट्कारा पाएको कैदीझैं नमरी बाँचे फेरी पनि जापान आउने वाचासँगै म जापानको अति विकट जिन्दगीबाट मुक्त भएँ ।

## एथेन्सको झरी

-केदार सङ्केत

म इराकबाट आफ्नो कार्यकाल सकेर बेलायत फर्किंदै थिएँ । कम्पनीले दिएको समयभन्दा केवल दुई दिनअगाडि बेलायतमा जाने बिन्तीपत्र दुई महिना अगाडि नै चढाए । तर पनि कम्पनीका भरौटे कमान्डरहरूको हैकमवादी मनोभाव र यथास्थितिको कायरतापन सेलाएको देखिएन । यो शताब्दीसम्म आइपुग्दा पनि महाशयहरुको मनमा दिग्भ्रमित लाछीपन देखियो । अन्तत्वगत्व, चुपचाप म तिनीहरूको मुखमा घाँसको एकमुठो बुजो कोचारेर ३५० डलर आफ्नै खल्तीबाट तिरेर इराकको बाज्राबाट स्काए अरलाइन्स मार्फत कुवेत पुग्छु, २६ तारिख जनवरी २००९ का दिन ।

बिट्रिस सामराज्यवादको कालो छाप अझैं पनि यहाँका जनतामा नमेटिए झैं प्रायः हाम्रा उच्च पदका बिल्ला भिर्ने गोर्खाली दाजु भाइका मनमा पनि गोब्रेपनको पछौटे मनोभाव यथावत रहेको देख्दा सिक्नुपर्ने निक्कै देखिन्छ ।

दुई दिनपूर्व नै बेलायतमा पुग्नुको कारण भने किराँत सुनुवार समाज युकेले ‘किराँत समुदायहरूबीच सुमधुर सम्बन्ध तथा परामर्शको एक ऐतिहासिक अन्तरसंवाद आयोजना गरिएको थियो । बेलायतमा पुगेर तयारी गनपर्ने कारणले गर्दा अलि अगावै जाने जमर्को गरेको थिएँ । सोही कारणले गर्दा म २९ तारिख अगावै पुग्नु सान्दर्भिक भएर नै हो, यो निवेदन मेरा सिनियर गोरा तथा गोर्खाली सुपरभाइजरहरूलाई चढाएको ।

पटक पटक लिखित निवेदन दिंदा पनि स्वीकृति नपाएपछि आफ्नै खर्चमा एथेन्स हुँदै बेलायत जाने निधो गरेँ ।

धेरै पटक एथेन्सको एक्रोपोलिस र सिन्ताग्मा (प्राचीन सहरको नाम) सुने पनि उक्त भूमिमा पाइला टेक्ने मौका भने मिलेको थिएन । त्यसैले मैले पनि ‘पशुपतिको जात्रा, सिद्राको व्यापार’ भन्ने उखानलाई बिर्सन सकिनँ । बस कुरेर बस्नेको भीड त छँदै थियो । जुन देशमा यात्रा गरे पनि मानिसको भीड र होहल्ला नहुने ठाउँ भने देख्या छैन आजसम्म मैले ।

एथेन्सको अन्तर्राष्ट्रिय विमानस्थलको पाँच नम्बरको गेटबाट बाहिर निस्किएपछि बसको टिकट काट्छु, तीन युरो बीस सेन्ट तिरेर । बस पर्खन्छु म । करिब पाँच मिनेटपश्चात् ठीक ०७,३० बजे ९५ नम्बरको बस चढेर म एक्लै बत्तिन्छु एक्रापोलिसको थुम्कोतिर ।

एक्रोपोलिस (Acropolis) ग्रिक शब्द हो । यसको अर्थ हुन्छ, धारिलो सहर । तर यहाँ एथेन्सको पवित्र ढुङ्गाको पहाड भनिन्छ ।

बस चढेर टिकट एउटा पहेंलो बक्सको अटोमेसिनमा घुसारेपछि यात्रीहरूको संख्या गनिँदो रहेछ । बसका सबै सिटहरू एकै छिनमा भरिन्छन् । म बसेको ठीक अगाडिको सिटमा तीनजना काला जातिका अल्लारे केटा केटीहरूले कानै खाने गरेर गफ गर्छन् । सरकार र अभिभावकले अनुशासनको जति नै शिक्षादीक्षा दिए पनि त्यसलाई नमान्नु आजका उरन्ठेउला

नानीहरूको परिचय नै भएको छ। एकजना बसभित्रैको यात्रुले ग्रिस भाषामा हपारेको कुरा उसका जुँगाको फर्फराइबाट बुझिन्थ्यो। तैपनि के को टेरपुच्छर लगाउँथे ती बेसोमत उरन्ठेउलाले। एक छिनपछि पुनः हल्ला गर्न थाले माहुरी भुनभुनाएझैं बेतोडसँग तिनीहरूले।

बसको गति हाइवेमा जति तीव्र थियो त्यतिनै थियो मनमा उत्सुकताको उष्णताको। सडकका बत्तीहरू बिहानीको सूर्यको प्रकाशबाट ओझेलिदै थिए। बायाँतिर देखिने पहाडको घुम्टो बादलले छोपेकाले माथिल्लो भाग देख्नै सकिनँ। बाञ्जाको समथर भागमा बालुवाको र उजाडपनले नियास्रिएको मेरो मन पहाड देख्ने बित्तिकै सुस्तरी भरिन थाल्यो। गाउँमा छँदा घरकै आँगनबाट देखिने पूर्वतिरका हरिया पहाड, सल्ला र ठिङ्केको जङ्गलको थाप्लोमा घुरेको तामेडाँडा र हिमाल गौरीशंकरको दर्शनमा टम्म रमाउने मन विदेशमा कतै आजसम्म रमिएन। हाम्रा पहाड, पर्वत, हिमाल खोलानाला भनेका हाम्रै हुन्। जसको तिर्सना मेट्न अरू देशमा सजिलै पाइन्न। खोजेर सकिन्नन् भेट्टाउन। बागमती गन्हाए पनि, सुके पनि त्यसको महत्व अर्कै छ।

त्यो देखिने पहाडको टुप्पासम्म यी आँखाहरूले पछ्याउन खोजे। उक्त डाँडा वरिपरि ठुल्ठूला स्याटेलाइटका डिस्कहरू थिए। बाटाका स-साना बजारहरूको बस बिसौनीमा बेला बेलामा रोकिन्छौं। सिमसिमे झरीले मन चिस्याइरहेछ। एक्लो यात्राले केही हदसम्म एक्लिएको अनुभवमा बैसाखी खोज्छु म।

सिन्ताग्मा सहरमा पनि यस्तै पानी परेमा केको धीत मर्ने घुमाइ भो र ? मन एक तमासले कुँडिरहेछ काँचो भोगटे खाँदा दाँत कुडिएझैं। सडक दायाँबायाँका दृश्यहरूमा फरक पाउँछु निक्कै नै, अरू युरोपेली सहरहरूका दाँजोमा। घृतधारा जस्तै धुमलिएका घरहरूबाट झरेका पानी। ती घरका रंगहरू मानौं भर्खर परेको पानीले पखालिँदै छ, तर मेरो मन भने पोतिँदै छ नयाँ प्रदेशको नयाँ दृष्यहरुले।

मासुका दोकानहरू, किमच्रिङ-मिच्रिङ परेका पसलहरू देख्दा कसरी मान्ने मानव सभ्यताको पहिलो प्रतीकको देश भनेर। म मन मनैं घोत्लिन थाल्छु र पनि छोट्याउँदै छु बाटो, एउटा सभ्यताको ऐतिहासिक ठाउँ सिन्ताग्माको एक्रापोलिस जुन आधुनिक युगको सातौं आश्चर्यमध्ये यो पनि एक पर्दछ।

बृतचित्र हेरेझैं भाग्छन् यहाँका सबै चिजहरू एकाएक। ओझलिन्छन् पहाडहरू। ओझलिन्छन् उकाली र ओराली र सबैसबै।

-यो हुस्सुका दगुराइले नेपत्थ्यमा किन छेकेका यहाँका नौला लाग्ने दृश्यहरू?मेरा यी टोडल्के परेका आँखाहरू निर्विकार भए।बसचालकले उकाली-उकाली परेको बसपार्कमा लगेर बसको इन्जिन अफ गर्छ। सबै यात्रुहरू ओर्लिएकाले म पनि त्यहीँ नै अवतरिन्छु।

म जब सिन्ताग्माको उद्धानमा ओर्लन्छु

-सिन्ताग्मा सहर यतिखेर पनि रुझिरहेको देख्छु नेपथ्यमा।

-क्रिसमससमा यथावत राखिएका कृतिम धूपीका रूखहरू रुझिरहेछन् ।

-जापिया प्यालेस रुझिरहेछ ।

-बोटानिक बगैचा रुझिरहेछ ।

पहाडहरू क्रमशः मानास्तिराकी, कोलानाकी र ल्याकावेटुस पनि रुझिरहेछ । रुझिरहेछ बडेमाको भवन एथेन्स।

-पार्लिमेन्ट हाउस रुझिरहेछ ।

-म त झन् त्यसै रुझिरहेछु ।

-खुसीमा रुझिरहेछु निथ्रुक्क ।

तर एथेन्सको पाँच करोड घना बस्तीको राजधानी सिन्ताग्मा स्क्वाएरको सहरमा मेरो भित्री मन भने पटक्कै रुझेकै छैन किन किन । म अझैं पानीले स्नान गरिरहेछु । म ग्रिसेली शैलीमा एकैछिन भए पनि डुब्ने प्रयासमा छु । यहाँका जनमानसको सैलीमा भिँनै भएपनि प्रयन्त गरिरहेछु भिज्ने । नगर्न खोज्नु पो अनर्थ लाग्ला अशिष्ठता ठहर होला, भलो कुरामा त सम्बोधन गर्नु पनित सिक्नु पर्यो नि ।

म ठिङ्ग उभिएर प्राचीन सहरको उद्ध्यानमा वक्ररेखा कोर्दै छु । दायाँबायाँ चारैतिर हेर्दा पनि एक्रोपोलिसको पहाड नदेखेपछि नजिकैको नेपालकै जस्तो छाप्रे पसलमा गएर सोधपुछ गर्छु । पसलेले 'सिन्ताग्माको ट्रेन स्टेसनबाट अर्को स्टेस झर्नु त्यहीँ नै देख्नेछौं एक्रोपोलिस भनेपछि म लाग्छु सिन्ताग्माको प्लेटफामतिर लुरुलुरु ।

जब म उत्रन्छु एक्रापोलिसको स्टेसनबाट अनि बढ्छु अगाडि र देख्छु एक्रोपोलिसको पत्रे पहाड, भिजेर चिसोभएको यो शरिर बाफिन थाल्छ ।

विश्वको एउटा प्रख्यात स्मारक । ग्रिस देशलाई मात्र नचिनाएर विश्वमा चिनिने एउटा विशेष महत्वलेभरिएको विशिष्ट सांस्कृतिक सहर । पाँचौं शताब्दीको निर्मित पृथ्वीको वास्तुकलाको पहिलो प्रतीक । मानव सभ्यताको गोल्डेन एजको प्रतिनिधित्व गर्ने एउटैमात्र उदाहरणीय स्मारक जुन जमिनमा नभईकन चट्टानको पहाडमा निर्मित गरिएको पुरातत्वको एउटै मात्र वृत्तखण्ड शिल्पविद्यामा ।

म हुत्तिँदै छु उभैतिर । खुला बाटामा न कार पार्क गरिएका थिए न त मान्छेका भीड नै, थिए त देब्रे भागमा १९ र २०औं शताब्दीमा बनाइएका अति लोभलाग्दा घरहरू थिए । ती घरहरूलाई त्यतिखेर एक्रापोलिसको कापबाट छिरेको प्रकाशले हल्का स्पर्श दिँदै थियो भने जमिनबाट उठेको बाफले त्यो दिनको न्वारन गर्दै ।

उड्दै थिए चराहरू वर्षातपछिको बिहानीमा चारो खोज्न । मेरो मनमा भने उम्रँदै थियो कौतुहलको खडेरी । सुक्दै थिएँ म र सुक्दै थियो एक्रोपोलिस पहाड बिहानीको न्यानो घामले । मन सङ्लो भएर बहिर्मुख भैरहेथ्यो एक्रोपोलिस थुम्को तिरै ।

मेरो दायाँपट्टि डायोनस थिएटर बाटोबाट प्रस्ट भने देखिएन जति नै घाँटी तन्काएर हेरे पनि । धीत मर्ने गरी पछि पार्थिनन्को संघारको बारदलीनेर उभिएर हेरेँ । सबभन्दा पुरानो कोक्रे नाचघर (कोक्रो आकारको भएकाले) जहाँ त्यो समयमा नाटक मञ्चन गर्थे, ठूला-ठुला कार्यक्रम गर्थे ।

केही अगाडि पुगेपछि फेरि अर्को हिरोडास दी एटिकुस, दोस्रो शताब्दीमा निर्मित ध्वनि प्रभावित थिएटरभएकाले अझै पनि विभिन्न नाचगान हुने गर्छ यहाँ । स-साना हरिया बुट्यानलाई उछिन्दै टिकट अफिसनेर पुग्छु । १२ युरोको टिकट किनेपछि म फेरि नक्सा पल्टाउँदै प्रोपिलियाको भित्र पस्ने टेम्पल अफ एप्टेरोसनिकी जसलाई (कालिक्राटेसले ४२० औं शताब्दीमा निर्माण गरेका थिए) तर्फ लाग्छु । म मुख्य द्वारबाट स्वाट्ट छिर्छु, ग्रिसका गाइड गर्ने अधबैंसे ग्रिसेली दिदीबहिनीको बेसारघसाई निम्तोलाई नकार्दै । उनीहरूले भने हुन्, कस्तो लोभी मान्छे । संम्भवत पाजी पनि भनेहुन् मलाई । अन्तरमन भित्र छिर्न नसकिने भएकोले अर्काले जे भने मैले राम्रै भनेहुन भन्दै चढ्न थाले उकालो, ढुङ्गाको खुटकिला नै खुट्किला ।

म आफ्नै रफ्तारमा हुत्तिँदै थिएँ । रमाउँदै थिएँ । झुम्मिन्दै थिएँ । त्यहाँका रंगीन बिहानीमा । हातमा त्यहाँको नक्सा भएपछि किन चाहियो गाइड । सबैथोक त छ नक्सामा ।

एथेन्स उध्रिएको छ यतिखेर । म पनि खुलेको छु बिहानीको हुस्सु काठमान्डौं खाल्डोमा खुलेझैं मध्यान्हपखको ।

केही खुट्किला चढेपछि निकी मन्दिरको ढोकानेर पुग्छु म । निकी मन्दिरको सिलिङ चार भागमा विभाजित गरिएको रहेछ । पूर्वपट्टिको माथिल्लो भागमा भगवान्हरूका मूर्ति कोरिएका छन् भने अरू बाँकी भागमा ऐतिहासिक कालखण्डका लडाइँका चित्रहरू पनि कोरिएका छन् । त्यसैले भनिन्छ विजयको प्रतीक हो निकी मन्दिर । जब निकी मन्दिरलाई यथावत् राख्दै अरू खुट्किला चढ्न थाल्छु, ४३७ देखि ४३२ इसापूर्वमा निर्माण गरिएको विशाल ढुङ्गामा कुँदिएर ठड्याइएका खम्बाहरूबाट उँभो चढेपछि बल्ल एक्रोपोलिसको पार्थेवनको सँघारमा पुग्छु । यो पाँचौं शताब्दीमा निर्माण गरिएको थियो ।

पूर्व पट्टिको द्वारमा भगवान् एथेना जन्मिएको दर्शाइएको छ । पश्चिममा भगवान् एथेना र पोसेडिवन (समुद्रका र घोडाका देवता) ले हालको एथेन्स सहर प्राप्तिको लागि लडाइँ गरेको कुरा एक पौराणिक तथ्य मानिन्छ । तर लडाइँमा उनको हार भएका कारण एथेनाले एथेन्स र ओलिभको बोट ग्रिसका जनतालाई उपहार दिएछन् । आज आएर पनि ओलिभ तेल त विश्वमा प्रख्यात छ । पोसेडिवन इरेचथेउस घोडा र समुद्रका देवता भए पनि रथ र डुङ्गा भने भगवान् एथेनाले नै बनाएका थिए भनेर इतिहासमा लेखिएको छ । यी दुवैको शक्ति समिश्रण गरेर टोर्जन भन्ने लडाइँ पनि लडेका थिए रे । यी कुरामा अझैं पनि बेला बेलामा विवाद भने चल्ने गरेको पाइन्छ विकिपिडियाको पाना तिर ।

दायाँ बायाँका सहरहरू चकमन्न छन्, तर छैनन् मेरा मनहरू । विभिन्न ग्रुपमा विभाजित पर्यटकहरू प्रायः एसियाबाटै आएका थिए । यहाँबाट देखिने ठाउँहरू ओलम्पिक स्टुडिएम,

जापियोन, कोलोनाकीको ल्याकावेटोस छिरबिरे पहाड र एथेन्सको विशाल सहरले निश्चय नै मनमा एकप्रकारको शान्ति दिलाउँथ्यो। निरामय बनाउथ्यो केही हदसम्म भए पनि।

एक्रोपोलिस डाँडाकै पूर्वी भागमा जेउस पोलिओस र पश्चिम भागमा आयोनिक रिदमको मन्दिर छ। त्यसैगरी पश्चिम भागको ४०५ इसापूर्वमा बनाइएको इरेक्थियोन अवस्थित छ। यो पनि दुई भागमा विभाजित छ। उत्तरीभागमा बार्दली निकालिएको छ भने दक्षिणी भागमा दुईवटा भगवानहरू क्रमशः एटिका ऐथेना र पोसेडिवन इरेचथेउसको जहाँ भगवान् एथेना र पोसेडिवनको उपासना गरिन्थ्यो भनिएको छ। सम्भवतः पोसेडिवन इरेचथेउस यहीँ जन्मिएको अनुमान गरिएको छ।

अब म यतिखेर आफ्नै फोटो खिच्न भुलेकाले एक दुईवटा तस्बिरहरू खिचाउँदै अर्को एक फन्को लगाउँछु एक्रोपोलिसलाई। एथेन्स निद्राबाट नबिउँझदै म उसका पवित्र अङ्गहरूलाई चुम्न भ्याइसकेको हुन्छु। निद्रा बिथोलिसकेको हुन्छु।

यो पृथ्वीको अरबौं मानवले देखेको, चुमेको, छोएको र धेरै शब्दले वर्णन गरिसकेको भए पनि मैले पनिकेही लेख्ने जमर्को गरिरहेको थिएँ। तोष भर्ने निर्धो बाघचालको खेल खेल्दै थिए।

-कवितामा छोटा हुने भए वर्णन।

-कथा बेपात्रका हुने भएँ मेरा पातला अक्षरहरू र शब्दहरूमा।

बरु नियात्रामा नैं टम्म बाँधूझै लाग्यो। बुनूभैं लाग्यो, देखेका सबै दृश्यहरू तर छोडेर बाटो लाग्दैछु थुप्रै अरू यहाँ घुम्न नपाएका ठाउँहरू आज म।जस्तैः नेसनल आर्कियोलोजिकल संग्रहालय, नेसनल गार्डेन, बेनाकी आदि तैपनि फेरि भविष्यमा घुम्ने वाचा राख्दै म एथेन्सको झरीबाट बेलायतको चिसो खेप्न बाटो लाग्छु पाँच नम्बरको सिटी बस चढेर एथेन्सकोअन्तराष्ट्रिय विमानस्थलतिर मनको पाटोमा टम्म एथेन्सकै प्रकृतिको डोरीले बाँध्दै॥

# टावर ध्वस्तपार्न जाँदा

- भूमिराज राई

18 December, 2014 Thursday

ऊफ, गर्मीले पसिना चुहिन्छ र त्यहीं धूलो आएर टाँसिन्छ । हतारले सास फेर्ने टुंगो छैन' यो, त्यो, उ, एता, उत्ता'.ए, त्यो तैयार भयो'? अनि, पानी गाडीमा पस्यो? गोली'? बन्दुक, गन सफा भयो..? तेल..? रासन..? ब्याट्री एक्सचेन्ज भो..? लु लु अब लागिन्छ, पर्सनल एडमिन मिलाउनु । अरु केही भनिदैन 'ए फलाना, तिमीले फ्लाप सिट भर्नु है'!

भोलिपल्ट युद्दमा जाने तयारीको लागि सबैमा दौडधुप सुरु हुन्छ । समयलाई समात्ने हतारो चलिरहन्छ । उता समय आफ्नै रफ्तारमा दौडिरहेको हुन्छ , के छ र समयलाई मान्छेको उछितो काढ्दै त्यहीं घडीभित्र चक्कर लगाउनु त छ नि ! टिक - टिक गर्दै सेकेन्ड सुइ घुम्छ, मिनेट र घण्टा सुइहरु थाहै नपाई आफ्नो बाटो नाप्छ - एक, दुइ, तीन' सँधै रुटिन उनीहरुको चलिरहनु, बिहान हुन्छ, दिउँसो अनि बेलुका हुँदै रात पर्छ, घाम उदाउँछ, रापिलो हुन्छ बेस्सरी तताउँछ र साँझ आफै मलिन हुँदै बिदा हुन्छ, फेरि अर्को दिनको उस्तै रुटिनको लागि । रातभर तारा, जून उदाउछन । जून कहिले काहीं हराउँछ । प्रकृतिको आफ्नै नियम छ, त्यसरिनै चक्र चलिरहन्छ ।

हामी कताकता, केके हुँदै अन्तमा मुसाक्वला डिसीमै बसेर छ महिनाको अफगानिस्तानको कार्यकाल पुरा गर्नुपर्ने निश्चित भएपछि चारवटा हरियो सरकारी टेन्ट टाँगेर बस्न थालेको हप्ता दिन पुग्न लागेको छ । यो समय सँधै हतार र अभरमै बितेको छ । धेरै समयको अन्तरालपछि गोर्खालीहरुको इतिहासमा युद्दका क्रममा विद्रोहीको गोली लागेर युद्दमैदानमा मेरो नम्बरी युबराज राईले बीरगति प्राप्त गर्यो । यो शोक सेलाउन नपाउँदै अर्को गोर्खालीको विधुतीय धराप बिष्फोटनमा परि निधन भएको खबरले हामी विक्षिप्त भयौ । यही ठाउँ अफगानी युद्दभूमि, जहाँ पाँच महिना भन्दा बढी समय काट्नै छ, युद्द गरेर, त्यसैले पनि होला, हामी सधैं मनमा चिन्ता र मानसिक दबाब महशुस गरिरहेका छौं । चुनौतीहरुका बीच, गोली, बम र खतरासँग पौंठेजोरी खेल्दै मृत्युलाई जित्नसके मात्रै जिउँदै फर्किन पाइन्छ भन्ने सत्य कुरा थाहा पाएर होला सायद ! मृत्यु जित्न हामी सदा तैयार रहन्थ्यौं, चाहे जस्तो सुकै कष्ट किन झेल्न नपरोस्..! जीवन भन्दा मुल्यवान र महत्वपूर्ण अरु केही हुँदोरहेनछ ।

युद्द भूमिमा पुगेपछि मृत्युलाई नजिकैबाट देखेर धेरै परिपक्क हुँदोरैछ मान्छे । मृत्यु ध्रुब सत्य कुरा हो, तर हरप्राणी सँधै बाँच्ने ध्याउन्नमा हुन्छ । त्यही क्रममा एकदिन मृत्यु अँगाल्छ र अँगाल्नु पर्छ ।

बिद्रोहीहरुको मुख्य गढ रहेको अफगानीभूमि हेलमण्ड प्रोभिन्सको विभिन्न ठाँउमा छद्द कमाण्डो ब्रिगेडसँग सामेल भएर हामी टु.आर.जी.आरका सदस्यहरु सहकार्य गरिरहेका छौं, आ(आफ्नै जिम्मेवारी बहन गर्दै । मुसाक्वलाको दक्षिणमा भएको विधुतीय धरापको बिष्फोटनमा

परि अर्का गोर्खालीको वीरगति प्राप्तपछि त झन् झन् खतरा बढिरहेको अनुभब गर्दै हामी दबाब महसुस गर्न थालेका थियौं ।

ओहो ! अब यसरीनै, यही गतिमा गोर्खालीहरु मारियौँ भने त आफ्नो पालो पनि छिट्टै आउने खतरालाई नकार्न सक्ने स्थिति थिएन । काम र व्यस्तताको चाप उस्तै, चिन्ता पिर र कताकता डर पनि छिर्न थालेको थियो मनमा ।

दिनहूँ भिडंत झन्झन् चर्किदै थियो । मान्छेलाई दबाबभित्र बाँच्नुपर्दा सारै गाह्रो हुँदोरहेछ । खतरा र चुनौतीका कारण मनको कुरा गर्न पनि नचाहने, एकोहोरो हुने, अनि सुसुप्त हुन मनपराउने, एकांकी हुन पुग्दा रहेछन । स्थिति त्यस्तै थियो यो बेला । दिनहुँको भिडन्त, कामको उस्तै चाप, न मौसम राम्रो, न ठाउँ, न खाना मिठो, न त आरामनै गर्न पाइन्छ, ( “ओ हो '! एसरि त मर्नका लागि गोली वा बम चाहिदैन, आफै पो मरिन्छ कि क्या हो?“( दुश्मन मार्न युद्द भूमिमा आएको सिपाही यहाँको दुख र प्रतिकुल वातावरणले नै पो मरिन्छ कि भन्ने भयले मनमा यस्ता धेरै कुराहरु खेलिरहन्थे ।

कहिलेकाही घरमा फोनगर्दा खबर सोधासोध हुन्छ, उता घरमा चिन्ता र पिरले आधाप्राण एता आफ्नो उस्तै हाल, -“धेरै चिन्ता नगर्नु ' पीरगर्नु जरुरी छैन' !”- सब बनावटी नाटकी शब्द सिबाय अरु भन्ने कुरा के नै हुन्छ र ? युद्दको कुरा गर्न हुँदैन, यस्तोवेला हिम्मतले काम लिनु पर्छ “कि मारिन्छ कि मरिन्छ“ दुई थोकलाई सधैं नजिक राखेर अगाडी बढ्नु पर्छ ।

“आफ्नो ख्याल गर्नु होला । कस्तो खतरा रैछ । एक महिना पुगेको छैन दुइजना दाईहरु बितिसक्नु भएछ '! “फोनमा उत्ताबाटको रुन्चे श्वर रोकिन्छ” यहाँ हामी रुँदारुँदा थकिसक्यौ, अरु के गर्न सकिन्छ र'? कति सुन्नु दुखको कुरा ! ”

“लु लु' एसो दुखपरेको बेला सान्त्वना दिन जाँदै गर्नु ! दुख परेको बेला त हो नि मान्छेलाई मान्छेको आवश्यता पर्ने'साथ र सहयोग गरागर गर्नु ल! अहिले राखें है '?”

“ल ल' घरको चिन्ता नलिनुहोस ! आफ्नो ख्याल गर्नुहोस! जोगिएर काम गर्नु होला'”

“ल ल' बाई ..बाई !” बेलाबेला फोनको माध्यम भएर यताको पीर उत्ता गएर जोडिन्छ र उत्ताको दुख झन् यता आएर थपिन्छ । त्यसलाई छल्न यसरि नाटकीय शब्दहरुको पर्दा हालिन्छ ।

फेरि मन झसङ्ग हुन्छ ।

“ओहो हगि? बीरगति भनेको त मृत्युबरण गर्नु पो हो त! मर्नु भनेको ज्यान जानु र मारिनु पो त ! के बितिरहेको होला नि आफन्तहरु माथि अहिले..? मन त्यसै त्यसै सिथिल हुन्छ । हट्टा कट्टा जवान छोरा, पति अकालमै मारिंदा, गुमाउनु पर्दा कुन बाबुआमाको मन नरोला ? कुन श्रीमतीको मन नचिरिएला..? कसरि चित्त बुझ्ला..? कसले कल्पना गर्न सक्छ ?

अल्लारे यौबनमै बिधुवा हुनुको पिडा कस्तो हुन्छ? कति हुन्छ? सके त त्यो पिर बाँड्न मन लाग्छ त्यो भार हलुका बनाइदिन पाए'? भन्ने हुन्छ, तर यो सम्भव हुने कुरा होइन..उफ'!!"

सम्भिएर मन भन्भन् बाफिएर आउँछ ।

एता युद्द भन्भन् चर्कन थालेको छ । बिद्रोहीहरुको मनोबल बढेको बढेकै छ । धराप थाप्यो उतै पर्छन । गोली हान्यो उतै मर्छन्र उनीहरुको चर्तिकला बढेको बढेकै । हाम्रो तर्फबाट उनीहरुलाई हराउन र बिजय हाँसिल गर्ने प्रयास जारि थियो, तर सफलता भने हात पर्न सकिरहेको थिएन । प्रयास निरन्तर जारि थियो ।

भोलि हामी दक्षिणतर्फ जाँदै थियौं । जहाँ बिद्रोहीहरुको संचार टावर देखिएको खबर छ । हो होइन त्यो कुरा पत्ता लगाउने जिम्मा पाएका छौं । यदि हो रहेछ र हाम्रै सैन्य शक्तिले भ्याउने रहेछ भने हामी आफैले ध्वस्त पारौला । यदि दुश्मनको शक्ति मजबुद र ठुलै रहेछ भने त्यही अनुसार खबर गरेर थप सैन्यबल मगाएर ध्वस्त बनाउँला । त्यो हाम्रो युद्द योजना हो ।

हाम्रा बिशेष गुप्तचरहरुको सूचना अनुशार त्यो ठाउँ अलिक खतरा ठाउँ रहेछ । सबै चनाखो भएर बिद्रोहीहरुको हरेक चालबाट बाँचेर फर्किने हाम्रो ठुलो चुनौती हुनेछ । हामीसंग मास्टिभ कलसाईन पनि जाने भएको छ⁄ हामी अगाडी जाँदा उनीहरुले हामीलाई कभर गर्नेछन, सुरक्षा दिनेछन । भोलि बिद्रोहीहरुको मुख्य गढ जानुपर्ने हुकुम भएको छ । त्यसैको अग्रिम तैयारीका लागि अर्डर हुँदै थियो । त्यो सकिएपछि विभिन्न सामाग्रीहरु मिलाउने, गाडी तैयार पार्ने, गोली गट्ठा, पानी,खाना, सब तम्तयार पारियो । मैले युद्द सामग्रीका साथै मेरो व्यक्तिगत चासोका अतिरिक्त सामानहरु रेकर्डर र क्यामेरा पनि हेल्मेटमा भिडियो खिच्न मिल्नेगरि जडान गरेँ र अरु समान पनि तैयार पारें, ब्याट्री फेरें । अर्को दिन मिर्मिरेमै उठेर युद्द गर्न जानुपर्ने भएकाले साँझ छिट्टै सुतियो । अबेरसम्म आँखामा निन्द्रा पर्ने मानेन ।

ओछ्यानमा ढल्किएका साथीहरु प्राय निदाइसकेका थिए । कोई काई घरिघरि सौच गर्न उठ्दै पनि थिए । निन्द्रा पटक्क परेको थिएन । ओल्टे र कोल्टे फेर्दैमा घडीले साढे बाह्र बजाईसकेको थियो⁄ तिर्खा लागेको लागेकै थियो । अल्छिले मुश्किलले एक डेढ मिटर परको पानी तानेर तिर्खा मेट्ने जाँगर धरि थिएन। हेत्तेरी, कति अल्छी लागेको..? उठेर पानी पिएँ ।

उता पल्लोपट्टि सुतेको साथीलाई पनि तिर्खा लागिरहेको रहेछ ।

"पानी छ?" ऊ ओछ्यानमै लड़िराखेर सोध्छ ।

"छ"। म मुखमा गाडिरहेको पानीको बोतल निकालेर बोल्छु ।

"एता फालिदिनुस्न!" ऊ अनुरोध गर्छ ।

मैले बत्ति निभेको धमिलो अंध्यारोमा अन्दाज गरेर पानीको बोतल उसको ओछ्यानतिर फुत्त फालिदिएँ । उसले च्याप्प समातेर घुटघुट पियो ।

अब चाही निदाउनै पर्छ । मनमनै अठोट गरें र आँखा करैले चिम्लिएँ ।

सर्थ्याक सुथ्रुक..भ्किलिक..भ्किलिक.. ! ! कतैबाट आएको चहकिलो प्रकाश आँखैमा पर्यो र भूइँमा बिच्छ्याइएको  प्लास्टिकको आवाजले पनि झसङ्ग बनायो । एसो घडी हेरें, बिहानको चार बज्दै रहेछ । मसंग आधा घण्टा मात्रै समय थियो मुख धुने, लुगा लगाउने, जे जे गर्ने हो गर्ने‘ प्राय अरु भन्दा ड्राइभर छिटो हुनुपर्छ । अरु भन्दा पहिले गाडीमा पुग्नुपर्छ । गाडीको जाँच र नमिलेका सरसामानहरु मिलाउँदा समय बितिहाल्छ । कमसेकम आधा घण्टा जति छिटो गर्न पाए सब काम भ्याईने  भएकाले हतारहतार मुख धोईवरी म झोलितुम्बी  बोकेर गाडी भएतिर हिडें । अरु गाडी चालक साथीहरु अघि पुगेर साराक, सुरुक काम गर्दै रहेछन । मैले पनि मेरो गाडी जाँच गरें र स्टार्ट गरें । पाँच बज्न अघि सबै आइपुगे । हाम्रो तयारीको खबर हेडक्वाटरलाई दिएपछि गाडीहरु हिंड्न सुरु गरे र क्रमैसंग अरु पनि अघि बढे । मेरो गाडी अन्तिमबाट दोश्रो गाडी थियो आज । गेट बाहिर पाँच वटा मास्टिभ गाडीहरुले हामीलाई नै कुरिरहेका रहेछन । गेट काटेर बाहिर निस्किएपछि गरिने नियमित कामहरु भए बन्दुकहरु गोली हान्न तैयार पार्ने आदि ।

अन्तिम तयरीपछि हिडेको खबर मुख्यालयलाई जानकारी गराएपछि अघिअघि तीनवटा मास्टिभ, बिचमा हाम्रो गाडीहरु र अन्तिममा दुइवटा मास्टिभहरुको लस्कर‘बगरको धुलो उडाउदै दक्षिण लाग्यौं । हेल्मेटमा जोडेको भिडियो क्यामेरा अन गरें मैल । अघि हिड्ने गाडीका साथीहरु शंका लागेको ठाउँहरुमा विधुतीय धराप छ कि? भनेर धातु भेट्दा टि..टी..गर्ने उपकरण भ्यालनले बाटो सुरक्षित भए नभएको जाँचगर्दै अघि बढीरहेका थियौं, त्यही कारण हाम्रो यात्राको गति ढिलो थियो । ४- ५ किलोमिटर हिड्न १ - २ घण्टा लागिसकेको थियो ।

बिहानको कलिलो मिर्मिरे घाम टिलपिल टिलपिल गर्दै पूर्वको डाँडामाथि आइपुगिसकेको थियो । मैले त्यहाँको सम्पूर्ण कुराहरु हेल्मेट क्यामेराको सहायतामा रेकर्ड गरिरहेको थिएँ । बगर पार गरेपछि हामीले गाउँ प्रवेश गर्यौं । माटोले बनेका घरहरु चारैतिर माटोकै पर्खालभित्र लुकाइएका बारीहरुमा, खेतहरुमा भर्खरै गहुँ छरिएको थियो । कत्तीमा भने अफिम उम्रिरहेको थियो । ठाउँठाउँमा जेनेरेटरको सहायताले पानी निकालिदै गरेको ठाउँहरुमा पानीले भिजेको चिम्टेहा माटोमा  गाडी फस्ने खतरा उत्तिकै थियो ।त्यहाँका मान्छेहरु ट्याक्टरले जोत्दा रहेछन कि लामो बिंड भएको फरुवाले खन्दा रहेछन । हाट बाजार होस् वा मेलापात लोग्ने मान्छेले मात्रै भ्याउनु पर्दोरहेछ । छोरी मान्छे, आइमाई जति घरभित्रको काम र पतिलाई खुशीपार्ने कामका लागि मात्रै भए जस्तै ब्यबहार हुँदोरहेछ । कहींकतै बाहिर जानु परिहालेमा पति वा अभिभावकसंग मात्र हिंड्दा रहेछन । जहींतहीं केटाहरुमात्र गोठालो, बजार, काम ।

गाडी हिड्ने बाटो नभएको ठाउँहरुमा गाडी छिर्नसक्ने बाटो खोज्दै खालीजग्गा र खेत हुँदै हामी अघि बढिरहेका थियौं । बिद्रोहीहरु भने हामीलाई अभर पार्न उचित अवसर खोजिरहेका थिए ।

"हो हो, त्यो ठाउँमा आक्रमगर्दा हामीलाई फाइदा हुन्छ, उनीहरु भाग्न पाउदैनन्" "उत्ता बोद्रोही दुश्मनहरुले हामीलाई एम्बुसमा पार्न बनाइरहेको योजनालाई हाम्रो संचार आइकम वाकिटोकीले टिप्छ र त्यसलाई दोभाषेले उल्था गरेर हामीलाई सतर्क गराउछ । तब त्यो बाटो जान खतरा मोल्नु सरह हुने थाहा पाएपछि हामीले बाटो परिबर्तन गर्यौं ।

प्राय ठाउँ विद्रोहीहरूद्वारा कब्जा भएकाले उनीहरुकै दबदबा रहेछ । चाहेर पनि गाउँलेहरुले उनीहरुको बिरोध गर्न सक्दा रहेनछन । गठबन्धन सेनाहरु कहिलेकही त पुग्छन नि गाउँमा ! बिद्रोहीहरु त सँधै पुगिरहेकै हुन्छन । अनि कसरि उनीहरुको बिरोध गर्न? बाध्य भएर बिद्रोहीहरुले भनेको मान्दा रहेछन, मान्नु पर्दोरहेछ । खान, बस्न र उनीहरुले भने अनुसार सुराकी गर्न लगाएत मानब ढाल हुन पनि तैयार हुनु पर्दोरहेछ गाउँलेहरुले ।

हाम्रो गस्ती जहाँ पुग्छ, देख्नेहरुले धुँवा निकालेर बिद्रोहीहरुलाई हामी पुगेको ठाउँको सूचना दिंदारहेछन । जहाँ धूवाँ निस्किन्छ, गठबन्धन सेनाहरु त्यहाँ छन भन्ने संकेत हुँदोरहेछ । हामी जहाँ पुग्थ्यौं त्यहाँ धुँवा निकालिन थालिन्थ्यो र हामीलाई लाग्थ्यो, यो सब बिद्रोहीहरुको बस्ति हो । तर बुझ्दा थाहा भयो, यो उनीहरुको बाध्यता रहेछ बाँच्नको लागि । जहान परिवारलाई बंचाउनको लागि यो सब गर्नु पर्दोरहेछ उनीहरुले ।

झन्डै ४/५ घन्टाको यात्रापछि मास्टिभहरु राखिने डाँडा आइपुगिएछ । उनीहरुको टिमले त्यहीं बसेर अगाडी जाने हामीलाई सुरक्षा दिने भयो । त्यसपछि ५ वटा ज्याकल गाडी सहित हाम्रो टिम अघि बढ्यौं । गाडी दौडाउन सकिने समथर र सजिलो बाटो खोज्दै हामी अघि बढ्यौं । २ किलोमिटर जति अगाडी गएपछि एउटा थुम्काथि दुइवटा लिंगो जस्तो लामो खम्बा गाडिएको देखियो । हाम्रो निशाना त्यहिँ थिया । हामी सिधै त्यही थुम्कोलाई लक्ष्य बनाएर अघि बढ्यौं । हाम्रो टोली त्यतै आइरहेको थाहा पाएर थुम्कामुनिको गाउँका आईमाई, केटाकेटी सब घर छाडेर रुतुतुतु' पारि लाग्न थाले । हामीलाई थाहा भयो, त्यो ठाउँ विद्रोहीहरूको किल्ला रहेछ भन्ने । आईमाई केटाकेटीहरु गाउँ छाडेर भाग्नुलाई युद्द हुने संकेतको रुपमा हेरिन्छ । त्यसलाई बिद्रोहीहरुको युद्द गर्ने मनसायलाई बुझाउँदछ । यो संकेत पाएपछि हामी केही सतर्क हुँदै अगाडी बढ्यौं । थुम्कामाथि पुगेर हामीले वरीपरि गाडीहरु घुमाएर गोलबद्द तरिकाले राख्यौं । अनि बिद्रोहीहरुको अनपेक्षित आक्रमणको सामना गर्न हतियारहरु सम्भावित आक्रमण हुने ठाउंतिर तेर्साएर राखियो ।

बिद्रोहीहरुले छेउपट्टी दुइवटा लिंगो गाडेर अस्थायी एन्टेना टाँगेर ६/७ वटा मोटोरोला वाकीटाकीहरु एम्लिफ़ाएरको सहाएताले जोडेर त्यसैलाई रिपिटर टावर बनाएका रहेछन । ब्याट्री फेरिरहन नपरोस भनेर सोलार पावरले चार्ज गर्ने र त्यही ब्याट्रीद्वारा सन्चार टावर चल्ने हिसाबले ब्यबस्थित रुपमा अस्थायी रिपिटर टावर बनाएका रहेछन । हामी त्यो ठाउँ पुगेपछि त्यो ठाउँ सुरक्षित भए नभएको जाँच गर्ने क्रममा टावर देखि ३/४ मिटर पश्चिममा विधुतीय धराप थापेका रहेछन बिद्रोहीहरुले । त्यो पत्ता लागेपछि टावर भत्काउन अघि म

फोटो खिच्न टावर भएको ठाउँतिर जाँदै गरेको बेला दक्षिण पुर्बी दिशाबाट बिद्रोहीहरुको निशाना बाजले गोली हान्यो ।

मेरो नाम नम्बर नलेखिएको गोली २०/२५ मिटर तल खसेर ठोकिएर रिकिउं' गर्दै मेरो नजिकै रहेका एकजना साथीको टाउको माथि हुँदै उडेर गयो । म २/३ मिटर दायाँ गएर भूइँमा आडलिएर सुतें ।

साथीले तर्सिंदै भन्यो, "होइन गोली ता हाम्रो पहाडमा शिकारी देउता उडेजस्तो पो कानैबाट रिऊऊउ गरेर गयो हौ!"

उसको कुराले हामी सबै हाँस्यौं । फेरि उठेर म टावरको दायाँबायाँ सबै तिरबाट फोटो खिच्न थालें । चाहिने जति फोटो लिएर म गाडी तर्फ फर्किएँ । अरु साथीहरुले खुखुरी झिकेर लिंगो काटेर सबै सामानहरु भेला पारेर गाडीमा राखे ।

केही समय बिद्रोहीहरुले आक्रमण गर्ने दिशातर्फ  हाम्रो हतियारहरु तेर्साई राख्यौं, जहाँबाट बिद्रोहीहरुलाई आक्रमणका बेला धेरै असर पुर्याउन सकियोस । निशाना बाजहरुलाई अगाडीको चोसोमा, एता छोटो दुरीको लागि मा'हान्न सकिने क्षेप्यास्त्र ज्याभलिनलाई तेस्कै दाहिने तिर रअन्य ठुला मेशिन गनहरुलाई पनि मिलाएर राखियो ।  बिद्रोहीहरुले हाम्रो चियो गर्न केही मान्छेहरु पठाई रहेका थिए, तर उनीहरुनिशस्त्र थिए । झन्डै ४५ मिनेट जति भएको थियो हामीले त्यो ठाउँ कब्जा गरेको । केही तल रहेको घरभित्रबाट बिद्रोहीहरुले स(साना हतियारहरु प्रयोग गरेर गोली हान्न थालेपछि हाम्रो तर्फबाट जवाफी कार्यबाही शुरु भयो । मिशिन गनद्वारा साथीहरुले गोली बर्षाउन थाले । तब बिद्रोहीहरुको अर्को समूह, जो पारि पूर्वपट्टिको डाँडा छेउबाट हाईलक्स गाडीमा राखेको तुस्कर मेशिन गन र मोर्टारको प्रयोगगरि भिषण आक्रमण थाले । केही समय दोहोरो भिडन्त भयो । उनीहरुको भिषण आक्रमणले हामीलाई आच्छु आच्छु पर्न थालेपछि हामीले पछाडि हट्ने निर्णय गरिरहेकै बेला उनीहरुको मोर्टार हाम्रो गाडीहरु देखि झन्डै एक सय मिटरको दुरिमै खस्न थाल्यो । हामी आफ्नो सुरक्षाका लागि गाडी भगाउन बाध्य भयौं । हामीले गाडी भगाउन लाग्दा कमान्डर चढेको गाडी विधुतीय धरापमा पर्यो । ठूलो  धमाकाका साथमा त्यो गाडी ध्वास्त भयो । तर हामीलाईचाहीं विद्रोहीको मोर्टार नै लागेजस्तो लाग्यो त्यतिबेला । एसो हेर्दा बिष्फोटबाट निस्किएको धुलो र धुँवाको कालो मुस्लो आकाशतिर उडिरहेको थियो । अब ज्यान जोगाउनको निम्ति  पछाडि नहटि सुखै थिएन । हाम्रो बाँकिरहेका चार वटा गाडीहरु हुरुरु ओरालो भगायौं.. अघि आएकै बाटो हुँदै गहिरो ठाउँतिर लगेर राख्यौं । जहाँ बिद्रोहीहरुले देख्न नसकुन । माथि ध्वस्त भएको गाडीका साथीहरु लुक्दै भाग्दै आउँदै रहेछन । बमको धमाकाले चेत गुमाएका सहायक कमान्डरको बल्ल होस् खुलेछ ।

"माथि बिष्फोटनमा परेर छाडिएको गाडी के भयो ? मान्छे, गन र क(कसको गाडीको मान्छेहरु सहिसलामत छन् र क-कसको छैनन ?" मान्छे चेक-चाक भयो । माथि डाँडाका साथीहरु समेत गन्दा सबै मान्छे ठिक रहेको जानकारी भयो । तब मात्र सबैलाई

ढुक्क भयो, तर उता बिष्फोटनमा परेको गाडीको हतियार, संचार लगायत महत्वपुर्ण चिजहरु सहित गाडी डाँडामै रहेकाले हामी चिन्तित थियौं । साथीहरु जो बिष्फोट भएको गाडीमा थिए, उनीहरु ५ ⁄ ७ मिनेटपछि हामी भएको ठाउँमा आइपुगे ।

"ठिकै छ ?" भनेर सोध्दा, " हँ ..?" मात्रै भन्ने भइरहेका थिए ।

बिष्फोटनको ठुलो धमाकाले उनीहरुको कान बन्द भएको थियो । गाडी मुनि बिष्फोट हुँदा कमान्डर र ड्राइबर दुवै जना उडेर गाडिमाथि हुँदै भूइँमा पछारिएछन् । एता बिचमा मिशिन गन पड्काउने गनर चाहि बिष्फोट हुँदाको धक्काले माथि उडेर फेरि त्यहीं खसेछ । बिष्फोटनको धमाका र ठोक्काईले केहीबेर चेत हराएछ । एसो आँखा उघारेर हेर्दा धुँवा उडिरहेकोथियो..उसले आफूलाईबादलमाथि उडिरहेको अनुभब गरेछ र सम्झेछ, "ल, म त मरेछु ! यो त स्वर्ग रहेछ । तर आकाश र बादल त मिल्दो रहेछ, उस्तै उस्तै हुँदो रहेछ ⁄" उसको बिचेत मस्तिष्कले यति मात्र सोंचे छ ।

तर बिस्तारै धुँवा र धुलो उडिसकेपछि त मिशिन गन पो देखेछ । एसो हेर्दा जाँदा त सप्पै चिनेकै सामनाहरु पो छन् "होइन कि मरेको छुइन'?" जस्तो लागेछ र एसो आफुले आफैलाई चिमोटे छ.। बल्ल पो थाहा भएछ जिउँदै रैछु भन्न । अनि उठेर हेर्दा साथीहरु भागिरहेको देखेछ र भाग्न थालेछ ज्यान जोगाउन । त्यतिबेलै त यो सुनाउने कुरै भएन, तर लडाईबाट फर्किएर त्यो दिनको प्रसङ्ग दोहोरिदा उसले यो कुरा खोलेर हामीलाई नै हँसाउनु हँसायो ।

बिष्फोटनमा परेको गाडी थुम्कामै थियो । मुख्यालयबाट त्यो गाडीलाई हवाई आक्रमणगरि ध्वस्त पारिने जानकारी आयो, किनकि त्यो गाडी फर्काउँदा उत्तिकै खतराको सामना गर्नुपर्ने थियो । त्यतिन्जेल हामी त्यहीं बस्नुपर्ने भयो । त्यहाँ रहेका उपकरण र हात, हतियार बिद्रोहीहरुको हात लाग्न नदिन यो सब गरिरहेका थियौं हामी । झन्डै २० ⁄ २५ मिनेटको पर्खाइपछि आकाश थर्काउँदै लडाकु बिमान उडेर आयो र त्यो गाडी रहेको थुम्कालाई चिरेर जालाजस्तो गरेर भुइमाथि माथि हुँइकिँदै गयो, हामीलाई झन्डै वैरो बनाउनेगरि । तर त्यो विमानले मिशाएल प्रहर गरेन । महँगो गाडी त्यसै खेरफाल्न नसकिने भएकाले बिचमै योजना परिबर्तन भएछ र त्यो गाडीलाई लानको निम्ति ट्यांकहरु आउने भएछन, वारियर ग्रुप । फेरि वारियर ग्रुप नआइन्जेल सुरक्षा गर्दै बस्नुपर्ने भयो । बिष्फोटनमा परेको गाडीका साथीहरुको मुखबाट रगत बगिरहेको थियो । धमाकाको कारण ओंठ र जिब्रो दाँतले काटेर रगत आएको रहेछ । त्यसको अलावा कुनै गम्भीर चोटपटक नलाग्नु हाम्रो निम्ति ठुलो राहतको बिषय थियो । वारियर ग्रुपको पर्खाइमा हामी बसिरहेकै ठाउँमा गाउँले टोली रुतुतुतु घाँइते लिएर आउँदै रहेछन । टाढै बाट नजिक न आउन चेतावनी दिंदै उनीहरुलाई फर्काइयो । किनकि हामीसंग उनीहरुलाई उपचार गर्ने सामाग्री पनि थिएन । अर्को कुरा सुरक्षाको हिसाबले पनि त्यो खतरापूर्ण हुन सक्थ्यो । मुसाक्वला डिसी लाने सल्लाहा दिएर उनीहरुलाई फर्काउनुको अर्को विकल्प हामीसंग केही थिएन । घाँइतेको रगतले उसलाई बोक्न प्रयोग भएको झोलुंग रातै

थियो'बिचरा ! के गर्नु, केही गर्न सकिन्न । सायद त्यो बिद्रोही पनि हुनसक्थ्यो वा गाउँले, जो दोहोरो भिडन्तमा दुर्भाग्यबस घाँइते हुन पुगेको थियो ।

झन्डै २ घन्टाको पर्खाइपछि गडडडड वारियर ग्रुप आइपुगे । त्यसपछि मात्र बल्ल श्वास आयो, बाँच्ने आशा फर्कियो ।

वारियर ग्रुप अगाडि गएर क्रेनले झुन्ड्याएर भत्किएको गाडी लिएर आयो । अब हामी सबै एकै ग्रुपमा फर्किने भयौं । जब हामी अघि बढ्न थाल्यौं, तब फेरि बिद्रोहीहरुले आक्रमण थाले । हाम्रो तर्फबाट पनि गोली हान्न सुरु भया 'केहीबेर दोहोरो गोलीहानाहानपछि बिद्रोहीहरुले गोलीहान्न बन्द गरे । हाम्रो यात्रा फेरि शुरु भयो । साँझ पर्न थालिसकेको थियो, त्यस माथि बिग्रिएको गाडी क्रेनले तान्नु परिरहेको थियो । न बाटो राम्रो थियो, जता सजिलो उतै बाटो बनाउँदै हिड्नु परिरहेको थियो । बेश क्याम्प कहिले पुग्ने होला भनेर अत्यास लागिरहेको थियो । केही समयको यात्रापछि बिद्रोहीहरुले फेरि मोर्टार आक्रमण थाले सुइयाक '.ढ्याम्म 'एक डेढ सय मिटर दाँयाबाँया बम झर्छ, 'सुइयाक '.ढ्याम्म 'रफ्तार बढाउन खोज्यो बाटो राम्रो भए पो'! फेरि विधुतीय धराप, माइनको उत्तिकै बिगबिगी कति भाग्नु..? अर्को राउण्ड बम खस्छ, ''सुइयाक'ढ्याम्म'. सुइयाक'ढ्याम्म' सुइयाक'ढ्याम्म'.!!!

''ओहो, ल आज बाँचिदैन क्यार! ज्यान जोगाउन गारै छ बा बा !''-उता क्रेन कुदाउने साथीको उस्तै बिजोग छ, एतै घलट्याक्क, उतै घलट्याक्क.घरि एता घरि उता पल्टिन्छ बिग्रिएको गाडी । फेरि बिद्रोहीहरुले माथि डाँडामा एम्बुस थाप्ने कुरा हाम्रो संचार आइकम वाकिटोकीले टिप्यो ।

''ल ल त्यसै गरौँ ! त्यहीनेर सजिलो छ''आइकम वाकिटोकीमा आएको दुश्मनको आवाजलाई दोभाषेले उल्था गर्दै हामीलाई सचेत गरायो ।

''ल, खतरा छ है ! '' दोभाषेले खबरदारी गर्यो ।

''जे पर्ला पर्ला ! हामीसंग पनि छँदै छ गोलीगट्ठा'' एकमनले ढुक्क भएर युद्दतिर एकोहोरिन्छ बिचार ।

''ओहो,गोली मात्र लाग्यो भने? एकैचोटी मरीनै गइयो भने त यो जूनीको दुखनै लुक्यो, तर घाइते मात्र भइयो भने त दुख झन् बढ्यो.. ,'' अर्को मन हरेस खान्छ । साँझपर्ने लागेको थियो । बिद्रोही दुश्मनहरुले हाम्रो बिरुद्दमा बाटोमा एम्बुस थापेको खबर हेडक्वाटरलाई पठाएपछि बल्ल उत्ताबाट दुइवटा लडाकु हेलिकोप्टर एपाचीहरुलाई हाम्रो सुरक्षार्थ खटाइदिए । त्यसपछि मात्रै बिद्रोहीहरु सामसुम हराए ।

बाटैभरि मान्छेहरुको हुल । सबैले ध्वस्त भएको क्रेनले तानिराखेको गाडी परसम्म हेरिपठाउँछन् । सायद, सुराकी गर्न बिद्रोहीहरुले अह्राएका पनि हुन सक्छन । बल्लबल्ल गाउँ छिचोलेर बगर पुगियो, मुसाक्वला वाडिको बगर । केही संकास्पद ठाउँहरुमा जाँच गर्दा कतिबेला बिद्रोहीहरुले हाम्रो बाटोमा धराप थापिसकेका रहेछन । फेरि बगरको बाटो कुरेर

बस्नु पर्यो । लामो पर्खाइपछि बिष्फोटक पदार्थ निस्क्रिय पार्ने ग्रुप आएर ३० केजिको बिष्फोटक पदार्थ जमिनबाट निकाल्यो । बल्लबल्ल हामी साँझ साढे छ बजे गेटभित्र छियौं।

कतिबेला फोन गरुँ भैरहेको थियो । गाडी राखेर सरसामान नमिलाई कोठामा त्यत्तिकै छोडेर फोन गर्न फोन बुथतिर कुदें । फोनको लाइन काटिएको रहेछ । अर्को कुन ठाउँमा हो, एकजना गठबन्धन सेनाको विधुतीय धराप बिष्फोटनमा निधन भएको रहेछ, त्यही कारण अपरेसन मिनिमाइज गरिएको रहेछ । यस्तोबेला टेलिफोन र अन्य संचार सुबिधाहरु इन्टरनेट सबै बन्द गरिन्छन ।

फोनमा बोल्न नपाए पनि आजको दिन बाँचेर फर्किन पाएकोमा मन प्रसन्न थियो ।

# ३.कविता-खण्ड

## ५. कविताहरु

**सेरा भन्छिन,**

**कहाँ हराएछन् आधुनिक दासहरु ?**

-शैलेन्द्र साकार

मानिसहरु आइरहेछन

युरोप,भरत,नेपाल

सोमालिया,मेक्सिको,लिथुआनियाका

अन्तराष्ट्रिय कामदारहरु

जसको सायद कुनै देश छैन

जसको सायद देश नै-

डलरको चमकमा हराएको छ

जसको सायद देश

पैसाजस्तो गोलो छ

पृथ्वीजस्तो गोलो छ

र उ त्यसरी नै घुमिरहेछ

अन्तराष्ट्रिय उत्पादनगृहमा

गोदामघरहरुमा, भोजनगृहहरुमा

शायद एउटा स्क्रु कसिरहेछ

मनका करंगहरु जोड्न

“माइक्रो ओभन“ मा “ह्याम्बगर“ सेकिरहेछ

चिसो मन तताउन .

सेरा भन्छिन, आज कता हराएछन आधुनिक दासहरु ?

सुनेकी थिएँ उहिले-उहिले
अफ्रीकाबाट ल्याइएका थिए दासहरु
अहिले संसारका सम्पूर्ण भूखण्डबाट
अमेरिका आइरहेछन
आधुनिक दासहरु
जसलाई सिक्रीले बाँधेर ल्याउनुपर्दैन
मध्ययुगका हब्सीहरुलाई झैं
जो आफ्नै खुशीले
हामीले नचाहे पनि
प्रत्येकदिन
समुन्द्रबाट
आकाशबाट
पढेलेखेका आधुनिक दासहरु
गोजीमा प्रमाणपत्रहरु
र घाँटीमा टाई झुण्ड्याएर
आइरहेछन-दिनहु आइरहेछन
हुलका हुल आइरहेछन
सेरा भन्छिन -
आज कता हराएछन आधुनिक दासहरु ?

(कवितामा अमेरिका-संग्रहबाट )

## बिगबेन र समय

-डा.रुपक श्रेष्ठ

बिगबेन
उभिएर थेम्सको छेउ
ठोक्छ घन्ट घण्टा घण्टामा
वेस्टमिनिस्टर सेरोफेरोलाई ब्युज्भाउन खोज्दै
टं....! टं......!.टं......!!!

बिगबेन ठोक्छ छाती गर्वले
संसारकै ठूलो घडी भइ जन्मेकोमा
र
यही सेन्ट स्टेफन टावरबाट संसारलाई
प्रत्येक सेकेन्ड समय छुटिरहेको
सूचना दिईरहन्छ
छटक! छटक!! छटक !!!
टं'..! टं......!.टं......!!!

नियो(गोथिक गर्वको छेउ
जगमगाउदो गगनचुम्बी टावरबाट
आफैले छट्काएको प्रत्येक सेकेन्डसंगै
थेम्समा थुप्रै पानी बगिरहेको देख्छ बिगबेन
प्रजातन्त्रको जननी
संसदीय सरकारको प्रथम नजिरको
राख्दै हिसाब किताब

सदियौंदेखि सदियौंसम्म
अविच्छिन्न अविरल समय गनिरहेछ
छटक! छटक!! छटक !!!
टं....! टं......!.टं... ..!!

गाय फकको फायर नाइट
ओलिभर क्रोम्बेलको शंखघोष
चार्लस प्रथमको शिरहरण
बिद्रोहीमाथि हिनहिनाउदै बुर्कुसी मार्ने
लर्ड प्रोटेक्टरका घोडाका जत्था
अनि एकाबिहानै स्क्याफ़ोल्डमा
लौकाझैं तुन्द्रुङ्ग झुण्डिएको
उसैको शरीर टुलुटुलु हेर्न बाध्य
निरिह जीवित साक्षी बिगबेन
पीडाले छाती पिट्छ टाउको ठोक्छ
छटक! छटक!! छटक !!!
टं... ! टं.. !! टं... !!!

दोस्रो विश्वयुद्द
चर्चिलको सिगारको धुँवा
आधा खसालिएको बकिङ्घम प्यालेस
आघा बाँकी रहेको वेस्टमिनिस्टर प्यालेस
थ्याचरका कर्कश स्वरहरु
ब्लेयरका चतुर दशक र

क्यामरुनका चिड्चिडाहट
हरेक हरेकका साक्षी बन्छ
गहभरि थेम्स बगाउदै बिगबेन
औंला भाँच्दै समयको
छटक! छटक!! छटक !!!
टं... ! टं.. !! टं... !!!

नाइन इलेभेनमा थर्किएको सहर
सेभेन सेभेनमा पड्किएको सहर
संसारभर होमिन पठाइएका
वीर सपुतहरुका नाममा
इलेभेन-इलेभेन-इलेभेनको
दर्दानाक शोकाकुल भिडको
युगान्तर साक्षी बन्छ
चुपचाप चुपचाप
सम्पूर्ण मानब सभ्यतालाई
चेतावनी दिँदै समयगतिको
लगातार बढिरहेछ अगाडि
छटक! छटक!! छटक !!!
टं ... ! टं.. !! टं... !!!

वेस्टमिनिस्टर ब्रिज पार गरेर
संसारलाई सही समय सिकाउन
बिगबेन बिटमा आइपुग्दा

म देख्छु

एउटा प्रेस बिटरियन

हातेमाइक फुक्दै

छाती चर्किन्जेल चिच्याइरहेछ

“संसारमा पाप बढिरहेछ“

“संसार भ्रष्ट हुँदैछ“

“संसार नष्ट हुँदैछ“

आउंदै छन् जिजस क्राइष्ट युनिकोंन चढेर

घर्मात्माहरुलाई बचाउन

त्यसैले मेरा प्यारा मित्रहरु

“पाप रोक्नोस !”

मान्छेहरु छड्किरहन्छन

छटक! छटक!! छटक !!!

टं....! टं....!! टं....!!!

वैभवशाली एक्काइसौं शताब्दि र व्यस्त समय

कसलाई फुर्सद यी धार्मिक फोस्रा कुराहरु सुन्न ?

विशाल घण्टाघर पर्खाल बाहिर

सबै व्यस्त छन्

जीवन भोग्न

तँछाड मछाड छन्

आ-आफ्नै प्रतिष्पर्धामा

र

भित्र बुनिरहेछन जाल माकुराहरु

खै के के बनाउन, खै के के फसाउन

अनि

म यतिखेर सुनिरहेछु एकैसाथ

श्रीकृष्ण वाणी र ध्वनि बिगबेनको

“यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारतः

अभ्युत्थानमघर्मस्य तदात्मानं सृजाम्यहम् !“

छटक! छटक!! छटक !!!

टं….! टं….!! टं….!!!

(बिगबेन र समय-संग्रहबाट)

## वेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा

- भगवान चाम्लिङ्ग

सिम्मा!
तिमीले धोएको कपडाको फिँज र मैलो पानी
मैले वेलायतको समुन्द्रमा भेटें
तिम्रो सम्झनाले बेस्सरी छट्पटिएर
जसै घरबाट बाहिरिएँ,
ब्यग्र मन र निरपेक्षित आँखा बोकेर
बरालिदै बग्ने समयको निकृष्ट छालहरु नाँघ्दै
कतिखेर म समुन्द्र तटतिर पुगेछु।

होशै भएन,
डोभर बन्दरगाहमाथिको आकाश
सामुन्द्रिक सिगलचराहरुले ढाकीरहेका थिए
झल्यास्सै!
उर्लिरहेको समुन्द्रमा आँखा पोखिएर
छालहरुमा केन्द्रित भए
त्यहाँ पहाडको तिरतिरेधारामा धोएको
तिम्रो लुगाको मैलो तैरिरहेको देखें
तिमीले गाउँको कुवामा पखालेको
कुर्कुच्चाको मयलसंग पनि त्यहीं भेटें
रिट्ठाले नुहाएछौ नि तिम्रो कपाल!
यो मनमा पुरानो सम्झना मगमगायो

यही समुन्द्रको हावासंग लहरिदै
चम्पा चमेलीको सुबास आयो
अनि त मलाई के चाहियो र सिम्मा!
म छालहरुसंग बेस्सरी खेलिरहें
म लहरहरुसंग दिनभरि नाचिरहें ।

एकाबिहानै पँधेरो पुगेर धोएको तिम्रो अनुहार
त्यही समुन्द्रको लहरले बगाउदै ल्यायो
बदलिएको थिएन तिम्रो रुप र बैश
सदाझैं तिमी मुस्कुरायौ
म हर्षबिभोर भएँ
छल्किए तिम्रा अथाह मायाको छल
र ठोकिए यही समुन्द्रको किनारमा ।

तर सिम्मा!
छिनभरमै तिरतिरेधाराको पानीलाई
अथाह समुर्न्दको जलले निल्यो
जसै डोभर बन्दरगाहलाई छोडेर
बिशाल समुन्द्रको क्षितिज
बडेमानका मालबाहक जहाजहरुले नाँघ्दै थिए
तर सिम्मा!
मेरो विश्वासले भन्छ,
फर्केर आउनेछन् ति मालबाहक जाहजहरु
र जोडिने छन् फेरि डोभर बन्दरगाहसंग

अनि फेरि,

ती सम्झनाका मायावी छालहरुसंग

हाम्रो भेट हुने छ समुन्द्रको किनारमा ॥

(मजस्तै मेरा कविताहरु- -संग्रहबाट)

## हङकङ,सपना र हामी

-टंक सम्बाहाम्फे

यसपाली मात्र तिमीलाई हङकङमा भेटे
तिमीलाई थाहा छ
हङकङ आईडी बनाउँन आउदा
आर ए ४०९ को एउटै सीटमा परिचय गर्दै
हङकङमा पैशा कमाउँने सपना बुनेका थियौ ।

आज म देख्दैछु
तिम्रो हातमा दुई बैशाखी
र तीन छोराछोरीहरु
अनि तिम्रो शुन्दर पत्निको मलिन अनुहार
कन्स्ट्रक्सनको काममा दुर्घटना भएर
पाएको सहयोग रासीले
काठमाडौमा तिनतले महल ठड्यायौ रे
के यति मै तिमी खुशी छौ
के तिम्रो परिवार खुशी छन
के तिम्रो आफन्तहरु खुशी छ्न
एकपटक बुझी हेर
सुन्दर तिम्री पत्निलाई सोधी हेर
र एकपटक आफैलाई पनि खोजी हेर
२० बर्ष पछाडीको भेटमा
के के परिवर्तन भए

के के नयाँ आयाम थपिए
सपना साग्लो भए कि
दुर्घटना ग्रस्त भए
लेखाजोखा गर
हिसाब किताब गर
जोड,घटाउ,गुणा अनि भागा गर
र शेष जीन्दगीको मूल्य खोज
तब हडकडको सपना छर्लङ्गै देख्नेछौ ।

हिजो सबै थियो
आज छ कि छैन फर्केर हेर आफैलाई
अनि अनुभव गर्नेछौ
दुनियाँको सामु के भएको रहेछु भनेर
लाग्छ मलाई तिम्रो सामु
सबैको नजर गुमेको छ
यथार्थ त्यही हो जति पटक आफुलाई खोज
वा बारम्बार सोध
उस्तै उत्तरहरु पाउँनेछौ
जीवन बाँच्नुको अर्थ
अरुको आँखाबाट हटेर होइन
बेजोड बेजोड डटेर हो
त्यसकारण म तिमीलाई
सहानुभूती प्रकट गर्न बाहेक
के नै गर्न सक्छु र ?

सपना खोज्दै खोज्दै हङकङ आएका हामी
सपनाको महासगरमा
दुब्दै कहिले मङ्किहिल निस्कन्छौ
कहिले स्टारफेरी
कहिले सेन्ट्रल
कहिले ताईमो सन
कहिले चुनमुन बटरफ्लाई
त्यस्तै अरु अरु ठाउँहरुमा निस्कन्छौ
तर तिमीलाई हङकङले चिन्दैन ।

त्यसकारण जीवन यहाँ तिमीले अर्पिएर
के पाईरहेछौ
त्यति मात्र नसोच कि
अलिकती कमाएको वा पाएको सम्पती नै
सर्बस्व हो भनेर
पहिचान गुमाएर जब हामीले सपना देख्यौ
त्यहाँनेर आफै जन्मेको देशको
दोष छ कि छैन छुट्याएर हेर
तब तिमीले बैशाखी टेक्नुको अर्थ बुझ्नेछौ
देश,समाज र परिवारको खुशी
तिमीसंग छ कि छैन
म तिमीलाई सोध्न चाहन्छु
तिमी निरुत्तर पनि हुन सक्छौ
किनकी देशको लागि मात्र अपाङ्ग जीवन

फिर्ता गर्न सक्छौ

आज २० औ बर्षपछिको भेटमा

मेरो मनभरी

तिमी देश भएर उभेको देख्दैछु

किनभने हङकङमा कमाएको मेहनतले

घर सझाउँने सपना बुनेका थियौ

परिवार,समाज र देश सझाउँने सपना बुनेका थियौ ॥

## लाहुरे फूल

- टंक वनेम

अरुले नभोगेको डेथ भ्याली भोगेर

राता पहाडका निला नदीहरु

मलायाका अटप्पे जङ्गलका

बेतका काँडाहरुले घोचिंदै

उक्लिरहेछ उकालै उकालो

आफैलाई फन्कामारिरहेछन

जीवनका खोलाहरु

तिमीले भनेका नै त थियौ नि,

पटक्कै सुहाएन है !

तिम्रो नाम लाहुरे फूल,

खोइ, कहिले फेरिन्छ त

मेरो परिचय सूर्यमुखी र कनक चम्पा भएर?

कहिले बन्द गर्छौ कुन्नि!

डायस्पोरामा बसेर

दुस्ख भोग्नुको पीडा

अनि कहिले थुन्ने हौ !

आमालाई सम्झेर बग्ने

आँसुको यो दोभान ।

तिमी सम्झिन्छौ,

म मान्छे मात्र मार्छु

युद्द मात्र गर्छु

तरवार मात्र उध्याउछु

बन्दुक मात्र पड्काउछु

तर म कहाँ

युद्द यात्रा मात्र गर्छु र?

तिम्रै जस्तो

मायाको पहाड उभिएको छ मभित्र पनि

तिम्रै जस्ता इच्छाका

कुइनेटाहरु घुमेका छन् फनफनी

र

मनका नदीहरु बगेर गइरहेकाछन् सलल......

तिम्रा इच्छाका धागामा उनिएका रहर लाग्दा

भबिष्य जस्तै त छ मेरो मन

जसरी दुख्छ

सुस्ता महेशपुर मिचिदा तिम्रो मन,

युद्दमा होमिनु

मेरो रहर हो कि बाध्यता?

इतिहासबिना कहाँ

निर्माण भएको हो र बर्तमान?

तिमीले पनि त पढेकै हौ!

सत्ता टिकाउने बादशाहहरुको इतिहास ।

कसलाई पो हुन्छ र

बमको चोइटा सुनूं सुनूं लाग्ने

सङ्गीतको मूर्च्छना
दुई दिन बाँच्ने जीवनमा
डेथ भ्यालीको रहर
सत्य त त्यही हो
अर्काको बन्दुक काँधमा बोक्दैमा
मर्दैन हृदयभित्रको देशप्रेम
र डलरको खेतीमा
उम्रिदैन स्वाभिमानको पहाड ।

मेरो बिन्ती छ,
मेरो नाम सूर्यमुखी नफेरी देऊ!
अब म आफ्नै इतिहास,
रगत र पसिनाको ब्याडमा
लाहुरे फूल नै फुल्न चाहन्छु ॥

(संगीनको मूर्च्छना--संग्रहबाट)

# खण्ड : ३

## समालोचना-१.

## ५.कथाहरु

वास्तबमा यो डायस्पोरिक समालोचना होइन । डायस्पोरा पुरानो भूमि त्यागेर नवभूमिमा प्रवेश हुँदै नवनिर्मित छुट्टै समुदाय हुने भएकाले त्यस समुदायको समाजशास्त्र, इतिहास, भूगोल, मनोविज्ञान, धर्म र संस्कृतिको अध्यायन र निश्चित ब्याख्या र विश्लेषणबिना मूलधारको परम्परित समालोचकीय पद्दतिमा ढालेर समालोचना गरियो भने डायस्पोरा र सिर्जनाको न्याय नहोला कि भन्ने हाम्रो ठहर हो । यसर्थ नेपाली डायस्पोराको एउटा छुट्टै मानक समालोचकीय पद्दतिको निर्माण नभइसकेको अबस्थामा यसलाई डायस्पोरिक सृजनामाथिको सामान्य टिपोट मानीलिंदा उचित होला, जसले भबिष्यमा गहन अध्यायन र अनुशन्धान पश्चात निर्माण हुने डायस्पोरिक समालोचना पद्दतिका लागि सहायकको काम गर्ला ।

यी पांच कथामाथि तयार पारिएका डायस्पोरिक सृजनाका टिपोट हुन् भन्दा उचित होला । यी पांच कथाहरु फरक-फरक भूगोलबाट संकलन गरिएका रचनाहरु हुन ।

१. ज्याक्सन हाइट - अमेरिका (महेशबिक्रम शाह)

२. उम् नूर -इराक (टंक वनेम)

३. क्रिसमस डे -वेलायत (जया राई)

४. एउटा मृत्युको बयान -हंग कंग (लारा राई )

५.अष्ट्रियाकी फूल -वेलायत (रक्ष राई)

यी पांच कथा डायस्पोरिक सृजनाका सामान्य उदाहरण मात्र हुन् जसको प्रकृति र प्रवृतिलाई हेरिसकेपछि नेपाली डायस्पोरालाई हेर्ने छुट्टै दृष्टान्तको आबश्यकताको महशुस हुन्छ । डायस्पोरालाई बुझ्न डायस्पोरिक समुदायको भौतिक जगत र मानसिक जगतको गहन अध्यायन र विवेचन हुन अपरिहार्य देखिन्छ अर्थात् डायस्पोरिक रचनामा तिनको भौतिक तथा मानसिक जगतको अध्यायन गर्ने मार्ग खुल्दछ भन्ने पनि हो । डायस्पोराको भौतिक जगत- उसले बाँचेको जीवन, कहिल्यै पूर्ण नहुने नवनिर्मित समाज,इतिहास,धर्म,संस्कृति र त्यहाँको जीवन पद्दति हो भने त्यहाँ हुने दुख शुखको अनुभबले प्राप्त ज्ञान अर्थात् संघर्षशीलता, दुख हण्डरले परिवर्तन भइरहने सोंच,चिन्तन र चिन्ता मानसिक जगत हो ।

## ज्याक्सन हाइट

कथाको सार-

कथाकार महेशविक्रमद्वारा रचित यो कथा अमेरिकी नेपाली डायस्पोराको प्रतिनिधि कथा हो । अमेरिका पलायन हुने सम्पूर्ण नेपालीहरुको विवशता र नियतिको प्रतिनिधि चरित्रको कथा बन्न सफल भएको छ -ज्याक्सन हाइट । नेपालीको मात्र नभएर सम्पूर्ण संसारको स्वपनदेश अमेरिका, जहाँ आ-आफ्ना रंगीन सपना सहित मान्छेहरु कसरि बिलयन हुन्छन ? तिनको अस्तित्वलाई अमेरिकाले तिनका स्वप्नसंगै निलिदिन्छ । ज्याक्सन हाइट - परोक्ष मान्छे खाने स्वप्नको देश अमेरिकाको उत्तरआधिनका स्वप्न नगरी न्युयोर्कको एक टाउन हो, जहाँ आफ्नो स्वप्नको भारीसहित एक नेपाली पात्रको प्रवेश हुन्छ । वास्तबमा उत्तर आधुनिक नगरी ज्याक्सन हाइट- सम्पूर्ण विश्व नागरिकको साझा सहर अर्थात् डायस्पोरा सहर पनि हो । सारा विश्व नागरिकले आफ्नो कर्म र बासस्थानको क्षेत्र बनाएको सहर ज्याक्सन हाइटमा अमेरिका पलायनको मानसिकता लिएर प्रवेश भएको एक नेपाली पात्रले त्यहाँ जे दृश्य देख्छ र पात्रका चरित्रहरुसंग साक्षात्कार गर्छ, जसले उ आफ्नो नियतिलाई स्वकार्दै परोक्ष मान्छे खाने अमेरिकाको भविष्यको अन्धकारमा आफ्नो अस्तित्वको लागि संघर्ष गर्न मानसिकरुपमा तयार पार्दछ । कथाको सार यति नै हो र कथाको संदेश सारा अमेरिका पलायन अमेरिकी नेपाली डायस्पोराको जीवनलाई हेर्न सम्पूर्ण अमेरिका नै डुलिरहन पर्दैन, ज्याक्सन हाइट हेरे पुग्छ भन्ने हो ।

*-न्युयोर्कको एक कुनामा छ ज्याक्सन हाइट । ज्याक्सन हाइटको वरिपरि मौरीले रानुलाई घेरेर बसेझैं बसेका छन् । नेपाली,भारती, बङ्गाली, पाकिस्तानी, श्रीलंकालीर केही तिब्बतीहरु । उनीहरु ज्याक्सन हाइटमा आफ्नो परिचय स्थापित गर्न पाएकोमा प्रफुल्ल छन । ज्याक्सन हाइटमा नेपाली भेटिन्छन,ज्याक्सन हाइटमा भारतीय भेटिन्छन । ज्याक्सन हाइटमा नेपाली खाना पाइन्छ,ज्यासन हाइटमा भारतको सब्जी मण्डीमा झैं चौबिसै घण्टा चहलपहल देखिन्छ । ज्याक्सन हाइटको बतासमा नेपाली गुन्द्रुक र तामाको सुगन्ध भेटिन्छ । ज्याक्सन हाइटको गल्लीगल्छेडाहरुमा चानाचटपटे, पानीपुरी र पानपरागको स्वाद चाख्न पाइन्छ । पाकिस्तानी कबाब पनि कम चर्चित छैन ज्याक्सन हाइटमा । ज्याक्सन हाइटका साँघुरा गल्लीहरुमा चर्को स्वरमा बलिउडका लेटेस्ट आइटम गीतहरु घन्कीरहन्छन । पृ.  बाट )*

ज्याक्सन हाइट - रोसन, बियर पिईरहेकी युवती, साहुजी र म पात्र र उत्तरआधुनिक ज्याक्सन हाइट, टाइम स्क्वायर र रेष्टुराँभित्र र रेष्टुराँबाहिर गरेर पात्र र स्थानहरुको संयोजनबाट बुनिएको चरित्रत्मक दृश्य प्रधान कथा हो । यस कथाले ज्याक्सन हाइटलाई विश्व नै एक ग्राम्य परिवेशभित्र अटाएको दृश्यचित्र उतारेको छ । कथाकारले विश्व नागरिकाले घेरिएर रहेको ज्याक्सन हाइटमा मुलतः नेपाली मुलका पात्रहरुको दिनचर्या, जीवनभित्रको रहस्य,मनोदशा वा मनोबिज्ञानलाई कथामा प्रकाश पार्ने प्रयत्न गरेका छन् ।

*-"हो सर, मैले यसो नभन्नुपर्ने हो । यो अमेरिका आउन मैले पनि कम पापड बेल्नु परेन, तर जुन सपना बोकेर आइएको थियो, त्यो पोको त यो ज्याक्सन हाइटको पेटीमा बज्रेर छाताछुल्ल भइसक्यो सर ! ठमेलको कुनै चल्तीको रेस्टुराँमा काम गर्नु र अमेरिकाको ज्याक्सन हाइटको यस नेपाली रेस्टुराँमा काम गर्नु के फरक भयो र ? यति हो, यहाँ डलरमा तलब पाइन्छ, त्यो पनि नेपालका उच्च पदस्थ अधिकारीले नपाउने रकम । तर त्यो रकम महिना नकट्दै सप्पै रितिन्छ । थाहै नपाई डलरहरु हराउछन एकएक गरी "( रोसन आफै बर्बराइरहेको थियो । उसलाई साहुले बोलाया । ऊ कुद्दै छेउतिर गयो । पृ. बाट )*

पोखराको कुनै रेस्टुराँको झल्को दिने ज्याक्सन हाइटको एउटा नेपाली रेष्टुराँभित्र "म" पात्रको प्रवेशपछि त्यहाँ साक्षात्कार भएका नेपाली तथा बिदेशी मुलका पात्रहरुको चरित्र र रेष्टुराँभित्र र रेष्टुराँबाहिर भेटिएका र दृष्टिगोचर भएका दृश्यहरुले कथालाई दृश्यात्मक बनाइएको छ । जसले पाठकलाई कथा पढिरहेको होइन कथा हेरिरहेको झैँ भान दिन्छ ।

*-"पिच्च !" कसैले भित्तामा पान चबाएर निस्केको अतिरिक्त रस थुक्यो । सम्भवत उसले ज्याक्सन हाइट अर्थात् न्यु योर्कको एक सहरको भित्तामा थुकेको छ । जोगबनीको रेल स्टेसन वा बीरगंजको सिनेमा टाकिजको भित्तामा थुक्नु र यहाँका टलल्ल टल्किने भित्तामा ठुक्नुमा फरकछ । म बल्ल बुझीरहेको थिएँ , ज्याक्सन हाइटमा त्यत्तिकै नेपाली, भारतीय, बङ्लादेशी र पाकिस्तानी अनुहारका ताँती लाग्दा रहेनछन । अमेरिकामा धेरै स्वतन्त्रता छ तर ज्याक्सन हाइटमा अमेरिकामा नभएको स्वतन्त्रता पनि रहेछ । पृ. बाट )*

## उम् नूर

कथाको सार-

टंक वनेमद्वारा रचित इराककी एक युद्द पीडित नारीको कथा हो । नेताहरुले राजनीतिक स्वार्थले प्रेरित बिचारको बिष जनताको दिमागमा घोली दिएपछि मान्छे बहुलाएर मान्छेकै रगत र मासु खाने नरभक्षी राक्षस हुन्छ भन्ने युद्द भय, सन्त्रास र अभिघात चेतनाले उठेको कथा हो - उम् नूर । कथाभरि युद्दको निर्दयीता र बिभात्सताको चित्रण भएको छ । राज्यको राजनीतिक स्वार्थ जनताका लागि हुन्थ्यो भने जनताले सुख पाउथ्यो होला,तर राजनीतिक स्वार्थ नेता प्रेरित भइसकेपछि जनताले सारै दुख पाउदोरहेछ । धर्मलाई एक्काइशौं शताब्दी अनुकुल बुझ्न नसक्नु वा त्यतातिर हेर्न पनि नचाहनु र धर्मलाई बैदिककालतिरै फर्काएर जडबादी भइरहनु आजका मान्छे वा धर्मभीरुहरुको अज्ञानता हो,जसको लाभ राजनीतिले धर्मलाई अश्त्र बनाएर लिईरहन्छ - कथाको मूलमर्म पनि यही हो ।

इस्लाम धर्ममा एउटै अल्लाहलाई पुज्ने भए पनि सिया र सुन्नी नजिकका धार्मिक शत्रु हुन् । इराकमा जबसम्म शान्ति थियो,सब सुखमय थियो । सिया र सुन्नीमा कुनै भेद थिएन । धार्मिक सहिष्णुता र सदाशयता थियो । छिमेकी,परिवार र समाजमा भाइचारा थियो । ति सबै ईश्वरका सन्तान थिए । ति सबै मानिस थिए, मानवीय संवेदना थिए । फतिमा उर्फ़ उम् नूर

सुन्नी थिईन र अब्दुल जरा सिया थियो। । दुबैमा प्रेम थियो । दुवै परिवारमा त्यसको बिभेद थिएन र त्यो प्रेम दाम्पत्य जीवनमा परिणत भएर अगाडि बढ्दै थियो । अब्दुल जरा र रइद काका सिया भए पनि उनीहरु सुन्नी परिवारका निम्ति उतिकै प्रियपात्रहरु थिए । उम् नूर र रइद काका र अब्दुल जराको परिवारमा युद्दले सिया र सुन्नीमा सामाजिक सदभाव नभड्कियोस भन्ने चिन्ता थियो । तर जब युद्द सुरु भयो, उनीहरुले जे नचाहेका थिए त्यही भयो । सिया र सुन्नीका बीच सामाजिक सदभाव भड्काएर अमेरिकाले इराकलाई कम्जोर बनाएर सद्दाम हुसेनलाई पतन गराउनु थियो । कुर्दिसमाथि नर्भ ग्यासजस्तो घातक अश्त्र प्रयोग गर्न लगाएर सद्दाम हुसेनलाई शक्तिमा ल्याएको अमेरिकाका लागि पछिल्लो समय सद्दाम हुसेनको देश भक्ति र राष्ट्रवाद अमेरिकाका लागि गलाको गाँड भएको थियो । शक्तिको मातले स्वतन्त्र राष्ट्र कुवेतमाथि हमला गर्नु सद्दामको दुर्दिन थियो,जो अमेरिकाका लागि के "निहुँ पाऊ र कनिका बुक्याउँ" हुन पुग्यो । त्यसका लागि अमेरिकाले अन्तराष्ट्रिय सैन्य बल मात्र तयार गरेर इराक माथि हमला गरेन,सियालाई हतियार दिएर सुन्नी बिरुद्द साम्प्रदायिक दङ्ग पनि भड्कायो । तब धार्मिक बिष पिएका इराकी जनता बहुलाउन थाले । ती मानिस रहेनन् । केवल स्वघोषित अल्लाहका पुत्र हुँ भन्दै मानिसबाट पतन भएर सिया र सुन्नीमा झरे । तिनमा मानबता र मानवीय समबेदना रहेन । तिनले एक अर्काका रक्तपिपासा दानबका रुपमा अवतार लिए र एकपछि अर्को गर्दै मानब हत्या र मृत्युको खेलको संृखला रच्दै गए । हत्या र मृत्यु सामान्य खेल हुँदै गया । सिया हुनकै कारण फतिमा उर्फ उम् नूरको पति अब्दुल जरा मारियो । रइद काका सिया सेनाको लडाकु संगठन मादीलाई समर्थन नगर्दा सियाद्वारा नै मारिए । उनका पति मारिएका केही समयपछि नै आफ्नो भाइ मारिए र भाइलाई मर्ने अपराधीले नै आफ्नी जेठो छोरो हम्दीलाई आफ्नो आँखाकै अगाडी गोली हानेर प्राण लिए । माइलो छोरो अलि अहमदलाई अपहरण गरेर मारे । मानिस आफ्नो सन्तानको सुरक्षा अर्थ रगतको जीनको रक्षार्थ कुनै मूल्य चुकाउन सक्छ भन्ने बिज्ञानले प्रमाणित गरेको तथ्य फतिमाको जीवनमा पनि लागू भयो । उनी आफ्नो कान्छो छोरो युसुफ सहित निर्वासित भईन,कथा यति हो ।

तर कथाभारी युद्दको दोहोरो र तेहरो मारमा परेकी फतिमाको परिवारको बरबरतापूर्ण न्रिशंसा हत्या, भय, आतंक,सन्त्रासको सन्सनीपूर्ण शब्द चित्रण  पाइन्छन,

*- मेरा भाइका हत्याराले मेरो जेठो छोरो हाम्दीलाई पनि घरबाट निकालेर घिसार्न थाले । मेरै आँखा सामुन्ने गोली बर्साएर उनको प्राण लिए । उनीहरु कति बर्बर थिए भने मेरो सात बर्षको भतिज मजिदलाई पनि बाँकी राखेनन् पृ. )*

युद्द कुनै पनि हालतमा स्वीकार्य हुँदैन । युद्द मानिसका लागि अन्तिम बैकल्पिक उपाय हो । असत्य बढेर सत्यको पराजय हुने अबस्था आएपछि सत्यको विजयका लागि युद्द अन्तिम उपाय हो । महाभारतको युद्दमा कृष्णले अर्जुनलाई यसरी युद्द महिमाको दर्शन पढाएका थिए । तर सत्यको विजयका लागि अर्जुनले लडेको महाभारतको युद्द र आजका आममान्छे अर्थात् उम् नूरले भोगिरहेको युद्दको रुप आकाश र जमिनको फरक थियो । ति कति वीरता र

धीरताका साथ लड्थे। आजका मानिस कति बर्बरता र कायरताले युद्द लडिरहेका हुन्छन भन्ने उम् नूरको बयानले प्रष्ट पार्छ,

*-त्यसको एक हप्तापछि खाजा बनाइरहेको बेला एक हुल बच्चाहरु "रइद काकालाई मारे... रइद काकालाई मरे" भनेर चिच्याउदै भान्सा कोठामा पसे । पुरानो सम्बन्ध भएका छिमेकी रइद काका आफ्नै बाबु जस्तै थिए । रइद काका मारिएको खबर सुनेर पैतालामुनिको जमिन भासिए जस्तै भयो ।(पृ. )*

*- उनीहरु मध्ये एउटाले सोध्यो,तेरो छोरो भनाउदो कहाँ छ ? कहाँ छं तेरा भाइका छोराहरु ? .....बिषालु सर्पलाई मारेर त्यसका बच्चाहरुलाई त्यसै छाड्नु हुँदैन भन्ने उखान त तँलाई थाहा नै होला ?*

*- हत्याराहरुले अलि र अहमदलाई उनीहरुको गाडीमा राखेर लागे......केहीबेरपछि बन्दुक पड्किएको आवज सुनियो ..."ढ्वांग...ढ्वांग... ढ्वांग... !!!"*

*मेरो मुटुलाई एउटा ठूलो पहाड भत्केर थिचे जस्तो भयो । (पृ.*

## क्रिसमस डे

कथाको सार-

यो कथा जया राईद्वारा लेखित रचना हो । जया राई वेलायतको भूमिबाट नेपाली डायास्पोरिक कथा लेख्ने पहिलो कथाकार हुन् । भलै नेपाली डायास्पोरिक सिर्जना सिद्दान्त पछिल्लो उपज किन नहोस । कारण सिद्दान्त भन्दा रचना पहिलो हो जस्तो कि दर्शन भन्दा जीवन ।

"क्रिसमस डे" संसारभरि रहेका ईशाई धर्मालम्बीहरुले मनाउने धार्मिक पर्व हो र वेलायतीहरुका लागि राष्ट्रिय पर्व पनि । वेलायतको मजदुरी संस्कारले यहाँको जीवन असारको सीमको हिलोमा गाडिएको बुढोको जूनी बनाएको छ । बर्षभरि गोरु हिलोमा जोतिन्छ र बाली अर्कैले उठाउछ । वेलायतको मजदुर पनि त्यसतै हो, उ बर्षभरि नोकरीमा जोतिन्छ र बाली चाही सरकारले उसकै तलबबाट ट्याक्स र भ्याट काटेर उठाउछ । यहाँ हाम्रो पूर्वीय मान्यतानुशार "कस्तो कुकुर र गधाको जूनी पाइएछ भन्यो भने त्यसको अर्थ लाग्दैन,कारण वेलायतमा कुकुर र गधाको जूनी मान्छेको भन्दा उच्चकोटी र सुखादायी छ । वेलायतमा मान्छेको जूनी नपाउनु रहेछ भन्यो बल्ल त्यसको अर्थ लाग्छ । यस्ता मजदुर संस्कारले मानवीय समबेदनालाई यन्त्रिकतामा बिलयन गराई दिएको छ । यसर्थ "क्रिसमस डे" वेलायतीहरुका लागि काँधबाट नोकरीको हलो र जुहा फुकालेर बिदा मनाउने दिन पनि हो । जया राईले यही "क्रिसमस डे "को बिदा र पर्व मनाउने क्रममा फरक द्वैदेशीय पात्रहरुको मिलन गराएर ती दुवै पात्रभित्रको देश छोडेर पलायन हुनपर्ने बाध्यता, आप्रबासी हुनको पीडाबोध र दुवै पत्रमा अव्यक्त प्रेम नै नभनी हाल्यौं, दुई बिपरित लिंगमा हुने आकर्षणसंगै कथा बुनिएको छ । नेपाली मुलकी नारी मिस रीना र अफ्रिकन मुलको श्रीमान मोन्सा द्वैद्शीय

पत्रहरु हुन् । प्रबासमा रहने आप्रबासी जातीको एक प्रकारको प्रकृति हुन्छ, ति त्यहाँका स्थानीयहरु भन्दा आप्रबासी जातीप्रति आकर्षण बढी हुने,सामिप्यता,आफ्नोपन र निकटता बढेर जान्छ । त्यसो हुनमा आप्रबासी हुनको पीडाबोधको मनोबैज्ञानिक प्रभाब मानिसको प्रकृतिगत स्वभाबले काम गर्दोरहेछ, चाहे त्यो एशीयन मुलको र युरोपियन मुलकै नागरिक किन नहोस । त्यही आप्रबासी मनोविज्ञानलाई कथामा प्रयोग गरेर ल्याएकी छन् जया राईले ।

वेलायती पर्व "क्रिसमस डे" मनाउने मिस रिना र श्रीमान मोन्साको नियोजित भेटपछि दुवैमा हुने बिपरित लिङ्गको आकर्षणसंग कथा अघि बढ्छ र अन्तर्यमा लुकेको यौनले सामाजिक मुल्यको पर्खालाई हल्लाउदै जान्छ ।़ फ्रायडले प्रतिपादन गरेको यौन शक्तिको प्राकृतिक रुप कथामा प्रकट भएको छ । कथाको चरित्रभरि मिस रिना र श्रीमान मोन्सा त्यसलाई कहिले आफ्नो अतीत स्मरण, देश छोडेर पलायन हुनपर्ने बाध्यता, हिनताबोध र प्रबासमा भोगिरहेका पीडाले विभिन्न आवरण दिएर ढाकछोप गर्ने हरप्रयत्न गर्दछन,तर अन्तर्यमा हुन्हुनाइरहेको यौन आँधी प्रष्टै सुनिन्छ । त्यो यौन आँधी विभिन्न आवरणभित्रबाट बग्दै जान्छ र आफ्नो गन्तब्य प्राप्त गरेर रोकिन्छ । आँधी रोकिएपछिको स्थितिलाई मिस रिना नियाल्छे,

*-बाहिर वातावरण भने एकदम चिसिएको छ । हिउँ अविरल रुपमा बर्सिरहेको छ । तर हामी सेन्ट्रल हिटर र वाइनको रन्काले तातिरह्यौं । लमतन्न तन्किएको पलंगमा म लम्पसार परेकी छु । खै, कति बेलादेखि हो श्रीमान मोन्सा पनि मेरो छेउमा पल्टिरहेको पाएँ ।*

*ऊ अस्तव्यस्त छ म जस्तै ।*

आँधी थामिएपछि रितो भएको श्रीमान मोन्सा वाइनको रन्कामा बाहिर हिउँको चिसो हावामा बाँकाटे हान्दै घरको बाटो लाग्छ । कथा सकिन्छ ।

कथा श्रीमान मोन्सा झैं बाँकाटे हान्दै गएर सकिएपछि यस्तो लाग्छ, यस्तो सामान्य भेट र त्यसका प्रतिक्रियाहरुलाई पनि कति उच्चकोटीको साहित्यिक उच्चाई दिएर कथाकार जया राईले कथा बनाउन सकेकी होलान ?कथाकार जया राईले बनाएकी कथ्य बिषय वेलायतले संस्कृतिको रुपमा मनाइने क्रिसमस पर्व र मानब जीवनमा नित्य घटित यौनजन्य गतिबिधिलाई सामान्य वृतिका रुपमा स्वीकारेर आएका वेलायती समाजका सामन्य पाठकका लागि पठन र वेलायतका लोकप्रिय लेखकका लागि लेख्य बिषय हुन्थ्यो कि हुँदैनथ्यो होला ? मनमा लागिरहन्छ । तर जया राईले लेख्य बिषय बनाइन, त्यही हो डायस्पोरिक चेतना । डायस्पोरिक चेतनाको शक्ति र सामर्थ्य भनेको आफ्नो मौलिक चिन्तन परमपरा, धर्म, संस्कृति,संस्कार र सामाजिक चेतना र मनोविज्ञानले होष्ट मुलुकको बिषयलाई हेर्नु, अनुभूत गर्नु, चिन्तन मनन गरेर त्यसको अदेखा विसंगत पाटोलाई प्रकाशमा ल्याउनु हो । जया राईले कथामा यही काम गरेकी छन् ।

## एउटा मृत्युको बयान

कथाको सार-

यो कथा लाराद्वारा रचित नारी प्रधान डायास्पोरिक कथा हो । नेपाली जातीको समाजबिज्ञान र संस्कारद्वारा निर्मित तिनको मनोविज्ञान र संस्कारको आवरणभित्र लुकेको बिकारद्वारा प्रताडित अर्थात् संस्कारको दम्भ र परिवारको खान्दानीपनको अहमले परिवार त्याक्त भै हंग कंग पलायन भएर मृत्यु वरण गर्न पुगेकी एक नेपाली प्रतिनिधि नारीपात्रको कैरन हो-एउटा मृत्युको वयान ।

नेपाली समाज र परिवारमा नारीको दायित्व धेरै गह्रुङ्गो बनाइएको छ । उनले भित्रको संसारदेखि बाहिरसम्म आफ्नो कर्तव्यको बहन गर्न भ्याउन पर्दछ । नारी धर्म,संस्कृति, संस्कार र पारिवारिक खान्दानीको दम्भ कहीबाट पनि मुक्त छैन । धर्मभित्रको अन्धबिश्वसको शिकार नारीलाई बनाइन्छ । परिवारको कमजोरी र संस्कारको असफलताको दोष उनी माथि खन्याइञ्छ । मानिसको मनोविज्ञानभित्रको मनोबिकारको आँखाले उनैलाई हेरिन्छ । तसर्थ यो एकप्रकारले नारी विद्रोहात्मक कथा पनि हो । संस्कार अकाट्य सत्य र अन्धो आत्मस्वीकृति मात्र होइन । समयसंगसंगै भौतिक विकासहरु आधुनिकीकरण हुँदै जाँदा समाज पनि बदलिदै जान्छ र समाजले अपनाउने संस्कार पनि समय सापेक्षित बदलिदै जानु पर्छ, कथाको विद्रोहात्मक संदेश हो ।

कथाकी नारीपात्र एक खान्दानी परिवारकी छोरी हुन्छे र खान्दानी परिवारकी बुहारी बन्न पुग्छे । त्यो परिवारको खान्दानीपनको अन्धोपनले केटा पक्षको पनि खान्दानीपन मात्र हेरिन्छ र आफ्नी छोरीको बैबाहिक सम्बन्ध बन्न गइरहेको केटोको नालायकीपन ओझेलमा पर्छ । तसर्थ एक खान्दानी परिवारकी छोरी अर्को खान्दानी परिवारकी बुहारी बन्न पुग्दा लागु औषधको दुर्ब्यशनीको रोगीसंग बिबाह हुन पुग्छ । दुर्ब्यशानी लोग्नेको गैरजिम्मेवारी र नालायाकपनले उनी प्रताडित हुँदै र आफ्नै घरमा पराश्रित बन्दै जान्छे । बच्चाको जन्मपछि झन् अभाब र आबश्यकताहरु बढेर जानु । तर दुर्ब्यशनी पतिको गैरजीमेवारिपनले त्यसको भार आफूमा बढ्दै जानु । पतिको आफूप्रतिको बेवास्ता र प्रेमबिहिन रिक्त हृदयले उनलाई पीडा थप्दै जान्छ । सासुले बिबाह पूर्व कुलतमा परिसकेको छोरोको खराब आदतमा सुधार नआउनु र सम्बन्ध राम्रो बनाउने जिम्मेवार बहन नगर्नु जस्तो खोट र लाञ्छना लगाइनु । बिहे गरिदिएकी छोरीले घर गरिखान नसकेर माइत फर्किनु भनेको माइतीको बेइज्जत हुनु हो भन्ने संस्कारको सामाजिक मनोविज्ञान हो । त्यही सामाजिक मनोविज्ञान अर्थात् संस्कार र खान्दानी ढोंगको घरेलु हिँसा भोग्न बाध्य भएकी नारीपत्रको हंग कंग पलायन र देह त्यागको कथा हो ।

हुन त मानब सभ्यताको उषाकाल देखिनै मानव प्रकृतिले के देखाएर आएको छ भने जंगली युगदेखि नै पुरुष शिकार खेल्न जाने, कृषि युगमा खेतिपाति र अन्य ब्याबशायगर्ने र अधुनिक युगमा अर्थ उपार्जनका कार्य, ब्यापार ब्याबशाय गर्ने र नारीले घरको ब्यबस्थापन र परिवार सम्हाल्ने प्रचलनको बिकास भएर आएको छ, जसले बदलिदो समयमा नारीलाई उन्मुक्ति र स्वतन्त्र संसारबाट बन्देज लगायो । सभ्यताको उषाकाल देखि नै स्वतन्त्र पुरुषमा त्यसले मनोबैज्ञानिक अहम र दम्भको बिकास हुँदै गयो र त्यसले प्रचलनका रुपमा निरन्तरता पाउदै

संस्कारको बिकास गरिएपछि नारीलाई घरभित्र सिमित राखेर संस्कारको आवरणमा परिवारको दासी बनाउने कार्य हुँदै गयो । बिकसित राष्ट्रहरुले धैरै अघि नै यो संस्कारको बिघटन गरेर नारीलाई पनि पुरुष सामना नै स्वतन्त्र संसार दिईएको भए पनि नेपाली समाजमा अधावधि यो संस्कार यथावत रहेको पाइन्छ । कथाकी पात्राले यही खिया परेको संस्कारको मौन बिद्रोहका रुपमा नोकरीका लागि हंग कंग पलायन हुन्छे र खानदानी परिवारकी छोरी र बुहारीले परिवारको बेइज्जत गरेकी खोटमा दुवै परिवारबाट त्याक्त हुन पुग्छे । कथामा उठान गरिएको खिया परेको नेपाली मानसिकता र मक्किसकेको संस्कारको ढोंगको बिघटन र परिवर्तनका लागि सशक्त, सभ्य र कलात्मक बिद्रोह हो ।

यो कथाको सभ्य र कलात्मक विद्रोहको उदेश्य मक्कीसकेको संस्कारको ढोंग गर्दा अज्ञानतामै आफ्नी छोरी चेली र नारीहरु कसरि मानसिक यातनाले प्रताडित हुन्छन र घरेली हिंसाको शिकार हुन पुग्छन भनेर शब्द चित्रण गर्दै बिद्रोही नारीपात्राको हंग कंग पलायन र त्यहाँ भोग्न परेका दुख हण्डर र जीवन अन्त्यको घटनालाई चित्रण गर्नु हो । यो एक कलात्मक र विद्रोहात्मक नारी प्रधान कथा बन्न पुगेको छ ।

कथाकारले कथाको कथ्य कार्य अलिक फरक ढंगले गरेकी छन् । कथाकी पात्राको जीवन अन्त्य अर्थात् घटनाको अन्त्यलाई कथाको आरम्भ बनाइएको छ र कथाकी पात्रको जीवनको आरम्भ अर्थात् घटनालाई कथाको अन्त्य बनाइएको छ । यसरि कथाको आरम्भ घटनाको अन्त्य र घटनाको आरम्भमा कथाको अन्त्य हुने गरि घटना र कथ्यको बिपर्यासलाई कथाको कथ्य अन्विती र गति दिएर कथाकारले कथालाई सफल र कलात्मक बनाएकी छन् ।

कथाको आर*म्भमा,*

*-शोकसभा हलमा मिश्रित प्रतिक्रिया आइरहेका छन् । भिडमा मान्छेहरु भनिरहे छन् "रक्सी ज्यादा पिएर मरेकी रे !"*

*"अल्कोहलिक पो रहिछे ।" एउटी मोटी महिलाले सास तान्दै भनिन ।*

*"त्यस्ती जवान केटी पनि ?" संगै उभिएकी मझौली महिलाले थप आश्चर्य मिश्रित पशन गरिन ।*

कथाको आरम्भ मृत पात्रको शोकसभा अर्थात् मृत्यु अन्त्यष्टिबाट भएको छ । त्यही अन्त्यष्टि सभामा कुनै दोस्रो व्यक्तिद्वारा बयान गरिएको मृत पात्रले जीवनकालमा भोगेका दुखको कहानी तेस्रो पात्रद्वारा शब्दाकार दिईएको कथा वर्णनात्मक कथा हुन पुगेकोछ । हंग कंगलाई मुख्य केन्द्रीय कथ्य भूमि बनाइएको यो हंग कंग नेपाली डायस्पोराको कथा हो ।

## अष्ट्रियाकी फूल

कथाको सार-

कथाकार रक्ष राईद्वारा रचित वेलायती डायस्पोराको कथा हो । कथाको प्रथम पात्र "म" को धेरै अघिको अतीत स्मरणको स्मृतिचित्रमा उतारिएको संस्मरणात्मक कथा हो । "म" पात्र एक भूतपूर्व वेलायती गोर्खा सैनिक हुन, जसलाई अवकाशपछि वेलायत प्रवेश गर्ने अनुमति थिएन । वेलायतको असमान ब्याबहार र अन्यायको बिरुद्द भूतपूर्व गोर्खाहरुले धेरै लामो न्यायिक आन्दोलन गरेर तिनले वेलायतमा आवाशीय भिसाको अधिकार प्राप्त गरेपछि तिनै एक भूतपूर्व गोर्खा "म" पात्रको वेलायत पुनरागमन हुन्छ । लन्डनको हिथ्रो अन्तराष्ट्रिय बिमानस्थलमा अवतरण भएर अध्यागमन प्रवेशपछि आफ्नो गन्तब्य तर्फ जाने क्रममा कोचको समय कुरिरहेको बेला धेरै अघि आफ्नो सैन्य जीवन आरम्भको कालमा पहिलो पटक लन्डन भ्रमणको बेला अचानक अष्ट्रियाकी युवतीसंगको भेटको अतीत स्मरणलाई दुई विपरित लिङ्गप्रतिको एक अनौठो आकर्षणलाई असक्त र अव्यक्त प्रेम र यौन मनोबैज्ञानिक कथा बनाइएको छ, भनौं "म" पात्रको त्यो अतीत स्मरण अष्ट्रियाकी फूल कथा बन्न पुगेको छ ।

यहाँ दुई फरक देशका पात्र पात्रको मिलन गराइएको छ । "म" पात्र एशीया महादेशको नेपाली मुलको नागरिक हो भने युरोपको साल्भिया अष्ट्रियाकी नागरिक हुन् ती दुई पात्रहरुको बिदा मनाउने क्रममा लन्डन सहरमा मिलन भएको छ र कथा मनोबैज्ञानिक ढङ्गले अगाडि बढेको छ,

*-बारको अगाडी पेयपदार्थ किन्नेहरुको भिड उस्तै थियो । त्यो भिडलाई छिचोलेर बारबाट पेयपदार्थ किनेर फर्किदा मेरो पछाडी लाइनमा उभिरहेकी अपरिचित युवतीसंग मेरो आँखा भ्रुधेको थियो ।*

*''ए, तिमीले अबैध मदपान त गरिरहेका छैनौ?''  त्यो अपरिचित युवतीले मलाई गिज्याउने भावमा पहिलो संवाद यसरी बोलेकी थिईन ।*

ती दुई पात्रको अकास्मात र अनियोजित भेटपछि संगै बिदा मनाउने क्रममा लन्डनका धेरै ऐतिहासिक स्थल, संग्राहलय र मनोरम बगैंचाहरुको भ्रमण गरेको वर्णनले त्यहाँको भूगोल र प्रकृतिलाई दृश्यात्मक र पत्रहरुको चरित्रलाई चित्रात्मक बनाइएको छ । दुई फरक देशको सभ्यता र सामाजिक मूल्यमान्यताले निर्मित मनोविज्ञानलाई चरित्रमा अथवा दुई विपरित लिङ्गप्रतिको आकर्षणलाई तिनको बोली,ब्याबहार र भावनात्मक प्रतिक्रियामा प्रकट गरिएको छ । युरोपको सभ्यताले निर्मित युवती पात्राको मनोविज्ञानलाई स्वतन्त्रता, स्वच्छन्दता, सहजानुभूति र अभिव्यक्तिमा सहज उच्छलनमा प्रकट गरिएको छ भने एशीया सभ्यताले निर्मित मनोविज्ञानलाई युवक पात्रको  नियन्त्रित र अनुशाषित मनोग्रन्थीहरु या मनका गाँठाहरुलाई उसको भावनात्मक प्रतिक्रियामा प्रकट गरिएको छ,

*-दोस्रो दिनमा नै हामी आफूले आफैलाई नै चिन्न नसक्नेगरि बदि्लएका थियौं । अनायशै सडकपेटीमा हिंड्दा हिंड्दै हाम्रा कुमहरु जोडिएका थिए । हिंड्दा-हिंड्दै हाम्रा कदमहरु लयबद्द भएका थिए । हेर्दा-हेर्दै हाम्रा आँखाहरुमा एकअर्काका तस्वीर देखिने भएका थिए । हाम्रा*

*मुस्कानका सम्मिश्रणले अनौठो रंग बदलेको थियो । अनायशै हामी एकअर्कालाई पर्छ्याईरहेका छौं जस्तै भान भएको थियो ।*

*-हामी भूमिगत रेलको टिकेट काटेर ट्युबभित्र छिर्दछौं । ट्युबभित्र बहेको चिसो हावाले हाम्रो गला हिर्काउदै गर्दा रेल आइपुग्दछ । हामी भूमिगत रेलको यात्रा गरेर सेन्ट जेम्स पार्क स्टेशनमा उत्रिन्छौं ।*

*-"तिमीले अध्ययनलाई अगाडी नबढाएर किन सेनाको जागिर शुरु गरयौ?" मेरो गलामा आफ्नो दुवै हातको माला लगाइदिदै उनले यसो भने झैं लाग्यो ।*

*"हँ !" म झस्किएँ ।*

*"के भयो ?" उ पनि झस्किएकी जस्ती भईन ।*

*"हैन, केही पनि भएन. ।" सम्हालिदै मैले उतिर हेरें । उ फकैचाको पल्लो छेउमा बसेकी थिइन र म वल्लो छेउमा । हामी विच अलिकति दूरी बाँकी नै थियो । यदि त्यहाँ मेरी भाउजुकी बहिनी हुन्थिन भने हाम्रो दूरी अझै धेरै हुन्थ्यो होला ।*

यसरी कथालाई दुई फरक मनोविज्ञानले चरित्रात्मक बनाइएको छ ।कथा पढ्दा यस्तो लाग्छ, कथा लेखनमा घटना र चरित्रलाई प्रमुख नबनाइकन पनि तत्काल परिस्थितिलाई पात्रको तीक्ष्ण अनुभूति र समबेदनाले कथालाई सशक्त र बोधगम्य बनाउन सकिदोरहेछ भन्ने लाग्छ ।

## डायास्पोरिक कथाको रुप,शौन्दर्य र प्रयोग

**रूप:** डायास्पोरिक रचनाहरु फरक प्रकृति, भूगोल, समाज अथवा परदेश र परदेशीय बिषयमाथि फरक चेतनाले लेखिने भएकाले त्यसको रुप र रंग पनि भिन्न र फराकिलो भएर आउदछ । हरेक देशको भिन्न डायस्पोराको क्षेत्र विश्वभरि छरिएर रहने हुँदा त्यसको रुप पनि बिबिधतामय हुन पुग्दछ । त्यहाँको फरक प्रकृति, जीव जन्तु प्राणी, बनस्पति,हावा, पानी,नदी, खोला, समुन्द्र,मौसम र प्रकृतिको चलायमनाता,तिनको भौतिक संरचन,बिभिन्न स्थानको नाम, गाउँ,सहर र भौतिक बिकासको अबस्था, फरक समाजको संरचना,दैनिकी,जीवन पद्दति, धर्म, संस्कृति र संस्कारले डायास्पोरिक रचनाहरु प्रभावित भएका हुन्छन ।

माथि प्रयुक्त पाँच भिन्न डायस्पोराबाट संकलन गरिएका कथाहरुका रुपलाई हेर्दा त्यहाँका भौगोलिकता, फरक सभ्यताले प्रतिष्ठित स्थल, त्यहाँका मानिसका रुप, रंग र प्रकृतिलाई अभिधात्मक र प्रतीकात्मक शिर्षक बनाएको छ । रचनाको शिर्षक भनेको रचनालाई हेर्ने शिरको स्थान वा राजा महाराजाको श्रीपेचजतो पनि हो । यी रचनाहरुका शिर्षकमा नै प्रायः डायास्पोरिक सृजनाको मौलिक रुप बनाएको हुन्छ ।

-ज्याक्सन हाइट - अमेरिकाको भौतिक बिकास र सभ्यताले निर्मित ऐतिहासिक र प्रतिष्ठित स्थलको नाम हो । संसारका बहुल जातीले आफ्नो कर्मक्षेत्र र बसोबास स्थल

बनाएको ज्याक्सन हाइटलाई कथाकारले बिबिध डायस्पोराको प्रतीकात्मक शिर्षक बनाएका छन् ।

आधुनिक अमेरिकाको ज्याक्सन हाइटलाई कथाकारले डायास्पोरिक चेतनाले हेर्दा यस्तो पनि देखेका छन् -

*"ज्याक्सन हाइटको वरिपरिबाट मौरीले रानोलाई घेरेर बसेझैं बसेका छन् नेपाली, भारतीय, बङ्गाली,पाकिस्तानी,श्रीलंकाली र केही तिब्बतीहरु..... ज्याक्सन हाइटमा नेपाली खाना पाइन्छ, ज्याक्सन हाइटमा भारतको सब्जी मण्डीमा झैँ चौबिसै घण्टा चहलपहल देखिन्छ । ज्याक्सन हाइटको बतासमा नेपाली गुन्द्रुक र तामाको सुगन्ध भेटिन्छ । ज्याक्सन हाइटका गल्लिगल्छेडाहरुमा चाना चटपटे,पानीपुरी र पानपरागका ेस्वाद चाख्न पाइन्छ ... आधुनिक अमेरिका उत्तरआधुनिक बन्दै छ - ज्याक्सन हाइट । अमेरिकाको पुनर्लेखन गर्दै छ - ज्याक्सन हाइट ....।"*

उम नूर - स्लाम धर्मबाट आएको इराकी नारीपात्रको नामलाई नै कथाको शिर्षक बनाएको छ । फातिमा उर्फ उम नूर स्लाम धर्मालम्बी इराककी नगरिक हुन, जो इराकमा अमेरिकाको आक्रमण र सद्दाम हुसेनको पतनपछि सिया र सुन्नीबिचको युद्दमा युद्द पीडित पात्र र कथाकी नायिका पनि हुन । उनले आफूले भोगेको युद्द पीडा र दुखपछि वेलायत पलायनको कथा दोस्रो पात्रलाई सुनाएकी छिन ....

*-मेरो नाम फातिमा भए पनि मेरा पतिले माया गरेर बोलाउने नाम उम नूर हो,जो मलाई औंधि मन पर्छ । फतिमाले आफू बेलायत शरणार्थी जीवन निताउन परेको कथाबिचैमा रोकेर भनेकी थिईन, "कहीं कतै मेरो याद आएछ भने मलाई यही उम नूर नामले स्मरण गर्नु होला !"*

अमेरिकाको इराकमाथिको भिषण आक्रमण र सिया - सुन्निको गृह युद्दबाट सम्पूर्ण परिवार गुमाएर पनि जीवित पात्र फातिमा अर्थात् उनका मृत पतिको प्रिय नाम उम नूरलाई नै कथाको शिर्षक बनाइएको छ । यसको अर्थ शिर्षकले नै कथाको मुलमर्मलाई अझ कोमल र मर्मस्पशी बनाएको छ र यसले इराकको युद्द कथाको प्रतिनिधित्व गरेको छ ।

अर्को कथा हो "क्रिसमस डे !" - क्रिसमस ईशाई धर्मालम्बीहरुको प्रमुख चांड हो र अरु ईशाई देशहरु झैं बेलायतको राष्ट्रिय पर्व पनि हो । यही क्रिसमस डेको बिदाको एक दिनको गतिविधिलाई पर्वकै नाम दिएर कथाको शिर्षक बनाइएको छ ।

त्यस्तै अर्को कथा "अष्ट्रियाकी फूल" अर्थात् अष्ट्रियाकी एउटी युवतीसंग अप्रत्यासित लन्डनमा भएको भेटलाई कथा बनाइएको छ र शिर्षक दिईएको छ । अष्ट्रिया एउटा युरोपको बिकसित देश हो र त्यो देशको नागरिक युवतीको सुन्दर रुप, प्रेम, कोमलता र समर्पणको भाव फूल भएर प्रतीकात्मक शिर्षक भएको छ - अष्ट्रियाकी फूल ।

यी पाँचवटा कथाका कथ्य क्षेत्र एशीया,युरोप र अमेरिका भएका छन् र त्यसका फरक पात्र पात्राहरु, प्राकृतिक छटा,भौगोलिकताले बनेका छन् । यी मध्येका तीन कथाका पात्र पात्रहरु

कमशः फतिमा उर्फ उम नूर,अब्दुल जारा,रईद काका,हाम्दी, मजिद,अलि अहमद, युसुफ़,श्रीमान मोन्सा र साल्भिया अन्तराष्ट्रिय नागरिक अर्थात् विश्व पात्रहरु हुन ।अमेरिकाको ज्याक्सन हाइट,टाइम स्क्वायर, इराकको बग्दाद,आबु गराइब, जन्नाह अलखार्क, टाइग्रिस, युफ़्रेटस नदी,अमिलसहर, हंग कंगको स्टारफेरी, स्टार हाउस,ओशियन टर्मिनल, बेलायतको हिथ्रो,लन्डन,बकिङ्घम दरवार,सेन्ट जेम्स पार्क, रिजेन्ट पार्क, म्याडम ट्युसट,लन्डन ब्रिज,टेम्स नदी, बिगबेन,वेष्ट मिनिष्टर पार्लियामेन्ट, चर्च कुकहम ब्यारेक, रेडफोर्ड ब्यारेक,स्कटल्याण्ड, वाटरलू ति सबै स्थानहरु अन्तराष्ट्रिय नगर,सहरका भौतिक संरचना र ति देशका सभ्यताहरु हुन् जो यी पाँच कथाका संरचनाका अंग भएर जोडिएर आएका छन् । यी सम्पूर्ण विश्व नागरिक अर्थात् विश्व पात्रहरु अन्तराष्ट्रिय कथ्य क्षेत्र र फरक भूगोलको भौतिक संरचनाले डायस्पोरिक कथाको रुप भिन्न र मौलिक हुनपुग्दछ ।

**शौन्दर्यः** कला र गतिको लागि अलंकारको रुपमा प्रकृति पनि रचनासंगसंगै हुन्छ । रचनाको कलात्मकताका लागि प्राकृतिक छटाले अलंकारको कार्य गर्दछ । डायस्पोरा आफैमा फरक प्रकृतिसंग हुन भएकाले त्यहाँको प्राकृतिक शौन्दर्यको बयानले डायास्पोरिक सृजनाको रुपगत सुन्दरतालाई भिन्न र मौलिक बनाएको हुन्छ । त्यहाँको प्रकृतिले दिने बेग्लै अनुभूति र अनुभब र बेग्लै समाज, धर्म,संस्कृति,संस्कार,दैनिकी,जीवन पद्दति, सभ्यता,ऐतिहासिकताले दिने फरक ज्ञान र डायस्पोरिक चेतनाबोधले रचनाहरुको आत्मगत शौन्दर्य अर्थात् मानसिक शौन्दर्य बन्दछ ।

*-पाल्म रुखको पातमा बसेर बथानमा उड्ने चराहरु चिर्बिराइरहेका थिए ....*

*- टाइग्रिस र युफ़्रेटस नदीमा बोटिङ्ग गर्दै माछा मारेका समर साँझहरु ... (उमा नूर पृ. बाट )*

*- करेसाबारीको डिलमा भएको घुपी र चेरीको बुढो बोट र चेसनटको जिङ्गिङ्ग उभिएको छ । बिचमा गोरेटो बाटो, बाटोपारि विशाल खुल्ला खेल्ने चौर .*

*- हिमपात, त्यो कक्रिएको हाँगामा अल्झिदै मानो भरेझैं चुलिदै जान्छ, फ्यास्स झर्दै जान्छ । झ्यालको सानो खापामा अडिएर जम्दै-पग्लिदै जान्छ .... चेरीको बोटमा बसेको ढुकुरका जोडी जीउमा थुप्रिएको हिउँ पटक-पटक पखेटा हल्लाउदै झार्छ ....(क्रिसमस डे पृ. बाट )*

*- क्याफेको बडेमाको शिशामा झ्यालबाट प्रष्ट देखिन्छ स्टारफेरीको घण्टाघर ....।*

*- धमिलो साँझमा मान्छेहरुको चहलपहलसंगै स्टारफेरीबाट पारि हंग कंगको लामबद्दा देखिएका बहुराष्ट्रिय कम्पनीका होर्डिङ्ग बोर्डहरुका चम्किला बिज्ञापन अनि फेरीको आवत जावत नियाल्दै हावरमा लगाइएका फोटोग्राफरका रात्री पसल छेउको बागल-बागल हुँदै हामी हिंड्न थाल्यौं ....।*

*- स्टारफेरी ओशियन टर्मिनलको मुख्य गेट छिचोलेर क्यान्टोन रोड हुँदै उकालो हानिएँ म ...( एउटा मृत्युको बयान पृ.  बाट )*

प्रकृतिमा कुरुपता कहीं छैन । प्रकृति स्वयममा सुन्दर छ । प्रकृति सृजनाको सुन्दर र कलात्मक खेल मैदान हो । प्रकृतिबाट नै मानिसले सुन्दरताको अर्थ जानेको हुन्छ । प्रकृति सिर्जनासंगसंगै हिंड्छ र सिर्जना प्रकृतिद्वारा अलंकृत हुन्छ र रचनाको रुपको बिकास हुन्छ । जब प्रकृतिले मानविय अर्थ जागरण गर्दै लेखकको मन,भावना र समबेदनासंग खेल्न थाल्दछ वा क्रिया - प्रतिक्रिया र अन्तरक्रिया गर्न थाल्दछ, तब यसले प्रतीकात्मक, बिम्बात्मक र रुपात्मक अलंकारको बिकास गर्दछ र रचनाको आन्तरिक शौन्दर्यको प्रादुर्भाव हुनपुग्दछ ।

*- भर्खरै नुहाएर बाथरुमबाट निस्किएकी युवतीझैं टेम्स नदी स्निग्ध र शान्त थिई । सायद, हाम्रो हृदयको ढुकढुकीको लय समातेर बग्दै गएको टेम्स नदीको पानीको लहर लहरिदै पल्लो किनार पुग्यो र हाम्रो भेटको संयोगको कथा सुनाएर फर्कियो ....।*

*- नेपालमा मेरी भाउजुकी बहिनी पनि आफ्नो हृदयको ढुकढुकीको लय समातेर बग्दै गएको सप्तकोशीको पानीको लहर हेरर दिन बिताउदै होलिन ....।*

*- मलाई उतिर हेरिरहन असजिलो भयो र फूलबारीतिर आँखा डुलाएं । फूलहरु ग्रिष्मयामको मन्द हावासंग बयाली खेल्दै थिए । फूलका पत्रहरु हावामा हल्लिदै बिस्तारै सुकिलो झारमाथि खस्दै थिए । हामी बसेको फलैचाको पछाडीको रुखको पातहरुमा बतास आएर साउती मार्दै थियो.... (अष्ट्रियाकी फूल पृ. बाट )*

## इतिहास र ऐतिहासिक घटनाहरु

डायस्पोरा ति देशहरुको ऐतिहासिक घटनाहरु पनि रचनासंग जोडिएर आउने हुनाले विश्व सूचना र ज्ञान पनि संगै लिएर आउदछ । डायस्पोराभावमा सँधै दोधारको मनस्थिति, पछुतो, हिनताबोध, नोष्टाल्जिक भावनाले दुई देशबिचको तुलानात्मकबोध र सादृश्यता,सांस्कृतिक मिश्रण र उभयभाब रहने गर्दछ र ति रचनामा आउने गर्दछ ।

*- बग्दादका कुनै कुनै क्षेत्र बाहेक दुई देशबिचको सीमानामा भएको ८ बर्षको लडाई उतै साम्य भएको थियो ...।*

*- सन् १९९०/ ९१ को दोस्रो गल्फ युद्दको कारण हाम्रो ब्यापार खस्कदै गएको थियो ... - अश्त्र भण्डार निरीक्षण गरेर पनि अमेरिकाको शंकाहरण भएन रे !... (उमा नूर पृ. बाट )*

*-बकिङ्घम दरवारको अगाडीपट्टि करिब २५ मिटर उचाइ र २,३०० टन बराबरको तौल भएको सिङ्गमर्मरको ढुङ्गाेद्वारा निर्मित पछाडीपट्टि पृष्ठभूमिमा पंख जडित सुनौलो रंगमा महारानी भिक्टोरियाको सालिक वेलायतको गौरबमय इतिहासलाई माथि उठाएर उभिरहेको थियो । वेलायतको इतिहासमा लगभग ६४ बर्ष अर्थात् सबाधिक लामो समय शाषण गरेकी महारानी भिक्टोरियाको स्मृतिमा सन् १९०१ अथवा विशौं सताब्दीको सुरुवातमा त्यो सालिक निर्माण गरिएको थियो र त्यसको डिजाइन सर आस्टन वेब्बले गरेका थिए ।*

*-रिजेन्ट पार्क जनताको सार्वजनिक बगैंचामा रुपान्तरित हुन पूर्व सन् १०६६ ताका यो क्षेत्र मिडलसेक्सको घना जंगल थियो । त्यहाँ जंगली जनावरहरु प्रसस्त हुने भएकाले राजा हेनरी आठौंले जंगली जनावरको शिकार खेल्ने क्षेत्रकारुपमा प्रयोग गर्दथे ।(अष्ट्रियाकी फूल पृ. बाट )*

## दोधारको मनस्थिति,

डायस्पोराको आफ्नै भिन्न मनोविज्ञान हुन्छ त्यो यहाँ पुगेर त्यो समुदायले भोग्ने अनुकुल-प्रतिकुल परिस्थिति र वातावरणको प्रभावले बनेको हुन्छ . डायस्पोराको आनीबनि, बोली,ब्यबहार र चरित्रहरुमा सधैं द्वैचारता, द्वैधभाव, अनिर्णय, अनिश्चय र द्वैचार बिरोध-बिरोधाभास रहिरहन्छ,

*-“खोइ सर, हामीले अमेरिकालाई उल्लु बनाएका हौं कि अमेरिकाले हामीलाई मुर्ख बनाएको हो, भन्न गाह्रो छ । झट्ट हेर्दा यहाँको जस्तो स्वतन्त्रता कहीं नभए जस्तो तर यो स्वतन्त्रता हाम्रा लागि बन्धन हो कि भन्ने आभास हुन्छ सर ! अदृश्य बन्धन ! छोडुंछोडुं लाग्ने तर छोड्न नसकिने, भागुंभागुं लाग्ने तर भाग्न नसकिने ! झन्झन् भासिदै जाने दलदलमा भासिएझैं ।“ रोसनको अनुहार उदास देखियो ।*

## पछुतो, हिनताबोध,

डायस्पोराको मनोविज्ञानमा पछुतो र हिनताबोध तीक्ष्ण र तीब्रानुभूतिका साथ सकृय रहने मनोग्रन्थी हो । यो प्रबासमा रहँदाको एक्लोपन,अपरिचय,अज्ञानता र बेसाहरापनबाट जागृत हुन्छ । यो पछुतो र हिनताभावले कोही व्यक्तिलाई निराशाबादी, पलायनबादी र बिलयनबादी बनाउछ भने कोहीलाई यही भावले संघर्षशील र बिद्रिही स्वभावको पनि बनाउछ ।

*-“साला, नेपालको त्यति राम्रो जागिर छोडेर यहाँ चपरासी बन्न आइपुगियो यार !“-एउटा बोल्यो ।*

*“चपरासी नै सहि, तलब भने नेपालको प्रधानमन्त्रीको भन्दा पनि बढी खाएको छस् “ -दोस्रो बोल्यो ।(ज्याक्सन हाइट पृ. बाट )*

## नोष्टाल्जीया, प्रकृतिक सादृश्यता र तुलनात्मकबोध

प्रवासको एक्लोपन, एकान्तिकता, उदासी, बिरानोपन र बेसाहरापनले व्यक्तिलाई उसको अतीततिर फ़र्काउछ, जसले उसलाई अतीतमोही, गृहबिराही र आत्मप्रेमी बनाउछ । यो प्रवासको अतीतमोही प्रवृति एक प्रकारको मानसिक बिक्षेप या भावनात्मक अर्ध पागलपन पनि हो । उ त्यहाँको भूगोल र प्रकृतिमा सादृश्यता निर्माण गर्दै अतीतको झझल्को मेट्दछ र त्यहाँको बस्तु स्थितिसंग उसले आफ्नो मुलुकसंग तुलना गर्दछ ।

*-मैले नेपाल मेड एउटै समान देखिनं तर त्यहाँभित्र कामगर्ने सेल्समेन भने प्राय सबै नेपाली ठिटाहरु थिए । मैले जिलेटको सेभिंग क्रिम किने । पिंधमा हेरे मेड इन इंडियाको छाप थियो । म फिस्स हाँसे (ज्याक्सन हाइट पृ. बाट )*

*-यो सहरको व्यस्तता र यान्त्रिकताले मानिसलाई यस्तो हतारमा सडकमा गुडाइरहेको हुन्छ.... यतिखेर लन्डन सहरले निक्कै ठूलो कालो र मैलो मानव सागरको भेलबाढी सहित बगिरहने मेरो देशको राजधानी काठमाण्डौको नयाँ सडक, विशाल बजार र ठमेल बजारको झल्को दिदोरहेछ ।(अष्ट्रियाकी फूल पृ. बाट )*

## सांस्कृतिक मिश्रण

मिश्रण डायस्पोरा या प्रवासको प्रकृति हो । आजको उत्तरआधुनिक चरित्रले ल्याएको संसारमा ट्राभल कल्चरको विश्व चरित्रले मूलराष्ट्रमै पनि प्रत्यक्ष-परोक्ष संस्कृति मिश्रण आइसक्यो भने प्रबासका लागि मिश्रण प्रकृति नै भइसक्यो । यहाँ पुगेपछि जीवनको सम्पूर्ण पक्षमा मिश्रण सुरु हुन्छ, जस्तै धर्म, भाषा,संस्कृति, संस्कार, दैनिकी, रहनसहन,आचार-बिचार,खाना,आभूषण, सोंच, चिन्तन र ज्ञानमा समेत मिश्रण हुन्छ ।

*-"ऊ त वासिंगटन डीसी गएको छ कन्सर्ट प्रोग्राममा । आज त्यतै गर्लफ्रेन्डको घरमा बस्छु भन्दै थियो । छोरी भने घरमै होलि ।" सहनीले भनिन । उनी बाहिर जान ढोकासम्म पुगीसकेकी थिइन् ।*

*"ए हो !" साहुले भर्खर मात्र थाहा पाएझैं गरे ।''नेपालमा एउटै पाटीभित्र धेरै पार्टी भएझैं हाम्रो एउटा परिवारमा धेरै 'कल्चर' बिकसित हुन थालिसके । हामी नेपाली 'कल्चर ' छोड्न सकिरहेका छैनौ भने छोराछोरीहरु अमेरिकी 'कल्चर ' मा अव्यस्त भईसके ।(ज्याक्सन हाइट पृ. बाट )*

## उभयभाव

मानिस स्वभावतः प्रकृतिगत रुपमै अपुरो,अधुरो,अर्ध र आत्मल्पताले बनिएको हुन्छ । उ हरेक बस्तुलाई आफूमा पूर्ण गराउन त्यसको उपभोग र उपयोग गर्दछ । तसर्थ उ नयाँ बस्तु प्राप्त गर्दैमा पुरानो बस्तु त्याग्दैन या अरुको बस्तु प्राप्त गर्दैमा आफ्नो त्याग्दैन । फलतः उ दुवै बस्तुको उपभोग गरेर आफ्नो आबश्यकतालाई पूर्ति गर्ने स्वभावको हुन्छ । तसर्थ उसले दुवैतिरको बस्तु स्थितिसंग सहचर्या गर्दछ र आफ्नो सम्पूर्ण भौतिक अभौतिक बस्तु, सामाग्रीहरु उसले आफूसंगै लिएर जान्छ र त्यहाँ स्थापित गराउने प्रयत्न गर्छ, जस्तै व्यक्तिको नाम,ठाउँ,स्थल,जल,भाषा,धर्म, संस्कृति, सामग्री, बस्तुकला, चित्रकला,हस्तकला,पकवान र आभूषण सबै लिएर जान्छ र त्यहाँ स्थापित र आफूलाई विस्तारित पनि गराउछ ।

*-चारैतिर नेपालीपन । भान्छामाथि भित्तामा सुकेको दाउरा र चुल्होमाथि रयाकमा टिलिक्क टल्किएका काँसका भाँडाकुँडा सजाइएर राखिएका । सिलिङ्गमा तुन्द्रुङ्ग चौंरीको पुच्छर झुन्डिएको । भित्तामा थरिथरिका थाङ्का,हिमालका तस्विर र झ्यालढोकामाथि गणेश, कुमार,भैरब र लाखे नाचका मुखौटाहरु टाँगिएका । काउन्टरको दाँयातिर टेबलमाथि तामाको बुद्दमुर्ति ध्यानमग्न मुद्रामा रहेको । अमेरिकाको रेस्टुराँभित्र पस्दा नेपालमै पुगेको अनुभूति हुने ।*

*-"मासु खाने भए छोइला, कचिला, भुटान, उसिनेको गिदी,टाउकाको सुप र साँधेको सुकुटीको स्वाद पनि लिन पाउनु हुन्थ्या । अमेरिकामा नेपाली पाराले पकाएको मासुको*

*स्वादको आनन्दै अर्को !" रोसन मतिर हेर्दै मुस्कुराउदा मेरो साकाहारीतामाथि व्यंग्य कसेझैं लाग्यो ।(ज्याक्सन हाइट पृ. बाट )*

यी सम्पूर्ण डायास्पोरिक प्रकृति र प्रवृतिले प्रभावित भएर डायस्पोरिक रचनाको भिन्न रुप सहितको शौन्दर्य बनाएको हुन्छ ।डायस्पोराको भिन्न जीवन र जगतलाई अर्कै भौगोलिक, धार्मिक,सामाजिक र सांस्कृतिक चेतनाले ग्रहण गरेर ति अनुभवलाई मौलिक ज्ञान बनाउन सक्नु डायास्पोरिक रचनाको शौन्दर्य हो ।

**र प्रयोग,**

डायस्पोरा विश्व अनुभब, चेतना र ज्ञानले प्रभावित हुन्छ र डायस्पोरिक रचनाहरु लेखन परम्पराको निरन्तरता वा अनुकरण मात्र हुँदैन । यसले नयाँ सोच र चिन्तनले सृजनामा नयाँनयाँ प्रयोग, उपाय, जुक्ति र विकल्पहरुको खोजी गरिरहेको हुन्छ । यहाँ प्रयुक्त पाँच कथामा तीन कथाले प्रयोगधर्मितालाई अपनाएको छ । महेशबिक्रम शाहद्वारा लेखित ज्याक्सन हाइट-कथामा एउटा नयाँ प्रयोग गरिएको छ । ज्याक्सन हाइटमा-कथाको शिर्षकमा उत्तरआधुनिक ज्याक्सन हाइट, रोसन, रेष्टुराँभित्र र रेष्टुराँबाहिर,साहुजी, बियर पिईरहेकी युवती र म गरेर थुप्रै उपशिर्षकहरुको चयन गरेर कथा रचिएको छ । क्रमसः कथाको उपशिर्षक उत्तरआधुनिक ज्याक्सन हाइट-नेपाली डायस्पोराको मानसिकताले ज्याक्सन हाइटको अर्को परिचय बनाउने प्रयत्न गर्नु हो । रोसन-अमेरिका पलायन नेपालीहरुको प्रतिनिधि पात्र,जो रेष्टुराँको बेयरा काम गर्दछ । रेष्टुराँभित्रर रेष्टुराँबाहिर - ज्याक्सन हाइटको नेपाली, भारती, बंगाली,पाकिस्तानी र श्रीलंकाली डायस्पोराको शब्द चित्रण गर्नु हो । साहुजी-अमेरिका पलायन भएर जिन्दगी आरोह अबरोह भोगेका संघर्षशील र महत्वाकांक्षी नेपाली प्रतिनिधि पात्र हो । बियर पिईरहेकी युवती - अमेरिकाले आफ्नो नारीत्व र अस्तित्व सबै लुटिसकेको नेपाली नारी पात्रको दुखचित्र हो र यी सम्पूर्ण अमेरिकी नेपाली दुख,पीडा, पछुतो,आत्मग्लानी, असहायता, निरीहता, अनि अमेरिकाको मान्छे खाने नियतलाई देखेर, अध्ययन गरेर पनि कुनै दोस्रो विकल्पबिहिन अन्तिम पात्र हो - म । यी तमाम अमेरिकी नेपालीका दुख र पीडालाई एउटा कथामा अटाउन कथाकारले उपशिर्षकको जुक्तिलाई अपनाएर नयाँ प्रयोग गरेका छन् ।

अर्को उपशिर्षक दिएर बनाइएको कथा हो - एउटा मृत्युको बयान । यो कथाको मुखभागले हंग कंग पलायन नेपाली नारीको दुख, पीडा र देह त्यागलाई बयान गरेको छ र उपशिर्षकले नारी पात्रले पलायन हुनपर्ने बाध्यताका कारण हंग कंग प्रवेशको अबैध यात्राको बर्णन गरेको छ । यसरि कथा दुई खण्डमा बनेको छ ।

अर्को कथा हो - अष्ट्रियाकी फूल । शिर्षक नै प्रतीकात्मक भए आएको यो कथा नश्टाल्जिय प्रवृतिमा लेखिएको भए पनि नेपाली कथा लेखन परम्पराको चुल्बुलेपन,उत्तेजित र तरंगित हुँदै गति लिने स्वभावको विपरित गहन, बोझिल र बोधगम्य लेखनको चाह राखेको छ । यस कथामा नेपाली कथा लेखनमा घटना वा चरित्रलाई उत्तेजित र तरंगित बनाएर पहाडको खोला झैं हाप र झाप फालहान्दै र बुर्कुसी मार्न लगाउदै अन्त्यमा पुर्याउने परम्पराको अन्त्य

छ। घटना वा चरित्रलाई तरंगित बनाएर गति छिटो र अन्त्य छोटो बनाउने परम्परामा अभ्यस्त पाठकलाई यो कथाले निरास र वाक्क बनाउने छ, तर बौदिक पाठकलाई यसले गम्भिर र धैर्यवान बनाउने छ। गति छिटो र अन्त्य छिटो बनाउने परम्पराले नेपाली कथामा प्रकृति छुटेको भेटिन्छ। प्रकृतिबिनाको सिर्जना भष्मेको ठुटो वा डढेलो लागेको पाखो जस्तो निरासा हुँदोरहेछ। यस कथामा प्रकृतिसंग खेलेर प्राप्त गरेको कलाले रचनालाई बोधगम्य बनाएको छ।यी सम्पूर्ण कथाहरु डायास्पोरिक चेतनाले उद्‌बोधित छन्।

# समालोचना- २.

## ५. यात्रासंस्मरणहरु

नेपाली भाषाको "संस्मरण" शब्दको शाब्दिक अर्थ-याद हुनु, सम्भिmनु, स्मरण ,स्मृति, सम्भिmरहने काम र सम्भिmने क्रिया हुन्छ । यो शब्दको शाब्दिक अर्थको ब्याख्या र परिभाषाको पून:स्मरणको आबश्यक किन भयो भने "संस्मरण"आख्यानको एउटा महत्वपूर्ण र लोकप्रिय विधा भएकोले यो शब्दको अघि वा पछि उपुक्त शब्दको सन्धि वा उपसर्ग जोडेर यसको बिभाग,भेद र उपभेदको जन्म भएको देखिन्छ, जस्तै-यात्रासंस्मरण, नियात्रा, सयात्रा र यात्रास्पर्श आदि । कुनै बिशेष ठाउँ वा स्थलको भ्रमण वा यात्रा गरिसकेर त्यसको स्मरण गरिएर लेखिएको रचना यात्रासंस्मरण हो । नियात्रा-यात्रा सम्बन्धीकै घटनाहरुको स्मरण गराउने अर्थभावमा यात्राको अघि "नि" उपसर्ग थपिएर बनिएको शब्द हो । त्यस्तै सयात्रा-पनि यात्रा शब्दको अघि"स"उपसर्ग जोडेर बनेको शब्द हो । यधपि यी दुबैको रचनात्मक कर्म यात्रा सम्बन्धीका घटनाहरुको स्मरणको लेखन कार्य नै हो, तर "नि" उपसर्ग थपिएको नियात्रा र "स" उपसर्ग थपिएको सयात्रा शब्दको अर्थभावमा मत भिन्नता देखिएको छ । नियात्राको "नि" ले निजीयात्रा,निजात्मक यात्रा र आफ्नो यात्रा भन्ने अर्थभावको बोध गराउन खोज्दछ भने सयात्राको "स" ले सह,सित,संग,सहितको सामुहिकता र सह-अस्तित्वको अर्थबोध गराउन खोज्दछ । यात्रा निजी हुँदैन, यात्रा सामुहिक पनि हुन सक्दछ र यदि त्यो एकल भए पनि उसंग आफ्ना सरसामान,यात्राका साधन,स्रोत,स्थल,प्रकृति,व्यक्ति,चरित्र संगसंगै हुन्छ र त्यो लेखनमा पनि आउछ भन्ने हो । नियात्रको शाब्दिक अर्थले निजीयात्रा र निजात्मक यात्रा भन्ने लागे पनि यसको भावले यात्रा सह वा सामुहिक भए पनि त्यसको लेखन कार्यमा व्यक्तिको फरक चेतना शक्ति, बस्तुबोध क्षमता, अनुभूति, भावना र संवेदनाले निजत्व धारण गर्दछ । कारण व्यक्ति को चेतना शक्ति, बस्तुबोध क्षमता, अनुभूति, भावना र संबेदना फरक हुने गर्दछ र त्यसले रचना प्रभावत हुने गर्दछ भन्ने हो । तसर्थ सयात्राले यात्राको सह-अस्तित्वको भौतिक रुपलाई अर्थबोध गराएको छ भने नियात्राले व्यक्तिको मानसिकरुपले लेखनमा आउने निजत्वलाई अर्थाबोध गराएको प्रतीत हुन्छ । यिनै मतभिन्नताले यात्रा संस्मरणमा अर्को उपभेदको जन्म भएको देखिन्छ । यधपि यी दुवैको सह-अस्तित्व संस्मरण लेखनमा आएकै हुन्छ । अझै पछिल्लो समयमा "यात्रा"शब्दको पछि "स्पर्श" शब्दको सन्धि गरेर "यात्रास्पर्श" ले आफ्नो अस्तित्वको ब्याख्या गर्दै आएको छ र यात्रा संस्मरणको अर्थले बिस्तार हुने अवशर पाइरहेको छ । यसर्थ "संस्मरण" कै भावार्थसंग खेलेर त्यसको बिभाग, भेद र उपभेद बन्न गएको देखिन्छ । यही कारणले यहाँ संस्मरण विधा अन्तरगतका पांच यात्रा संस्मरणलाई राखिएका छन् ।

नेपाली शब्दको "यात्रा संस्मरण" अंग्रेजीमा ट्राभल लग भनिन्छ । तर नेपालीमा यसलाई यात्राको बयान, यात्राको बर्णन वा यात्राको टिपोट नभनीकन यात्रा संस्मरण भनिएको छ, यसको कारण त्यो रचना यात्राको बयान,बर्णन वा टिपोट मात्र नभएर त्योसंग व्यक्तिको

निजत्व अर्थात् उसको अनुभब,अनुभूति, भावना, समबेदना, ज्ञान र बौदीकता पनि संगै जोडिएर यात्राको सम्झना सहित आउने भएकाले त्यसो भएको हुन पर्दछ । संस्मरण लेखन अत्यान्त स्वतन्त्र,उन्मुक्त,ब्यापक र सम्पूर्ण आख्यानको विधामिश्रण हुने भएकाले स्वछन्द लेखन हो । अरु विधाजस्तो यसको लेखन बिधि र नियम संगतता हुँदैन । बरु सम्पुर्ण आख्यान विधाको विधाभंजन सहित यसमा समाहित हुन पुदछ । यसको सरसता, सहजता र स्वतः स्फुर्तताले नै यो पाठक प्रिय हुन पुगेको हो । यहाँ नेपाली साहित्यमा यात्रासंस्मरण लेखनका प्रथम चरणका लेखकदेखि पछिल्लो चरणको लेखकगरि पांच यात्रा संस्मरण समेटिएका छन् ।

१. भ्यान गगको चिहान-लैनसिंह वाङ्देल (रोमको एउटा फूल र प्यारिसको एउटा काँडाबाट )

२.भृकुटीको घरमा केहीक्षण-हरि थापा (तिब्बती बिम्बहरूबाट)

३. कामको खोजी र आफूले गरेका कामहरु-दयाकृष्ण राई (सम्झनाको आलिङ्गनमा बाँधिएरबाट)

४.एथेन्सको झरी-केदार संकेत (एथेन्सको झरीबाट)

५.टावर ध्वस्त पार्न जाँदा - भूमिराज राई

## भ्यान गगको चिहान

संस्मरणको सार -

भ्यान गगको चिहान-नेपाली यात्रा संस्मरण विधा लेखनको पहिलो चरणका अन्तराष्ट्रिय स्तरका कलाकार तथा लेखक लैनसिङ्ग वाङ्देलद्वारा लेखिएको यात्रा संस्मरण हो । यस्तो विश्व स्तरको रचनामाथी सामान्य समालोचनाको दुस्प्रयास गर्नु भनेको सूर्यलाई टुकी देखाउनु जतिकै धृष्टता र हास्यास्पद हुने छ । यधपि यो रचनालाई नै डायास्पोरिक सृजना सिद्दान्तले पहिलो स्थानमा किन राखेको हो भने यसको समलोचानार्थ नभई यात्रा संस्मरण मुलतः विदेश तर्फको यात्रानुभूति र अनुभवलाई लेखिने भएकाले स्वतः स्फुर्त डायास्पोरिक भाव आउने हुन्छ । अतः वाङ्गदेलका यो रचनामा आएको डायास्पोरिक भाव अथवा डायस्पोराका प्रकृति, प्रवृति, लेखकीय बैबिध्य, वैश्विक परिवेश, बाह्य तथा आन्तरिक तत्व र विश्व ज्ञानको अवस्थालाई बुझ्नु-बुझाउनु हो ।

नेपाली साहित्यका एक शिखर पुरुषद्वारा फ्रान्स भमण जाँदा संसारका अर्का शिखर कलाकार भ्यान गगको चिहान हेर्न पाउदा उनका बारे लेखिएको संस्मरण हो । यात्राको भौतिकरुप सबै यात्रीहरुका लागि सामान्य नै हुन्छ, आफ्नो तयारी,पैदल वा सवारी साधन, व्यक्ति व्यक्तित्व, चरित्रहरुसंग साक्षात्कार,प्रकृतिको सुन्दरताको सेवन, बस्तु र स्थानहरुको अवलोकन आदि । तर यात्रीको मानसिक रुप बिचित्रको हुन्छ,उसको अनुभब,अनुभूति, समबेदना, ज्ञान,उदेश्य र विचराले लेखनलाई विशिष्टता र बोधगम्य बनाउदछ । वाङ्गदेलको भ्यान गगको चिहान हेर्न

जाँदाको यात्रा पनि त्यही हो । फ्रान्स भ्रमणको बेला ओभर-सुर-बाज घुम्न जाने उनको पुरानो इच्छा श्रीमान र श्रीमती रेजनबर्गको सहयोगले पूर्ण हुन्छ । उनीहरु सहयोगले प्यारिसबाट ओभर-सुर-बाजसम्मको तीस माइलको यात्रा हुन्छ, र ओभर-सुर-बाजको प्राकृतिक शौन्दर्य, सभ्यता, भौतिक संरचना, पात्रहरुसंगको साक्षात्कार हुन्छ आदि । तर लेखकको प्यारिसको बुलभार्ड र ओभर-सुर-बाजको प्राकृतिक सुन्दरतालाई हेर्ने कलात्मक अन्तरदृष्टि,फ्रान्सको महान कलाका बारेमा गहन ज्ञान,इतिहास र कलाको विश्व ज्ञान र कलात्मक लेखन शक्तिले रचना विश्व स्तरको हुन पुगेको छ ।

यो संस्मरणमा भिन्सेन्ट भ्यान गगको चिहानबाट उनका सारा अतीत, जीवनी र कलाकारिताको इतिहास र सम्पूर्ण फ्रान्सको कलाको इतिहाससंगसंगै ब्युझिएर उठेको छ । यहाँ भ्यान गगले सारा जीवन कलाको साधनामा लाग्दा भोगेको आर्थिक कष्ट, उनको सनकी प्रवृति, मानसिक बिक्षेप, कलाको पूजा र अनुष्ठानमा भोगेको दुख,कष्ट र हण्डरहरुको मर्मस्पशी बयानहरु र ति दुखद घडीमा आफ्ना भाइलाई लेखिएको मर्मान्त चिठीहरुको विश्वका महान पुस्तकहरुबाट संकल गरिएका छन् । तिनताका फ्रान्स चलेको कला चिन्तन र नयाँनयाँ सिद्दान्तहरुको बिकास र भ्यान गगको कलाकारितामा त्यसको प्रभाब र प्रेरणाले संसारका कलाकारहरुलाई प्रेरणा मिल्दछ । यी सम्पूर्ण भ्यान गगको अतीत र फ्रान्सको कलाको इतिहासको अनुकरण मात्र भएर होइन, वाङ्देलको अद्‌भूत कला क्षमताले अनुपम रचना हुन सफल भएको छ । वाङ्गदेल नेपाली कला जगतका महान कलाकार मात्र होइनन, महान लेखक पनि हुन भनेर यो रचनाले सिद्द गरेको छ । उनी रंगहरुसंग खेलेर चित्र बनाउने कलाकार मात्र नभएर शब्दहरुसंग खेलेर वाक्यमा रंग भर्नसक्ने र आख्यानलाई पनि चित्रात्मक कला बनाउन सक्ने अद्‌भूत कला भएका नेपाली साहित्यका एक मात्र लेखक पनि थिए । यो रचना पढीरहदा पाठकलाई भ्यान गगको जीवनमाथि लेखिएको आख्यान पढिरहेको मात्र नभएर उनको सम्पूर्ण जीवन चित्र हेरिरहे झैं भान हुन्छ, यो नै वाङ्गदेलको अद्‌भूत कला हो ।

श्रीमान-श्रीमती रोजेनवर्गको सहायताले फ्रान्सबाट ओभर-सरु-बाज जाने क्रममा बाटामा देखिएका फ्रान्स को देहातको सुन्दरता युरोपभरिमै अनुपम भएको बयान उनले कलात्मक ढंगले गरेका छन्, जो उनका शब्दहरुमा फ्रान्सको प्राकृतिक सुन्दरताको सग्लो र संग्लो चित्र देखिन्छ,

- *नगरदेखि निस्किएपछिलाई सुन्दर सडकहरु एकोहोरो सोझा गएका देखिन्छन । यस्ता सडकका दुवैपट्टि लहरै मनोहर रुखहरु छन् । कहीं हरियो दूबोले ढाकेको मैदान, कहीं सुन्दर हरियालीयुक्त खेत,नीला डांडा तथा नदीनाला र जङ्गल पनि देखिन्छन । त्यतातिर नगरको कोलाहल छैन । त्यहाँ जीवन शान्त छ, सरल छ, सुन्दर छ । कुनै विदेशीका पारखी आँखाले त्यो देखेपछि त्यसको तारिफ नगरी सक्दैन । कलाप्रिय फ्रान्स निवासीलाई त्यसैमा गर्व छ । त्यसैमा जातीय गौरव पनि सम्झिन्छन ।*

*उनताका बसन्तको आगमन भइरहेको थियो, तर प्यारिसका बुलभार्डका रुखहरु उसबेलासम्म नाङ्गै थिए । परन्तु जति-जति नगर बाहिर आयो, उति-उति त्यहाँ बसन्त चांडै आइसको देख्दा*

*आश्चर्य पनि लाग्थ्यो । त्यहाँका रुखहरुमा कलिला पातहरु पलाउन लागेका थिए । न्यानो-न्यानो हावा पनि बग्थ्यो । खेत वरपर अथवा कोठेबारीतिर स्याउ र आरुका बोटहरु फूलैफूलले ढाकेका देखिन्थे । फेरि टाढा नीला डांडाहरु लहरजस्ता भई क्षितिजसित मिसिन गएको देख्दा कस्तो रमाइलो देखिन्थ्यो । पृ. बाट )*

फ्रान्सको प्रकृतिको अनुपम शौन्दर्यलाई र सम्पूर्ण फ्रान्सको कलालाई जसरि वाङ्देलको नेपाली कलात्मक आँखाले हेरियो त्यसरी नै त्यो एक महान रचना बन्न सफल भएको छ नेपाली साहित्यका लागि,

*-ओभर-सुर-वाज आइपुगेपछि एउटा क्याफे रेस्तोरांनेर हामी अडियों । मेरो दृष्टि सामुन्नेको रेस्तोरांमा पर्यो । त्यस रेस्तोरांको नाम रहेछ - क्याफे आ भ्यान गगा । यो देख्नासाथ मैले मनमनै भनें "अहो ! यो ता त्यही ठाउं रहेछ, जहाँ ६४ बर्ष अगाडी ती महान कलाकार आएर बस्ने गर्थे । ती झ्यालहरु आज पनि जस्ताको तस्तै रहेछन.....।*

*यही क्याफे रेस्तोरांमा भिन्सेन्ट भ्यान गगले आफ्ना अन्तिम दिन बिताएका थिए । उनको दुखान्त मृत्यु पनि यहीं भएको थियो । पृ. बाट )*

एउटा नेपालका महान कलाकारले अर्का फ्रान्सका महान कलाकारको चिहानमा के देख्छन ? त्यसको मर्मको शब्दमा कुनै बयान छैन । वाङ्गदेलले भ्यान गगको चिहानलाई कसरी कलाको आँखाले हेरे ? नेपाली पाठकले भ्यान गगको चिहान हेर्न फ्रान्सको ओभर-सुर-बाज पुगिरहन पर्दैन, वाङ्गदेलको यो रचना हेरे पुग्छ ,

*-भ्यान गगको चिहान बडो साधारण रहेछ तथा डम्म लहरा पातले छोपेको रहेछ । सिराननेर सेतो पत्थर उभ्याइएकोमा लेखिएको रहेछ,*

*ICI REPOSE VINCENT VAN GOUG*

(*यहीं भ्यान गग सुतेका छन्* ) पृ. बाट )

## भृकुटीको घरमा कहीक्षण

संस्मरणको सार -

यो यात्रा संस्मरण हरि थापाद्वारा लेखिएको रचन हो अर्थात् उनकै यात्रा संस्मरणप्रतिको भिन्न मत, मान्यता,बिच्रारा र ब्याख्या अनुशार सयात्रा लेख हो । हरि थापा तिब्बतका लागि कुटनीतिक व्यक्तित्वका रुपक सेवारत रहँदा भृकुटी घर भ्रमणको रचनात्मक दस्ताबेज पनि हो

। यस यात्रा संस्मरणमा उनकै सयात्राको मान्यता अनुशारको सयात्रको तयारी अर्थात् आफू र आफ्नी श्रीमती भैरवी लगायतका राम खत्री,श्रीमती खत्री,सूर्य बहादुर थापा, भक्त थापा,श्रीमती आसी र उनका छोरा छोरी, चालक र उनकी आमा गरिकन ११ जनाको भ्रमण दलको तयारि गरिएको छ । अनि तिब्बतको ल्हासा,चेताङ्ग र कोङ्गार हुँदै याङ्गबुलाखाङ्गसम्मको सयात्रा बयान छ । यात्रा क्रममा दृष्टिगोचर भएका प्राकृतिक शौन्दर्य र भौतिक संरचनाको दृश्यात्मक बयान, याङ्ग बुलाखाङ्ग दरवारको बर्णन, इतिहास र ऐतिहासिक पात्रहरु, त्यहाँको मानिसको धर्मप्रतिको बिश्वास र धार्मिक अबस्था, यात्रामा सुबिधा र असुविधा अज्ञानताले निम्त्याउने बिग्रह र त्यहाँको यावत स्थितिको सूचना समेटेर लेखिएको यात्रासंस्मरण सयात्रा लेख भएको छ ।

ल्हासाबाट युङ्गबुलाखाङ्गसम्मको हरि थापाको सयात्रामा त्यहाँ भूगोल, भौतिक संरचन र प्रकृति पनि रचनासंग संगै यात्रा गरेको छ

*-कोङ्गार विमान स्थलबाट चेताङ्गतिर लागेपछि अधिकांश ब्रहमपुत्रको बगरलाई हरियालीमा परिवर्तन गरिएको रहेछ र गरिँदै पनि रहेछ । बगरमा बाँसका हाँगा गाडेर पानी हालिरहेका छन् कतै भने जङ्गलनै बनाइसकेका रहेछन । यो गणतन्त्र चीन सरकारको तिब्बतलाई हराभरा बनाउने नीतिको नमुना हो । ब्रम्हपुत्रको किनार हरियालीले ढाकेको छ भने दाँया बाँयाका त्यसमाथिका भागमा ठडिएका फुस्रा डाँडाहरुले मरुभूमिको सम्झना गराउछ । देख्दैमा बैरांग लाग्दा उजाड पाखाहरु सुतेका छन् लमतन्न परेर । रहँदाबस्दा यी खुइले पाखाहरु पनि हराभरा नहोलान भन्न चाही सकिन्न । पृ. बाट )*

यो संस्मरणको शिर्षक “भृकुटीको घरमा केहीक्षण“ ले नै पाठकलाई तरंगित र उत्तेजित बनाउदछ । कारण भृकुटी नेपालकी छोरी हुन्, जो नेपाल र बिब्बतबिचको राजनैतिक, कुटनैतिक एवं मैत्री सम्बन्धको ताराको उपमा पाएकी पुत्री हुन् । तिब्बतका राजा श्रंगछन् गम्पोको दरवार याङ्गबुलाखाङ्गमा सराजपरिवार भृकुटीको सम्मानित अवस्था अथवा त्यहाँ सजाएको भृकुटीको सालिकको अबस्थाले तिब्बतले नेपाललाई दिएको सम्मानले नेपाली मान, शान र अभिमानलाई यो लेखले उँचो बनाएको छ ।

*-युङ्गबुलाखाङ्गको पहिलो तला भनौं वा भुईंतलामा श्रांगछन गम्पो,भृकुटी र वेन्छंगका मुर्ति राखिएका छन् । श्रांगछन गम्पो बिचमा छन् भने नेपाली राजकुमारी भृकुटी दायाँ र चिनिया राज कुमारी वेन्छंग बायाँ बसेका छन् । त्यसभन्दा माथिल्लो तला वा अन्तिम तलामा भगवान बुद्दका मुर्तिहरु राखिएका छन । चेताङ्गस्थित युङ्गबुलाखाङ्ग दरवारकै पाराले ल्हासाको पोताला दरवार बनाइएको छ । दुवै दरवार डाँडाको टुप्पामा निर्माण गरिएका छन् । फरक यतो हो, चेताङ्गको युङ्ग बुलाखाङ्ग सानो छ भने पोतलाको दरवार ठूलो र अलिक बढी कलात्मक छ । स्थानीयता र समयले पनि केही फरक त पार्छ नै । पृ. बाट )*

तिब्बतदेखि युङ्गबुलाखाङ्गसम्मको यात्राका निम्ति थुप्रै सूचनाहरु समावेश गरिएका यो रचनामा विदेश यात्राका लागि अत्यावश्यक नियम र कानुनको अज्ञानताले हुने दुखको बयान पनि छ ।

बाटामा गाडी चालक निदाउन थालेर जीवन सकिने भयले मुटु चिसो बनाएको क्षण र अचानक बाटो काट्दा गाडीसंग ठोक्किएर सुंगुरको पाठोले साहदात प्राप्त गरेर सबैको ज्यान बचाएको प्रसंग रोचक छ,

*-सुङ्गुरको पाठो बचाउन खोज्दा चालकले दाबेको ब्रेकले सबैको निन्द्रा खुल्यो । कता लगेर जाक्यो भन्ने त्रासले डस्यो साथीहरुलाई । पछि मात्र थाहा भयो सुङ्गुरको पाठोले आफ्नो ज्यान बचाएको कुरा उनीहरुलाई । पृ. बाट )*

## कामको खोजी र आफूले गरेको काम

संस्मरणको सार-

यो संस्मरण दयाकृष्ण राईद्वारा लेखित आफू जापान प्रवेशपछि कामको खोजीमा पाएको दुख, हण्डर, भाषाको समस्या, सिप र ज्ञानको अभाब, नयाँ संघर्ष, चुनौती र अवशर सहितको यात्रा वृतान्त हो । सरल भाषामा सरस ढंगले लेखिएको भोक्ताको आत्माको बोली पनि हो । यस रचनाको सरल भाषाले पाठकको सरल हृदयसंग सजिलो सम्बाद गर्दछ ।

दयाकृष्ण राई एक भूतपूर्व ब्रिटिस गोर्खा सैनिक हुन् । सरदर १५ बर्ष ब्रिटिस गोर्खा सेनामा जागिर गरे पनि ब्रिटिस सरकारको गोर्खाप्रति असमान ब्याबहारका कारण दिईने न्यून बेतन र अवकाशपछिको पेन्शनका कारणले भूत गोखाहरु पूनः दोस्रो नोकरीका लागि भौतारिनपर्ने बाध्यता हुन्छ । दयाकृष्ण राई पनि अवकाशपछि दोस्रो नोकरीका लागि भौतारिदै जापान पुग्दछन ।

उनको लागि जापान पहिलो यात्रा भएकोले त्यहाँको स्थान,भूगोल, बाटोघाटो,यातायात र भाषाको अज्ञानताका कारणले टोकियो प्रवेशपछि उनले पहिले नै त्यहाँ पुगेका आफ्ना साथी र पल्टनका मित्रहरुको साहरा र सहयोग लिन्छन । टोकियोमा सिद्दि गौचनले साहरा दिन्छन, जहाँ बुद्दि र होमसंग भेट हुन्छ । त्यहाँ सिद्दिले नै आफ्ना कम्पनीका मालिकलाई भनसुन गरेर संगै पर्चा बाँड्ने काममा लगाई दिन्छ । तर पहिलो गाँसमै ढुङ्गो भने झैं उनको कामको पहिलो दिन नै खतराको घन्टी बज्दछ, कामको अनुभबको कमि र भाषाको अज्ञानताका कारण उनी त्यो काम आफ्नो लागि खतरा हुनसक्ने देख्छन र पहिलो दिनबाट नै त्यो काम त्यागि दिन्छन ।

त्यसपछि उनी अर्को कामको खोजीमा हुन्छन । सिद्दि गौचनकै सहयोगबाट निसियुमा रहेका आफ्नो प्लाटुनका गुरुजी जित शेरचनसंग सम्पर्क हुन पुग्दछ । त्यहाँ जितले काम लगाई दिने आश्वाशनपछि उनी टोकियोमा सिद्दि,बुद्दि र होमलाई छाडेर निसियु जित शेरचन कहाँ पुग्दछन, जहाँ आङ्गफ़ुर्वा र सुइरे बुढा हुन्छ । उनी त्यहाँ सुँगुर फार्ममा काम गर्दछन ।

चार महिना सुँगुर फर्ममा लिदी सोहोर्ने कामबाट मुक्ति लिदै आइसिंग ताकाओका टोयोटा मोटर कम्पनीमा काम खोलेको जानकारी पाएपछि जित,आङ्गफ़ुर्वा र सुइरे बुढाको सल्लाहपछि पठाइन्छन । सुँगुर फार्मको मालिकलाई सुइरे बुढाले दया सँधैका लागि नेपाल फर्कियो भनेर झुट बोलिदिएर सहयोग गर्दछ । तर आइसिंग ताकाओका कम्पनीमा तीन बर्ष काममा लदाएर

मालिकको स्वार्थपूर्ति भइसकेपछि भिसा नभएका बिदेशीहरुलाई काम नदिने बहानामा कामबाट निकालिन्छन ।

त्यसपछि उनी काम खोज्दै हमामाचुमामा धन गुरुङ र नम्बरी गणेश राईकोमा पुग्दछन । त्यहाँ धन गुरुङले दाइएइदेन्शी कम्पनीमा काम खोजिदिन्छ र त्यहाँ महिना दिन जति जापानको जीवनमै सजिलो काम कम्प्युटर भिडियो डेक, भिडियो क्यामेराको चिप्स सोल्डिंग गर्ने काम गर्दछन । त्यो काममा त्यहीका स्थानीय कामदारहरु थपिएपछि उनी त्यही कम्पनीका मालिकबाट कामिइरे क्यास्तो कम्पनीमा मोटर पार्टस वेल्डिंग गर्ने काममा पठाइन्छन । त्यहाँ उनी साढे तीन बर्ष काम गर्छन । तर त्यो कम्पनीका मजदुरहरुको कामचोर र काम ठग्ने प्रवृति, अनि कम्पनीका सुपरभाइजर सिमिजुको मानसिक सन्तुलन ठिक नभएको, सन्काहा र हेपाहा प्रवृतिका कारण झगडा गर्दागर्दा थिकित र मानसिक स्तरमा तल्ला तहका मजदुर प्रवृतिसंग वाक्क र पराजित भई जापान छोड्ने निर्णय गर्दछन ।

कामको खोजी र आफूले गरेको काम-दयाकृष्ण राईद्वारा लेखित संस्मरणात्मक निबन्ध अब जापान बसाइको उनको निजि भोगाईका अनुभब मात्र होइन, यो त बेलायतको असमान ब्याबहार र हेपाहा प्रवृतिका कारण भूतपूर्व ब्रिटिस गोर्खाहरुले अवकाशपछि भोग्न परेको नियतिको साझा पीडाको कथा पनि हो । दयाकृष्ण राईसंग त भाषा थियो र आफ्ना भोगाइका पीडाहरुलाई अभिव्यक्ति दिन सघायो, तर देशका लाखौं युवाहरु देशभित्र अवशर नपाएर बिदेश पलायन भएर अमेरिका,युरोप,जापान,कोरिया,हंग कंग,मलेशिया र खाडी मुलुकमा पुगेका छन्, तिनको दुख र पीडालाई अभिव्यक्ति दिने भाषा छैन । तसर्थ दयाकृष्ण राईको यो संस्मरणात्मक निबन्ध आफ्नो देशबाट पलायन हुन बाध्य भएका लाखौं लाख युवाहरुको दुख र पीडाको प्रतिनिधि आवाज पनि हो । अझ त्यो भन्दा अघि बढेर यस रचनाको आयतनलाई हेर्दा संसार आधुनिक हुँदै उत्तरआधुनिक युगमा आइपुग्दा शक्तिशाली राष्ट्रहरुले साम्राज्यबाद, उपनिवेशबाद,बिस्तारबाद, अर्ध उपनिवेशबाद जस्ता अनिगिन्ती नीतिहरु कम्जोर र गरिब राष्ट्रहरु माथि थोपर्दै आए । हाल तिनै धनि र शक्तिशाली राष्ट्रहरुले बहुराष्ट्रिय ब्यापार केन्द्रहरुको स्थापना र राजनैतिक ग्लोबलाइजेशनको नीति बनाएर संसारलाई उत्तरआधुनिक औपनिवेशबादमा पुर्याए र धनि र शक्तिशाली राष्ट्रहरु झन् धनि र बलिया हुँदै जाने र गरिब र कम्जोर देशहरु झन् कंगाल र कम्जोर हुँदै नीति अपनाए । फलतः धनि राष्ट्रका उत्तर औपनिवेशबादले गरिब राष्ट्रका नागरिकहरुलाई प्रगतिशील उत्तरआधुनिक दास बनायो । यो लेख तिनै गरिब राष्ट्रबाट धनि राष्ट्रमा पुगेर दुख-कष्ट पाएका प्रगतिशील र उत्तरआधुनिक दासहरुको साझा पीडाका कथा पनि हो ।

दोस्रो विश्व युद्द पराजयको पीडालाई जापानले ६० बर्षमै शक्तिमा बदल्न सफल भयो र बिज्ञान र प्रविधिमा अग्रस्थान हासिल गर्दै विश्वकै कुवेर राष्ट्र बन्न पुग्यो । दक्षिण एशीयाको जापान श्रीपेच नै बन्यो । ब्रिटिस गोर्खा सेनामा १५ बर्ष सेवा गरिसकेर अवकाशपछि जीवनलाई अगाडी बढाउन दयाकृष्ण राईले दोस्रो नोकरीका लागि जापान देश नै रोजे । पर्यटक भिसा लिएर जापान प्रवेश गरेका उनी सात बर्ष जापानभित्र नै अबैध रुपमा हराए ।

तिनै सात बर्षमा उनले गरेका काम र भोगेका इतिवृतान्त हो यो लेख । उनले टोकियोमा सिद्दि गौचनसंग काममका गएको पहिलो दिनको बयान यसरी गरेका छन्,

*-एकजना आधाबैंसे जापानी नागरिक निस्किएर केही कुरा भन्यो । मैले उसको अनुहार रिसाएको देखेपछि त्यो जापानी नागरिकले हामीलाई गाली गरेको रहेछ भन्ने अनुमान गरें । जापानी भाषामा 'गोमेन्नासाई' भनेर सिद्धीले झुकेर माफी मागे । त्यो जापानी नागरिकले आफ्नो भाषामा के-के भनेर निस्कियो मैले बुझ्न सकिनँ ।*

*अनि सिद्धीले भने, 'भाइ, यसभित्रका सबै पर्चा निकाल्नु रे ।' हामी दुइ जनाले ५०-६० वटा मञ्जुषाबाट कोट्याइ-कोट्याइ निकाल्यौं । त्यसपश्चात् हामी नभ्याएको क्षेत्रमा अघि बढ्यौं सिद्धीले सयजति मञ्जुषामा पाँच देखि सात मिनेटमा हालिसक्थे । सबै काम दुइ घण्टा भित्र सकेर हामी कोठा फर्कियौं ।*

*फर्किदा रेलभित्र सिद्धीसँग मैले कुरा गरें, 'ओहो यो काम त खतरा पो रहेछ ! म त नगर्नु पर्ला ।'*

*सिद्धीले हाँसेर 'किन नगर्ने ?' मलाई सोधे ।*

*मैले भने, 'त्यो जापानी नागरिक साह्रै रिसाएको थियो । उसले हामीलाई पर्चा निकाल्न लगाएको रहेछ । हामीले झिक्न थालेपछि मात्रै गयो, यदि मैले एक्लै गर्दा त्यही घटना दोहरियो भने त्यसले भनेको कुरा म बुझ्दिनँ । त्यतिबेला उसले प्रहरी बोलाएर मलाई जिम्मा लगाउला । त्यसैले त्यो काम खतरा ठानेर नगर्ने निर्णय गरें । पृ.  बाट )*

त्यसपछि उनी अर्को काम खोज्दै जित शेरचन कहाँ पुग्दछन र उनले लगाई दिएको सुँगुरको फार्ममा काम गर्दछन । लगभग चार महिना सुँगुर फार्ममा सुंगुरको लिदी सोहर्नुपर्ने कामको बयानगरि साध्य छैन,

*-प्रारम्भमै सुँगुरको लिदी सोहोर्न लगायो । एकहजार भन्दा बढी सुँगुरको खोर सफा गर्न बिहान आठ बजेदेखि बाह्र बजेसम्म लाग्यो । १२ बजेपछि खानका लागि एक घण्टा विश्राम दिइयो । पृ. बाट )*

*-दिउँसो बङ्गुरलाई चारो हाल्ने, साना पाठाहरुलाई खसी बनाउने (सुमर्ने) बङ्गुर्नीहरुलाई बिर लगाइदिने, हुर्किएका पाठाहरुलाई माउबाट छुट्टयाउने काम गर्नुपर्थ्यो । यी सबै काम साहुनी र मैले गर्थ्यौं । काम सुरुवात भएपछि यसरी नै दैनिक मेरो जापानको दुःखदायी जीवनचर्या बित्दै गयो ।* पृ. बाट )

*-काम सुरु भएको एकहप्ता नबित्दै भीषण हिमपात भयो । नालाहरु सबै ब्लक भए । म काम देखि फर्केर आउँदा पानीका धाराहरु सबै सुक्खा थिए । सुँगुरको लिदी त दिनभरि मेरा लागि बोडी स्याम्पो नै बन्थ्यो । म सुँगुरझैं गन्हाइरहेको थिएँ । पृ. बाट )*

दयाकृष्ण राई एवं रितले काम खोज्ने र बिदेशी हुनका कारण कामबाट धोका खादै जापानको दलदलभित्र सात बर्ष हराउँछन् । जापानको उनको सात बर्ष जीवनलाई इमान्दारिताका साथ

यस लेखमा राखेका छन् । बाहिरबाट हेर्दा धनि र बिकसित राष्ट्रहरु तिनको सभ्यता, तडक-भडक, ताम-झाम, भौतिक संरचनाको निर्माण र सजावटहरुमा जति सुन्दर,आकर्षक र मनोहर देखिएका हुन्छन, त्यसको अन्तर्यमा बगिरहेको बिशाल फोहोर, मैलो र दलदलको भासलाई लेखकले प्रकाशमा ल्याएका छन् । उनले कामीइरे क्यास्तो कम्पनीमा काम गर्दाका अनुभबमा जापानको मजदुर समाज र मजदुर संस्कृतिले बनेको तिनको मानसिकता र मनोविज्ञानलाई उनले काम गर्ने कम्पनीको सन्काहा र मानसिक सन्तुलन गडबड भएको उनको सुपर भाइजर सिमिजुको प्रवृतिमा राम्रै गरिकन चित्रण गरेका छन्,

*-'यो काम सकियो, अब अर्को कुन गर्ने ?' भनेर सोध्न गएँ, तर ऊ बोल्न मानेन । पाँच मिनेट उभिएर प्रतीक्षा गरे, तर ऊबाट केही पनि प्रत्युत्तर पाउन सकिनँ । रिसाएर मेरो सोधाइप्रति बेवास्ता गरेको बुझेपछि म आफ्नो काम गर्ने टेबुलमा फर्किएर गएँ ।*

*माँझकिरात बस्ने काँचो राईको छोरो, जति संयम हुन खोजे पनि रन्को छुट्यो । आवेशको भुमरी नियन्त्रण नभएपछि मेरो छेउमा भएको मैला ढ्वाँङलाई लात बर्षाउन थालें । वरिपरिका सामानहरु टिप्दैफाल्दै गर्न थालेपछि साहुले उसको टेबुलबाटै सोध्यो ।*

*'ए दया के गर्दैछस ? हामी काम गरेर सबै थाकेका छौं, किन रिसाएको ?' ऊ टेबुलबाट उठेर आएन ।*

*सिमिजु आएर मलाई धम्काउन मात्रै के खोजेको थियो । मैले छातीमा समातेर अनुहारमा बक्सिङले ताकेर जापानी भाषामा 'ओमाइ नानीगा होसी ? ओमाइनी कोरोसु बाकायारो (तैले के खोजिस्, म तँलाई नमारी छाड्दिनँ' भनी छातीमा समातेर घुमाउन थालेपछि उसले प्रतिकारको हात उठाएन ।*

*त्यसपश्चात् मैले त्यसको अनुहारमा प्रहार गर्न मुट्ठी पारेको हातलाई फिर्ता गरेर ल्याएँ । जापानीहरु ठ्याक्कै जनजातिजस्तो अनुहार भएपनि हामी नेपालका जनजातिझैं आँटिलो र मूर्खचाहिं हुदैनन् । पृ. बाट )*

*-सिमिजुले त्यत्ति स्केच दिन पनि कञ्जुस्याइँ गरेर मलाई काम बताउन मान्दैनथ्यो । दुई वर्षको अन्तरालमा उसले यस्ता अनगिन्ती व्यवहार गरेको थियो । त्यही भएर त्यसको तालुमा आलु फलाइदिने अन्तिम निष्कर्षमा थिएँ म । पृ. बाट )*

देश बनाउने मजदुरले हो । मजदुरको रगत,पसिना र पौरखले राष्ट्र उन्नत र भौतिकताले सम्पन्न बन्ने हो । राष्ट्र मजदुरको रगत र पसिना चुसेर मौलाउछ र बाहिरबाट दुनियाको अघि बलियो देखिन्छ अर्थात् मजदुरले आफ्नो हड्डी घोटेर कमाएको तनखाबाट ट्याक्स र भ्याट काटेर राष्ट्र आफ्नो ढुकुटी भर्दछ । त्यही मजदुरको पसिना चुसेर कम्पनीको मालिक मोटाउछ, तर मजदुर जन्मदेखि मृत्युसम्म रोगाएको रोगाएकै र दुब्लाएको दुब्लाएकै हुन्छ । त्यसैको बदला वा प्रतिशोधको भावनाले उनीहरुमा राज्यलाई भ्याट र ट्याक्स छल्ने र कम्पनीका मालिकलाई काममा ठग्ने मानसिकताको निर्माण भएको हुन्छ, कारण उनीहरुसंग आफ्नो दुखको आवाज निकाल्ने मजदुरको भाषा हुँदैन । जसले गर्दा तिनको अन्तर्यमा बेग्लै प्रकारको

मनोग्रन्थीको बिकास हुन पुग्दछ र मजदुर समाजमा मजदुर संस्कारको लामो निरन्तरताले बिस्तारै बिस्तारै तिनको भावना र संबेदनाको ह्रास हुँदै जान्छ र मानवीयता यन्त्रिकतामा बिलयन हुँदै जान्छ । ति आवरणमा हेर्दा मात्र मान्छेजस्ता हुन्छन, तर अन्तर्यबाट मेशिनसंग खेल्दाखेल्दै यन्त्रिकतामा बिलयन भइसकेको औजार मात्र हुन्छन । यस्ता मजदुर बर्गमा अन्य वर्गबाट आएका मानिसलाई बाँच्न मानसिक रुपले ज्यादै कठिन हुन्छ । बिशेषगरिकन संबेदनशील भावना भएका स्रष्टा र कलाकारहरुका लागि अति नै कठिन हुन्छ । संबेदनशील लेखक दयाकृष्ण राई यिनै मजदुर समाजभित्र सात बर्ष मानसिक यातना भोगेर बाहिरिन्छन,

*-म धेरै सोचाइमा परें । यी निम्नस्तरका जापानीहरुसँग झगडा गर्दै कति बस्ने ? मनमनै नेपाल फर्किने योजना पनि त्यही दिनदेखि बनाउन थालें । पृ. बाट )*

## एथेन्सको झरी

संस्मरणको सार-

यो यात्रास्पर्श संस्मरण लेखक केदार संकेतद्वारा रचित ग्रिसको सभ्यता र एथेन्सको प्रकृति, भौतिक संरचना र ऐतिहासिकतालाई नेपाली स्रष्टाका आँखाले नेपाली यात्रासंस्मरणमा नयाँ खोज,अनुशन्धान र चिन्तनले हेरिएको गहन यात्रा निबन्ध हो । अघि संस्मरणलाई यात्रासंस्मरण, नियात्रा र सयात्रा भनेर परिभाषित गरिए झैं केदार संकेतद्वारा पनि यस विधालाई अलिक फरक र बिस्तृत ढंगबाट बुझ्नका लागि “यात्रास्पर्श“ अवधारणा ल्याएका छन् । यात्रा निबन्ध-फरक देश, महादेश, सागर, महासागर, प्रकृति, भौतिक तथा मानसिक भूगोलको यात्रा पनि हुने भएकाले त्यहाँबाट प्राप्त हुने फरक प्रभाव, अनुभब, चेतना र ज्ञानको स्पर्शबोधको लेखन हुनसक्ने सम्भावनालाई “यात्रास्पर्श“ ले ब्याख्यागर्ने प्रयत्न गरेको हुन पर्दछ ।

यात्रा मानिसको साझा चाहना हो, तर त्यो अवशर सबैलाई प्राप्त हुँदैन । यात्रा विश्व ज्ञान आर्जन र तथ्य संकलनको सशक्त माध्यम पनि हो । यधपि सबै मानिसहरु ज्ञान प्राप्तिको लागि मात्र यात्रा गर्दछन भन्ने होइन । तसर्थ यात्रा दुई प्रकारका हुन्छन-भौतिक यात्रा र बौदिक यात्रा । त्यस्तै यात्रीहरु पनि भौतिक र बौदिक हुन्छन । तिनमा भिन्नता यति छ, भौतिक यात्रीको यात्रा अन्त्यपछि सबैथोक अन्त्य हुन्छ, तर बौदिक यात्रीको यात्राको ज्ञान संसारभरि विस्तारित हुन्छ । केदार संकेतको एथेन्स यात्रा पनि यस्तै बौदिक यात्रा हो, जसले ग्रिसको प्राचिन सभ्यता, एथेन्सको प्रकृति, भौगोलिकता,भौतिक संरचना,इतिहास, वर्तमान, धर्म, मिथकहरुलाई “यात्रास्पर्श“ लेखनको माध्यमबाट नेपाली साहित्यमा विस्तारित गरेका छन् । संकेतले ग्रिसको राजधानी एथेन्स भ्रमणको “यात्रास्पर्श“ लेखनले नेपाली साहित्यमा यात्रासंस्मरण विधाको एक निधि बनाएका छन् ।

भूतपूर्व ब्रिटिस गोर्खा सेना बृटिसको असमान ब्यबहार, न्युन बेतन र पेन्शनका कारण अवकाशपछि दोस्रो नोकरीका लागि विश्वभरि भौंतारिएका हुन्छन । केदार संकेत पनि एक भूतपूर्व बृटिस गोर्खा सेना हुन्, जो नोकरीका लागि इराक पुगेका उनी त्यहाँ आफ्नो कार्यकाल पुरा गरेर बेलायत फर्किने क्रममा नेपाली उखान "पशुपतिको यात्रा सिद्राको ब्यापार"भने झैं गर्न चाहेर एथेन्स भ्रमणको योजना बनाउदछन । लेखको आरम्भमै बृटिस साम्राज्यवादको कालो छापको प्रभावले गोर्खा पल्टनमा हुने अन्याय, अत्याचार र विभेदको नीति, तल्ला तहकालाई दल्ने, हेप्ने, शोषण गर्ने र माथिल्ला तहकालाई मोलमाल, चाकडी,चाप्लुसी र सुराकी गर्ने प्रवृति र त्यो कुसंस्कारको रुप गोर्खा समाजमा फैलादो अवस्था र त्यसको प्रभावले निर्माण भएको गोर्खाली समाजको मनोविज्ञानलाई संकेतले छोटो वाक्यमा प्रकाश परेका छन्, कारण गोर्खाली बाह्य शत्रुसंग सँधै बिजयी हुने र भित्रिय शत्रुहरुबाट सँधै पराजित हुने र हुँदै आएका जाती हुन् । इराकमा आफ्नो कार्यकाल पूरा गरेर बेलायत फर्किनका लागि यात्रा खर्च कम्पनीले बेहोर्न पर्ने दायित्व हुँदाहुँदै पनि उच्चपदमा रहेका गोर्खालीको पछौटेपनका कारण सम्भब नभएपछि आफनै व्यक्तिगत खर्चमा उनी इराकबाट एथेन्सको यात्रामा निस्किन्छन ।

ग्रिस प्राचीन सभ्यता मध्येको एक देश हो र एथेन्स, एक्रोपोलिस र सिन्ताक्ग्मा प्राचीन सभ्याले निर्मित सहर हो । जो विश्वका अरबौं बौदिक र अबौदिक मानिसहरुको भ्रमण आकर्षणको केन्द्र पनि हो । विश्वका लाखौं मानिसहरुले त्यो एथेन्सको प्राचीन सभ्यताको ज्ञानलाई विश्वभरि फैलाएर लागे होलान । केदार संकेतको यस "यात्रास्पर्श" निबन्धले ग्रिक सभ्यताको एउटा सानो झिल्को नेपाली साहित्यमा पनि पुग्ने काम भएको छ ।

केदार संकेत एथेन्सको अन्तराष्ट्रिय विमानस्थलमा अवतरण भएर पाँच नम्बरको बसको टिकेट काटेर एथेन्स सहरको भ्रमणमा निस्किन्छन र एथेन्सको पाँचौं शताब्दितिरको प्राचीन सभ्यतालाई एकाइशौं शताब्दिको उषाकालाको नेपाली स्रष्टाका आँखाले हेरेका छन् । उनले एथेन्सको भौतिक संरचना र प्रकृति शौन्दर्यको रसपान मात्र गरेका छैन, एथेन्सको प्राचीन सभ्यताको इतिहास, विभिन्न काल खण्डका लडाईका चित्रहरुको बयान, पाँचौं शताब्दिमा निर्मित बास्तु कला, ऐतिहासिक स्मारक, त्यहाँको कलाको बिकासका लागि निर्मित थियटर भवनहरु, मठ-मन्दिर, धर्म, भगवान एथेनाको जन्म र उनको पराक्रम र अलौकिक चमत्कारको किम्बदन्ती र मिथकहरु लेखभरि ध्वनित भएका छन् ।

एक ठाउँमा लेखकले प्राचिन सभ्यताले निर्मित एथेन्स,एक्रोपोलिस र सिन्ताग्मा सहर र त्यहाँको जनजीवनलाई एक्काइशौं शताब्दिको संघारबाट हेर्दा सभ्यता भन्ने बस्तुको पनि स्थायीत्व नहुँदोरहेछ, त्यो उत्थान र पतन भई नै रहदोरहेछ भन्ने देखाएका छन् । यात्राको पहिलो क्षणमा बसभित्र दृश्यलाई उनले यसरि खिचेका छन्,

*-म बसेको ठीक अगाडिको सिटमा तीनजना काला जातिका अल्लारे केटा केटीहरूले कानै खाने गरेर गफ गर्छन् । सरकार र अभिभावकले अनुशासनको जति नै शिक्षादीक्षा दिए पनि त्यसलाई नमान्नु आजका उरन्ठेउला नानीहरूको परिचय नै भएको छ । एकजना बसभित्रैको*

*यात्रुले ग्रिस भाषामा हपारेको कुरा उसका जुँगाको फर्फराइबाट बुझिन्थ्यो । तैपनि के को टेरपुच्छर लगाउँथे ती बेसोमत उरन्ठेउलाले । एक छिनपछि पुनः हल्ला गर्न थाले माहुरी भुनभुनाएझैँ बेतोडसँग तिनीहरूले । पृ. बाट )*

एथेन्सको भौतिक निर्माण ४३७/४३२ ईशापूर्व देखि आरम्भ गरिएर पाँचौं शताब्दिमा निर्माण भई प्राचिन सभ्यताको प्रतिष्ठा बनाएको एक्रोपोलिस र सिन्तागमा सहरको बर्तमान भौतिक अबस्थालाई हेर्दा त्यहाँको सभ्यता तिरोहित भएको अड्कल लगाउदछन र लेखक दुखी हुन्छन,

*-मासुका दोकानहरू, किमच्चिङ-मिच्चिङ परेका पसलहरू देख्दा कसरी मान्ने मानव सभ्यताको पहिलो प्रतीकको देश भनेर । म मन मनैं घोत्लिन थाल्छु र पनि छोट्याउँदै छु बाटो, एउटा सभ्यताको ऐतिहासिक ठाउँ सिन्तागमाको एक्रापोलिस जुन आधुनिक युगको सातौं आश्चर्यमध्ये यो पनि एक पर्दछ । पृ. बाट )*

केदार संकेतको एथेन्स यात्रा सजिलो नभईकन विभिन्न कठिनाइ र ब्याबधानहरु पारगरेर भएको हुन्छ र त्यही माथि त्यसदिनको मौसमले पनि उनको यात्रालाई साथ दिंदैन । दिनभरी जस्तो पानीको झरी परिरहन्छ, तर लेखकको एथेन्सप्रतिको आकर्षण, उत्कण्ठा, जिज्ञासा, ज्ञानप्रतिको दृढ इच्छाशक्ति र भावना र संबेदनाको रुझान अघि मौसमको कठिनाइ र पानीको झरी गौण बन्न पुग्दछ । यहींनेर एथेन्सको झरी- यात्रास्पर्श निबन्ध सार्थक भएको छ,

*-यो हुस्सुका दगुराइले नेपत्थ्यमा किन छेकेका यहाँका नौला लाग्ने दृश्यहरू?मेरा यी टोडल्के परेका आँखाहरू निर्विकार भए । बसचालकले उकाली-उकाली परेको बसपार्कमा लगेर बसको इन्जिन अफ गर्छ । सबै यात्रुहरू ओर्लिएकाले म पनि त्यहीँ नै अवतरिन्छु ।*

*म जब सिन्तागमाको उद्धानमा ओर्लन्छु*

*-सिन्तागमा सहर यतिखेर पनि रुझिरहेको देख्छु नेपथ्यमा ।*

*-क्रिसमसमा यथावत राखिएका कृतिम धूपीका रूखहरू रुझिरहेछन् ।*

*-जापिया प्यालेस रुझिरहेछ ।*

*-बोटानिक बगैंचा रुझिरहेछ ।*

*पहाडहरू क्रमशः मानास्तिराकी, कोलानाकी र ल्याकावेटुस पनि रुझिरहेछ । रुझिरहेछ बडेमाको भवन एथेन्स ।*

*-पार्लिमेन्ट हाउस रुझिरहेछ ।*

*-म त झन् त्यसै रुझिरहेछु ।*

*-खुसीमा रुझिरहेछु निथ्रुक्क । पृ. बाट )*

लेखकको काव्यात्मक अभिव्यक्तिले पाठकको मन छोईरहन्छ र भावनालाई तरंगित बनाइ रहन्छ । संकेतको एथेन्सको झरी  बौदिक रुझान हो । अत्यान्त सरल शब्द र प्रन्जल भाषामा छोटो र छरितो आकारमा लेखिएको यात्रास्पर्श निक्कै गहन, गम्भिर र बोधगम्य रचना हो ।

## टावर ध्वस्तपार्न जाँदा

संस्मरणको सार-

यो संस्मरण भूमिराज राईद्वारा लेखिएको युद्व संस्मरण हो । दोस्रो गोर्खा बटालियनमा सेवारत भूमिराज राई नेपाली संगीत कलामा सफल र विभिन्न गायन पुरस्कारहरु प्राप्त गरेर प्रिय गायकको परिचय बनाइसकेका व्यक्तित्व हुन् । यसर्थ लेखन कला उनको विधा र क्षेत्र होइन अर्थात् लेखनमा उनले आफ्नो परिचय बनाइसकेका व्यक्ति होइनन । तथापि उनको युद्व संस्मरणलाई यो सिदान्तमा समावेश किन गरिएको छ भने युद्व-भय र अभिघात चेतनाले उद्बोधित हुने हुँदा युद्वको तिक्ष्नानुभूतिले भोक्तालाई आफ्नो भाषा दिदोरहेछ, अर्थात् युद्वको आफ्नै भाषा हुँदोरहेछ । युद्वलाई भोक्ताले कसरि भोग्दछ ? र त्यो अनुभब र अनुभूतिलाई उसले जसरि कहन्छ, त्यो युद्वको मौलिक भाषा हो र शौन्दर्य पनि । त्यही मौलिकतालाई जान्न यो रचना यहाँ समावेश गरिएको हो । यधपि कलाका लागि मेहेनत नगरिएको स्वतः स्फुर्त युद्वको मौलिक भाषा समातेर लेखिएको यो रचना कम स्तरको भने पटक्कै होइन ।

युद्व सर्वकालिन, सर्वजनीन, मानब सभ्यताको विभिन्न चरणहरुलाई पारगर्दै जाने गतिवान साश्वत नियम हो । युद्व कला हो, विधा हो, बिज्ञान हो, ज्ञान हो, शास्त्र हो, धर्म हो, मानब संस्कार हो, दर्शन हो र मानब इतिहासको शौन्दर्य पनि हो । कति बौदिक मानबहरुद्वारा युद्वको कला र बिज्ञान माथि ज्ञान नै नराखीकन युद्वलाई पढिन्छ र धेरै भोक्ता अर्थात् योद्दा र सिपाहीहरु युद्व ज्ञानप्रति अन्धो भएर नै युद्व लडिन्छ । यस युद्व संस्मरणकार भूमिराज राई दोस्रो गोर्खा बटालियनमा कार्यरत सिपाही हुन् । गोर्खा सेनामा कार्यरत हुँदा उनले थुप्रै चोटी इराक र अफगानिस्तान युद्व लडेका छन् । यो युद्व यात्रा संस्मरण उनले अफगानिस्तानको मुसाक्वालामा तालिवान बिद्रोहीहरुसंग युद्व लड्दाको कथा हो ।

भूमिराज टु.आर.जी.आर.(२ रोयल गोर्खा राइफ़ल्स) बाट ५२ कमान्डो ब्रिगेडसंग सहकार्य गरेर अफगानिस्तानको हेल्मनड प्रान्तमा तालिवान विद्रोहीका बिरुद्व युद्व लडिरहेका हुन्छन । युद्व झन् झन् चर्किंदै गइरहेको हुन्छ । अफगानिस्तान युद्वमा आएपछि मुसाक्वालामा दुश्मनको गोली लागेर उनका नम्बरी युवराज राईले वीरगति प्राप्त गरिसकेका हुन्छन । अझ भर्खरै मुसक्वालाको दक्षिण भेगमा थापिएको बिधुतिय धराप र एम्बुसमा परेर अर्का गोर्खाली साथीको मृत्यु भइसकेको हुन्छ । उता तालिवान विद्रोहीको मनोबल बढ्दै गएको र आफ्नो सैन्य बलको लामो समय युद्वको थकान, दिन प्रतिदिन मृत्युको भय र आतंकले हतास मानसिकता र घट्दो मनोबल हुन्छ ।

त्यही बेला हेल्मण्ड प्रान्तको दक्षिण भेगमा बिद्रोहीहरुले संचारको टावर खडागरेर बसेको सूचना आफ्नो गुप्तचरद्वारा आइपुग्छ । त्यसलाई ध्वस्त पार्न जाने आदेश पनि हेडक्वाटरबाट आएपछि उनीहरु युद्दका लागि तयार हुन्छन । गुप्तचरको सूचना अनुशार त्यो ठाउँ बिद्रोहीहरुको मजबुत अखडा हुन्छ । भोलिपल्ट उनीहरु विद्रोहीको मजबुद अखडा भएको ठाउँमा खडा गरिएको संचारको टावर ध्वस्त पार्न जानको लागि खान, खजाना, अश्त्र-शास्त्र सहित तयार हुन्छन । भोलि बिहान सबेरै तयारी हुनपर्ने भएकोले त्यो रात चांडै तम्बुभित्र पस्छन सबै । तर भोलि के हुने हो भन्ने भय र आतंकले निन्द्रा निक्कै दूर भाग्छ आँखाबाट । मनभित्र थुप्रै तर्कनाहरु जाग्छन र सेलाउछन, फेरि जाग्छन । घरको याद आउछ, श्रीमती र नानीहरु सम्भना र आफन्तहरुको याद आउछ र जान्छ । भोलि के होला ? चिन्ताले पोल्छ र सेलाउछ । निदाएको हो कि जागै हो ? सपना देखेको हो कि बिपना नै हो ? केही छुट्याउन नै नसक्ने स्थितिमा रात बित्छ र भुकभुक उज्यालो हुन्छ । भूमिराज ड्राइभर भएकाले गाडी तयार बनाउन अरु भन्दा अगाडीनै गाडी पार्कमा पुग्छन । राइफल, गोली गट्ठा, प्याक पौचको तयारीको अतिरिक्त आफ्नो हेल्मेटभित्र हाइडन क्यामेरा पनि जडान गर्छन ।

त्यसपछि हेडक्वाटरबाट तोकिएको समयमा सम्पूर्ण अश्त्र शास्त्र, लडाकु बाहन र यात्रु बाहन सहित बगरको धुलो बुङ्गबुंगती उडाउदै गुडुडुडु युद्दका लागि हेल्मण्ड प्रान्तको दक्षिण भेग तर्फ लडाकु दस्ता अगाडी बढ्छ । अनि मुटु नै च्यूं ...च्यूं .. बनाउने सनसनीपूर्ण घटनाहरुसंगै गठबन्धन सेनाको यात्रा अघि बढ्दै जान्छ ।

त्यस दिनको गठबन्धन सेनाको दस्ता जति हेल्मण्ड प्रान्तको दक्षिण भेगतिर अगाडी बढ्दै जान्छ, उति तालिवान बिद्रोहीहरुको कब्जा गरेरराखेको क्षेत्रभित्र प्रवेश हुँदै जान्छ र दुश्मनले अभरमा पार्ने खतरा बढ्दै जान्छ । दुश्मनले अखडा जमाएको क्षेत्रभित्र जतातत‌ै बिधुतिय धराप भेटिन थाल्छ । बिधुतिय धराप पत्तालगाउने माइन डिटेक्टरको साहयताले सुरक्षित जमिन पतालगाउदै गठबन्धन सेनाको यात्रा गन्तब्य तिर बढ्दै जान्छ । जतिजति दुश्मनले अखडा जमाएको क्षेत्र हुँदै गठबन्धन सेनाको दस्ता लक्ष्यमा अगाडी बढ्दै जान्छ, उतिउति विद्रोहीले उनीहरुलाई एम्बुस थाप्ने योजना बनाएको खबर आफ्नो गुप्तचर रेडियो आइकम वाकिटोकीले टिप्न थाल्छ र त्यसलाई दोभाषेले उल्था गर्दै जान्छ । अनि सुरक्षित जमिन खोज्दै हिंड्दा यात्राको गति धिमा हुन्छ र दुश्मनले पिछागर्न सजिलो हुन्छ । तथापि दुश्मनको योजनाको खबर टिप्ने गुप्तचर रेडियो आइकम वाकिटोकी, बिधुतिय धराप पत्तालगाउने माइन डिटेक्टर र दोभाषेको साहयताले यात्रा लक्ष्यतिर बढ्दै जान्छ ।

बाटोमा बिछ्याइएको बिधुतिय धरापबाट बाँच्दै र दुश्मनले थापेको एम्बुसलाई छल्दै ४/५ घण्टामा गठबन्धन सेनाको दस्ता लक्ष्यमा पुग्न सफल हुन्छ । जहाँ बिद्रोहीहरुले डाँडाको छेउपट्टी दुइवटा लिंगो गाडेर अस्थायी एन्टेना टाँगेर ६/७ वटा मोटोरोला वाकीटाकीहरु एम्लिफ़ाएरको साहयताले जोडेर त्यसैलाई रिपिटर टावर बनाएका भेटिन्छन, जो ब्याट्री फेरिरहन नपरोस भनेर सोलार पावरले चार्ज गर्ने र त्यही ब्याट्रीद्वारा सन्चार टावर चल्ने हिसाबले ब्यबस्थित रुपमा अस्थायी रिपिटर टावर बनाएका रहेछन ।

त्यो रिपिटर टावरलाई ध्वस्त बनाउदै गर्दा दुश्मनको तर्फबाट गोलाबारी सुरु हुन्छ । दुश्मनको मेशिनगणको गोली बर्सिन थाल्छ, मोर्टरको रकेट लन्चर वरिपरि खस्न थाल्छ । मोर्टर रकेट लन्चरले आफ्नो लडाकु बाहन सवारी बाहनहरुलाई क्षति पुर्याउने खतरा बढेर जान्छ र दुश्मनको गोलाबारीको भिषण आक्रमणको प्रतिकार गर्न असम्भब भएपछि सबै दस्ता तितरबितर हुन्छन । डाँडा माथिबाट सबै सुरक्षित स्थान मुनि दबेको जमिनतिर भागा रे भाग हुन्छन । दुश्मनको दिशातिर फर्काएर राखिएको लडाकु र सवारी बाहन तल दबेको जमिनतिर भगाउन सुरु हुन्छ । त्यति नै खर जमिनमुनि बिछ्याइएको बिधुतिय धरापमा परेर सहायक कमान्डरको गाडी बिष्फोट हुन्छ । धन्य, भगवान दाहिने भए ! लडाकु बाहन मात्र क्षतिग्रस्त भयो र मान्छेहरुलाई केही क्षति भएन । सहायक कमान्डर र लडाकु बाहनमा जडान भएको मेशिनगणका गनर भागेर सुरक्षित ठाउँमा आइपुग्छन । त्यस दिनको लक्ष्यमा पुगेर उदेश्य पूरा भइसकेपछि खतरासंग खेल्दै त्यहाँ बसिरहन उचित थिएन । त्यो क्षतिग्रस्त लडाकु बाहनलाई छाडेर फर्किने तयारी हुन्छ, तर त्यो लडाकु बाहन महगो भएकोले त्यतिकै छोड्न नमिल्ने र छेड्यो भने दुश्मनले त्यसलाई पूनः प्रयोग गर्ने खतरा भएकाले त्यसलाई रिकोभरी गरेर लैजाने र त्यसको लागि रिकोभरी क्रेन आइन्जेलसम्म दुश्मनको सामना गर्दै पर्खिने आदेश हेडक्वाटरबाट आउछ ।

बिष्फोटनमा परेका साथीहरुको नाख र मुखबाट रगत आइरहेको हुन्छ । बल्ल दुई घण्टापछि गुटुङ्गटुंग गर्दै वारियर ग्रुप सहित गाडी तान्ने क्रेन आइपुग्छ । बिष्फोटमा परेको बाहन क्रेनामा झुण्ड्याएर अघि बढ्न लाग्दा त्यही मौका पारेर बिद्रोहीहरुले फेरि आक्रमण गर्न सुरु गर्छ । मोर्टारको शेलहरु अगाडी-पछाडी खस्न सुरु गर्छ । भागदौड गर्दै अगाडी बढ्दै गर्दा अगाडी बाटोमा अघिनै दुश्मनले एम्बुस थपिसकेको खबर आफ्नो गुप्तचर रेडियो आइकम वाकिटोकीले टिप्छ र त्यसलाई दोभाषेले उल्था गरेर सबैलाई सचेत गराउछ । त्यो खबर हेडक्वाटरमा पठाइन्छ र उनीहरुको सुरक्षार्थ थप बल प्रयोगका लागि लडाकु हेलिकप्टर एपाची पठाइन्छ । साँझ पर्न लाग्दा एपची हेकप्टर आएर विद्रोहीको एन्बुसमा आक्रमण गरेपछि दुश्मनहरु तितरबितर भएर सामसुम हुन्छन र यात्रा अगाडी बढ्न थाल्छ । अगाडी बढ्दै जाँदा संकाश्पद ठाउँमा जाँच गर्दा अघि नै त्यहाँ बिधुतिय धराप थापिसकेको माइन डिटेक्टरले पत्तालगाउछ  फेरि बिष्फोटक पदार्थ निस्कृय बनाउने ग्रुप हेड क्वाटरबाट बोलाइन्छ र ३० के.जी. को बिष्फोटक पदार्थ जमिनबाट निकालेर निस्कृय पारिन्छ । त्यसदिनको मिसन पूरा गरेर बेसक्याम्प फर्केर आइपुग्दा रात परिसकेको हुन्छ ।

यसरी त्यसदिनको युद्द यात्राको संस्मरणलाई भूमिराजले सनसनीपूर्ण बनाएका छन् ।

युद्द आफैमा भय हो । डर,त्रास, आतंक, सन्त्रास, घात-अभिघात, मृत्यु चेतना र ज्यूँदो मृत्युको अनुभब हो । सिपाही युद्दमा जान अघि उ कति चोटी मानसिक युद्द लड्छ ? कसरि लड्छ ? कति चोटी पराजित र बिजयी हुन्छ ? मन वा दुश्चिन्ताको दुश्मनले उसलाई कसरि हमला गर्छ ? उ कसरि त्यो संग लड्छ र बिजयी भएर युद्दमा जान तयार हुन्छ । भूमिराजले सिपाहीको त्यो मनस्थिति र मनोदशालाई प्रकाशमा ल्याएका छन्,

*-फेरि मन झसङ्ग हुन्छ ।*

*"ओहो हगि? बीरगति भनेको त मृत्युबरण गर्नु पो हो त! मर्नु भनेको ज्यान जानु र मारिनु पो त ! के बितिरहेको होला नि आफन्तहरु माथि अहिले..? मन त्यसै त्यसै सिथिल हुन्छ । पृ. बाट )*

*- अबेरसम्म आँखामा निन्द्रा पर्ने मानेन ।*

*कोई काई घरिघरि सौच गर्न उठ्दै पनि थिए । निन्द्रा पटक्क परेको थिएन । ओल्टे र कोल्टे फेर्दैमा घडीले साढे बाह्र बजाईसकेको थियो । तिर्खा लागेको लागेकै थियो । अल्छिले मुश्किलले एक डेढ मिटर परको पानी तानेर तिर्खा मेट्ने जाँगर धरि थिएन ।*

*हेत्तेरी, कति अल्छी लागेको..? उठेर पानी पिएँ ।*

*उता पल्लोपट्टि सुतेको साथीलाई पनि तिर्खा लागिरहेको रहेछ ।*

*"पानी छ?" ऊ ओछ्यानमै लड़िराखेर सोध्छ ।*

*"छ"। म मुखमा गाडिरहेको पानीको बोतल निकालेर बोल्छु ।*

*"एता फालिदिनुस्न!" ऊ अनुरोध गर्छ ।*

*मैले बत्ति निभेको धमिलो अंध्यारोमा अन्दाज गरेर पानीको बोतल उसको ओछ्यानतिर फुत्त फालिदिएँ । उसले च्याप्प समातेर घुटघुट पियो ।*

*अब चाही निदाउनै पर्छ । मनमनै अठोट गरें र आँखा करैले चिम्लिएँ । पृ. बाट )*

एउटा सिपाही युद्दमा जाँदा कतिजना मान्छेको मानस त्यो युद्दमा सामेल हुन्छ ? एउटा सिपाहीले युद्द लड्दा कतिजना मान्छेको भय र सन्त्रासले त्यो युद्द लडिरहेको हुन्छ ? युद्द मैदानमा एउटा सिपाही मर्दा उनका कतिजना आफ्ना आफन्तहरु घरमा पटक-पटक मरिरहेका हुन्छन ? युद्द भूमिमा सिपाहीको भौतिक देहको मृत्यु मात्र देखेकाहरुलाई सिपाही स्वयम् र उनका आफ्ना आफन्तहरुको पटक-पटकको मानसिक मृत्युलाई यस लेखमा भूमिराजले प्रकाशित गरेका छन्,

*-उता घरमा चिन्ता र पिरले आधाप्राण्र एता आफ्नो उस्तै हाल, -"धेरै चिन्ता नगर्नु ' पीरगर्नु जरुरी छैन' !"- सब बनावटी नाटकी शब्द सिबाय अरु भन्ने कुरा के नै हुन्छ र ? युद्दको कुरा गर्न हुँदैन, यस्तोवेला हिम्मतले काम लिनु पर्छ "कि मारिन्छ कि मरिन्छ" दुई थोकलाई सधैं नजिक राखेर अगाडी बढ्नु पर्छ ।*

*"आफ्नो ख्याल गर्नु होला । कस्तो खतरा रैछ । एक महिना पुगेको छैन दुइजना दाईहरु बितिसक्नु भएछ !' "फोनमा उत्ताबाटको रुन्चे श्वर रोकिन्छ" यहाँ हामी रुँदारुँदा थकिसक्यौ, अरु के गर्न सकिन्छ र'? कति सुन्नु दुखको कुरा ! "*

*''लु लु' एसो दुखपरेको बेला सान्त्वना दिन जाँदै गर्नु ! दुख परेको बेला त हो नि मान्छेलाई मान्छेको आवश्यता पर्ने'साथ र सहयोग गरागर गर्नु ल! अहिले राखें है '?''*

*''ल ल' घरको चिन्ता नलिनुहोस ! आफ्नो ख्याल गर्नुहोस! जोगिएर काम गर्नु होला ।'' पृ. बाट )*

युद्द जतिसुकै घृणित, बिभत्स र दुत्कारको बिषय होस्, यधपि युद्द शास्त्रहरु मध्यको एक शास्त्र हो । बिज्ञान हो र कला हो । हरेक सैन्य संगठनको युद्द लड्ने आफ्नो कला हुन्छ । हरेक सैन्य संगठनले शत्रुलाई पराजीत गर्न आक्रमण गर्ने, छल्ने, झुक्याउने, थकाउने, गलाउने, आतंकित बनाउने र आफू पराजित हुने अबस्थामा भाग्ने जुक्ति वा उपायहरु बनाएका हुन्छन र उसंग सिपाहीहरु हुन्छन र त्यसभित्र वर्ग बिभाजन गरेर सैन्य संरचना बनाइएको हुन्छ । त्यहाँ सैन्य परिवार र समाजको ब्यबस्थापन, खाद्यान्न, लता-कपडा, युद्दका सामग्रीहरु, हात हतियार, शस्त्र-अश्त्रको भण्डार, उपयोग र तालिम, सैन्य अश्त्र-शस्त्र र युद्द कलाका बिज्ञहरु हुन्छन । यी सम्पूर्ण थोकको समुचित ब्यबस्थापन, उपयोग, प्रयोग र प्रदर्शन क्षमता नै युद्द कला हो । त्यही युद्द कलाको प्रदर्शन सिपाहीले युद्द मैदानमा गर्दछन । त्यसदिनको युद्द कलालाई भूमिराजले यस लेखभित्र शब्दहरुमा चित्रण गरेका छन् ।

यी तालिवान लडाकुका युद्द लड्ने कला वा जुक्तिहरु हुन्,

*-''हो हो, त्यो ठाउँमा आक्रमगर्दा हामीलाई फाइदा हुन्छ, उनीहरु भाग्न पाउदैनन ।'' उत्ता बोद्रोही दुश्मनहरुले हामीलाई एम्बुसमा पार्न बनाइरहेको योजनालाई हाम्रो संचार आइकम वाकिटोकीले टिप्छ र त्यसलाई दोभाषेले उल्था गरेर हामीलाई सतर्क गराउछ । पृ. बाट )*

*-प्राय ठाउँ विद्रोहीहरूद्वारा कब्जा भएकाले उनीहरुकै दबदबा रहेछ । चाहेर पनि गाउँलेहरुले उनीहरुको बिरोध गर्न सक्दा रहेनछन । गठबन्धन सेनाहरु कहिलेकही त पुग्छन नि गाउँमा ! बिद्रोहीहरु त सँधै पुगिरहेकै हुन्छन । अनि कसरि उनीहरुको बिरोध गर्न? बाध्य भएर बिद्रोहीहरुले भनेको मान्दा रहेछन, मान्नु पर्दोरहेछ । खान, बस्न र उनीहरुले भने अनुसार सुराकी गर्न लगाएत मानब ढाल हुन पनि तैयार हुनु पर्दोरहेछ गाउँलेहरुले । पृ. बाट )*

*-हाम्रो गस्ती जहाँ पुग्छ, देख्नेहरुले धुँवा निकालेर बिद्रोहीहरुलाई हामी पुगेको ठाउँको सूचना दिंदारहेछन । जहाँ धूवाँ निस्किन्छ, गठबन्धन सेनाहरु त्यहाँ छन भन्ने संकेत हुँदोरहेछ । पृ. बाट )*

*-हाम्रो टोली त्यतै आइरहेको थाहा पाएर थुम्कामुनिको गाउँका आईमाई, केटाकेटी सब घर छाडेर रुतुतुतु' पारि लाग्न थाले । हामीलाई थाहा भयो, त्यो ठाउँ विद्रोहीहरूको किल्ला रहेछ भन्ने । आईमाई केटाकेटीहरु गाउँ छाडेर भाग्नुलाई युद्द हुने संकेतको रुपमा हेरिन्छ । त्यसलाई बिद्रोहीहरुको युद्द गर्ने मनसायलाई बुझाउँदछ । पृ. बाट )*

*-बिद्रोहीहरुले हाम्रो चियो गर्न केही मान्छेहरु पठाई रहेका थिए, तर उनीहरु निशस्त्र थिए । पृ. बाट )*

*-हामी त्यो ठाउँ पुगेपछि त्यो ठाउँ सुरक्षित भए नभएको जाँच गर्ने क्रममा टावर देखि ३/४ मिटर पश्चिममा विधुतीय धराप थापेका रहेछन बिद्रोहीहरुले । पृ. बाट )*

*-जब हामी अघि बढ्न थाल्यौं, तब फेरि बिद्रोहीहरुले आक्रमण थाले । पृ. बाट )*

*-केही संकास्पद ठाउँहरुमा जाँच गर्दा कतिबेला बिद्रोहीहरुले हाम्रो बाटोमा धराप थापिसकेका रहेछन । पृ. बाट )*

त्यसदिनको तालिवान बिरुद्दको युद्दमा गठबन्धन सेनाले युद्द कला वा जुक्तिको अति सुव्यब्स्थित, सुनियोजित अनुशासित ढंगले प्रदर्शन गरिएको देखाइएको छ,

*-हाम्रा बिशेष गुप्तचरहरुको सूचना अनुशार त्यो ठाउँ अलिक खतरा ठाउँ रहेछ । सबै चनाखो भएर बिद्रोहीहरुको हरेक चालबाट बाँचेर फर्किने हाम्रो ठुलो चुनौती हुनेछ । हामीसंग मास्टिभ कलसाईन पनि जाने भएको छ । हामी अगाडी जाँदा उनीहरुले हामीलाई कभर गर्नेछन, सुरक्षा दिनेछन । भोलि बिद्रोहीहरुको मुख्य गढ जानुपर्ने हुकुम भएको छ । त्यसैको अग्रिम तैयारीका लागि अर्डर हुँदै थियो । त्यो सकिएपछि विभिन्न सामाग्रीहरु मिलाउने, गाडी तैयार पार्ने, गोली गट्ठा, पानी,खाना, सब तम्तयार पारियो । पृ. बाट )*

*-अन्तिम तयरीपछि हिडेको खबर मुख्यालयलाई जानकारी गराएपछि अघिअघि तीनवटा मास्टिभ, बिचमा हाम्रो गाडीहरु र अन्तिममा दुइवटा मास्टिभहरुको लस्कर'बगरको धुलो उडाउदै दक्षिण लाग्यौं । पृ. बाट )*

*-अघि हिड्ने गाडीका साथीहरु शंका लागेको ठाउँहरुमा विधुतीय धराप छ कि? भनेर धातु भेट्दा टि..टी..गर्ने उपकरण भ्यालनले बाटो सुरक्षित भए नभएको जाँचगर्दै अघि बढीरहेका थियौं । पृ. बाट )*

*-त्यसपछि ५ वटा ज्याकल गाडी सहित हाम्रो टिम अघि बढ्यौं । गाडी दौडाउन सकिने समथर र सजिलो बाटो खोज्दै हामी अघि बढ्यौं । पृ. बाट )*

*-केही समय बिद्रोहीहरुले आक्रमण गर्ने दिशातर्फ हाम्रो हतियारहरु तेर्साई राख्यौं, जहाँबाट बिद्रोहीहरुलाई आक्रमणका बेला धेरै असर पुर्याउन सकियोस । निशाना बाजहरुलाई अगाडीको चोसोमा, एता छोटो दुरीको लागि मार हान्न सकिने क्षेप्यास्त्र ज्याभलिनलाई तेस्कै दाहिने तिर र अन्य ठुला मेशिन गनहरुलाई पनि मिलाएर राखियो । पृ. बाट )*

*-केही तल रहेको घरभित्रबाट बिद्रोहीहरुले स-साना हतियारहरु प्रयोग गरेर गोली हान्न थालेपछि हाम्रो तर्फबाट जवाफी कार्यबाही शुरु भयो । मिशिन गनद्दारा साथीहरुले गोली बर्षाउन थाले । तब बिद्रोहीहरुको अर्को समूह, जो पारि पूर्वपट्टिको डाँडा छेउबाट हाईलक्स गाडीमा राखेको तुस्कर मेशिन गन र मोर्टारको प्रयोगगरि भिषण आक्रमण थाले । पृ. बाट )*

*-"ल ल त्यसै गरौं ! त्यहीनेर सजिलो छ" आइकम वाकिटोकीमा आएको दुश्मनको आवाजलाई दोभाषेले उल्था गर्दै हामीलाई सचेत गरायो । पृ. बाट )*

*-बिद्रोही दुश्मनहरुले हाम्रो बिरुद्दमा बाटोमा एम्बुस थापेको खबर हेडक्वाटरलाई पठाएपछि बल्ल उत्ताबाट दुइवटा लडाकु हेलिकोप्टर एपाचीहरुलाई हाम्रो सुरक्षार्थ खटाइदिए । पृ. बाट )*

*-लामो पर्खाइपछि बिष्फोटक पदार्थ निस्क्रिय पार्ने ग्रुप आएर ३० केजिको बिष्फोटक पदार्थ जमिनबाट निकाल्यो । पृ. बाट )*

यसरि गोर्खाली गठबन्धन सेना र तालिवान लडाकु दुबैको युद्द कलाको यहाँ प्रदर्शन गरिएको छ । यसमा गठबन्धन सेनामा युद्द कौशलता, युद्द सामाग्री, हातहतियार, अश्त्र-शस्त्रको प्रयोग, संचालन र उपयोगमा कुशलता प्रदर्शन गरिएको छ र त्यसदिनको विद्रोहीको अखडामा आफ्नो मिसन पुरा गरेर गठबन्धन सेना सुरक्षित ढंगले बेसक्याम्प फर्किन सफल भएका छन् । त्यसको अतिरिक्त युद्द मैदानमा दुवै सेनाबिचमा दोहोरो भिडन्त, भिषण आक्रमण, बम, गोलाबारी, मोर्टर रकेट शेलको प्रयोग, बिधुतिय धरापको बिष्फोटन, हाहाकार, हताहत, जीवनको मोह, आशा-निरासा, हतोत्साह-उत्साह, प्रेम-घृणा र युद्दले भोग्ने सम्पूर्ण बास्तबिकताका दृश्यहरुको चित्रण गरिएका छन् । अनि अफगानिस्तानको प्रकृति, त्यहाँको जीवन, किसानको अवस्था, सामान्य नागरिक माथि तालिवान लडाकुहरुको ज्यादती र तिनको गठबन्धन सेनाप्रति आशा-निरासा, सबै थोकको यहाँ इमान्दारिताका साथ बर्णन गरएको छ । यसर्थ यो लेख युद्दको भाषाले स्वतः स्फुर्त बोल्न लगाएर बनेको मौलिक शौन्दर्य सहितको युद्द रचना हो ॥

## इतिहास र ऐतिहासिकता

इतिहास मानब सभ्यताको हरेक काल खण्डको वास्तविक र तथ्यपरक लेखनको दस्ताबेज हो । कुनै पनि राष्ट्रको इतिहास उसको देशको राष्ट्रिय गौरबको बिषय हुन्छ, किनभने त्यो देशले निर्माण गरेको सभ्यता वा देशका नागरिकहरुले गरेका महान कार्य, त्याग, बलिदान र राष्ट्र निर्माणका योगदानहरुको वास्तविक लेखित दस्ताबेज उनीहरुको इतिहासमा सुरक्षित र अमर रहन्छ । डायस्पोरिक लेखन वा यात्रासंस्मरण फरक देशमा पुगी त्यहाँको बस्तु स्थितिलाई अध्यायन गरेर वा तिबाट प्रभावित भएर लेखन कार्य गरिने हुँदा त्यहाँको फरक ऐतिहासिकता र इतिहास पनि रचनामा समावेश भएर आउँछ । तसर्थ संस्मरण वा डायस्पोरिक सृजनामा विश्व ऐतिहासिकता र इतिहासको ज्ञान समावेश भएर आउछ,

*-जुलाई १४,स्वतन्त्र दिवसको दिन भ्यान गगले अनेक झन्डा भएका त्यस टाउन हलको चित्र लेखेका थिए । भ्यान गगको चिहान—पृ. बाट )*

*-भ्यान गग, गोँगा र सिजान-यी तिनै जना पोस्ट-इम्प्रेसनिस्ट मुभमेन्टका जन्मदाता हुन । आधुनिक कलामा जति क्रान्ति आएको छ तथा जुन पेरिस स्कुल निर्माण भई त्यसले दुनियाको*

*कलामा आज प्रभाव पारेको छ, यीनै तीन कलाकारलाई त्यसको श्रेय छ ।  झ्यान गगको चिहान- पृ. बाट )*

*-यसको सुधारको क्रममा त्यहाँका ३२ औं राजा छाम्पोले युङ्ग बुलाखाङ्गको दुवैतिर दुई तले हाल बनाएका रहेछन । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-सन् १९६० को दशकको चीनको सांस्कृतिक क्रान्तिबाट यो गुम्बा पनि ओजेल पर्न सकेन । फलत भुईंताला मात्र बाँकी रहने गरि ध्वस्त पारियो र पछी आएर सन् १९८३ मा यसको पुनर्निर्माण गरिएको रहेछ । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-पहिलो र दोस्रो विश्वयुद्धले जर्जर भएर ४० को दशकतिर ज्यादै गरिबीको रेखामुनि परेकोले नेपाल भन्दा पनि ज्यादै दयनिय अवस्था त्यहाँका जनताले झेल्नुपरेको इतिहासमा पढ्न पाइन्छ । भोकमरीले पीडित देशका जनताले केही खाना नपाएर प्राण बचाउन रुखको पात र जरा पनि खाएका रहेछन । आफ्ना चेलीबेटीलाई देहव्यापार गर्न पठाएर पनि प्राण बचाएकोबारे आइरिस च्याङले आफ्नो किताव दि 'र्‍याप अफ नानकिङ'मा उल्लेख गरेका छन । कामको खोजी र आफूले गरेको काम- पृ. बाट )*

*-एक्रोपोलिस (Acropolis) ग्रिक शब्द हो । यसको अर्थ हुन्छ, धारिलो सहर । तर यहाँ एथेन्सको पवित्र ढुङ्गाको पहाड भनिन्छ । एथेन्सको झरी- पृ. बाट )*

*-१२  युरोको टिकट किनेपछि म फेरि नक्सा पल्टाउँदै प्रोपिलियाको भित्र पस्ने टेम्पल अफ एप्टेरोसनिकी जसलाई (कालिक्राटेसले ४२० औं शताब्दीमा निर्माण गरेका थिए) तर्फ लाग्छु ।  एथेन्सको झरी- पृ. बाट )*

*-पूर्व पट्टिको द्वारमा भगवान् एथेना जन्मिएको दर्शाइएको छ । पश्चिममा भगवान् एथेना र पोसेडिवन (समुद्रका र घोडाका देवता) ले हालको एथेन्स सहर प्राप्तिको लागि लडाइँ गरेको कुरा एक पौराणिक तथ्य मानिन्छ । तर लडाइँमा उनको हार भएका कारण एथेनाले एथेन्स र ओलिभको बोट ग्रिसका जनतालाई उपहार दिएछन् । आज आएर पनि ओलिभ तेल त विश्वमा प्रख्यात छ ।  पोसेडिवन इरेचथेउस घोडा र समुद्रका देवता भए पनि रथ र डुङ्गा भने भगवान् एथेनाले नै बनाएका थिए भनेर इतिहासमा लेखिएको छ ।  यी दुवैको शक्ति समिश्रण गरेर टोर्जन भन्ने लडाइँ पनि लडेका थिए रे । यी कुरामा अझैं पनि बेला बेलामा विवाद भने चल्ने गरेको पाइन्छ विकिपिडियाको पाना तिर । एथेन्सको झरी- पृ. बाट )*

## फरक भूगोल र प्रकृति

भूगोल भन्नाले पृथ्वीको बिशाल भूस्थल भनेर बुझ्नपर्ने हुन्छ । भूगोल दुई प्रकारका हुन्छन- भौतिक भूगोल र मानब भूगोल । भौतिक भूगोल भन्नाले पृथ्वीको बिराट रुपभित्र रहेको भूखण्ड र जलखण्ड भनेर बुझिन्छ । भूखण्डमा अबस्थित बिशाल हिमसृंगखला, ठूलाठूला विखण्डित पर्वतश्रेणी, पहाड, समथर मैदान,उपत्यका, हराभरा भूमि, सुष्क, रुखो र मरुभूमि र जलखण्डमा बिशाल-बिशाल जलाराशी समुन्द्र, सागर महासागर हुन्छन । मानब भूगोल भनेको

भूगोल अर्थात् धर्तीमा अवस्थित सम्पूर्ण भूखण्ड र जलखण्डका बस्तुहरुसंग अन्तर सम्बन्ध, अन्तर व्यवस्था र सहचार्य भनेर बुझिन्छ । मानबको भौतिक आबश्यकता पूर्तिका निम्ति गाँस,बास,कपास,खेतिपाति,पशुपालन,ब्यापार,ब्याबशायजस्ता भौतिक भूगोलसंग उसले गर्ने अन्तर सम्बन्ध र सहचार्य हुन्छ र त्यो भौतिक वातावरण नै मान्छेको मानब भूगोल बन्दछ ।

त्यस्तै भूगोलको भूबनोटमा अबस्थित प्रकृति पनि दुई प्रकारका हुन्छन-भौतिक प्रकृति र मानब प्रकृति . धर्तीको भूखण्डको भौतिक बनावटसंग अबस्थित, जलवायु, जलाराशी, मौसम-बर्षा, झरी, सुख्खा, ठण्डी, जाडो, हिमपात, गर्मी, समयको गति-दिन, हप्ता,महिना, ऋतु, बर्ष, हिउँद,बर्षा,बनस्पति,प्राणी,जीवजन्तु, मानिस,भौतिक प्रकृति हो भने यिनै भौतिक प्रकृतिसंग उसले बनाउने रहनसहन, क्रियाकलाप, आचारबिचार, दैनिकी, जीवन पद्दति, मनोवृति र मनोविज्ञान मानब प्रकृति हो । डायस्पोरिक लेखनमा यही फरक भूगोल र प्रकृतिले पनि मौलिक शौन्दर्य बनाएको हुन्छ ।

*-आज देखिने यो टाउन हलको अनुहार बेग्लै छ । यो बिल्कुलै ठूलो र नयाँ पनि देखिन्छ । परन्तु ओभर-सुर-वाजका अनेक कुराहरु,जस्तै ढुंगा बिछ्याइएका ओरालो-उकालो जाने सडकहरु, गाउँघरका पुराना घरहरु,कोठेबारीहरु,उदास डांडा र खेतहरु आज पनि भ्यान गगकै पालाका जस्ता छन् । विशेष गरिकन ओभरको गिर्जाघर । भ्यान गगको चिहान- पृ. बाट )*

*-त्यो डांडानेर पुग्दा मलाई अलि उराठ लाग्यो, किनभने दिन पनि उति उघ्रेको थिएन । खेतमाथि देखिने आकाश फुस्रो बादलले ढाकेको थियो । फेरि चारैतिर नाङ्गा निर्जन डांडा र खेतहरु मात्र देखिन्थे । उसमाथि कब्रस्थान प्राय निर्जन,एकान्त र उदास वातावरणले परिपूर्ण हुन्छ, जहाँ कैयौं अनन्त यात्रीहरु समाधिमा सुतेका हुन्छन तथा चिसो पृथ्वी सधैं उनीहरुको विश्रामको निम्ति कोक्रो बनेको हुन्छ । भ्यान गगको चिहान- पृ. बाट )*

*-ब्रम्हपुत्रको किनार हरियालीले ढाकेको छ भने दाँया बाँयाका त्यसमाथिका भागमा ठडिएका फुस्रा डाँडाहरुले मरुभूमिको सम्झना गराउछ । देख्दैमा बैरांग लाग्दा उजाड पाखाहरु सुतेका छन् लमतन्न परेर । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-एक्रोपोलिस डाँडाकै पूर्वी भागमा जेउस पोलिओस र पश्चिम भागमा आयोनिक रिदमको मन्दिर छ । त्यसैगरी पश्चिम भागको ४०५ इसापूर्वमा बनाइएको इरेक्थियोन अवस्थित छ । एथेन्सको झरी- पृ. बाट )*

*-उड्दै थिए चराहरू वर्षातपछिको बिहानीमा चारो खोज्न । मेरो मनमा भने उम्रँदै थियो कौतुहलको खडेरी । सुक्दै थिएँ म र सुक्दै थियो एक्रोपोलिस पहाड बिहानीको न्यानो घामले । मन सङ्लो भएर बहिर्मुख भैरहेथ्यो एक्रोपोलिस थुम्को तिरै । एथेन्सको झरी- पृ. बाट )*

*-माटोले बनेका घरहरु चारैतिर माटोकै पर्खालभित्र लुकाइएका बारीहरुमा, खेतहरुमा भर्खरै गहुँ छरिएको थियो । कत्तीमा भने अफिम उम्रिरहेको थियो । ठाउँठाउँमा जेनेरेटरको सहायताले पानी निकालिदै गरेको ठाउँहरुमा पानीले भिजेको चिम्टेहा माटोमा गाडी फस्ने खतरा उत्तिकै*

*थियो । त्यहाँका मान्छेहरु ट्र्याक्टरले जोत्दा रहेछन कि लामो बिंड भएको फरुवाले खन्दा रहेछन । हाट बाजार होस् वा मेलापात लोग्ने मान्छेले मात्रै भ्याउनु पर्दोरहेछ । छोरी मान्छे, आइमाई जति घरभित्रको काम र पतिलाई खुशीपार्ने कामका लागि मात्रै भए जस्तै ब्यबहार हुँदोरहेछ । कहींकतै बाहिर जानु परिहालेमा पति वा अभिभावकसंग मात्र हिंड्दा रहेछन । जहींतहीं केटाहरुमात्र गोठालो, बजार, काम । टावर ध्वस्तपार्न जाँदा- पृ. बाट )*

## नोष्टाल्जीया, हिनताबोध, प्रकृतिक सादृश्यता र तुलनात्मकबोध

घरदेश छाडेर परदेश लागिसकेपछि अथवा यत्रामा रहँदा होस् या प्रबासमा रहँदा बिरानो र एक्लोपनले सताउन सुरु गर्दछ. घर परिवार, आफ्ना आफन्त, छिमेकी, नातागोता याद आउँने, आफ्नो गाउँ घर, थातथलोको झझल्को आउने हुन थाल्दछ । जसले उसको अन्तर्यमा एक प्रकारको मनोरोगको जन्म दिन थाल्दछ । मनमा न्यास्रोपन, उदासी, काँतारता र बेचैनीले दुख दिन थाल्दछ र उ होम सिक, गृहबिरही, गृहरोगी, मनस्तापि र मनोरोगी बन्दै जान्छ र बिक्षेपपन र नानातरहको मनमा पागलपन बढ्न थाल्दछ । त्यो न्यास्रोपन, उदासी र बेचैनीलाई शान्तपार्न उ त्यहाँको भूगोल,प्रकृति र बस्तुस्थितिसंग खेल्न थाल्दछ र त्यसको सादृश्यतामा रमाउन सुरु गर्दछ । त्यहाँको भूगोल र प्रकृतिसंग आफ्नो थातथलोको झझल्को र तृष्णा मेटाउन थाल्दछ । मनमा हुने पछुतो, हिनताबोध र मनस्तापले घरदेश र परदेशबिचको भूगोल र प्रकृतिका बस्तु स्थितिकाबिच तुलनात्मकबोध पनि हुने गर्दछ ।

*-हामीले जङ्गलको महत्व बुझेनौं वा बुझेर बुझाउन सकेना । त्यसैले रुखपातले भरिभराउ डाँडापाखाहरु दिन परदिन उजाड बनिरहेका छन् । उता युगौंदेखिका उजाड स्थानहरु हराभरा भइरहेकाछन् । उनीहरु प्रकृतिमा सुन्दरता भर्दारहेछन भने हामी प्रकृतिलाई ताछ्ता रहेछौं । नग्याउदा रहेछौं । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-ल्हासा-चेताङ्ग बाटो सारै राम्रो रहेछ । भर्खर भर्खर कालोपत्र गरेको हुनाले सललल्ल चिप्लिन्थ्यो मिनिबस । विमान स्थलको धावनमार्गभन्दा कम छैन कोङ्गार विमान स्थलदेखि चेताङ्गसम्मको बाटो । विमान स्थलको धावनमार्गमा बरु विमान गुडेको थाहा होला त्यो बाटोमा मिनिबस गुडेको थाहा हुन्न ।*

*-उता आफ्नो देशमा भने आज कालोपत्र गर्यो एक हप्तापछि धूलो उड्न थाल्छ । त्यति गर्दा पनि चलेकै छ । गद्दारी गर्नेहरुले प्रोत्साहन पाउँछ । सीधासाधा जनताले कष्ट भोग्नु पर्छ । यस्तै छ देशको हालत सम्झंदा पनि दिक्क लागेर आउछ । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-मौसम पनि अति सुन्दर र घमाइलो थियो । फुजी पर्वत यति सुन्दर थियो वर्णन गरेर साध्य छैन ।चुचुरोतिर चाँदनीझैं स्निग्ध हिउँले ढाकेको थुन्से घोप्टाएझैं फुजी यामाको आकृति देख्नसाथ प्राकृतिक सम्मोहनले मलाई चुम्न थाल्यो । मेरो मन अत्यन्तै रमाइलो र शान्त हुन पुग्यो । मलाई माछापुछ्रे, धौलागिरि, नीलगिरि, कञ्चनजङ्गा र चोमोलुङ्माको याद आयो । कामको खोजी र आफूले गरेको काम- पृ. बाट )*

*त्यही दिनदेखि मलाई काम गर्न बस्नुपर्ने कामीइरे क्यास्तोको साहुले जनाएपछि दाइएदेन्सीको साहु र कामीइरे क्यास्तोको साहु दुइजनाबीच, म एकजना नेपाली कामदार जिम्मा दिने र लिने काम भयो । नेपालमा गरिब परिवारको बालकलाई आफ्नो अभिभावकले पैसा लिएर नोकरका रुपमा साहुलाई जिम्मा लगाएको परिदृष्य मेरो आँखामा खेल्न थाल्यो । मलाई ज्यादै नरमाइलो लाग्यो । कामको खोजी र आफूले गरेको काम- पृ. बाट )*

*-बाग्राको समथर भागमा बालुवाको र उजाडपनले नियास्निएको मेरो मन पहाड देख्ने बित्तिकै सुस्तरी भरिन थाल्यो । गाउँमा छँदा घरकै आँगनबाट देखिने पूर्वतिरका हरिया पहाड, सल्ला र ठिङ्केको जङ्गलको थाप्लोमा घुरेको तामेडाँडा र हिमाल गौरीशंकरको दर्शनमा टम्म रमाउने मन विदेशमा कतै आजसम्म रमिएन । हाम्रा पहाड, पर्वत, हिमाल खोलानाला भनेका हाम्रै हुन् । जसको तिर्सना मेट्न अरू देशमा सजिलै पाइन्न । एथेन्सको झरी- पृ. बाट )*

## वैश्विक पात्र-पात्रा अन्तराष्ट्रिय नागरिक र विश्वज्ञान

डायस्पोरिक लेखन परको देश पुगेर अथवा परभूमि, फरक भूगोल, प्रकृतिमा अबस्थित बस्तु स्थितिलाई हेरेर, अध्ययन र मनन गरेर, त्यहाँको जनजीवनसंग प्रतिक्रिया वा सहचार्यलाई आफ्नो मौलिक चेतना र मानसले ग्रहण गरेर लेखिने हुन्छ । त्यहाँको जनजीवनबाट प्राप्त हुने बिषय र समाजबाट आउने चरित्रहरु विश्वपात्र वा अन्तराष्ट्रिय नागरिक हुन्, जो डायस्पोरिक लेखनबाट मुलधारको वाङ्मयमा प्रवेश हुन्छन । यहाँ समावेश गरिएका पाँच संस्मरणमा मात्र पनि त्यस्ता धेरै वैश्विकपात्र अर्थात् अन्तराष्ट्रिय नागरिकहरुले नेपाली वंगमयमा प्रवेश पाएका छन् र त्यहाँको भौतिक अवस्थिति,गाउँ,नगर,सहर,मठमन्दिरजस्ता भौतिक संरचनाहरुले स्थान पाएको छ । त्यहाँको फरक समाजबिज्ञान, मनोविज्ञान,भौतिकबिज्ञान,राजनीति, अर्थनीति,इतिहास, धर्म, संस्कृति, भौतिक तथा आध्यात्मिक प्रगति-अधोगति,भाषा,साहित्य,सङ्गीत र कलाको स्थितिलाई अध्ययन गरेर लेखिने कार्य हुँदा डायस्पोरिक सिर्जना विश्वज्ञान लिएर आउदछ ।

*-लुभ्र म्युजियमको एक भाग जहाँ इम्प्रेसनिस्ट स्कुलको संकलन छ । भ्यान गगको चिहान- पृ. बाट )*

*-कलाको साधनामा भ्यान गगले कति आर्थिक संकट भोग्नुपर्यो । आज उनका चिठीहरुबाट सबै कुरा थाहा पाइन्छ । भ्यान गगको चिहान- पृ. बाट )*

*-भ्यान गग, गोँगा र सिजान-यी तिनै जना पोस्ट-इम्प्रेसनिस्ट मुभमेन्टका जन्मदाता हुन । आधुनिक कलामा जति क्रान्ति आएको छ तथा जुन पेरिस स्कुल निर्माण भई त्यसले दुनियाको कलामा आज प्रभाव पारेको छ, यीनै तीन कलाकारलाई त्यसको श्रेय छ । भ्यान गगको चिहान- पृ. बाट )*

*-युङ्बुलाखाङ्ग । इसापूर्व दोस्रो शताब्दीमा यसको निर्माण भएको रहेछ । ट्युबो राजा न्यात्रीले जुन आकारमा युङ्बुलाखाङ्गको निर्माण गरेका थिए त्यो आज छैन । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-चालकको आमा र आसीले भने देवा (दियो) मा थप्ने घिउ पनि बोकेर आएका रहेछन । जहाँ जहाँ देव देख्थे घिउ हाल्दै हिंड्थे उनीहरु । अनि मुर्तिमा खादा चढाउथे । उनीहरुको धर्मनै बती बाल्नु,खादा चढाउनु,माला जप्नु र माने घुमाउनु हा त्यसमा पछी परेनन् उनीहरु । भृकुटीको घरमा कहीक्षण- पृ. बाट )*

*-अहिलेसम्म जापानको कानुनमा महिलालाई राजगद्दी गद्दिसिन हुनका लागि बन्चित गरिएको छ । युवराज्ञी मसाकोबाट राजकुमारी आइकोको जन्म २००१ मा भएपछि तत्कालीन प्रधानमन्त्री जुनइचिरो कोइजुमीले महिलाले पनि गद्दी आरोहण गर्न पाउनुपर्छ, तर तत्कालै कानुन संशोधन गरिहाल्नुपर्ने आवश्यक नभएको भनी सदनमै कुरा पनि उठाएका थिए । कामको खोजी र आफूले गरेको काम- पृ. बाट )*

*-देब्रे भागमा १९ र २०औं शताब्दीमा बनाइएका अति लोभलाग्दा घरहरू थिए । एथेन्सको झरी- पृ. बाट )*

*-४३७ देखि ४३२ इसापूर्वमा निर्माण गरिएको विशाल ढुङ्गामा कुँदिएर ठड्याइएका खम्बाहरूबाट उँभो चढेपछि बल्ल एक्रोपोलिसको पार्थेवनको सँघारमा पुग्छु । यो पाँचौं शताब्दीमा निर्माण गरिएको थियो । एथेन्सको झरी- पृ. बाट )*

## नबिन प्रयोग

यात्रा संस्मरण विधा परदेशमा पुगेर भिन्न भूगोल र प्रकृतिसंग साक्षात्कार भएर लेखिने लेखन हो । यो स्वतन्त्र, मुक्त,खुल्ला र मुक्तान्त,सम्पूर्ण विधामिश्रण भएर लेखिने विधा पनि हो । बिशेषगरिकन यो लेखनमा बाहिरिय अनुभब र विश्वज्ञानको प्रभाब हुने भएकाले यस विधामा घरिघरि बैचारिक मन्थनहरु हुने र नविन आग्रहहरु पनि आउने गरेको पाइन्छ । यस विधामा नयाँनयाँ सोंच, चिन्तन, नयाँ प्रयोगात्मक बिधि,उपाय, जुक्ति र नयाँ परिभाषा र ब्याख्याले यसलाई अझ परिष्कृत बनाउने कार्य हुँदै आएको पाइन्छ । केही समय अघिदेखि यात्रा संस्मरणमा “सयात्रा“ र “यात्रास्पर्श“ को थप परिभाषा र बैचारिक मन्थनका लागि नविन आग्रहको आवाज ध्वनित हुँदै आएको छ.।

“नियात्रा“को स्थानमा वा बिकल्पमा “सयात्रा“ को बैचारिक मन्थनका आग्रहकार र व्याख्याकार हरि थापा हुन् । उनले यात्राको अघि जोडिने “नि“ र “स“ उपसर्गको ब्याख्या गरेका छन् र “नि“को बिकल्पमा “स“ उपसर्गलाई स्थापित गराउन सकिने सम्भावनाको ब्याख्या गरेका छन् । त्यसका लागि शब्दका अघि जोडिने उपसर्ग “नि“ र “स“ को अर्थ भेदलाई प्रष्ट्याउदै दुवै उपसर्गको अर्थ व्यापकताको तुलनात्मक ब्याख्या गरेका छन् र “नि“

को स्थानमा“स“लाई स्थापित गराएका छन् । उनले नेपाली बृहत शब्दकोशबाट “स“ अक्षरको अर्थ शक्ति र व्यापकताको परिभाषा गरेका छन ।

## *सयात्रबारे आफ्नो कुरा*

*-हरि थापा*

*यात्रा एउटा मूल शब्द हो भने यसका अगाडि एकाक्षारी उपसर्ग र अन्य शब्दहरु जोडिएर बनेका यात्राका धेरै उपशाखाहरु छन् । तीमध्ये आफूले विभिन्न व्यक्ति,स्थान र साधनहरुसित गरेको यात्राको लागि “यात्रा“ शब्दमा उपसर्गको रुपमा जोडिएर राम्रो अर्थ दिने उपयुक्त अक्षर कुन हुन सक्ला भन्ने खोजीको क्रममा श्रद्देय विद्वान् हरु सम्मिलित नेपाली शब्दकोश समितिले तयार पारेको-नेपाली बृहत शब्दकोश पल्टाएर हेर्दा त्यसमा “स“ लाई नाम शब्दका अगाडि जोडिएर,सहि,सदृश्य,सम,सह,सित,समेत,आदि अर्थ जनाउने उपसर्ग जस्ता एकाक्षारी शब्द, जस्तो-सपरिवार,सगोल,सजाति,सगोत्री,सप्रयासा,सकर्म,सहित सानुकुल भनेर परिभाषित गरेको पाएँ । जसमा सकाम,सकाल,सगण,सतर्क,सपत्नी,सपरिश्रम आदिमा पनि “स“ उपसर्गले यी शब्दहरुलाई गहना थपेको भन्छु म । यसबाट के बुझिन्छ भने माथिका जति पनि शब्दहरुमा“स“उपसर्ग लागेर अर्को शब्दको निर्माण भएको छ ती सबैले सहित,सित,समेत,संग,भन्ने सकारात्मक अर्थ लगाएका छन्। अपवादमा “स“उपसर्गले कतै कतै नकारात्मक अर्थ पनि लगाएको नहोला चाहीं भन्दिन । किन भने म नेपाली व्याकरणविद नभएको कारणले “स“ ले सकारात्मक अर्थ मात्र दिन्छ भनेर ठोकुवा गर्न किमार्थ सक्तिन । त्यसका लागि त व्याकरणविदहरु हुनुहुन्छ । म हत्केलाले सूर्य ढाक्ने प्रयास किन गरौं । नेपाली बृहत शब्दकोश अनुशार मैले बुझेको कुरा के हो भने “स“ ले उपसर्गको रुपमा अरु शब्दमा जोडिएर मूल शब्दको विस्तृतिकारण गर्दै सहित, सित,समेत र सँग आदि अर्थ लगाउदोरहेछ ।*

*सकारात्मकताले युग चलेको छ । यसमा दुई मत रहन्न । अपवादका कुरा अलग हुन् । जहाँ जहाँ जति अपबाद छन् ती सपबादमा परिणत भएका पनि छन् । मतलब नकारात्मकले नै सकारात्मकको अस्तित्वलाई उजिल्याएको छ । नकारात्मकको अभावमा सकारात्मकताको अस्तित्व सम्भब हुन्न पनि “न“ नभएको भए “स“ को के अर्थ । त्यसैले हरेक कुरामा गुण र दोष हुन्छ । यसमा सन्देह छैन । मजतिको हिसाबले मुल्याङ्कन गर्नु पर्दा दोषको तुलनामा गुणाले नै समर्थन पाउछ । सबैले फाइदालाई नै हेर्ने हो । अतः मैले पनि यहाँ सकारात्मक पक्ष नै रोजेँ । कतिपय एकाक्षारी उपसर्गहरुले नकारात्मक अर्थ दिएका छन् , तापनि ती अनाबश्यक भने होइनन । जस्तो सन्तानमा “नि“ उपसर्ग लगाएर निसन्तान हुन्छ । यो राम्रो होइन भन्दैमा प्रयोगमै नल्याउने कुरा त भएन । त्यसको सट्टामा “स“ उपसर्ग लागेर ससन्तान भइदिनु नि ! कति राम्रो हुन्थ्यो । यसर्थ मेरो रोजाइमा यात्रा शब्दलाई सुहाउदो उपसर्ग “स“ नै बन्न पुग्यो ।*

*"स" को करामत ठूलो छ । जसले "स" लाई स्वीकारेर आफ्नो नीति नियमहरु निर्माण गरे तिनले आज धेरै विकास गरेका छन् ।जसले स्वीकार गरेनन तिनीहरु पछाडि परे । मानिसको सिङ्गो जीवनमा पनि सकारात्मकताले ठूलो प्रभाव पार्दछ । बिहान निन्द्राबाट ब्युँझिन साथ राम्रो कुरा सोंच्नु पनि सकारात्मक पक्ष नै हो । त्यसले मनलाई शान्त बनाउनका साथै केही गरौं भन्ने भावनाको विकास हुन्छ । यदि कुनै नराम्रो कुरा सोंचियो भने मन खिन्न हुन्छ । केही गर्ने इच्छा हुन्न र अन्यौलाई अन्यौलमा दिन बित्न पनि सक्छ ।*

*म यात्रातिर लाग्छु । यात्रामा प्रयोगहरु धेरै भए । यात्रा भन्नाले एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनद्वारा जाने काम, भ्रमण, पर्यटन भनेर आदि भनेर बुझिन्छ । यात्रा अगाडि अरु शब्द र अक्षर जोडिएर यात्राका उपशाखाहरुको निर्माण भएका छन् । उदाहरणका लागि -यात्राका अगाडि अरु शब्द र अक्षर जोडिएर यात्राका उपशाखाहरुको निर्माण भएका छन् । उदाहरणका लागि तीर्थयात्र,बिदेशायात्रा,स्वदेश यात्रा, सहयात्रा, सरकारी यात्रा, व्यक्तिगत यात्रा,निजी यात्रा,शव यात्रा, पैदल यात्रा, हवाई यात्रा,रेल यात्रा, बस यात्रा, कार यात्रा, पूर्व,पश्चिम,उत्तर,दक्षिण यात्रा,अनि जहान गइन्छ त्यस ठाउँको नाम जोडेर भनिने यात्रा, हुँदै नियात्रासम्म आइपुग्यो । त्यस्तै अनि आफ्नो यात्रा । अरुको यात्रा । कति यात्रा, यात्रैयात्रा । महत्वका हिसाबले सबै आ आफ्ना ठाउँमा उतिकै होलान । उपर्युक्त यात्राको ठाउँ,साधन,व्यक्ति आदिसँग संबाददा भएको यात्रा भएर अवगत गराएका छन् । त्यसो हुनाले जब म मेरो यात्राको वर्णन गर्न थाल्दछु, म त त्यसमा हुन्छु नै चाहे यात्रा लेखौं वा यात्राका अगाडि अन्य शब्दहरु र उपसर्ग जोडौं, तर म सित यात्रा गर्ने अरु व्यक्ति, स्थान,र साधनहरुलाई छुट्टाएर यात्राको नाम दिंदा कतिको न्यायोचित हुन्छ ?*

*मैले यस सम्बन्धमा एउटा लेख लेखेर लामो समयदेखि थन्काएर राखेको थिएँ । त्यसले मलाई झक्झक्याउन थाल्यो । यसै विषयको सोचले मलाई बेला बेला सोचमग्न बनाउथ्यो ।*

*मैले यहाँ भन्न खोजेको कुरा के हो भने यात्रामा "स" उपसर्ग लाग्नु चाही उपयुक्त हो । जसले आफूलाई मात्र नभएर अरुलाई पनि जस्तै व्यक्ति,स्थान, र साधन सहित, सित वा सँग भन्ने अर्थ लगाउछ । त्यसैले यात्राकारासित अरुको संलग्नता छ भने त्यसलाई "सयात्रा" किन नभन्ने ? आफू स्वयमले गरेको यात्राको कथा वर्णन गर्नु पर्दा त्यसको नाम "सयात्रा" दिनु नै उपयुक्त, सान्दर्भिक र अर्थपूर्ण भएकोले मैले मेरा जति पनि यात्रा निबन्धहरू छन्, तिनलाई "सयात्रा" भनेर प्रकाशित गर्न उचित ठानें । विगतमा जानी नजानी अन्य नामले प्रकाशित भएका मेरा यात्रा सम्बन्धि निबन्धहरू पनि "सयात्रा" नै हुन । "सयात्रा" नामक अतिरिक्त अन्य नामबाट प्रकाशित भएका मेरा यात्रा सम्बन्धि रचनाहरु मैले नबुझ्दाका भूलहरू हुन् ।*

*साहित्य स्वतन्त्र हुन्छ र आफूलाई लागेको कुरा लेख्न पाइन्छ भन्ने सिद्दान्त अनुरुप नै मैले आफ्नो स्वतन्त्रताको उपभोग गर्दै मेरा यात्रा सम्बन्धि निबन्धहरुलाई "सयात्रा" अन्तर्गत प्रकाशित गर्ने अठोट गरेको छु । त्यसैले आफ्नो स्वतन्त्रताको उपभोग गर्दै आफूलाई लागेको कुरा लेखेर समर्थन वा बिरोध किन नजनाउने ? यहाँनेर मेरो मनासय के पनि हो भने,कुनै पनि शब्दको प्रयोगमा शाब्दिक अर्थ पनि रहोस कि त्यो शब्दलाई कसरि अर्थ्याउन सकिन्छ ।*

*"सयात्रा" शब्दलाई मैले लेखक स्वयमसँग अन्य व्यक्ति, स्थान, र साधनहरु सम्मिलित सबैले आफूसित गरेको यात्राको अर्थमा लिएको छु । यसका साथै यस्ता यात्राहरुमा धेरै कुराहरु संलग्न हुन्छन । अरुले गरेको यात्राका कुरा गरेर बिरोध जनाउनु भन्दा पनि आफूले गरेको यात्राका बारेमा आदरणीय पाठकहरुलाई बुझाउनु चाहीं आफ्नो कर्तब्य सम्झन्छु । त्यसले मैले गर्ने यात्राहरुमा म एक्लो हुन्न । म सँग अरु सहयात्रीहरु पनि हुन्छन । म सित मेरो यात्रा पनि संगै हुन्छ । मलाई लिएर यात्रा गरेन विमान,रेल,मोटर,रिक्सा,आदि पनि म संगै यात्रा गरिरहेको हुन्छ । म कहीले पहाड सँग यात्रा गरिरहेको हुन्छु, म कहीले समुन्द्रसित यात्रा गरिरहेको हुन्छु त कहीले वन जंगलहरु र पाखा पखाहरुसँग यात्रा गरिरहेको हुन्छु । अनि कसरी तिनीहरुलाई छुट्याएर म त्यस्तो यात्रालाई निजी यात्रा वा निजात्मक यात्रा वा मेरो यात्रा वा आफ्नो यात्रा वा कसैको यात्रा भनेर किन अरु माथि अन्याय थोपर्ने ?त्येसैले मैले एउटा अर्थपूर्ण या स्वतन्त्र अक्षर जसले यात्रा शब्दको अगाडि उपसर्गको रुपमा जोडिएर सह वा सहित,वा सित,वा सँग,वा आफू मात्र नभएर अरुहरु पनि संलग्न भन्ने अर्थ दिँदादिँदै जस्तो पायो त्यस्तो यात्रा सम्बन्धी लेखमा किन एउटा स्वतन्त्र शब्दको अगाडि अक्षर ल्याएर यात्रामा जोड्ने ?*

*अर्को कुरा कुनै शब्दको पहिलो अक्षर नै ल्याएर यात्रामा जोड्नु छ भने पनि "स" लाई संस्मरणको पनि प्रतिनिधित्व किन नगराउने । स्रष्टाहरुले आफ्नो यात्रा सम्बन्धि लेख तयार पार्दा यात्रा पूरा भइसकेको हुन्छ । जब हामी यात्रा पूरा भइसकेको यात्रा सम्बन्धि लेख लेख्छौं त्यो संस्मरण हुन्छ . फेरि सबै संस्मरणहरु यात्रा हुन सक्दैनन, तर यात्राहरु संस्मरण हुन्छन । त्यसकारणले पनि "सयात्रा" शब्दको "स" ले सह,सित,सँग,सहित,आदि अर्थ लगाउनका साथै संस्मरणको पनि प्रतिनिधित्व गर्न सक्ने भएकाले यात्रा सम्बन्धी लेखहरुलाई "सयात्रा" नामाकरण गर्नु नै राम्रो,उपयुक्त र अर्थपूर्ण हुन्छ । यसै अनुरुप मैले "सयात्रा" शब्दका बारेमा आफूलाई लागेका कुरा कोरेर श्रद्देय पाठकहरु बिच पस्केको छु ।*

*यात्रा कुनै गरेर सकिन्छन कुनै रहन्छन । जसले आफ्ना यात्राका भोगाइहरुलाई लेखेर पाठक सामू ल्याउछन तिनले पाठकहरुको मनलाई यात्रा गराएर त्यसको चित्र पाठकहरुको स्मृतिमा जस्ताको तस्तै छपाइ दिन्छन भने ती यात्रा रहन्छ । र जसले यात्रा गर्छन, तर त्यसका बिषयमा कुनै कुरा लेख्दैनन भने ती सकिन्छन । मैले सिकेको कुरा के हो भने मैले देखेका र भोगेका कुराहरु अरुले भोग्न र देख्न नपाए पनि भित्री आँखाले देखुन । कमसेकम मैले गरेको यात्रा चित्र पाठकको मनमा पनि कोरियोस । यिनै उदेश्यहरुका साथ मैले बि.सं. २०३९ र २०४९ सालमा गरी दुई पटक ल्हासाको बसाइमा आफूले गरेको गरेको त्यहाँका महत्वपूर्ण स्थानहरुका बारे तथ्य संकलन गरी किताबको रुपमा श्रद्देय पाठकहरु समक्ष प्रस्तुत गने अवशर पाएँ र त्यस अवशरलाई सदुपयोग गरेँ ।*

यसरि सयात्राकार हरि थापाले "नियात्रा" को "नि" लाई बिस्थापित गर्दै "सयात्रा" को "स" लाई स्थापित गराउदै "सयात्रा" को बैचारिक मन्थन गरेका छन् ।

यस यात्रा संस्मरण विधामा अर्का संस्मरणकार केदार संकेतद्वारा अर्को नविन अर्थ लिएर "यात्रा" शब्द को पछाडि "स्पर्श" शब्द जोडिएर "यात्रास्पर्श" को बैचारिक मन्थनको आग्रह पनि आएको छ। यस नयाँ शब्दको निर्माणमा यात्रा र स्पर्श शब्दको संयुक्तपद "यात्रास्पर्श" शब्द ध्वनित भएको छ।

# *बेलायतमा विनिर्माण "यात्रास्पर्श" र यसको अवधारणा*

*-केदार सङ्केत, ह्याम्पसाएर बेलायत*

## *विषय प्रवेश*

*यात्रा साहित्यको प्रारंभिक ईतिहासलाई हेनु पर्दा ग्रीससका यात्रु तथा भुगोल विद पौसानीयसलाई जान्छ । उन्ले ग्रीसको बारेमा इ. दोश्रो शताब्दीताका हेलामडोस पेरिजेरसिस भन्ने कितावम ग्रीसको बारेमा वर्णन गरेको पाईन्छ र त्योनै पौराणिक तथ्य सावित भएको छ आज । पछि आएर यात्रा साहित्य मध्ययुगीन चीन को सोङ् राजा (९६०-१२७९) को समयमा लोकप्रिय भएको देखिन्छ ।*

*पश्चिमा यात्रा साहित्यका प्रमुख सिद्धांतका यात्राकार सारा मिल्स, जेम्स क्लिफर्ड, पल फुसेल र अरु थुप्रै यात्राकारहरुले यी तलका विषय अन्तर्गत वर्णन हुने अर्थाएका छन् । ती हुन्, महानगरीय केन्द्र, राष्ट्रीय दृष्टी, सीमांकन्, सीमापार, पर्यटक /यात्री, सीमाङ्कीय राष्ट्र, मिस्रण, मार्जिन, आगमन/प्रत्यावर्तन, विश्व बन्धुत्व/उपभाषा, विज्ञान संग्राहलय, विस्थापीत, देश/विदेश, आगमन/फर्किनु, सडक कथा, प्रवास, आदी-इत्यादीका बारेमा यात्रा लेखन समाविष्ट हुन्छ भनेका छन् ।*

*यात्रा र यात्रा साहित्य लेखनको रुचिकर वौधिक वातावरणको उदयमान खोजका कारणले भएको हो । खोज्नुनै यात्रा थियो त्यो बेला । अंग्रेजी शब्दकोषमा यी तलका विषयहरुलाई समेटिएको पाइन्छ, इन्टरोगेटिङ सामराज्यवाद, उपनिवेशवाद, पूर्वउपनिवेशवाद,डायस्पोरा, बहुसंस्कृतवाद, राष्ट्रवाद, दृश्य संस्कृति र विश्व मानचित्रको गतीमय सिद्धान्तका आधारमा सुरुवात अर्थात लेखिन्दै आएका हुन् ।*

*पूर्वी यात्रा साहित्यमा पनि यात्रा भनेको पर्यटन अर्थात भ्रमणलाइनै जोड दिदै यस्तो लेखिएको छ । यात्रा सँग मानव जातीको आदिमकाल देखिनै घनिष्ट सम्बन्ध भएको पाइन्छ । यीनै यात्राका कारण आज विश्वका देश र मानवसमाजका वस्तिहरु आविस्कार हुन पुगेका हुन ।*

*जस्का कारण आज यो विश्व जगतमा साक्षरता, सभ्यता र विज्ञानको आविस्कार हुन पुगेको हो ।*

*पूविय यात्रा साहित्यको शब्दलाई यी शब्दले अर्थ दिएका छन् । सेनाका मुभमेन्ट, अनेका झाँकी जात्रा, उत्सव यात्रा, अनेक जुलुश, सडक, भ्रमण, मेला, प्रस्थान/बसाई सराई गरेर यात्रा साहित्यलाई प्रबल विषय बनाइएको पाइन्छ ।*

*यात्रा पुस्तकहरू साहित्यिक देखि पत्रकारिता, र वृत्तचित्र देखि विचारोत्तेजक शैली को दायरा र विनोदपुर्ण तथा भाव गम्भीरतामा प्रष्टाइएको देखिन्छ । तिनीहरू अक्सर पर्यटन संग सम्बन्धित, विभिन्न गन्तव्यका बारेमा, पठन पाठन शिक्षाका निमित्त, नयाँ यात्रुका लागी भ्रमण सल्लाह प्रदान र यात्रा गर्न पाठकहरूलाई प्रेरित गर्दछ । आज यस्ता पुस्तकहरू नेपाली साहित्यमा धेरै भन्दा धेरै समावेश भएका छन् । आजभोलि यात्रा लेखन पत्रिका तथा पुस्तकमा, वेब साइटहरुमा पाउन सकिन्छ । पढ्न सकिन्छ । यो सैन्य वेक्ति, मिसनरीहरू, खोजकर्ता, वैज्ञानिक, तीर्थयात्री र प्रवासी यात्री द्वारा लेखिएको साहित्यलाई यात्रा साहित्य भनिन्छ ।*

## *यात्रा-स्पर्शको परिभाषा*

*यात्रा साहित्यलाई अंग्रेजीमा ट्राभलग भनिन्छ । नेपाली साहित्यमा खासै भन्ने हो भने यात्रासाहित्यलाई राम्रो सँङ्ग संम्वोधन गर्न सकिरहेका छैनौ । आज यहाँ जुन कुरा लेखिनु पर्नेहो त्यो आएन । आफ्ना निजात्मक भावना लेख्नु मात्र आजको यात्रा साहित्यको हेतु हैन । देखिएका वर्णन का कथा र यस्का हालीमुहाली लेखनमा लम्ब्याई तन्याई मात्र गर्नु पनि यात्रा साहित्यका सिद्दान्तले भन्दैन । कुनै पनि ठाँउ घुमेको लेखकको एक घण्टा हुन्छ तर यस्को विबरण तत्काईले एक घण्टा भन्दा बढि पाठकले पढ्नु पर्ने तितो यथार्थ पनि खासै यात्रा साहित्यको दायरामा परेन । यो यात्रा साहित्यको सिद्दान्तभन्दा बाहिरको कुरो हो । तर हामीले यात्रा साहित्य लेखीनै रह्यौ ।*

*हामीले प्रश्न गर्यौ यात्रीहरुलाई, तपाई यात्रा के का लागी गर्नु हुन्छ ? सुखानुभूत वा दुःखानुभुत ।*

*कसले भन्न सक्छ यात्रा सप्पैमा आनन्दको अनुभूतिहुन्छ ? तर हामी सबैले भन्ने गरेको छौं यात्रामा आफ्नै एक नितान्त आनन्द हुन्छ । देखेर, भोगेर, छामेर, अनुभविय अनुरुपतास्वरुप ( विचार, भावना, भित्री बस्तुताको खोज र प्रभाव)का कारण र अनुभूतिहरुसँग वयली खेल्दै यात्रामा भेटिएका रोमाञ्चक दृश्य र घटनासँग साक्षात्कार हुँदै एक परिवेशबाट अर्को परिवेश, एक गाँउबाट अर्को गाँऊ, एक देशवाट अर्को कुनैपनि देशको भूगोल, त्यहाँको जीवनशैली, संस्कृती, राजनीति, आर्थिक, रहन-सहनहरुलाई एक यात्रीले शब्दमा, डकुमेन्टी, सिनेमाका पर्दा दृष्यमा, चित्रमा एक गहिरो अनुसन्धानात्मक हृदयमा उब्जेको भाव-विभोरलाई वर्णन गर्नुनै यात्रास्पर्शको अर्को परिभाषा भयो । अर्थात यी चार तत्वमिमांसा संप्रेशन भएको हुनु पऱ्यो कम्तिमा "विचार, भावना, भित्री बस्तुताको खोज र उक्त ठाँउको प्रभाव" लाई शब्द स्पर्शले छुनु पऱ्यो, समेट्नु पर्यो ।*

*साहित्यमा यात्रा साहित्य नयाँ विधा भने हैन । मात्र समयका कालखण्डमा यो विघटन, विणिर्मान हुदै यसैमा नौलो रुप लिएर उदयमात्र हुदै गएका मात्र हुन् । हामी आज विश्व*

*साहित्यमाझ फेरी यात्रा निवन्धलाई यात्रा स्पर्शको नामकरणले नेपाली साहित्यलाई एक नितान्त नयाँ रुप दिदै विगत विस २०६७ सालमा यस्को पहिलो अवधारणा वि. के पाण्डे द्वारा संपादित, वर्ष ७ अंक ९ (२३ नोभेम्बर २०१०) मा बेलायतमा प्रकासित गरि सकेका छौं ।*

## *यात्रा साहित्य विषयगत आधारीत परिभाषा*

*यात्रा एउटा ट्राभलिङ साहित्य हो । अनि यो कल्पना या परिकल्पनामा एकै ठाँउमा बसेर लेखिने आख्यान या कविता जस्ता साहित्य पनि हैन । कुनै पनि चिज या बस्तुको केन्द्रमा पुग्न सके मात्र खाँटी यात्राको भेद खुल्दछ । आकाशवाट हेरेर पृथ्वीको वर्णन गर्दा ठेट बर्णन गर्न सकिन्न, बादलका बर्णन गर्नु हवाई जहाजको झ्यालबाट स्पर्श रहित हो । जसोरी हामीले भुइकुहिरोको बाफीलो या चिसो हुस्सुले कान चिमोटेर लान्छ, बन पाखा डुल्दा त्यहाँका बन जँगल बसाउदछ, रुख पातहरु एकअर्कामा सुसेली खेलेर बहेलिन्छन् र त्यो जव स्पर्शमा परिणत भएर शब्दमा गुथिन्छन्, हरफहरुमा टम्म जम्दछन् र त्यो सही अर्थमा परिभाषित हुन्छन् भन्ने हामी पाठक र यात्रा लेखकले महशुस गर्यौ ।*

*जीवन या जगतमा कुनै पनि कुराको स्थिरता छैन । यो ब्रम्हाण्डनै गतिशील भएको कारणले गर्दा यहाँ कुनै कुरा निश्चन्त र अनुबन्धित दाएराको मार्जिन भित्र छैन । हरेक चिज परिवर्तनशील छ । प्रकृति पनि अछुतो छैन, चलायमान छ । विज्ञानमा दिनानु दिन नयाँ खोज र आविश्कार हुदो छ । एकातिर नास छ अर्कोतिर यो बिनासबाट कसोरी बचाउ गर्ने भन्नेमा हरेक तात्विक पक्षधरहरु आहुती छन्, मर्यादित छन् । यस्तो परिवर्तनशील संघारमा साहित्यमा पनि हल्का परिवर्तन हुनु कुनै नौलौ दृष्टी हैन भन्छौ हामी ।*

*यात्रा गर्नुको धेरै उद्देश्य हुन्छन् । एक ठाँऊबाट अर्को ठाँउसम्म पुग्नुनै यात्रा हो । जस्मा धेरै जसो यी तलका विषयहरु दोहोरिने गर्दछन् ।*

***१. अन्वेषणात्म यात्रा २. ऐतिहासिक यात्रा ३. साहसिक यात्रा ४. बिभिन्न देश-विदेश यात्रा ५. सांस्कृतिक यात्रा ६. तिर्थ वा धार्मिक यात्रा ७. भौगोलीक तथा प्राकृतिक यात्रा ८. अन्तरीक्ष यात्रा ९. शैक्षिक यात्रा र १०. ग्रामीण यात्राका बारेमा लेखिएका छन् र यी सप्पै आउटडोर अर्थात बाह्न्य दृश्यात्मक साहित्यमा पर्दछन् भने पानी भित्रको जल यात्रालाई इन्टरनल अर्थात भित्रिय यात्रा भनिन्छ -जस्तौः स्कूबा ड्राइभिङ, सबमेरिनको यात्रा र अन्य पानी पुनि गरिने यात्राहरु पर्दछन् ।***

*डिप सर्च अर्थात भित्री बिन्दुगत खोजका लागी, बुझ्नका लागी, लेख्नका लागी यात्री, जिज्ञासु या लेखकले उक्त घुमेका ठाँउहरुको र त्यहाँ लेखिएका इतिहास देखी गाइड बुकहरु सम्म किन्नु धेरै सान्दर्भिक हुन सक्छ । किनकी हामीले बाहिरी देखेका चिजहरुको मात्र टिपोट गर्छौं , फोटो खिच्छौ, सरसर्ती लेख्छौ हिड्छौ । तर, उक्त ठाँउको बारेमा लेखिएका ठेट कुराहरुको वास्ता गर्दैनौ । जस्ले गर्दा आज आएर यात्रा साहित्यमा आउट लेअर अर्थात बाहिरी रुपको दृष्य बिवरणका मात्र पाउने गर्दछौ ।*

*वास्तवमा, नेपाली साहित्यमा शुरूमा लेखिएका यात्रानिबन्धहरू यात्राविवरणमात्र हुन् भनेर भन्न सकिन्छ । त्यसमा लेखकको निजी अनुभव र अनुभूतिभन्दा भ्रमण गरिएका स्थान, भेटिएका व्यक्ति र गरिएका कुराकानीका प्रसङ्गहरूमात्र भेटिन्छन् । यस्ता यात्राविवरण अहिले पनि लेखिँदै छन् । यात्रासंस्मरणमा यात्राविवरणसँगै लेखकले भ्रमणसँग सम्बन्धित कतिपय व्यक्तिगत प्रसङ्गहरू पनि उल्लेख गरेर लेख्छन् । यसमा पनि व्याख्या र विवरणकै आधिक्य हुन्छ । त्यसैले, जङ्गबहादुरको बेलाइत यात्रा (१९१०, सं. कमल दीक्षित) यात्राविवरण मात्र हो भने केदारमणि आ.दी.को बेलाइत जाँदा (२०२२) र हिउँदमा बेलायत (२०२७) लाई यात्रासंस्मरण भन्न सकिन्छ । नियात्रा शब्द भने तारानाथ शर्माको बेलाइततिर बरालिँदा (२०२६) सँगै अस्तित्वमा आएको हो । आजभोली आएर नाम नियाात्रा तर भित्री लेखमा भने बाह्य विवरण मात्र पाउन सकिन्छ, अर्थात शिर्षक नियात्रा र भित्र भने अनेक विवरण गुँथेको मात्र पाइन्छ किनकि यात्रा लेखनमा एकप्रकारको अनौठो भ्रम लुकेको छ । त्यो भ्रम हो, यात्रा साहित्यमा यात्रा स्पर्शको छुवाई तर अथाह स्पर्शको बेवास्ता हुनु ।*

*हो, हामीले यात्राको स्वाद नेपाली भाषाबाट मात्र नभएर पूर्विय वा पश्चिमेली साहित्यको परिवेश, यस्को धरातल, उनिहरुले अगाल्ने वर्तमान सिद्दान्तका र शैली सकेसम्म बुझ्नु सक्नु राम्रो हुन्छ ।*

*हामीले देख्दै आएका छौं, आजकल यात्रा साहित्यमा सुरुमै घरबाट यात्रामा निस्कन्दै गरेको देखि यस्को उठान गरिन्छ । यस्ता साहित्यलाई पश्चिमा मुलुकहरुमा त दैनिकि भनिदिन्छन् । यो त पछि आवश्यक परेको खण्डमा मात्र समावेश गरिने कुरा हो । त्यसैले यहाँ सुरुमा त्यो ठाँउ देखेर उब्जेको विचार पोख्नु पर्यो, अनि मात्र भाव भर्नु पर्यो र उक्त परिवेशबाट परेको प्रभावका कुराहरु समावेश गर्दै आफ्नै शैली अपनाएर बर्णन मा पो परिणत गर्नु पर्ने आजका यात्रा साहित्यकारहरु को जोड छ ।*

### ***लेखन शैलीको आधारमा***

*एक यात्री द्वारा भ्रमण गरेको ठाउँको सामना र अनुभव बारे लेखन शैलीगत विधाहरु भने,*

***१ निबन्धात्मक् २. दैनिक्यात्मक ३. प्रत्रात्मक ४. सस्मरणात्मक ५. ट्राभल आख्यानात्मक ६. रिपोर्ताज ७. निजाणत्मक ८. विवरणात्मक ९. वृतचित्रणात्मक १० चित्रात्मक ११ इतिवृत्तात्मक १२. आलङ्कारिकणात्मक १३. वर्णनात्मक र १४. गाइडका पुस्तकमा वर्णन तथा व्याख्यान गरिएको पाइन्छ ।***

*यहाँ धेरै पूर्वज साहित्यकारहरुले यात्राको शैलीगत परिभाषामा बेजोड प्रस्तुतीहरु गरेको पाईन्छ । शैली विनाको साहित्य खल्लो हुन्छ । शैली भन्ने कुरोत साहित्यका हरेक विधामा आ-आफ्नै हुन्छनै, अनि हरेक साहित्य या यात्राकारहरुको केहिन केहि आफ्नो मौलिकता नझल्काईत कसरि लेख्लान, यो त अकलप्पनिय हुन्छ । हुनसक्छ, हामी प्राय:जसो आफ्नो खेतको बाली मात्र मिठो भन्ने आडम्बनामा हुर्किन खोज्दछौं, अरुका खेत बारिमा उब्जेको बिषादी रहित*

*ठान्छौ, हो त्यस्तै कारक र ती तत्वहरुले गर्दा आजको नेपाली साहित्यको भाषिक उठान विश्वमाझ पुग्न सकिरहेको छैन भन्नेमा हामी लगभग सहमतीमा उत्रिएका छौ ।*

*हामी यात्राकारहरुले आफ्नै मनगढन्ते बैचारिक कुराहरु मात्र नगरी साधारण यात्रुहरुलाई पनि सौधौ, तपाईको यात्रा कस्तो रह्यो भनेर ? र भन्ने छन् । राम्रै भयो, या दुःख पाईयो । अतः हामी राम्रै (भयोलाई सफल यात्रा र दुःख पाइयोलाई असफल यात्रा) भन्छौं ।*

*त्यसैले हामीले यात्रालाई दुई प्रकारको बर्गिकरणमा उतार्नु पर्ने हुन्छ ।*

*१. सफल यात्रा*

*२. असफल यात्रा*

### *१. सफल यात्रा*

*पुग्न सक्नुलाई सफल यात्रामा गन्न सकिन्छ । तर सबै यात्रुहरु सोचेको गन्तब्य सम्म पुग्न सक्दैनन् तर त्यो ठाँऊ सम्मको उस्ले भोगेको अनुभव, पाएको दुख, खेपेको भोगाई, भोक-तिर्खा, झरीको रुझाई, सबै पार गरेर पुगिन्छ भने त्यो भयो सफल यात्रा ।*

### *२. असफल यात्रा*

*जस्तैः सगरमाथा चढ्दा अनेक कारण चुचुरोमा पुग्न नसक्नु । हिड्दा खुट्टा मर्किनु, भाँचिनु । चढेको बाहन बिग्रनु, पट्टिनु । उडेको बिमान गन्तब्यमा पुग्न नसकेर समयका कार्यक्रकमा नपुग्नु भयो असफल यात्रा ।*

*यात्रा शव्दलाई नेपाली साहित्यकार तथा भाषा विदहरुले आ-आफ्नै पाराले वर्गीकरण गरेका छन् ।*

*कसैले यसलाई यात्रावृतान्त, कसैले यात्रानिबन्ध, कसैले भ्रमण कथा, कसैले यात्रावृत, कसैले यात्रा संस्मरण, कसैले भ्रमणवृतान्त, कसैले केवल भ्रमण साहित्य भन्ने गरेको पाइन्छ ।*

### *यात्रा-स्पर्शका केहि बुँदागत अपधारणाहरु*

*१. हाम्रा हरेक पाइलामा यात्राको स्पर्शले बेह्रियएको पाँइयो यसोरी । यात्रामा स्पर्शले नचुम्दोहोत, नछुदोहोत, नदुख्दोहोत यात्राको गन्तब्यमानै कहाँ पुग्न सकियो र ?*

*२. हामीलाई स्पर्शका अनेक छुवाइबाट, बोलाइबाट, टोलाइबाट, निदाइबाट, मताइबाट, थकाइबाट, पटचाइबाट, छदाइबाट, हसाँइबाट, हेराइबाट, प्रकृतिबाट (आगो-¬पानी, ताल-छाल, बन-पात, आकास-धर्ती, घाम-जून, खोला-नाला, बाढी-पहिरो, लेक-बेसि, हिमाल-पहाड, तराई-मधेस आदी इत्यादी ले वा, लाई बाट अछुत हुँदो हौत हाम्रो यात्रा मात्र हुन्छ, हुन्थ्यो । लामो बाटोका यात्रा गरेर भनेको काम नबन्नु, बाटामा घटना / दुर्घटनाहुनु, हण्डर खानु, ठगिनु, बेखर्चि हुनु या यसो नहुदोहोत यात्राको स्पर्शले कसैलाई छुदैन थियो । यात्रामा स्पर्शले*

*चुम्दैन थियो । अब हाम्रो यात्रा बिघटन भयो । यस्मा हेरिने, गरिने, लेख्दै गरेको र लेखिनेमा अर्को रुप लिने भयो र भन्न थाल्यौ जस्तो सुकै यात्रामा पाएका हण्डरको यात्रालाई हृर्दयको स्पर्शले छुन सक्नु पर्छ भन्ने मान्यतामा तरङ्गियौं ।*

*३. यी माथि भनिएका सबै तन्वहरुको प्रभावबाट मुक्त छैनौ हामीहरु । हामी यस्का प्रभाबमा हिडिनै रहयो निरन्तर र हिडिनै रहने छौं । हिड्दा जीन्दगीका अनगिन्ति रंङ्ग संग सम्मिश्रण भएर हिड्नु पर्यो । रंङग भन्नाले हाम्रो जीवन वरिपरिका वा भित्रकै रंङ्ग, यस्मा हेरिने दृष्टिकोण र हाम्रै वरिपरिका माटोमा सुहाउने आगमनको हकदारी, समय सापेक्षवादका असरहरु हुन । यो यात्रा स्पर्श रंङ्ग बिना अलग नहुने हामीले सोच्दै छौ । समय एक तर्फबाट बत्तिन थाल्यो हरेक रुप लिएर । विज्ञान बत्तिन थाल्यो साँघुरिएर, भन्नाले (हरेक बस्तुहरु सानामा परिणत हुदै जानु) । यता हामीलाई  यात्रा स्पर्शमय जस्तो यात्रा साहित्यले छुन थाल्यो, पोल्न थाल्यो अनौठो पाराले यतिखेर ।*

*४. उत्तरआधुनिकताः आजको परिवर्तन यो मुभमेन्ट साहित्यको पनि हो । तर हामी यसलाई चरम उत्तर आधुनिकताको अर्को सङ्केत अर्थात अर्को स्वकीय चरण हो यो भन्दछौ । आयमेली आन्दोलन, लिला लेखन, सिर्जनशील अराजकता, रङ्गवाद र भयवाद यीनै प्रवाभले उमारेको साहित्यिक तथा दर्शन र चिन्तनको प्रभाव पनि साहित्यलाई पर्न गयो आज । पहिलो चरणमा २०३८ मा अभि सुवेदीको आधुनिक नेपाली कविताका प्रवृत्तिहरु (मधुपर्क, २०३८, कार्तिक) शीर्षकको लेखमा आधुनिकोत्तंर नेपाली काव्य उपशीर्षकमा आधुनिकोत्तंर शब्द प्रयोग गरेर उत्तरआधुीकिताको सङ्केत गरिएको छ । त्यसपछि २०४८ मा डा. गोबिन्दराज भट्टराईको समालोचनामा विनिर्माण -कविता,(२०४८) शीर्षको विनिर्माणवादी समालोचना देखिन्छ १ । २०४८ देखि यता झण्डै दुई दशकको अवधिमा धेरै लेख तथा आधारभूत समालोचनाका किताबहरु नेपालको साहित्य जगतमा भित्रिसकेका छन् । यात्रा साहित्यको नियात्रा लेखनमा धेरै यात्रकारहरु को अल्मल्याई देखियो, भेटियो त्यसैले झण्डैं चारदशक पछि "यात्रा स्पर्शले" यात्रा साहीत्यमा अर्को विनिर्माणको सिंढीँ सहित भङ्ग हुदै यात्रा साहित्यको वर्तमान परिवेशमा यसोरी आज प्रस्तुतीकरणमा प्रखरताका साथ अगाडि आयो ।*

## ***निस्कर्ष***

*आज बिज्ञान, आर्थिक, राजनीतिक, धार्मिक, सास्कृतिक, सामाजिक, हरेक बिकाशक्रम, धर्म, भाषा, लिङ्ग, जातीयता, अस्थिरता, स्वधिनता, पहिचचान, संघियतालाई छोएर बहने तत्वहरु पनि एक यात्रानै हो । किनकी "जीवन यात्रा हो, यात्रा नै जीवन" अनि  स्पर्श यस्को भनूभुति । तर यो रहरले फुरेको हाम्रो चाहना भने पटक्कै हैन । हामीलाई समयले यतै तिर यसै गरी धकेल्दै ल्यायो । एउटा उकुस-मुकुस हामी भित्र  आफैमा नै रुमल्लिएको धेरै दिन हुदै थियो । आज यो अवधारणा, तपाइहरुको माझ बाड्न पुगेका छौं । हामी आजको यो चारैतिर अनेक शिद्दात्तले निचोरी रहेको वर्तमान समाजलाई पच्छाएर हिड्न नसकिरहेको बेला यस्ले सबैमा हल्का झड्का नदिला भन्न सक्दैनौ । यहा,ँ यो अपार संसारलाई एक बनाउने जस्ता दुस्कर्मबोधीहरुको ढिट कुरो गरेको छैन । अलिकति गज्याङ्मज्याङ्, अवेवस्थित, वेअर्थ र*

*अपरिमार्जीत भएकोले नेपाली यात्रासाहित्यमा यो भाषीक "यात्रास्पर्श" आन्दोलनलाई अघाडि सारेका मात्र हौ । तपाईहरुको सुझाव र सल्लाह हाम्रो लागी सधैं आधार भएर रहनेनै छन् । धन्यवाद ।*

यसरि समय-समयमा संस्मरण विधामा विभिन्न भेदहरुको पहिचान गर्दै अन्य शाखा-उपशाखाहरुको निर्माण गर्दै यो विधा ब्यापक र परिष्कृत हुँदै आएको छ । यसले विधाको भेद-उपभेद, शाखा-उपशाखाको अर्थ बिस्तारमा समय सापेक्षित बैज्ञानिक ब्याख्या पनि गर्दै आएको छ । बाहिरिय अनुभब, विश्व ज्ञान र डायास्पोरिक चेतनाले यस विधामा नविन प्रयोगहरु र ब्यख्याता वा सचेतकहरुले प्रयोगधर्मितालाई पनि अपनाएका छन ।

# समालोचना - ३.

५. कविताहरु

कविता सर्वाधिक लेखिने विधा हो, यधपि यसमा विशिष्टता थोरैले मात्र हासिल गर्नसक्ने भएकाले सर्वाधिक रुचि र सर्वप्रिय विधा होइन । यो सर्वकालीन,अजेय र अविनाशी कलाको खेल हुने भएकाले एक प्रकारले बौदिक बिलासिताको सौख पनि हुने गर्दछ । कविता आममानिसको जीवनको भोगाइलाई कविको अनुभब,अनुभूति,भावना र संवेदनाले उत्पन्नगर्ने मानसिक बिक्षेपको कलात्मक व्यन्जना हो । कविताले कलाको अपेक्षा राख्दछ । कविता कला हो र कला कविता हो । कला बिज्ञान होइन र बिज्ञान भन्दा माथिको हो-कला । कला बिचारको रुढता र बुद्दिबिज्ञानबाट भन्दा अधिक कविको मानसिक बिक्षेप वा अर्धपागलपनबाट कलात्मक ब्यन्जना सुरु हुन्छ । कविता भाषाको अपूर्णता, बिचलन, अस्थिरता, अनिश्चितता, बिश्रिङ्खलता, बहुलता, खण्डिततासंग खेल्दै कलात्मक अनेकार्थताका लागि भाव, रस, प्रतीक,बिम्व,रुपक र मिथाकहरुको साहरा लिन्छ । तसर्थ कविता पूर्ण बुझिदैन र त्यो सर्वप्रिय हुँदैन । तर कविता पूर्ण बुझिरहन आबश्यक छैन । नबुझिए पनि कविताले पूर्ण आनन्द दिन्छ, बुझिएको भ्रान्ति दिन्छ । कारण कविता पूर्ण सत्य होइन र पूर्ण असत्य पनि होइन । अर्धसत्य र अर्धअसत्य हो वा अर्धसत्य र अर्धअसत्यबिचको सत्यलाई अर्थ प्रदान गर्ने कार्य हो । तसर्थ कविताको बारेमा टिप्पणी,आलोचना र समालोचना गर्नु पनि मिथ्य हो, ब्यर्थ हो । यहाँ डायस्पोरिक पाँच कविताको डायस्पोरिक ढंगबाट सानो पदटिप्पणीजस्तो मात्र राख्ने प्रयत्न गरिएको छ ।

१. सेरा भन्छिन-

कहाँ हराएछन् आधुनिक दासहरु ? - शैलेन्द्र साकार (कवितामा अमेरिकाबाट)

२. बिगबेन र समय - डा. रुपक श्रेष्ठ (बिगबेन र समयबाट )

३. बेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा - भगवान चामलिंग (मजस्तै मेरा कविताहरुबाट)

४. हंग कंग, सपना र हामी - टंक सम्बाहाम्फे

५. लाहुरे फूल - टंक वनेम (संगीनको मूर्च्छनाबाट)

**१. सेरा भन्छिन-**

**कहाँ हराएछन् आधुनिक दासहरु ?**

- शैलेन्द्र साकार

कवि शैलेन्द्र साकारद्वारा यो कविता कविको अमेरिका बसाइको क्रममा अमेरिकाप्रति विश्वनागरिको आकर्षणलाई केन्द्रिय कथ्यभूमि बनाएर रचिएको कविता हो । कवि साकारद्वारा विश्वज्ञान र डायस्पोरिक चेतनाले उत्तरआधुनिक अमेरिकामाथि बोध गरिएको कविता हो । आज अमेरिकाले अतिभौतिकबादी सभ्यताको चरम सीमा टेक्न आइपुग्नु अघि इतिहासका धेरै काल खण्डहरु पारगरेको छ । अघि बैदिकयुग, पूर्वआधुनिकयुग, आधुनिकयुग र उत्तरआधुनिकयुगको चरणमा आइपुग्दा धेरै महाराष्ट्रहरु महाशक्तिमा उदाए र पतन पनि भए । सभ्यताको बिकासको चरणमा युद्दहरु पनि आमन्त्रित भए र युद्दको विभीषिका र बीभत्सतालाई संसारले भोगे । पूर्वआधुनिकयुग र आधुनिकयुगले साम्राज्यबाद मौलायो, जसले प्रथम विश्वयुद्द र दोस्रो विश्वयुद्द निम्त्यायो । त्यसले संसारमा ठूलो धन र जनको क्षति गर्यो, अपुरनीय मानव बिनाश र सभ्यताको क्षति भयो । संसारमा नयाँ चेतनाको लहर आए । युद्द रोकथामका लागि साम्राज्यबाद माथि नियम र कानुनी अंकुश लगाउन आबश्यक ठानियो र सम्राज्यबादमाथि स्वतन्त्रता हननको दोष लगाइयो र युद्दमा मानब अधिकारको । त्यसका लागि जेनेभा कन्भेन्सनका नियम र कानुनहरु बने, संयुक्त राष्ट्रसंघको स्थापन भयो र सम्राज्यबाद र युद्दलाई अंकुश र साङ्लो लगाइने प्रयत्न भयो, तर युद्द रोकिएन ।  कारण ती अन्तराष्ट्रिय नियम र कानुनको साङ्लो तोड्दै साम्राज्यबादले आफ्नो रुप औपनिवेशबादमा रुपायन गर्यो । युद्द निरन्तर चलिरह्यो । फेरि औपनिवेशबादलाई स्वतन्त्रता र प्रजातन्त्रको आरोप लगाइयो र युद्दलाई अंकुश लगाइयो । फेरि औपनिवेशबादले आफ्नो रुपलाई उत्तर औपनिवेशबादमा रुपायन गर्यो । फेरि तिनै साम्राज्यबादी,औपनिवेश-अर्धऔपनिवेशबादी नै प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारबादी बनेर जन्मिए । दोस्रो विश्वयुद्दपछि अमेरिका महाराष्ट्र र शक्तिमा उदायो । प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकारको ब्यख्यता बेलायत बन्यो र त्यसको रक्षक अमेरिका । अझै पनि युद्द भई नै रह्यो । फरक यति भयो, हिजो तिनै शक्तिशाली राष्ट्रहरु प्रजातन्त्र,स्वतन्त्रता र मानव अधिकारको हननका लागि युद्द लड्थे, आज प्रजातन्त्र,स्वतन्त्रता र मानव अधिकारको सुरक्षार्थ युद्द लड्छन् । यही उत्तरआधुनिक अमेरिकाका आधुनिक दासहरुलाई कवि साकारका डायस्पोरिक चेतनाका आँखाले हेरेकाछन् ।

*-मानिसहरु आइरहेछन*

*युरोप,भारत,नेपाल*

*सोमालिया,मेक्सिको,लिथुआनियाका*

*अन्तर्राष्ट्रिय कामदारहरु*

*जसको सायद कुनै देश छैन ....।*

अमेरिका भौतिक देह कति मायावी छ, विश्व नागरिकको अमेरिकाप्रतिको मोह र आकर्षण बतीको प्रकाशमा पुतलीको आत्मदाह  झैं भइरहेछ । तर पनि विश्व नागरिकको अमेरिकाप्रतिको अपहत्य र मरिहत्य रोकिएको छैन । नेपालको स्थितिलाई मात्र हेर्ने हो भने विश्वका गरिब र अल्पविकसित राष्ट्रहरुका नागरिकहरुको अमेरिकाप्रतिको मरिहत्यको

बिकराल रुप प्रष्ट हुन्छ । अमेरिका प्रवेशका लागि आफ्नो योग्यताका प्रमाणपत्र पेश गर्दै सरकारी कार्यालय र बैदेशिक एजेन्टहरुमा धाउने, घुस र कमिशन खुवाउनेहरुको लाम, अबैध शरणार्थीको आबेदन भर्नेहरूको हुल र डि.भी.चिठा पार्नेहरुको जत्था र अमेरिका जान पाउने अधिकारका लागि आन्दोलन गर्ने समूह हेर्दा विश्व नागरिकको छटपटी र चलायामानको नेपथ्यमा ठूलो आँधीको हुन्हुनाइ गुञ्जायमान भएको छ साकारको कवितामा ।

अमेरिका साँच्चीकै मायावी छ, छली, कपटी र सेरा जतिकै सुन्दरी छ । यहाँ "सेरा" अमेरिकाको प्रतीक हो र अमेरिका "सेरा" को अर्को रुप अथवा रुपक हो । सेरा-धेरै कस्मेटिक सामानहरुले छोपिएको सुन्दरी हुन्, जो विश्वपुरुषलाई दास बनाउन उद्दत छे । अनि विश्वपुरुष सेराको सुन्दरतामा दास हुन लालायित छन् । अमेरिकाले पनि पटक-पटक आफ्नो देहको प्लाष्टिक सर्जरी गरेको छ । अघि साम्राज्यबाद, औपनिवेशबाद र अहिले उत्तरऔपनिवेशबादमा ठूला उद्दारबादी बनेर प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारवादको कस्मेटिक पहिरिएको छ । अहिले अमेरिकालाई अघिको साम्राज्यबादी र औपनिवेशबादीले जस्तो आफ्नो रगत र पसिना बगाउदै अर्काको देशको सीमाना पुग्न परेको छैन । उ अहिले कम्प्युटरको अघि बस्छ र नानाभाँती नियम र नीतिहरु बनाउँछ । प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकारको ब्याख्या गर्छ, राजनैतिक उद्दारताको ब्याख्या गर्दै ग्लोबलाइजेशनको नीति फाल्छ । गरिब राष्ट्रले समेत उपभोग गर्न पाउने उद्दार अर्थशास्त्र र अर्थ ब्याबस्थाको ब्याख्या गर्दै बहुराष्ट्रिय व्यापारिक कम्पनीको नीति ल्याउछ । फलतः औपनिवेशबादलाई अघोषित उत्तरऔपनिवेशबादमा रुपायन गरेर संसारलाई एक कुनामा बसेर शाषण गर्छ । विश्वका भौगलिक साँध सीमाना सहितका देशहरुको राष्ट्रियतालाई मेटाई दिन्छ । विश्व नगरिकलाई देशबिहिन बनाइ दिन्छ, ती विश्व नागरिक जो अमेरिका प्राप्तिका लागि ज्यान त्याग्छन, तिनलाई न अमेरिकाले आफ्नो नागरिक बनाउछ न उसको पुर्खौली देशले नागरिक रहन दिन्छ । डलरको चमकले तिनको रंग र पहिचान मेटाई दिन्छ, राष्ट्र,राष्ट्रियता,धर्म,संस्कृति,संस्कार र भाषा हराई दिन्छ ।

*-जसको सायद देश नै*

*डलरको चमकमा हराएको छ*

*जसको सायद देश-*

*पैसा जस्तो गोलो छ*

*पृथ्वीजस्तो गोलो छ*

*र उ त्यसरी नै घुमिरहेछ ....।*

अमेरिकाको सक्कली अनुहार छली,कपटी,मायावी र निक्कै बाक्लो र गहिरो कस्मेटिक आवरणको तहभित्र लुकेको छ । सेराको कस्मेटिक सुन्दरतामा जसरि कामुक पुरुषहरु लोभिन्छन र उसको मोहमा फ़स्दछन, अमेरिका पनि त्यही हो । सेरा-विश्वपुरुषलाई आफ्नो

सुन्दरताको दास देख्छिन र अमेरिका सम्पूर्ण विश्वनागरिकलाई आफ्नो आधुनिक दास देख्दछ। अमेरिकाको ग्लोबल राजनीति, ग्लोबल अर्थनीति र बहुराष्ट्रिय कम्पनीको मायावी छलभित्रको उत्तरऔपनिवेशबादले विश्वलाई उसको अन्तर्राष्ट्रिय आधुनिक दासहरुको उत्पादनगृह बनाएको छ। ती गरिब देशहरु आफ्ना नागरिक जन्माउछन, बढाउछन, पोषाउछन् र जब तिनले देशलाई पसिना र पौरख दिनपर्ने बेला हुन्छ, ति अमेरिका खोज्दै देशछाडेर निस्किन्छन। मानौं विश्वनागरिक अमेरिकाको अन्तर्राष्ट्रिय उत्पादन बस्तु हो, जो उत्पादक ट्रेड मार्कको क्वालिटीको ट्याग निधारमा टाँसेर अमेरिका पुग्छ।

*-सुनेको थिएँ उहिले-उहिले*

*अफ्रीकाबाट ल्याइएका थिए दासहरु*

*अहिले संसारका सम्पूर्ण बाँकी भूखण्डबाट*

*अमेरिका आइरहेछन*

*आधुनिक दासहरु*

*जसलाई सिक्रीले बाँधेर ल्याउनु पर्दैन ....।*

अब अमेरिकाले मध्ययुगको जस्तो काला हब्सीहरुलाई झैं हात खट्टामा सिक्री बाँधेर उसको देश बनाउन दासहरु ल्याइरहन पर्दैन। छातीमा योग्यताको प्रमाणपत्र टाँसेर,घाँटीमा टाइ बाँधेर, हातमा ल्यापटप र ब्रिफकेशमा अधुनिक दास हुनको प्रमाणपत्रको बिटो बोकेर ह्वारह्वारती आधुनिक दासहरु अमेरिका आउछन। ती अमेरिका आइरहेका छन्, केवल आइ मात्र रहेका छन्। किन आइरहेका छन् ? ती आधुनिक दासहरुलाई एकछिन रोकिएर सोंच्ने फुर्सद छैन, किनभने तिनलाई अगाडिबाट अमेरिकाले बोलाईरहेछ र तिनलाई पछाडीबाट अमेरिका जान चाहनका हुलले अमेरिका ठेलिरहेको छ। तिनलाई कवि साकारको कविताले जस्तो सोंच्ने फुर्सद छैन।

अनि ती आधुनिक दासहरु अमेरिकाद्वारा खण्डित,विखण्डित,क्षत-विक्षत बनाइन्छन। तीनका टाउका काटिएर एकातिर पुग्छ, हात-खुट्टा चुँडिएर अर्कातिर र शरीरको खण्ड कतातिर पुर्याइन्छ। ती आफ्नो नागरिक पनि रहदैनन र अमेरिकाले आफ्नो नगरिक पनि बनाउदैन। ती आफ्ना माता-पिताका सन्तान रहदैनन र आफ्ना सन्तानका माता-पिता पनि बन्न पाउदैनन। ती टुक्रिन्छन र छरिन्छन जतातत्तै। अनि गोदामघरबाट स्क्रु ल्याएर आफ्ना अंगअंगलाई जोड्ने र कस्ने काम गर्दछन। ती आफ्नो मुलुकको प्रकृति,घाम,हावा,पानी र माटोको प्राणी होइनन। ती चिसो ह्याम्बगर टोक्छन र आफ्नो जाडो मनलाई माइक्रो ओभनमा सेकाउछन।

-गोदामघरहरुमा, भोजनगृहमा

सायद एउटा स्क्रु कसिरहेछन्

मनका करंगहरु जोड्न

“माइक्रो ओभन“ मा “ह्याम्बगर“ सेकिरहेछन

चिसो मन तताउन ......।

अब अघिको जस्तो संसारलाई जित्न वा राज्य गर्न अमेरिकाले उसको देशमा हमला गरिरहन पर्दैन । एक कुनामा बसेर उ मायावी जाल फाल्छ र सारा संसार त्यो जालोको फन्दामा पर्छ । उत्तरआधुनिकयुगको अमेरिकाको उत्तरऔपनिवेशबादभित्रको मानव अधिकार,ग्लोबल राजनीति, ग्लोबल अर्थनीतिका लागि बहुराष्ट्रिय कम्पनीको स्थापना भनेको महाभारतको युद्दमा पाण्डबको बिरुद्द द्युत्त खेलमा फालिएको सकुनी पासा हो । कवि साकारको यस कविताको आवाजलाई संसारले सुन्न सिके र उनको चेतनाको आँखाले अधुनिक दासहरुले अमेरिकालाई हेर्न जाने भने स्थिति निक्कै भयानक र भयप्रद छ ।

*-प्रत्येक दिन*

*समुन्द्रबाट आकाशबाट*

*पढे लेखेका आधुनिक दासहरु*

*गोजीमा प्रमाणपत्रहरु र घाँटीमा टाइ झुण्ड्याएर*

*आइरहेछन-दिनहु आइरहेछन*

*हुलका हुल आइरहेछन ....।*

उदेक लाग्दो छ मान्छे र मान्छेले निर्माण गरेको संसार, जहाँ परिस्थिति बदलिएपछि सत्यको रुप पनि अर्कै भएर देखिन्छ । दासत्वको बिरुद्दमा ठूला ठूला क्रान्ति भयो । दासत्वले अफ्रीकामा नेल्सन मण्डेला र रोबर्ट मुगाबेजस्ता नेता जन्मायो । अमेरिकामै क्रान्ति भयो । अब्राहम लिंकनले काला दासहरुलाई मुक्ति दिलायो । समान अधिकारका लागि मार्टिन लुथर किङ्गजस्ता नेताहरु जन्मिए । क्रान्तिले दासप्रथा संसारबाट हट्यो, तर दासको भौतिकरुप मात्र हट्यो । दासत्वको स्थयीरुप पुर्वआधुनिकयुग,आधुनिकयुग र उत्तरआधुनिकयुग हुँदै यहाँसम्म आइपुगेको छ र दासको सत्यको रुप बदलिएको छ । सारा संसारलाई अमेरिकाले उसको लागि अन्तर्राष्ट्रिय दास उत्पादगृह बनायो । सारा विश्व नागरिकलाई आधुनिक दास बनाएर पनि अमेरिका सन्तुष्ट छैन । सेरा-सारा विश्वपुरुषको पुरुषत्व लुटेर तृप्त छैन र फेरि भन्छिन,

*-सेरा भन्छिन-*

*आज कता हराएछन आधुनिक दासहरु ?*

कवि शैलेन्द्र साकार उत्तरआधुनिक अमेरिकालाई कवितामा लेख्ने पहिला नेपाली कवि हुन् । उनलाई पूर्व र पश्चिमलाई अध्ययन गरेर अमेरिकालाई हेर्ने दृष्टिशक्ति प्राप्त भएको छ, त्यो पनि अमेरिका नै पुगेर ।

## बिगबेन र समय

कवि रुपक श्रेष्ठद्वारा रचित यो कविता बेलायतको सम्पूर्ण इतिहास, सभ्यता, धर्म, आध्यात्मिकता, भौतिकता, समाज, संस्कृति र मनोविज्ञानमाथि एक नेपाली चेतनाको बौदिक आखाँको हेराई र सिर्जनशील मनको भावनात्मक प्रतिक्रिया हो । बेलायतका थुप्रै इतिहास पुरुषहरु, भौतिक संरचनाहरु, प्रकृति,धार्मिक आस्था, समाजबिज्ञान र राजनीतिलाई प्रतीक,बिम्ब,उपमा र रुपक बनाएर अघिको बेलायतलाई नेपाली कवितामा नयाँ बेलायत बनाएर हेर्ने प्रयत्न गरिएको छ ।

कवितामा कविले अघिको बेलायतलाई नयाँ बेलायत बनाएर हेरेपछि कविलाई अनौंठो बोध भएको छ, मानिसले स्थापित गर्ने सत्यको पनि स्थायीत्व नहुँदोरहेछ । समयले परिस्थिति बदलिदिएपछि सत्यको रुप अर्कै हुने रहेछ । रुपकको कविताको वर्तमानमा अघिका बेलायतका इतिहास पुरुषहरु गर्बले उचालिन्छ्न, शंखघोष गर्छन, ढ्वांग फुक्छन, चिच्याउँछन, तरवार नचाउँछन्, घोडाका जत्थाहरु लिएर हिन्हिनाउँछन् र बुर्कुसी मार्छन, बिगबेन गर्वले छाती ठोक्छ, तर समय आफ्नै छेउको टेम्स नदी भएर धेरै पर पुगिसक्छ । केवल बिगबेन त्यसको जीवित दर्शक मात्र बनेको छ,

*-बिगबेन*

*उभिएर थेम्सको छेउ*

*ठोक्छ घन्ट घण्टा घण्टामा*

*वेस्टमिनिस्टर सेरोफेरोलाई ब्युञ्झाउन खोज्दै*

*टं....! टं.....!.टं.....!!!*

*बिगबेन ठोक्छ छाती गर्वले*

*संसारकै ठूलो घडी भइ जन्मेकोमा...।*

रुपकको कवितामा नयाँ बेलायतलाई हेरेपछि यस्तो लाग्छ, कवितामा कविको आत्मबोधले बेलायतको बर्तमानको सत्य बोल्यो ?कि असत्य बोल्यो ? वा अर्धसत्य र अर्धअसत्य बोल्यो ?वा अर्धसत्य र अर्धअसत्यबिचको सत्य पो बोल्यो ?के बेलायत आफैले रुपकको कविताको

ऐनामा आफूलाई हेर्ने गरेको होला या हेर्न तयार होला ?यति चाहीं सत्य हो, मान्छेको वर्तमान उसको नरहेपछि वा उसको हातबाट चिप्लिएर गइसकेपछि उ अतीततिर फर्किएर बाँच्दोरहेछ । घण्टा-घण्टामा बिगबेनले आफै थर्किनेगरि घन्ट ठोक्नु बेलायत त्यो अतीततिर फर्किनुको रुपक हो ।

हिजोका इतिहासहरु उसैगरी सुरक्षित भेटिन्छन लन्डन पुस्तकालयमा । इतिहासका प्रस्तरहरु र चम्चमाउदो सहरको जगमाउदो गगनचुम्बी महलहरु उसैगरी उभिरहेका छन् लन्डन सहर र सडकका किनारमा । उस्तै देखिन्छ वेस्टमिनिष्टर संसदीय सरकारको पार्लियामेन्ट भवन । टेम्स नदी अघिजस्तै निलै बग्दैछ । भ्रम हुन्छ, बेलायतको वर्तमान अघिको अतीतले अझै सुरक्षित राखिदिएको छ । तर अचम्म, यो सहरमा चर्चिलको सिगरेटको धुँवा उड्दैन । ती इतिहास पुरुषहरुको नयाँ अवतार या नयाँ संस्करण रुप कहीं देखिदैन । ओलिभर क्रम्बेलको बहादुरिता र चार्ल्स प्रथमको शिर छेदनगर्ने विद्रोहीहरू कही भेटिदैनन,.बरु ब्लेयरको चतुर दशक म्याराथुन दौडिरहन्छ र क्यामरुनको चिच्याहट मात्र सुनिन्छ । फेरि पनि हिनताबोधलाई स्वाभिमानमा बदल्न बेलायतलाई ब्युँझाउँदै बिगबेन छाती पिट्छ र टाउको ठोक्छ,

*-अनि एकाबिहानै स्क्याफ़ोल्डमा*

*लौकाझैं तुन्दुङ्ङ झुण्डिएको*

*उसैको शरीर टुलुटुलु हेर्न बाध्य*

*निरिह जीवित साक्षी बिगबेन*

*पीडाले छाती पिट्छ टाउको ठोक्छ*

*छटक! छटक!! छटक !!!*

*टं...! टं..!! टं... !!!*

रुपकाका कविताले यस्तो प्रत्याभूति दिन्छ, अब बेलायत इतिहासमा मात्र बाँचिरहेको छ र उ अतीततिर फर्किरहेको छ । त्यो अतीतले पनि उसलाई एक भयानक र दर्दानाक दिनहरुतिर पुर्याउछ र साम्राज्यवादका निम्ति आफ्ना वीरसपुत र नागरिकहरुको जीवन बलिदान र आहुतिहरुको स्मरण गराउछ, जो हरेक बर्षको एघारौं महिनाको एघार तारिख,एघार बजेर एघार मिनेट जाँदा “पापी डे“ नामको शोक दिवस मनाउछ, जसको युगान्तकारी साँक्षी पनि हो-बिगबेन ।

*-संसारभर होमिन पठाइएका*

*वीर सपुतहरुका नाममा*

*इलेभेन-इलेभेन-इलेभेनको*

*दर्दनाक शोकाकुल भिडको*

*युगान्तर साक्षी बन्छ*

*चुपचाप चुपचाप...।*

फेरि यी माथिका वाक्याम्श सत्य होइन कि जस्तो पनि लाग्छ । त्यो बिगबेन त ग्रीविच टाइमको सूचक हो, यहाँबाट पनि एउटा सभ्यता माथि उठेको थियो । बिगबेन आज त्यही गर्व र अहम् संसारलाई सुनाइरहेछ । बिगबेन बृटिस इतिहासको गौरबमय प्रतीक बनेर आज लन्डनको छातीमा उभिरहेको छ । यसलाई हेर्ने विश्वका आ-आफ्नै आँखाहरु छन् । कवि रुपक श्रेष्ठले पनि नेपाली आँखाले बिगबेनलाई हेरेका छन् र आफ्नो धेरै पुरानो मित्रराष्ट्रको गौरवलाई पुरानो मित्रको मानसले स्पर्श गरेर भावनात्मक प्रतिकृया गरेका छन् । बिगबेन आज पनि उसैगरी शिर ठाडो गरेर उभिरहेछ । यही आरम्भ भएको बेलायती सभ्यता उसको सम्राज्यबाद बनेर संसारको आध भूभागमा फैलिएको थियो । इतिहास निर्दयी हुन्छ, अझ त्यो पराजय भोग्नेहरुका लागि कुरुप र बिभत्स नै हुन्छ । बृटिसको साम्राज्यबादबाट पराजित राष्ट्रहरुका लागि पनि  त्यही भएको थियो, तर बृटिस स्वयमका लागि भने त्यो इतिहास सुनौलो थियो । कारण संसारको आधा भूभागसम्म आफ्नो साम्राज्य फैलाउनु भनेको सानो त्याग, बलिदान, हिम्मत, बहादुरी र बुद्दिको चतुर्याईले सम्भब हुने बिषय होइन । सक्दथे भने ती पराजित राष्ट्रहरुले पनि आफ्नो साम्राज्य फैलाउने थिए । समयको गति नै इतिहासको निर्दयी र क्रुर कालखण्ड पारगेरेर अगाडि बढ्छ । युद्दका अनेक रुपहरु हुन्छन, त्यो युद्दको परिस्थितिले जन्माउछ । उनीहरुसंग संसारमा आफ्नो साम्राज्य फैलाउने युद्द कौशलता मात्र थिएन साथमा बिद्दिको चतुर्याई पनि थियो ।

*-एउटा प्रेस बिटरियन*

*हातेमाइक फुक्दै*

*छाती चर्किन्जेल चिच्याइरहेछ*

*"संसारमा पाप बढिरहेछ"*

*"संसार भ्रष्ट हुँदैछ"*

*"संसार नष्ट हुँदैछ"*

*आउंदै छन् जिजस क्राइष्ट युनिकोंन चढेर*

*घर्मात्माहरुलाई बचाउन*

*त्यसैले मेरा प्यारा मित्रहरु*

*"पाप रोक्नोस !"*

उनीहरुले धर्मलाई ईश्वर प्राप्त गर्ने र स्वर्ग पुग्ने मार्ग मात्र बनाएनन, बरु यही संसारलाई स्वर्ग बनाउनका लागि संसार जित्ने युद्दको अर्को अश्त्र पनि बनाए । आज उही हाते माइक बोकेर घाँटीको नशा फुलाउदै चिच्याइरहेछ-संसारमा पाप बढिरहेछ ...संसार भ्रष्ट हुँदैछ ...संसार नष्ट हुँदैछ ...। आज फेरि उ आफै धर्मात्मा बनेर पापको अर्थ सुनाइरहेछ र शब्द र भाषाको माकुरो जाल फलिरहेछ बुद्दिका कमजोर भुसुनाहरुलाई अल्झाउन । समय अघिको जस्तो छैन, हतारमा कुदिरहन्छ टेम्स नदी र लन्डन सहर ।

यी सम्पूर्ण गतिविधिको जीवित साक्षी बन्न परेको छ-बिगबेनले ।

बिगबेन र समय-दुई शब्दको योगभित्रको कविताको पूर्ण अर्थभाव बिगबेन-बेलायतको इतिहासको वा सभ्यताको साश्वत सत्य हो र समय सांसारिकताको नियम हो भन्ने बुझाई देखिन आउँछ । समय बलवान मात्र छैन । यसको बहुलरुप, बहुल रंग र बहुल अर्थले युक्त छ । समयको पनि आफ्नो नियम हुन्छ र बहुलरुपमा प्रकट हुन्छ र प्रतिकृया गर्दछ । समयको बहुलरुप निर्दयी,छली,कपटी र मायावी पनि हुन्छ । हिजो त्यही समयले बिगबेन बन्यो अर्थात् बेलायती इतिहास र सभ्यता बन्यो । त्यही समयले बेलायतलाई साहसी, पराक्रमी, चतुर र संसारभरि साम्राज्य फैलाउने शक्तिशाली राष्ट्र बनायो । अनि त्यही समयले मध्ययुगको साम्राज्यबादी बेलायतलाई आधुनिक युगमा प्रजातन्त्रको जननी पनि बनायो । तर बिगबेनले साश्वत सत्य बोलिरह्यो, जसरि पूर्वको ग्रन्थ गीतामा श्रीकृष्ण वाणी बोलिएको थियो । यहाँनेर कविले कवितामा सत्यका अनेक भौतिक रुपलाई देखाएर, खेलाएर आत्मिकरुपमा पुर्याएका छन् । सत्यको भौतिक रुप अनेक हुन्छन, त्यो भ्रान्ति हो । सत्यको रुप भाषाको खेलले बरालिएको हुन्छ, तर अन्तिम सत्य या सत्यको आत्मिकरुप एउटा हुन्छ भनेर बिगबेनको ध्वनि र गीतको श्रीकृष्ण वाणीलाई समाहित गरेर अन्तिम सत्यको एकरुपलाई देखाएका छन् ।

*-म यतिखेर सुनिरहेछु एकैसाथ*

*श्रीकृष्ण वाणी र ध्वनि बिगबेनको*

*"यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारतस्*

*अभ्युत्थानमघर्मस्य तदात्मानम सृजाम्यहम!"*

*छटक! छटक!! छटक !!!*

*टं....! टं....!! टं....!!!*

कविता व्यंग्य भाव रसमा बक्रोक्तिको भाषाको खेल खेलेको छ, अथवा व्यंग्यलाई कविताको भाव रसमा घोलेर बिपर्यास भावमा बक्रअर्थ लाग्नेगरी रचन गरिएको छ । यसको अर्थ बेलायतको इतिहास, सभ्यता, धार्मिकता,समाजविज्ञान र मनोविज्ञान माथिको व्यंग्यार्थ नभएर जीवनको साश्वतको निरीहता र समयको छली र मायावीप्रति व्यग्य र बक्रोक्ति भनेर देखाउने प्रयत्न भएको छ । बेलायतको इतिहास र सभ्यताको अध्यायन गरेर, भोगेर, अनुभब गरेर

प्राप्त चेतना र ज्ञानले कविता लेखाएको छ। त्यस भन्दा बढी कविलाई पश्चिमको ज्ञानमाथि उभिएर बोल्ने पूर्वीय प्रखर आवाज प्राप्त भएको छ ॥

## वेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा

बेलायतका नेपाली कवि भगवान चाम्लिङ्गद्वारा रचित यो कविता नश्टाल्जिया भावना अर्थात् अतीतमोह, गृहबिरह,आत्मप्रेम जस्ता डायास्पोरिक पीडाबोधले जन्माएको देखिन्छ । आफ्नै रहरले होस् या बाध्यताले घरदेश छाडेर परदेशमा पुगेपछि त्यहाँको वातावरणले दिने एक्लोपन,एकान्तिकता र पछुतोपनले सुदूर अतीततिर पुर्याउछ र आफ्नो थातथलो, गाउँघर र आफन्तको यादले ब्याकुल बनाउछ र त्यो पीडाले तिनलाई विरहको भाषा दिन्छ । त्यो बिरही भाषा मुलतः व्यहारिकभन्दा पनि सृजनामा आत्मलाप शैलीमा ब्यन्जित र ध्वनित भएर आउँछ । डायस्पोरा प्रवृतिमा अत्यन्त तीब्र र तीक्ष्णनुभूतिका साथ सकृय रहने मनोग्रन्थीको प्रभाव अथवा अतीतमोह र गृहबिरहको भाव ब्याबहरिकतामा निरासा, पलायनता र बिलयन तर्फ उन्मुख हुने भए पनि सृजनामा यसले डायस्पोराको मौलिकताको रंग दिने या परिचय बनाउने कार्य पनि गर्दछ,

*-सिम्मा!*

*तिमीले धोएको कपडाको फिँज र मैलो पानी*

*मैले वेलायतको समुन्द्रमा भेटें ...।*

यो कविता अतीतमोहले उत्प्रेरित आफ्नो पुरानो ग्राम्य परिवेशलाई स्मृतिचित्रमा उतारेर आत्मलाप शैलीमा लेखिएको छ । प्रबासमा रहँदा मान्छेको मन कुनैकुनै बेला बिरानोपन र एक्लोपनले बिरक्तिन पुग्दछ, आफ्नो आफन्त,छिमेकी,नातागोताको सम्झनाले छटपटी र पीडा दिन्छ । उ कुनै न कुनै तरहले त्यसको दमन या शमनका उपायको खोजी गर्दछ । आफ्नो जीवनको सर्वाधिक महत्वपूर्णक्षण र भौतिकता र मानसिकताको ठूलो अंश छुटेर उता रहन्छ र यता त्यसको सम्झना र झझल्को मात्र आफूसंग बाँकीरहेको हुन्छ, जसले घरिघरि मानसिक बिक्षेप र पागलपन दिन्छ । त्येसैले चाम्लिङ्गको कवितामा प्रबासमा रहनुको बिरानो र एकांकीपनको क्षणमा उर्लिएको अतीत स्मृतिको छाल र भावनात्मक आवेगको क्षणिक मानसिक बिक्षेप या अर्धपागलपन ब्यन्जित भएको छ । आफ्नो पुरानो ग्राम्य जीवन र त्यहाँको परिवेशलाई बेलायतको प्रकृतिसंग भावनात्मक तादम्यता मिलाएर कवितालाई प्रतीकात्मक, विम्वात्मक र रुपात्मक बनाएर कला भरेका छन् ।

*-झल्यास्सै!*

*उर्लिरहेको समुन्द्रमा आँखा पोखिएर*

*छालहरुमा केन्द्रित भए*

*त्यहाँ पहाडको तिरतिरेधारामा धोएको*

*तिम्रो लुगाको मैलो तैरिरहेको देखें*

*तिमीले गाउँको कुवामा पखालेको*

*कुर्कुच्चाको मयलसंग पनि त्यहीं भेटें*

*रिठ्ठाले नुहाएछौ नि तिम्रो कपाल!*

*यो मनमा पुरानो सम्झना मगमगायो ...।*

अहो, कति सरल र कन्चन भाषा र सङ्लो कविता बेलायतको सङ्लो समुन्द्रजस्तो ! त्यो समुन्द्रको पानीमा उसको सङ्लो अतीत सग्लै देखिन्छ । तर अथाह जलराशी बोकेर उर्लिरहने बेलायतको समुन्द्रको छालभन्दा कम शक्तिशाली छैन, उसको स्मृतिपटमा झझल्काको ज्वारभाटा उरालेर बग्ने गाउँको तिरतिरे धारको सम्झना । कत्रो भावनात्मक आवेग र संबेगले उर्लिरहेको छ स्मृतिको छल र उठेको छ त्यसको किनारमा अतीतको अजङ्ग पहाड । यसले के देखाएको छ भने डायस्पोरा त्यहाँको भूगोल,प्रकृति, मौसम, जलवायु, भौतिक तथा प्राकृतिक बस्तु स्थितिसंग उसको अतीतको मानसले पनि प्रक्रिया गर्दछ, जसले गर्दा त्यहाँको भूगोल र प्रकृतिमा अबस्थित बस्तुहरुले उसको अतीतको दृश्यात्मक चित्र,सादृश्यता र झझल्को दिन्छ । त्यतिखेर उ त्यही अतीत स्मृतिले तरंगित भावनात्मक पागलपनले त्यहाँको प्राकृतिक सादृश्यतामा अतीतको काल्पनिक संसार बनाएर रमाउदो रहेछ,

*-एकाबिहानै पँधेरो पुगेर धोएको तिम्रो अनुहार*

*त्यही समुन्द्रको लहरले बगाउदै ल्यायो*

*बदलिएको थिएन तिम्रो रुप र बैश*

*सदाझैं तिमी मुस्कुरायौ...।*

कत्रो मानाकिस बिक्षेप र भावनात्मक पागलपनले जन्मायो होला यो कविता । बेलायतको समुन्द्रको छायाँमा उसले आफ्नो सम्पूर्ण अतीतको द्रश्यचित्र देखेको छ र त्यहीसंग खेलेर रमाएको छ, हृदयको भाषाको सुकोमल स्पर्श र सुन्दर र कलात्मक प्रतिक्रया गरेको छ । ती अतीतका वास्तविकता वा सत्यलाई प्रकृतिसंग दाँजेर झझल्को मेट्न खोज्दा हृदयमा कत्रो भ्रान्ति उठेको छ । त्यही भ्रान्तिसंग उ खेलेको छ, रमाएको छ र त्यही भ्रान्तिलाई उ सत्य मानेर बाँच्न बाध्य पनि भएको छ ।

*-तर सिम्मा!*

*छिनभरमै तिरतिरेधाराको पानीलाई*

*समुन्द्रको अथाह जलले निल्यो*

*जसै डोभर बन्दरगाहलाई छोडेर*

*बिशाल समुन्द्रको क्षितिज*

*बडेमानका मालबाहक जहाजहरुले नाँघ्दै थिएँ ...।*

यसरी उसको क्षणिक मानसिक असन्तुलन र भावनात्मक पागलपनले कल्पनाको सुन्दर संसार बनाउदो रहेछ, तर यथार्थ त्यस्तो छैन, निर्दयी र क्रुर छ । यसले के देखाएको छ भने डायस्पोरिक दुख, सुख र अतीतमोहका पीडालाई दमन र शमनगर्ने उपायको खोज तिनको चेतन अचेतनबाट हुँदोरहेछ र त्यसको क्रिया-प्रतिकृया उसको चरित्रमा प्रकट हुँदोरहेछ । तसर्थ डायस्पोराको मनोविज्ञानको खोज, अनुशन्धान, विवेचना र बिरेचन हुन अत्यावश्यक हुँदोरहेछ । नत्र डायस्पोरिक रचनाभित्रको मनको गाँठो वा मनोग्रन्थीलाई फुकाएर हेर्न नसकिदोरहेछ र डायस्पोरिक रचनालाई केवल "रोना-धोना र आशु पुछ्ना" मात्र देखिदोरहेछ । डायस्पोरिक मनोविज्ञानको ज्ञान नभईकन डायस्पोरिक रचनाको अन्तर्यभित्र प्रवेश गर्ने मार्ग र द्वार नभेटीदोरहेछ ॥

## हङकङ,सपना र हामी

हंग कंगका नेपाली कवि टंक सम्बाहाम्फे एक सशक्त कवि र रेखा साहित्य लेखनका प्रवर्तक पनि हुन् । उनीद्वारा सिर्जना गरिएको यो कविता हंग कंग डायस्पोराको जीवनको दुख,सुख र नियतिको प्रतिनिधि आवाज हो । डायस्पोरामा या प्रबासमा पुगेर त्यहाँको वातावरण र परिस्थितिले निर्माण हुने मनोग्रन्थी हो-पछुतो र हिनताभाव । प्रबासमा यो मनोग्रन्थी पछुतो र हिनताभावको रुपमा डायस्पोरिक मानसमा अत्यान्त तीक्ष्ण र तीव्रानुभूतिका साथ सकृय हुन्छ । यो मनोग्रन्थीले कहीकतै व्यक्ति चरित्रलाई निरासाबादी, पलायनमुखी र बिलयन तर्फ लैजान्छ भने कति व्यक्तिको चरित्रले पछुतोलाई शक्ति र हिम्मतमा बदल्ने र हिनताबोधलाई स्वाभिमान र पौरखमा रुपान्तर पनि गर्दछ । यस कवितामा कवि सम्बाहाम्फेले डायस्पोरिक मनोग्रन्थी पछुतो र हिनताभावलाई शक्ति, ज्ञान र स्वाभिमानमा बदल्ने डायस्पोरिक चेतनाले उद्बोधित भइ हंग कंगबाट डायस्पोरिक नेपाली कविताको लागि नयाँ, प्रखर र सुरिलो आवाज प्राप्त गरेका छन् ।

*-यसपाली मात्र तिमीलाई हङकङमा भेटे*

*तिमीलाई थाहा छ*

*हङकङ आईडी बनाउँन आउदा*

*आर ए ४०९ को एउटै सीटमा परिचय गर्दै*

*हङकङमा पैशा कमाउँने सपना बुनेका थियौ ...।*

पश्चिममा अमेरिकापछि पूर्वको हंग कंग पनि संसारका मान्छेहरुको अर्को आकर्षणको देश हो, जसले मान्छेलाई उसको सपनासंगै चपाएर निलिदिन्छ, पचाई दिन्छ,बिलाई दिन्छ र लाखौं-करोडौं मान्छेहरुको हुल र घचारोमा व्यक्तिलाई नितान्त एक्लो बनाई दिन्छ । उत्तरआधुनिक डायस्पोराको दुख हो त्यो । त्यहाँको व्यस्तता र घचारोले उ जति आफैबाट एक्लो र बिच्छेद हुन पुछ, उति नै उ अतीतसंग जोडिन पुग्छ । हंग कंग पनि त्यस्तो एउटा देश हो, जहाँ नेपाली डायस्पोराका लाखौँ नेपालीलाई तिनका सपनासंगै हराई दिएको छ । तिनका रगत र पसिना चुसेर खोष्ट बनाइदिएको छ, हंग कंग सहरका चिल्ला सडक र आकाश छुन उठेका गगनचुम्बी महलहरु मौलाएका छन् । ति भब्य र सभ्य सहर आवरणमा हेर्दा जति स्निग्ध, सुन्दर र कलात्मक छ, त्योभित्रको कुरुपता अथवा त्यहाँभित्रका मान्छेले भोग्ने पक्षको रुप अर्कै छ । यो कविता हंग कंगमा आफ्नो भाग्य र सपना खोज्दै पलायन भएका दुई पात्रको बियोग र पुनर्मिलनको क्षणको पुर्वस्मृतिको चित्रात्मक रचना हो ।

*-आज म देख्दैछु*

*तिम्रो हातमा दुई बैशाखी*

*र तीन छोराछोरीहरु*

*अनि तिम्रो शुन्दर पत्निको मलिन अनुहार*

*कन्स्ट्रक्सनको काममा दुर्घटना भएर*

*पाएको सहयोग रासीले*

*काठमाडौमा तिनतले महल ठड्यायौ रे ...।*

आफ्नो भाग्य र सपनाहरुको खोजी गर्दै पलायन हुने जातीका निम्ति प्रबास या डायस्पोरा थोरै सपना प्राप्ति र सम्पूर्ण जीवन हरणको रणभूमि हो । त्यहाँ पुगेर उ धेरै भौतिक र मानसिक संघर्ष गर्छ र थोरै भौतिक उपलब्धि हासिल गर्छ र त्यसैमा रमाउछ र सन्तोष गर्छ । अतीतको सम्पूर्ण थोक गुमाएर उसले वर्तमानको थोरैथोक प्राप्त गर्छ । अतीतको सबथोकले उसको मानसिकक्षति गर्छ र वर्तमानको सानो उपलब्धिले क्षतिपूर्ति लिन्छ । तर प्रबासमा पुगेर तिनले प्राप्त गर्ने थोरै उपलब्धि मात्र गोचर हुन्छ या प्रकाशित हुने गर्छ र तिनले अतीत र वर्तमानमा गुमाउन परेको भौतिक तथा मानसिकक्षति अदृश्य र अप्रकाशित नै रहन्छ । त्यो अप्रकाशित र अदृश्य डायस्पोराको मानसिकक्षतिलाई कविले दृश्यमा ल्याउने कार्य गरेका छन् ।

डायस्पोराको मनोबृतिमा हिनताबोध अत्यन्त सकृय रहने भाव हो । उसले प्रबासमा पुगेर गरिने हरेक गतिबिधि, क्रियाकलाप, ब्याबहार, आचार-बिचारमा त्यो अनुभूत गर्दछ, जस्तो प्रबासमा बिरानो हुँदाको क्षण, एक्लोपनमा, अपरिचय पीडा, अज्ञानतामा, आफ्नो योग्यताको प्रमाणको अबमुल्यन हुँदा, सिप र अनुभवको कमि हुँदा, आफू र आफ्नो भाषा,संस्कृतिमा

बेवास्ता, अवहेलना, नोकरी, अवसर, तलब र सहुलियतमा समान ब्याबहार नहुँदा, आफ्नो राष्ट्र,राष्ट्रियता अवहेलित हुँदा जस्ता दैनिक मानविय ब्याबहारमा यो भाव सकृय रहन्छ। यही भावले नै प्रबासमा व्यक्तिलाई आत्मप्रेमी बनाउँछ अर्थात् उसले आफ्नो मौलिकताको अर्थ बुझ्छ र आफ्नो धर्म,भाषा,संस्कृतिप्रति प्रेम र राष्ट्र, राष्ट्रियताको भक्तिभाव जाग्दछ।

*-सपनाको महासगरमा*

*डुब्दै कहिले मङ्हिल निस्कन्छौ*

*कहिले स्टारफेरी*

*कहिले सेन्ट्रल*

*कहिले ताईमो सन*

*कहिले चुनमुन बटरफ्लाई*

*त्यस्तै अरुअरु ठाउँहरुमा निस्कन्छौ*

*तर तिमीलाई हङकङले चिन्दैन ...।*

डायस्पोराको जीवन अत्याधिक विसंगत र बिचलित मनस्थिति सहित थुप्रै उथल-पुथल, उत्तर-चढाव र आरोह-अवरोहको अन्तरद्वन्दभित्र खेलेर पार गरेको हुन्छ। डायस्पोरा मनस्थिति सधैं चंचल, अनिर्णय, दोधार, द्वैधमानस, अनिश्चय, अधुरो, अपरिपक्व, द्वैचरता र बिरोधाभासापूर्ण स्वभावले बनिएको हुन्छ। यधपि जसरि डायस्पोरा मनोवृति वा मनोग्रन्थीको हिनताबोधको भाव डायस्पोरा चरित्रको कमजोरी र शक्ति दुवै हो, त्यसरी नै उसको दोधार,अनिश्चय, द्वैचर र विरोधाभासपूर्ण स्वभाव पनि कमजोरी र शक्ति दुवै हो। यही द्वैदता भावले उ पराया मुलुकमा पुगे पनि आफ्नो देश र राष्ट्र-राष्ट्रियतालाई बिर्सन र माया मार्न सक्दैन। पुस्तौं गलीसक्दा पनि उसले आत्मप्रेम त्याग्दैन र आफ्नो पुर्ख्यौली भूमि र राष्ट्रप्रति समर्पणको भावना र भक्तिभाव जागिरहन्छ।

*-मेरो मनभरी*

*तिमी देश भएर उभेको देख्दैछु*

*किनभने हङकङमा कमाएको मेहनतले*

*घर सजाउँने सपना बुनेका थियौ*

*परिवार,समाज र देश सजाउँने सपना बुनेका थियौ ...।*

सम्बाहाम्फेको यो कविता हंग कंग डायस्पोराको मनोविज्ञानले बनिएको हो। तसर्थ उनको यो कवितालाई यथास्थितिको चेतना दृष्टिबाट मात्र हेरियो भने यसको भौतिक देह मात्र देखिने या

भौतिक अर्थ मात्र फुक्लिने छ, तर यस रचनाभित्र अबस्थित डायस्पोराको मनोग्रन्थी या मनको गाँठो फुक्लिने छैन । यसर्थ डायास्पोरिक रचनाको भित्रि रहस्यसम्म पुग्नका लागि डायस्पोराको मनोविज्ञान बुझ्न आबश्यक हुँदोरहे छ भन्ने देखिएको छ ।

## लाहुरे फूल

लाहुरे साहित्यको पूनर्जागरणकालका अग्रज कवि तथा बेलायती डायस्पोराका सशक्त कवि टंक वनेमद्वारा रचिएको यो सैन्य तथा युद्द कविता हो । डायास्पोरिक सृजनाको चिन्तन अगाडी आइसकेपछि नेपाली डायस्पोराको पहिलो सृजना सैन्य तथा युद्द रचनालाई मान्नपर्ने देखियो, जो प्रबासमा पुगेर त्यहाँको फरक भूगोल, प्रकृति र भौतिक बस्तुहरुको अवस्थितिसंग सहचर्य र प्रतिक्रिया गर्दै त्यहाँको जीवनको भोगाई, अनुभब, अनुभूति र ज्ञानलाई लेखनको बिषय बनाइन्छ या सो कार्य गरिन्छ भने त्यसलाई नै डायास्पोरिक रचना भनिन्छ । तसर्थ सैन्य तथा युद्द रचनाले डायास्पोरिक सृजनाको चरित्रलाई ग्रहण गरेको देखिन्छ । नेपाली साहित्यमा युद्द रचना निक्कै पुरानो भएको तथ्य प्राप्त हुन्छ, जो नेपाली मुलधारको साहित्यको समकालिन देखिन्छ । माष्टर मित्रसेन थापा मगरले प्रथम विश्व युद्दमा धेरै युद्दका सवाई रचेका र युद्द गीतहरु गाएको पाइन्छ । माष्टर मित्र सेना थापा नेपाली साहित्यका प्रथम चरणको मोतीराम भट्टका समकालीन पनि मानिन्छन । यसरी हेर्दा डायस्पोरिक सृजनामा सैन्य तथा युद्द साहित्य छुट्न नहुने देखिन्छ, कारण युद्द रचनाले बहुल अर्थ र आयमिकता ओगटेको भेटिन्छ । टंक वनेमको युद्द कविता सैन्य जीवनको अनुभब र युद्द अनुभूति जन्य बिषयले बनिएको छ ।

*-अरुले नभोगेको डेथ भ्याली भोगेर*

*राता पहाडका निला नदीहरु*

*मलायाका अटप्पे जङ्गलका*

*बेतका काँडाहरुले घोचिंदै*

*उक्लिरहेछ उकालै उकालो*

*आफैलाई फन्कामारिरहेछन*

*जीवनका खोलाहरु ...।*

नेपाली जनमानसमा अथवा नेपाली साहित्यको मानसमा लाहुरेलाई हेर्ने दृष्टि दुई प्रकारको भेटिन्छ । लाहुरे शब्द सम्बोधन हुन बितिक्कै त्यहाँ दुई प्रकारको दृश्यचित्र तयार हुन्छ, पहिलो मानसिकचित्र र दोस्रो भौतिक चित्र । पहिलो मानसिक चित्रमा लाहुरे-चेतनाबिहिन, अशिक्षित,अबौदिक,विवेकहीन,लाटो,निमुखा,सोझो र दयाको पात्र चित्रण हुन्छ । दोस्रो भौतिक चित्रमा लाहुरे-पटमुर्ख, निर्दयी, क्रुर, हिंस्रक, हृदयबिहिन, दया, मायाबिहिन, लडाकु र पाषण चित्र हुन्छ । यस्तो मनोविज्ञान निर्माण हुनमा तत्काल बृटिसको गोर्खालाई हिंस्रक चित्रण गरेर शत्रुमाथि मनोबैज्ञानिक बिजय हुनु र तिनै गोर्खालाई असमान ब्याबहार र अन्याय लाद्नुजस्ता कुच्चित नियत पहिलो दोष थियो, तर पछिल्लो चरणमा नेपालका साहित्यिक एवं बौदिक समुदायले पनि आफ्नो विवेकको प्रयोग नगरिकन बृटिसकै अनुशरण गरेको पाइन्छ र तिनको मानसबाट अझै पनि लाहुरेको भौतिक र मानसिकचित्र नमेटिएको भेटिन्छ । यहाँ कवि

वनेमको "लाहुरे फूल" तिनै गोर्खाहरुको प्रतीक हो । अझै "लाहुरे फूल" भन्न साथ अर्को बिडम्बनायुक्त बिम्बको निर्माण हुन पुग्छ, त्यो हो आफ्नो माटोमा उम्रिएर परायको बगैंचामा फुल्ने, झुल्ने र उतै सुवासित हुने फूल । यहाँ उनले आफ्नो कविताका सम्राटलाई त्यही उपेक्षित "लाहुरे फूल" को श्रीपेच या मुकुट पहिराई दिएका छन्- किन होला ?

*-तिमीले भनेका नै त थियौ नि,*

*पटक्कै सुहाएन है !*

*तिम्रो नाम लाहुरे फूल,*

*खोइ, कहिले फेरिन्छ त*

*मेरो परिचय सूर्यमुखी र कनक चम्पा भएर ? ...।*

यहाँ पनि पहिचान र अपनत्वको संकट छ र यो डायस्पोराको ठूलो समस्या हो । पल्टनघर अथवा लाहुरेको समाजमा पनि पहिचानको संकट र अपनत्वको अभाव छ, हिजो इतिहासमा थियो र आज पनि छ, अनि भोलि पनि रहने छ । यहाँ पनि पहिचान र अपनत्वको दोहोरो संकट छ, आफ्नोबाट पनि परायबाट पनि । परायबाट भन्दा आफ्नोबाट पाएको पीडा कारुणिक र दर्दानाक देखिएको छ । स्वाभिमान नुहेको छ । बेवास्ता र अवहेलनाले हिनताबोधको भाव जागेको छ र मनको गाँठोलाई फुकाएर राख्ने प्रयास गरिएको छ । लाहुरे अविवेकी,निमुखा र दयाको पात्रचित्र र निर्दयी,पाषण र नरभक्षी चित्र नेपाली मानसमा मेटाउन पर्ने आग्रह छ । लाहुरे मानस चित्रभित्रको अर्को मान्छेको यहाँ प्रकाशन भएको छ ।

*-तर म कहाँ*

*युद्द यात्रा मात्र गर्छु र?*

*तिम्रै जस्तो*

*मायाको पहाड उभिएको छ मभित्र पनि*

*तिम्रै जस्ता इच्छाका*

*कुइनेटाहरु घुमेका छन् फनफनी ...।*

युद्दबिना इतिहास सम्भब हुँदैन र इतिहासको कालखण्ड पार नगरी सभ्यता अघि बढ्दैन । तर युद्दले लाहुरेलाई पाषण र नरभक्षी चित्रण गर्यो र इतिहास उनीहरुका लागि निर्दयी भयो । जुन इतिहासले बृटिसलाई साम्राज्यबादी बनायो र त्यसले नेपालको पनि गौरब बढायो, तर त्यही इतिहासले लाहुरेलाई बुद्दु, बहादुर, भिखारी, पलायनबादी र दयाको पात्र बनायो । आफ्नो स्वत्व गुमायो र अरुले बनाइ दिएको परिचयमा बाँच्दै आयो । उसले युद्द लड्यो र अर्काको इतिहास बनाउदै आयो । तब उसको अर्को नाम-लाहुरे फूल हो ।

*-युद्दमा होमिनु*

*मेरो रहर हो कि बाध्यता?*

*इतिहासबिना कहाँ*

*निर्माण भएको हो र बर्तमान? ...।*

तर अब लाहुरे फूलको सौन्दर्य फेरिदैछ। त्यो आफ्नो माटोबाट बलात उखेलिएर पराय बगैंचामा रोपिएर पनि आफ्नो मौलिक सौदर्य सहित संसारभरि सुवासित हुने फूल हो-लाहुरे फूल। अब अरुले रंग भरिदिएको सौन्दर्यमा फुल्न चाहदैन-लाहुरे फूल। कुनै फूल व्यापारीको ग्रीन हाउसमा फुलेर आलिशान महलको टेबलको गमलामा सजिएको फूल होइन-लाहुरे फूल। यो त घाम र पानीले पोलिएर, रुभ्केर, बनका काँडाले चिथोरिएर र युद्द भूमिमा गोली, बम र बारुदसंग खेलेर फुल्ने फूल हो। यहीनेर उत्तर प्राप्त हुन्छ, कवि वनेमले आफ्नो कविताको सम्राटलाई किन लाहुरे फूलको श्रीपेच लगाई दिएका रहेछन।

*-मेरो बिन्ती छ,*

*मेरो नाम सूर्यमुखी नफेरी देऊ!*

*अब म आफ्नै इतिहास,*

*रगत र पसिनाको ब्याडमा*

*लाहुरे फूल नै फुल्न चाहन्छु ...।*

यस रचनामा पनि लाहुरे पीडा र डायास्पोरिक मनोविज्ञानको मनोग्रन्थीको सकृयता भेटिन्छ र मनका गाँठाहरु अझ कसिएका पाइन्छन। यसले गर्दा वनेमको कविताले प्राप्त गरेका नयाँ र प्रखर आवज हो-लाहुरे फूलको सौन्दर्य फेरिंदैछ। मानिसको तर्क, ब्याख्या, परिभाषा, ज्ञान,विचार, बूद्दिबाद र भाषाको खेलले स्थापित गरेको सत्यको स्थायीत्व हुँदैन। समय र परिस्थितिसंगै त्येसको अर्थ बिस्तारै चिप्लिदै जान्छ र सत्यले अर्को रुप धारण गर्दछ। वनेमको यो युद्द कवितामा युद्दको बीभत्सता,विभीषिका, निर्दयीता, उन्मातता, भय, त्रासादी केही छैन, छ भने जंगलको काँडाले कोतारेको दाग र युद्दले क्षत-विक्षत बनाएका घाउहरु देखाउदै त्यो लाहुरे फूल सभ्य र सौम्य भाषामा निर्दयी मान्छेसंग सम्बाद गरिरहेको छ। यही हो लाहुरे फूलको भित्री रुप र सौन्दर्य। अब लाहुरे फूल आफ्नो रंग,रुप र सौन्दर्य बनाएर फुल्दैछ। अब लाहुरे फूल आफ्नो माटोबाट उखेलिएर पराय बगैंचामा फुल्दै संसारलाई सुवास दिने फूलको परिचय बनाउदैछ।

## डायस्पोरिक कविताका फरक भूगोल र प्रकृति

डायस्पोरा परदेशको स्थायी बसाई या एउटा देशको मान्छेको समूह अर्कै देशमा पुगेर स्थायी बसोबास गर्ने जातीको समाज भनेर बुझिन्छ र त्यहाँको भूगोल र प्रकृति पनि फरक हुने

गर्दछ। मानिसले जहाँ पनि भूगोल र प्रकृतिको बस्तु स्थितिसंग दैनिक सहचार्य र प्रतिकृया गर्दछ। यसो गर्दा भूगोल र प्रकृति मानिसको दैनिक क्रियात्मकताको मुख्य अंग हुनपुग्दछ र उ जन्मदेखि मृत्युसम्म प्रकृतिसंग बिच्छेद हुनसक्दैन। भूगोलसंग फरक भूखण्ड र जलखण्ड हुन्छन, देश, महादेश,समुन्द्र, सागर, महासागर हुन्छन। प्रकृतिमा जल,वायु,मौसम, जीव,प्राणी, बनस्पति हुन्छन र त्यहाँको भौतिक एवं मानसिक रचनाहरु सबै डायस्पोरिक कवितामा पनि प्रतिबिम्बित हुने गर्दछ।

यहाँ प्रयुक्त पाँच कवितामा पनि डायस्पोरिक भूगोल र प्रकृतिका छायाँहरु प्रतिबिम्बित भएका छन। यहाँ अमेरिका,युरोप,भारत,नेपाल,सोमालिया,मेक्सिको,लिथुआनिया भन्ने देशहरु**-सेरा भन्छिन, कहाँ हराएछन आधुनिक दासहरु**बाट आएका छन्। त्यस्तै अन्य कविताहरुमा बेलायत,हंग कंग, थेम्स नदी,सेन्ट स्टेफन वाटर, बिगबेन, बकिङ्घम प्यालेस, वेस्ट मिनिन्स्टर प्यालेस,वेस्ट मिन्स्टर बृज, डोभर समुन्द्र, डोभर बन्दरगाह, सिगल चरा, मंकीहिल, स्टार फेरी, सेण्ट्रोल, टाइमोसन, चुनमुन वाटरफ्लाई जस्ता फरक भूगोल, प्रकृति र भौतिक संरचनाहरु क्रमशः **बिगबेन र समय, बेलायतको समुन्द्रमा गाउँको तिरतिरे धारा, हंग कंग, सपना र हामी, र लाहुरे फूल**बाट आएका छन्। जो डायस्पोराको फरक भूगोल र प्रकृति हो त्यो कविता सृजनामा प्रभावित भएर आएका छन्,

१.-*मानिसहरु आइरहेछन*

*युरोप,भारत,नेपाल*

*सोमालिया,मेक्सिको,लिथुआनियाका*

*अन्तर्राष्ट्रिय कामदारहरु ...।सेरा भन्छिन, कहाँ हराएछन आधुनिक दासहरु- पृ. बाट )*

२.-*बिगबेन*

*उभिएर थेम्सको छेउ*

*ठोक्छ घन्ट घण्टा घण्टामा ...। बिगबेन र समय - पृ. बाट )*

३.-*डोभर बन्दरगाहमाथिको आकाश*

*सामुन्द्रिक सिगलचराहरुले ढाकीरहेका थिए ...। वेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा- पृ. बाट )*

४.-*सपनाको महासगरमा*

*दुब्दै कहिले मङ्किहिल निस्कन्छौं*

*कहिले स्टारफेरी*

*कहिले सेन्ट्रल*

*कहिले ताईमो सन*

*कहिले चुनमुन बटरफ्लाई*

*त्यस्तै अरुअरु ठाउँहरुमा निस्कन्छौ …। हङकङ,सपना र हामी- पृ. बाट )*

## इतिहास, ऐतिहासिकपात्र, विश्व नागरिक

विशेषगरिकन कवितामा इतिहास र ऐतिहासिक पात्रहरु प्रतीक, बिम्ब या मिथकको रुपमा आउने गर्दछ र यसले कवितालाई विशेषीकृत गर्दै सौन्दर्य र आलंकारिकता प्रदान गर्दछ। कविता सृजनाको परिस्थिति अनुशार यसले प्रतीकात्मक र विपर्यास भावार्थ ब्यंग्योक्ति र बक्रोक्तिको कार्य गर्दछ। यहाँ बिगबेन र समयबाट इतिहासका पत्रहरु "नियोगोथिक,ओलिभर क्रम्बेल,चार्ल्स प्रथम,लर्ड प्रोटेक्ट, चर्चिल, थ्याचर, ब्लेयर,क्यामरुन र धर्मबाट जिजस क्राइष्ट आएका छन्। यी सबै अभिधात्मक अर्थका लागि नभएर प्रतीकात्मक अर्थाबोधका लागि ब्यन्यत्मकता र बक्रोक्तिका लागि प्रयोग भएका छन्,

*-नियोगोथिक गर्वको भित्ताको छेउ /ओलिभर क्रमबेलको शङ्खघोष /चार्ल्स प्रथमको शिराहरण /लर्ड प्रोटेक्टका घोडाका जत्था /चर्चिलको सिगारको धुँवा / थ्याचरको कर्कश स्वरहरु / ब्लेयरको चतुर दशक रक्यामरुनको चिड्चिडाहट /आउँदै छन् छिट्टै जिजस क्राइष्ट युनिकोन चढेर /*

*-नाइन इलेभेनमा थर्किएको सहर*

*सेभेन सेभेनमा पड्किएको सहर…। बिगबेन र समय - पृ. बाट )*

यी इतिहास, धर्म र मिथक पत्रहरुलाई प्रतीकात्मक, बिबात्मक र रुपात्मक बनाइएका छन्। ति इतिहासका पात्रहरु ति देशबाट आएका पात्रपात्राहरु विश्व नागरिकहरु हुन्,जो डायस्पोरिक रचनाको माध्यमबाट मुलधारको सृजनामा प्रवेश हुन्छन।

## विश्वज्ञान र मिश्रण

डायस्पोरा भिन्न मुलुकमा पुगेर त्यहाँको अथवा विश्वको ज्ञान आर्जन गर्न सकिने क्षेत्र हो। त्यहाँको इतिहास, सभ्यता, धर्म, संस्कृति,राजनीति,अर्थनीति,समाजविज्ञान,मनोविज्ञान,भौतिक बिज्ञान,आध्यात्मिक बिज्ञान, कुनै न कुनै बिषय अध्यायन नगरे पनि देखेर,सुनेर र भोगेर पनि ज्ञान लिन सकिने ठाउँ हो। यस्तो ज्ञानको महत्व र आयमिकता ब्यापक र बहुआयमिक हुन्छ। पहिलो- यसले अरुको ज्ञान ग्रहण गर्ने अवशर प्राप्त गर्दछ। दोस्रो- यसले आफ्नो पूर्व ज्ञानको शक्तिले अरुको ज्ञानलाई माथिबाट हेर्न सक्ने दृष्टिशक्ति बढाऊछ। तेस्रो- अरुको ज्ञानलाई पचाउने आफ्नो ज्ञानको पाचन शक्तिको बिकास गर्दछ र अरुको ज्ञानलाई पचाएर आफ्नो ज्ञानशक्तिमा उर्जाशक्ति बढाउछ। चौथो- अरुको ज्ञान भूमि टेकेर आफूलाई बिस्तारित गर्न सकिन्छ। अघि पश्चिमले पूर्वको ज्ञान पचाएर पूर्वकै भूमि टेकेर आज आफूलाई बिस्तारित गरेका हुन् र त्यो अवशर उनीहरुले ट्राभल कल्चरबाट प्राप्त गरेका हुन्। यहाँ **बिगबेन र**

**समय** कवितामा पश्चिम र पूर्वको ज्ञानलाई मिश्रण गरेर बेगबेनको ध्वनि र पूर्वको धार्मिकग्रन्थ गीताको श्रीकृष्ण वाणीलाई एकाकार गरिएको छ,

*-म यतिखेर सुनिरहेछु एकैसाथ*

*श्रीकृष्ण वाणी र ध्वनि बिगबेनको*

*"यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारतः*

*अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् !" बिगबेन र समय - पृ. बाट )*

*-उहिले-उहिले*

*अफ्रीकाबाट ल्याइएका थिए दासहरु*

*अहिले संसारका सम्पूर्ण भूखण्डबाट*

*अमेरिका आइरहेछन आधुनिक दासहरु ...।सेरा भन्छिन, कहाँ हराएछन आधुनिक दासहरु- पृ. बाट )*

## भाषा, मौलिक रुप र सौन्दर्य

डायस्पोरा समुदायको भाषा मुल राष्ट्रको जस्तो बिशुद्द र व्याकरणयुक्त हुन सम्भव हुँदैन । डायस्पोराको भाषा परभाषासंग मिश्रण हुन पुग्दछ भने कुनैकुनै आफ्नै भाषा पनि अपभ्रम्षित भएर द्वैधअर्थ या उल्टो अर्थ लाग्न सक्ने हुन पुग्दछ । त्यहाँको व्यक्ति, स्थल, सरसामान, खाना, आभूषणका नामहरुको विकल्प नहुने र धेरै बस्तु स्थितिहरूलाई बुझाउन मुल भाषाको अर्थ पर्याप्त नहुने हुँदा परभाषाको साहरा आबश्यक हुन्छ । तसर्थ तिनको व्याबहारिक भाषा र लेखनको भाषा दुवैमा परभाषा मिश्रण हुन पुग्दछ । कविता लेखन पनि तिनै भूगोल,प्रकृति,भौतिक-अभौतिक बस्तु स्थितिहरुसंगको प्रतिकृया हुने भएकाले त्यहीबाट उसले भाषा ग्रहण गर्दछ र प्रतीत्क,बिम्ब,उपमा र रुपक बनाएर कविता सिर्जना गरिन्छ,

*-"माइक्रो ओभन" मा "ह्याम्बगर" सेकिरहेछ*

*चिसो मन तताउन ...। सेरा भन्छिन, कहाँ हराएछन आधुनिक दासहरु- पृ. बाट )*

*-आफैले छट्काएको प्रत्येक सेकेन्डसंगै*

*थेम्समा थुप्रै पानी बगिरहेको देख्छ बिगबेन...। बिगबेन र समय - पृ. बाट )*

*-जसै डोभर बन्दरगाहलाई छोडेर*

*बिशाल समुन्द्रको क्षितिज*

*बडेमानका मालबाहक जहाजहरुले नाँघ्दै थिए...। वेलायतको समुन्द्रमा गाउँको तिरतिरेधारा- पृ. बाट )*

*-हङकङ आईडी बनाउँन आउदा*

*आर ए ४०९ को एउटै सीटमा परिचय गर्दै*

*हङकङमा पैशा कमाउँने सपना बुनेका थियौ ...। हङकङ,सपना र हामी- पृ. बाट )*

*-अरुले नभोगेको डेथ भ्याली भोगेर*

*राता पहाडका निला नदीहरु*

*मलायाका अटप्पे जङ्गलका*

*बेतका काँडाहरुले घोचिंदै...। लाहुरे फूल- पृ. बाट )*

यसरि डायस्पोराको फरक भूगोल,प्रकृति र त्यहाँको भौतिक-अभौतिक बस्तु स्थितिहरूसंग खेलेर, कृया-प्रतिकृया गरेर डायस्पोरिक कविताले आफ्नो भाषा बनाएको हुन्छ। डायस्पोराको कविताको भाषा, बिम्ब,प्रतीक,उपमा,रुपक र मिथकले मुलधारको सृजना भन्दा फरक रुप,रंग र मौलिक सौन्दर्यको निर्माण हुन पुग्दछ।

## कवितामा नयाँ चिन्तनको प्रस्तावना

कवि साकार नेपाली काव्यको कायकल्पको नयाँ खोजी गर्ने अन्वेषक पनि हुन्। उनीद्वारा प्रस्तावित नेपाली काव्यमा नयाँ कथ्यको खोजीका लागि "कथ्य-कायकल्प" को अत्यान्त सटिक र गहन एवं अर्थपूर्ण अवधारणालाई राख्न उचित ठानियो।

### ***कविताको कथ्य-कायकल्प***

*-शैलेन्द्र साकार*

*आजसम्मको सम्पूर्ण मानवजातीको इतिहास नयाँ कथ्यको खोजि हो। साहित्यको सम्पूर्ण इतिहास नै कथ्यको द्वन्दको इतिहास हो। कथ्यलाई बदल्न एकदम गाह्रो छ, खालि शैली मात्र बदलिन्छ भन्ने आलोचकहरु हामीकहाँ थुप्रै छन्। केही बर्ष अगाडिसम्म त्यही विचारलाई "चूडान्त सत्य" मानिन्थ्यो। ऊतर आधुनिक धारले पनि प्रकारान्तरले त्यही कुरा भन्ने गर्दछ, मानौं संसारमा नयाँ केही पनि छैन। त्यसैले कथ्यलाई अपरिवर्तनीय मानेर केवल बिम्ब,प्रतीक र उपमाहरु मात्र कायकल्प अर्थात् परिवर्तन गर्न सकिन्छ भन्नेहरुको कमी छैन। तर संसारमा नयाँ-नयाँ बस्तुहरु अकारण पैदा हुन्छन। त्यसैलाई कार्यकारण या भाषा,ब्याकरण, परिभाषा अथवा सिद्दान्तभित्र ब्याख्या गर्दै जानुपर्ने हुन्छ। हाम्रै मिथकबाट एउटा सानो उदाहरण लिन सकिन्छ - महादेब र पार्वतीबाट जन्मिएका पुत्र गणेशको हत्य स्वयम् महादेवबाट नै हुन्छ र पार्वतीको अनुरोध अनुशार पहिलोपल्ट भेटिएको जीवा हातीको टाउको शरीरमा जोड्न*

*महादेव बाध्य हुन्छन । भगवान गणेशको जन्म समष्टिमा भन्नुपर्दा कथ्य-कायकल्प भन्न सकिन्छ । मलाई लाग्छ,सायद अब आउने कविता यहींबाट सुरु हुनेछ-कथ्यको पोस्टमार्टम गरेर ।*

*ईश्वरको मृत्यु भइसकेकाले मान्छे अब एउटा करुणाविहिन राक्षसको दास भएको छ, जसलाई दिमाग नभएको मेसिन या यान्त्रिक राक्षस भने पनि हुन्छ । बिरोधाभासपूर्ण छ जीवन-सत्य र असत्यका बीच अनिर्णित र अन्योलग्रस्त । सायद कविता पनि यही हो । सायद सम्पूर्ण साहित्य द्विविधाग्रस्त छ । सत्यहरुका बीच चूडान्त सत्यको खोजीमा रुमल्लिरहेको र सत्यकै भासमा जाकिएर चिच्याइरहेको । साहित्यमा समग्र उन्मुलन या विस्फोटनबाट नयाँ सौन्दर्यको पुनर्जन्म हुनसक्छ भन्ने दिशामा आउँदो साहित्य र समाज डोरिनेछ । जुन कविले कथ्यमा अलिकति पनि "कायकल्प" गर्दैन त्यो भविष्यको कुनै इतिहासमा पनि जीवित रहनेछैन । प्रयोगबाट पैदा भएका लाखौं प्रतिलिपिहरुले मौलिकताको खोजीमा क्रान्ति गर्ने छन् । अब आउने युगमा क्लोनिङ्ग गरिएका गिन्सवर्ग,ब्रेख्त,शेक्सपियर, कालिदास,देबकोटा,रिमाल र भूपिका दिमागले कविताहरु लेख्छन र क्लोनिङ्ग गरिएको शैलेन्द्र साकारको भावी पुस्ताले त्यसका प्रत्येक पंतिहरुलाई विपठन गर्नेछन ।*

## डायस्पोरिक सिर्जनाको मौलिक रुप,सौन्दर्य र समालोचनासिद्दान्त

अन्ततः डायस्पोरालाई हेर्ने एउटा सिद्दान्तको अवधारणा आउन सक्यो भने डायास्पोरिक सृजनाको मौलिक रुप र सौन्दर्य अथवा यसको बस्तुगत या रुपगत कलात्मकता, भावगत र विचारगत सौन्दर्यको पहिचान गर्ने क्षमता र कलाको बिकास हुन सजिलो होला भन्ने आग्रह हो । यो सिद्दान्त र चिन्तनले डायस्पोरिक सृजनाको मौलिक रुप, रंग,सौन्दर्य र उपादेयताको अर्थाबोधलाई मात्र प्रकाशमा ल्याउदैन, यसले मुलधारको वाङ्मयको बहुलता, व्यापकता र आयमिकतालाई पनि बिस्तारित गर्दछ । यसरी डायस्पोराको सृजनाको रुप,रंग,सौन्दर्य र अर्थोपादेयतालाई दृष्टिगतगर्ने चिन्तनद्वारा डायस्पोरिक समालोचनासिद्दान्तले पनि मौलिक आकार लिनसक्ने सम्भावनाको अपेक्षा गर्न सकिन्छ ।

*-रचनामा फरक भौगोलिकता,भौतिक भूगोल,मानसिक भूगोल,भौतिक संरचन र यावत बस्तु स्थितिहरुको प्रभावलाई हेर्न सकिने ।*

*-रचनामा फरक प्रकृति-भौतिक तथा मानसिक प्रकृति,मौसम,जल,वायु,जीव-प्राणी,बनस्पति र त्यहाँ अबस्थित बस्तु स्थितिहरुसंग उसको सहचर्या,कृया-प्रतिकृयाबाट बन्ने मनस्थितिको ज्ञान लिन सकिने ।*

*-फरक भूगोल र प्रकृतिबाट आएको प्रतीक,बिम्ब,उपमा,रुपक र मिथकले डायस्पोरिक रचनाको मौलिक रुप,रंग र सौन्दर्य निर्माण हुने र फरक प्रतीक,बिम्ब,उपमा,रुपक र मिथकबाट निर्माण भएको डायस्पोरिक काव्यिक भाषाले मुलधारकै वाङ्मयको भाषाको अर्थाबोध गराउदै मुलधारको वाङ्मयको सौन्दर्यलाई परिष्कृत र अनेकताले युक्त बनाउने ।*

*-डायस्पोरिक चिन्तनद्वारा डायस्पोरिक सृजनाको मौलिक रुप,रंग र सौन्दर्यको परिभाषा सहित रुपगत कलात्मकता, भाव र विचारगत सौन्दर्यको विश्लेषण गरिँदा मुलधारको वाङ्मयमा विविधता र अनेकता आउने ।*

*-डायस्पोराको भाषा,परभाषा मिश्रण हुने र शब्द अर्थको स्थायित्व चिप्लिने हुँदा अपभ्रम्षित भएर द्वैधअर्थ, विपरित या अर्थ बिस्तार हुने र डायस्पोराको भाषिक कुरुपता र सुन्दरतालाई हेर्न सकिने ।*

*-फरक देशको इतिहास र ऐतिहासिक पात्रपात्रहरु,फरक देशका नागरिकको चरित्र, मनोविज्ञान, वैश्विक पात्रपात्रा डायस्पोरिक सृजनाको माध्यम भएर मुलधारमा प्रवेश हुने र त्यहाँ डायस्पोराको मूलप्रवृति पनि समावेश हुने ।*

*-सृजना फरक इतिहास,सभ्यता,धर्म,संस्कृति,समाजबिज्ञान,मनोविज्ञान,राजनीतिबिज्ञान, अर्थबिज्ञान र विश्वज्ञानले प्रभावित हुने र प्रत्यक्ष-परोक्ष विश्वज्ञान लिएर मुलधार प्रवेश हुने ।*

*-आफ्नो मौलिक ज्ञानशक्तिले परज्ञानशक्तिको अध्ययन गर्ने र आफ्नो क्षमताको बिकास गर्ने, आफ्नो मौलिक ज्ञानशक्तिको पाचन शक्तिले परज्ञानको पाचन गर्ने र आफ्नो उर्जा शक्तिमा बृद्दीगर्ने र परज्ञानभूमि टेकेर बिस्तारित हुने ।*

*-आफ्नो मौलिक ज्ञानशक्तिमा परज्ञान पाचनशक्ति बढाउने र आफ्नो उर्जाशक्तिको बृद्दी गर्ने र परज्ञान भूमि टेकेर बिस्तारित हुने कलालाई बढावा दिने ।*

*-डायस्पोरामा भाषा,धर्म,संस्कृति,संस्कार र ज्ञानको मिश्रण हुने र त्येसले तेस्रो रुप ग्रहणगर्ने हुन्छ र त्यो मिश्रण सृजनामा पनि प्रतिबिम्बित हुन्छ ।*

*-डायस्पोरा प्रवृतिको मिश्रण र परिवर्तनको गुण र क्षमतालाई, तरलता र तरंगिततालाई पनि हेर्न सकिने ।*

*-डायस्पोरा तेस्रो समाज भएकाले त्यसको समाजबिज्ञानको अध्ययन हुनपर्ने र डायस्पोराको मनोविज्ञानको छुटै अध्ययन, अनुशन्धान र त्यसको सकारात्मक र नकारात्मकपक्षको विवेचना र विरेचन हुनपर्ने ।*

*-रचनामा प्रतिबिम्बित हुने डायस्पोरिक चरित्रको मनोविश्लेषण या त्यहाँ पुगेर उत्पन्न हुने मनोग्रन्थी वा मनको गाँठोलाई फुकाएर हेर्ने पद्दतिको बिकास गर्न सकिने ।*

*-दुई देशबिचको अन्तर सम्बन्धमा सेतु, चुनौती र अवशर (मित्रताबिचको आन्तरिक युद्द- बेलायत र गोर्खा आन्दोलनजस्तो चरित्र) लाई हेर्न सकिने ।*

*-डायस्पोराको मानसिक द्वन्द, अन्तर संघर्ष, दोहोरो संघर्ष या दुई भूगोलबिचको आन्दोलनलाई बुझ्न सकिने ।*

*-उत्तरआधुनिक डायस्पोराको ब्याख्या सहित डायस्पोराको प्रवृतिले मूलराष्ट्रको समाज, राजनीति र अर्थनीति या यावत स्थितिहरुमा पार्ने प्रभाव वा खेल्ने भूमिकाको बारेमा विश्लेषण गर्न सकिने ।*

*-उत्तरआधुनिक डायस्पोरा उत्तरआधुनिक प्रवृति अर्थात् उत्तरऔपनिवेशबादको उपज भएकाले यसको नयाँ विश्लेषण सहितको (यो अघिजस्तो बिलयन नभएर दुई भूगोलमा चलायमान भएर स्थापित हुने समुदायमा रुपायन या नयाँ रुप भएकाले) यो बहिर्मुखी समाजको नयाँ समाजशास्त्र (बहुराष्ट्रिय या अन्तराष्ट्रिय समाज) र मानवशास्त्र (विश्वनागरिकको रुपमा) को अध्ययन हुनसक्ने ।*

*-निर्वासनको पीडा, विस्थापनको भय र उभयभावी चेतनाले डायस्पोरामा आफ्नो मौलिकता र कलाको बिस्तार हुने ।*

*-डायस्पोराबाट आयात विश्वज्ञान र अन्तराष्ट्रिय चेतनाले मुलधारको वाङ्मय सृजनामा पर्ने प्रभाव,भूमिका,पुरानो चिन्तन परम्परामा परिवर्तन,नयाँ चिन्तनहरुले ल्याउने सृजनात्मक आन्दोलनको पूनरावलोकन,पुनर्विश्लेषण या नविन विश्लेषण गर्न सकिने ।*

*- डायस्पोरा लेखनलाई अतीतमोहको "रोना-धोना" बाट मुक्ति दिंदै डायस्पोरिक समालोचनालाई डायस्पोरिक "रोना-धोना" बाट बाहिर ल्याउन सकिने र डायस्पोराको मूलप्रवृति र प्रकृतिलाई बोधगम्य बनाउन सकिने ।*

# खण्ड : ४ (आगामी अङ्कमा)

डायस्पोराको इतिहास

क) बेलायतका अन्य डायस्पोराहरुः

१. चाईनिज डायस्पोरा

२. अफ्रीकन डायस्पोरा

३. ईण्डियन डायस्पोरा

४.नेपाली डायस्पोरा

ख) अन्तरर्बार्ताहरु

- टिप्पणीहरु

१. तुलनात्मक अध्यन

२. अनुसन्धान पद्धती

(ग) साइवर डायस्पोरा

साइवर डायस्पोराको इतिहास

साइवर डायस्पोराको प्रकृति

साइवर डायस्पोराको प्रवृति

साइवर डायस्पोराको भबिष्य

# उपसंहार

सन्दर्भसूचीः

भण्डारी, मोहनप्रसाद, दाहाल, भूमिप्रसाद, भट्टराई, गोविन्दराज, (२०६६) पूर्वीय चिन्तन परम्परा (सम्पादन) विद्यार्थी प्रकाशन प्रा.लि., कमलपोखरी, काठमाडौँ ।

उपाध्याय, केशवप्रसाद, (२०६७) पूर्वीय साहित्य सिद्धान्त, साझा प्रकाशन पुल्चोक, ललितपुर, काठमाडौँ ।

घिमिरे, विष्णुप्रसाद, (२०५७) पाश्चात्य साहित्य सिद्धान्त, घिमिरे, हरिप्रसाद, बागबजार ।

जोशी, कुमारबहादुर (२०३८) पाश्चात्य साहित्यका प्रमुखवाद, ललितपुर, साझा प्रकाशन, पुल्चोक, ललितपुर ।

धरावासी, कृष्ण (२०५९) लिलाप्रस्तावना, साझा प्रकाशन पुल्चोक, ललितपुर ।

भट्टराई, गोविन्दराज (२०४९) काव्यिक आन्दोलनको परिचय, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौँ ।

(२०६२) उत्तरआधुनिक ऐना, रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौँ ।

(२०६४) उत्तरआधुनिक विमर्श, मोर्डन बुक्स, काठमाडौँ ।

(२०६८) उत्तराधुनिकता र समय बोध, ओरिएण्टल पब्लिकेशन, काठमाडौं ।

(२०३१,३३,४५,६०) मुगलान, रत्न पुस्तक भण्डार, काठमाडौँ ।

(८ आश्विन २०६८) साहित्य विस्तारमा डायस्पोराको योगदान, समकालीन साहित्य, काठमाडौँ ।

(१२ कार्तिक २०६४) नेपाली एवं पाश्चात्य साहित्यका समकालीन प्रवृत्ति, कार्यपत्र, त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६८), पाश्चात्य साहित्य सिद्धान्त, भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार ।

(वर्ष २४ अङ्क ११-१२) नेपाली साहित्यमा डायस्पोराको योगदान, जनमत, काठमाडौं ।

गौतम, कृष्ण (२०६७) उत्तरआधुनिक सम्बाद,भृकुटी एकेडेमी पब्लिकेशन, काठमाण्डौ ।

उत्तरसिद्दान्त, (अधतन चिन्तनका महान पश्चिमी प्रणेता ) भृकुटी एकेडेमी पब्लिकेशन, काठमाण्डौ ।

सुवेदी, राजेन्द्र, गौतम, लक्ष्मण प्रसाद,(२०६८) रत्न बृहत नेपाली समालोचना, रत्न पुस्तक भण्डार, काठमाण्डौ ।

गौतम, लक्ष्मणप्रसाद (२०६६) नेपाली साहित्यमा उत्तराधुनिक समालोचना, ओरिएण्टल पब्लिकेसन, काठमाडौँ ।

सुब्बा, देश (२०७१) भयवाद-दर्शन, किताबघर प्रकाशन, काठमाण्डौ ।

कोइराला, कुमार, (५ मङ्सिर २०७१) विपिको आख्यान मार्क्सवादी पठन, समकालीन साहित्य

आचार्य, आरुणि, (१४ श्रावण २०६९) प्रयोगावाद केही विमर्श, समकालीन साहित्य ।

(......२०७१) प्रायोगिक उत्तरआधुनिक चिन्तन, समकालीन साहित्य ।

गुरुङ, सुमल कुमार, (२१ जेष्ठ २०७१) युरोपमा नेपाली साहित्य विकासको सङ्क्षिप्त इतिहास, कार्यपत्र ।

रावत, गोविन्दसिंह, (२७ माघ २०६७) क्यानाडाको नेपाली साहित्य एक टिपोट, समकालीन साहित्य ।

अधिकारी, भूपेन्द्र, (२७ फेब्रुअरी २००६) भारतीय नेपाली साहित्यमा अन्तर्निहित युगचेतना, टिपोट, देहरादून ।

केसी, सुरेन्द्र, (२ डिसेम्बर २००८) गोर्खा भर्तिको सङ्क्षिप्त इतिहास, वर्ष ५, अङ्क ११, नेपाली सन्देश, साप्ताहिक, बेलायत ।

थेवे, प्रसाद, (२९ भदौ २०६७) नेपाली राष्ट्रियता र गोर्खा, वर्ष ६, अङ्क ४८, नेपाली सन्देश, साप्ताहिक, बेलायत ।

हेम्बे, कृष्णकुमार, (१५ भदौ २०६८) सम्पादकीय, नेपालीपत्र, साप्ताहिक, बेलायत ।

चामलिङ, बलदीप प्रभाश्वर, (१८ असोज २०६६) लाहुरे र नलेखिएका कथा, विचार, नेपालीपत्र, साप्ताहिक, बेलायत ।

दाहाल, पेशल (२०६४) नेपालको इतिहास र संस्कृति, एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स भोटाहिटी, काठमाडौँ ।

पोखरेल, कृष्ण (२०५४) राजनीति शास्त्रको सिद्धान्त, एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स भोटाहिटी, काठमाडौँ ।

अधिकारी, रेशराज (२०५९) समाज शास्त्र र मानवशास्त्रको परिचय, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ ।

राई, पुरन (२०६९) डायस्पोरा लाहुरे स्रस्टा र कविता, चामलिङ, ईश्वर, रिबुसाल प्रेम, काठमाडौँ ।

थापा, वसन्त, मैनाली, मोहन (सन्२००३) लाहुरेका कथा (सम्पादन) हिमालय किताब, ललितपुर, पाटनढोका ।

गुरुङ, चन्द्रबहादुर (सन् २००७) भिसी विजेता गोर्खाहरु, मनबुजा प्रकाशन, पोखरा ।

वाङ्देल, लैनसिं, रोमको एउटा फूल र पेरिसको एउटा काँडा (२०५७) रत्न पुस्तक भण्डार, काठमाडौँ ।

गौतम, ध्रुवचन्द्र, (२०४५(७०) बङ्गलादेशका समकालीन कथाहरु, (अनुवाद) साझा प्रकाशन, ललितपुर, काठमाडौँ ।

रिबुसाल, प्रेम (२०५४) लाहुरेका दौँतरी कविताहरु, लाजिहाङ, काठमाडौँ ।

राई, मुलीवीर (२०५७) हरियो पर्खाल, श्रीमती टीका राई, काठमाडौँ ।

तेम्बे, मिजास, काङ माङ, नरेश (२०६३) सीमाहीन विम्बहरु (सम्पादन) प्रवासी नेपाली साहित्य समाज, बेलायत ।

काङ माङ, नरेश, तेम्बे, मिजास, कान्छा, अप्जसे (२०६६) ग्रीनविचका प्रतिध्वनिहरु (सम्पादन), नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

काङ्माङ, नरेश, कान्छा अप्जसे (सन् २०११) युद्धमा हराएको प्रेम, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

तेम्बे, मिजास, कान्छा, अप्जसे, काङ्माङ्, नरेश (सन् २०१३) गोर्खा वर पोयम्स, अथरहाउस पब्लिकेसन, बेलायत ।

काङमाङ, नरेश, (२०११) युद्ध बोकेको सिताङ्, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

राई, रक्ष, तेम्बे, मिजास (२०६८- नवचेतनाग्रह (सैद्धान्तिक चिन्तन दर्शन र सृजनाहरु) बेलायत, नेपाली प्रतिभा प्रतिष्ठान ।

राई, गणेश, काङमाङ, नरेश, कान्छा, अप्जसे (२०७०) युद्ध साहित्य सिद्धान्त र सिर्जनाहरु) नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

हितान, विजय, (२०७०), थकित पृथ्वी, (कथासङ्ग्रह पर्यावरण लेखन) नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

राई, गणेश (२०६३) राईफलले फलाकेको जिन्दगी, सृजनशील साहित्य समाज, हङकङ ।

(२०६२) राइफलको नालबाट जीवन नियाल्दा, सृजनशील साहित्य समाज, हङकङ ।

(२०६६) युद्ध एम्बुसमा राइफलको सङ्गीत, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

(२०६८) राइफलको मूर्च्छना, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

राई, दयाकृष्ण (२०६६) सम्झनाको आलिङ्गनमा बाँधिएर, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

(२०६७) पागल दार्शनिकको अभिव्यक्ति, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

(२०७१) गन्तव्यहीन यात्रीको सपना, बेलायत, नेपाली प्रतिभा प्रतिष्ठान ।

(२०६१) लाहुरेको कथा र जापानको व्यथा, शोभा राई, काठमाडौँ ।

(२०६३) ईश्वरको मलामी जाँदा, शोभा राई, काठमाडौँ ।

श्रेष्ठ, रुपक, (२०६८) बिगबेन र समय, अनेसास, बेलायत ।

तेम्बे, मिजाश, (२०६६) अर्थ अवतरण, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

राई, रक्ष, (२०६१) बालुवामा अर्को नेपाल, वाणी प्रकाशन, विराटनगर ।

(२०६५) सालिक उभिएर गोर्खाली, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

लिम्बु, राई, दीपा, (२०६८) युद्ध सहअस्तित्व र सिर्जना, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

सुनुवार, भावना, (२०७१), उन्मुक्त यात्री, नेपाली प्रतिभा प्रतिष्ठान, बेलायत ।

राई, भूमिराज, (१८ डिसेम्बर २०१४) टावर ध्वस्त पार्दाको कुरा, युद्ध साहित्य, अजम्बरी डट कम, बेलायत ।

सङ्केत, केदार, (सन् २०१०) एथेन्सको झरी, अनेसास, अमेरिका ।

राई, लारा, (२०...) पात्रहरुसँग एक साँझ, अनेसास, अमेरिका ।

राई, जया, (२०६८) बेकर स्ट्रिटका दुई आँखा, अनेसास, अमेरिका ।

खपाङ्गी मगर, नरेश (८ पुस २०७१) लेखनमा जम्दैछन् लाहुरे स्रष्टाहरु, बेलायत ।

राई, पुरण (२०७०), ब्रिटिश गोर्खा सैनिक साहित्यको इतिहास, शमी प्रकाशन गृह, काठमाडौँ ।